# नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका

निमित्त डीन कार्यालयमा

प्रस्तुत

**शोधप्रबन्ध**


**शोधकर्ता**

गोविन्द प्रसाद मैनाली

दर्ता नं.: ६२/२०७२ माघे सत्र

त्रि. वि. रजिष्ट्रेशन नं.: ६-१-२३२-२३-२००४


२०८१

# शोधप्रबन्ध समितिको सिफारिसपत्र

श्री गोविन्द प्रसाद मैनालीले विद्याविरिधि उपाधिका निमित्त हाम्रा निर्देशनमा तयार पार्नुभएको 'नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव' शीर्षकको शोधप्रबन्धको अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछौँ ।

शोधप्रबन्ध समिति

.....................................

सहप्राध्यापक डा. पूर्णबहादुर खड्का

शोधनिर्देशक

.....................................

प्रा. डा. राजकुमार पोखरेल

सह-शोधनर्देशक

मिति : २०८१।१२।.....

# प्रतिबद्धतापत्र

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीन कार्यालयमा राजनीतिशास्त्र विषयको विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत 'नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव' शीर्षकको शोधप्रबन्ध नेपाली अनुसन्धान जगत्को नितान्त मौलिक शोधकार्य हो । मैले मेरा शोध निर्देशक र शोध विशेषज्ञको निर्देशनमा रही यो शोधप्रबन्ध तयार पारेको छु। मैले यो शोधप्रबन्ध तयार पार्ने क्रममा प्राथमिक र द्वितीयक गरी दुवै स्रोतका सामग्रीहरू सङ्कलन गरी तयार पारेको छु । यस शोधप्रबन्धको तयारीका क्रममा निकालिएको निष्कर्षलाई अन्य कुनै प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । मैले प्रस्तुत गरेको यस प्रतिबद्धता विपरीत कुनै तथ्य या प्रमाण फेला परेमा त्यसप्रति म स्वयम् पूर्णतः जिम्मेवार रहने कुरा व्यक्त गर्दछु ।

.......................................

गोविन्द प्रसाद मैनाली

शोधकर्ता

विद्यावारिधि दर्ता नम्बर : ६२/२०७२ माघे सत्र

त्रि. वि. रजिस्ट्रेसन नम्बर : ६-१-२३२-२३- २००४

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको राजनीतिशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक डा. पूर्णबहादुर खड्काको निर्देशनमा तयार पारेको हो । उहाँले शोधप्रबन्धको तयारीका क्रममा आवश्यक पर्ने सल्लाह एवम् सुझाव दिँदै कुशल निर्देशन गर्नुभएकामा उहाँप्रति हार्दिक आभारसहितको कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी यस शोधप्रबन्धको विशेषज्ञका रूपमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको इतिहास केन्द्रीय विभागका प्राध्यापक डा. राजकुमार पोखरेलको आवश्यक निर्देशनमा रहेर प्रस्तुत शोधप्रबन्ध तयार पारेको छु । उहाँले यस शोधप्रबन्धको तयारीका क्रममा आवश्यक पर्ने सम्पूर्ण सल्लाह एवम् सुझाव दिँदै कुशलतापूर्वक निर्देशन गर्नुभएको हुँदा उहाँप्रति पनि हार्दिक अभारसहितको कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी यस शोधप्रबन्धलाई थप वैज्ञानिक र तथ्य परक बनाउनका लागि सुझाव तथा सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डीन प्रा.डा. दुविनन्दन ढकाल, सहायक डीन सह-प्रा.डा. खोम खरेल र यसै सङ्कायका अनुसन्धान विभाग (Research Committee) का सम्पूर्ण सदस्यहरूप्रति हार्दिक आभारसहितको कृतज्ञता ज्ञापन गर्दछु । मलाई यस शोधप्रवन्ध तयार पार्ने क्रममा सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डीन अफिसका कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । अङ्ग्रेजी भाषका स्रोत सामग्रीहरू सङ्कलन गरी तथा तिनलाई नेपाली भाषामा रूपान्तरण एवम् अनुवाद गरी सहयोग गर्नुहुने मेरो आत्मीय भाइ डा. पङ्कज अधिकारीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

यसैगरी यो शोधप्रबन्ध तयार गर्ने क्रममा आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्दा अन्तर्वार्ता दिई सहयोग गर्नु हुने नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य, नेकपा (मसाल) का महासविच मोहनविक्रम सिंह, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर के. सी., नेकपा (ए. समाजवादी) का नेता झलनाथ खनाल, पुराना वामपन्थी नेता राधाकृष्ण मैनाली, नेकपा (माले) का महासविच सिपी मैनाली, नेपाली काङ्ग्रेसका पुराना नेता ढुण्डीराज शास्त्री, नेकपा (एमाले) का नेता टङ्क कार्की, नेकपा (ए. समाजवादी) का उपाध्यक्ष वेदुराम भुसाल, नेकपा (ए. समाजवादी) का महासचिव घनश्याम भुसाल, नेकपा (माओवादी केन्द्र) का नेता राम कार्की, सुनील मानन्धर, नेकपा (ए. समाजवादी) का नेता विजयकुमार पौडेल, नेपाल कम्युनिस्ट पार्टी (मसाल) का नेता समीर सिंह, नेकपा (वैज्ञानिक समाजवादी) का महासचिव विष्णुभक्त दुलाल 'आहुती', वाम बुद्धिजीवी तथा विश्लेषक हरि रोक्का, राजेन्द्र महर्जन, श्याम श्रेष्ठ, झलक

सुवेदी, खगेन्द्र प्रसाई, स्वतन्त्र बुद्धिजीवी तथा विश्लेषक चैतन्य मिश्र, शास्त्रदत्त पन्त, बालकृष्ण न्यौपाने र पर्शुराम खरेललगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

यसै गरी यस शोधप्रबन्धको तयारीका क्रममा तथ्याङ्क सङ्कलन गर्दा सन्दर्भसामग्री जुटाई सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, डीन कार्यालयको पुस्तकालय, केशर पुस्तकालय, नेपाल-भारत मैत्री पुस्तकालय, भृकुटी मण्डप परिसरभित्रका पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, नेकपा (एमाले) को केन्द्रीय कार्यालयको पुस्तकालय, नेकपा (माओवादी केन्द्र) को केन्द्रीय कार्यालयको पुस्तकालय, नेपाली काङ्ग्रेस पार्टीको केन्द्रीय कार्यालयको पुस्तकालयका कर्मचारीहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । यस शोधप्रबन्धको तयारका सिलसिलामा विभिन्न बुद्धिजीवी, लेखक, नेता, पत्रकार तथा विज्ञहरूले लेख्नुभएका पुस्तक, आलेख र कृतिहरूको सहयोग लिएको छु । उहाँहरू सम्पूर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधप्रबन्धलाई तयार पार्ने क्रममा विभिन्न कम्युनिस्ट पार्टीहरूका साथै नेपाली काङ्ग्रेसको राजनीतिक प्रतिवेदन, दस्तावेज र रिपोर्टहरूको सहयोग लिएको छु । ती सबै दलहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । यस शोधप्रबन्धलाई तयार पार्दा टाइप गरी प्राविधिक सहयोग गर्नुहुने रामचन्द्र श्रेष्ठ तथा रिना महर्जनप्रति हार्दिक आभार व्यक्त गर्दछु । भाषा शुद्धाशुद्धीमा सहयोग गर्ने गुरुद्वय प्रा.डा. नारायण प्रसाद गडतौला र डा. लेखराज खतिवडाको सहयोगप्रति आभार प्रकट गर्दछु ।

यसै गरी पारिवारिक सम्पूर्ण जिम्मेवारी लिई मलाई स्वतन्त्र रूपमा यस शोधको अध्ययन र अनुसन्धान गर्न सहयोग र साथ दिनुहुने मेरा आदरणीय बुबा ईश्वरीप्रसाद मैनाली, दाजु खडानन्द मैनाली, दिदी शोभा मैनाली, बहिनीहरू मुना मैनाली, आश्मा मैनाली र सन्तोषी मैनालीका साथै मेरी भतिजी खुसी मैनालीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । साथै अध्ययनका क्रममा विद्यावारिधि तहमा आइपुग्दा मेरी स्वर्गीय ममतामयि आमा राधादेवी मैनाली (ओम कुमारी मैनाली), स्वर्गीय हजुरआमा कृष्णमाया मैनाली, स्वर्गीय हजुरबुबा श्रीभक्त मैनाली र स्वर्गीय भतिजी मुस्कान मैनालीप्रति हृदयदेखि नै हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

....................................

गोविन्द प्रसाद मैनाली

शोधकर्ता

कीर्तिपुर, काठमाण्डौं

मिति : २०८१।१२।....

# शोधसार

समाजवादी विचार मार्क्स र एङ्गेल्सले १९०५ सालमा कम्युनिस्ट लिगका लागि तयार पारेको राजनीतिक कार्यक्रम हो । यो विचार 'हरेकले क्षमताअनुसारको काम र कामअनुसारको पारिश्रमिकता पाउनुपर्छ' भन्ने लोकप्रिय सिद्धान्तमा आधारित छ । जसले गर्दा समाजवादी विचारले विश्व राजनीतिलाई नै प्रभावित तुल्यायो र नेपाली राजनीतिलाई पनि प्रभावित तुल्यायो । यस शोधप्रबन्धमा यही समाजवादी विचारले नेपाली कम्युनिस्ट राजनीतिमा पारेको प्रभावको गहन अध्ययन गरिएको छ । नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव, विकास र प्रभावको वस्तुगत आधार नेपाल कम्युनिस्ट पार्टी र यसका गतिविधि हुन् भने समाजवादी विचारको दार्शनिक एवम् सैद्धान्तिक आधार मार्क्सवाद हो ।

मार्क्सवाद नै समाजवादी विचार हो र समाजवादी विचार नै मार्क्सवाद हो । समाजवादी विचारको दार्शनिक आधार मार्क्सवाद हो । मार्क्सवादी दर्शनका तीन सङ्घटक सिद्धान्तमध्ये समाजवादी विचार एक हो । यस अध्ययनमा यही समाजवादी विचारमा आधारित भएर नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्‌भव, विकास र प्रभावको अध्ययन गरिएको छ ।

नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गर्दा मार्क्सवादी धाराअन्तर्गतको वैज्ञानिक समाजवादी विचारमा आधारित भएर गरिएको छ । यसमा समाजवादी विचारका विविध धाराको अध्ययन भने गरिएको छैन । समाजवादी विचारको प्रभावको अध्ययन गर्दा नेपालको समग्र राजनीतिको अध्ययन नगरी २०४६ सालदेखि २०७२ सालसम्म सीमित रही गरिएको छ । वैज्ञानिक समाजवादी विचारको दार्शनिक आधार मार्क्सवाद हो तर यस शोधमा मार्क्सवादका तीन सङ्घटक सिद्धान्तमध्येको एक वैज्ञानिक समाजवादी विचारमा मात्रै आधारित भएर अध्ययन गरिएको छ र अरू मार्क्सवादका सङ्घटक सिद्धान्त र वैज्ञानिक समाजवादका विविध सिद्धान्तमा केन्द्रित भएर यस शोधको अध्ययन गरिएको छैन । नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्‌भव, विकास र प्रभावको अध्ययन गर्दा नेपाल कम्युनिस्ट पार्टी विशेषतः नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लाई मात्रै आधार मानिएको छ र यी पार्टीका नयाँ जनवादी कार्यक्रमलाई मात्रै आधार मानिएको छ । यस शोधमा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययनको गर्दा नेपालको राजनीतिक पक्षलाई मात्रै आधार मानिएको छ । यसमा सामाजिक, आर्थिक, सांस्कृतिकलगायत विविध पक्षहरूको पनि अध्ययन गरिएको छैन ।

यस शोधप्रबन्धको तयारीका क्रममा मूलतः आगमनात्मक विधिको प्रयोग गरिएको छ र सामाजिक विज्ञानअन्तर्गत अपनाइने गुणात्मक विधि अङ्गीकार गरिएको छ । यस शोधप्रबन्धका

अनुसन्धनात्मक प्रश्नहरूको निर्माण गरी समस्याहरू केलाउँदै तिनको उचित समाधान पहिल्याउनका निम्ति आवश्यक स्रोतसामग्रीहरूको सङ्कलन गरी विश्वासनीय तथ्यहरूका आधारमा तार्किक विश्लेषण गरी मूल निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

'नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव' शीर्षकको प्रस्तुत शोधप्रबन्ध समाजवादी विचारको प्रभावको अध्ययनमा केन्द्रित छ । यस शोधप्रबन्धको दार्शनिक आधार मार्क्सवाद हो । यही मार्क्सवादी दर्शनमा आधारित भएर नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गर्ने यो नेपालको पहिलो शोधपत्र भएको हुँदा यसको औचित्य एवम् महत्त्व निकै नै रहेको छ ।

प्रस्तुत शोधप्रबन्धको अध्ययनको मूल निष्कर्ष नेपाली कम्युनिस्ट राजनीतिमा नेपाल कम्युनिस्ट पार्टीको गठन, नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्व र सहभागितामा भएका राजनीतिक सङ्घर्ष, विद्रोह, क्रान्ति, जनयुद्ध र जनआन्दोलनमा अनि नेपालको संविधानमा समाजवादी विचारको प्रभाव रहे पनि नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूमा भने समाजवादी विचारको प्रभाव परेका देखिँदैन ।

# विषयसूची

| | पृष्ठ |
|---|---|
| शोधप्रबन्ध समितिको सिफारिसपत्र | i |
| प्रतिबद्धतापत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधसार | v |
| विषयसूची | vii |
| सङ्क्षेपीकृत शब्दसूची | xi |
| **अध्याय एक : शोधपरिचय** | **१-२०** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ शोधको समस्या | १६ |
| १.३ शोधको उद्देश्य | १७ |
| १.४ शोधको औचित्य/महत्त्व | १७ |
| १.५ शोधको सीमाङ्कन | १९ |
| १.६ शोधप्रबन्धको रूपरेखा | २० |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा** | **२१-३२** |
| **अध्याय तीन : शोधविधि** | **३३-४३** |
| ३.१ सैद्धान्तिक अवधारणा | ३३ |
| ३.२ अवधारणात्मक अनुसन्धान प्रक्रिया | ३४ |
| ३.३ दर्शन | ३५ |
| ३.४. मार्क्सवादी सिद्धान्त | ३७ |
| ३.५ शोधविधि | ३८ |
| ३.६ अनुसन्धानको ढाँचा | ३९ |

३.७ स्रोत सामग्री सङ्कलन ४०

३.८ स्रोत सामग्री सङ्लनका प्रविधि र उपकरण ४२

३.९ तथ्याङ्कको प्रशोधन ४२

३.१० तथ्याङ्कको व्याख्या ४३

३.११ तथ्याङ्कको विश्लेषण ४३

**अध्याय चार : नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवका आधारहरू ४४-८९**

४.१ समाजवादी विचारको अर्थ र परिभाषा ४४

४.२ समाजवादी विचारको दार्शनिक तथा सैद्धान्तिक आधार ४६

४.२.१ मार्क्सवाद ४६

४.२.२ द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद ४७

४.२.३ अतिरिक्त मूल्यको सिद्धान्त ४८

४.२.४ सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त ४९

४.२.५ वर्गसङ्घर्षको सिद्धान्त ५०

४.३ विश्व राजनीतिमा समाजवादी विचारको उद्भव ५०

४.३.१ कम्युनिस्ट लिगको गठन ५०

४.३.२ कम्युनिष्ट घोषणापत्र ५३

४.४ नेपालमा समाजवादी विचारको उद्भव ५४

४.४.१ पूर्वीय साहित्य र समाजवादका लक्षणहरू ५४

४.४.२ नेपाल कम्युनिस्ट पार्टीको गठन ५९

४.४.३ नेपाल कम्युनिस्ट पार्टीका गतिविधि ६१

४.४.४ नेपाल कम्युनिस्ट पार्टीभित्रको उतार-चढाव ६५

४.४.५ नेपाल कम्युनिस्ट पार्टीका राजनीतिक सङ्घर्षहरू ७७

**अध्याय पाँच : नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकास ९०-१२४**

५.१ नेपाली राजनीतिमा समाजवादी विचारको ऐतिहासिक विकासक्रम ९०

५.२ नयाँ जनवादको परिभाषा र समाजवाद ९१

५.३ नयाँ जनवादको बाटोमा नेकपा ९८

५.४ नेपाली कम्युनिस्ट राजनीतिभित्र गन्तव्यको बहस १००

**अध्याय छ : नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव १२५-२२५**

६.१ पृष्ठभूमि १२५

६.२ २०४६ सालको राजनीतिक परिवर्तनमा नेपालका कम्युनिस्टहरू १३०

६.२.१ २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार १३१

६.२.२ २०६५ सालको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार १४८

६.२.३ २०६६ सालको माधवकुमार नेपाल नेतृत्वको सरकार १७२

६.२.४ २०६७ सालको झलनाथ खनाल नेतृत्वको सरकार १७७

६.२.५ २०६८ सालको बाबुराम भट्टराई नेतृत्वको सरकार १८०

६.३ नेपालको संविधानमा समाजवादी विचारको प्रभाव २००

६.३.१ संविधानका सम्बन्धमा उठेका विचारहरू २११

**अध्याय सात : उपलब्धि र निष्कर्ष २२६-२४६**

उपलब्धि २२६

निष्कर्ष २३३

**परिशिष्टहरू २४७-४१९**

परिशिष्ट एक : अन्तर्वार्ता सूची २४७

परिशिष्ट दुई : अन्तर्वार्ता लिँदा सोधिएका प्रश्नहरू २५०

परिशिष्ट तीन : नेकपा एमालेको २०५१ सालको चुनाव घोषणा-पत्र २५१

परिशिष्ट चार : श्री ५ महाराजाधिराजबाट संसद्को आठौँ अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन २८५

परिशिष्ट पाँच : पहिलो संविधानसभा निर्वाचनका लागि नेकपा (माओवादी) को प्रतिबद्धता-पत्र २९३

परिशिष्ट छ : पहिलो संविधानसभा निर्वाचनका लागि नेकपा (एमाले) को घोषणापत्र ३३०

परिशिष्ट सात : संविधानसभाको व्यवस्थापिका - संसद्को बैठकमा सम्मानीय राष्ट्रपति डा. रामवरण यादवज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०६५/६६ को नेपाल सरकारको नीति तथा कार्यक्रम ३५७

परिशिष्ट आठ : संविधानसभाको व्यवस्थापिका-संसद्को बैठकमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०६६/६७ को नेपाल सरकारको नीति तथा कार्यक्रम ३७५

परिशिष्ट नौ : संविधानसभाको व्यवस्थापिका - संसद्को बैठकमा सम्मानीय राष्ट्रपति डा. रामवरण यादवज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०६८/६९ को नेपाल सरकारको नीति तथा कार्यक्रम ३९१

परिशिष्ट दश : राजनीतिक शब्दावली ४१७

**सन्दर्भ सामग्री सूची** **४२०-४३५**

## सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| एनेकपा | एकीकृत नेपाल कम्युनिस्ट पार्टी |
| क. | कमरेड |
| नेकपा (एमाले) | नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेलिनवादी) |
| नेकपा (माले) | नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) |
| नेकपा | नेपाल कम्युनिस्ट पार्टी |
| नेकपा (चौम) | नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) |
| नेकपा (मालेमा) | नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी-माओवादी) |
| नेकपा (मालेस) | नेपाल कम्युनिस्ट पार्टी ( मार्क्सवादी-लेनिनवादी-समाजवादी) |
| ने.का. | नेपाली काङ्ग्रेस |
| नेमकिपा | नेपाल मजदुर किसान पार्टी |
| नीति तथा कार्यक्रम | नेपाल सरकारको नीति तथा कार्यक्रम |
| मआस्मृप्र | मदन-आश्रित स्मृति प्रतिष्ठान |
| मालेमा | मार्क्सवाद, लेनिनवाद र माओवाद |
| सिके प्रसाई | छत्रमान केशरी प्रसाईं |

# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

हाम्रा पुर्खाले प्रकृति, वस्तुको गुण, मानवीय आवश्यकता, समयको गति र मानवीय विचारधाराको द्वन्द्वात्मक खेलको प्रक्रियाबाट विभिन्न स्वरूपको सामाजिक विचारधाराको उद्‌भव र विकास हुने क्रममा समाजवादी विचारधाराको अनुसरण गर्दै आएका थिए । सामूहिकता, सहकारिता र सहअस्तित्वको मेलमिलापपूर्ण भावनाबाट ओतप्रोत भई मानव समाजलाई सभ्यताको उन्मुखीकरणतर्फ ल्याएका हाम्रा पुर्खाले समाजवादी विचारको उद्‌भव र विकास गरी समातामूलक समाजको स्थापना गरेका थिए । शक्तिको उदयपछि समाजवादी विचारको ठाउँमा निरङ्कुश तानाशाही प्रकृतिको सामन्तवादी प्रणालीमा आधारित राज्यसत्ताको स्थापना भएको थियो । यसको विकल्पको रूपमा समाजवादी विचारकहरूले समाजवादी विचारको उद्‌भव र विकास गरेका थिए । मानव विकासका क्रममा आदिम युगको अन्त्यपछि दास युग र सामन्तवादी युगमा भएका दमन, शोषण, अत्याचार र अन्यायका विरूद्ध १४ औं शताब्दीको अन्त्य र १५ औँ शताब्दीमा आइपुग्दा जर्मनीका किसान विद्रोहका नेता थोमस मुन्जर (१५४७ साल - १५९२ साल) ले सामन्तवादी सामाजिक व्यवस्थाका विरूद्ध नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्दै काल्पनिक समाजवादी विचारको उद्‌भव गराएका थिए (Cohen, 2000, pp 162) । विश्व राजनीतिमा साहित्यक कृतिमार्फत उनले नै सामन्तवादी सामाजिक व्यवस्थाको निरङ्कुशताका विरूद्ध नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्दै काल्पनिक समाजवादी विचारको उद्‌भव गराएका थिए ।

मुन्जरपछि थोमस मुर (१५३४ साल - १५९० साल), तम्मासो कम्पान्नेल्ला (१६२५ साल -१६९९ साल), जेरार्ड विस्टेनली (१६६६ साल - १७०९ साल), जा-मेलिये (१७२१ साल - १७८६ साल), गैब्रियल बोन्नो दे मैब्ली (१७६६ साल - १८३२ साल ), मोरेली (१८ औं शताब्दी ?) र ग्राक्खस बाब्योफ (१८१७ साल - १८५४ साल) ले सामन्तवादी सामाजिक व्यवस्थाका विरूद्ध नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्ने क्रममा काल्पनिक समाजवादी विचारलाई उन्नत बनाउँदै ठोस मूर्तताको यात्रामा त्यसलाई आधुनिकतातिर डोऱ्याएका थिए । १४/१५ औं शताब्दीबाट सुरु भएको काल्पनिक समाजवादी विचारले १७/१८ औं शताब्दीमा आइपुग्दा परिपक्वता ग्रहण गर्दै आधुनिकता र वैज्ञानिकता ग्रहण गरेको थियो (Sabirov, 1988, pp 99)। थोमस मुन्जरले काल्पनिक समाजवादी विचारको उद्‌भव गराएपछि काल्पनिक समाजवादी

विचारमा नयाँ आयाम थप्ने काम उनीपछि क्रमशः थोमस मुर (१५३४ साल- १५९० साल), तम्मासो कम्पान्नेल्ला (१६२५ साल - १६९६ साल), जेरार्ड विस्टेनली (१६६६ साल - १७०९ साल), जा-मेलिये (१७२१ साल - १७८६ साल), गैब्रियल बोन्नो दे मैब्ली (१७६६ साल - १८३२ साल), मोरेली (१८ औं शताब्दी ?) र ग्राक्खस बाब्योफ (१८१७ साल - १८५४ साल) ले गरेका थिए ।

१७/१८ औं शताब्दीमा आइपुग्दा काल्पनिक समाजवादी चिन्तनलाई थप उन्नत, परिष्कृत र परिमार्जित गरी आधुनिकताको यात्रा गराउँदै ठोस मूर्त रूप दिने क्रममा सेन्ट साइमन (१८१७ साल - १८८२ साल), चार्ल्स फुरिये (१८२९ साल - १८९४) र रोबर्ट ओवेन (१८२८ साल - १९१५ साल) काल्पनिक समाजवादी विचारकका रूपमा देखा परेका थिए । १८ औं/१९ औं शताब्दीमा आइपुग्दा यिनै काल्पनिक समाजवादी विचारकका काल्पनिक समाजवादी विचार आधुनिक र वैज्ञानिक समाजवादी विचारको जग र स्रोत बन्न पुगेको थियो (Sabirov, 1988, pp 99)। काल्पनिक समाजवादी विचार अझ खास गरेर सेन्ट साइमन (१८१७ साल - १८८२ साल), चार्ल्स फुरिये (१८२९ साल - १८९४ साल) र रोबर्ट ओवेन (१८२८ साल - १९१५ साल) को काल्पनिक समाजवादी विचार नै आधुनिक/वैज्ञानिक समाजवादी विचारको जग र स्रोत बनेको थियो । सेन्ट साइमनले परिकल्पना गरेका "हरेक व्यक्तिले क्षमताअनुसारको काम र कामअनुसारको पारिश्रमिक पाउनुपर्ने" (Gilabert, 2015, pp 200-203) अवधारणालाई मूल सैद्धान्तिक जग मानी सन् १८४८ मा कार्ल मार्क्स (१८१८-१८८३) र फ्रेडरिक एङ्गेल्स (१८२०-१८९५) ले 'कम्युनिस्ट घोषणापत्र' लेखी कम्युनिस्ट पार्टीको समाजवादी राजनीतिक आर्थिक कार्यक्रम ल्याएपछि विधिवत् रूपमा विश्व राजनीतिमा "वैज्ञानिक समाजवादी विचार" को उद्भव भएको थियो (Barry, 2015, pp 17)। सेन्ट साइमनले परिकल्पना गरेका हरेक व्यक्तिले क्षमताअनुसारको कम र कामअनुसारको पारिश्रमिक पाउनुपर्ने भन्ने काल्पनिक समाजवादी विचारको मूल सिद्धान्तलाई सैद्धान्तिक आधार बनाई मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखी वैज्ञानिक समाजवादी विचारको उद्भव र विकास गराएका थिए । उनीहरूले वैज्ञानिक सामजवादी विचारको उद्भव गराएपछि नै विश्व राजनीतिमा वैज्ञानिक समाजवादी विचारको उद्भव भएको थियो ।

समाजवाद भन्नाले सामाजिक स्वामित्वमा आधारित सामाजिक व्यवस्था भन्ने बुझिन्छ । सामाजिक सम्पत्तिलाई सम्पूर्ण समाजले समान रूपमा उपभोग गर्न पाउनुपर्दछ भन्ने मान्यता नै समाजवाद हो । हाम्रो प्राचीन नेपाली समाजले पनि यस्तै समाजवादी विचारको अभ्यास गरेको थियो । प्राचीन नेपालको सामाजिक व्यवस्थामा मूलतः समाजवादी विचार नै प्रशस्तै भेटिन्छ (वैद्य, २०७६) । प्राचीन नेपाली समाजमा समानता, सामुदायिकता र सामूहिकताको प्रशस्तै अभ्यास भएको पाइन्छ जसले हाम्रो नेपालीको प्राचीन समाजमा पनि समाजवादी विचारको लक्षण र

अभ्यास थियो भन्न सकिन्छ। समाजवादको लक्षण र सिद्धान्त भनेको राज्यसत्ताको उत्पादनका साधनहरूलाई आमजनतामा स्वामित्व गराउनु, राज्यसत्ताको उत्पादनलाई आम जनताले उपभोग गर्न पाउनु, राज्यसत्ताको उत्पादनलाई आमजनताको स्वामित्वअन्तर्गत राख्नु र वितरण गर्नु हो (Carens, 2003, pp 46-47)। समाजवादको अध्ययन गर्दा समाजवाद भन्नाले सामाजिक स्वामित्वमा आधारित सामाजिक व्यवस्था हो भन्ने बुझिन्छ। समाजवादी सामाजिक व्यवस्थमा निजी स्वामित्वमा आधारित सामाजिक व्यवस्थाको स्थानमा साम्यवादी सामाजिक व्यवस्थाको स्थापना गर्नुभन्दा अगाडिको चरणमा स्थापना गरिन्छ (Cohen, 2000, pp 224)। निजी स्वामित्वमा आधारित सामाजिक व्यवस्थाको अन्त्य गरी समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने गरिन्छ। समाजवादी सामाजिक व्यवस्थाले पुँजीवादको पूर्ण निषेधका रूपमा वुर्जुवा सामाजिक संरचनालाई क्रान्तिकारी शैलीले पुनर्गठन र पुनर्निर्माण गर्दछ भनिएको छ (Romer, 1986, pp 29)। समाजवादी सामाजिक व्यवस्थले बुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थालाई क्रान्तिकारी विधिद्वारा पुनर्गठन र पुननिर्माण गरी नयाँ समाजवादी सामाजिक व्यवस्थाका रूपमा निर्माण गर्दछ। समाजवादी सामाजिक व्यवस्थाको अभिलक्षण राष्ट्रिय अर्थव्यवस्थामा समान उत्पादन, सन्तुलित विकास र सबै क्षेत्रमा उत्पादनका सामर्थ्यको समान विकास हुनु हो (Arnold, 2017, pp 5)। राष्ट्रिय अर्थव्यवस्थामा समान उत्पादन, सन्तुलित विकास र राज्यका सम्पूर्ण क्षेत्रमा उत्पादनका सामर्थ्यको समान रूपमा विकास हुनु समाजवादका अभिलक्षणा हुन्।

मार्क्स र एङ्गेल्सले मार्क्सवादी दर्शनको प्रादुर्भाव र वैज्ञानिक समाजवादी विचारको उद्भव गराउनुपूर्व विश्व समाजवादी आन्दोलन विभिन्न धारामा विभक्त थियो। विश्व समाजवादी आन्दोलन विभिन्न धारामा विभक्त भएका अवस्थामा मार्क्सवादी दर्शनका प्रवर्तक तथा संस्थापक मार्क्स र एङ्गेल्सले वैज्ञानिक समजवादी विचारको प्रतिपादन, सर्वहारावर्गका निम्ति वर्गगत पार्टी निर्माणको अवधारणा र काल्पनिक समाजवादी विचारको आलोचना गर्ने महत्त्वपूर्ण कार्य गरेका थिए। यी कार्य गर्नका निम्ति मार्क्स र एङ्गेल्सले समुचित सङ्गठनात्मक प्रारूपको अवधारणा ल्याउँदै 'पत्रव्यवहार समिति' (कम्युनिस्ट पत्राचार समिति) को गठन ब्रसेल्समा गरेका थिए। यस सङ्गठनमार्फत मार्क्स र एङ्गेल्सले विश्वका विभिन्न मुलुकका समाजवादीहरुसँग सम्पर्क गर्ने, वैज्ञानिक समाजवादी विचारको प्रचार-प्रसार गर्ने र वैज्ञानिक समाजवादी विचारसम्बन्धी सामग्रीको निर्माण गरी वितरण गर्ने र त्यस समयका विविध समाजवादी विचारधाराको आलोचना गर्ने कार्य गर्दथे (Sabirov, 1988, pp 155)। मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादी विचारको अवधारणा र यस विचाधारासँग लैस भएको क्रान्तिकारी राजनीतिक पार्टीको निर्माणका निम्ति 'कम्युनिस्ट पत्राचार समिति' को गठन गरी आधार तयार पारेका थिए।

मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट पत्राचार समिति' गठन गरी त्यस समयका विविध धारमा विभक्त समाजवादी विचारको आलोचना गर्दै वैज्ञानिक समाजवादी विचारधाराको ठोस कार्यक्रम र सर्वहारा तथा मजदुर वर्गका निम्ति राजनीतिक पार्टी र राजनीतिक सङ्घर्षका कार्यक्रमसम्बन्धी नयाँ अवधारणा ल्याएपछि यस अवधारणाबाट प्रभावित भएर मार्क्स र एङ्गेल्स दुबैलाई 'कम्युनिस्ट मजदुर  शिक्षा लिग' मा सहभागी र सङ्गठित हुन आह्वान गरिएको थियो । मार्क्स र एङ्गेल्स दुबै 'कम्युनिस्ट मजदुर शिक्षा लिग' ले आफ्नो षडयन्त्रकारी परम्परागत स्वरूप एवम् चरित्र त्यागेपछि र लिगलाई वैज्ञानिक समाजवादी विचारमा आधारित विश्वका सर्वहारा तथा मजदुरवर्गको सङ्गठनका रूपमा रूपान्तरण गर्न सकिन्छ भन्ने महसुस र आत्मविश्वास भएपछि सन् १८४७ को वसन्तमा यस लिगमा सहभागी भएका थिए (Cohen, 2000, pp 117-118)। 'कम्युनिस्ट मजदुर शिक्षा लिग' लाई वैज्ञानिक समजावादी विचारधारामा लैस गरी सर्वहारा तथा मजदुरवर्गको अन्तर्राष्ट्रिय सङ्गठन बनाउन सकिन्छ र यस लिगलाई सर्वहारा तथा मजदुरवर्गको मुक्तिका निम्ति राजनीतिक सङ्घर्षको कार्यक्रममार्फत क्रान्तिकारी सङ्गठन बनाउन सकिन्छ र अगाडि बढाउन सकिन्छ भन्ने ठानेपछि मार्क्स र एङ्गेल्स दुबै सङ्गठनमा सहभागी भएका थिए ।

'कम्युनिस्ट मजदुर शिक्षा लिग' को पहिलो अधिवेशन १ जुन, १८४७ मा लण्डनमा सम्पन्न भएको थियो । यस अधिवेशनमा मार्क्स उपस्थित हुन सकेका थिएनन् । एङ्गेल्स सहभागी भएका थिए । उनकै पहलकदमीमा यस लिगको नाम फेरेर 'कम्युनिस्ट लिग' राखिएकको थियो । जुन विश्व राजनीतिमा पहिलो कम्युनिस्ट सङ्गठन थियो । 'कम्युनिस्ट लिग' को दोस्रो अधिवेशन २९ नोभेम्बर, १८४७ मा लण्डनमा सम्पन्न भएको थियो । यस अधिवेशनले मार्क्स र एङ्गेल्सलाई लिगको घोषणापत्र तयार पार्ने जिम्मेवारी दिइएको थियो। मार्क्स र एङ्गेल्स दुवैले लिगको घोषणापत्र तथा राजनीतिक तथा साङ्ठनिक कार्यक्रमका रूपमा 'कम्युनिस्ट घोषणापत्र' केबल दुई महिनाभित्र डिसेम्बर, १८४७ देखि जनवरी, १८४८ सम्ममा तयार पारिसकेका थिए। उक्त घोषणापत्र फरबरी, १८४८ मा प्रकाशित गरिएको थियो (Sabirov, 1988, pp 155-156)। त्यस समयमा विश्व समाजवादी आन्दोलन विविध धारामा विभक्त र छरपस्ट अवस्थामा विभाजित भई छरिएको थियो जसलाई एकत्रित गरी सही गति र दिशा दिन आवश्यक थियो । यसका लागि ठोस समाजवादी विचार र सर्वहारा तथा मजदुरवर्गको मुक्तिका लागि ठोस राजनीतिक सङ्घर्षका कार्यक्रमको आवश्यकता थियो । जुन आवश्यकता मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट लिग' का लागि 'कम्युनिस्ट घोषणापत्र' लेखी पूरा गरेका थिए ।

मार्क्स र एङ्गेल्सले कम्युनिस्ट 'कम्युनिस्ट लिग' का लागि 'कम्युनिस्ट घोषणापत्र' लेखेर प्रकाशन गरेपछि विश्वमा कम्युनिस्ट राजनीति सुरु भएको हो। 'कम्युनिस्ट घोषणापत्र' को प्रकाशनपछि विश्वमा कम्युनिस्ट राजनीति र कम्युनिस्ट आन्दोलनको उद्भव र विकास भएको हो

भने विश्व सर्वहारा तथा मजदुरवर्गको आन्दोलनकै गर्भबाट विश्व कम्युनिस्ट आन्दोलनको उद्भव र विकास भएको हो (जोशी, २०७८ : १७५) । यससँगै विभिन्न धारमा विभक्त र छरपस्ट भएको विश्व समाजवादी आन्दोलनले मार्क्सवादी दर्शन, वैज्ञानिक समाजवादी विचार र मजदुर तथा सर्वहारावर्गको मुक्तिका लागि राजनीतिक सङ्घर्षको कार्यक्रम पाएपछि विश्व समाजवादी आन्दोलनले सही दिशा लिँदै विश्व कम्युनिस्ट आन्दोलन र विश्व कम्युनिस्ट राजनीतिको नयाँ नाम, नयाँ आयाम, नयाँ रूप, नयाँ संरचना, नयाँ सङ्गठन, नयाँ राजनीतिक पार्टी र नयाँ गन्तव्य पाएको थियो ।

मार्क्स र एङ्गेल्सले कम्युनिस्ट राजनीतिलाई सर्वहारा तथा मजदुरवर्गको हितसँग जोडेका थिए । कम्युनिस्ट राजनीतिको ध्येय नै "सर्वहारा तथा मजदुरहरूलाई वर्गका रूपमा सङ्गठित गर्ने, पुँजीपतिवर्गको प्रभुत्वको अन्त्य गर्ने र सर्वहारा तथा मजदुरवर्गको राजनीतिक सत्ता कायम गर्ने हो" भनेका थिए (Marx & Engles, 2000 [1848]) । मार्क्स र एङ्गेल्सले कम्युनिस्ट राजनीति सर्वहारा तथा मजदुरवर्गको हितका निम्ति गरिने हो र कम्युनिस्ट राजनीतिको मूल ध्येय नै सर्वहारा तथा मजदुरवर्गको राजनीतिक सत्ता स्थापित गर्नु हो भनी 'कम्युनिस्ट घोषणापत्र' मा प्रस्ट पारेका थिए । उनीहरूले कम्युनिस्ट राजनीतिको मूल सिद्धान्त "व्यक्तिगत स्वामित्वको अन्त्य हो" भनेका थिए (Marx & Engles, 2000 [1848]) । कम्युनिस्ट राजनीतिको मूल सिद्धान्त भनेकै "निजी स्वामित्व तथा व्यक्तिगत स्वामित्वको अन्त्य हुनु हो" भनी स्पष्ट पारेका थिए । उनीहरुले कम्युनिस्ट राजनीतिमा उत्पादनका साधनमाथिको स्वामित्वलाई हरेक आन्दोलनमा विशेष महत्त्व दिइनेछ, कम्युनिस्ट राजनीतिमा दृष्टिकोण र उद्देश्य लुकाउनु घिनलाग्दो काम ठानिनेछ, कम्युनिस्ट राजनीतिमा हरेक सामाजिक व्यवस्थालाई बलपूर्वक नष्ट गरेपछि मात्र आफ्ना उद्देश्य एवम् लक्ष्य पूरा हुन्छन् भनी स्पष्ट रूपमा घोषणा गरिनेछ, कम्युनिस्ट राजनीतिको डरले शासकहरू थर्कमान हुनेछन्, सर्वहारा तथा मजदुरवर्गले हथकडी सिवाय अरू गुमाउनु छैन तर जित्नका लागि सारा संसार छ भनी "संसारका मजदुर एक होऔँ" भन्दै 'कम्युनिस्ट घोषणापत्र' लेखेका थिए (Marx & Engles, 2000 [1848]) । उनीहरूले 'कम्युनिस्ट लिग' का लागि 'कम्युनिस्ट घोषणापत्र' मा कम्युनिस्ट राजनीति, कम्युनिस्ट आन्दोलन सर्वहारा तथा मजदुरवर्गको आन्दोलन र राजनीतिक सङ्घर्षका कार्यक्रमबारे प्रस्ट पारेपछि यसले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो । यसपछि विश्वभरि नै कम्युनिस्ट राजनीति र कम्युनिस्ट आन्दोलनको उभार आएको थियो भने विश्व समाजवादी आन्दोलने नयाँ स्वरूप, नयाँ आयाम, नयाँ कार्यक्रम र नयाँ गन्तव्य पाएको थियो ।

मार्क्स र एङ्गेल्सले सर्वहारा तथा मजदुरवर्गको मुक्तिका लागि र राजनीतिक सत्ता स्थापना गर्नका निम्ति कम्युनिस्ट राजनीति र कम्युनिस्ट पार्टीको अवधारणा ल्याएपछि विश्व

राजनीति नै प्रभावित बनेको थियो । संसारभरि नै कम्युनिस्ट राजनीतिको आधार निर्माण हुँदै सर्वहारा तथा मजदुरवर्गको आन्दोलनको लहरै चलेको थियो जसले गर्दा विश्व समाजवादी आन्दोलन तीव्र वायुवेगमा अगाडि बढेको थियो । यसै क्रममा रूसमा लेनिनले क्रान्तिकारी मार्क्सवादी धारालाई आत्मसात् र अवलम्बन गर्दै १९७४ सालमा अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी शासन व्यवस्थाको स्थापना गरेका थिए (Fraser, 2014, pp 77-78)। त्यस क्रान्तिले मार्क्सवादको मूल मर्म र विश्व सर्वहारा तथा मजदुर आन्दोलनको क्रान्तिकारी सर्वहारावादी आन्दोलनको मूल दृष्टिकोण समातेको थियो । लेनिनको नेतृत्वमा भएको रूसको अक्टोबर समाजवादी क्रान्तिले विश्व समाजवादी आन्दोलनमा महानतम् तथा गौरवपूर्ण इतिहास रच्न सफल भएको थियो । वैज्ञानिक समाजवादी विचारको विकासका रूपमा यस क्रान्तिले विश्व राजनीतिक व्यवस्थामा नयाँ समाजवादी राजनीतिक व्यवस्थाको स्थापना गरेको थियो (Przeworski, 1985, pp 26)। विश्व समाजवादी आन्दोलनको इतिहासमा एक महानतम गौरवपूर्ण समाजवादी क्रान्तिका रूपमा रहेको अक्टोबर समाजवादी क्रान्तिले नयाँ राजनीतिक व्यवस्थाका रूपमा समाजवादी राजनीतिक व्यवस्था स्थापना गर्न सफल भएको थियो । लेनिनले क्रान्ति सम्पन्न भएपछि आफ्नो नेतृत्वको 'रूसी सामाजिक जनवादी पार्टी (बोल्सेभिक)' नामलाई परिवर्तन गरी मार्क्स र एङ्गेल्सलको अवधारणा 'कम्युनिस्ट लिग' र 'कम्युनिस्ट घोषणापत्र' का आधारमा 'कम्युनिस्ट पार्टी' राखेका थिए (सिंह, २०५७, पृ. ३५) । उनले आफू नेतृत्वको 'सामाजिक जनवादी पार्टी' को नाम परिवर्तन गरी 'कम्युनिस्ट पार्टी' राखेपछि विश्वमा कम्युनिस्ट राजनीतिको विकास तीव्र गतिमा भएको थियो । उनले क्रान्ति सम्पन्न गर्दै समाजवादको स्थापना र सोभियत युनियनको गठन गरेपछि विश्व राजनीति नै प्रभावित बनेको थियो जसले गर्दा विश्वमा कम्युनिस्ट राजनीति र समाजवादी आन्दोलनले नयाँ स्वरूप ग्रहण गर्न पुगेको थियो ।

मार्क्स र एङ्गेल्सले आफ्नो नेतृत्वमा विश्व समाजवादी आन्दोलनलाई एकीकृत र सङ्गठित गर्न तथा वैज्ञानिक समाजवादी विचार, विश्व सर्वहारावादी दृष्टिकोण र क्रान्तिकारी सर्वहारा तथा मजदुरवर्गको राजनीतिक सङ्गठनको दस्ताबाट लैस गर्न र सर्वहारा अन्तर्राष्ट्रियतावादको सिद्धान्तका कसीमा विश्व समाजवादी आन्दोलनलाई कस्नका निम्ति विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठन पहिलो र दोस्रो अन्तर्राष्ट्रियको निर्माण गरे झैं लेनिनले पनि क्रान्ति सम्पन्न गरेपछि विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठनको रूपमा तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको निर्माण गरेका थिए। लेनिनले तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको १९७८ सालमा सम्पन्न भएको तस्रो काङ्ग्रेस (सम्मेलन) मा 'कम्युनिस्ट पार्टीको सङ्गठनको प्रस्ताव' शीर्षकको राजनीतिक दस्तावेज पेस गरेका थिए र उक्त काङ्ग्रेसले उनको राजनीतिक दस्तावेजलाई पारित गरेको थियो । उक्त दस्तावेजमा कम्युनिस्ट पार्टीको सिद्धान्त,

कम्युनिस्ट पार्टीको संरचना, कम्युनिस्ट पार्टीको ढाँचा र कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रम प्रस्तुत गरेका थिए। उनले कम्युनिस्ट पार्टीमा सर्वहारावर्गको सिद्धान्त, जनवादी केन्द्रीयताको सिद्धान्त, क्रान्तिको सिद्धान्तले लैस गरेका थिए (लेनिन, १९९९)। उनले विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठन तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको निर्माण गरी कम्युनिस्ट पार्टीको सङ्गठनात्मक ढाँचा, स्वरूप, सिद्धान्त, कार्यक्रम, साधन र साध्य 'कम्युनिस्ट पार्टीको सङ्गठनको प्रस्ताव' नामक राजनीतिक दस्तावेजमा स्पष्ट रूपमा प्रस्तुत गरेपछि विश्व कम्युनिस्ट राजनीतिले नयाँ आयाम पाएको थियो। विश्व समाजवादी आन्दोनलमा उनको कम्युनिस्ट पार्टीसँग सम्बन्धित अवधारणा, दृष्टिकोण र सिद्धान्तलाई लेनिनवादी सङ्गठनात्मक सिद्धान्त भनिन्छ जुन आजसम्म संसारमा सम्पूर्ण कम्युनिस्ट पार्टीले अनुसरण, अवलम्बन र अङ्गीकार गरेका छन्।

रूसमा सम्पन्न समाजवादी क्रान्तिको प्रभावले १९७८ सालमा चीनमा कम्युनिस्ट पार्टीको स्थापना भएको थियो। स्थापनाको सुरुवाती समयमा चीनियाँ कम्युनिस्ट पार्टीले खासै प्रभावशाली क्रान्ति गर्न नसके पनि १९९२ सालपछि यस पार्टीको नेतृत्वमा माओ त्से तुङ् आएपछि उनले यस पार्टीमा दीर्घकालीन जनयुद्धको सिद्धान्त, नयाँ जनवादी क्रान्तिको सिद्धान्त र नयाँ जनवादी कार्यक्रम प्रतिपादन गरेपछि यस पार्टीले प्रभावशाली क्रान्ति सम्पन्न गरेको थियो। माओका नेतृत्वमा यस पार्टीले २००६ साल असोज महिनामा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादी गणतन्त्र चीनको स्थापना गरेको थियो (सिंह, २०५७, पृ. ५०)। माओका नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएपछि विश्वमा कम्युनिस्ट राजनीति बलशाली रूपमा प्रभावशाली भएर आएको थियो र विश्व राजनीतिलाई प्रभावित तुल्याएको थियो। माओले जनयुद्धको समयमा प्रतिपादन गरेका दीर्घकालीन जनयुद्धको सिद्धान्त, नयाँ जनवादी क्रान्तिको सिद्धान्त, नयाँ जनवादी अधिनायकत्वको सिद्धान्त र नयाँ जनवादी कार्यक्रमले कम्युनिस्ट राजनीतिलाई समृद्ध र उन्नत बनाएको थियो भने विश्व कम्युनिस्ट राजनीतिमा नयाँ आयाम थपेको थियो।

रूसमा सम्पन्न भएको अक्टोबर समाजवादी क्रान्ति, दोस्रो विश्वयुद्ध, चीनमा सम्पन्न भएको नयाँ जनवादी क्रान्ति र दोस्रो विश्वयुद्धपछि संसारभरि चलेको औपनिवेशिक तथा साम्राज्यवादी विरोधी सङ्घर्ष, एसिया तथा दक्षिण एसियामा चलेको औपनिवेशिक तथा साम्राज्यवादी विरोधी सङ्घर्षको लहर र भारतीय स्वतन्त्रता सङ्ग्राम जस्ता राजनीतिक सङ्घर्षका प्रभावस्वरूप नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टीको गठन भएको थियो (Pokhrel, 2007)। विश्व राजनीतिमा घटेका विविध राजनीतिक घटनाक्रम र सम्पन्न भएका क्रान्तिका प्रभावस्वरूप नेपालमा कम्युनिस्ट पार्टीको गठन हुन पुगेको थियो। मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखेर यसको व्याख्या गरेपछि यसको प्रभाव विश्व राजनीतिमा परेको थियो र यही प्रभावस्वरूप

विश्वभरि नै कम्युनिस्ट पार्टीको गठन गर्ने र कम्युनिस्ट पार्टीका नेतृत्वमा क्रान्ति गर्ने लहरै चलेको थियो । विश्व राजनीतिमा उदाएको कम्युनिस्ट विचारधाराको प्रभाव नेपाली राजनीतिमा पनि पर्‍यो र त्यही प्रभावस्वरूप नेपालमा वैज्ञानिक समाजवादी विचारको प्रयोग राज्ययन्त्रभित्र गर्ने उद्देश्यले नेपाल कम्युनिस्ट पार्टीको स्थापना हुन पुगेको थियो (पुष्पलाल, २०५३) । नेपाली राजनीतिमा वैज्ञानिक समाजवादी विचारधाराको प्रयोग गर्ने हेतुले नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि नेपालमा औपचारिक रूपमा कम्युनिस्ट राजनीति र वैज्ञानिक समाजवादी विचारधाराको विधिवत् उद्भव हुन पुगेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको स्थापना समाजवादको स्थापना गर्ने लक्ष्य राखी भएको थियो । यस पार्टीको प्रकाशित पहिलो पर्चामा “समाजवादको लक्ष्य राखी शासन चलाऊ” भनिएको थियो (पुष्पलाल, २०५३, पृ. ३९) । यस पार्टीले आफ्नो लक्ष्य समाजवादको स्थापना गर्ने भनी उक्त लक्ष्य पूरा गर्नका निम्ति ल्याएको राजनीतिक कार्यक्रम, राजनीतिक सङ्घर्षको कार्यक्रम र गरेको गतिविधिले नै नेपाली कम्युनिस्ट राजनीतिमा वैज्ञानिक समाजवादी विचारधाराको विकास गरेको थियो । यस पार्टीको प्रकाशित पहिलो घोषणापत्रमा “सामन्तवादको सम्पूर्ण स्वरूप र विदेशी प्रभुत्वलाई समाप्त गरी नयाँ जनवादी नेपालको गठन गर्दै समाजवादको पृष्ठभूमि तयार गर्ने” नयाँ जनवादी कार्यक्रम स्पष्ट रूपमा प्रस्तुत गरेको थियो (पुष्पलाल, २०६७, पृ. १६६-१७७) । स्थापनाकालदेखि नै नेपाल कम्युनिस्ट पार्टीले नेपालमा जनवादी क्रान्ति सम्पन्न गरी समाजवादको स्थापना गर्ने आफ्नो लक्ष्य र उद्देश्य नयाँ जनवादी कार्यक्रममार्फत प्रस्ट पारी त्यसै अनुरूपको राजनीतिक सङ्घर्षका कार्यक्रम तय गरी पार्टीको राजनीतिक गतिविधि अगाडि बढाई यसैका आधारमा नेपाली कम्युनिस्ट राजनीतिमा वैज्ञानिक समाजवादी विचारधाराको विकास गरेको थियो ।

गोरखाका राजा पृथ्वीनारायण शाहले १८२५ साल असोज १३ गते कान्तिपुर, १८२५ साल असोज २४ गते ललितपुर र १८२५ साल कात्तिक ३० गते भक्तपुर राज्य जिती गोरखा राज्यको नाम बदली नेपाल नाम राखी आधुनकि नेपाल राज्यको निर्माण गरेका थिए (आचार्य, नरहरिनाथ, २०७५, पृ. २१-२३) । उनले आधुनिक नेपाल राज्यको निर्माण गरी नेपालमा शाह वंशीय शासनकालको स्थापना गरेका थिए । यसपछि १९०३ साल असोज ३ गते कोत हत्यकाण्डमा चौतारिया फत्तेजङ शाह र अन्य केही भारदारहरूको हत्या गरी जङ्गबहादुर राणा कमान्डर इन चिफ भएका थिए । उनी १९०३ साल कात्तिक १२ गतेका दिन भण्डारखालमा आफ्ना प्रतिकूलमा रहेका विरोधीहरूको हत्या गरी प्राइमिनिस्टर भएका थिए । यसपछि उनी १९०४ साल असार १५ गते अलौमा राजा राजेन्द्रका फौजलाई पराजित गरी नेपालमा बलिया र शक्तिशाली भए र शताब्दी लामो राणाशासनको उदय भएको थियो (मानन्धर, २०७७, पृ. ४४) । उनले उदय

गराएको राणाशासन जहानियाँ तथा निरङ्कुश चरित्र र प्रवृत्तिको थियो । राणाशासनको जहानियाँ तथा निरङ्कुशता बढ्दै गएपछि यस शासनको अन्त्यका निम्ति नेपाल कम्युनिस्ट पार्टी र नेपाली काङ्ग्रेस जस्ता राजनीतिक दलको स्थापना भएको थियो । २००३ साल माघ १२ गते स्थापना भएको नेपाल राष्ट्रिय काङ्ग्रेस र २००५ साल पुस १६ गते स्थापना भएको नेपाल प्रजातन्त्र काङ्ग्रेस दुबैले २००६ साल चैत २७-२९ गतेका दिन कलकत्तामा एकता महाधिवेशन गरी दुबै दल मिली नेपाली काङ्ग्रेसको निर्माण गरेका थिए (नेपाली काङ्ग्रेसः ऐतिहासिक दस्तावेजहरू, २०७८, पृ. २-२६) । यसरी दुई काङ्ग्रेस मिली नेपाली काङ्ग्रेसको निर्माण भएको थियो । नेपाली काङ्ग्रेसकै अगुवाइ र नेतृत्वमा राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका निम्ति राजनीतिक सङ्घर्ष भएको थियो ।

नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका निमित्त नेपाल कम्युनिस्ट पार्टीले पनि राजनीतिक सङ्घर्षमा भाग लिएको थियो तर आफ्नो कम्युनिस्ट पार्टीको झन्डा, ब्यानर र नेतृत्वमा नभई नेपाली काङ्ग्रेसका नेतृत्वमा सहभागी भएको थियो (Pokhrel, 2007) । उक्त राजनीतिक सङ्घर्ष २००७ साल माघ २९ मा भारत सरकारको मध्यस्थतामा राज त्रिभुवन, राणा सरकारका प्रतिनिधि र नेपाली काङ्ग्रेसका प्रतिनिधिबिच भारतको दिल्लीमा ‘दिल्ली सम्झौता’ भएपछि नेपालमा राणाशासन सदाका लागि अन्त्य भएको थियो (गौतम, २०७७ : पृ. ४१८) । ‘दिल्ली सम्झौता’ पछि नेपालमा १०४ वर्ष लामो समयसम्म शासन गरेको राणाशासनको अन्त्य भएको थियो । यस ‘दिल्ली सम्झौता’ पछि मातृकाप्रसाद कोइरालाका निर्देशनमा नेपाली काङ्ग्रेसको नेनृत्वमा भएको राजनीतिक सङ्घर्ष अन्त्य भएको थियो (पंगेनी, २००५ (२०६१), पृ. ५७-६०) । नेपाली काङ्ग्रेसले ‘दिल्ली सम्झौता’ सँगै आफ्नो नेतृत्वमा सञ्चालन भएको राजनीतिक सङ्घर्ष अन्त्य गरेको थियो तर नेपाल कम्युनिस्ट पार्टीले ‘दिल्ली सम्झौता’ लाई “धोका हो” भनेको थियो (Pokhrel, 2007)। नेपाल कम्युनिस्ट पाटीले ‘दिल्ली सम्झौता’ स्वीकारेको थिएन र राजनीतिक सङ्घर्षलाई निरन्तरता नै दिइरहेको थियो ।

राजा त्रिभुवन सपरिवार २००७ साल फागुन ४ गते दिल्लीबाट काठमाडौं आइपुगेपछि २००७ साल फागुन ७ गते राजा त्रिभुवनले नेपालमा राणाशासनको अन्त्य भएको र अब उप्राप्त जनताले निर्वाचन गरेको संविधानसभाबाट प्रजातान्त्रिक संविधानको निर्माण गरी मुलुकको शासन व्यवस्था सञ्चालन गरिनेछ भनी घोषणा गरेका थिए (खनाल, २०८०, पृ. २२२) । उनको यस घोषणासँगै नेपाली राजनीतिमा प्रजातन्त्र मुख्य राजनीतिक सिद्धान्तका रूपमा र संविधानसभा राजनीतिक कार्यक्रमका रूपमा उद्‌भव र स्थापित हुन पुगेका थिए । यसपछि नै नेपालका राजनीतिक दलका राजनीतिक कार्यक्रमको एउटा एजेन्डा संविधानसभा बन्न पुगेको थियो । स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टी र विभाजनपछिका अन्य कम्युनिस्ट पार्टीले

संविधानसभालाई प्रमुख राजनीतिक एजेन्डा बनाएका थिए। नेपाली काङ्ग्रेसको २००७ सालको राजनीतिक परिवर्तनपछि २००८ सालमा 'नेपाली काङ्ग्रेसका लागि लोकतान्त्रिक समाजवादी घोषणापत्र २००८' शीर्षकमा घोषणापत्र जारी गरेको थियो। उक्त घोषणापत्रमा आफ्नो लक्ष्य "पुरानो सामन्तवादी प्रथालाई समूल नष्ट गरी धर्म, जाति, वर्ण, लिङ्ग निरपेक्ष युगानुकूल लोकतान्त्रिक समाजवादी व्यवस्थामा पुग्नु हो" भनेको थियो (नेपाली काङ्ग्रेस : ऐतिहासिक दस्तावेजहरू, २०७८, पृ. ५१)। उक्त घोषणापत्र जारी गर्दा आफ्नो लक्ष्य "लोकतान्त्रिक समाजवादी व्यवस्थामा पुग्नु हो" भनी प्रस्ट पार्नुले नेपाली काङ्ग्रेसमा पनि समाजवादी विचारधाराको प्रभाव थियो र यो पार्टी पनि समाजवादी विचारकै प्रभावबाट स्थापित भएको थियो भनी प्रस्टै भन्न सकिन्छ।

नेपाली काङ्ग्रेसले २०१२ सालमा वीरगञ्जमा सम्पन्न छैटौँ राष्ट्रिय महावेशनबाट पारित 'प्रजातान्त्रिक समाजवादी घोषणापत्र' मा पनि आफ्नो लक्ष्य "समाजवादी समाजको निर्माण गर्नु हो" भनी प्रस्ट पारेको थियो। उक्त घोषणापत्रमा राजनीतिक प्रणालीमा "वैधानिक राजतन्त्रअन्तर्गत प्रजातान्त्रिक समाजवादको स्थापना गर्नु" हो भनी आफ्नो लक्ष्य प्रस्ट पारेको थियो (नेपाली काङ्ग्रेस : ऐतिहासिक दस्तावेजहरू, २०७८, पृ. ८८-९४)। नेपाली काङ्ग्रेसले घोषणापत्रमा आफ्नो लक्ष्य "समाजवादको स्थापना हो" भन्नु समाजवादी विचारधाराको प्रभाव नै हो तर उक्त समाजवादी विचारधारा मार्क्सवादी दर्शनअन्तर्गतको वैज्ञानिक समाजवादी प्रारूपको विचारधारा नभई प्रजातान्त्रिक समाजवादी प्रारूपको विचारधारा हो।

रूसमा लेनिनले क्रान्तिकारी मार्क्सवादी धाराको बाटो समाती वैज्ञानिक समाजवादी विचारधारालाई आत्मसात् गरेर समाजवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र सोभियत युनियनको स्थापना गरेपछि उनको यस क्रान्तिकारी धारासँग विमति राख्दै विकासवादी धाराअन्तर्गत एडवर्ड बर्नास्टिनले 'विकासवादी समाजवाद' नामको पुस्तक लेखी विश्व राजनीतिमा 'विकासवादी समाजवादी' विचारधारको प्रतिपादन गर्न पुगेका थिए। यस विकासवादी धाराअन्तर्गतको 'विकासवादी समाजवादी' विचारधाराको लेनिन, रोजा लक्जेम्वर्ग, ट्राटस्कीलगायतका समाजवादी विचारकहरूले विरोध गरेका थिए (Nove, 1991, pp 64-66)। बर्नास्टिनले 'विकासवादी समाजवादी' विचारधारको प्रतिपादन गरेपछि विश्व राजनीतिमा क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको वैज्ञानिक समाजवादी विचारधारा र विकासवादी सामजवादी धाराअन्तर्गतको विकासवादी समाजवादी विचारधारा मूल अस्तित्वमा आएका थिए। विकासवादी समाजवादी धारा कालान्तरमा गएर प्रजातान्त्रिक समाजवादी विचारधारामा परिणत भएको थियो। नेपाली काङ्ग्रेसले अनुसरण, अवलम्बन र अङ्गीकार गरेको प्रजातान्त्रिक समाजवादी विचारधारा नै यही हो। नेपाली राजनीतिमा नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादी विचारधारा र नेपाली

काङ्ग्रेसले प्रजातान्त्रिक समाजवादी विचारधारा भित्र्याएका थिए। नेपाली राजनीतिमा दुबै प्रारूपका समाजवादी विचारधारा अस्तित्वमा आउनुलाई दुबै प्रारूपको समाजवादी विचारधाराले नेपाली राजनीतिलाई प्रभाव पारेको छ भनी बुझ्नुपर्दछ तर यो शोधप्रबन्ध मार्क्सवादी दर्शनअन्तर्गतको वैज्ञानिक समाजवादी विचारधारालाई सैद्धान्तिक, आधार बनाई तयार पारिएको हुँदा यस शोधप्रबन्धमा नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेसले अनुसरण गरेको प्रजातान्त्रिक समाजवादी विचारधारालाई समाविष्ट गरिएको छैन ।

राजा त्रिभुवनले दिल्लीबाट फर्केपछि संविधानसभाबाट निर्माण भएको प्रजातान्त्रिक संविधानबाट मुलुकको शासन व्यवस्था सञ्चालन गर्ने भनी घोषणा गरेपछि बनेको पहिलो नेपालको अन्तरिम शासन विधान, २००७ को प्रस्तावनामै त्रिभुवनको घोषणाअनुसार अबदेखि जनताको शासन जनताद्वारा नै निर्वाचित संविधानसभाले निर्माण गरेको संविधानअनुसार हुनेछ भनी उल्लेख गरिएको थियो (नेपालको अन्तरिम शासन विधान, २००७, २००७, पृ. १) । नेपालको अन्तरिम शासन विधान, २००७ मै संविधानसभाको निर्वाचनबाट गठित संविधानसरभाबाट संविधान निर्माण गर्ने भनी उल्लेख गरेपछि नेपाली राजनीतिमा संविधानसभा र संविधानसभाको निर्वाचनले औपचारिक र वैधानिक रूपमै प्रवेश पाएको थियो । यसपछि नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीले संविधानसभा र संविधानसाको निर्वाचनलाई आफ्नो राजनीतिक एजेन्डाका रूपमा अगाडि सारेका थिए ।

राजा त्रिभुवनको मृत्युपछि संविधानसभाको निर्वाचन ओझेलमा परेको थियो। राजा महेन्द्रलाई संविधानसभाको निर्वाचन गराउने मनै थिएन । यसपछि संविधानसभाको निर्वाचन कि संसदीय निर्वाचन गराउने भन्ने दुई कुरा आएपछि राजा महेन्द्रले २०१५ सालमा संविधानसभालाई छाडेर संसदीय निर्वाचन गराएका थिए । नेपाली काङ्ग्रेसले २००७ सालको परिवर्तनपछि संविधानसभालाई राजनीतिक एजेन्डाका रूपमा अघि सारे पनि २०१५ सालको संसदीय निर्वाचनमा नै सहभागी भएपछि संविधानसभाको निर्वाचन र संविधानसभाको एजेन्डालाई छोडेको थियो (सम्वाहाङफे, २०७५, पृ. ४०-४५)। २०१५ सालको ससदीय निर्वाचनपछि नेपाली काङ्ग्रेसले संविधानसभाको आफ्नो राजनीतिक एजेन्डा छाडेको थियो र उक्त संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेस दुई तिहाई मत ल्याउँदै नेपालको ठूलो राजनीतिक दल बन्न र सरकार गठन गर्न सफल भएको थियो ।

स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टीले पटक-पटक संविधानसभाको निर्वाचनलाई नै जोड दिएको थियो तर राजा महेन्द्रले संविधानसभाको निर्वाचन कि संसदीय निर्वाचन भनेर बहस चलाएपछि यस पार्टीभित्र पुष्पलाल समूहले संविधानसभाको निर्वाचनका पक्षमा उभिएर आवाज

उठाएको थियो तर रायमाझी समूहले भने संसदीय निर्वाचन भन्दै राजा महेन्द्रलाई समर्थन गर्न पुगेको थियो र संसदीय निर्वाचनका पक्षमा उभिएको नेपाल कम्युनिस्ट पार्टी पनि २०१५ सालको संसदीय निर्वाचनमा सहभागी भएको थियो (सम्वाहाङफे, २०७५, पृ. ३५-४०)। स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टीमा पनि संविधानसभाको निर्वाचन कि संसदीय निर्वाचन भनी बहस चल्दा रायमाझी समूह संसदीय निर्वाचनका पक्षमा उभिएपछि पार्टी २०१५ सालको आम निर्वाचनमा सहभागी हुन पुगेको थियो । स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टीमा व्यापक वैचारिक मतभेद, नेतृत्वमा हानाथाप र व्यक्तिगत स्वार्थ र टकरावका कारण विभाजनको शृङ्खला सुरु भएको थियो (Pokhrel, 2007)। स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टीमा विभाजन सुरु भएपछि नेपालमा दर्जनौं कम्युनिस्ट पार्टी अस्तित्वमा आएका थिए ।

संविधानसभाको निर्वाचन नगराई संसदीय निर्वाचन गराएका राजा महेन्द्रले उक्त निर्वाचनको मतपरिणामअनुसार बनेको नेपाली काङ्ग्रेसका नेता बी.पी. कोइराला नेतृत्वको सरकारलाई अपदस्थ गर्दै २०१७ साल पुस १ गते निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरेका थिए । उनले जननिर्वाचित सरकारलाई अपदस्थ गरी पञ्चायती व्यवस्था स्थापना गरेपछि नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीलगायतका राजनीतिक दलमाथि प्रतिबन्ध लगाएर निर्दलीय चरित्रको पञ्चायती व्यवस्थाको स्थापना गरेपछि यसका विरूद्ध नेपाली काङ्ग्रेस, नेपाल कम्युनिस्ट पार्टीलगायतका दलहरू निर्दलीय पञ्चायती व्यवस्थाका विरूद्ध राजनीतिक सङ्घर्षमा होमिन पुगेका थिए । राजनीतिक सङ्घर्षका क्रममा संविधानसभाको निर्वाचनलाई राजनीतिक एजेन्डा नबनाई प्रतिनिधिसभाको पुनर्स्थापनालाई प्रमुख राजनीतिक एजेन्डा बनाएका थिए । नेपाली काङ्ग्रेसले प्रतिनिधिसभाको पुनर्स्थापनालाई राजनीतिक एजेन्डा बनाएको थियो भने विभिन्न कम्युनिस्ट घटकहरूमध्ये केहीले प्रतिनिधिसभाको पुनर्स्थापना त केहीले संविधानसभाको निर्वाचनलाई नै प्रमुख राजनीतिक एजेन्डा बनाएका थिए ।

स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टीको झापा जिल्ला समितिले केन्द्रीय समितिसँग विद्रोह र सम्बन्ध विच्छेद गरी २०२८ सालमा झापा विद्रोह गरेको थियो । पछि यस झापा जिल्ला समिति केन्द्रीय कोअर्डिनेसन समिति हुँदै नेकपा (माले) बन्न पुगेको थियो । यस नेकपा (माले) को ९-१४ भदौ, २०४६ सालको चौथो राष्ट्रिय महाधिवेशनले संविधानसभाको निर्वाचनलाई आफ्नो कार्यक्रममा समेटेको थियो (नेकपा (माले), २०४६, पृ. १५) । पछि यसै पार्टी नेकपा (एमाले) मा परिणत भएपछि संविधानसभाको एजेन्डा छाडी २०४६ सालको संयुक्त जनआन्दोनलमा भाग लिँदै यस जनआन्दोनलका जगमा निर्दलीय पञ्चायती व्यवस्था ढली बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनर्स्थापित भएपछि २०४७ सालको संसदीय निर्वाचनमा भाग लिन पुगेको थियो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाली नागरिक र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत मानेको थियो अनि नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक, राजनैतिक एवम् आर्थिक न्याय प्राप्त होस् भन्ने उद्देश्य लिएको थियो र केही समानताको हक, स्वतन्त्रताको हक र शोषण विरूद्धको हकजस्ता केही हक, अधिकारहरू सुनिश्चित गरेको थियो (नेपाल अधिराज्यको संविधान, २०४७, २०४७, पृ. १-७) । यस संविधानले जनतालाई यस्ता हक अधिकार सुनिश्चित गरे पनि यस संविधानमा समाजवादसँग मिल्दाजुल्दा कार्यक्रम, अधिकार आदि सुनिश्चित गरिएको थिएन तथापि यस संविधान नेपाली संवैधानिक इतिहासका अघिल्ला सबैभन्दा र पछिल्ला (नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधान बाहेक) प्रगतिशील संविधान हो भन्न सकिन्छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि पुनर्स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्था जनअपेक्षाअनुसार अगाडि बढ्न सकेको थिएन । नेपाली संसदीय व्यवस्था सबैभन्दा कुरूप रूपमा परिणत हुँदै गएपछि र संसदीय व्यवस्थालाई स्वीकारेका तथा आत्मसात् गरेका मूलधारका राजनीतिक दलहरूमा मूल्य, मान्यता, नैतिकता र आदर्श हराउँदै गएका, सबै दलहरू सरकार बनाउने र ढाल्ने खेल (सांसद् किनबेचसमेत गर्ने) मै मग्न भएका, सुरासुन्दरीकाण्ड, प्राडो, पजेरोकान्डमा मग्न भएका र युवा तथा दक्ष जनशक्तिलाई विदेश पलायन गराउन लागिपरेका जस्ता विविध कारणले गर्दा जनतामा वितृष्णा छाएपछि नेकपा (माओवादी) को नेतृत्वमा २०५१ साल फागुन १ गतेदेखि जनयुद्ध सुरु भएको थियो (Pokhrel, 2007)। संसदीय व्यवस्थाका कुरूप र विकृत रूपका कारण नेपाली जनतामा वितृष्णा बढेपछि नेकपा (माओवादी) ले जनयुद्ध गरेको थियो ।

नेकपा (माओवादी) ले जनयुद्ध गरेको पाँच वर्षपछि २०५७ सालमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनपछि आफ्नो समग्र राजनीतिक परिस्थिति र जनयुद्धको पाँच वर्षको अनुभवलाई समीक्षा गरी समग्र विचारलाई संश्लेषण गर्दै नयाँ राजनैतिक तथा रणनीतिक कार्यदिशा र राजनीतिक कार्यक्रम 'प्रचण्ड-पथवाद' का रूपमा नयाँ राजनीतिक कार्यक्रम पारित गरेको थियो । उक्त कार्यक्रममा 'गोलमेच सम्मेलन', 'अन्तरिम सरकार' र 'संविधानसभाको निर्वाचन' जस्ता कार्यनीतिक राजनीतिक एजेन्डा प्रस्तुत गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. २६-२७) । यस राष्ट्रिय सम्मेलनपछि नेकपा (माओवादी) ले औपचारिक रूपमा 'संविधानसभाको निर्वाचन' लाई आफ्नो राजनीतिक एजेन्डा बनाएको थियो । यसपछि २०५८ सालको पहिलो शान्तिवार्तामा नेकपा (माओवादी) ले 'संविधानसभाको निर्वाचन' लाई आफ्नो केन्द्रीय मागका रूपमा प्रस्तुत

गरेको थियो (नेकपा (माओवादी), २०६४, पृ. १०) । यसपछि नेकपा (माओवादी) ले शान्तिपूर्ण राजनीतिमा प्रवेश गर्नका निम्ति 'संविधानसभाको निर्वाचन' लाई आफ्नो प्रमुख एजेन्डा बनाएको थियो  तर उक्त माग पूरा नभएपछि शान्तिवार्ता भङ्ग भएको थियो ।

नेकपा (माओवादी) को २०६० सालमा सम्पन्न केन्द्रीय समितिको बैठकले 'इतिहासको अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे' शीर्षकको राजनीतिक प्रतिवेदन पारित गरेको थियो । उक्त दस्तावेजमा 'संविधानसभाको निर्वाचन' मा पार्टीलाई भाग लिन र अन्य राजनीतिक दलसँग प्रतिस्पर्धा गर्न आत्मविश्वास प्रदान गरेको उल्लेख गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. २७-२८) । नेकपा (माओवादी) को 'इतिहासको अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे' राजनीतिक प्रतिवेदनमा पनि संविधानसभाको निर्वाचनलाई प्रमुख एजेन्डाका रूपमा प्रस्तुत गरिएको थियो। नेकपा (माओवादी) ले २०६० सालको दोस्रो शान्तिवार्तामा पनि संविधानसभाको निर्वाचनलाई नै प्रमुख मागका रूपमा प्रस्तुत गरेको थियो (नेकपा (माओवादी), २०६४, पृ. ११) । नेकपा (माओवादी) ले दोस्रो शान्तिवार्तामा पनि संविधानसभाको निर्वाचनलाई नै प्रमुख माग बनाई आफ्नो शान्तिपूर्ण राजनीति प्रवेशका लागि उक्त मागलाई प्रमुख आधार बनाएको थियो तर त्यो शान्तिवार्ता पनि सफल नभई भङ्ग भएको थियो ।

नेकपा (माओवादी) को चुनवाङ बैठकले पार्टीको संविधानसभाको निर्वाचनको कार्यनीतिका आधारमा अन्य संसद्वादी राजनीतिक दलहरूसँग कार्यगत एकता गरी आन्दोलनलाई नयाँ उचाइमा पुऱ्याउन ढोका खोलिदिएको थियो । यसैका जगमा अन्य संसद्वादी सात राजनीतिक दलहरूसँग नेकपा (माओवादी) ले १२ बुँदे समझदारी गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ.२९) । नेकपा (माओवादी) को चुनवाङ बैठकले पार्टीको संविधानसभाको निर्वाचनको एजेन्डाका आधारमा आन्दोलनरत संसद्वादी सात राजनीतिक दलसँग कार्यगत एकता गर्ने बाटो खोलिदिएपछि नेकपा (माओवादी) र आन्दोलनरत संसद्वादी सात राजनीतिक दलबिच १२ बुँदे सहमति भएको थियो। उक्त सहमतिको दोस्रो बुँदामा आन्दोनलको बलमा विघटित संसद्को पुनर्स्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकारको गठन गरी नेकपा (माओवादी) सँग वार्ता गरी सहमतिका आधारमा संविधानसभाको निर्वाचन गर्ने भनी उल्लेख गरिएको थियो (नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयः २०६९) । नेकपा (माओवादी) र संसद्वादी सात राजनीतिक दलबिच संविधानसभाको निर्वाचन गर्ने भनी १२ बुँदे सहमति भएपछि संविधानसभाको निर्वाचन संसद्वादी सात राजनीतिक दलको पनि राजनीतिक एजेन्डा बन्न पुगेको थियो ।

यस किसिमको सहमतिसँगै संसद्वादी सात राजनीतिक दलको नेतृत्वमा भएको १९ दिने संयुक्त जनआन्दोलन सफल भएको थियो र त्यसैका जगमा विघटित संसद्को पुनर्स्थापना, अन्तरिम सरकारको गठन र अन्तरिम संविधानको निर्माण भएको थियो (एनेकपा (माओवादी), २०६९, पृ. २९)। नेकपा (माओवादी) र संसद्वादी सात राजनीतिक दलबिच भएको १२ बुँदे सहमतिपछि संसद्वादी सात राजनीतिक दलको नेतृत्वमा १९ दिने संयुक्त जनआन्दोलन सफल भएको थियो र विघटित संसद्को पुनर्स्थापना, अन्तरिम सरकारको गठन र अन्तरिम संविधान-२०६३ को निर्माण भएको थियो। यसपछि नेपाल सरकार र नेकपा (माओवादी) बिच २०६३ सालमा तेस्रो शान्तिवार्तामा संविधानसभाको निर्वाचन गर्ने सहमति भएपछि शान्तिवार्ता सफल भएको र बृहत् शान्तिसम्झौता सम्पन्न भएको थियो (नेकपा (माओवादी), २०६४, पृ. ११)। नेकपा (माओवादी) र नेपाल सरकारबिच सम्पन्न भएको उक्त शान्तिवार्ता र शान्तिसम्झौताले नेपालमा संविधानसभाको निर्वाचन गर्ने आधार निर्माण गरेको थियो।

नेपालको अन्तरिम संविधान, २०६३ मा पटक-पटकका ऐतिहासिक राजनीतिक सङ्घर्ष, जनआन्दोलनको जनादेशलाई सम्मान गर्दै नेपाली जनताले आफ्नो संविधान आफैंले बनाउन पाउने संविधानसभाको निर्वाचन गराउने भनी उल्लेख गरेको थियो। यस संविधानमा नेपाली जनतालाई सार्वभौमसत्ता र राजकीय सत्ता सम्पन्न भनी उल्लेख गरिएको थियो (नेपालको अन्तरिम संविधान, २०६३, २०६३)। अन्तरिम संविधानमै संविधानसभाको निर्वाचन गर्ने भनी उल्लेख भएपछि संविधानसभा राज्यकै प्रमुख राजनीतिक एजेन्डा र कार्य बन्न पुगेको थियो। यसै अनुरूप २०६४ साल चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ३४८)। संविधानसभाको निर्वाचन भएपछि नेपाली राजनीतिको इतिहासमै पहिलो पटक संविधानसभाको निर्वाचनको अभ्यास भएको थियो। पहिलो संविधानसभाको निर्वाचनपछि गठित संविधानसभाले विविध कारणवश संविधान निर्माण गर्न नसकेपछि २०६९ साल जेठ १४ गते पहिलो संविधानसभा विघटन भएको थियो र दोस्रो संविधानसभाको निर्वाचन २०७० साल मंसिर ४ गते सम्पन्न भएको थियो (निर्वाचन आयोग, २०७०, पृ. १)। पहिलो संविानसभाबाट संविधान निर्माण हुन नसकेपछि पुनः दोस्रो संविधानसभाको निर्वाचन हुनु नेपाली राजनीतिमा संविधानसभाप्रति विश्वास हुनु र यसलाई राम्रोसँग अभ्यास गर्नु नै थियो।

दोस्रो संविधानसभाको निर्वाचनबाट गठित संविधानसभाले २०७२ साल असोज ३ गते नयाँ संविधान जारी गरेको थियो (खनाल २०७८, पृ. ११०-११)। दोस्रो संविधानसभाले जारी गरेको नेपालको संविधान संविधानसभाबाट बनेको नेपालको संवैधानिक इतिहासकै पहिलो संविधान थियो। यो नेपालका लागि पहिलो अनुभव र अभ्यास थियो जुन संविधान आजसम्म पनि लागू छ। उक्त नेपालको संविधानको प्रस्तावनामा 'समाजवादप्रति प्रतिवद्ध' र भाग-४ को राज्यका

निर्देशक सिद्धान्त नीति तथा दायित्वको धारा ५० को उपधारा ३ मा 'समाजवाद उन्मुख' शब्द लेखिएको छ (नेपालको संविधान, २०७२, पृ. १-२१)। नेपालको संविधानमा 'समाजवादप्रति प्रतिवद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिएपछि नेपालको संवैधानिक इतिहासमै पहिलो पटक समाजवादी विचारधाराले वैधानिकता पाएको थियो तर संविधानमा 'समाजवाद' शब्द लेखिए पनि यसका प्रारूप, प्रक्रिया र कार्यान्वयनका पाटामा भने यो संविधान मौन बसेको छ।

जेजस्तो भए पनि संविधानमा 'समाजवाद' शब्द लेखिनु नेपाली राजनीतिमा यस शब्दले वैधता प्राप्त गर्नु नै हो। नेपाली कम्युनिस्ट राजनीतिले स्वामित्व ग्रहण गरेको 'समाजवादी' शब्द र 'समाजवादी विचरधारा' लामो समयको अन्तरालपछि लगभग ६४/६५ वर्षपछि नेपाली राजनीति र नेपालको मूल कानुन संविधानले पनि 'समाजवाद' शब्द र 'समाजवादी विचारधारा' लाई स्वामित्व ग्रहण गर्नु ज्यादै खुसीको कुरा र गौरवको क्षण हो। यसै र यिनै तथ्यका आधारमा 'नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव' शीर्षकको प्रस्तुत शोधप्रबन्धमा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवको आधार के हो र कसरी भयो ? नेपाली कम्युनिस्ट राजनीतिले समाजवादी विचारको विकास कसरी हुन गएको छ ? र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव कस्तो अवस्थामा छ ? जस्ता तीनवटा अनुसन्धानात्मक प्रश्नलाई आधार मानी अध्ययन गरिएको छ।

## १.२ शोधको समस्या

विश्व राजनीतिमा समाजवादी विचारको उद्भव भएको लगभग २०० वर्ष पुग्नै लाग्दा नेपाली राजनीतिमा भने समाजवादी विचारको उद्भव भएको लगभग ७५ वर्ष मात्रै पुग्दै छ र नेपालमा समाजवादी विचारको प्रादुर्भावका विषयमा अध्ययन भए तापनि अनुसन्धान निकै फितलो देखिन्छ। नेपालमा प्रायःजसो राजनीतिक दलहरूले समाजवादी विचारको पक्षपोषण गरेका छन् तर यसको प्रभावकारी कार्यान्वयन र गन्तव्य के हो स्पष्ट किटान हुन जरूरी छ। समाजवादी विचारका क्षेत्रमा अध्ययन गर्नका लागि समाजवादकै विषयमा प्रचुर मात्रामा बहस न कुनै राजनीतिक दस्तावेजमा पाइन्छ न त कुनै प्राज्ञिक लेखनमा। प्राज्ञिक लेखनका क्षेत्रमा सुरेन्द्र के. सी. बाट 'नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास', राजकुमार पोखरेलबाट 'A journey of the communist of Nepal twenty three years history of the CPN-UML)' र रामकृष्ण तिवारीबाट 'नेपाली राजनीतिमा माओवादी जनयुद्धको प्रभाव' शीर्षकमा अध्ययन/अनुसन्धान गरिएको भए पनि यी कार्यहरू विचारधारात्मक रूपमा समाजवादी नभएर नेपालका कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन तथा तिनीहरूभित्रका आन्तरिक राजनीतिमा मात्र अध्ययन भएको छ। नेपाली कम्युनिस्ट राजनीतिभित्र समाजवाद र समाजवादी अवधारणाका विषयमा धेरै चर्चा

भएको छैन । शब्दमा समाजवाद र समाजवादीको प्रयोग व्यापक रूपमा भएको भए पनि नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले तयार पारेको राजनीतिक आधार, तिनीहरूभित्र समाजवादी विचारले राखेको महत्त्व, समाजवादतर्फको प्रस्थानविन्दु, समाजवादी विचारको प्रभावको चर्चा र प्रयोग आदि जस्ता विषयमा अध्ययन/अनुसन्धान गरेको पाइएको छैन । सैद्धान्तिक रूपमा नेपालका कम्युनिस्ट पार्टीका बारेमा मात्र अध्ययन/अनुसन्धान भए पनि नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा भने अध्ययन/अनुसन्धान हुन बाँकी रहेको रिक्तताको अवस्थाका आधारमा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको परिधिभित्र समाजवादी विचारको उद्भव, विकास र प्रभावलाई यस अध्ययनमा समावेश गरिएको छ । त्यसैका आधारमा निम्नानुसार शोध प्रश्नहरूको निर्माण गरिएको छ :

यस शोधप्रबन्ध तयार पार्दा निम्न अनुसन्धानात्मक प्रश्नहरूलाई आधार मानिएको छ :

१. नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवको आधार के हो र कसरी भयो ?

२. नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकास कसरी हुन गएको छ ?

३. नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव कस्तो अवस्थामा छ ?

## १.३ शोधको उद्देश्य

यस शोधको अध्ययनकम उद्देश्यहरू निम्न छन् :

१. नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवको आधारको अध्ययन गर्ने ।

२. नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकासका कारणहरूको समीक्षा गर्ने ।

३. नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको परिणामको विश्लेषण गर्ने ।

## १.४ शोधको औचित्य/महत्त्व

मार्क्स र एङ्गेल्सले १९०५ सालमा 'कम्युनिस्ट लिग' का लागि 'कम्युनिस्ट घोषणापत्र' लेखेपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी विचारधारा र कम्युनिस्ट राजनीतिको उद्भव र विकास हुन पुगेको थियो । मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादी विचारधारा र कम्युनिस्ट राजनीतिको उद्भव गराएपछि विश्व राजनीति नै प्रभावित हुन पुगेको थियो । यसै प्रभावस्वरूप विश्वमा ठूला-ठूला राजनीतिक सङ्घर्ष र क्रान्ति भए । जुन सङ्घर्ष र क्रान्तिले विश्व राजनीतिको

कोर्स नै परिवर्तन गरेको थियो र विश्व राजनीतिलाई नयाँ आयाम थपेको थियो । यसै प्रभावस्वरूप रूसमा लेनिनले १९७४ सालमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी शासन व्यवस्था र विश्व समाजवादी शासन व्यवस्थाको छाता सङ्गठन सोभियत युनियनको गठन गरेका थिए भने चीनमा माओले २००६ साल असोज १५ गतेमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गरेका थिए । यी दुई क्रान्तिको प्रभाव विश्व राजनीतिमा झन् गहिरो ढङ्गले परेको थियो । यी क्रान्तिका प्रभावले नेपालमा पनि २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । नेपालमा कम्युनिस्ट पार्टीको स्थापनासँगै कम्युनिस्ट राजनीति र वैज्ञानिक समाजवादी विचारधाराको उद्भव र विकास हुन पुगेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको लक्ष्य स्थापना कालदेखि नै जनवादी क्रान्ति सम्पन्न गरी जनवादी नेपालको गठन गर्दै समाजवादी क्रान्तिमा अघि बढ्ने र समाजवादको स्थापना गर्ने भन्ने थियो । कम्युनिस्ट पार्टीले आफ्नो लक्ष्य पूरा गर्ने राजनीतिक सङ्घर्षको कार्यक्रम तय गरी गतिविधि अगाडि बढाउने क्रममा वैचारिक मतभेद र द्वन्द्वको सिर्जना भएपछि कम्युनिस्ट पार्टीमा विभाजनको शृङ्खला सुरु भएको थियो र यससँगै नेपाली राजनीतिमा थुप्रै कम्युनिस्ट पार्टीहरू अस्तित्वमा आएका थिए । अस्तित्वमा आएका विविध कम्युनिस्ट पार्टीमध्ये अहिले नेपाली राजनीतिमा मूल धारको राजनीति गर्ने र संसदीय बाटो समाती आफ्नो नेतृत्वमा पटक पटक सरकार गठन गर्ने नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले पनि आफ्नो लक्ष्य नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने र यसैका जगमा समाजवादी क्रान्ति सम्पन्न गर्दै समाजवादको स्थापना गरी साम्यवादसम्मको यात्रा तय गर्ने लिएका छन् ।

यद्यपि उनीहरू पटक पटक संसदीय आम निर्वाचनमा निर्वाचित भई दुई ठूला कम्युनिस्ट पार्टीका रूपमा सरकार गठन गर्छन् र सरकारको नेतृत्व गर्छन् तर उनीहरूको नेतृत्वमा गठन भएका सरकारले ल्याएका नीति तथा कार्यक्रममा समाजवादी कार्यक्रम नै पार्दैन, निर्वाचनका बेला जनताका सामु गरेका प्रतिबद्धता र बोलकबोल पूरा गर्दैनन् र बुर्जुवा पुँजीवादी चरित्रकै सरकार सञ्चालन गर्छन् र सरकारबाट फर्केपछि वा सरकार नरहेपछि पुनः समाजवादी विचारधारा, समाजवादी क्रान्ति र समजवादका ठूला ठूला गफ, भाषण र बहस गर्छन् । यस्तो परिस्थितिमा प्रस्तुत शोधप्रबन्धमा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवको आधार के हो र कसरी भयो ?, नेपाली कम्युनिस्ट राजनीतिले समाजवादी विचारको विकासमा किन महत्त्व राख्दछ ? र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव कस्तो छ ? जस्ता अनुसन्धानात्मक प्रश्नलाई आधार बनाई अध्ययन गरिने हुँदा प्रस्तुत शोधप्रबन्धले नेपाली राजनीति र कम्युनिस्ट राजनीतिमा विशेष महत्त्व राख्दछ ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत शोधमा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा मात्रै अध्ययन गरिएको छ। नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावको अध्ययन गर्दा यसमा २०४६ सालदेखि २०७२ सालसम्मको समयावधिको सीमामा रहेर नेपालको कम्युनिस्ट राजनीतिको अध्ययन गरिएको छ। यस शोधप्रबन्धलाई पूरा गर्ने क्रममा मार्क्सवादी दर्शनको तीन सङ्घटक सिद्धान्तमध्येको एक वैज्ञानिक समाजवादी विचारको सैद्धान्तिक आधारमा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावको मत्रै अध्ययन गरिएको छ। नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव नेपाल कम्युनिस्ट पार्टीको स्थापनासँगै भएको हुँदा यस शोधमा समाजवादी विचारको उद्‌भवको अध्ययन गर्दा नेपाल कम्युनिस्ट पार्टीको स्थापना, नेपाल कम्युनिस्ट पार्टीका महाधिवेशनहरू, टुटफुट तथा एकताका शृङ्खलाहरू र नेपाल कम्युनिस्ट पार्टीका राजनीतिक कार्यक्रमहरूका आधारमा समाजवादी विचारलाई हेरिएको छ। यसमा समग्र विश्व राजनीति र समाजवादका कारक तत्त्वहरूको अध्ययन भने गरिएको छैन।

नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकास नेपाल कम्युनिस्ट पार्टीले नयाँ जनवादी कार्यक्रममार्फत गरेको हुँदा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकासको अध्ययन गर्दा नेपाल कम्युनिस्ट पार्टीले अवलम्बन, अनुसरण र अङ्गीकार गरेको नयाँ जनवादी कार्यक्रमको मात्रै अध्ययन गरिएको छ। यसमा पनि नेपालमा धेरै कम्युनिस्ट पार्टीका राजनीतिक कार्यक्रम नयाँ जनवादी कार्यक्रम भए पनि विशेषतः दुई ठूला पार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले अङ्गीकार, अवलम्बन र अनुसरण गरेका नयाँ जनवादी कार्यक्रमको मात्रै अध्ययन गरिएको छ। नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकासको अध्ययनका क्रममा नयाँ जनवादी कार्यक्रमलाई अध्ययन गर्दा यस कार्यक्रममा भएका र समाजवादी विचारको विकासमा भूमिका खेल्ने विविध कारक तत्त्वहरू ( जस्तैः नेपाली समाजको वर्ग विश्लेषण, किसान, मजदुर र सर्वहारावर्गको विश्लेषण, नेपाली राज्यसत्ताको समग्र विश्लेषण) लगायत विविध पक्षको अध्ययन नगरी समाजवादलाई नेपाली कम्युनिस्ट राजनीतिसँग मात्र जोडेर हेर्ने प्रयास गरिएको छ।

नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गर्दा नेपालका दुई ठूला कम्युनिस्ट पार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का चुनावी घोषणापत्र, राजनीतिक कार्यक्रम, यिनले उठाएका नागरिकका मुद्दा र यिनका नेतृत्वमा गठन भएका सरकारका नीति तथा कार्यक्रमलाई मात्रै आधार बनाई अध्ययन गरिएको छ। नेपाली

कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गर्दा यसको राजनैतिक पक्षको मात्रै अध्ययन गरिएको छ । यससँगै जोडिएका यसका विविध पक्ष (जस्तैः आर्थिक, सामाजिक र सांस्कृतिक) को अध्ययन गरिएको छैन । नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गर्ने क्रममा नेपालको कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भव र विकास गराउने नेपाल कम्युनिस्ट पार्टीका पनि विशेषतः दुई ठूला पार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को मात्रै संक्षिप्त अध्ययन गरिएको छ । यिनले अवलम्बन, अनुसरण र अङ्गीकार गरेका राजनीतिक कार्यक्रम एवम् नयाँ जनवादी कार्यक्रमको मात्रै अध्ययन गरिएिको छ। नेपाल कम्युनिस्ट पार्टीका टुटफुट, विभाजन, एकताका लामो शृङ्खला, यी पार्टीका अन्तर्विरोध, अन्तर्सङ्घर्ष, गतिविधि र राजनीतिक सङ्घर्षका बृहदत् इतिहासको अध्ययन गरिएको छैन ।

## १.६ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई निम्न ७ अध्यायमा विभक्त गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा

अध्याय तीन : अनुसन्धानविधि

अध्याय चार : नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवका आधारहरू

अध्याय पाँच : नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकास

अध्याय छ : नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव

अध्याय सात : उपलब्धि र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भनेको पहिले गरिएका अध्ययनको पनि समीक्षात्मक अध्ययन हो जसले अहिले गरिन लागेको विषय र सरोकार राख्ने सन्दर्भसँग मिलाएर नयाँ ज्ञान प्राप्तिको आधार तयार पार्दछ । त्यसैले अनुसन्धानमा पूर्वकार्यका समीक्षाको आवश्यकता महसुस गरिएको छ। अगाडि नै भइसकेका अध्ययन/अनुसन्धानका आलोचनात्मक विश्लेषण गर्न पूर्वकार्यको समीक्षा गरिन्छ । पूर्वकार्यको समीक्षाले आफ्नो अध्ययन/अनुसन्धानको उद्देश्य र रिक्तता पत्ता लगाउन मदत पुग्दछ (Dudovskiy, 2018, pp 18) । पूर्वकार्य समीक्षाका विभिन्न प्रारूपमध्ये सैद्धान्तिक पूर्वकार्यको समीक्षा पनि एक प्रारूप हो (Dudovskiy, 2018, pp 21) । प्रस्तुत शोधप्रबन्धमा पूर्वकार्यको समीक्षा गर्दा सैद्धान्तिक पूर्वकार्यको समीक्षाको प्रारूपलाई नै आधार मानिएको छ ।

एक शताब्दी लामो चलेको बहसका कारण समाजवादी विचारका सम्बन्धमा विश्वका विभिन्न भाषामा प्रशस्तै पुस्तक, लेख, स्तम्भहरू छापिए पनि नेपालमा भने नगन्य मात्रामा छन् । नेपालमा समाजवादसम्बन्धी अनुसन्धान अत्यन्त न्यून भएका छन् । नेपालमा नेपाली समाजवादका सन्दर्भमा लेखिएका पुस्तकहरू कम छन्। यसर्थ यो शोधप्रबन्ध तयार पार्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय लेखक, प्राज्ञ, बुद्धिजीवी र राजनीतिज्ञहरूले लेखेका सामग्रीहरूको अध्ययन गरिएको छ ।

युगको कालखण्डलाई छोट्याउँदै बिसौं शताब्दीको उत्तरार्द्धमा भएको परिवर्तनप्रति समालोचना गर्दै प्रथम विश्वयुद्धदेखि रूसको सोभियत सङ्घको पतनसम्मको समयलाई छोटो अनि बिसौं शताब्दी र फ्रान्सेली क्रान्ति (१८४६ साल) देखि प्रथम विश्वयुद्धसम्मको समयलाई लामो १९ औं शताब्दी भनेर सोभियतकालीन समाजवादको पतन भएपछि यसका नकारात्मक पक्षहरूको बढी चर्चा पनि विद्वान्हरूले गरेका छन् (Hobsbawm, 1935) । विभिन्न कम्युनिस्ट दार्शनिकहरूको समाजवादप्रतिको बुझाइ र व्याख्यालाई अध्ययन गरी सोभियतकालीन समाजवाद र बदलिँदो समाजवादका बारेमा र परिमार्जित साजवादका बारेमा चर्चा गरेका छन् । समयसँगैको परिमार्जित समाजवादलाई अध्ययन गरे पनि भावी समाजवादको स्वरूप र ढाँचाको अध्ययन भने यी लेखकहरूले गरेका छैनन् । विदेशी विद्वान्हरूले गरेका यस्ता अध्ययनमा नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा अध्ययन नगरिएको भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलनको उद्भव र विकासको अध्ययन गर्नका लागि विभिन्न कृतिहरूको सहयोग लिइएको छ ।

मार्क्सले आफ्नो क्रान्तिकारी विचारले एक प्रकारको सामाजिक समानता र वास्तविक स्वतन्त्रताको प्रादुर्भाव हुने समाजवादको विकास हुने अपेक्षा राखेका थिए। मार्क्स आफ्नो क्रान्तिकारी पद्धतिलाई रूढिवादी राष्ट्रवादले जन्माउने निरङ्कुश शासनभन्दा कसरी भिन्न राख्न सकिन्छ भनी बताउन चुकेको भनी अध्ययन गर्दै लेखकले मार्क्सको लोकतान्त्रिक चाहना र आफूले प्रतिपादन गरेको सिद्धान्तभित्रको आन्तरिक यन्त्रका बिचमा तादत्म्य नमिलेको उल्लेख गरेका छन् (Sabine, 1961)। यी लेखकले मार्क्सिज्मले काम गर्ने वर्गको सत्तामा पहुँच स्थापना गर्न र राजनैतिक आत्मज्ञान सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेको विषयमा अध्ययन गरेका छन् तर उनले समाजवादी शासनको भविष्यको स्वरूपका बारेमा आँकलन गरेका छैनन्। यी विदेशी विद्वानले लेखकका यस कृतिमा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी आन्दोलनको उद्भव र नेपाली राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा अध्ययन नगरेका भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलनको उद्भव र विकासको अध्ययन गर्नका लागि यो कृति सहयोगी भएको छ।

माओले युद्धकालीन समयमा लेखेका लेखहरू सङ्गृहीत यस पुस्तकमा माओका युद्धको समयका रचना एवम् लेखहरू सँगालिएका छन्। माओले युद्ध, राजनीति, आर्थिक नीति र साङ्गठनिक रणनीति, गतिविधि र कार्यक्रमहरूका बारेमा लेखेका छन्। माओले आफ्ना लेख र रचनामा तत्कालीन चीनियाँ समाजको सटीक विश्लेषण गरी युद्धलाई अगाडि बढाएको देखिन्छ। माओको यो रचनासङ्ग्रह पढ्दा उनको स्पष्ट दृष्टिकोण र रणनीति बुझ्न सकिन्छ। उनी सक्षम र सबल नेतृत्वकर्ता भएकै कारण चीनमा युद्ध सफल भई जनवादी गणतन्त्र चीनको स्थापना भएको थियो (माओ, १९६६)। माओले नेपाली समाजवादी आन्दोलन र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावका बारेमा अध्ययन नगरेका भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलनको अध्ययन गर्ने क्रममा यस कृतिको सहयोग लिइएको छ।

कालक्रमिक ढङ्गले मार्क्सका विचारहरूको विकासका बारेमा अध्ययन, मार्क्सको राजनीतिक विचारहरूका बारेमा ऐतिहासिक सन्दर्भअनुसारको विचार, मार्क्सको समाजवादप्रतिको दृष्टिकोण र व्याख्याका बारेमा पनि अध्ययन र समाजवादको विभिन्न स्वरूपका बारेमा अध्ययन गरेका छन् (McLellan, 2000)। उनले नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावका बारेमा अध्ययन नगरेका भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्वमा समाजवादी आन्दोलनको उद्भव र विकासको अध्ययन गर्ने क्रममा यो कृति सहयोगी भएको छ।

कम्युनिस्ट मेनिफेस्टो (Communist Manifesto) विश्वमा अर्थ राजनीतिक सिद्धान्तकाबिच व्यावहारिक साधारण मानिसको मानसपटललाई प्रत्यक्ष प्रभाव पार्ने विचारोत्तेजक कृति हो । यसमा विश्वभरका मजदुरलाई प्रत्यक्ष सम्बोधन गर्दै क्रान्ति सफल हुने पुँजीवादको विनाशको बीउ आफैंमा रहेको र सर्वहाराको विजय सुनिश्चित रहेको मार्क्स र एङ्गेल्सले उल्लेख गरेका थिए (Marx & Angels, (2004), [1842])। यो घोषणापत्र संसारमै धेरै पढिएको र धेरै भन्दा धेरै भाषामा अनुवाद गरिएको पुस्तक हो । यस घोषणापत्रमा समाजवादको सिद्धान्त र कार्यक्रमबारे स्पष्ट पारिएको छ । कम्युनिस्ट घोषणापत्रको अध्ययनले समाजवादको सिद्धान्त र कार्यक्रम प्रस्ट बुझिन्छ । यस घोषणापत्रमा वैज्ञानिक समाजवादी विचारको प्रतिपादन गरिएको छ । काल्पनिक समाजवादलाई वैज्ञानिक समाजवादमा मूर्त रूप दिने काम घोषणापत्रमा मार्क्स र एङ्गेल्सले गरेका छन् । यस घोषणापत्रको अध्ययनले समाजवादको सिद्धान्त र कार्यक्रमबारे प्रस्ट बुझिन्छ । विश्व समाजवादी आन्दोलनलाई नेतृत्व र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यो घोषणापत्र विश्व समाजवादी आन्दोलनका लागि वेदसरह नै हो । यस घोषणापत्रमा नेपाली समाजवादी आन्दोलन र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावका बारेमा अध्ययन नगरिए पनि प्रस्तुत शोधप्रबन्धमा विश्वमा समाजवादी आन्दोलनको उद्भवको अध्ययन गर्ने क्रममा कम्युनिस्ट घोषणापत्र सहयोगी भएको छ ।

लेनिनले विभिन्न समयमा लेखेका लेखहरू सङ्गृहीत यस कृतिको अध्ययनले विभिन्न देशको कम्युनिस्ट प्रकृति र कम्युनिस्ट इन्टरनेसनलका बारेमा स्पष्टसँग बुझ्न सकिन्छ (लेनिन, २००४) । लेनिनले नेपाली समाजवादी आन्दोलन र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा नलेखेका र अध्ययन नगरेका भए पनि यो कृति प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलनको उद्भव विकासको अध्ययनका क्रममा उपयोगी सिद्ध भएको छ ।

लेनिनले विभिन्न समयमा लेखेका लेखहरू सङ्गृहीत यस कृतिको अध्ययनले तत्कालीन सोभियन रूसमा क्रान्तिका निमित्त लेनिनले अपनाएको रणनीति र उनको दृष्टिकोण स्पष्टसँग बुझ्न सकिन्छ (लेनिन, २००६) । लेनिनले नेपाली समाजवादी आन्दोलन र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा अध्ययन नगरेका भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलन र उद्भवको विकासको अध्ययन गर्ने क्रममा यो कृति निकै सहयोगी सिद्ध भएको छ ।

फ्रान्सको १९०५ सालको गृहयुद्धका बारेका लेखिएका लेखहरूको सँगालोका रूपमा रहेको कृति मार्क्स लण्डनमा निर्वासित हुँदा १९०६ साल - १९०७ सालतिर लेखिएको हो । मार्क्सले

फेब्रुअरी क्रान्तिभन्दा पलिहेको आर्थिक परिस्थिति र राजनीतिक इतिहासबारेको आफ्नो अनुभव र अध्ययनबाट प्राप्त ज्ञानलाई पस्ष्टसँग प्रस्तुत गरेका छन्। मार्क्सले उद्भव तथा विकास गरेका सर्वहारावर्गको क्रान्ति, क्रान्तिको सिद्धान्त र 'सर्वहारावर्गको अधिनायकत्व' सिद्धान्तका बारेमा र सर्वहारावर्गको अधिनायकत्वको राजनीतिक, आर्थिक तथा विचारधारात्मक कार्यभारहरूका बारेमा लेखेका छन् (मार्क्स, २००६)। यस कृतिको अध्ययनले तत्कालीन समयको फ्रान्सको वर्गसङ्घर्ष, राजनैतिक इतिहास र गृहयुद्धको घटनाक्रम राम्रोसँग बुझ्न सकिन्छ। मार्क्सले नेपाली समाजवादी विचार र आन्दोलनका बारेमा अध्ययन नगरेका-नलेखेका भए पनि यस कृतिको अध्ययनले विश्व समाजवादी आन्दोलन र क्रान्तिलाई स्पष्टसँग बुझ्न सकिन्छ जसले गर्दा प्रस्तुत शोधप्रबन्धमा समाजवादी आन्दोलनको उद्भव र विकासका बारेमा अध्ययन गर्ने क्रममा यो कृति सहयोगी सिद्ध भएको छ।

नेपाल कम्युनिस्ट आन्दोलनको इतिहासका बारेमा अध्ययन गरिएको यस कृतिको परिचय, नेपालमा भएका कम्युनिस्ट आन्दोलनका बारेमा, माले, एमाले पार्टी निर्माण, नेकपा (माले) को वैचारिक द्वन्द्व, सामाजिक-आर्थिक र सांस्कृतिक अवधारणा, २०४७ सालको आन्दोलनमा नेकपा (माले) र नेकपा (एमाले) मा विभक्त गरी अध्ययन गर्दै अन्तिममा निष्कर्ष लेखिएको छ (Pokhrel, 2007)। यस कृतिको अध्ययनले नेपाल कम्युनिस्ट पार्टीको निर्माण, वैचारिक द्वन्द्व र विभाजन, नेकपा (मार्क्सवादी) र नेकपा (माले) को निर्माण, यसको एकीकृत स्वरूप, नेकपा (एमाले) को निर्माण र नेकपा (एमाले) को राजनीतिक विकासमा भूमिका र योगदान तथा कम्युनिस्ट आन्दोनल राम्रोसँग बुझिने हुँदा प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा यस कृतिको पनि अध्ययन गरिएको छ। यस कृतिमा नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली कम्युनिस्ट राजानीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा विस्तृत अध्ययन नगरिएको भए पनि प्रस्तुत शोधप्रबन्धमा समाजवादी आन्दोलनको उद्भव र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावको अध्ययनका क्रममा यस कृतिको सहयोग लिइएको छ।

भारतीय कम्युनिस्ट पार्टीको उद्भव र विकासका बारेमा र यसको सहभागितामा भएको आन्दोलन र आन्दोनलको उपलब्धिका बारेमा अध्ययन गरिएको आलेखमा भारतीय कम्युनिस्ट पार्टीले भारतबाट पाकिस्तान, बङ्गलादेश र श्रीलङ्काको स्वतन्त्रताको अभियानमा खेलेको भूमिका र जातीय एवम् आीर्थक अत्याचारका विरूद्ध खेलेको भूमिका र जातीय एवम् आीर्थक अत्याचारका विरूद्ध आवाज उठाउँदै समाजवादको पक्षमा लिइएको कदमका बारेमा अध्ययन गरिएको छ (Tornquist, 2010)। यस आलेखमा नेपाली समाजवादी आन्दोलन र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा अध्ययन नगरिए पनि प्रस्तुत शोधपत्रमा समाजवादी आन्दोलनको प्रभाव र विस्तारको अध्ययन गर्ने क्रममा यो आलेख सहयोगी भएको छ।

यस कृतिमा लेखकले कार्ल मार्क्सको विचारको विकास र त्यसको असरहरूका बारेमा अध्ययन गरी मार्क्सवाद र मानवताको भविष्य के हुनेछ भन्ने बारेमा विश्लेषण गरेका छन् । 'आजको मार्क्सवाद' शीर्षकमा मार्क्सको पुँजीवादभन्दा समाजवाद कति उच्चतम विचार हो भनी विमर्श गरिएको छ । २० औं शताब्दीको अर्थतन्त्रले विश्वव्यापीकरणमा पारेको प्रभावका बारेमा अध्ययन गर्दै यस कृतिमा काल्पनिक समाजवादलाई मार्क्स र एङ्गेल्सको वैज्ञानिक समाजवादका बारेमा स्पष्ट पार्दै लेखकले रसियन सोभियत कालीन समाजवाद र अन्य देशको समाजको अध्ययन गर्दै विश्वमा समाजवादी क्रान्तिको भविष्य र यसको औचित्यका लागि समाजवादी विचारलाई परिमार्जित गर्दै अगाडि बढ्न सकिन्छ भन्ने अध्ययन गरेका छन् (Hobsbawm. 2011) । लेखकले काल्पनिक समाजवाद र वैज्ञानिक समाजवादको अध्ययन गरे पनि युग सुहाउँदो र समयसँगै परिमार्जित हुँदै जाने समाजवादी विचारको स्वरूपका बारेमा अध्ययन गरेका छैनन् । लेखकले नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा अध्ययन नगरेका भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलनको उद्भव र विकासको अध्ययनका क्रममा यो कृति सहयोगी भएको छ ।

तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डसँग पुस्तकमा २०५८ सालदेखि २०६८ भित्र विभिन्न समयमा लिइएका १८ वटा अन्तर्वार्ताहरू समेटिएका छन् । यसमा संलग्न भएका अन्तर्वार्ताहरूमा नेपाली जनताको सङ्घर्ष र माओवादी नेतृत्वले विभिन्न समयमा अख्तियार गरेका नीतिहरू उल्लेख गरिएका छन् । यो पुस्तक पढेर तत्कालीन नेपाली राजनीति र माओवादी जनयुद्ध, माओवादी कार्यदिशा र राजनीतिक घटनाक्रमहरूबारे प्रस्टसँग बुझिन्छ (वर्मा, २०११) । यस शोधप्रबन्धमा यस पुस्तकबाट नेपालको समाजवादी आन्दोलनमा तत्कालिन माओवादीले खेलेको भूमिका र नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा बुझ्न सकिन्छ तसर्थ यो कृति पनि अध्ययनका लागि निकै सहयोगी सिद्ध हुने देखिएको छ ।

बजार समाजवादका बारेमा अध्ययन गरी राजनीति र अर्थबिचको सम्बन्धबारे विश्लेषण गर्दै वाम पार्टीले क्रान्तिलाई मोड्दै सर्वहारा समाजवादलाई बुर्जुवा समाजवादमा कसरी परिवर्तन गरे भन्ने अध्ययन यस आलेखमा गरिएको छ (Mallick, 2013) । यस आलेखमा नेपाली समाजवादी आन्दोलन र नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावका बारेमा अध्ययन नगरिएको भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलनको बदलिँदो स्वरूपका बारेमा अध्ययन गर्ने क्रममा यो आलेख निकै सहयोगी साबित भएको छ ।

समता र सामाजिक न्यायमा आधीरत नयाँ सामाजिक व्यवस्थाको जन्म र क्रान्तिका रूपमा मार्क्सवादलाई युरोपमा जसरी बुझिन्थ्यो त्यो मार्क्सवाद एसियामा फैलिँदै गर्दा कसरी र कुन रूपमा रूपान्तरित भयो र एसियामा समाजवादी क्रान्तिका नेताहरूले मार्क्सवादलाई कसरी

समय, समाज र परिस्थितिअनुसार प्रयोग गरे भनी अध्ययन गरिएको यस आलेखमा एसियाका विभिन्न मुलुकहरू भारत, चीन, भियतनाम, जापान, कोरिया, इन्डोनेसिया, अरब आदिमा समाजवादलाई उन्नतिका लागि कसरी कुन रूपमा अपनाइयो भन्ने अध्ययन गरिएको छ (Gupta, 2015)। यस आलेखमा विभिन्न मुलुकमा समाजवादलाई आर्थिक उन्नतिका लागि कसरी प्रयोग गरे भन्ने अध्ययन गरिएको भए पनि नेपालका बारेमा भने अध्ययन गरिएको छैन। यस आलेखमा नेपाली समाजवादी आन्दोलन र नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावका बारेमा अध्ययन नगरिए पनि प्रस्तुत शोधप्रबन्धमा समाजवादी आन्दोलनको प्रयोग र विकासको अध्ययनका क्रममा यस आलेखको उपयोग गरिएको छ।

सर्वप्रथम लुइस ब्लान्कले सन् १९०८ सालमा प्रयोग गरेको नारालाई शीर्षकमै राखेर लेखिएको गिलाबर्टको यस लेखमा पुँजी, वस्तु र सेवाको निःशुल्क पहुँच र वितरणलाई गहिरो गरी विश्लेषण गरिएको छ। गिलाबर्टले प्रणालीले उत्पादन गर्ने वस्तु र सेवाको यथेष्ट वितरण गरी सम्पूर्ण उत्पादक शक्तिहरूको पूर्ण विकासमार्फत सबैको आवश्यकता पूरा गर्न सकिन्छ भन्ने तर्क गरेका छन् (Gilabert, (2015)। यस समाजवादी सिद्धान्तले २१ औं शताब्दीमा संसारमा रहेको समाजवादी विचारको विकसित ज्ञान प्राप्त हुने भएकाले यस लेखको अध्ययन गरिएको छ। यस आलेखमा नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा उल्लेख नगरिएको भए पनि प्रस्तुत शोधप्रबन्धमा समाजवादी सिद्धान्तको उद्भव र विकासको अध्ययनका क्रममा यस आलेखको सहयोग लिइएको छ।

पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको स्थापना, नेपाल कम्युनिस्ट आन्दोलनको उद्भव, विकास र कम्युनिस्ट पार्टीको वैचारिक मतभेद, राजनीतिक कार्यक्रम र साङ्गठनिक गतिविधिका बारेमा अध्ययन गरेका छन् (पुष्पलाल, २०५३) । नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली राजनीतिमा समाजवादी विचारले पारेको प्रभावको विस्तृत रूपमा अध्ययन नगरे पनि प्रस्तुत शोधप्रबन्धमा नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव, विकास र प्रभावको अध्ययन गर्ने क्रममा यस कृतिको सहयोग लिइएको छ।

निर्मल लामा वैचारिक दार्शनिक नेता नभई व्यावहारिक नेता पनि हुन् भनी आलोचना गर्ने गरिएको भए पनि उनका यी लेखरचनाहरूको अध्ययन गर्दा उनी वैचारिक र नेपाली कम्युनिस्ट आन्दोलनका नायक नै हुन् भन्ने कुरा बुझिन्छ। क. निर्मल लामाले २००९ सालमा नेपाली काङ्ग्रेस पार्टी त्यागी नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए। यसपछि उनी निरन्तर कम्युनिस्ट आन्दोलनमा जोडिएका थिए (लामा, २०६०) । उनका लेखरचनाहरूको सँगालोका रूपमा रहेको यस कृतिमा नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली

राजनीतिमा समाजवादी चिन्नको प्रभावको बारेमा विस्तृत अध्ययन नगरिएको भए पनि प्रस्तुत शोधप्रबन्धमा नेपाली समाजवादी आन्दोलनको उद्भव र विकासक्रमको कालक्रमिक घटनाक्रमको अध्ययन गर्न यस कृतिको सहयोग लिइएको छ ।

मार्क्स र एङ्गेल्सद्वारा विभिन्न समयमा लेखिएका रचनाहरू सँगालिएको यस कृतिको अध्ययनले प्रारम्भिक मानव समाजको चरित्र र स्वरूप, आदिम कालीन मानव समाजको उद्भव र विकास, समाजमा समाजवादको प्रभाव र चरित्र प्रस्टसँग बुझ्न सकिन्छ । यस कृतिमा पेरिस कम्युन स्थापनाको समयमा घटेका विभिन्न घटनाक्रम र कम्युनको स्वरूप र चरित्रका बारेमा लेखिएको छ (मार्क्स, एङ्गेल्स, २०६३) । यस कृतिको अध्ययनले समाजवादको सिद्धान्त, स्वरूप र नीति तथा कार्यक्रम प्रस्टसँग बुझिने भएकाले यस कृतिको उपयोग पनि प्रस्तुत  शोधप्रबन्धको तयारीका क्रममा गरिएको छ ।

पुष्पलालले विभिन्न समयमा लेखेका दस्तावेज र लेखहरूको सङ्ग्रहको अध्ययनले नेपाली जनआन्दोलन एक समीक्षा, नयाँ जनवादी कार्यक्रम, नेपाली क्रान्तिको एक मात्र मूल बाटो, अखिल नेपाल किसान संघको घोषणा पत्र र यसको कार्यनीति, नेपाल कम्युनिस्ट पार्टी र यसको कार्यपद्धति र नयाँ जनवादी संस्कृतिका बारेमा बुझ्न सकिन्छ । पुष्पलालले नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव, विकास र प्रभावका बारेमा, नेपाली राजनीतिमा भएका विभिन्न आन्दोलनको पृष्ठभूमि, आन्दोलन, नेपाली समाज र राज्यसत्ताको स्वरूप र चरित्रको अध्ययन यी लेखहरूमा गरेका छन् (पुष्पलाल, २०६७) । नेपाली राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा विस्तृत र बृहत् अध्ययन नगरेका भए पनि यो कृति नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावलाई विस्तृत रूपमा अध्ययन गर्ने काममा सहयोगी भएको छ ।

चीनमा माओले जनवादी क्रान्तको नेतृत्व गरी जनवादी क्रान्ति सफल गरेर जनवादी गणतन्त्र चीनको स्थापना गर्दै समाजवादी कार्यनीतिको निर्माण गरी समाजवादको भिन्न ढङ्गले व्याख्या गर्दै समाजवादको नयाँ कार्यक्रम प्रस्तुत गरेका थिए (कान च, २०६८) । अर्धऔपनिवेशिक र अर्धसामन्ती देशमा जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्र स्थापना गर्न सफल भएका माओको यस क्रान्तिको मोडेल विश्व जनवादी तथा समाजवादी क्रान्तिका लागि मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित भएको चीनियाँ समाजवादी क्रान्तिको मोडेलको अध्ययन गरिएको भए पनि नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा यस कृतिमा अध्ययन गरिएको छैन । यस कृतिको अध्ययन गरी समाजवाद, समाजवादी प्रभाव र समाजवादी कार्यक्रमका बारेमा स्पष्ट हुने भएकाले यस कृतिको अध्ययन गरी चीनको समाजवादी क्रान्तिको उद्भव एवम् विकासको मात्र अध्ययन गरी प्रस्तुत शोधपत्र तयार पार्न सहयोग लिइएको छ ।

'नेपाली राजनीतिमा माओवादी जनयुद्धको प्रभाव' शीर्षकको प्रस्तुत शोधप्रबन्धमा नेपालको कम्युनिस्ट आन्दोलनको उद्भव र विकास, कम्युनिस्ट आन्दोलनभित्रको राजनीतिक एवम् वैचारिक द्वन्द्व तथा गुट उपगुट र फुटको घटनाक्रम, नेपाली कम्युनिस्ट आन्दोलनको ध्रुवीकरण र धुरीगत कुरा, नेपालको कम्युनिस्ट पार्टीहरूले अङ्गीकार गरेका समाजवादी आन्दोलनको स्वरूप र नीति तथा कार्यक्रमहरूका बारेमा प्रस्सँग अध्ययन गरिएको छ (तिवारी, २०६८) । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले समाजवादी आन्दोलनको स्वरूप जनयुद्धको कार्यक्रम लागू गरी सशस्त्र विद्रोह गरेको कुराहरू र जनयुद्धले तत्कालीन नेपाली राज्यसत्ताको राजनीति, सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ। यस शोधप्रबन्धमा नेपाली समाजवादी आन्दोलन र नेपालको कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा विस्तृत रूपमा अध्ययन नगरिए पनि प्रस्तुत शोधप्रबन्धमा नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली राजीतिमा समाजवादी विचारले पारेको प्रभावको अध्ययन गर्ने क्रममा यस शोधप्रबन्धको सहयोग लिइएको छ।

नेपाल कम्युनिस्ट पार्टीहरूको समाजवादी दृष्टिकोण र आन्दोलनका बारेमा लेखिएको यस कृतिको अध्ययनले नेपाली राजनीतिमा समाजवादको प्रभाव राम्रोसँग बुझ्न सकिन्छ। लेखकले नेपाली कम्युनिस्ट पार्टीहरूको आरोप-प्रत्यारोपहरूका बारेमा, नेपाली कम्युनिस्ट पार्टीहरूको आ-आफ्नो दाबीका बारेमा, कम्युनिस्ट सिद्धान्तहरूको वस्तुगत आधारमा आएका परिवर्तनहरूका बारेमा, कम्युनिस्ट आन्दोलनको सय वर्ष : समस्या र शिक्षाहरूका बारेमा, सामाजिक क्रान्तिको मार्क्सवादी आधारका बारेमा, नेकपा (एमाले) र नेकपा (माओवादी) को दृष्टिकोणको समीक्षाका बारेमा र नेपाली क्रान्तिका बारेमा अध्ययन गरेका छन् (भुसाल, २०६८) । तर नेपालको राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा उनले अध्ययन गरेका छैनन्। यस कृतिमा विस्तृत रूपमा नेपाली समाजवादी आन्दोलनको उद्भव र विकास तथा नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावका बारेमा अध्ययन नगरिएको भए पनि प्रस्तुत शोधप्रबन्धमा नेपाली समाजवादी आन्दोलन र समाजवादको सम्भाव्यताको अध्ययन गर्ने क्रममा यस कृतिको सहयोग लिइएको छ।

नेपालमा कम्युनिस्ट पार्टीको स्थापना, स्थापनापछिका विभिन्न समयमा भएका महाधिवेशन र केन्द्रीय सम्मेलन र बैठकबाट पारित राजनैतिक कार्यदिशा, कार्यक्रम र प्रतिवेदनहरू सङ्गृहीत यस दस्तावेज सङ्ग्रहमा अहिलेसम्मका ६ वटा महाधिवेशन (पहिलो २०१०, दोस्रो - २०१४, तेस्रो-२०१९, चौथो-२०३१, पाँचौं - २०४१ र छैटौं एकताको महाधिवेशन - २०४८) का पारित भएका राजनीतिक प्रतिवेदनहरू, ३ वटा राष्ट्रिय सम्मेलन (प्रथम राष्ट्रिय सम्मेलन २०५१ जेठ र २०५७ माघ/फागुनमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलन) का पारित भएका

राजनीतिक प्रतिवेदनहरू, ७ वटा विस्तारित बैठक - (प्रथम २०४९, दोस्रो २०५०, तेस्रो २०५१ फागुन २-४, चौथो २०५५ भदौ, पाँचौं २०६४।०४।१८-२३, छैटौं २०६७।०८।०५-११ र सातौ २०६९।०६।०२-०६) का पारित भएका राजनीतिक प्रतिवेदनहरू, खरीपाटी राष्ट्रिय भेला, पार्टी केन्द्रीय समितिका बैठकहरू र स्थायी समितिका बैठकहरूबाट पारित भएका राजनीतिक प्रतिवेदनहरू सङ्गृहीत छन् (बस्नेत, २०६९) । यस दस्तावेज सङ्ग्रहको अध्ययनले नेपाली समाजवादी आन्दोलनको उद्भव र विकास राम्रोसँग बुझ्न सकिन्छ। यस दस्तावेज सङ्ग्रहमा नेपाली समाजवादी आन्दोलनको समूल अध्ययन गरी विश्लेषण गरिएको छैन। यस दस्तावेज सङ्ग्रहमा नेपालका कम्युनिस्ट आन्दोलनका र माओवादी जनयुद्धका राजनीतिक प्रतिवेदनहरू सङ्गृहीत भएकाले यस दस्तावेज सङ्ग्रहको नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भव, विकास र प्रभावको अध्ययन गर्ने क्रममा यस शोधप्रबन्धमा विशेष सहयोग लिइएको छ।

नेपालको विभिन्न समयको राजनीतिक विकासक्रमको घटनाक्रम उल्लेख गरेका छन्। लेखकले खासगरी नेपाली राजनीतिमा सामन्तवादको प्रवेश, उद्भव, विकास र पतनसँगै यसको नयाँ स्वरूपका बारेमा अध्ययन गरेका छन्। नेपालमा सामन्तवादको उद्भव, विकास र पतनका बारेमा विस्तृत रूपमा अध्ययन गरी नेपालको राजनीतिक विकासक्रमलाई विभिन्न कालखण्डमा विभाजित गरेर नेपालको सामन्तवादको इतिहासलाई निकै सूक्ष्म ढङ्गले अध्ययन एवम् विश्लेषण गरेका छन् (शिवाकोटी, २०६९) । यस कृतिमा यसका अलवा विश्व र भारतमा भएको सामन्तवादको उद्भव, विकास र पतनको अध्ययन गरिएको छ। यस कृतिको अध्ययनले सामन्तवादको अर्थ, परिभाषा, स्वरूप र यसको बदलिँदो संरचनाका बारेमा स्पष्ट बुझ्न सकिन्छ। यस कृतिमा लेखकले नेपालको समाजवादी आन्दोलनको उद्भव, विकास र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावका बारेमा अध्ययन नगरेका भए पनि प्रस्तुत शोधप्रबन्धमा नेपाली समाजको संरचना र विश्लेषणको अध्ययन गर्दा यो कृति निकै सहयोगी भएको छ।

वामपन्थ र नयाँ विश्वका बारेमा, पार्टीको सङ्कट र नयाँ वामपन्थी सांस्कृतिको आवश्यकताको कारणका बारेमा, नयाँ राजनीतिक साधनका बारेमा, सुधारबाट क्रान्तितिर : बोलिभारियन क्रान्तिकारी प्रक्रियाका बारेमा लेखी नवमार्क्सवादी क्रान्ति र ल्याटिन अमेरिकन मुलुकमा प्रयोगमा ल्याइएको समाजवादका बारेमा अध्ययन गर्दै लेखिकाले समाजवादी सिद्धान्त, नीति तथा कार्यक्रमका साथै समाजवादको नयाँ परिभाषा, उपकरण र प्रयोगको अध्ययन गरेकी छन्। सोभियतकालीन समाजवादको अन्त्यपछिको समाजवाद सोभियतकालीन समाजवादलाई कपी नगरी नयाँ र उन्नतखाले समाजवाद बनाउनुपर्छ भन्ने तर्क लेखिकाले राखेकी छिन्। उनले ल्याटिन अमेरिकी समाजवादको अध्ययन गरी यस कृतिमा नयाँ वामपन्थको उपकरण र प्रयोगका

बारेमा अध्ययन गरेकी छिन् । लेखिकाले नवमार्क्सवादी क्रान्ति र ल्याटिन अमेरिकन मुलुकमा प्रयोगमा ल्याइएको समाजवादका बारेमा प्रस्ट लेखेकी छिन् (हार्नेकर, २०७२) । यस कृतिमा नेपाली समाजवादी आन्दोलन र नेपाली कम्युनिस्ट राजीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा नलेखिएको भए पनि यस कृतिको अध्ययनले प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा विश्व समाजवादी आन्दोलन र समाजवादी क्रान्तिको नयाँ मोडलको अध्ययन गर्ने क्रममा यस कृतिको सहयोग लिइएको छ ।

कम्युनिज्म विचारको उत्पत्ति र विकास, कम्युनिस्ट प्रणालीको परिभाषा, कम्युनिस्टहरूको शक्तिमा उदय हुनाका कारण र शक्तिमा टिक्नाका कारण अनि कम्युनिस्ट शासनको पतनका बारेमा अध्ययन गर्दै लेखकले समाजवाद र कम्युनिस्टको भिन्न-भिन्न बुझाइ, समाजवादको पृष्ठभूमि, उत्पत्ति र विकासका क्रममा भिन्न भिन्न परिभाषा र बुझाइलाई पनि अध्ययन गरेका छन् । रसियन क्रान्तिमा कम्युनिस्ट र समाजवादलाई कसरी बुझिन्थ्यो र कसरी प्रयोग गरिन्थ्यो भन्ने विषयलाई पनि प्रस्ट पारेका छन् । उनले लामो समयसम्म शासन र सत्तामा रहेको कम्युनिस्ट शासनको सूक्ष्म अध्ययन गरी कम्युनिस्ट शासनका गुण र दोषलाई राम्रोसँग केलाएका छन् भने उनी समाजवादको समयानुकूल भविष्यको स्वरूपका बारेमा चाहिँ मौन छन् (Brown, N.D.) । यस कृतिमा नेपाली समाजवादी आन्दोलनको उद्भव र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारले पारेको प्रभावका बारेमा अध्ययन नगरिएको भए पनि प्रस्तुत शोधप्रबन्धमा विश्व समाजवादी आन्दोलनको उद्भव र विकासको अध्ययनका क्रममा यस कृतिको पनि सहयोग लिइएको छ ।

लेखकले मार्क्सवादी दृष्टिकोणबाट नेपाली समाजको गहिरो अध्ययन र विश्लेषण गर्ने कार्य गरेका छन् । यसमा लेखकले २०४६ देखि २०६६ सम्म लेखेका लेखरचनाहरू सङ्गृहीत छन् । लेखकले मूलतः मार्क्सवादी पद्धति र दृष्टिकोणअनुसार नेपाली समाजको बदलिँदो स्वरूप र आयामलाई अध्ययन गरेका छन् (मिश्र, मिति अनुल्लिखित) । लेखकले नेपाली समाजको रूपान्तरण प्रकृया कसरी भएको छ भनी सूक्ष्म अध्ययन गर्दै नेपाली समाजको संरचना, सम्बन्ध र सम्पत्तिको हकदावीले नेपाली समाजमा आएको सोचको परिवर्तनका बारेमा पनि अध्ययन गरेका छन् । उनले नेपालमा विद्यमान गरिबीलाई पनि नजिकबाट नियाल्दै नेपालको शिक्षा, स्वास्थ्य र अर्थराजनीतिको समस्यालाई पनि केलाएका छन् । यसमा उनले नेपालको धर्म एवम् संस्कृतिको पनि अध्ययन गरेका छन् अनि नेपालको समाजशास्त्रीय औचित्यको आवश्यकतामाथि समेत प्रकाश पारेका छन् । यस कृतिमा नेपाली समाजवादी आन्दोलन र नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन नगरिएको भए पनि यस कृतिको अध्ययनले प्रस्तुत शोधप्रबन्धमा नेपाली समाजको विश्लेषणको अध्ययनका क्रममा यो पुस्तक सहयोगी भएको छ ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा माथि उल्लिखित पुस्तकहरू एवम् शोधपत्रहरूका अलावा विभिन्न प्राज्ञ, बुद्धिजीवी, लेखक, राजनीतिज्ञहरूले लेखेका पुस्तकहरू, विभिन्न पत्र-पत्रिकाहरूमा छापिएका आलेख-स्तम्भहरू, नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) का राजनीतिक दस्तावेजहरू र निर्वाचनका घोषणापत्रहरू, गुरुहरूका सुझावलगायत शोधशीर्षकसँग सम्बन्धित अन्य विविध स्रोत सामग्रीहरूको पनि यथोचित उपयोग गरिएको छ ।

**निष्कर्ष**

विश्व राजानीतिमा मार्क्सवाद र वैज्ञानिक समाजवाद भनेका एउटै विषय हुन् । मार्क्सवादको उद्भवले वैज्ञानिक समाजवादी विचारको उद्भव र विकास गरेको थियो । काल्पनिक समाजवादी विचारले वैज्ञानिक समाजवादी विचारको निर्माण गरेको थियो । पूर्वकार्यका सामग्रीहरूको अध्ययन गर्दा यी विषयहरूमा अध्ययन गरिएको भए पनि नेपाली राजनीतिमा नेपालमा समाजवादी आन्दोलन तथा प्रजातान्त्रिक आन्दोलनका विषयमा नेपाली अर्थतन्त्रमा समाजवादी विचारको प्रभाव, नेपाली संस्कृतिमा समाजवादी विचारको प्रभाव, नेपाली राजनीतिमा समाजवाद चिन्तको उद्भव, विकास र प्रभावको अध्ययन नभएकाले नेपाली राजनीतिमा शब्दको प्रयोग र व्यावहारिक प्रयोगको विषयमा बुझ्न शोध एवम् अध्ययन गर्न बाँकी रहेकाले नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव, विकास प्रभाव शीर्षकमा अध्ययनका लागि विषय छनोट गरिएको छ ।

माथि उल्लिखित कृतिहरूको अध्ययनबाट के पाइएको छ भने तिनमा नेपालको कम्युनिस्ट आन्दोलन, कम्युनिस्ट पार्टीको इतिहास र राजनीति, राजनीतिसँग सम्बन्धित सङ्गठनात्मक स्वरूप आदिका विषयमा पर्याप्त अध्ययन गरिएको भए पनि नेपाली राजनीतिको विकासक्रम, नेपाली राजनीति र समाजको ऐतिहासिक कालखण्डको उठान गर्दै विभिन्न समयमा विकसित भएको राजनीतिलाई  प्राचीन काल, मध्य काल, आधुनिक काल (शाहकाल, राणाकाल र प्रजातन्त्र काल, पञ्चायत काल र लोकतन्त्र काल) को ऐतिहासिक पक्षसँग जोडेर ती कालखण्डहरूमा आएका विचारहरूमा समेत समाजवादी विचारलाई खोतल्ने प्रयास आजका दिनसम्म कतै कसैबाट भएको पाइएन । नेपाली कम्युनिस्ट राजनीतिमा नेपालका कम्युनिस्ट पार्टीहरूले समाजवादलाई आफ्नो राजनीतिक लक्ष्य माने तापनि गन्तव्यमा पुग्ने बाटो र आधारका विषयमा राजनीतिक बहस त चलाएका छन् तर प्राज्ञिक र आलोचनात्मक अध्ययनको बाटोलाई समातेको पाइएन । यस अध्ययनले उक्त रिक्ततालाई पूरा गर्ने ठानिएको छ ।

नेपाली कम्युनिस्ट राजनीतिको इतिहास हेर्दा नेपाली समाजको स्थापना कालदेखि नै कतिपय विषयहरूमा समाजवादी विचारहरूको वीजारोपण भएको पाइन्छ । तर त्यसबेला वैज्ञानिक समाजवादी शब्द र तिनको दार्शनिक छलफल भने हुन सकेको थिएन । माथि गरिएको पूर्वकार्यको

समीक्षाले मार्क्स र एङ्गेल्सको कम्युनिस्ट घोषणापत्र जारी भएपछि पश्चिमा जगत्मा साम्यवाद, समाजवादबारे प्रशस्तै बहस गर्ने कार्य सुरु भयो । यसको प्रभाव संसारभर फैलियो । सन् १९१७ मा सोभियत रूसमा भएको बोल्सेभिक क्रान्तिले संसार पुँजीवादी र समाजवादी गरी दुई ध्रुवमा बाँडियो । त्यसको परिणामबाट सामाजिक प्रजातन्त्र र प्रजातान्त्रिक समाजवाद जस्ता विचारहरूको पनि उदय भयो । दोस्रो विश्वयुद्धपछि एसिया तथा युरोपमा भएका कम्युनिस्ट क्रान्तिको परिणामले नेपालमा पनि विचारधारात्मक रूपमा प्रभावित पाऱ्यो । नेपालमा वैज्ञानिक समाजवाद अर्थात् मार्क्सवादको प्रयोग गर्ने भन्दै वैज्ञानिक समाजवादको उत्तराधिकारीका रूपमा नेपाल कम्युनिस्ट पार्टीको जन्म भयो । पछिल्ला दिनमा नेपाली कम्युनिस्ट आन्दोलन विभिन्न गुटहरूमा विभाजित हुन पुगेपछि सबै गुटहरूले आफूलाई समाजवादी भएको दावी गरे । कतिपय नेपाली कम्युनिस्ट घटकहरूले पटक पटक सत्ता आरोहण पनि गरे तर उनीहरूको सत्ता दीर्घजीवी हुन सकेन । उनीहरूको समाजवादी यात्रा जारी रहेको कुरा तिनका पार्टी कार्यकर्ता, जनता तथा नेपाली समाजसमक्ष गरिएका बाचाहरूमा समाजवादको आदर्शलाई बोकिरहेको र जनताको विश्वास कहीँ न कहीँ समाजवादप्रति मौजुदा रहेको देखिएको पनि छ । तथापि कतिपय सवाल र नेपाली कम्युनिस्टहरूको राजनीतिक यात्रा र गन्तव्य तथा व्यवहारतः समाजमा समाजवाद प्रस्तुत हुन नसकेका अवस्थामा समाजवादको गन्तव्य अधुरो र अविश्वासिलो हुने खतरा पनि कायमै रहने हुँदा र उक्त विषयमा अध्ययन अहिलेसम्म नभएका अवस्थामा अध्ययनको रिक्तता माथिका पूर्वकार्यहरूको अध्ययनबाट देखिएको छ । त्यसका लागि समाजवादको प्रयोग र प्रभावलाई मापन गर्ने सूचकहरूको विश्लेषण गर्नुपर्ने भएकाले शासनसत्ताको नेतृत्व गरिसकेका दुई ठूला कम्युनिस्ट दलहरू (नेकपा एमाले र नेकपा माओवादी केन्द्र) ले अघि सारेका दस्तावेज, चुनाव घोषणापत्र र सरकारका नीति तथा कार्यक्रमबिच तुलना गरी समाजवादी प्रयोग र प्रभावलाई अध्ययन गर्न आवश्यक देखिएकाले प्रस्तुत अध्ययनलाई अघि बढाइएको छ ।

# अध्याय तीन

# शोधविधि

## ३.१ सैद्धान्तिक अवधारणा

प्रस्तुत शोधप्रबन्ध मार्क्सवादी दर्शनको वैज्ञानिक समाजवादी विचारमा आधारित भएर तयार पारिएको छ । नेपाली कम्युनिस्ट राजनीतिमा वैज्ञानिक समाजवादी विचारले पारेको प्रभावको मात्रै यस शोधमा अध्ययन गरिएको छ । समाजवादी विचारको उद्‌भवका रूपमा देखिएको काल्पनिक समाजवादी विचार र विकासका रूपमा देखिएको समाजवादी विचारका अनेक प्रारूप र विशेषतः प्रजातान्त्रिक समाजवादी विचारबारे यस शोधमा अध्ययन गरिएको छैन । यस शोधको दर्शनशास्त्रीय आधार मार्क्सवाद भए पनि पछिल्लो समयको मार्क्सवादको प्रतिस्थापक प्रारूप नवमार्क्सवाद र युरोपियन मार्क्सवादले विकास गरेका विविध प्रारूपअन्तर्गतका समाजवादी विचारको प्रभावको पनि यस शोधमा अध्ययन गरिएको छैन । यो शोध मूलतः मार्क्सवादी दर्शनको तीन सङ्घटक सिद्धान्तमध्येको एक सिद्धान्त वैज्ञानिक समाजवादी विचारले नेपाली कम्युनिस्ट राजनीतिमा पारेको प्रभावको अध्ययनमा केन्द्रित छ । यस शोधको दार्शनिक आधार मार्क्सवाद हो । सैद्धान्तिक आधार वैज्ञानिक समाजवादी विचार हो । यस वैज्ञानिक समाजवादी विचारले नेपाली कम्युनिस्ट राजनीतिमा पारेको प्रभावको मात्रै अध्ययन यस शोधमा गरिएको छ । यस वैज्ञानिक समाजवादी विचारले नेपाली राजनीतिमा पारेको प्रभावाको अध्ययन पनि २०४६ सालदेखि २०७२ सालसम्मको राजनीतिलाई निश्चित समयावधिमा राखेर गरिएको छ ।

आफूले अध्ययन गर्न लागेको शीर्षकसँग सम्बन्धित दर्शन, विचार र सिद्धान्त बुझ्न र अध्ययन गर्न आवश्यक हुन्छ । प्रस्तुत शोध वैज्ञानिक समाजवादी विचारमा आधारित भएर तयार पारिएको हुनाले यस वैज्ञानिक समाजवादी विचारलाई दर्शनतः सिद्धान्ततः र विचारतः स्पष्ट हुन आवश्यक छ । वैज्ञानिक समाजवादी विचारको अवधारणा कार्ल मार्क्सले ल्याएका हुन् र यस सिद्धान्तको प्रतिपादन उनैले गरेका हुन् । यसर्थ वैज्ञानिक समाजवादलाई बुझ्नुभन्दा पहिले मार्क्सवादी दर्शनलाई बुझ्न आवश्यक छ । यस शोधको दर्शनशास्त्रीय आधार पनि मार्क्सवादी दर्शन नै हो । मार्क्सवादी दर्शनको साङ्गोपाङ्ग अध्ययन गर्न निकै गाह्रो छ किनकि मार्क्सवादी दर्शन आफैंमा बृहत् छ । यसर्थ यो शोध वैज्ञानिक समाजवादी विचारमा आधारित भएर तयार पारिएको हुँदा वैज्ञानिक समाजवादी विचारको मार्क्सवादी दर्शनशास्त्रीय मान्यतालाई मात्रै यस शोधमा अध्ययन गरिएको छ ।

## ३.२ अवधारणात्मक अनुसन्धान प्रक्रिया

### अवधारणात्मक अनुसन्धान प्रक्रिया

#### दर्शन (व्याख्यावाद)

**(क) सत्ता मीमांसा**

(१) नेपाली राजनीतिमा इतिहास र विकासक्रम
(२) नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव र विकास
(३) समाजवादी विचार र नेपाली राजनीति विचारको प्रभाव
(४) नेपालका दुई प्रमुख कम्युनिस्ट घटक नेकपा (एमाले) र नेकपा (माले) भित्र समाजवादी विचार र गतिविधि

**(ख) ज्ञान मीमांसा**

(१) इतिहासको कालखण्डदेखि नै समाजवादी शब्दको प्रयोग नभए पनि विचारको प्रभाव भएको
(२) विश्वमा समाजवादी विचारको उदयको केही समयपछि देखि नै नेपालमा पनि उद्‌भव र विकास सुरु
३) नेपाली राजनीतिमा समाजवादी प्रभावको काल मूलतः सोभियत सङ्घको स्थापना र चीनको नयाँ जनवादी क्रान्तिको प्रभावबाट नेपाल कम्युनिस्ट पार्टीको स्थापना र विकास ।
(४) विचारको विवादले नेकपामा विभाजन । प्रमुख रूपमा चीनको नयाँ जनवादी क्रान्तिको वैचारिक प्रभाव लामो समयसम्म ।
(५) संसदीय व्यवस्थाको पुनः स्थापना पश्चात् जनताको बहुदलीय जनबाद र एक्काइसौं शताब्दीको जनवादको विचारको विकासबाट समाजवादी गन्तव्यको छनोट ।

**(ग) मूल्य मीमांसा**

(१) सत्य र तथ्यका आधारमा तर्कपरक प्रस्तुति (Interprete; र विश्लेषण
(२) विश्लेषणमा मौलिकताको प्रयोग
(३) शोधको मूल्य र मान्यतामा आधारित ज्ञान प्राप्ति ।

#### सिद्धान्त

परम्परागत मार्क्सवादी दर्शनशास्त्रमा आधारित वैज्ञानिक समाजवादी सिद्धान्त । वर्ग सङ्घर्ष र निषेधको निषेध नियमको सैद्धान्तिक आधारमा प्रस्तुति

#### शोधविधि

(१) आगामनात्मक (Inductive approach) पद्धति
(२) गुणात्मक विधि
(३) रणनीति (Strategy) - Narrtive enquiry.
स्रोत सङ्कलन- प्राथमिक/द्वितीय प्राथमिक-अन्तर्वार्ता र मौलिक स्रोतको प्रयोग ।
दर्शन, सिद्धान्त र विधिको उचित प्रयोग र समन्वयात्मक अध्ययनबाट ज्ञान प्राप्ति र निष्कर्ष

#### प्राप्ति

(१) विश्वमा वैज्ञानिक समाजवादी विचारको उद्‌भव हुनुभन्दा पहिले काल्पनिक समाजवादी विचारको उद्‌भव र विकास भएको तथा काल्पनिक समाजवादी विचारको आधार र स्रोतमा वैज्ञानिक समाजवादी विचारको उद्‌भव । विश्वमा उद्‌भव भएको वैज्ञानिक समाजवादी विचारको प्रभावले नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव र विकास ।
(२) नेपालमा समाजवादी विचारको विकास नेपाल कम्युनिस्ट पार्टीको स्थापनापश्चात् हुँदै गएको ।
(३) नेपाली जनमत, नेपाली राजनीतिमा समाजवादी विचारको प्रभाव भएकै कारण पछिल्लो समयमा आएको देशको मूल कानुनमा समेत 'समाजवाद उन्मुख' भन्ने शब्दको समेत प्रयोग ।

**निष्कर्ष**

नेपाली जनमतमा र राजनीतिमा समाजवादी विचारको प्रयोग निकै गहिरो गरी परेको छ । तथापि नेपालको कम्युनिस्ट आन्दोलनमा यसको प्रभाव भए तापनि संसदीय राजनीतिका माध्यमबाट समाजवादी गन्तव्यमा हिंडेका दुई ठूला कम्युनिस्ट घटक गन्तव्यमा पुग्न असफल हुने देखिन्छ । नेपालको परिप्रेक्ष्यमा मार्क्सवादी दर्शन, वर्ग सङ्घर्षमा आधारित सिद्धान्तको दृष्टिकोणबाट हेर्दा संसदीय व्यवस्था समाजवाद निर्माणमा बाधक सावित हुन आउँछ ।

स्रोतः Sounders M, Lawis, P. & Thornhill, A. (2012). को Chart का आधारमा

## ३.३ दर्शन

शोधलाई व्याख्यावादका आधारमा थप तार्किक, तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाउन सकिन्छ । यस शोधको समग्र संरचनाको निर्माण र अध्ययन गर्दा दर्शनको प्रयोग गरिएको छ । व्याख्यावाद अनुसन्धान विधिको समाजशास्त्रीय पद्धति हो । व्याख्यावादी पद्धतिअनुसार कार्य र घटनाको विश्लेषण अनुसन्धानका मान्यता, मापदण्ड र मूल्यका आधारमा अध्ययन, विश्लेषण गरिन्छ । व्याख्यावादी दर्शनले सामाजिक अनुसन्धानमा गुणात्मक विश्लेषण विधि र मात्रात्मक विश्लेषण विधि दुवैलाई जोड्दछ (Dudovskiy, 2018 : 53-54) । तर यस शोध व्याख्यावादी दर्शनको गुणात्मक विश्लेषण विधिमा आधारित भई अध्ययन गरिएको छ । मार्क्सवादी सिद्धान्तलाई आधार मानेर व्याख्यावादका आधारमा प्रस्तुत अध्ययन नेपाली वास्तविक राजनीति र धरातलीय यथार्थबाट गर्ने प्रयास गरिएकाले सिद्धान्तलाई घटना विज्ञान दर्शनको पनि सहयोग लिएर अध्ययनलाई वैज्ञानिक र विश्वासिलो बनाउने प्रयास गरिएको छ । शोधको तत्त्व मीमांसा भन्नाले शोधको समग्र संरचनात्मक रूप भन्ने बुझ्नुपर्दछ । दर्शनका विविध प्रारूपहरू छन् । ती प्रारूपहरूमध्ये प्रस्तुत शोधप्रबन्धको तयारीका क्रममा सत्ता मीमांसा, ज्ञान मीमांसा र मूल्य मीमांसाको उपयोग गरिएको छ । दर्शनका विविध प्रारूपमध्ये यस शोधलाई तार्किक, तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाउन सत्ता मीमांसा, ज्ञान मीमंसा र मूल्य मीमांसाको प्रयोग गरिएको छ जसलाई तल क्रमशः अध्ययन गरिएका छ :

### क. सत्ता मीमांसा

शोधको सत्ता मीमांसा भन्नाले समग्र संरचनागत शोधको दर्शनशास्त्रीय पाटो हो भन्ने बुझ्नुपर्दछ । सत्ता मीमांसा अस्तित्वको दार्शनिक अध्ययन हो । सत्ता मीमांसाअन्तर्गत ६ प्रकारका अनुसन्धानका दर्शन छन् । तीमध्ये सामाजिक अनुसन्धानको दर्शन व्याख्यावाद हो (Dudovskiy, 2018 : 39-40) । प्रस्तुत शोधमा सत्ता मीमांसाको व्याख्यावादी दर्शनमा आधारित भई अध्ययन गरिएको छ । शोधप्रबन्धको तयारीका क्रममा शोधको सत्ता मीमांसालाई अध्ययन गर्न, जान्न, बुझ्न आवश्यक छ । शोधको सत्ता मीमांसा शोधको त्यो दर्शनशास्त्रीय पाटो हो जसले शोधको अस्तित्वको प्रकृति र वास्तविकीको सत्यसँग साक्षात्कार गराउँदछ । शोधको सत्ता मीमांसाले शोधकर्ताहरूलाई शोधको विषय र वस्तुहरूको प्रकृति र अस्तित्वका बारेमा, सत्य र यथार्थका बारेमा, वैधताका बारेमा, वास्तविक विचारहरू र परस्पर विरोधीवचारहरूका बारेमा पहिचान गराउन र पहिल्याउन मदत गर्दछ (Pernecky, 2016 : 27) । प्रस्तुत शोधमा सत्ता मीमांसाका रूपमा दर्शनशास्त्रलाई लिइएको छ । यस शोधमा दर्शनका विविध प्रारूपमध्ये मार्क्सवादी दर्शनलाई आधार मानिएको छ । नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययनको

दर्शनशास्त्रीय आधार मार्क्सवाद हो । नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव, विकास र प्रभावको अध्ययन गर्न मार्क्सवादी दर्शनको आधार लिइएको छ । यस शोधमा सत्ता मीमांसाका रूपमा मार्क्सवादी दर्शनलाई प्रयोग गरी शोधलाई तार्किक, तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाउने प्रयास गरिएको छ ।

## ख. ज्ञान मीमांसा

शोधको ज्ञान मीमांसा शोधमा ज्ञान निर्माणसँग सम्बन्धित छ भनी बुझ्नुपर्दछ । ज्ञान मीमांसाले ज्ञानको सत्यलाई मात्रै प्राथमिकता दिन्छ (Dudovskiy, 2018 : 36-37) । शोधको सत्ता मीमांसा दर्शनशास्त्रीय पाटोसँग सम्बन्धित छ भने शोधको ज्ञानमीमांसा सैद्धान्तिक पाटोसँग सम्बन्धित छ । शोधमा सिद्धान्तका आधारमा ज्ञान निर्माण गर्न र ज्ञानका आधारमा निष्कर्षमा पुग्न तथा शोधको तथ्य प्रमाणित गर्दै शोधलाई तार्किक, तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाउन ज्ञान मीमांसाको प्रयोग गरिन्छ (Pernecky, 2016 : 33) । ज्ञान मीमांसाले शोधको सत्यसम्म पुग्नका लागि वैधानिक मार्ग तय गराउँदछ, शोधको वास्तविकतासँग शोधकर्तालाई सक्षात्कार गराउँदछ, शोधको विषयवस्तुसँगको सम्बन्धलाई निर्क्यौल गर्न मदत गर्दछ, शोधको विचारलाई अन्वेषण गर्न मदत गर्दछ र वास्तविकता र सत्यसँग साक्षात्कार गराउन मदत गर्दछ (Pernecky, 2016 : 34) . यसर्थ शोधमा ज्ञान मीमांसाको भूमिका महत्त्वपूर्ण रहन्छ । यस शोधमा ज्ञान मीमांसाका रूपमा मार्क्सवादी दर्शनको वैज्ञानिक समाजवादी विचारको सिद्धान्तलाई प्रयोग गरिएको छ । यस शोधमा ज्ञान मीमांसाका रूपमा वैज्ञानिक समाजवादी विचारको सिद्धान्तलाई लिइएको हुँदा यस शोधको सैद्धान्तिक आधार वैज्ञानिक समाजवादी विचार हो । नेपाली राजनीतिमा समाजवादी विचारको अध्ययन गर्न वैज्ञानिक समाजवादी विचारको सिद्धान्तलाई आधार मानिएको छ । यसै सिद्धान्तका आधारमा नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव, विकास र प्रभावको अध्ययन गरिएको छ जसको सहयोगले यस शोधलाई थप तार्किक, तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाउन मदत मिलेको छ ।

## ग. मूल्य मीमांसा

शोधको मूल्य मीमांसा भन्नाले शोधको अध्ययन, अनुसन्धान र निर्माण गर्दा अपनाइने मूल्य, मान्यता, नैतिकता र आदर्श हुन् भन्ने बुझ्नुपर्दछ । शोधको अध्ययन, अनुसन्धान र निर्माण गर्दा शोधको मूल्य मीमांसाको प्रयोगले शोधलाई थप तार्किक, तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाउनाका साथै वैधानिक पनि बनाउँदछ । मूल्य मीमांसा नैतिक मूल्य मान्यताहरूमा विशेष ध्यान दिएर अध्ययन एवम् अनुसन्धान गर्ने दार्शनिक सिद्धान्त हो (Ejnavarzala, 2019 : 95) । यस शोधमा अध्ययन एवम् अनुसन्धान गर्दा मार्क्सवादी दर्शनअन्तर्गतका मूल्य, मान्यता, आदर्श र

नैतिकताको प्रयोग गरिएको छ । यस शोधमा मूल्य मीमांसाका रूपमा मार्क्सवादी दर्शनअन्तर्गतको मूल्य, मान्यता, आदर्श र नैतिकताको निर्माण गरी अध्ययन एवम् अनुसन्धान गरिएको छ । यस शोधमा मूलतः मूल्य मीमांसाको विविध प्रारूपमध्ये आचार मीमांसाको प्रयोग गरिएको छ भने मूल्य मीमांसाको तर्कशास्त्रीय पद्धतिको अनुसरण गरिएको छ । नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव, विकास र प्रभावको अध्ययन गर्दा मार्क्सवादी दर्शनअन्तर्गतका मार्क्सवादी मूल्य, मान्यता, आदर्श र नैतिकताको प्रयोग गरिएको छ भने मार्क्सवादी आचारलाई प्रधान मानिएको छ । नेपाली राजनीतिमा समाजवादी विचारको अध्ययन गर्दा मार्क्सवादी आधारलाई अपनाउँदै नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव, विकास र प्रभावको अध्ययन गर्ने क्रममा नेपाल कम्युनिस्ट पार्टीका दस्तावेजहरू तथा चुनावी घोषणापत्रहरू, नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारका नीति तथा कार्यक्रमहरू र विभिन्न मार्क्सवादी तथा समाजवादी पुस्तकहरूलाई आधारका रूपमा लिँदै तर्कसङ्गत ढङ्गले तर्कशास्त्रीय विधि र पद्धतिको प्रयोग गरी लिइएको छ । शोधको मूल्य मीमांसाले यस शोधलाई थप तार्किक, तथ्यपरक र वैज्ञानिक बनाउनाका साथै वैधानिक पनि बनाएको छ ।

## ३.४ मार्क्सवादी सिद्धान्त

मार्क्सवाद वैज्ञानिक समाजवाद हो, मार्क्सवाद विश्व दृष्टिकोण हो र मार्क्सवाद आफैंमा दर्शन, सिद्धान्त र पद्धति पनि हो । मार्क्सवादी दर्शनको जन्म मार्क्स र एङ्गेल्सको दार्शनिक, वैचारिक र सैद्धान्तिक खोज र अनुसन्धान हो । मार्क्सवादमा दर्शनका रूपमा ऐतिहासिक भौतिकवाद छ, मार्क्सवादी अर्थशास्त्र छ र राजनीतिशास्त्रका क्षेत्रमा वर्गसङ्घर्षको सिद्धान्त छ (D'Amato, 2006 : 46)। मार्क्सवादले द्वन्द्वात्मक भौतिकवादी नियमका आधारमा समाजको व्याख्या गरी क्रान्तिको नियम र सामाजिक परिवर्तनको नियमलाई निर्धारण गर्दछ । मार्क्सवादले सामाजिक द्वन्द्व, वर्ग सङ्घर्षबाट समाजमा निरन्तर परिवर्तन भई यसले समाजवाद र साम्यवादसम्मको यात्रालाई पूरा गर्दछ भन्ने विश्वास गर्दछ (D'Amato, 2006 : 48)। मार्क्सवादको निर्माण जर्मनशास्त्रीय दर्शन (विशेषतः हेगल र फायरबाखको दर्शन), एडम स्मिथ र डेविड रिकार्डोको राजनीतिक अर्थशास्त्र, सेन्ट साइमन, चार्ल्स फुरिये र रबर्ट ओवेनको काल्पनिक समाजवादको स्रोतबाट भएको हो । लेनिनले यसलाई मार्क्सवादको स्रोत मान्दछन् (Gooding, 2001 : 22)। मार्क्सवादी दर्शनका तीन सङ्घटक अङ्गहरू यी हुन् : (१) द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिक, (२) मार्क्सवादी अर्थशास्त्र र (३) वैज्ञानिक समाजवादी सिद्धान्त (Gooding, 2001 : 28)। प्रस्तुत शोधप्रबन्ध मार्क्सवादी दर्शनका तीन सङ्घटक अङ्गहरूमध्येको एक वैज्ञानिक समाजवादी सिद्धान्तमा आधारित छ । नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गर्दा यही वैज्ञानिक समाजवादी विचारलाई मुख्य आधार बनाइएको छ ।

## ३.५ शोधविधि

प्रस्तुत शोधप्रबन्ध तयार पार्दा आगमनात्मक विधिको प्रयोग गरिएको छ । यो शोध विशुद्ध गुणात्मक अध्ययनमा आधारित छ। यस शोधमा नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गरिएको छ । यस शोधमा नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको सीधै प्रक्षेपण गरिएको छैन किनकि नेपाली राजनीतिमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको छैन । यसर्थ यस शोधमा सीधै समाजवादी विचारको प्रभाव छ भनी प्रक्षेपण नगरी नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको मात्र अध्ययन गरिएको छ। यसलाई अध्ययन गर्न आगमनात्मक विधिको प्रयोग गरिएको छ । यस शोधलाई ऐतिहासिक, वर्णनात्मक र अन्वेषणात्मक ढाँचामा निर्माण गरिएको छ। यस शोधलाई तयार पार्दा तथ्याङ्क सङ्कलन चाहिँ उद्देश्यमूलक नमुना छनोटका आधारमा गरिएको छ । उद्देश्यमूलक नमुना छनोट गरी अन्तर्वार्ता दिने व्यक्तिको छनोट गरिएको छ । अन्तर्वार्तादाताहरूसँग अन्तर्वार्ता लिँदा खुला प्रश्नावलीको प्रयोग गरिएको छ । लिइएको अन्तर्वार्तालाई रेकर्डरको प्रयोग गरी रेकर्ड गरिएको छ । अन्तर्वार्ता लिएर रेकर्ड गरिएको सामग्रीलाई लिखित रूपमा उतारिएको छ । अन्तर्वार्ताबाट सङ्कलित तथ्याङ्कलाई प्रशोधन गरेर एवम् सम्पादन गरेर विश्लेषण गरिएको छ। सङ्कलित तथ्याङ्कको विश्लेषणसँग दाँजेर संयुक्त रूपमा विश्लेषण गरिएको छ। यसरी गरिएको तथ्याङ्क विश्लेषणलाई अन्वेषणात्मक कोणबाट हेरेर सटीक निचोड निकालिएको छ । यस शोधलाई तयार पार्दा अपनाइएको अनुसन्धान सिद्धान्त र विधिपद्धतिलाई क्रमैसँग तल उल्लेख गरिएको छ ।

अनुसन्धान विधि भन्नाले कुनै पनि शीर्षक वा विषयवस्तुमा अनुसन्धान गर्न अपनाइएको विधि भन्ने बुझिन्छ । यो अनुसन्धान पद्धतिको अंशका रूपमा रहेको हुन्छ । तथ्याङ्क सङ्कलन गर्दा, प्रस्तुत तथ्याङ्क र अप्रस्तुत तथ्याङ्क बिचको सम्बन्ध केलाउँदा अनि तथ्याङ्कको विश्लेषण गरेर निष्कर्ष निकाल्दा अनुसन्धान विधिको प्रयोग गर्ने प्रचलन छ । प्रस्तुत शोधप्रबन्धलाई तयार पार्नका लागि पनि अनुसन्धान विधिको प्रयोग गरिएको छ। प्रस्तुत शोधप्रबन्ध तयार पार्न निम्न अनुसन्धान विधिको प्रयोग गरिएको छ :

### क. आगमनात्मक विधि

विशिष्टीकरणलाई सामान्यीकरण गर्ने विधि आगमनात्मक विधि हो। आगमनात्मक विधिमार्फत प्रचलित सिद्धान्तलाई आधार बनाएर अध्ययन गरिन्छ । सङ्कलित तथ्यबाट तर्कपूर्ण विधिले सार्वभौम सामान्यीकरणमा पुग्ने प्रक्रिया आगमनात्मक विधि हो (King, Keohane & Verba, 1994 : 9-10)। विशिष्टीकरणबाट सामान्यीकरण गर्दै निष्कर्षमा पुग्ने यस आगमनात्मक विधिमा सङ्कलित तथ्यलाई आधार मानी विश्लेषण गरी निलिकाएको निष्कर्ष सबैमा लागू

गरिन्छ । प्रस्तुत शोधप्रबन्ध तयार गर्दा यसै आगमनात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा समाजवादी सिद्धान्तलाई आधार बनाई नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावबारे अध्ययन गरिएको छ । नेपाली राजनीतिमा समाजवादी विचारको प्रभाव परे पनि नेपाली राज्यसत्ता सञ्चालनका प्रक्रियामा समाजवादी विचारको प्रभाव परेको छैन र नेपालमा कुनै पनि राजनीतिक दल र राजनीतिज्ञ अर्थात् नेताहरू समाजवादी होइनन् भनी निष्कर्ष निकाल्न यस आगमनात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ ।

## ३.६ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा भनेको अनुसन्धानको विस्तृत एवम् पूर्ण कार्ययोजना र संरचना हो । अनुसन्धान ढाँचाको आफ्नै स्वरूप र विशेषता हुन्छ । तथापि अनुसन्धान ढाँचामा अनुसन्धानको समस्या छनोट, परिकल्पनाको निर्माण, अवधारणागत स्पष्टता, पूर्वकार्यको समीक्षा, अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन, विश्लेषण, परिकल्पना परीक्षण र सामान्यीकरण, विवेचना र प्रस्तुतीकरण, प्रतिवेदन, सन्दर्भ सामाग्रीसूची अनुसन्धान ढाँचाको अङ्गहरू हुन् (King, Keohane & Verba, 1994 : 13-14)। पछिल्लो समयमा सामाजिक अनुसन्धानलाई वैज्ञानिक र विश्वासनीय बनाउन निश्चित योजना, कार्यपद्धति प्रक्रिया र विधिका आधारमा अनुसनधान गरिने भएको हुँदा अनुसन्धान ढाँचाको भूमिका अनुसन्धानमा महत्त्वपूर्ण रहेको छ । प्रस्तुत शोधप्रबन्धलाई वैज्ञानिक र विश्वसनीय बनाउन निम्न अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ :

ऐतिहासिक अनुसन्धान ढाँचा भन्नाले ऐतिहासिक अनुसन्धान विधिलाई प्रयोग गरी अनुसन्धान गर्न तयार पारिएको ढाँचा भन्ने बुझिन्छ । वर्तमानसँग विगतको अन्तर्सम्बन्ध रहन्छ नै यसर्थ वर्तमान समयमा कुनै पनि अनुसन्धानको शीर्षक चयन गर्दा त्यस अनुसन्धान शीर्षकको सम्बन्ध उसको इतिहाससँग हुन्छ । त्यस अनुसन्धान शीर्षकको इतिहास बुझ्न र अनुसन्धान तयार पार्न ऐतिहासिक अनुसन्धान ढाँचाको प्रयोग गरिएको हुन्छ । प्रस्तुत शोधप्रबन्ध तयार पार्न पनि शोध शीर्षकको इतिहास केलाउँदा यस ढाँचाको प्रयोग गरिएको छ। नेपालको राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन र अनुसन्धान गर्ने क्रममा नेपालको समाजवादी आन्दोलनको इतिहास अध्ययन गरी शोधकार्य गर्नका लागि ऐतिहासिक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

नयाँ तथ्य र सत्य पत्ता लगाउन र नयाँ वस्तुको खोजी गर्नका निमित्त अनुसन्धानमा अन्वेषणात्मक अनुसन्धान ढाँचाको निर्माण गरिन्छ जसबाट समाजमा नयाँ सत्य, तथ्य र वस्तुको खोजी हुन पुग्दछ । अन्वेषणात्मक अनुसन्धानको उद्देश्य शुद्ध अध्ययन र परिकल्पना विकास हो । अन्वेषणात्मक अनुसन्धान ढाँचाले संरचनात्मक अध्ययन गर्न, भविष्यको परिणाम थाहा पाउन र

वातावरणको अध्ययन गर्न सहज गर्छ (King, Keohane & Verba, 1994 : 142)। अन्वेषणात्मक अनुसन्धान ढाँचाले नयाँ शोधको परिकल्पना निर्माण गर्न, नयाँ परिकल्पना विकास गर्न र विद्यमान परिकल्पनालाई बढी वैज्ञानिक तरिकाले परीक्षण गर्ने कार्य गर्दछ। प्रस्तुत शोधप्रबन्ध तयार गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। नेपाली राजनीतिमा समाजवादी विचारको प्रभाव कत्तिको छ अथवा छ या छैन भन्ने नयाँ तथ्य पत्ता लगाउन अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी प्रस्तुत शोधप्रबन्धमा गरिएको छ।

वर्णनात्मक अनुसन्धान ढाँचा भन्नाले विषयवस्तुको अथवा शोधको लेखनकार्यमा वर्णनको शैली अपनाउनु भन्ने बुझिन्छ। अनुसन्धानमा विभिन्न चरहरूबिचको सम्बन्धको वर्णन गर्न वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिन्छ (King, Keohane & Verba, 1994 : 32). वर्णनात्मक अनुसन्धान ढाँचामा समस्याको पहिचान र त्यसको व्याख्या गर्ने, विश्लेषण गर्ने, उद्देश्यलाई स्पष्ट पार्ने, स्रोत सामग्रीको छनोट गर्ने, उपयुक्त अनुसन्धान विधिको प्रयोग गर्ने, तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्ने जस्ता कार्य पर्दछन्। प्रस्तुत शोधप्रबन्धमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। यस शोधप्रबन्धमा नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावलाई अध्ययन गर्ने क्रममा सङ्कलित स्रोत सामग्रीलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ।

## ३.७ स्रोत सामग्री सङ्कलन

अनुसन्धान गर्दा तथ्याङ्क सङ्कलन अनिवार्य रूपमा गर्नुपर्छ। यदि तथ्याङ्क सङ्कलन गर्न सकिएन भने अनुसन्धान गर्न सम्भव नै हुन्न। अनुसन्धानमा सम्बद्ध तथ्याङ्क सङ्कलन राम्रो र ठोसपूर्ण गर्न सकियो भने अनुसन्धान प्रभावकारी र उत्कृष्ट हुन पुग्दछ। यसर्थ तथ्याङ्क सङ्कलन गर्न तथ्याङ्क सङ्कलन विधिको प्रयोग गर्नुपर्छ। तथ्याङ्क भनेको तथ्य, आँकडा, प्रमाण र स्रोत हो। अनुसन्धान परिकल्पनालाई मूर्त र ठोस रूप दिई आधिकारिक रूपमा प्रमाणित भए विश्वसनीय हुन्छ। अनुसन्धानलाई मूर्त र ठोस रूप दिएर विश्वसनीय बनाउन सामग्रीको प्रयोग गर्नुपर्छ। तथ्याङ्क सङ्कलन मुख्य प्राथमिक र सहायक स्रोतबाट गरिन्छ। प्रस्तुत शोधप्रबन्ध तयार पार्दा प्राथमिक र द्वितीयक गरी दुवै थरीका तथाङ्कहरूको सङ्कलन गरिएको छ।

### क. प्राथमिक स्रोत

अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक स्रोतबाट गरिन्छ। स्थलगत भ्रमण गरेर अनुसूची तयार पार्ने, अन्तर्वार्ता लिने र अवलोकन गर्ने काम गरेर सङ्कलन गरिएको तथ्याङ्क प्राथमिक स्रोत हो। प्रस्तुत शोधमा प्राथमिक स्रोतका रूपमा विभिन्न विद्वान्हरू, विभिन्न राजनीतिक दलका नेताहरू, विश्वविद्यालयका प्राध्यापकहरू र राजनीतिक विश्लेषकहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ। प्राथमिक स्रोतका रूपमा सामाजिक अनुसन्धानमा मानिससँग प्रत्यक्ष

तथ्याङ्क सङ्कलन गर्ने प्रचलन पनि छ। सामाजिक अनुसन्धानको सामाग्रीसङ्कलन गर्ने स्रोत पद्धतिका रूपमा मानिसलाई पनि लिन सकिन्छ। यस पद्धतिमा मानिसलाई भेटेर उनीहरूसँग प्रश्न गरेर प्राप्त भएको जवाफलाई अनुसन्धानमा तथ्याङ्कका रूपमा सङ्कलन गरिन्छ। मानिसलाई भेटेर प्रश्न गरी प्राप्त भएको जवाफहरूलाई तथ्याङ्क सङ्कलन गर्ने विधिहरूमा प्रश्नावली, अनुसूची, अन्तर्वार्ता तथा साक्षात्कार जस्ता कुराहरू पर्दछन्। प्रस्तुत शोधप्रबन्धमा तथ्याङ्क सङ्कलन गर्दा अन्तर्वार्ता लिने कार्य गरिएको छ।

अन्तर्वार्ता अनुसन्धानमा सामग्री सङ्कलनका निमित्त तथ्याङ्क सङ्कलनको प्रभावकारी स्रोत हो। अनुसन्धानमा लिखित तथ्याङ्क सङ्कलन गर्न गाह्रो भएका अवस्थामा र सामग्री सङ्कलन गर्न पनि गाह्रो भएका अवस्थामा अन्तर्वार्तालाई तथ्याङ्क सङ्कलन र परीक्षणका लागि महत्त्वपूर्ण विधिका रूपमा अपनाइन्छ। प्रस्तुत शोधग्रन्थमा अन्तर्वार्ता विधिको प्रयोग गर्दा उद्देश्यपूर्ण नमुना छनोटको प्रयोग गरी अन्तर्वार्तादाताको छनोट गरिएको छ।

अन्तर्वार्तादाताहरूलाई खुला प्रश्नावली प्रयोग गरी अन्तर्वार्ता लिइएको छ। यसरी लिइएको अन्तर्वार्तालाई रेकर्डरमा रेकर्ड गरेर कपीमा हुबहु जस्ताको त्यस्तै सारेर सामग्री तयार गरेर तथ्याङ्क सङ्कलन गरिन्छ। यसरी सङ्कलन गरिएको तथ्याङ्कलाई प्रशोधन नगरेर वर्गीकरण र सम्पादन गरी लिइएको तथ्याङ्कलाई विश्लेषण गरी सामान्यीकरण गर्दै निष्कर्ष निकालिन्छ।

### ख. सहायक स्रोत

अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्दा सहायक स्रोतबाट पनि गरिन्छ। सहायक स्रोतमा साहित्यिक विवरणहरू पर्दछन्। प्रस्तुत शोधप्रबन्धमा सहायक स्रोतका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखकहरूले लेखेका पुस्तकहरू, नेपाली प्राज्ञ, बुद्धिजीवी, राजनीतिज्ञ र लेखकहरूले लेखेका पुस्तकहरू, विभिन्न पत्रपत्रिकामा छापिएका आलेख एवम् स्तम्भहरू, नेपालका राजनीतिक दलका दस्तावेजहरू, निर्वाचनका घोषणापत्रहरू, अनुसन्धानका क्रममा प्राप्त सामग्रीहरू र तथ्याङ्कहरूको प्रयोग गरिएको छ। यो पुस्तकालयमा सङ्ग्रह गरिएका सामग्रीहरूलाई स्रोतका रूपमा प्रयोग गर्ने विधि हो। पुस्तकालयमा गएर विविध पुस्तकहरूको अध्ययन गरी तथ्याङ्क सङ्कन गर्ने विधि पुस्तकालयीय कार्य हो। पुस्तकालयमा आफ्नो शोध शीर्षकअनुसारको सामग्री, विषयगत पुस्तक, विषयगत शोधपत्र, बुलेटिन, जर्नल, गोष्ठीपत्र आदि तथा विविध पत्रपत्रिकाको अध्ययन गरी तथ्याङ्क सङ्कलन गर्न सकिन्छ। प्रस्तुत शोधप्रबन्धमा प्रकाशित/अप्रकाशित दस्तावेजहरूको प्रयोग गरिएको छ। प्रकाशित/अप्रकाशित दस्तावेजहरूमा राजनीतिक दलहरूको राजनीतिक प्रतिवेदन, निर्वाचनका घोषणापत्र, ऐतिहासिक दस्तावेजहरू, यस शोधशीर्षकसँग सम्बन्धित शोधपत्र र शोधप्रतिवेदनहरूको अध्ययन गरी प्रस्तुत शोधका लागि तथ्याङ्क सङ्कलन गरिएको छ। प्रस्तुत शोधप्रबन्धमा दस्तोवेजहरूलाई सामग्रीका रूपमा तथ्याङ्क सङ्कलन गर्दा दस्तावेज तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरिएको छ।

## ३.८ स्रोत सामग्री सङ्कलनका प्रविधि र उपकरण

अनुसन्धानमा विविध विधिहरू हुन्छन्। अनुसन्धान गर्दा अपनाइने विधि र त्यसमा अवलम्बन गरिने पद्धति, प्रक्रिया र व्यवहार नै अनुसन्धान प्रविधि हो। अनुसन्धान प्रविधिमा अवलोकन, सामग्री सङ्कलन र तथ्याङ्क व्यवस्थापन गर्ने व्यावहारिक पाटाहरू पर्दछन्। अनुसन्धानका क्रममा विभिन्न चरणमा परीक्षण गर्न अपनाइने विधि नै प्रविधि हो। प्रस्तुत शोधप्रबन्धमा अनुसन्धान प्रविधिको प्रयोग गरिएको छ। यसमा लेखन, सामग्री सङ्कलन, सङ्कलित तथ्याङ्कको वस्तुपरक विश्लेषण, रेकर्ड, श्रवण, अन्तर्वार्ता जस्ता अनुसन्धान प्रविधिको प्रयोग गरिएको छ जसले गर्दा प्रस्तुत शोधप्रबन्ध विश्वसनीय, भरपर्दो र वैज्ञानिक बन्न पुगेको छ।

अनुसन्धानमा समस्याको पहिचान गरी समस्याअनुसारको तथ्याङ्क सङ्कलन गर्न अपनाइने तरिकालाई अनुसन्धान उपकरण भनिन्छ। अनुसन्धान उपकरण अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न औजारका रूपमा प्रयोग गरिन्छ। अनुसन्धानका औजारहरूको सर्वेक्षण, प्रश्नावली, अन्तर्वार्ता, अनुसूची प्रयोग, प्रत्यक्ष अवलोकन र सहभागितामूलक अवलोकन पर्दछन्। यी औजारहरू तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिन्छन्। प्रस्तुत शोधप्रबन्धमा अनुसन्धान उपकरणको पनि प्रयोग गरिएको छ। यसमा तथ्याङ्क सङ्कलन र अन्तर्वार्ता लिनका लागि अनुसन्धान उपकरणको प्रयोग गरिएको छ। यसमा तथ्याङ्क सङ्कलन र अन्तर्वार्ता जस्ता अनुसन्धान औजारको प्रयोग गरिएको छ। यसमा अनुसन्धान औजारको प्रयोग गरी सङ्कलित तथ्याङ्कलाई वर्गीकरण र विश्लेषण गरी परिकल्पनाको सामान्यीकरण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ।

## ३.९ तथ्याङ्कको प्रशोधन

अनुसन्धानमा तथ्याङ्क सङ्कलन सकेपछि तथ्याङ्कको प्रशोधनको चरणमा पुगिन्छ। यस चरणमा सङ्कलित तथ्याङ्कलाई वैज्ञानिक र व्यवस्थित ढङ्गले शोधमा प्रयोग गर्नुपर्दछ जसले गर्दा शोध विश्वसनीय र भरपर्दो हुन्छ। सङ्कलित तथ्याङ्कलाई अध्ययन, विश्लेषण र सामान्यीकरण गर्नुपर्छ। प्रस्तुत शोधप्रबन्धमा सङ्कलित तथ्याङ्कलाई प्रशोधन गरी तथ्याङ्कको अध्ययन, विश्लेषण र सामान्यीकरण गरी यस शोधग्रन्थलाई विश्वसनीय भरपर्दो र वैज्ञानिक बनाइएको छ। सङ्कलित तथ्याङ्कलाई प्रशोधन गरी अध्ययन, विश्लेषण र सामान्यीकरण गर्दा यस शोधमा परिभाषीकरण, वर्गीकरण, व्यवस्थापन, खण्डनमण्डन, तुलना-प्रतितुलना निष्कर्ष जस्ता चरको प्रक्रिया अपनाइएको छ जसले गर्दा यो शोधप्रबन्ध वैज्ञानिक र विश्वसनीय बनेको छ। प्रस्तुत शोधप्रबन्धमा सङ्कलित तथ्याङ्कलाई प्रशोधन गर्ने क्रममा निम्न कार्य गरिएको छ :

## ३.१० तथ्याङ्कको व्याख्या

अनुसन्धानमा सङ्कलित तथ्याङ्कको वर्गीकरणपछिको चरण तथ्याङ्कको व्याख्याको आउँछ । तथ्याङ्कलाई आवश्यकताअनुसार वर्गीकरण गरेपछि व्याख्या गरिन्छ र यसपछि विश्लेषण गर्दै शोधको निष्कर्ष निकालिन्छ । प्रस्तुत शोधप्रबन्धमा पनि सङ्कलित तथ्याङ्कको वर्गीकरण गरेपछि आवश्यक तथ्याङ्कको व्याख्या गरी विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषण गरिसकेपछि शोधको निष्कर्ष निकालिएको छ जसले गर्दा यस शोधलाई विश्वसनीय, भरपर्दो र वैज्ञानिक बनाउन मदत गरेको छ ।

## ३.११ तथ्याङ्कको विश्लेषण

तथ्याङ्क विश्लेषण सङ्कलित सामग्रीलाई सम्पादन गरेर अर्थ दिने र निष्कर्ष निकाल्ने प्रक्रिया हो । सङ्कलित सामग्रीलाई व्यवस्थापन, तालिकीकरण र वर्गीकरण गरेपछि निष्कर्षमा पुग्नका लागि गरिने विश्लेषण तथ्याङ्क विश्लेषण हो । प्रस्तुत शोधप्रबन्धमा पनि सङ्कलित सामग्रीलाई वर्गीकरण गरेर आवश्यक तथ्याङ्कलाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ जसले गर्दा प्रस्तुत शोधप्रबन्ध विश्वासनीय, भरपर्दो र वैज्ञानिक बनेको छ । यस शोधप्रबन्धमा अँगालिएको तथ्याङ्क विश्लेषणको पद्धति र विधि गुणात्मक प्रकृतिको छ ।

सामाजिक विज्ञान आचरणवादी विज्ञान भएको हुँदा यो मूलतः विचारप्रधान शोधप्रबन्ध हो । विचारप्रधान भएकाले प्रस्तुत शोधप्रबन्धमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । सामाजिक विज्ञानमा गुणात्मक तथ्यहरूलाई विवरणात्मक र विश्लेषणात्मक तरिकाले अपनाइने हुँदा प्रस्तुत शोधप्रबन्धमा सङ्कलित स्रोत सामग्रीलाई विवरणात्मक र वर्णनात्मक रूपमा प्रस्तुत गरी गुणात्मक तथ्यहरूका आधारमा निष्कर्ष निकाल्न गुणात्मक विश्लेषण पद्धति अपनाइएको छ । यस विश्लेषण विधिको प्रकृति र चरित्र गुणात्मक हो । प्रस्तुत शोधप्रबन्धमा सङ्कलित सामग्रीहरूलाई वर्गीकरण गरी तथ्याङ्कका रूपमा प्रयोग गर्दा गुणात्मक तथ्याङ्क विश्लेषण अपनाइएको छ जसले गर्दा यो शोध विश्वसनीय बनेको छ ।

माथि उल्लिखित अनुसन्धान सिद्धान्त, पद्धति र विधिको प्रयोग प्रस्तुत शोधप्रबन्धमा गरिएको छ जसले गर्दा यो शोध विश्वासनीय, भरपर्दो र वैज्ञानिक बन्न पुगेको छ ।

# अध्याय चार

# नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवका आधारहरू

## ४.१ समाजवादी विचारको अर्थ र परिभाषा

समाजवाद भन्नाले सामाजिक स्वमित्वमा आधरित रहेको समाज व्यवस्था भन्ने बुझिन्छ जुन समाज व्यवस्थामा निजी स्वामित्व गौण र सामाजिक स्वामित्व प्रधान रहन्छ। राज्यका उत्पादन र वितरणका साधानहरू सम्पूर्ण रूपमा समाजका मातहतमा रहन्छन्। मार्क्सवाद र लेनिनवादका अनुसार 'सामन्तवाद, पुँजीवाद र साम्राज्यवादी शोषणका सारा जराहरू उखेलेर सम्पत्ति र उत्पादनका साधनहरू साझा बनाएर जनताको नेतृत्वमा कायम गरिने व्यवस्थालाई समाजवाद भनिन्छ' (शिवाकोटी, २०६७, पृ. १२८८)। 'हरेकको क्षमताअनुसार काम र कामअनुसारको पारिश्रमिक प्राप्त गर्नु समाजवादी विचारको प्रमुख सिद्धान्त हो' (Pablo, 2015, pp 197-225). मार्क्स र एङ्गेल्सले समाजवादी विचारको अर्थ र परिभाषा दिने क्रममा समाजवादलाई साम्यवादको निम्न चरण र साम्यवादलाई समाजवादको माथिल्लो चरण भनेका छन् (Roemer, 1986, pp 31)। निजी स्वामित्वमा आधारित सामाजिक व्यवस्थाका ठाउँमा समाजवादी व्यवस्थाको स्थापना जुन साम्यवादी राजनीतिक व्यवस्थाको स्थापना गर्नुभन्दा अगाडिको चरणमा गरिन्छ (Cohen, 2000, pp 224)। जसको लक्ष्य उत्पादनका साधनहरूमा आमजनताको स्वामित्वको स्थापना गर्ने हुन्छ। समाजवादी व्यवस्थाको सिद्धान्त र लक्षण भनेको राज्यसत्ताको उत्पादनका साधनहरूलाई आमजनताको स्वामित्व गराउनु, राज्यसत्ताको उत्पादनलाई आमजनताले उपभोग गर्न पाउनु, राज्यसत्ताको उत्पादनलाई आम जनताको स्वामित्वअन्तर्गत राख्नु र वितरण गर्नु हो (Carens, 2003, pp 46-47)। समाजवादका हाम्रा आआफ्नै बुझाइ एवम् दृष्टिकोण छन्। हामीले समग्र रूपमा बुझ्दा राज्यका उत्पादन र वितरणका साधनहरूमा आम जनताको पहुँच हुनु तथा राज्यमा निजी स्वामित्व गौण र सामाजिक स्वामित्व प्रधान हुन नै समाजवाद हो।

समाजवादी विचारले पुँजीवादको पूर्ण निषेधका रूपमा वुर्जुवा सामाजिक संरचनालाई क्रान्तिकारी शैलीले पुनर्गठन र पुनर्निर्माण गर्दछ (Roemer, 1986, pp 29)। साम्यवादी व्यवस्थाको विकास तीन चरणबाट हुन्छ। साम्यवादी व्यवस्था पहिलो चरणमा पुँजीवादबाट समाजवादी व्यवस्थामा सङ्क्रमण गर्दछ, दोस्रो चरणमा समाजवादी साम्यवादी व्यवस्थाको तल्लो चरणमा सङ्क्रमण गर्दछ र तेस्रो चरणमा पूर्णरूपमा साम्यवादी व्यवस्थामा सङ्क्रमण गर्दछ (Roemer, 1986, pp 42)। समाजवाद साम्यवादी व्यवस्थाको पहिलो सङ्क्रमित चरण हो। साम्यवादी व्यवस्था स्थापना हुनुअघि समाजवादी व्यवस्थाको निर्माण हुन्छ। समाजवादी क्रान्ति

राजनीतिक सत्ता परिवर्तनमा मात्रै सीमित हुँदैन । यसले सुरुदेखि नै समाजवादका आधारहरूको निर्माण गर्दछ । लेनिनले सङ्क्रमणकालको अन्त्य समाजवादको विजयको द्योतक हो भनेर भनेका छन् (Harnecker, 2015, pp 76)।

समाजवादको सङ्क्रमणको चरणमा सामाजिक आधारको विकास आफ्नै ढङ्गले हुन्छ। राज्यसत्ताको अर्थव्यवस्था, सामाजिक व्यवस्था र राजनीतिक व्यवस्थमा समाजवादका मूल आधारहरूको निर्माण हुन्छ (Arnold, 2017, pp 28)। सामाजिक व्यवस्थाको हरेक क्षेत्रमा बुर्जुवा तत्त्वको पूर्ण उन्मूलन हुन्छ र समाजवादका आधारहरू पूर्ण रूपमा तयार हुन्छन् । समाजवादको अभिलक्षणा राष्ट्रिय अर्थव्यवस्थामा समान उत्पादन, सन्तुलित विकास र सबै क्षेत्रमा उत्पादनका सामर्थ्यको समान विकास हुनु हो (Arnold, 2017, pp 57) । समाजवादका आधारहरू राज्यका हरेक क्षेत्रमा उत्पादन र वितरणको सामर्थ्य विकास गर्नु र राष्ट्रिय पुँजी निर्माणका लागि राज्यको आर्थिक व्यवस्थालाई मजबुत रूपमा विकास गर्नु पनि हो ।

एउटा राजनीतिक व्यवस्थालाई अर्को राजनीतिक व्यवस्थाले विस्थापित गर्नु प्राकृतिक नियम हो (Ypi, 2018, pp 157)। सामन्तवादी व्यवस्थालाई पुँजीवादी व्यवस्थाले विस्थापित गरे पनि यी दुबैको चरित्र भने समान थियो । सामन्तवादी व्यवस्थालाई पुँजीवादी व्यवस्थाले विस्थापित गरेपछि पुँजीवादी व्यवस्थालाई विस्थापित गर्न समाजवादी विचारको उद्भव र विकास भएको हो । समाजवादी व्यवस्थाले पुँजीवादी व्यवस्थालाई विस्थापित गर्दा समाजवादी सत्ताको स्थापना गर्ने मजदुर वर्ग र किसान वर्गका बिच सहसम्बन्ध कायम गराउने, राज्यसत्ताको उत्पादनका क्षेत्रमा पुँजीवादी स्वामित्वको उन्मूलन गर्दै सामाजिक तथा आमजनताको स्वामित्व स्थापना गर्ने, कृषि क्षेत्रमा समाजवादी रूपान्तरण गराउने, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा समाजवादी विचारको विकास गराउने र समाजवादी क्रान्ति गर्ने, समाजवादी विचारमा आस्था राख्ने बुद्धिजीवी वर्ग र प्राज्ञिक वर्गको निर्माण गर्ने, जातीय उत्पीडनको उन्मूलन गर्ने र समानताको निर्माण गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शत्रुहरूको आक्रमणबाट समाजवादको रक्षा गर्ने जस्ता कार्यभारहरू पूरा गर्दछ (Van Parijs, 1993, pp 137-138)। एउटा राजनीतिक व्यवस्थालाई अर्को राजनीतिक व्यवस्थाले विस्थापित गर्ने प्राकृतिक नियम भए झैँ पुँजीवादी राजनीतिक व्यवस्थालाई समाजवादी राजनीतिक व्यवस्थाले विस्थापित गर्दछ । समग्रमा भन्ने हो भने मानव समाजमा वर्गहरू रहन्छन्, तिनीहरूका बिचमा सङ्घर्ष हुन्छ र सङ्घर्षमा बहुमतमा रहेका उत्पीडित वर्गले शोषक वर्गमाथि विजय प्राप्त गर्दछ र समाजमा सामाजिक न्याय, समानता, शोषणविहीन समाजको स्थापनाको मार्ग निर्देशन समाजवाद हो, पुँजीवादी समाज उत्कर्षमा पुगेको समयमा सर्वहारा वर्गले गर्ने विद्रोह र त्यसबाट पाउने विजय र मुक्तिले समाजवादी शासन स्थापना गर्नेछ भन्ने भनाइ संस्थापकहरूको छ (Marx, Engles, pp 1969)। माथिका तथ्यहरूले के देखाउँछ भने समाजवादी

व्यवस्था स्थापित भएपछि समाजवादले पुँजीवादी निजी स्वामित्वलाई उन्मूलन गर्दै सामाजिक समाजवादी स्वामित्वलाई स्थापित गर्दछ । साथै राष्ट्रिय पुँजी निर्माण गर्दै समुन्नत र समृद्ध समाजको निर्माण हुन्छ, त्यही नै समाजवाद हो र यस्तो व्यवस्था स्थापना गर्ने विचारलाई समाजवादी विचार भनिन्छ ।

## ४.२ समाजवादी विचारको दार्शनिक तथा सैद्धान्तिक आधार

१९०५ सालमा मार्क्स र एङ्गेल्सले कम्युनिस्ट लिगका लागि राजनीतिक कार्यक्रम कम्युनिस्ट घोषणापत्र लेखेपछि विश्व राजनीतिमा समाजवादी विचारधाराको उद्‌भव भएको थियो । यस समाजवादी विचारको दार्शनिक आधार मार्क्सवाद हो र सैद्धान्तिक आधार सर्वहारा वर्गको अधिनायकत्व हो (Cohen, 2009, pp 113) । मार्क्सवादी दर्शनका तीन सङ्घटक सिद्धान्तमध्ये समाजवादी विचार पनि एक सिद्धान्त हो भने मार्क्सवादी दर्शनका तीन स्रोतमध्ये वैज्ञानिक समाजवादी विचारको स्रोत काल्पनिक समाजवाद हो । मार्क्स र एङ्गेल्सका सम्पूर्ण विचारको सङ्ग्रहलाई मार्क्सवाद भनिन्छ । मार्क्सवादका प्रमुख तीन सङ्घटक तत्त्व र तीन सिद्धान्त छन् । जुन तीन सङ्घटक तत्त्वमा दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्र पर्दछन् भने तीन सिद्धान्तहरूमा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त र सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्त छन् (Kołakowski: 2008, pp 97) । समाजवादी विचारधारा मार्क्सवादी दर्शनको सिद्धान्त हो । समाजवादी विचारधाराको स्रोत काल्पनिक समाजवादी विचारधारा हो । समाजवादी विचारधाराको मूल दार्शनिक आधार मार्क्सवादी दर्शन हो ।

### ४.२.१ मार्क्सवाद

मार्क्सवाद मार्क्स र एङ्गेल्सको दार्शनिक वैचारिक र सैद्धान्तिक खोज तथा अनुसन्धान हो । मार्क्सवाद दर्शनका क्षेत्रमा ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद, आर्थिक क्षेत्रमा अर्थशास्त्र र राजनीतिक क्षेत्रमा वर्ग सङ्घर्षको सिद्धान्त भएको व्यवस्थित विज्ञान हो (Van Parijs, 1993, pp 37-39) । मार्क्सवादी दर्शन समाजवादी विचार हो, सर्वहारावर्गको विश्व दृष्टिकोण हो, पुँजीवादी व्यवस्थाको प्रतिस्पर्धी र विरोधी व्यवस्था हो । मार्क्सवादी दर्शनले द्वन्द्वात्मक ऐतिहासिक दृष्टिकोणअनुसार समाजको व्याख्या गर्दछ र समाजमा वर्गसङ्घर्षको सिद्धान्तअनुसार क्रान्तिलाई निर्धारण गरी समाजवाद हुँदै साम्यवादसम्मको यात्रा तय गर्ने कार्यक्रमको निर्माण गर्दछ (Kołakowski: 2008, pp 126)। मार्क्सवादी दर्शन सर्वहारा तथा मजदुरवर्गको राजनीतिक मुक्तिका लागि तयार गरिएको राजनीतिक सङ्घर्षको कार्यक्रम हो जसका आधारमा विश्वका विभिन्न मुलुकका सर्वहारा तथा मजदुरवर्गले समाजवादी पार्टी तथा कम्युनिस्ट पार्टीले समाजवादी, जनवादी क्रान्ति सम्पन्न गरी समाजवादी तथा जनवादी राज्यको निर्माण गरेका थिए ।

मार्क्सवादी दर्शनको १९ औं शताब्दीमा उद्भव हुँदा विश्व राजनीतिक रङ्गमञ्चमा पुँजीवादी व्यवस्थाको अन्त्य गर्न खोज्ने सर्वहारावर्ग र मजदुरवर्गको प्रादुर्भाव भइसकेको थियो (Sassoon, 2013, pp 213) । लेनिनले मार्क्सवादको स्रोत हेगेल र फायरबाखको जर्मन शास्त्रीय दर्शन, एडम स्मिथ र रिकार्डोको राजनीतिक अर्थशास्त्र र सेन्ट साइमन, चार्ल्स फुरिये र रबर्ट आवेनको काल्पनिक समाजवाद हो भनेका छन् (Kołakowski, 2008, pp 90) । मार्क्स र एङ्गेल्सले मार्क्सवादी दर्शनको प्रतिपादन गर्ने क्रममा फ्रान्सको राजनीतिक क्रान्ति, जर्मनीको शास्त्रीय दर्शन र बेलायतको अर्थशास्त्रको अध्ययन गरी त्यस बेलासम्मका सामाजिक उपलब्धि र सर्वहारा वर्ग र मजदुर वर्गले सङ्घर्ष, क्रान्ति र आन्दोलनबाट उपलब्ध गरेका अनुभवहरूलाई अध्ययन गर्दै समाजवादी विचारको प्रतिपादन गरेका थिए । मार्क्स र एङ्गेल्सले मार्क्सवादी दर्शनको प्रतिपादन गरी मजदुर वर्ग र सर्वहारा वर्गको राजनीतिक कार्यक्रम निरूपण गरी पुँजीवादी व्यवस्थालाई विस्थापन गर्न समाजवादी विचारको प्रतिपादन गरी समाज रूपान्तरण र विकासको नयाँ साधन एवम् साध्यको व्याख्या र विश्लेषण गरी प्रस्तुत गरेका थिए (Sassoon, 2013, pp 180-182) । मार्क्स र एङ्गेल्सले फ्रान्सेली राज्यक्रान्ति, जर्मनीको शास्त्रीय दर्शनशास्त्र र बेलायती अर्थशास्त्रको गहिरो अध्ययन, समीक्षा र संश्लेषण गरी मार्क्सवादी दर्शन र समाजवादी विचारधारा प्रतिपादन गरेका थिए जसमा सर्वहारा तथा मजदुर वर्गको मुक्तिका लागि र राजनीतिक सत्ता प्राप्तिका लागि राजनीतिक सङ्घर्षका कार्यक्रम तय गरिएको थियो ।

### ४.२.२ द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद

द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद मार्क्सवादी दर्शनको एउटा विधि, पद्धति र सिद्धान्त हो जसले समाजको द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार व्याख्या, विश्लेषण र अध्ययन गर्दछ । मार्क्सले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादलाई पदार्थमा आधारित सिद्धान्त हो भनेका थिए । द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादलाई मार्क्सले तात्त्विक नियमका रूपमा विकास गरी सामाजिक व्यवस्थासँग यसको सम्बन्ध गाँसेका थिए (Forst, 2017, pp 523) । मार्क्सले समाजको उद्भव, विकास र विनाशमा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादको नियम लागू गरी यस विधिमार्फत समाजको अध्ययन गर्ने पद्धतिको विकास गरेका थिए । मार्क्सले व्यक्तिगत चेतनाले सामाजिक चेतनाको निर्माण नगरी सामाजिक चेतनाले व्यक्तिगत चेतनाको निर्माण गर्दछ भन्ने धारणा व्यक्त गरेका थिए (Cohen, 2000, pp 68) । उनले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी सिद्धान्तको निर्माण गरी यसै दृष्टिकोणअनुसार समाज विकासको उद्भव र विकासको अध्ययन, व्याख्या र विश्लेषण गरेका थिए ।

मार्क्सले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार मानव समाजको विकासलाई पाँच चरणमा राखी अध्ययन गरेका थिए । उनले मानव विकासको पहिलो चरण आदिम साम्यवादी युग, दोस्रो चरण दास युग, तेस्रो चरण सामन्तवादी युग, चौथो चरण पुँजीवादी युग र पाँचौँ चरण समाजवादी तथा साम्यवादी युग भनी पाँच चरणमा मानव समाजको विकासलाई अध्ययन गरेका थिए (Cohen, 2000, pp 73-75) । उनका अनुसार हरेक युगमा पक्ष र प्रतिपक्ष थिए । ती पक्ष र प्रतिपक्षको अन्तर्विरोधबाट द्वन्द्वको सिर्जना हुन पुगी मानव समाजमा क्रान्ति भयो र त्यही क्रान्तिले नै मानव समाजको विकास र सामाजिक व्यवस्थामा परिवर्तन गर्‍यो भन्ने थियो (Cohen, 2000, pp 79) । उनले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार नै मानव समाजको उद्भव र विकासलाई तथा राजनीतिक र सामाजिक व्यवस्थालाई पाँच चरणमा विभाजन गरी अध्ययन, व्याख्या र विश्लेषण गरेका थिए ।

उनले आदिम साम्यवादमा वर्गको उद्भव नभए पनि मानवीय स्वार्थ र प्रकृतिक नियमबिचको अन्तरविरोध र द्वन्द्वले तत्कालीन मानव समाज दास युगमा प्रवेश गरेको थियो, दास युगको मानव समाजमा दास र मालिकबिचको अन्तरविरोध, द्वन्द्व र सङ्घर्षले तत्कालीन मानव समाज सामन्तवादी युगमा प्रवेश गरेको थियो, सामन्तवादी युगको मानव समाजमा सामन्त र किसानबिचको अन्तरविरोध, द्वन्द्व र सङ्घर्षले तत्कालीन मानव समाज सामन्तवादी युगमा प्रवेश गरेको थियो (Sassoon, 2013, pp 64) । सामन्तवादी युगको मानव समाजमा सामन्त र किसानबिचको अन्तरविरोध, द्वन्द्व र सङ्घर्षले तत्कालीन मानव समाज पुँजीवादी युगमा प्रवेश गरेको थियो, पुँजीवादी युगको मानव समाजमा सर्वहारा वर्ग र बुर्जुवा वर्गबिचको अन्तरविरोध, द्वन्द्व र सङ्घर्षले मानव समाज समाजवादी व्यवस्था हुँदै साम्यवादी युगमा प्रवेश गर्न सक्दछ भनी द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार मानव समाजको व्याख्या, विश्लेषण गरेका थिए (Sassoon, 2013, pp 112) । उनले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार मानव समाजको विकास र राजनीतिक तथा सामाजिक व्यवस्थाको परिवर्तनलाई ऐतिहासिक पाँच चरणमा राखी अध्ययन, व्याख्या र विश्लेषण गरेका थिए । उनको यसै दृष्टिकोण मार्क्सवादी पद्धतिका रूपमा विकास भएको छ जसलाई हामीले पनि अनुसरण गरी अध्ययन, व्याख्या र विश्लेषण गर्ने गरेका छौं ।

### ४.२.३ अतिरिक्त मूल्यको सिद्धान्त

मार्क्सको अर्थशास्त्रीय आविष्कार ‘अतिरिक्त मूल्यको सिद्धान्त’ हो । मार्क्सका अनुसार शोषणले बचतको सिर्जना गर्छ र त्यो बचत नै अतिरिक्त मूल्य हो (Carens, 2003, pp

145-146)। उनका अनुसार दास युगमा अतिरिक्त श्रमको शोषण हुन्थ्यो, सामन्तवादी युगमा अतिरिक्त अन्नको शोषण हुन्थ्यो र पुँजीवादी युगमा अतिरिक्त मूल्यको शोषण हुन्छ (Roemer, 1986, pp 17) . दास युगको अतिरिक्त श्रमको शोषणले सेवा वस्तु र सम्पत्तिको निर्माण गर्थ्यो, सामन्तवादी युगको अतिरिक्त अन्नको शोषणले अन्नको मौज्दात र व्यापार व्यवसायको निर्माण गरेको थियो र पुँजीवादी युगको अतिरिक्त मूल्यको शोषणले पुँजीवादको निर्माण र विकास गरेको छ (Carens, 2003, pp 155)। मार्क्सले अतिरिक्त मूल्यको सिद्धान्त प्रतिपादन गरी यस सिद्धान्तले मानव समाजको विकास र चरित्रको व्याख्या र विश्लेषण गरेका थिए । उनले आजसम्मको हरेक सामाजिक व्यवस्थाको आधार शोषण हो र शोषणलाई समाप्त पार्न समाजवादी विचार र समाजवादी शासन व्यवस्थाको आवश्यकता पर्दछ र शोषणरहित समाज नै समाजवादी तथा साम्यवादी शासन व्यवस्था हो भनेका थिए (Carens, 2003, pp 175-176)। समाजवादी विचारको दार्शनिक आधार मार्क्सवादी दर्शन हो । मार्क्सवादी दर्शनका तीन सङ्घटक तत्त्व र तीन सिद्धान्त छन्, तीन सङ्घटक तत्त्वमा दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्र पर्दछन् भने ती सिद्धान्तमा द्वन्दात्मक ऐतिहासिक भौतिकवाद, अतिरिक्त मुल्यको सिद्धान्त र वर्गसङ्घर्ष तथा सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त छन् ।

### ४.२.४ सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त

मार्क्सको राजनीतिक सिद्धान्त सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त हो। पुँजीवादी राज्यसत्तालाई विस्थापित गरी साम्यवादी व्यवस्थामा पुग्नु अगावै सङ्क्रमणकालीन समाजवादी शासन व्यवस्थामा पुँजीवादी अवशेषहरूलाई र प्रतिक्रान्तिकारीहरूलाई समाप्त पार्नका लागि शासकीय सत्तात्मक सिद्धान्तका रूपमा सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्तको प्रयोग समाजवादी शासन व्यवस्थामा गरिन्छ (Van Parijs, 1993, pp 110)। पुँजीवादी राज्यसत्ता र प्रतिक्रान्तिकारीहरूलाई दमन र निषेध गरेर वैज्ञानिक समाजवादी व्यवस्था हुँदै साम्यवादी शासन व्यवस्थामा पुगेपछि सर्वहारा वर्गको अधिनायकत्वको कालखण्ड पनि समाप्त हुन्छ र मानव समाज र राज्यमा पूर्णतः लोकतन्त्र मात्रै रहन्छ भन्ने मार्क्सको मत थियो । सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्तलाई लेनिनले मार्क्सको महत्त्वपूर्ण विचार हो भनी प्रस्ट पारेका थिए। सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त समाजवादी सामाजिक व्यवस्थामा लागू गर्दा राज्यसत्ता, राज्यसत्ताभित्रको वर्ग र सामाजिक व्यवस्थाभित्र रहेको शोषणको अन्त्य हुन्छ र कालान्तरमा राज्यविहीन, वर्गविहीन र शोषणविहीन नयाँ साम्यवादी सामाजिक व्यवस्थाको निर्माण हुन्छ (Van Parijs, 1993, pp 119-120)। समाजवादी विचारको दार्शनिक तथा सैद्धान्तिक आधारको अध्ययन गर्दा नै समाजवादी विचारलाई स्पष्टसँग बुझ्न सकिन्छ। समाजवादी विचारको दार्शनिक आधार मार्क्सवादी दर्शन हो भने सैद्धान्तिक आधार वैज्ञानिक समाजवादी विचार हो ।

### ४.२.५ वर्गसङ्घर्षको सिद्धान्त

मार्क्सवादी दर्शनको द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादको आधारभूत मान्यताहरूमा वर्गसङ्घर्षको सिद्धान्त पनि पर्दछ । वर्ग र वर्गसङ्घर्षको खोज तथा अनुसन्धान पुँजीवादी विचारकहरूले गरेका भए पनि सुव्यवस्थित ढङ्गले वर्गसङ्घर्षलाई व्याख्या गरी सैद्धान्तिक आधार दिने काम मार्क्सले नै गरेका थिए । मार्क्सले वर्गसङ्घर्षलाई उत्पादनका साधनको ऐतिहासिक विकास प्रक्रियासँग जोड्ने, वर्गसङ्घर्षलाई सिद्धान्तका रूपमा विकास गर्ने, वर्गसङ्घर्षको सिद्धान्तलाई सर्वहारावर्गको अधिनायकत्व तथा वर्गविहीन र निजी स्वामित्व विहीन साम्यवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने राजनीतिक सङ्घर्षको साधनका रूपमा र सिद्धान्तका रूपमा उद्भव र विकास गरेका थिए (वैद्य 'किरण', २०७८, पृ. २९३-२९४) । मार्क्सले मानव विकासको अध्ययन गर्ने क्रममा राजनीतिक तथा सामाजिक व्यवस्थाको ऐतिहासिक विकासको अध्ययन गर्ने क्रममा र मजदुर तथा सर्वहारावर्गको राजनीतिक मुक्तिका लागि राजनीतिक सङ्घर्षको कार्यक्रम निर्माण गर्ने क्रममा वर्गसङ्घर्षको सिद्धान्तलाई प्रतिपादन गरेका थिए र वर्गसङ्घर्षको सिद्धान्तलाई मजदुर तथा सर्वहारावर्गको राजनीतिक मुक्तिका लागि राजनीतिक सङ्घर्षको साधनका रूपमा विकास गरेका थिए ।

## ४.३ विश्व राजनीतिमा समाजवादी विचारको उद्भव

पूर्ववर्ती काल्पनिक समाजवादी विचारले समाजवादी विचारको उद्भव गराएको थियो । समाजवादी विचारको उद्भव सामाजिक यथार्थताको आवश्यकताहरूको फलस्वरूप भएको थियो जसलाई मार्क्स र एङ्गेल्सले मूर्तरूप दिएर राजनीतिक तथा आर्थिक कार्यक्रमको ठोस रूप दिएका थिए । काल्पनिक समाजवादी विचारका राम्रा पक्षहरूलाई ग्रहण गर्दै तथा प्रतिक्रियावादीहरूद्वारा अगाडि सारिएका तथा कथित समाजवादी विचारहरू सामन्तवादी समाजवादी विचार, प्रतिक्रियावादी समाजवादी विचार, जर्मनी सत्य समाजवादी विचारको भण्डाफोर गर्दै मार्क्स र एङ्गेल्सले समाजवादी विचारको प्रतिपादन गरेपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी विचारको उद्भव भएको थियो ।

### ४.३.१ कम्युनिस्ट लिगको गठन

विश्व राजनीतिमा समाजवादी विचारको उद्भवको पहिलो कडीका रूपमा कम्युनिस्ट लिगको गठन रहेको छ । काल्पनिक समाजवादी विचारको विकास भई आधुनिक समाजवादी विचारको विकास भएपछि सामाजवादको विकास विभिन्न धाराबाट भएको थियो । मार्क्स र एङ्गेल्सले समाजवादी विचारको उद्भव गराउनुपूर्व समाजवादी विचारका विभिन्न धारा आआफ्नै ढङ्गले विकसित भएका थिए । १८९३ सालमा पेरिसमा रहेका जर्मन शरणार्थीहरूले 'न्याय समाज'

(Society the just) नामक गुप्त सङ्गठन खोलेका थिए (Harnecker, 2015, pp 150-151) । 'न्याय समाज' को उद्देश्य उत्पीडनबाट जर्मनीको मुक्ति र अभाव र दासताविहीन नयाँ सामाजिक व्यवस्थाको निर्माण गर्नु थियो । फ्रान्सका समाजवादीहरूले 'ऋतु समाज' को गठन गरेको थिए । त्यस 'ऋतु समाज' सँग 'न्याय समाज' को सम्बन्ध गाँसिएको थियो । 'ऋतु समाज' का नेताहरूमा लुइस अगस्ते ब्लाँकी, अर्मान्ड बार्बे र मार्टिन बनार्ड मुख्य थिए । 'ऋतु समाज' को प्रमुख नेता लुइस अगस्ते ब्लाँकी थिए । उनी क्रान्तिद्वारा सत्ता कब्जा गर्नुपर्छ र सर्वहारा वर्गको अधिनायकत्व कायम गर्नुपर्छ भन्ने मान्यता राख्दथे । उनी पेरिसको १८९६ सालदेखि १९२८ सालसम्मको सबै क्रान्तिको प्रेरणाका स्रोत बनेका थिए । उनका विचारहरू समाजवादी आन्दोलनमा ब्लाँकीवादका रूपमा स्थापित हुन पुगेको थियो (Harnecker, 2015, pp 160) । विश्व राजनीतिमा समाजवादी विचार आआफ्नै ढङ्गले अगाडि बढ्ने क्रममा र समाजवादी विचारलाई सही गति, अग्रसरता र दिशा दिनका लागि महत्त्वपूर्ण भूमिका खेलेको कम्युनिस्ट लिगको गठनमा जर्मनीका समाजवादीहरूको सङ्गठन 'न्याय समाज' र फ्रान्सका समाजवादीहरूको सङ्गठन 'ऋतु समाज' को महत्त्वपूर्ण योगदान रहेको थियो ।

'न्याय समाज' ले पेरिसको षडयन्त्रमा भाग लिएकाले षडयन्त्र असफल भएपछि यसका नेताहरू भागेर बेलायत पुगेका थिए । बेलायत पुगेपछि १८९७ सालमा 'जर्मन श्रमिकहरूको शिक्षा समाज' नामको खुला सङ्गठन गठन गरेका थिए । यस सङ्गठनले अन्तर्राष्ट्रिय रूप लिएको थियो । यस सङ्गठनमा जर्मन, स्वीस, स्केन्डिभियन, डच, हङ्गेरियन, चेक, दक्षिणी स्लाव, रूसी र अल्सासी मजदुरहरू सङ्गठित भएका थिए । पछि यस सङ्गठनको नाम 'कम्युनिस्ट मजदुर शिक्षा लिग' राखेका थिए । यस सङ्गठनको नारा 'सबै मानिस दाजुभाइ हुन्' भन्ने थियो । एङ्गेल्सले सन् १९०० सालदेखि नै यस सङ्गठनसँग सम्बन्ध राखेका थिए भने सन् १९०२ सालपछि मात्रै मार्क्सले यस सङ्गठनसँग सम्बन्ध राखेका थिए (Harnecker, 2015, pp 162) । त्यस समयमा विश्व समाजवादी आन्दोलन विविध धारामा विभक्त थियो । विभिन्न धारामा विभक्त विश्व समाजवादी आन्दोलनलाई एउटै सङ्गठन, दर्शन, सिद्धान्त र राजनीतिक कार्यक्रममा समेट्न र सङ्गठित गर्न मार्क्स र एङ्गेल्सले समाजवादी विचार प्रतिपादन गरी प्रचारप्रसार गर्ने क्रममा उनीहरू 'कम्युनिस्ट मजदुर शिक्षा लिग' मा सङ्गठित हुन पुगेका थिए ।

मार्क्सवादका संस्थापक मार्क्स र एङ्गेल्सले तीनवटा कार्यभार सम्पन्न गरेका थिए: पहिलो समाजवादी विचारको प्रतिपादन, दोस्रो सर्वहारा वर्गका निमित्त वर्गगत पार्टीको निर्माण र तेस्रो काल्पनिक समाजवादी विचारको आलोचना (Sabirov, 1988, pp 155) । यी कार्यभारहरू सम्पन्न गर्नका निमित्त मार्क्स र एङ्गेल्सले समुचित सङ्गठनात्मक प्रारूपको अवधारणा ल्याएका थिए । यही अवधारणाअन्तर्गत 'पत्रव्यवहार समिति' (कम्युनिस्ट पत्राचार समिति) को गठन गरेका थिए ।

मार्क्सले एङ्गेल्ससँग मिलेर ब्रसेल्समा 'कम्युनिस्ट पत्राचार समिति' स्थापना गरेका थिए । युरोपका विभिन्न देशका सहरहरूमा स्थापित यी समितिहरूले समाजवादीहरूबिच सम्पर्कको स्थापना गरेको थियो र समाजवादी विचारको प्रचार गरेको थियो । समाजवादी विचार विषयक प्रश्नहरूबाट समाजवादी सामग्रीहरू विनिमय गर्दथे र त्यस समयका प्रचलित समाजवादी विचारका गलत पक्षहरूको आलोचना गर्दथे (Sabirov, 1988, pp 155) । मार्क्स र एङ्गेल्सले यिनै समितिहरूमार्फत यसका प्रमुख सदस्यहरूलाई वैज्ञानक समाजवादी विचारको सैद्धान्तिक र वैचारिक पक्षबाट प्रभावित तुल्याएका थिए ।

मार्क्स र एङ्गेल्सको समाजवादी विचारबाट प्रभावित भएर 'कम्युनिस्ट मजदुर शिक्षा लिग' ले सङ्गठनात्मक रूपमा वैचारिक तथा राजनीतिक कार्यक्रम बनाउन आवश्यक ठानी मार्क्स र एङ्गेल्सलाई यस लिगमा सहभागी गराउने निर्णय गरेको थियो । लिगले मार्क्स र एङ्गेल्सलाई आमन्त्रण गर्नका निम्ति १९०४ सालमा जोसेफ मोललाई ब्रसेल्स र पेरिस पठाएको थियो । यस लिगले आफ्नो सङ्गठनात्मक स्वरूप र चरित्र बदल्दै षडयन्त्रकारी परम्परा त्याग्न तयार भएपछि र मार्क्स र एङ्गेल्सलाई यस लिगको वैचारिक तथा सङ्ठनात्मक समस्यालाई समाजवादी विचारको कार्यक्रमद्वारा लिगलाई सर्वहारा वर्गको पार्टीका रूपमा रूपान्तरित तथा विभिन्न मुलुकको मजदुर सङ्गठनका रूपमा विकसित गर्न सकिन्छ भन्ने आत्मविश्वासको विकास भएपछि मात्रै १९०४ सालको वसन्तमा मार्क्स र एङ्गेल्स यस लिगमा सहभागी भएका थिए (Cohen, 2000, pp 117-118) । पेरिसबाट बेलायत पुगेपछि 'न्याय समाज' का समाजवादी नेताहरूले 'जर्मन श्रमिकहरूको शिक्षा समाज' नामको खुला सङ्गठन खोलेका थिए । पछि यही सङ्गठन नै 'कम्युनिस्ट मजदुर शिक्षा लिग' नामक सङ्गठनमा रूपान्तरित भएको थियो जसमा यस सङ्गठनलाई अन्तर्राष्ट्रिय सङ्गठन बनाउन सकिन्छ भन्ने महसुस भएपछि मार्क्स र एङ्गेल्स पनि सहभागी भएका थिए । यसपछि मार्क्स र एङ्गेल्सले समाजवादी राजनीतिक विचार तथा कार्यक्रमले यस सङ्गठनलाई अगाडि बढाएका थिए ।

१९०४ सालमा 'कम्युनिस्ट मजदुर शिक्षा लिग' को प्रथम अधिवेशन लन्डनमा सम्पन्न भएको थियो । मार्क्स विशेष समस्याका कारण त्यस अधिवेशनमा सहभागी हुन नपाए पनि पेरिसका तर्फबाट एङ्गेल्स सहभागी थिए । एङ्गेल्सकै पहल कदमीमा यस लिगको पुनर्गठन गरी नाम बदलेर 'कम्युनिस्ट लिग' राखिएको थियो । 'कम्युनिस्ट सङ्गठन' बनाइएको थियो । 'कम्युनिस्ट लिग' को लक्ष्य थियो- "पुँजीपतिवर्गको सत्ता उल्टाउने, सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्ने, वर्ग विरोधमा आधारित पुरानो पुँजीवादी सामाजिक व्यवस्थाको अन्त्य गर्दै नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने जुन सामाजिक व्यवस्थामा निजी स्वामित्वको पूर्ण रूपमा उन्मूलन हुनेछ" (Sabirov, 1988, pp 156) । १९०४ सालमा 'कम्युनिस्ट लिग' को दोस्रो

अधिवेशन लन्डनमा सम्पन्न भएको थियो । यस दोस्रो अधिवेशनमा जर्मनी, स्विट्जरल्यान्ड, फ्रान्स, बेल्जियम, बेलायत, पोल्यान्डलगायतका मुलुकहरूबाट विभिन्न प्रतिनिधिहरूले भाग लिएका थिए । यो अधिवेशन साँच्चिकै सर्वहारावर्गको अन्तर्राष्ट्रिय अधिवेशन थियो जुन अधिवेशनले समाजवादी विचारमा आधारित निर्णयहरू गरेको थियो (Sabirov, 1988, pp 156) । 'कम्युनिस्ट लिग' ले विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठनको स्वरूप ग्रहण गर्न पुगेको थियो । यस सङ्गठनले सर्वहारा अन्तर्राष्ट्रियतावादको समाजवादी विचारधाराको मर्मलाई समातेको थियो ।

'कम्युनिस्ट लिग' को दोस्रो अधिवेशन संसारका सामु समाजवादी कार्यक्रम खुला र स्पष्ट शैलीले प्रस्तुत गर्न इच्छुक थियो । यसर्थ यस अधिवेशनले मार्क्स र एङ्गेल्सलाई चाँडोभन्दा चाँडो 'कम्युनिस्ट लिग' को घोषणापत्र तयार गर्नका निम्ति जिम्मेवारी सुम्पिएको थियो । यो महानतम् युगान्तकारी कम्युनिस्ट घोषणापत्र केवल दुई महिनाभित्र १९०४ सालको अन्तिमदेखि १९०५ सालको पहिलो महिनासम्ममा तयार भइसकेको थियो । त्यस घोषणापत्रलाई १९०५ सालमा प्रकाशित गरिएको थियो (Sabirov, 1988, pp 155) । तत्कालिन समयको विश्व समाजवादी आन्दोलन विभिन्न धारामा छरपस्ट भएर छरिएको थियो जसलाई एकत्रित गरेर सही गति र दिशा दिन आवश्यक थियो ।। यसका लागि कम्युनिस्ट घोषणापत्रको आवश्यकता थियो । मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेखी विश्व समाजवादी आन्दोलनलाई राजनीतिक तथा साङ्गठनिक कार्यक्रम दिने कार्य गरेका थिए ।

### ४.३.२ कम्युनिष्ट घोषणापत्र

शास्त्रीय काल्पनिक समाजवादी चिन्तकहरूको भावनापरक अभिव्यक्ति 'सबै मनिस दाजुभाइ हुन्' भन्ने भनाइलाई बदल्दै 'संसारका मजदुर एक होऔं' भनी कम्युनिस्ट घोषणापत्र १९०५ सालमा प्रकाशित भएको थियो । यस घोषणापत्र ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणमा आधारित भइ लेखिएको थियो । यस घोषणापत्रको मूलभूत विचार प्रत्येक युगको राजनीतिक वैचारिक विकास त्यस युगको आर्थिक पद्धति र सामाजिक व्यवस्थामा आधारित हुन्छ भन्ने थियो (Cohen, 2000, pp 130-132) । मार्क्स र एङ्गेल्सले हरेक राजनीतिक तथा सामाजिक व्यवस्थाको राजनीतिक विचारको विकास तिनै राजनीतिक तथा सामाजिक व्यवस्थाको आर्थिक व्यवस्थामा आधारित हुन्छ भनी कम्युनिस्ट घोषणापत्रमा प्रस्ट पारेका थिए ।

कम्युनिस्ट घोषणापत्रको अन्तर्वस्तु सामाजिक विकासको वैज्ञानिक भौतिकवादी दृष्टिकोणले ओतप्रोत थियो । यस घोषणापत्रमा सामाजिक इतिहास वर्ग सङ्घर्षको इतिहासका रूपमा प्रस्तुत गरिएको थियो भने पुँजीवादी व्यवस्थामा बुर्जुवा वर्ग र सर्वहारावर्गको सङ्घर्षको इतिहासका रूपमा प्रस्तुत गरिएको थियो (Sabirov, 1988, pp 157-58) । मार्क्स र एङ्गेल्सले

कम्युनिस्ट घोषणापत्र द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादमा आधारित भई तयार पारेका थिए जसको अन्तर्वस्तु हरेक राजनीतिक तथा सामाजिक व्यवस्थाको इतिहास वर्गसङ्घर्षमा आधारित हुन्छ भन्ने थियो ।

घोषणापत्रमा मार्क्स र एङ्गेल्सले क्रान्तिकारी पुनर्गठनको उच्चतम मानवीय सिद्धान्तलाई निरूपण गरेका थिए जसमा पुँजीवादी व्यवस्थाको स्थान त्यस सामाजिक व्यवस्थाले लिन्छ, जसमा 'व्याष्टिको प्रगति समष्टिको प्रगतिको सर्त बन्दछ' (Sabirov, 1988, pp 161) । घोषणापत्रमा समाजवादी विचारबाहेक अरू विभिन्न धाराको समाजवादी विचारको आलोचना गरिएको थियो जसले विभिन्न वर्गको हित कायम गर्दथ्यो । यो 'कम्युनिस्ट घोषणापत्र' साँच्चिकै समाजवादी विचारको आधारपत्र र राजनीतिक कार्यक्रम थियो, जसको प्रकाशनपछि विश्व राजनीतिक जगत्मा विधिवत् रूपमा वैज्ञानिक समाजवादी विचारको उद्भव भएको थियो ।

## ४.४ नेपालमा समाजवादी विचारको उद्भव

नेपालका सन्दर्भमा विश्व समाजवादी विचारको सुरुवात मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेखेर उनीहरूले आफ्ना विविध कृतिमार्फत व्याख्या गर्न थालेपछि समाजवादी विचारको प्रभाव विश्व राजनीतिमा परेको थियो । विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावका कारण विश्व विभिन्न देशहरूमा कम्युनिस्ट पार्टीको स्थापना भएको थियो र कम्युनिस्ट पार्टीको नेतृत्वमा क्रान्ति पनि सम्पन्न भएको थियो । विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभाव नेपालमा पनि परेको थियो र नेपालमा समाजवादी विचारलाई राज्यको संरचना र यन्त्रभित्र कार्यान्वयन गर्ने उद्देश्यले नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो (पुष्पलाल, २०५३) । विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावका कारण नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भएको थियो र नेपालमा कम्युनिस्ट पार्टीको स्थापनासँगै समाजवादी विचारको उद्भव भएको थियो ।

### ४.४.१ पूर्वीय साहित्य र समाजवादका लक्षणहरू

हाम्रो पूर्वीय दर्शनमा समाजवादी विचारसँग मिल्दाजुल्दा लक्षणहरू प्रशस्त भेटिन्छन् । पूर्वीय दर्शनमा आधारित समाजवादी विचारका लक्षणहरू हाम्रो पूर्वीय आदिम मानव समाजले प्रशस्तै अभ्याससमेत गरेका थिए । हाम्रो पूर्वीय समाजमा तथा नेपालको प्रारम्भिक आदिम साम्यवादी गणराज्यको समाजमा समाजवादी विचार थियो भनी ने.का. का नेता सी.के. प्रसाई पनि स्वीकार्दछन् । उनी लेख्दछन् :

> 'समाजवादी विचारको सुरुवात ११ औं शताब्दीमा भएको भन्ने प्रचलन छ । किन्तु प्रागऐतिहासिक युगमा नै समाजवादी विचारको बीजारोपण भएको हो भन्दा हुन्छ । किनकि

भगवान् शिव, कृष्ण, राम, इसामसिह, मुहमद, बुद्ध, महावीर आदि कथनी करनी र दुवैमा समाजवादी थिए । शिवभन्दा ठूलो समाजवादी को हुन सक्छ ? जसको न घर थियो न थर । जो लुलालङ्गडा, भोका नाङ्गा, नन्दी भृङ्गी अघिपछि लगाएर खरानी घसी हिँड्थे । जो बाघका छाला मात्रै लगाउँथे जसले अरूलाई बचाउन कालकूट विष आफै पिएर नीलकण्ठ बने । क्राइस्टलाई साना समाजवादी कसरी भन्ने ? जब कि उनले भनेका थिए कि बरु 'सियोको नाथ्रीबाट उँट छिर्ला तर स्वर्गको ढोकाबाट शोषक छिर्न पाउने छैन ।' कृष्ण अन्याय र अत्याचारका प्रबल विरोधी र जानताको बीजका उपज थिए । राम कम प्रजातन्त्रवादी थिएनन् । जनकाङ्क्षाको उनी यति बढी कदर गर्दथे कि एउटा अदना धोबीको भावना बुझेर सीतालाई वनवास पठाए, अग्नि परीक्षा लिए । संसारमा आजसम्म जो वास्तविक अर्थमा भगवान् मानिएको छ जो प्रजातान्त्रिक विचारवाला थियो र समाजवादी पनि थियो' (२०४७ , पृ.४३-४४) ।

प्रसाईले यसरी हाम्रो पूर्वीय समाजमा र नेपालको प्रारम्भिक आदिम साम्यवादी गणराज्यको समाजमा समाजवादी विचार थियो भनी उल्लेख गरेका छन् । उनले आधुनिक समाजवादी विचार तथा समाजवादी विचारका दुई प्रारूप (वैज्ञानिक तथा प्रजातान्त्रिक समाजवादी विचार) को उद्भव र विकास हुनुपूर्व पनि हाम्रो पूर्वीय दर्शनमा समाजवादी विचारका लक्षणहरू थिए तथा पूर्वीय आदिम मानव समाजमा समाजवादी लक्षणको अध्ययन गरिन्थ्यो भने प्रस्ट पारेका छन् । हामीले पुज्ने पूर्वीय तथा पश्चिमा धार्मिक तथा आध्यात्मिक परम्पराका देवीदेवता पनि समाजवादी विचारका पक्षपाती थिए तथा समाजवादी विचारक थिए भनी प्रस्ट पारेका छन् । हाम्रा भगवान् शिव, राम, कृष्ण, बुद्ध, महावीर, क्राइस्ट र मोहम्मद सबै नै समाजवादी विचारक तथा समाजवाद र समाजवादी विचारका अभ्यासकर्ता र लागूकर्ता थिए भनी उनले प्रस्ट पारेका छन् । यसैगरी हाम्रो पूर्वीय समाज तथा नेपलाको प्रारम्भकालीन आदिम साम्यवादी गणराज्यको समाजवादी विचारलाई अथर्ववेदमा यसरी उल्लेख गरेको छ :

'साना ठूला सबै खालका मानिसहरूले एकआपसमा सहयोग गर्दै एउटा लक्ष्यलाई आधार बनाएर समान ढङ्गले काम गरौं, एक अर्काको सहारा बनौं, हामीहरू कहिल्यै पनि अलग हुन नपरोस् । एकआपसमा प्रेमपूर्वक काम गरौं । हाम्रो खानपिन पनि समान खालको हुनुपर्दछ, अन्न र पानीका भागहरू पनि समान खालको हुनुपर्दछ । हामीहरू एकआपसमा एकतावद्ध हुनुपर्दछ । जसरी एउटा चक्रमा त्यसका आराहरू धुरामा जोडिएका हुन्छन् हामी सबै यसै गरी सङ्घवद्धामा जोडिनुपर्दछ' (उपाध्याय, २०७०, पृ. १९६-१९७) ।

अथर्ववेदमा यसरी पूर्वीय समाज तथा नेपालको प्रारम्भिक आदिम साम्यवादी गणराज्यको समाजमा समाजवादी विचार थियो भनी उल्लेख गरिएको छ भन्ने कुरा स्पष्टसँग बुझिन्छ । अथर्ववेदको उक्त श्लोकमा समूहमा बस्ने, सबै ढङ्गले काम गर्ने, समान लक्ष्य राख्ने, सबैले एकआपसमा प्रेम गर्ने, एकआपसमा एकताबद्ध भएर बस्ने र सबै सङ्घबद्धतामा आबद्ध हुने कुरालाई जोड दिएको छ । उक्त श्लोकको अध्ययनका आधारमा हाम्रो पूर्वीय आदिम मानव समाजमा समाजवादी विचारको लक्षणलाई अभ्यास गरिएको थियो भन्न सकिन्छ । हाम्रो प्राचीन नेपालको राजनीतिक विकासक्रममा समाजमा समाजवादी विचार थियो र समाजवादको अभ्यासै गरिएको थियो । अथर्ववेदमा यसरी उल्लेख गर्नु भनेको तत्कालीन नेपाली राजनीतिमा समाजवादी विचार थियो र समाजवादको अभ्यास गरिएको थियो भनेर हामीले बुझ्नुपर्छ ।

हाम्रो पूर्वीय संस्कृति तथा प्राचीन नेपालको प्रारम्भिक समाज 'आदिम साम्यवादी समाज हो र गणचिह्नवाद यसको विचारधारा हो' (वैद्य, २०७६, पृ. १२) । जसमा समाजवादी विचार प्रशस्तै हुन्थ्यो र पाइन्थ्यो भनी मोहन वैद्य पनि मान्दछन् । यसरी हाम्रो पूर्वीय संस्कृति तथा प्राचीन नेपालको आदिम साम्यवादी गणराज्यमा समाजवादी विचार प्रशस्तै पाइन्थ्यो । यसर्थ समाजवादी विचार अहिले आधुनिक नेपाली राज्यसत्ता र समाजमा मात्रै होइन प्रारम्भिक प्राचीन नेपालको आदिम साम्यवादी गणराज्यको समाजमा नै समाजवादी विचार थियो र यही विचारबाट तत्कालीन समाज निर्देशित थियो ।

पूर्वीय चिन्तकहरूका विचारमा पनि समाजवादी विचार पाइन्छ । 'व्यक्तिलाई महत्त्व नदिई समाज र आम जनतालाई महत्त्व दिनु समाजवादी विचारको मुख्य धारणा हो' (शिवाकोटी, २०६७, पृ.७५२) । यस्ता धारणाहरू कौटिल्य, गौतम बुद्ध, महावीर बर्द्धमान जस्ता पूर्वीय चिन्तकहरूका विचारमा पाइन्छन् (शिवाकोटी, २०६७, पृ. ७५२) । यसरी अध्ययन गर्दा प्राचीन नेपाली समाजमा समाजवादी विचारको उद्भव र विकास भएको देखिन्छ र बुझिन्छ ।

विश्व राजनीतिमा १९०५ सालमा मार्क्स र एङ्गेल्सले समाजवादी विचारको उद्भव गर्नुपूर्व र २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरी पुष्पलालले समाजवादी विचारको नेपाली राजनीतिमा उद्भव गराउनुपूर्व पनि नेपाली राजनीतिमा समाजवादी विचारको लक्षण र प्रभाव प्रशस्तै देखिन्छ । तर यो समाजवादी विचारको लक्षण र प्रभाव वैज्ञानिक समाजवादी विचारको प्रारूप नभई हाम्रै पूर्वीय संस्कृति, परम्पराको मौलिक प्रारूपका रूपमा देखिन्छ । हाम्रो पूर्वीय संस्कृति परम्परामा आधारित भएर विकास भएको मौलिक समाजवादी विचारको लक्षण र प्रभाव नेपाली राजनीतिक विकासक्रममा पनि देखिन्छ र भेटिन्छ ।

आधुनिक नेपाल राज्यको निर्माण गरिसकेपछि राजा पृथ्वीनारायण शाहले दिएका दिव्य उपदेशमा पनि समाजवादी विचार भेटिन्छ । उनले आफ्ना भाइभारदाहरूलाई जम्मा पारी १८३१ सालको पौष महिनाको अन्तिमतिर दिव्य उपदेश दिएका थिए । उनका दिव्य उपदेशको तलको वाक्यमा समाजवादी विचार भेटिन्छ :

> 'मेरा सानादुषले आर्ज्याको मुलक होइन. सबै जातको फुलबारी हो. सबैलाई चेतना भया. यो फुलबारीको छोटो बडा चारै जात छत्तिसै बर्नले यसलाई सम्भार गर्नुपर्छ'. (आचार्य, योगी, २०७५, पृ. ५९) ।

यस दिव्योपदेशमा राजा पृथ्वीनारायण शाहले 'यो मुलुक सबैजात तथा जातिहरूको साझा फूलबारी हो' भन्नु समाजवादी विचार नै हो । राज्यमा सम्पूर्ण जातको अस्तित्व स्वीकार्नु र सबै जातजातिलाई राज्यको स्वामित्व स्वीकार्नु समाजवादी विचारअन्तर्गत नै पर्दछ । नेपाल राज्य निर्माणको प्रक्रियामा 'यस मुलुकको आर्जनमा विभिन्न जात तथा जातिका धेरै नागरिकहरूको परिश्रम परिरहेको छ' भनी सबै जातजातिको अस्तित्व स्वीकार्नु र योगदानलाई कदर गर्नु समाजवादी चिन्तनकै एक रूप हो । यसर्थ राजा पृथ्वीनारायण शाहको दिव्योपदेशको यस वाक्यमा पनि समाजवादी विचार भेटिन्छ । यसैगरी उनको दिव्योपदेशको तलको उद्धरणमा पनि समाजवादी विचार भेटिन्छ :

> 'राजाले ठूलो निँत्रा निसाफ हुर्नु. अन्याय मुलुकमा हुन नदिनु. नित्रानिसाफ बिगार्न्या भन्याको घुस दिन्या र घुस षान्या हुन. ईन दुईको ता धन जिव गरि लियाको पनि पाप छैन. ई राजाका महासतुर हुन'. (आचार्य, योगी, २०७५, पृ. ६०-६१) ।

राजा पृथ्वीनारायण शाहको दिव्योपदेशको यस हरफमा पनि समाजवादी विचार भेटिन्छ । राजा पृथ्वीनारायण शाहले दिव्योपदेशमा 'राजाले देशमा न्याय तथा निसाफ राम्ररी हेर्ने गर्नू मुलुकमा कुनै किसिमको अन्याय हुन नदिनू' भनेर भनेका छन् । उनले यसो भन्दा सामाजिक न्याय र राज्यको उत्तरदायित्वलाई प्राथमिकता दिएका छन् । समाजवादी विचारले पनि सामाजिक न्याय र राज्यका नागरिकमाथिको उत्तरदायित्वलाई प्रधान मान्छ । त्यस क्रममा उनले 'देशमा न्याय तथा निसाफ बिगार्ने भनेका घुस दिने तथा घुस खाने व्यक्तिहरू नै हुन् । यी दुई थरि व्यक्तिहरूको त धन तथा जिउ नै जफत गरी लिएमा पनि पाप लाग्ने छैन' भनेका छन् । उक्त उद्धरणमा पनि समाजवादी विचार देखिन्छ । समाजवादी विचारले पनि सामाजिक न्यायका निम्ति विधिको शासन, असल प्रशासन र पारदर्शितालाई जोड दिन्छ ।

यसै गरी उनको दिव्योपदेशको यसो पनि भनिएको छ :

'उप्रान्त ॥ देशका महाजनलाई गोड प्रसाह देषी उभो आउन नदिनु. देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनिञां कंगाल गरी छाड्दछन्. हामीले च्यागापाँगालाई तिन सहर नेपाल र नौलष किरायत र हिन्दुपतिको राजा अर्ज्याथ्येउ. देशमा कपरा लगाउनेलाई महनाई गरिदिन. आफ्ना देसका कपरा बन्न जान्यालाई नमना देषाई सघाउनु र बन्न लागउनु र यस्व भया नगद देस जादैन'. (आचार्य, योगी, २०७५, पृ. ५८) ।

'आफ्ना देसको जिनिस् जरिबुटि देस लैजानु र नगद षैचि राषनु. र प्रजा मोटा भया दर्बार बलियो रहन्छ. राजा भंडार भन्याका रैतानहरू हुन'. (आचार्य, योगी, २०७५ : ५८) ।

यी अभिव्यक्तिहरू समाजवादी विचारका आधारमा स्थापित नभएका भए तापनि नेपाली समाजमा समाजवादी विचारको उद्‌भवका लागि केही न केही आधार भने तयार पारिदिने प्रकारका देखिन्छन् । चीनियाँ समाजमा रहेका वर्गीय आधारभूत अन्तर्विरोधहरू पहिल्याउँदै समाजवादी विचारका आधारका रूपमा राष्ट्रिय मुक्तिका लागि विदेशी दलाल पुँजीवाद र तिनका पृष्ठपोषकहरू राष्ट्रिय पुँजीपति र देशभक्तहरूका दुस्मन भएको ठहर गर्दै तिनका विरूद्ध लड्न क्रान्तिमा सामेल गराउनुपर्दछ भनेका छन् (Mao, 1967) । यस अर्थमा पृथ्वीनारायण शाहका भनाइमा यो पनि भनिएको छ कि- 'उप्रान्त विदेशका महाजनहरूलाई पर्सा गढितिर आउन नदिनू। विदेशको महाजनहरू हाम्रा मुलुकमा आए भने उनीहरूले यहाँका जनतालाई कङ्गाल नै गराई छोड्छन्' । उनले यस भनाइमा राष्ट्रिय पुँजी निर्माणमा जोड दिएका छन् । वैदेशिक दलाल पुँजीलाई प्रतिबन्ध लगाई राष्ट्रिय पुँजी निर्माणमा जोड दिनु भनेको समाजवादी विचारको आधार हो भन्न सकिन्छ । यस्तै उनले 'नेपाली जनतालाई विदेशी कपडा लगाउन मनाही गरिदिनू। आफ्नै देशका कपडा बुन्न जान्ने मानिसहरूलाई नमुना देखाएर सिकाउनु र बुन्न लगाउनू। यसो भएमा आफ्नो देशको नगद विदेशमा जान पाउँदैन' भनेका छन्। उनले यसो भनी स्वदेशी उत्पादनलाई जोड दिँदै राष्ट्रिय पुँजी निर्माणलाई नै जोड दिएका छन्। पृथ्वीनारायण शाहमा समाजवादको ज्ञान थिएन तर उनको दिव्योपदेश समाजवादी विचारसँग मिल्दोजुल्दो छ ।

माथिका तथ्यहरूको अध्ययन गर्दा नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव हुनुपूर्व नै समाजवादी विचारको उद्‌भव भएको, विकास भएको र प्रभाव पारेको देखिन्छ । तर ती समाजवादी विचारहरू वैज्ञानिक समाजवादी प्रारूपको विचार नभई मौलिक प्रारूपको समाजवादी विचारका रूपमा देखिन्छन्। हाम्रो पूर्वीय संस्कृतिमा, प्रारम्भिक नेपालको साम्यवादी गणराज्यहरूमा र नेपाली राजनीतिक विकासक्रममा समाजवादी विचारको उद्‌भवको वैचारिक आधार भने देखिँदै आएको छ ।

आधुनिक नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव कहिलेदेखि भयो भनेर किटानका साथ भन्न सकिन्न । तर पनि निरङ्कुश राणा शासनकालको समयदेखि नै भएको देखिन्छ । निरङ्कुश तानाशाह राणा शासनका विरूद्ध नेपाली जनता अलिअलि जुर्मुराएकै समयमा रूसमा १९७४ सालमा भएको अक्टोवर समाजवादी क्रान्ति र चीनमा भएको २००६ सालको जनवादी क्रान्तिले नेपाली राजनीतिमा समाजवादी विचारको प्रभाव पारिदिएको थियो । यस प्रभावको परिणामस्वरूप नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव हुन पुगेको थियो ।

नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव विश्व राजनीतिमा समाजवादी विचारको उद्भव भएको लगभग १०० वर्षपछि मात्रै भएको थियो । १९०५ सालमा मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखी विश्व राजनीतिमा समाजवादी विचारको उद्भव गराएका थिए । नेपाली राजनीतिमा भने यसको लगभग १०० वर्षपछि २००५ सालमा 'मार्क्सवादी अध्ययन केन्द्र' को गठन (शिवाकोटी, २०६७, पृ. १९८७) र २००५ साल भदौ ३१ गतेमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना (रावल, २०४४, पृ. १९) भएपछि मात्रै संस्थागत रूपमा समाजवादी विचारको उदभ्व भएको थियो ।

## ४.४.२ नेपाल कम्युनिस्ट पार्टीको गठन

विश्व समाजवादी आन्दोलनले स्थापना गरेको समाजवादी विचारको प्रभाव, एसियाका दुई विशाल मुलुक भारत र चीनमा परेको समाजवादी आन्दोलनको प्रभाव, रूस र चीनमा भएको समाजवादी क्रान्तिले स्थापना गरेको समाजवादी व्यवस्थाको प्रभावले नेपालमा पनि समाजवादी विचारको उद्भव र कम्युनिस्ट पार्टीको गठन भएको थियो (के. सी., २०६५, पृ. ३४) । दोस्रो विश्वयुद्धपछि संसारभरि नै साम्राज्यवाद विरोधी सङ्घर्ष, एसिया तथा दक्षिणी एसियामा विकास हुँदै गइरहेको साम्राज्यवाद विरोधी सङ्घर्ष, चीनमा भएको नयाँ जनवादी क्रान्ति र भारतमा कम्युनिस्ट पार्टीको नेतृत्वमा भएका क्रान्तिकारी सङ्घर्षहरूले नेपालमा मार्क्सवाद-लेनिनवादको प्रचार तथा प्रभाव बढ्दै गएको थियो । यसै सिद्धान्तका आधारमा नेपालमा २००६ साल वैशाख १० गतेमा नेपाल कम्युनिस्ट पार्टीको गठन भएको थियो (नेकपा (माले), २०४६, पृ. ४७) । नेपालमा कम्युनिस्ट पार्टीको गठनको मितिलाई लिएर मतभेद भएको देखिन्छ । मतभेद जे भए पनि नेपाल कम्युनिस्ट पार्टीको गठन २००६ साल वैशाख ९ गते लेनिन जयन्तीको दिन भएको थियो र सोही वर्षको असोज ४ गते सार्वजनिक भएको थियो । यस पार्टी मार्क्सवादी दर्शनलाई अङ्गीकार गरी समाजवादी व्यवस्था स्थापना गर्ने लक्ष्य राखी गठन भएको थियो (शिवाकोटी, २०६७, पृ. ६८५) । नेपालमा नेपाल कम्युनिस्ट पार्टीको गठन समाजवादी विचारको प्रभावबाट नै भएको थियो भनेर भन्न सकिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको गठन नै नेपालमा समाजवादको स्थापना गर्ने लक्ष्य राखी भएको थियो । अध्ययन गर्ने हो भने नेपालमा समाजवादी विचारको संस्थागत उद्‌भव गराउने नै नेपाल कम्युनिस्ट पार्टी हो । नेपाल कम्युनिस्ट पार्टीको गठन भएपछि यस पार्टीले पहिलो पर्चा प्रकाशित गऱ्यो । उक्त 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकता अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ !' शीर्षकको पर्चामा भनिएको थियो :

> 'सामन्ती शासन व्यवस्थालाई चक्नाचुर गर । विदेशी साम्राज्यवाद र भारतीय पुँजीवादको प्रभाव र घरदेखि अलग होऊ । मजदुर - किसानको शासन खडा गर । यस शासनमा धनी, साम्राज्यवादी र प्रतिक्रियावादीहरूका दलालहरूबाहेक सबै घोषित जनतालाई हिस्सा देऊ । सोभियत रूस, दक्षिण पूर्व यूरोपमा नवप्रजातन्त्रहरू र आजाद चीनसँग राजनैतिक सम्बन्ध खडा गर र समाजवादको लक्ष्य राखी शासन चलाऊ' (पुष्पलाल, २०५३, पृ. ३९) ।

नेपाल कम्युनिस्ट पार्टीले प्रकाशित गरेको पहिलो पर्चामा सामन्तवादी शासन व्यवस्थालाई चकनाचुर गर्ने, विदेशी साम्राज्यवाद र भारतीय पुँजीवादको प्रभावाट नेपाललाई मुक्त गर्ने, मजदुर किसानको शासन व्यवस्था स्थापना गर्ने र समाजवादको लक्ष्य राखी शासन चलाउने भनी आफ्नो लक्ष्य र उद्देश्य प्रस्ट पारेको थियो । यसका आधारमा नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव गराउने नेपाली कम्युनिस्ट पार्टी नै हो भन्न सकिन्छ । कम्युनिस्ट पार्टीले प्रकाशन गरेको पहिलो पर्चामा नै 'समाजवादको लक्ष्य राखी शासन चलाऊ' भनी समाजवादको लक्ष्य राखेको थियो । यसले नेपाली राजनीतिमा समाजवादी विचारको संस्थागत उद्‌भव गराउने काम नेपाल कम्युनिस्ट पार्टीले नै गरेको हो भन्ने कुरा प्रस्ट हुन्छ । यस पर्चामा नेपालको जनवादी आन्दोलनलाई जनवादी क्रान्तिको युगमा नेतृत्व गर्दै समाजवादमा सङ्क्रमण गर्ने भनी उल्लेख गरिए पनि नेपाली समाजको ठोस राजनीतिक तथा वर्गीय विश्लेषण गरिएको थिएन (पुष्पलाल, २०५३, पृ. ४२) । यस पर्चामा ठोस खालको समाजवादी राजनीतिक कार्यक्रम नभएपछि नेपाल कम्युनिस्ट पार्टीका महासचिव पुष्पलालले २००६ साल भदौ ३० गतेमा नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र लेखी प्रकाशित गरेका थिए । उक्त घोषणापत्रमा नेपाली क्रान्तिको चरित्रलाई वैज्ञानिक ढङ्गले व्याख्या गरिएको थियो । घोषणापत्रमा मजदुरवर्गको नेतृत्वदायी भूमिकालाई स्पष्ट रूपमा उल्लेख गर्दै 'सामन्तवादको सम्पूर्ण स्वरूप र विदेशी प्रभुत्वलाई समाप्त गरी' नयाँ जनवादी नेपालको गठन गर्दै समाजवादको पृष्ठभूमि तयार गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ (पुष्पलाल, २०६७, पृ. १६६-१७७) । यस घोषणापत्रमा 'नेपाली जनताले आखिरी साससम्म जनताको जनतन्त्र र समाजवादको निम्ति लड्नुपर्दछ' (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. १५) भनिएको छ । उक्त घोषणापत्रमा समाजवादको पृष्ठभूमि तयार पार्नका निम्ति नयाँ जनवादको स्थापना गर्ने र समाजवादका निमित्त अन्तिम साससम्म लड्न जनतालाई अपिल गर्नु समाजवादी विचार नै हो ।

### ४.४.३ नेपाल कम्युनिस्ट पार्टीको गतिविधि

नेपाल कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय सम्मेलन भारतको कलकत्तामा २००८ साल असोज ११ गतेदेखि २००८ साल असोज १६ गतेसम्म सम्पन्न भएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २३)। उक्त सम्मेलनले पुष्पलालद्वारा प्रस्तुत 'जातीय आन्दोलनमा नेपाल कम्युनिस्ट पार्टी' नामको राजनैतिक प्रतिवेदन पारित गरेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २३)। यस राजनीतिक प्रतिवेदनमा जनवादी क्रान्ति र समाजवादी क्रान्तिको भेद छुट्ट्याई नेपाल जस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुकमा पहिलो क्रान्ति जनवादी क्रान्ति नै उपयुक्त हुने ठहर गरिएको थियो। उक्त राजनीतिक प्रतिवेदनमा देशको परिस्थितिअनुसार जनवादी क्रान्ति नै उपयुक्त हुने भनी पहिलो चरणको क्रान्ति जनवादी क्रान्ति सम्पन्न गरी दोस्रो चरणको क्रान्ति समाजवादी क्रान्ति गर्नुपर्नेमा पहिलो सालाखाला रूपमा समाजवादी क्रान्ति गर्छौं भन्नु पार्टीको सङ्कीर्णवादी भुल हो भनी भनिएको थियो र संशोधन गर्दै पहिलो ध्येय जनवादी क्रान्ति नै हो भनी किटान गरिएको थियो (भुसाल, २०७०, पृ. २९)। नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पहिलो राष्ट्रिय सम्मेलनको राजनीतिक प्रतिवेदनमा नेपाली क्रान्तिलाई दुई चरणमा विभक्त गर्दै पहिलो जनवादी क्रान्ति सम्पन्न गरी जनवादको स्थापना गर्ने र दोस्रो जनवादको स्थापनापछि समाजवादी क्रान्तिको पृष्ठभूमि तयार गर्दै समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्ने लक्ष्य लिएको थियो। यसरी अध्ययन गर्दा जनवादी क्रान्ति र समाजवादी क्रान्तिबिच भेद छुट्ट्याई जनवादी क्रान्तिलाई ध्येय दिनु भनेको नेपाल कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय सम्मेलनमा पनि समाजवादी विचार रहेको स्पष्ट देखिन्छ।

यस पार्टीको राजनीतिक प्रतिवेदनमा समाजवाद र जनवादबिचको भेद छुट्ट्याई तत्कालीन परिस्थितिमा जनवादी कार्यक्रम नै उपयुक्त ठानी जनवादी कार्यक्रम नै अख्तियार गरेको देखिन्छ। यस प्रतिवेदनलाई अध्ययन गर्दा यस पार्टीको पहिलो राष्ट्रिय सम्मेलनको गतिविधिमा पनि समाजवादी विचार देखिन्छ।

नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशन २०१० साल माघ १३ गते देखि १८ सम्म ललितपुरको पाटन र काठमाडौँको बटुटोलमा भूमिगत रूपमा सम्पन्न भएको थियो (सापकोटा, २०७५, पृ. ७३)। यस महाधिवेशनले पार्टीका महासचिव मनमोहन अधिकारीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन 'नेपाल कम्युनिस्ट पार्टीको कार्यक्रम' पारित गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३)। यस पहिलो महाधिवेशनले पनि नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रम जनवादी कार्यक्रम नै रहने भनी प्रस्ट पारेको थियो। यस पार्टीको पहिलो राष्ट्रिय सम्मेलनले झैँ यस महाधिवेशनले पनि समाजवादी कार्यक्रमलाई नस्वीकारी जनवादी

कार्यक्रमलाई स्वीकारेको थियो। यस महाधिवेशनले नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रममा समाजवादी कार्यक्रम नस्वीकारी जनवादी कार्यक्रम स्वीकारे पनि यस महाधिवेशनमा पनि समाजवादी विचार देखिन्छ ।

यस पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन २०१२ साल कात्तिकमा सम्पन्न भएको थियो । यस सम्मेलनबाट पारित भएको राजनीतिक प्रतिवेदनमा पनि जनवादी शासन व्यवस्था, जनवादी आर्थिक नीति र राष्ट्रिय पुँजी निर्माणको परिकल्पना गरिएको थियो । कम्युनिस्ट पार्टीको निर्माण र नेतृत्वविना मुलुकको विकास र भविष्यको परिकल्पना गर्न सकिन्न भनी उल्लेख गरिएको थियो (पुष्पलाल, २०५५, पृ. ४४ - ६०) जसले गर्दा यस सम्मेलनमा पनि समाजवादी विचारको प्रभाव देखिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशन २०१४ साल जेठको १४ - २५ (२८ मे, १९५७ - ६ जुन, १९५७) मा काठमाडौँको फोहरा दरबारमा सम्पन्न भएको थियो (रावल, २०४७, पृ. ४३) । नेपाल कम्युनिस्ट पार्टीको पोलिटिकल ब्युरो (राजनीतिक समिति) ले 'पाटी कार्यक्रममा परिवर्तन किन ?' भन्ने शीर्षकको पुस्तक प्रकाशन गरेको थियो । उक्त पुस्तकलाई यस महाधिवेशनमा राजनीतिक प्रतिवेदनका रूपमा प्रस्तुत गरिएको थियो । यस प्रतिवेदनको समर्थन केशरजङ्ग रायमाझी, कमर शाह, देवीप्रसाद अधिकारी र तुलसीलाल अमात्यले गरे पनि यस प्रतिवेदनको विरोध पुष्पलाल, शम्भुराम श्रेष्ठ, हिक्मतसिंह भण्डारी, कृष्णलाल श्रेष्ठ, प्रचण्डनरसिंह राणा र मोहनविक्रम सिंहले गरेका थिए (पुष्पलाल, २०५३, पृ. ९७-९८) । उक्त प्रतिवेदनलाई यस महाधिवेशनले अस्वीकृत गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ११) । उक्त महाधिवेशनद्वारा अस्वीकृत राजनीतिक प्रतिवेदनमा वर्गसङ्घर्षको नेतृत्व गर्ने नेपाल कम्युनिस्ट पार्टीको उद्देश्य सामन्ती भूमि व्यवस्थालाई ध्वस्त गर्दै जमिन जोत्नेको गराउनु र समाजवाद तथा साम्यवादको प्राप्तिका लागि निरन्तर लड्नु हो भन्ने भए पनि जनवाद र समाजवादको प्राप्ति र स्थापना नारा लगाउँदैमा हुँदैन, यसका लागि अनुकूल परिस्थितिको निर्माण हुनुपर्दछ । यसका लागि राजनीतिक व्यवस्थालाई क्रमशः सुधार, परिवर्तन र विकास गर्दै लानुपर्दछ भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. १००) । उक्त प्रतिवेदनमार्फत नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रम नै परिवर्तन र संशोधन गर्न थालेपछि यस महाधिवेशनले उक्त प्रतिवेदनलाई अस्वीकृत गरिदिएको थियो । नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रमलाई परिवर्तन गर्ने उक्त प्रतिवेदनको खण्डन गर्दै पुष्पलालले यस महाधिवेशनबाट अस्वीकृत उक्त राजनीतिक प्रतिवेदनका बारेमा व्याख्या र विश्लेषण गर्दै उक्त राजनीतिक प्रतिवेदन नेपाली समाजवादी आन्दोलनको संशोधनवादी दस्तावेजबाहेक केही होइन भनी उल्लेख गरेका थिए ।

उनले उक्त राजनीतिक प्रतिवेदन विकासवादी सिद्धान्तको पुँजीवादी विचारमा आधारित प्रतिवेदन नै हो भनी किटान गरेका थिए (पुष्पलाल, २०५३, पृ. १०२-१०३) । रायमाझी समूहले दोस्रो राष्ट्रिय महाधिवेशनमा नयाँ जनवादी कार्यक्रमलाई नै संशोधन र परिमार्जन गरी नेपाली जनवादी क्रान्ति र राजनीतिक सङ्घर्षको कार्यक्रम नै त्यागेपछि पुष्पलालले उनीहरूलाई जनवादी क्रान्ति नै गर्न नपरेका कारण यस्ता संशोधनवादी कार्यक्रम ल्याएका थिए भनी प्रस्ट पारेका थिए ।

पुष्पलालले उक्त अस्वीकृत राजनीतिक प्रतिवेदन राष्ट्रिय उत्थान गर्ने भन्ने पुँजीवादी कार्यक्रम नै हो भनी उल्लेख गरेका थिए। यस महाधिवेशनले उक्त राजनीतिक प्रतिवेदन अस्वीकृत गरी पुष्पलालले नै प्रस्तुत गरेका सङ्क्षिप्त राजनीतिक कार्यक्रम 'नयाँ जनवादी कार्यक्रम र संविधानसभाका निम्ति सङ्घर्ष गर्ने कार्यनीति' स्वीकृत गर्दै पारित गरेको थियो (पुष्पलाल, २०५३ , पृ. १०४) । केशरजङ्ग रायमाझी समूहले यस महाधिवेशनमा प्रस्तुत गरेका 'पार्टी कार्यक्रममा परिवर्तन किन ?' भन्ने राजनीतिक प्रतिवेदनलाई पुष्पलाल समूहले गर्मागर्मी बहस गरी प्रतिवाद गर्दै अस्वीकृत गरी पुष्पलालले तत्कालै तयार पारेको सङ्क्षिप्त कार्यक्रम नयाँ जनवादी कार्यक्रममा र संविधानसभाका निम्ति सङ्घर्ष गर्ने कार्यनीति' स्वीकृत गर्दै पारित गरेको वस्तुस्थितिको अध्ययन गर्दा यस महाधिवेशनमा पनि समाजवादी विचारको प्रभाव परेको देखिन्छ ।

नेपाली कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशन २०१९ साल वैशाख ४ गतेदेखि १५ गतेसम्म भारतको वनारसमा सम्पन्न भएको थियो (पौडेल, २०७२, पृ. ३४०) । यस महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रममार्फत नै समाजवादसम्म पुग्न सकिन्छ भन्ने परिकल्पना गरेको थियो र यस महाधिभवेशनमा तीनवटा राजनीतिक लाइनसहितका राजनीतिक कार्यक्रमका प्रतिवेदन प्रस्तुत भएका थिए । 'पहिलो, तुलसीलाल अमात्यद्वारा प्रस्तुत 'सर्वसत्ता सम्पन्न संसद्' (Supreme sovereign parliament), दोस्रो, पुष्पलालद्वारा प्रस्तुत 'विघटित संसद्को पुनर्स्थापना' (Restoration of liquidated the parliament) र तेस्रो मोहनविक्रम सिंहका तर्फबाट बलराम उपाध्यायद्वारा प्रस्तुत 'संविधानसभा' (Constitutional Assembly)' (रावल, २०४७, पृ. ५९) । यी तीनवटा राजनीतिक लाइनसहितको राजनीतिक कार्यक्रममध्ये तुलसीलाल अमात्यको 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' लाई यस महाधिवेशनले पारित गरेको थियो। यस महाधिवेशनमा अन्तरजोन सामञ्जस्य समितिका तर्फबाट तुलसीलाल अमात्यले प्रस्तुत गरेको राजनीतिक कार्यक्रम पारित भएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. १९) । यस राजनीतिक प्रतिवेदनमा समाजवादी व्यवस्था स्थापना सम्बन्धमा 'हामीले आफ्नो देशमा तमाम जनताको जीवन सुनिश्चित र सुरक्षित गर्नका निम्ति समाजवादी व्यवस्थालाई स्थापना गर्नु छ' (बस्नेत, २०६९, पृ. ३२) । यसका लागि प्रजातान्त्रिक सङ्घर्षको आवश्यकतालाई औंल्याउँदै उक्त

प्रतिवेदनमा- 'प्रजातन्त्रका निम्ति हुने सङ्घर्षका दौरान नै हामी जनतासँग घनिष्ट सम्पर्क राखी समाजवादका निमित्त चाहिने शक्तिको पनि सञ्चय गर्नेछौँ' भनिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३२)। यस महाधिवेशनमा तुलसीलाल अमात्यले प्रस्तुत गरेका र महाधिवेशनले पास गरेको कार्यक्रम राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम थियो। यस प्रतिवेदनमा समाजवादी स्थापनाका निम्ति प्रजातन्त्रलाई नै बलियो बनाउनुपर्छ र प्रजातान्त्रिक सङ्घर्षबाट नै समाजवाद स्थापना गर्न सकिन्छ भन्ने उल्लेख गरिएको थियो ।

यस महाधिवेशनले पारित गरेको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम संशोधनवादी कार्यक्रम हो भनी पुष्पलालले भनेका थिए (पुष्पलाल, २०५३, पृ. १२०)। नेपाल कम्युनिस्ट पार्टीले यस महाधिवेशनभन्दा अघि अवलम्बन र अनुसरण गरेको नयाँ जनवादी कार्यक्रमभन्दा यो कार्यक्रम भिन्न थियो (पौडेल, २०७२, पृ. ३४०)। नेपाल कम्युनिस्ट पार्टीको 'नयाँ जनवादी' राजनीतिक कार्यक्रम लेनिनले अगाडि सारेका 'नयाँ आर्थिक नीति' (New Economic Policy NEP) मा आधारित थियो भने 'राष्ट्रिय प्रजातन्त्र' को राजनीतिक कार्यक्रम 'विकासको गैरपुँजीवादी बाटो' (Non-capitalist way of Development) मा आधारित ख्रुश्चेभद्वारा अगाडि सारिएको विचारधारा थियो (पौडेल, २०७२, पृ. ३४०)। यी आधारलाई तथ्य मानी अध्ययन गर्दा नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनले पारित गरेको राजनीतिक कार्यक्रम पुष्पलालले भने झैँ क्रान्तिकारी कार्यक्रम नभई संशोधनवादी कार्यक्रम नै थियो ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशनपछि नयाँ जनवादी राजनीतिक कार्यक्रम त्यागिएको थियो। यस महाधिवेशनपछि नेपाली समाजवादी आन्दोलनमा विशेषतः तीनवटा राजनीतिक विचारधारा र कार्यक्रमहरू समाजवादी आन्दोलनमा देखा परेका थिए जसले गर्दा नेपाल कम्युनिस्ट पार्टीभित्र वैचारिक मतभेद र विवाद तीव्र गतिले बढेको थियो। यस महाधिवेशनले पारित गरेको तुलसीलाल अमात्यको राजनीतिक कार्यक्रममा 'सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापना' गर्ने कुरालाई नेपाल कम्युनिस्ट पार्टीले तात्कालिक कार्यनीति बनाएको थियो। तर पुष्पलाल यस कार्यनीतिक विरूद्धमा थिए र उनले 'विघटित प्रतिनिधि सभाको पुनर्स्थापना' लाई तात्कालिक कार्यनीति बनाउनुपर्ने अडान राखेका थिए। यस्तै जेलमा रहेका मोहविक्रम सिंहले 'संविधानसभाको निर्वाचन' लाई तात्कालिक कार्यनीति बनाउनुपर्ने मत राखेका थिए (पौडेल, २०७२, पृ. ३४२)। यस महाधिवेशनमा समाजवादको प्राप्ति र स्थापनाका लागि साधन र साध्यलाई फरक-फरक तीन फरक तरिकाको राजनीतिक कार्यक्रम राखिएको थियो। यसरी अध्ययन गर्दा यस महाधिवेशनमा फरक-फरक मत राखे पनि वैचारिक मतभेद र विवाद भए पनि समाजवादी विचार भने देखिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशनपछिको राजनीतिक कार्यक्रमलाई लिएर बढेको विवादलाई २०१९ सालपछि चीन र रूसबिच भएको अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनसम्बन्धी बढ्ने वैचारिक विवादले झन् धेरै प्रभाव पारेको थियो । चीनियाँ कम्युनिस्ट पार्टीले 'नयाँ जनवादी क्रान्ति' र सोभियत सङ्घले 'राष्ट्रिय प्रजातन्त्र' लाई पक्षपोषण गर्न थालेपछि नेपाल कम्युनिस्ट पार्टीमा पनि राजनीतिक कार्यक्रम र कार्यदिशालाई लिएर विवाद बढ्न थालेको थियो र नेपाल कम्युनिस्ट पार्टी विभाजनको शिकार बन्न पुगेको थियो । नेपाल कम्युनिस्ट पार्टीमा विभाजन बढ्न थालेपछि केन्द्र र जिल्लाबिचको सम्बन्ध र सम्पर्क टुङ्गिँदै गएको थियो । २०२३ सालपछि त नेपाल कम्युनिस्ट पार्टी विघटनका अवस्थामा पुगेको थियो (रावल, २०४७, पृ. ६३) । नेपाल कम्युनिस्ट पार्टीको यी यावत् गतिविधिको अध्ययन गर्दा यिनमा पनि समाजवादी विचारको प्रभाव देखिन्छ । नेपाल कम्युनिस्ट पार्टीको स्थापनााकालदेखि तेस्रो महाधिवेशसम्म आइपुग्दा पार्टीभित्र जतिसुकै वैचारिक मतभेद र वैचारिक सङ्घर्ष भए पनि ती विचारहरूमा समाजवाद लक्ष्यका रूपमा प्राथमिकताका साथ परेको हुँदा यी गतिविधिहरूमा समाजवादी विचार थियो भन्न सकिन्छ ।

### ४.४.४ नेपाल कम्युनिस्ट पार्टीभित्रको उतार-चढाव

२०१९ सालमा सम्पन्न भएको नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनले तुलसीलाल अमात्यलाई महासचिवमा निर्वाचित गरेपछि पार्टीले जीवन्त रूपमा काम गर्न सकेन र पार्टी विभाजनको शृङ्खला सुरु भएको थियो (पोखरेल, २०६९, पृ. १५) । नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनसम्म आइपुग्दा यस पार्टीमा तीन खालका प्रवृत्ति देखा परेका थिए । यस पार्टीभित्र पहिलो धारा नयाँ जनवादी धारामा पुष्पलाल अडिग थिए भने यसको दोस्रो धारा संशोधनवादी धारामा मनामोहन अधिकारी र तुलसीलाल अमात्य देखा परेका थिए र तेस्रो धाराका रूपमा रहेको अवसरवादी धाराअन्तर्गत केशरजङ्ग रायमाझी देखा परेका थिए । यसले गर्दा नेपालको समाजवादी आन्दोलन धराशायी भई कमजोर र विघटित अवस्थामा पुगेको थियो र नेपाल कम्युनिस्ट पार्टीमा तेस्रो राष्ट्रिय महाधिवेशनदेखि विघटन, पुनर्गठन, विभाजन र एकताको शृङ्खला चल्न थाल्यो जुन शृङ्खला लामो समयसम्म चल्दै आजपर्यन्त चलिरहेको छ ।

नेपालको समाजवादी आन्दोलनमा देखापरेको समाजवादी विचारको मतभेदका कारण नेपाल कम्युनिस्ट पार्टीको विघटन, पुनर्गठन, विभाजन र एकताको शृङ्खला सुरु भएको देखिन्छ । पार्टीभित्रको वैचारिक मतभेद अन्तर्सङ्घर्ष र अवसरवादी चरित्रले गर्दा नेपाल कम्युनिस्ट पार्टी विघटनको सँघारमा पुगेको थियो । नेपाल कम्युनिस्ट पार्टीको गठनको समयदेखि नै पार्टीभित्र वैचारिक मतभेद र टुटफुट भए तापनि दरभङ्गा विस्तारित बैठकमा आइपुगेपछि मात्रै नेपाल कम्युनिस्ट पार्टीमा विघटन, पुनर्गठन, विभाजन र एकताको श्रृङ्खला सुरु भएको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको विघटन, पुनर्गठन विभाजन र एकताको शृङ्खलामा पनि समाजवादी विचार देखिन्छ । नेपाल कम्युनिस्ट पार्टीको विघटन, पुनर्गठन, विभाजन र एकताको शृङ्खला सुरु हुनाका विविध कारणमध्ये एउटा कारण समाजवादी विचार पनि हो । यस पार्टीको तस्रो महाधिवेशनको सँघारसम्म आइपुग्दा विघटित अवस्थामा पुगेको नेपाल कम्युनिस्ट पार्टीलाई २०२५ साल जेठमा पुष्पलालले आफ्नो नेतृत्वमा पुनर्गठित गर्दै समाजवादी विचारमा आधारित नयाँ जनवादी कार्यक्रम दिएर सुसज्जित गरेका थिए । पुष्पलालले २०२५ साल जेठमा नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन गरी नयाँ जनवादी कार्यक्रम ल्याएका थिए । उक्त राजनीतिक प्रतिवेदनमा पनि समाजवादी विचार थियो । उक्त राजनीतिक प्रतिवेदनमा नेपाली समाजको विश्लेषण गरी क्रान्तिको चरणलाई दुई चरणमा विभक्त गर्दै पहिलो जनवादी क्रान्ति र दोस्रो चाहिँ समाजवादी क्रान्ति हो भनी उल्लेख गरिएको थियो (पुष्पलाल, २०५३, पृ. १३७) । उक्त जनवादी कार्यक्रममा समाजवादी विचार स्पष्ट थियो । यस राजनीतिक कार्यक्रमले स्पष्ट रूपमा जनवादी क्रान्ति र समाजवादी क्रान्तिको प्रारूप तयार पारेको थियो । उक्त प्रतिवेदनमा  नयाँ जनवादी क्रान्ति गरी नेपालबाट सामन्तवाद तथा साम्राज्यवादलाई ध्वस्त गरी नेपालको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक स्थितिलाई ध्वस्त गर्दै जनवादी अर्थतन्त्रको निर्माणबाट नै समाजवाद सङ्क्रमण तयार पार्नेछ भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७२, पृ. ६७) । यी आधारलाई अध्ययन गर्दा पुष्पलालको नेतृत्वमा २०२५ साल जेठमा पुनर्गठन भएको नेपाल कम्युनिस्ट पार्टीमा पनि समाजवादी विचार स्पष्ट रहेको देखिन्छ ।

केन्द्रीय न्युक्लियसको गठन कम्युनिस्ट पार्टीका केन्द्रीय नेता मोहनविक्रम सिंह २०२८ सालमा जेलबाट छुटेपछि उनको पहलकदमीमा २०२८ साल मङ्सिर १९ गते भएको थियो । यसमा मनमोहन अधिकारी, मोहनविक्रम सिंह, शम्भुराम श्रेष्ठ, निर्मल लामा, भक्तबहादुर श्रेष्ठ, भरतमोहन अधिकारी, कमल कोइराला, जयगोविन्द शाह, रामबहादुर ह्यामो र सिद्धिलाल सिंह सम्मिलित थिए (Pokhrel, 2007, pp 31)। केन्द्रीय न्युक्लियसको गठन गर्नुको उद्देश्य ‘छरिएर रहेका कम्युनिस्टहरूलाई एक सूत्रमा बाँधी पार्टी महाधिवेशन वा सम्मेलन गरेर केन्द्रीय कमिटीको गठन गर्नु’ थियो (रावल, २०४७, पृ. ७४) । टुटफुट, विाजनको शृङ्खलाको सिकार भएको नेपाल कम्युनिस्ट पार्टीको एकताका लागि केन्द्रीय न्युक्लियसको गठन महत्त्वपूर्ण कदम थियो (Pokhrel, 2007, pp 32)। तर यो महत्त्वपूर्ण कदम अन्तरपार्टी सङ्घर्ष र वैचारिक मतभेदले उपलब्धिमा परिणत हुन सकेन । यसमा पार्टीको राजनीति कार्यक्रम र आगामी रणनीतिमा मतभेद सिर्जना भएपछि दुई समूह, मोहनविक्रम समूह र मनमोहन समूह देखा परे र अन्ततोगत्वा न्युक्लियस् विघटन हुन पुगेको थियो (Pokhrel, 2007, pp 32–33) । आन्तरिक विवाद, वैचारिक मतभेद र रणनीतिक तथा कार्यनीतिक विवादका कारण केन्द्रीय न्युक्लियस सदाका लागि विघटित हुन पुगेको थियो ।

केन्द्रीय न्युक्लियस विघटन भएपछि मोहनविक्रम सिंहको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको चौथो राष्ट्रिय महाधिवेशन २०३१ साल भदौ ३१ गतदेखि असोज ७ गतेसम्म भएको थियो (पौडेल, २०७१, पृ. ३७) । उक्त महाधिवेशन भारतको वाराणसीमा सम्पन्न भएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३५) । यस महाधिवेशनले मोहनविक्रम सिंहको नेतृत्वमा नेकपा (चौम) गठन गरेको थियो (पौडेल, २०७२, पृ. ३४७) । यस चौथो महाविधेशनबाट गठित नेकपा (चौम) को उद्देश्यलाई प्रस्ट पार्ने क्रममा ‘नेपाल कम्युनिस्ट पार्टीको लक्ष्य समाजवाद र साम्यवाद भएका कारण समाजवादी क्रान्तिको सफलताका लागि सबै शोषक वर्गको अन्त्य र सर्वहारावर्गको अनिवार्य सर्त हुन्’ भनिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३५) । मोहनविक्रम सिंहको नेतृत्वमा गठन भएको नेकपा (चौम) मा पनि समाजवादी विचार स्पष्ट देखिन्छ । यस महाधिवेशनपछि यस पार्टीमा मुख्य तीन नेता मोहनविक्रम सिंह, निर्मल लामा र मोहन वैद्यबिच वैचारिक तथा सैद्धान्तिक मतभेद बढेको थियो (शिवाकोटी, २०७१, पृ. ३५६) । यस पार्टीभित्र निर्मल लामा र मोहनविक्रम सिंहबिच अन्तरविरोध बढ्दै गएपछि अन्त्यमा २०३९ सालमा पार्टी फुटेको थियो (लामा, २०६८, पृ. १९७) । यस पार्टीको फुटपछि मोहनविक्रम सिंह समूहले आफ्नो पार्टीको नाम नेकपा (मशाल) राखेका थिए भने निर्मल लामा समुहले पार्टीको पुरानै नाम नेकपा (चौम) राखेका थिए (लामा, २०६८, पृ. १९९) । नेपालको समाजवादी आन्दोलनमा नेकपा (चौम) को गठन भएको थियो । नेकपा (चौम) गठन भएको १२ वर्ष नबित्दै नेकपा (मसाल), नेकपा (चौम) र नेकपा (मशाल) मा विभक्त र विभाजन भएको थियो, पार्टी फुटको शृङ्खलाले (शिवाकोटी, २०७१, पृ. ३५६) । यस पार्टीको गठनले सुरुमा नेपालको राजनीतिमा महत्त्वपूर्ण प्रभाव पार्न सफल भएको थियो । तर पछि पार्टीभित्रको अन्तर्सङ्घर्षले र वैचारिक तथा सैद्धान्तिक मतभेदले यस पार्टी कमजोर भई फुट्न पुगेको थियो । यस पार्टी फुटको सिकार भए पनि नेकपा (चौम) को गतिविधिमा समाजवादी विचार प्रशस्तै देखिन्छ । यस पार्टीले स्पष्ट रूपमा नयाँ जनवादी क्रान्ति गरी जनवादी गणतन्त्र नेपालको स्थापना गर्दै समाजवादी क्रान्तिका निम्ति अग्रसर हुने भनी आफ्नो राजनीतिक कार्यक्रम तय गरेको थियो जसले गर्दा यस पार्टीको गतिविधिमा पनि प्रस्टसँग समाजवादी विचार देखिन्छ ।

नेकपा (चौम) को महासचिव मोहनविक्रम सिंह नेतृत्वको समूहले पार्टीभित्र वैचारिक मतभेद र सङ्घर्ष तीव्र हुँदै गएपछि २०४० साल कार्तिक महिनामा भारतको गोरखपुरमा तेस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो । यस सम्मेलनले पार्टीभित्रको निर्मल लामा समूहलाई पार्टीबाट निष्कासित गरेको थियो र नयाँ केन्द्रीय समिति गठन गरेको थियो । नयाँ केन्द्रीय समितिको गठन गरेपछि मोहनविक्र सिंह नेतृत्वको समुहले नयाँ पार्टीको नाम आफ्नो समुहले प्रकाशन गर्ने मुखपत्र ‘मशाल’ नाम राखेर नेकपा (मशाल) को गठन गरेको थियो (मिश्र, २०६२,

पृ. ४२१) । नेकपा (मशाल) को पाँचौं राष्ट्रिय महाधिवेशन भारतको अयोध्यामा २०४१ साल मङ्सिर १ गतेदेखि १६ गतेसम्म सम्पन्न भएको थियो । यस महाधिवेशनमा केन्द्रीय सङ्गठन समितिका महासचिव चित्रबहादुर के.सी. ले राजनीतिक प्रतिवेदन पेस गरेका थिए र उनले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन उक्त महाधिवेशनले पारित गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ७९) । यस राजनीतिक प्रतिवेनदमा पार्टीको अधिकतम कार्यक्रम समाजवाद र साम्यवाद हो भने न्यूनतम कार्यक्रम नयाँ जनवाद हो भनी किटान गरिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ८०) । यस राजनीतिक प्रतिवेदनमा पनि समाजवादी विचार देखिन्छ । नेकपा (मशाल) ले आफ्नो राजनीतिक प्रतिवेदनमा अधिकतम कार्यक्रम समाजवाद र साम्यवाद तथा न्यूनतम कार्यक्रम जनवादलाई स्पष्ट रूपमा आफ्नो कार्यदिशा बनाएपछि पार्टीभित्र पनि वैचारिक तथा सैद्धान्तिक मतभेदको सिर्जना भई अन्तरपार्टी सङ्घर्ष सुरु भएको थियो ।

यस महाधिवेशनले पाँच महिनाका लागि मोहनविक्रम सिंहलाई पार्टीबाट कारबाही गरी निलम्बन गरेको थियो र मोहन वैद्यलाई पार्टी महासचिवमा निर्वाचित गरेको थियो (कँडेल, २०७६, पृ. १०२) । यस पार्टीमा मोहनविक्रम सिंह समूह अल्पमतमा र मोहन वैद्य समूह बहुमतमा भएपछि आन्तरिक विवाद र सङ्घर्षले झनै ठूलो आकार ग्रहण गर्दै गएको थियो जसको फलस्वरूप २०४२ सालमा नेकपा (मशाल) दुई पार्टीमा फुटेर विभक्त भएको थियो (मिश्र, २०६२, पृ. ४२२) । तत्कालीन नेकपा (मशाल) को पार्टी नेतृत्वले मतभेद राखेको भन्दै मोहनविक्रम सिंहले केन्द्रीय समितिका सदस्य, पार्टी समितिका सदस्यहरूलाई कारबाही गरी पार्टीबाट निष्कासित गर्ने अभियान चलाएको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए । पार्टीभित्र अल्पमतमा परेपछि र कारबाहीमा परेपछि र पार्टी नेतृत्वले राजनीतिकि कार्यक्रम र कार्यदिशामा बेइमानी गरेपछि मोहनविक्रम समूहले २०४२ साल चैत २५ गतेदेखि २८ गतेसम्म आफू निकटका नेता तथा कार्यकर्ता जम्मा गरी छुट्टै राष्ट्रिय सम्मेलन गरेर नयाँ पार्टी नेकपा (मसाल) को गठन गरेको थियो (कँडेल २०७६, पृ. १०२-१०३) । नेकपा (मशाल) फुटेपछि एउटा पार्टी मोटो ‘मशाल’ भएको थियो भने अर्को पार्टी पातलो ‘मसाल’ भएको थियो । मोहन वैद्यले नेतृत्व गरेका पार्टीको नाम नेकपा (मशाल) थियो भने मोहविक्रम सिंहले नेतृत्व गरेका पार्टीको नाम नेकपा (मसाल) थियो (लामा, २०६८, पृ. २०१) । यी दुबै ‘मशाल’ र ‘मसाल’ पार्टीका गतिविधि र राजनीतिक कार्यक्रममा पनि समाजवादी विचार देखिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको झापा जिल्ला कमिटीका तर्फबाट सिपी मैनालीले र नेपाल क्रान्तिकारी सङ्गठन (मार्क्सवादी लेनिनावादी), मोरङका तर्फबाट माधवकुमार नेपालले हस्ताक्षर गरी २०३१ साल जेठ १४ गते देशभरिका मार्क्सवादी-लेनिनवादी कम्युनिस्ट क्रान्तिकारीहरूलाई कोअर्डिनेट हुनका लागि आह्वान गर्दै ‘देशभरिका मार्क्सवादी-लेनिनवादी कम्युनिस्ट

क्रान्तिकारीहरूसँग हाम्रो अपिल' शीर्षकमा संयुक्त रूपमा अपिल जारी गरेका थिए (नेकपा (एमाले), २०४६, पृ. ५६) । उक्त अपिलका आधारमा २०३२ साल जेठ २४-२५ गते अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (मार्क्सवादी-लेनिनवादी) को गठन भएको थियो (नेकपा (एमाले), २०४६, पृ. ५५) । अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (मार्क्सवादी-लेनिनवादी) को घोषणापत्रमा उक्त कोअर्डिनेसन कमिटी गठन गर्नुको लक्ष्य 'पार्टीमा संशोधनवाद विरोधी सङ्घर्षलाई तीव्र गतिले सञ्चालित गर्दै वर्ग-सङ्घर्ष तथा किसान गुरिल्ला युद्धलाई विकास गरी मार्क्सवादी-लेनिनवादी पार्टीको गठन गर्नु हो' (भुसाल, (सङ्क. तथा सम्पा.), २०७३, पृ. १६) । पार्टीभित्रको वैचारिक सङ्घर्ष र राजनीतिक कार्यक्रमप्रतिको मतभेदलाई निस्तेज पार्दै नयाँ जनवादी क्रान्ति गरी जनवादी नेपालको स्थापना गर्ने र समाजवादको लक्ष्य पूरा गर्ने उद्देश्यस्वरूप यस पार्टीको गठन भएको हुँदा यस पार्टीको गठनमा पनि समाजवादी विचार रहेको देखिन्छ । यसरी अध्ययन गर्दा यस कमिटीको गठनमा पनि समाजवादी विचार रहेको देखिन्छ ।

कोअर्डिनेसन कमिटीको २०३५ साल पुस ११ गते सम्पन्न भएको राष्ट्रिय सम्मेलनले नेकपा (माले) को गठन गरेको थियो । यस नवगठित पार्टीले सही नेतृत्वमा नेपालमा नौलो जनवादी क्रान्ति सम्पन्न गर्ने लक्ष्य लिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७३, पृ. २२) । यस पार्टीको पहिलो राष्ट्रिय सम्मेलन (२६ डिसेम्बर, १९७८ - १ जनवरी, १९७९) ले पारित गरेको राजनीतिक प्रतिवेदनमा नेपाली क्रान्तिका बारेमा यसरी उल्लेख गरेको थियो- 'नेपाली नौलो जनवादी क्रान्तिलाई विजयी बनाउँदै समाजवादी र साम्यवादी समाजमा पुग्ने ढोका खोल्नेछ' भनी उल्लेख गरिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७३, पृ. ४३) । यस पार्टीको राजनीतिक प्रतिवेदनमा नेपाली क्रान्तिका बारेमा, नेपाली क्रान्तिको चरणका बारेमा, नेपाली क्रान्ति सम्पन्न गरेपछि स्थापना गर्ने राजनीतिक व्यवस्थाका बारेमा र त्यस व्यवस्थाको लक्ष्य र उद्देश्य स्पष्ट पार्दै समाजवाद दुवै साम्यवादका लक्ष्य स्पष्ट किटान गरेको हुँदा समाजवादी विचार प्रस्ट देखिन्छ । यसरी अध्ययन गर्दा यस पार्टीको राजनीतिक प्रतिवेदनमा पनि समाजवादी विचार देखिन्छ । यी कम्युनिस्ट पार्टीहरूबाहेक अरू पनि थुप्रै ठूला दर्जनौं कम्युनिस्ट पार्टीहरूको गठन, विघटन, पुनर्गठन, विभाजन र एकता भएको थियो ।

नेकपा (अमात्य समूह) को गठन २०१९ साल बैशाख ४-१५ मा भएको थियो (मिश्र, २०६२, पृ. ४२४-४४०) । यस पार्टीले 'जनवादी राष्ट्रिय प्रजातन्त्र' स्थापना गर्ने लक्ष्य लिएको थियो । यसलाई  पार्टीको मूल कार्यक्रमका रूपमा स्वीकारेको थियो (नेकपा (अमात्य), २०४८, पृ. ३) । नेकपा (रायमाझी) समूह) को गठन २०२४ सालमा भएको थियो । नेकपा (मार्क्सवादी) को गठन २०३४ साल चैत १४-१७ मा भएको थियो (मिश्र, २०६२, पृ. ४२४-४४०) । नेकपा (मनमोहन समूह) को गठन २०३६ साल भदौ २५ गते भएको थियो (सापकोटा, २०७५, पृ.

११६) । सर्वहारा श्रमिक सङ्गठन नेपालको गठन २०३८ साल कार्तिक २१-२२ मा भएको थियो । नेकपा (मानन्धर समूह) को गठन २०३८ साल फागुनमा भएको थियो । नेकपा (वर्मा समूह) को गठन २०४० साल असोजमा भएको थियो (मिश्र, २०६२, पृ. ४२४-४४०) । नेपाल कम्युनिस्ट पार्टीको विभाजनको शृङ्खला सुरु भएपछि यस्ता ससाना थुप्रै कम्युनिस्ट पार्टीहरू अस्तित्वमा आएका थिए ।

नेकपा (माले) र नेकपा (मार्क्सवादी) को एकता सम्मेलनले नेकपा (एमाले) को गठन गरेको थियो (मिश्र, २०६२, पृ. ४१६) । यस पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशन २०४९ साल माघ महिनामा सम्पन्न भएको थियो । उक्त महाधिवेशनले मदन भण्डारीले प्रस्तुत गरेका 'जनताको बहुदलीय जनवादी कार्यक्रम' पारित गरेको थियो । यस महाधिवेशनले पार्टीको अधिकतम कार्यक्रम समाजवादलाई र न्यूनतम कार्यक्रमका रूपमा जनताको बहुदलीय जनवादी कार्यक्रमलाई पारित गरेको थियो (नेकपा (एमाले), २०५९, पृ. ५०) । यस दस्तावेजमा नेपाली क्रान्तिको वर्तमान कार्यक्रममा उक्त पार्टीको राजनीतिक लक्ष्य र उद्देश्यलाई 'समाजवाद र साम्यवादलाई आफ्नो अधिकतम एवम् अन्तिम लक्ष्यका रूपमा स्वीकार गरेर त्यसको प्राप्तिका निम्ति निरन्तर लागिरहने अठोट व्यक्त गर्दछ' भनी प्रस्ट पारेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७४, पृ. १२२) । यस पार्टीको पाँचौं महाधिवेशनले पारित गरेको 'जनताको बहुदलीय जनवादी कार्यक्रम' मा पार्टीको लक्ष्य वैज्ञानिक समाजवाद र साम्यवाद रहेको हुँदा यस राजनीतिक कार्यक्रममा पनि समाजवादी विचार स्पष्ट देखिन्छ । नेपाली कम्युनिस्ट आन्दोलनमा पहिलो पटक यस पार्टीले 'जनाताको बहुदलीय जनवादी कार्यक्रम' मार्फत एकल कम्युनिस्ट शासन व्यवस्थाको विकल्पमा बहुल व्यवस्था स्वीकारेको थियो । बहुदलीय व्यवस्था, प्रजातान्त्रिक मान्यता, निर्वाचन पद्धति, विधि र पद्धतिमा आाधरित शासन व्यवस्थालगायतका प्रजातान्त्रिक व्यवस्थाका मूल्य, मान्यता र आदर्शलाई अँगालेको थियो ।

यस पार्टीको छैटौं राष्ट्रिय महाधिवेशन २०५४ साल माघ महिनामा सम्पन्न भएको थियो । यस महाधिवेशनले पनि 'जनताको बहुदलीय जनवादी कार्यक्रमलाई स्वीकार्दै निरन्तरता दिएको थियो । यस महाधिवेशनले जनतको बहुदलीय जनवादी कार्यक्रमलाई नेपाली क्रान्तिको न्यूनतम कार्यक्रमका रूपमा निरन्तरता दिनाका साथै जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको मौलिक सिद्धान्त हो भन्ने ठहर गरेको थियो' (नेकपा (एमाले), २०५४, पृ. ८७-१०४) । यस पार्टीको सातौं राष्ट्रिय महाधिवेशन २०५९ साल माघ महिनाको १८-२३ गते सम्पन्न भएको थियो । यस सातौं राष्ट्रिय महाधिवेशनले पनि 'जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको मौलिक कार्यक्रम र सिद्धान्तका रूपमा पुनर्पुष्टि गर्नु, यसलाई तद्नुरूपले नै दृढताका साथ आत्मसात् गर्नु तथा अनुसरण गर्नु र त्यसबाट निर्देशित भइरहनुपर्छ' भनी जनताको बहुदलीय

जनवादी कार्यक्रमलाई नै पारित गरेको थियो (नेकपा (एमाले), २०५९, पृ. ८७-९२) । यस पार्टीको आठौँ राष्ट्रिय महाधिवेशन २०६५ साल फागुन ५ गतेदेखि १० गतेसम्म बुटवलमा सम्पन्न भएको थियो । यस महाधिवेशनले जनताको बहुदलीय जनवादलाई सैद्धान्तिक रूपमा व्याख्या र विश्लेषण गरेको थियो (नेकपा (एमाले), २०६५, पृ. १५१-१६५) । यस महाधिवेशनले जनताको बहुदलीय जनवादलाई सैद्धान्तिक रूपमा व्याख्या र विश्लेषण गर्ने क्रममा यसलाई राजनीतिक कार्यक्रमका रूपमा समेत लिइएको थियो (नेकपा, (एमाले) २०६५, पृ. १८६-१८७) । यस आठौँ महाधिवेशनले जनताको बहुदलीय जनवादलाई सैद्धान्तिक रूपमा व्याख्या र विश्लेषण गर्दै नेपालमा स्थापना हुने समाजवादको मौलिक प्रारूपलाई प्रस्तुत गरेको थियो । उक्त महाधिवेशनले 'हामीले स्थापना गर्ने समाजवाद न्यूनतम लोकतान्त्रिक मूल्य, मान्यता र सिद्धान्तमा आधारित हुनेछ' भनी समाजवादको मौलिक प्रारूप तयार पारेको थियो (नेकपा (एमाले), २०६५, पृ. १६५) । यस महाधिवेशनले जनताको बहुदलीय जनवादलाई राजनीतिक कार्यक्रमका रूपमा थप सैद्धान्तिक व्याख्या र विश्लेषण गर्दै नेपालमा स्थापना हुने समाजवादको मौलिक प्रारूप र कार्यक्रमलाई पारित गरेको थियो । यसरी अध्ययन गर्दा यस महाधिवेशनमा पनि समाजवादी विचार प्रशस्तै भेटिन्छ ।

यस पार्टीको नवौँ राष्ट्रिय महाधिवेशन २०७१ साल असार महिनाको १९ गतेदेखि साउन १ गतेसम्म काठमाडौँमा सम्पन्न भएको थियो। यस महाधिवेशनले पनि 'पाँचौँ राष्ट्रिय महाधिवेशनबाट राजतन्त्रको अन्त्य र जनवादी गणतन्त्र स्थापना गर्ने लक्ष्यसहित कार्यक्रमको रूपमा पारित भएको र छैटौँ राष्ट्रिय महाविशनबाट पार्टीले सिद्धान्तका रूपमा स्थापित गरेको जनताको बहुदलीय जनवादलाई अझ समृद्ध गर्ने अभिभारा' पारित गरेको थियो (नेकपा (एमाले), २०७१, पृ. ९) । यस महाधिवेशनले विश्व वित्तीय पुँजीवादको सङ्कटलाई औंल्याउँदै यसको विकल्प समाजवाद हो भनी स्पष्ट पारेको थियो (नेकपा (एमाले), २०७१, पृ. १३) । यस नवौँ राष्ट्रिय महाधिवेशनले विश्व वित्तीय पुँजीवादी सङ्कटको विकल्प समाजवाद हो भनी निर्क्योल निकालेको थियो । 'नवउदारवादको यो आर्थिक र वैचारिक सङ्कटले समाजवादको अपरिहार्यता तथा वामपन्थी मान्यताहरूको औचित्यलाई पुनः पुष्टि गरेका छन्' (नेकपा, (एमाले), २०७१, पृ. १३) भनी समाजवादको अपरिहार्यतालाई औंल्याएको थियो । यस महाधिवेशनले समाजवादको स्थापना शान्तिपूर्ण तरिकाले लोकतान्त्रिक प्रतिस्पर्धात्मक विधिबाट गर्न सकिन्छ भन्ने विश्वास गर्दै जनताको बहुदलीय जनवादले अनुशरण गरेको क्रान्तिको साधनलाई पुनः पुष्टि गर्ने काम गरेको थियो ।

यस महाधिवेशनले पार्टीको 'संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई मुख्य राजनीतिक उद्देश्य र समाजवाद-उन्मुख आत्मनिर्भर अर्थतन्त्रको निर्माण, साम्प्रदायिक सद्भाव र सांस्कृतिक विविधतायुक्त राज्यको विकास तथा विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि

आदिलाई निर्देशक सिद्धान्तका रूपमा मान्यता' प्रदान गरेको थियो (नेकपा (एमाले), २०७१, पृ. ६२)। यस महाधिवेशनले पनि पार्टीको मार्गदर्शन सिद्धान्तका रूपमा जनताको बहुदलीय जनवादलाई स्वीकार्दै जनताको बहुदलीय जनवादले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्दै समृद्ध समाजवाद निर्माण गर्न मार्गदर्शन गर्नेछ भन्ने विश्वास गरेको थियो (नेकपा (एमाले), २०७१, पृ. १२३)। यस महाधिवेशनले पनि स्पष्ट रूपमा पार्टीको निर्देशक सिद्धान्तका रूपमा जनताको बहुदलीय जनवादलाई स्वीकारेको थियो भने पार्टीको लक्ष्यका रूपमा समाजवाद र समृद्ध समाजवादको निर्माणलाई स्वीकारेको थियो। यस महाधिवेशनले नेपालमा पुँजीवादी जनवादी क्रान्ति सफल भएको र अब नेपाल समाजवादी क्रान्तिको युगमा प्रवेश गरेको छ भन्ने निर्क्यौल गरेको थियो।

यस पार्टीको गतिविधिले नेपालमा समाजवादको स्थापना गर्न नसकेको भए पनि यस पार्टीले नेपाली समाजवादी आन्दोलनलाई उचाइ थप्ने काम गरेको थियो। यस पार्टीको गठनदेखि अहिलेसम्मका विभिन्न गतिविधिमा पनि समाजवादी विचारको आभिव्यक्ति पाइन्छ। यस पार्टीले नेपाल कम्युनिस्ट पार्टीको स्थापना कालदेखि आफ्नो नवौं महाधिवेशनसम्म आइपुग्दा नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयसक्यो, अब समाजवादी क्रान्तिका दिशामा अघि बढ्नुपर्छ भनी निर्क्यौल गरेको थियो। यस पार्टीले २०६२/६३ सालको जनआन्दोलनपछि राजतन्त्रको अन्त्य हुनु र गणतन्त्रको स्थापना हुन भनेको पुँजीवादी जनवादी क्रान्ति सम्पन्न हुनु हो भन्ने निष्कर्ष निकालेको थियो। यस्तो निष्कर्ष निकाल्नु र समाजवादी क्रान्तिको दिशामा अघि बढ्ने निर्णय लिनु भनेको समाजवादी विचारको प्रभाव देखिनु नै हो।

२०४७ सालमा एकता महाधिवेशन गरी नेकपा (चौम), नेकपा (मशाल) र सर्वहारावादी श्रमिक सङ्गठनको केन्द्रीय समिति विघटन गरी नेकपा (एकताकेन्द्र) गठनका लागि पार्टी एकता संयोजन समिति गठन गरिएको थियो। यस संयोजन समितिले २०४८ साल असारमा नेकपा (एकताकेन्द्र) को गठन गरेको थियो। नेकपा (जनमुखी) पनि एकीकृत भएको थियो (मिश्र, २०६२, पृ. ४२६)। नेकपा (एकताकेन्द्र) को एकताको छैटौं राष्ट्रिय महाधिवेशन चितवनको माडीमा २०४८ सालको मंसिर ६ गतेदेखि सुरु भई २० गते सम्पन्न भएको थियो। उक्त महाधिवेशनले 'सर्वहारावर्गको नेतृत्व र किसान मजदुर एकताका आधारमा सामन्तवाद र साम्राज्यवादका विरूद्ध जनताको जनवादी अधिनायकत्व भएको नयाँ जनवादी गणतन्त्र नेपालको स्थापना गर्नु हाम्रो राजनीतिक रणनीति हो , यसका निम्ति 'गाउँबाट सहर घेर्ने दीर्घकालीन जनयुद्धको कार्यदिशा अपनाउनु अनिवार्य छ' भनी यस पार्टीको राजनैतिक कार्यदिशा पारित गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. २४९)। यस महाधिवेशनबाट नेकपा (एकताकेन्द्र) ले समाजवादी विचारलाई स्पष्ट रूपमा अनुसरण गरेको थियो। मार्क्सवादलाई नयाँ चरणमा

पुऱ्याउने क्रममा माओले समाजवादी विचारका आधारमा दर्शन, राजनैतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादबारे गरेको पुनर्व्याख्यालाई नै यस पार्टीले आफ्नो वैचारिक हतियार बनाएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. २६१-२६३) । नेकपा (एकताकेन्द्र) ले वैचारिक आधार माओवाद र कार्यदिशाका रूपमा 'दीर्घकालीन जनयुद्ध' लाई अख्तियार गरेको थियो ।

नेकपा (एकताकेन्द्र) ले आफ्नो राजनीतिक दस्तावेजमै समाजवादी विचारलाई समेटेर नेपाली राजनीतिमा समाजवादी विचारको बहस चलाएको थियो तर यो पार्टीभित्र पनि वैचारिक, सैद्धान्तिक तथा रणनीतिक र राजनीतिक कार्यदिशाका बारेमा व्यापक मतभेद र अन्तरसङ्घर्ष सुरु भएको थियो । पार्टीभित्र विवाद झन् धेरै बढ्नाको अर्को कारण २०४८ सालको आम निर्वाचनमा सहभागी हुने कि नहुने भन्ने थियो । व्यापक मतभेद र वैचारिक सङ्घर्षका बाबजुद पार्टीले नेकपा (एकताकेन्द्र) का नामबाट निर्वाचनमा भाग नलिने तर भाग लिनका निम्ति नयाँ पार्टी गठन गर्ने निर्णय गरेको थियो । निर्णयअनुसार 'संयुक्त जनमोर्चा नेपाल' को गठन गरिएको थियो (कँडेल, २०७६, पृ. १०५) । २०४८ सालको संसदीय निर्वाचनमा यो पार्टी नेकपा (एकताकेन्द्र) का नाममा सहभागी नभई संयुक्त जनमोर्चा नेपालको नाममा सहभागी भएको थियो ।

२०४८ सालको आम निर्वाचनमा यस संयुक्त जनमोर्चा नेपालले प्रतिनिधिसभाको निर्वाचनमा ९ सिट जितेको थियो र पछि राष्ट्रिय सभामा पनि २ सिट हात पार्न सफल भएको थियो । दुवै सदनमा गरेर यस पार्टीका ११ सांसद् थिए (लामा, २०६३, पृ. २२०) । यी जनप्रतिनिधिहरूलाई पार्टी महासचिव पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफूखुसी चलाएको र पार्टीलाई एकलौटी बनाएको भनी पूर्वनेकपा (चौम) का निर्मल लामा समूहले असहमति जनाएपछि पार्टीभित्र झन् गम्भीर विवाद चर्किएको थियो (लामा, २०६२, पृ. २२०) । यो विवाद चर्किंदै जाने क्रममा २०५० सालमा एकता महाधिवेशनले पार्टी महासचिव पुष्पकमल दाहाल 'प्रचण्ड' को 'दीर्घकालीन जनयुद्धको नीति' पारित भएपछि विवाद झन् उत्कर्षमा पुगेको थियो भने २०५१ सालमा पार्टी महासचिव पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा नेकपा (माओवादी) गठन गरेर निर्मल लामा समूहलाई पार्टीबाट निष्कासन गरिएको थियो (कँडेल, २०७, पृ. :१०६-१०६) । नेकपा (माओवादी) बाट निष्कासित भएपछि अल्पमत समूहले २०५१ साल भदौ १५ गते राष्ट्रिय सम्मेलन गरी नयाँ नेकपा (एकताकेन्द्र) को नै पुनर्गठन गरेको थियो (मिश्र, २०६२, पृ. ४२८) । नेकपा (एकताकेन्द्र) मा महासचिव पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टी एकलौटी बनाई आफ्नो नेतृत्वमा नेकपा (माओवादी) को गठन गरेपछि पार्टी फुटेको थियो । पार्टी फुटेपछि फेरि नेकपा (एकताकेन्द्र) को नै गठन गरेको भन्ने धारणा निर्मल लामाको थियो (लामा, २०६३, पृ. २२०) । नेकपा (माओवादी) को गठनपछि नेता निर्मल लामाको नेतृत्वमा नेकपा (एकताकेन्द्र) पुनर्गठन भएको थियो ।

नेकपा (एकताकेन्द्र) २०५१ सालमा फुटेपछि दुईवटा पार्टी बनेको थियो। एउटा नेकपा (माओवादी) र अर्को नेकपा (एकताकेन्द्र)। नेकपा (एकताकेन्द्र मसाल) बिच २०५९ सालमा पार्टी एकता भई नेकपा (मसाल) को गठन भएको थियो तर यो पार्टी पनि २०६२ सालमा फेरि फुटेर दुईवटा पार्टी बनेको थियो। एउटा नेकपा (एकताकेन्द्र मसाल) र अर्को नेकपा (मसाल)। नेकपा (एकताकेन्द्र मसाल) र नेकपा (माओवादी) बिच २०६५ सालमा पार्टी एकता भई एनेकपा (माओवादी) को गठन भएको थियो (लामा, २०६३, पृ. २१६)। यी सबै पार्टी गठन, विभाजन र एकताको गतिविधिले नेपालमा समाजवादको स्थापना गर्न नसके पनि समाजवादी विचारको उद्भव र बहस चाहिँ राम्रोसँग गराएको थियो। यी गतिविधिले नेपाली समाजवादी आन्दोलनमा समाजवादी विचार कहिले बलियो र कहिले कमजोर भएको थियो तर नेपाली राजनीतिमा समाजवादी विचारको बहस चाहिँ बलियोसँग स्थापित भएको थियो।

नेकपा (एकताकेन्द्र) को केन्द्रीय समितिको २०५१ साल फागुन २ गतेदेखि ४ गतेसम्म बसेको विस्तारित बैठकले नेकपा (एकताकेन्द्र) लाई विघटन गरी नेकपा (माओवादी) को गठन गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३२३-३४१)। नेपाली समाजवादी आन्दोलनमा नेकपा (माओवादी) को गठन भएको थियो। उक्त बैठकले नेकपा (माओवादी) को कार्यदिशालाई पनि निर्धारण गरेको थियो। उक्त बैठकमा प्रस्तुत भई पारित भएको राजनीतिक प्रतिवेदनमा नेपाली सशस्त्र सङ्घर्षको स्वरूप, निशाना र प्रेरक शक्तिमा यस पार्टीको कार्यदिशालाई 'गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धको कार्यदिशा हुने कुरा स्पष्ट गरेको छ' भनी प्रस्ट पारेको थियो (बस्नेत, २०६९, पृ. ३३५)। नेकपा (माओवादी) ले समाजवादी विचारमा आधारित राजनीतिक कार्यक्रम र कार्य दिशालाई अख्तियार गरेको थियो। यस पार्टीले दीर्घकालीन जनयुद्धको कार्यदिशा समातेपछि २०५२ साल असारमा बसेको केन्द्रीय समितिको बैठकमा महासचिव पुष्पकमल दाहालले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै जनयुद्धका लागि सैद्धान्तिक प्रतिवद्धताहरू प्रस्तुत गरेका थिए। यस राजनीतिक प्रतिवेदन उक्त बैठकले पारित गरेको थियो। नेकपा (माओवादी) ले समाजवादी विचारलाई अङ्गीकार गर्दै जनयुद्धका लागि सैद्धान्तिक प्रतिबद्धता जाहेर गरेको थियो। यो सैद्धान्तिक प्रतिवद्धता जाहेर गरिसकेपछि नेकपा (माओवादी) ले २०५२ साल फागुन १ गतेदेखि नेपालमा 'सामन्तवाद र साम्राज्यवादका विरूद्ध, नयाँ जनवादी राज्यसत्ता प्राप्तिका लागि जनयुद्धको शङ्खघोष गरेको थियो' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ४७७)। नेकपा (माओवादी) ले नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादी गणतन्त्र नेपालको स्थापना गरेर समाजवादी क्रान्ति सम्पन्न गर्दै साम्यवादसम्मको यात्रा तय गर्ने निर्णय गरी नेपालमा जनयुद्ध सुरु गरेको थियो।

२०५७ सालको माघ २६ गतेदेखि फागुनको १ गतेसम्ममा सम्पन्न भएको नेकपा (माओवादी) को दोस्रो राष्ट्रिय सम्मेलनले पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन पारित गरेको थियो। यस राजनीतिक प्रतिवेदनमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेतृत्व गरेका जनयुद्ध, जनयुद्धसम्बन्धी दृष्टिकोण र नयाँ जनवादी विचारलाई 'प्रचण्डपथ' नामले नामकरण गरिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५०१)। पुष्पकमल दाहाल 'प्रचण्ड' को जनयुद्धसम्बन्धी विचार र नेतृत्वलाई 'प्रचण्डपथ' का नामबाट नामकरण गरिएको थियो। 'प्रचण्डपथ' विचारको उद्भव र विकास नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव र विकास नै थियो। 'प्रचण्डपथ' को व्याख्या गर्ने क्रममा 'पार्टीका अनुभवहरूको यो संश्लेषणले अन्ततः नेपाली क्रान्तिको व्यवहारमा मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम सिद्धान्तहरूको प्रयोगको विशिष्टतालाई अभिव्यक्त गर्दछ' भनी प्रस्ट पारिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५०१)। नेकपा (माओवादी) ले आफूले अख्तियार गरेको 'प्रचण्डपथ' विचारको व्याख्या गरेको थियो। 'प्रचण्डपथ' समाजवादी विचारमा आधारित थियो। नेकपा (माओवादी) पार्टीले नयाँ जनवादी क्रान्तिमा आधारित 'प्रचण्डपथ' राजनीतिक कार्यक्रम तय गरेपछि यसको लक्ष्य र उद्देश्य नै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थपना गर्दै समाजवादी क्रान्ति, समाजवादको स्थापना र साम्यवादसम्मको यात्रा तय गर्ने भन्ने थियो। यसर्थ यस कार्यक्रममा पनि समाजवादी विचारको गहिरो छाप परेको देखिन्छ।

नेकपा (माओवादी) ले 'नयाँ जनवादी समाजवादी र सांस्कृतिक क्रान्तिहरू हुँदै साम्यवादसम्म पुग्ने महान् उद्देश्य र प्रतिवद्धताका साथ २०५२ साल फागुन १ गतेदेखि नेपालको इतिहासमा नयाँ युगको सूत्रपातसहित जनयुद्ध सुरु गरेको थियो' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५००)। मुलुकमा चलिरहेको जनयुद्ध २०६२/६३ सालको सात राजनीतिक दलसँग संयुक्त जनआन्दोलनको सहकार्य गरेर राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय भएपछि २०६३ साल मङ्सिर ५ गते नेपाल सरकारसँग शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि औपचारिक रूपमा सदाका लागि अन्त्य भएको थियो (शिवाकोटी, २०६७, पृ. ४९८)। नेकपा (माओवादी) ले दश वर्षसम्म सञ्चालन गरेको जनयुद्धलाई न्यायपूर्ण युद्ध र शान्तिका लागि भएको हिंसा मानिन्छ' (शिवाकोटी, २०६७, पृ. ४९७-४९८)। नेकपा (माओवादी) को नेतृत्वमा सम्पन्न भएको १० वर्षको जनयुद्धसम्बन्धी धारणा र दृष्टिकोण रहेको पाइए पनि यस जनयुद्धलाई परिवर्तनका निम्ति भएको न्यायपूर्ण युद्ध नै मान्नुपर्दछ।

नेकपा (माओवादी) ले वृहत् शान्तिसम्झौतामार्फत जनयुद्धको अन्त्य गरेपछि शान्तिपूर्ण एवम् खुला राजनीतिमा प्रवेश गरेको थियो। २०६४ सालको संविधानसभाको निर्वाचनमा भाग

लिएको नेकपा (माओवादी) प्रत्यक्ष र समानुपातिक गरी २३८ सिटमा विजय हासिल गरी नेपालको पहिलो राजनीतिक दल बन्न पुगेको थियो र यस पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बन्न पुगेका थिए (शिवाकोटी, २०७१, पृ. ३५८) । नेकपा (एकताकेन्द्र मसाल) सँग पार्टी एकता भएपछि नयाँ पार्टी एनेकपा (माओवादी) बनेको थियो (कँडेल, २०७६, पृ. ११२-११३) । २०५१ साल फागुन २-४ मा गठन भएको नेकपा (माओवादी) ले २०५२ साल फागुन १ गतेदेखि जनयुद्ध सुरु गरेको थियो । जनयुद्ध सुरु गरेको लगभग १० वर्षको अवधिमा नै ठूलो पार्टी र देशको राजनीतिमा हस्तक्षेप गर्न सक्ने राजनीतिक पार्टी बन्न पुगेको थियो। २०६२/६३ सालको जनआन्दोनलपछि खुला राजनीतिमा प्रवेश गरेको यस पार्टी २०६४ सालको संविधानसभाको निर्वाचनमा देशकै पहिलो पार्टी बन्न पुगेको थियो ।

नेकपा (माओवादी) एकतापछि एनेकपा (माओवादी) भइसकेका अवस्थामा पार्टीभित्रको वैचारिक मतभेद र अन्तरविरोध चर्किंदै गएको थियो । यस पार्टीको कामीडाँडा बैठक, खरिपाटी बैठक, बालाजु बैठक, भृकुटीमण्डप बैठक तथा पालुङ्टार सम्मेलनसम्म आइपुग्दा पार्टीभित्र मोहन वैद्य समूह र पुष्पकमल दाहाल 'प्रचण्ड' समूहबिच तीब्र मतभेद र अन्तर्सङ्घर्ष बढ्दै गएको थियो (शिवाकोटी, २०७१, पृ. ३५८) । पहिलो संविधानसभाको विघटन भएपछि पार्टीभित्र भएको आन्तरिक विवाद र अन्तर्सङ्घर्षले पार्टी फुट्न पुगेको थियो र मोहन वैद्यको नेतृत्वमा बौद्ध सम्मेलनबाट नयाँ पार्टीबाट मातृका यादव पनि अलग्गिन पुगेका थिए (शिवाकोटी, २०७१, पृ. ३५८) । नेकपा (माओवादी) जनयुद्धदेखि पहिलो संविधानसभाको विघटनसम्म आइपुग्दा नेकपा (माओवादी) भित्र वैचारिक मतभेद र अन्तर्द्वन्द्व चुलिएपछि विभिन्न समूहमा विभाजित हुन पुगेको थियो ।

यसैबिच एनेकपा (माओवादी) को एकताको सातौं राष्ट्रिय महाधिवेशन २०६९ साल माघ २० गतेदेखि २६ गतेसम्म हेटौंडामा सम्पन्न भएको थियो । यस महाधिवेशनमा 'नेपाली क्रान्तिको नयाँ संश्लेषण : एक ऐतिहासिक आवश्यकता' शीर्षकको राजनीतिक प्रतिवेदन पारित भएको थियो । यस महाधिवेशनबाट यस पार्टीले 'पुँजीवादी जनवादी कार्यक्रम' पारित गरेको थियो । यस कार्यक्रममा समाजवादी क्रान्तिको कार्यक्रमलाई 'पार्टीको अधिकतम लक्ष्य र कार्यक्रम वर्गविहीन, राज्यविहीन र शोषणविहीन साम्यवादको स्थापना गर्नु हो भने यसको न्यूनतम कार्यक्रम सामन्तवाद र साम्राज्यवादका विरूद्ध पुँजीवादी जनवादी क्रान्तिलाई पूर्णता दिनु र समाजवादी क्रान्तिका दिशामा अगाडि बढ्नु हो' भनी प्रस्ट पारिएको थियो (एनेकपा (माओवादी), २०६९, पृ. ५२) । एनेकपा (माओवादी) ले पुँजीवादी जनवादी क्रान्तिको राजनीतिक कार्यक्रम तय गर्दा समाजवादी विचारलाई आधार मानेको थियो ।

एनेकपा (माओवादी) २०७० सालमा भएको दोस्रो संविधानसभाको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी जम्मा ८० सिट जितेर नेपालको तेस्रो राजनीतिक दलका रूपमा स्थापित भएको थियो। यस निर्वाचनमार्फत गठन भएको दोस्रो संविधानसभाले निर्माण गरेको नेपालको संविधानमा यस पार्टीले आफ्नो पहलकदमीमार्फत 'समाजवाद उन्मुख' भन्ने शब्द राख्न सफल भएको थियो जसलाई नेपाली समाजवादी आन्दोलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिने गरिएको छ। यस पार्टीले नेपालमा समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्न नसके पनि नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव र बहसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

नेपाली समाजवादी आन्दोलनमा नेपाल कम्युनिस्ट पार्टीहरूको टुटफुट एवम् विभाजनको शृङ्खलाले धेरै कम्युनिस्ट पार्टीहरूको गठन, विघटन, पुनर्गठन, विभाजन र एकता भएको थियो जसका कारण नेपाली समाजवादी आन्दोलनमा धेरै वामघटकहरू अस्तित्वमा आएका थिए।

यी कम्युनिस्ट पार्टीहरूले नेपाली समाजवादी आन्दोलनमा निर्णायक भूमिका निर्वाह गर्न नसके पनि र यी कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा समाजवादको स्थापना हुन नसके पनि यी कम्युनिस्ट पार्टीहरूको गठन, विघटन, पुनर्गठन, विभाजन र एकताको शृङ्खलाको अध्ययन गर्दा यिनमा समाजवादी विचार प्रशस्तै भेटिन्छ।

### ४.४.५ नेपाल कम्युनिस्ट पार्टीका राजनीतिक सङ्घर्षहरू

नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा भएका राजनीतिक सङ्घर्ष र आन्दोलनहरूले नेपालमा समाजवादको स्थापना गर्न त सकेन तर विभिन्न कालखण्डमा भएका ती राजनीतिक सङ्घर्ष र आन्दोलनमा समाजवादी विचार थिए र ती सबै समाजवादी विचारकै प्रभावबाट भएका थिए भनेर भन्न सकिन्छ।

नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा भएका राजनीतिक सङ्घर्ष र आन्दोलनहरू थुप्रै भएका थिए। २००७ सालको क्रान्ति दिल्ली सम्झौतामा टुङ्गिएपछि सामन्तहरू फेरि आफ्नो गुमेको शक्ति पुनः हासिल गर्ने प्रयासमा लाग्न थालेपछि त्यसको विरूद्ध नेपाल कम्युनिस्ट पार्टीको नेतृत्व र सहभागितामा किसानहरूले सङ्घर्ष गरेका थिए। तत्कालीन नेपली काङ्ग्रेस नेतृत्वको सरकारले नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगाएका कारण अखिल नेपाल किसान सङ्घका नामबाट नेपाल कम्युनिस्ट पार्टीले देशव्यापी आन्दोलन र राजनीतिक सङ्घर्ष गरेको थियो। 'गाई, गोरु छाडा नछोड्ने, मोहीको अधिकार कायम गराउने, उब्जीनको तीन भाग जग्गा धनीलाई दिनुपर्ने चलन खारेजी गर्ने, गुठी जग्गामा कमाउने मोहीले गुठीवालालाई पैसाका बदला अन्न तिर्न पाउनुपर्ने, तमसुक च्यात्ने, हली, गोठाला, खेताला तथा मोहीलाई पनि 'जी' शब्द प्रयोग गरेर

सम्बोधन गरिनुपर्ने साथै कोशी सम्झौताको खारेजी जस्ता मागहरू अघि सारेर नेपाल कम्युनिस्ट पार्टीले आन्दोलन गरेको थियो' (पोखरेल, २०६९, पृ. १३)। यस किसान सङ्घर्षलाई सरकारले दमन गरे पनि किसान सङ्घर्ष नरोकिएपछि सरकारले भूमिसुधार कमिसन गठन गरी किसानलाई मोहियानी हकबाट वञ्चित गर्न नपाउने भनी सिफारिस गरेको थियो (पुष्पलाल, २०५३, पृ. ७७)। तराईका सम्पूर्ण किसानहरूले 'मोहियानी हकका निम्ति कुतको दर कम गराउन, जमिन्दारलाई दिनुपर्ने वेठ-वेगारीका विरूद्ध ज्यालाको दरमा वृद्धि, सुदको दर कम गर्ने, पर्ती जमिन कब्जा गर्ने' आदि मागहरू राखी सङ्घर्ष गरेका थिए (पुष्पलाल, २०५३, पृ. ७७)। बारा, पर्सा, रौतहट र सर्लाहीका किसानहरूले 'तमसुक फुक्का' आन्दोलन गरेका थिए। त्यस आन्दोनलका क्रममा ५० सौं लाख जाली तमसुकहरू जलाइदिएका थिए। त्यस आन्दोलनका जगमा किसानको अदालत र किसान सङ्घले घुम्ती जेलसमेत निर्माण गरेको थियो (पुष्पलाल, २०५३, पृ. ७७)। यी किसान आन्दोलन र सङ्घर्षहरूले नेपाली समाजलाई समाजवादी विचारप्रति आकर्षित गरिरहेको थियो। किसानहरूको हक, हित र संरक्षणका लागि भएका यी आन्दोलन र सङ्घर्षहरूले किसानहरूमा जमिनदारसँग लड्न सक्ने आत्मबल बढाइदिएको थियो।

किसानहरूले काठमाडौँमा मोहियानी हकका निम्ति, त्रिखण्डी (२३ पाथी) तथा विभिन्न लिनुपर्ने रकमहरूका विरूद्ध सङ्घर्ष गरेका थिए। किसान सङ्घर्ष विशेषत: पूर्वमा भोजपुर र रामेछाप, पश्चिममा गोर्खा, तनहुँ, कास्की, पाल्पा र डोटीमा भएको थियो। अनिकाल र सुख्खा लागेपछि देशभरि नै किसान सङ्घर्ष भएका थिए। 'सामन्त तथा जमिन्दारहरूको बेरी, भकारी कब्जा गरी किसानहरूमा अनाज वितरण गरिएको थियो (पुष्पलाल, २०५३, पृ. ७७)। २००८ सालमा झापामा भन्सार विद्रोह भएको थियो। झापाका कम्युनिस्ट नेता नरबहादुर न्यौपानेको नेतृत्वमा भएको यो नेपालको पहिलो कम्युनिस्ट विद्रोह थियो। झापामा सुख्खा अर्थात् खडेरी परेर खाद्यान्न उब्जनी नभएपछि सरकारले खाद्यान्न भन्सारबाट भारतमा निकासी गर्न लागेपछि त्यहाँका सम्पूर्ण जनताले सशस्त्र रूपमा विद्रोह गरी भन्सारमाथि कब्जा गरेका थिए र जनतामाझ उक्त खाद्यान्न वितरण गरेका थिए। पछि सरकारले त्यस विद्रोहलाई दमन गरी त्यस विद्रोहका नेता नरबहादुर न्यौपानेको २०११ सालमा हत्या गरिदिएको थियो। उनको हत्यापछि त्यो विद्रोह स्वत: शिथिल भएर गएको थियो (शिवाकोटी, २०७०, पृ. २१९)। यस्ता किसान स्घर्षहरू शिथिल भएर कमजोर भए पनि ती सङ्घर्षहरूले किसानहरूलाई समाजवादी विचारप्रति प्रशिक्षित गराएको थियो।

२००९ सालमा नेपाल कम्युनिस्ट पार्टीसम्बद्ध किसान सङ्गठनको सदस्य बनाउँदै जाने क्रममा हुम्ला पुगेपछि धनबहादुरको नेतृत्वमा भएको जुलुसले हुम्ला कब्जा गरेको थियो। हुम्लाका अड्डाका कार्मचारीहरू हुम्ला छाडेर भागेपछि ३ महिनासम्म हुम्ला धनबहादुर र भवानीप्रसाद

अधिकारीका नेतृत्वमा कब्जा भएको अवस्थामा रहेको थियो । पछि पाल्पाबाट गएको सेनाको समूहले हुम्लाका सम्पूर्ण विद्रोहीहरूलाई पक्राउ गरेर धनबहादुरलाई जुम्ला ल्याएको थियो । पक्राउ परेकै अवस्थामा धनबहादुरको मृत्यु भएपछि त्यो आन्दोलन रोकिएको थियो (शिवाकोटी, २०७०, पृ. २१९) । यस्तै २०१० सालको दशैंमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा खुर्सानी काण्ड मच्चेका थियो । साहुहरू र मारवाडीहरूले भारतमा बेच्नका लागि खुर्सानी 'डम्प' गरेर राखेको थाहा पाएपछि नेपाल कम्युनिस्ट पार्टीको काठमाडौँ जिल्ला समितिको नेतृत्वमा उक्त खुर्सानी कब्जा गरी सुपथ मूल्यमा बेचिएको थियो (लामा, २०६८, पृ. ८३ - ८४) । तत्कालीन समयमा काठमाडौँका मारवाडी व्यापारीहरूले सुकेको खुर्सानी लुकाएर बजारमा कृत्रिम अभावको सिर्जना गराएपछि नेपाल कम्युनिस्ट पार्टीले आफ्नो अगुवाइमा आन्दोलन गरी मरवाडी व्यापारीहरूले लुकाएर राखेका सुकेको खुर्सानी जफत गरी सुपथ मूल्यमा बेचेको थियो ।

२०११ सालतिर भीमदत्त पन्तको नेतृत्वमा किसान विद्रोह भएको थियो । त्यस विद्रोहले ब्रह्मदेव मण्डी कब्जा गरेको थियो । २०११ सालतिरै भारतीय अर्धसैनिक बलको सहायतामा भीमदत्त पन्तको हत्या गरी त्यस विद्रोहलाई दबाइएको थियो (शिवाकोटी, २०७१, पृ. ३४८) । २०१६ साल भदौ २६ गते नेपाल कम्युनिस्ट पार्टीले डाल्डा काण्ड आन्दोलन गरेको थियो । भारतीय वनस्पति घ्यू स्वास्थ्यका दृष्टिले प्रतिकूल भएको भनी राणाकालीन सरकारले प्रतिबन्ध लगाएको थियो तर नेपाली कङ्ग्रेस नेतृत्वको निर्वाचित सरकारले उक्त घ्यूको प्रतिबन्ध हटाई आयातका लागि बाटो फुकुवा गरिदिएपछि यसका विरूद्ध नेपाल कम्युनिस्ट पार्टीले आन्दोलन गरेको थियो (के. सी., २०६५, पृ. १३३) । नेपाल कम्युनिस्ट पार्टीले २०१६ साल मङ्सिर १९ गते नेपाल र भारतबिच भएको गण्डक सिंचाइ तथा विद्युत् योजना अर्थात् गण्डक सम्झौताका विरूद्ध २०१६ साल फागुन १ गते आन्दोलन गरेको थियो (के. सी., २०६५, पृ. १३४ - १३५) । तत्कीलन वीपी कोइराला नेतृत्वको नेपाली काङ्ग्रेसको सरकारले भारत सरकारसँग गण्डक सम्झौता गरेपछि यसका विरूद्ध नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा आन्दोलन भएको थियो ।

यस्तै २०१७ सालमा नेपाल कम्युनिस्ट पार्टीका सदस्य गुमराह थारूको नेतृत्वमा दाङको बेलुवामा भएको सामन्ती शोषणका विरूद्ध वर्गसङ्घर्ष भएको थियो । उक्त वर्गसङ्घर्षमा उनको मृत्यु भएको थियो (मिश्र, २०६२, पृ. ४७६) । देशव्यापी रूपमा भएको नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा किसान सङ्घर्ष दाङमा पनि भएको थियो । २०१९ सालमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा तेह्रथुम जिल्लामा जाली फटाहा तथा सामन्तहरूका विरूद्ध आन्दोलन भएको थियो । उक्त आन्दोलनमा कम्युनिस्ट पार्टीका सदस्य तथा किसान नेता नेत्र गुरागाईको मृत्यु भएको थियो (मिश्र, २०६२, पृ. ४७६) । २०२५ साल, २०२६ साल र २०२७ सालमा लगातार तीन वर्ष नेकपा (पुष्पलाल समूह) का नेता नारायणमान विजुक्छेको नेतृत्वमा भक्तपुर जिल्लामा बाली

काट्ने आन्दोलन भएको थियो (मिश्र, २०६२, पृ. ४७७) । नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा देशव्यापी रूपमा भएको किसान आन्दोलन भक्तपुर जिल्लामा पनि भएको थियो ।

चीनमा चलेको सांस्कृतिक क्रान्तिको प्रभावका कारण भारतीय कम्युनिस्टहरू पनि प्रभावित बन्न पुगेका थिए । त्यसको प्रभाव नेपालमा पनि पर्न गएका कारण नेपाली समाजवादी युवाहरू प्रभावित बन्न पुगेका थिए र त्यसैका प्रभावले झापा विद्रोह हुन पुगेको थियो । दुई छिमेकी देशको क्रान्ति र विद्रोहका प्रभावको परिणामस्वरूप झापा विद्रोह सुरु भएको थियो (पोखरेल, २०६९, पृ. ३०) । नेपाल कम्युनिस्ट पार्टीको झापा जिल्ला समितिले २०२८ सालको वैशाख १० गते वर्गशत्रु खतम गर्ने गुरिल्ला सङ्घर्ष सुरु गर्ने औपचारिक निर्णय गरेको थियो भने सोही निर्णयअनुसार २०२८ साल जेठ २ गतेबाट झापामा सशस्त्र विद्रोह सुरु गरेको थियो (रावल, २०४७, पृ. ८०) । तत्कालीन सरकारले निर्मम दमन गरेर त्यो विद्रोह दबाएको थियो ।

२०३० सालमा बर्रे विद्रोह भएको थियो । नेकपा (पुष्पलाल समूह) का नेता केशरमणि पोखरेलको नेतृत्वमा अर्घाखाँची जिल्लामा सम्पत्ति खोस्ने (Money Action) कारबाही भएको थियो (मिश्र, २०६२, पृ. ४५६) । केन्द्रीय पार्टी निर्देशनबिनै स्थानीय स्तरबाटै जनवादी क्रान्तिका निम्ति हतियार किन्नका लागि पैसाको आवश्यकता परेको हुँदा नेकपा (पुष्पलाल समूह) को लुम्बिनी अञ्चल समितिका सचिवालय सदस्यहरू केशरमणि पोखरेल, माधव ज्ञवाली र मोहनलाल आचार्यको निर्णयबाट अर्घाखाँची जिल्लाको बर्रे र खन गाउँ पञ्चायत र गुल्मीको मुसिकोट गाउँ पञ्चायतका सामन्तहरूसँग धनसम्पत्ति र हतियार खोस्ने र जाली कागजपत्रहरू जलाउने उद्देश्यका साथ उक्त सम्पत्ति खोस्ने अभियान चलाइएको थियो (मिश्र, २०६२, पृ. ४५६) । २०३० साल फागुन २८ गते अर्घाखाँची जिल्लाको सिद्वारा गाउँ पञ्चायतको बर्रेमा सामन्त रविलाल बेल्बासे र उनका छोरा शोभाकार बेल्बासेका घरमा सम्पत्ति खोस्ने अभियानअन्तर्गत कारबाही गरिएका थियो । उक्त कारबाहीमा घरको धनसम्पत्ति, गरगहना र नगद पैसा लिई जाली कागजपत्र जफत गरी जलाइएको थियो। उक्त धनसम्पत्ति नेता केशरमणि पोखरेललाई बुझाइएको थियो (सापकोटा, २०७६, पृ. ४२१) । प्रहरीले दमन गरेपछि त्यो विद्रोह पनि शिथिल हुन पुगेको थियो ।

२०३३ सालमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा खोटाङ जिल्लाको साउने सुन्तलेमा मोहीयानी हकका लागि किसान सङ्घर्ष भएको थियो भने त्यसै सालमा काभ्रे जिल्लाको तिमाल र मण्डन भेगमा चर्को ब्याज र जुवातासका विरूद्ध आन्दोलन भएको थियो (मिश्र, २०६२, पृ. ४७६) । २०३४ सालमा जुगेडी किसान विद्रोह भएको थियो । नेकपा (पुष्पलाल समूह) को केन्द्रीय

काङ्ग्रेस परस्त नीतिसँग मतभेद राखी पार्टी केन्द्रसँग विद्रोह गर्दै पार्टीको चितवन जिल्ला समितिले २०३४ साल जेठ १० गते भेला सम्पन्न गरी सामन्तको भकारी फोर्ने र सरकारी मालपोत नतिर्ने निर्णय गरेको थियो (मिश्र, २०६२, पृ. ४५८) । सो निर्णयअनुसार २०३४ साल असार ६ गते नेता रूपलाल विश्वकर्माको नेतृत्वमा जुगेडी बजारका सामन्त सानुलाल साहुका घरमा स्थानीय किसानहरूको ४० जनाको समूहले घरेलु हतियारसहित आक्रमण गरी घरको अन्न, लुगाकपडा कब्जामा लिएर सिमल भञ्ज्याङ लगेका थिए (मिश्र, २०६२, पृ. ४५८) । लगेका अन्न, लुगाकपडा भाग लगाउँदै गर्दा भरतपुरबाट गएको सशस्त्र प्रहरीले भेटी गोली चलाएको थियो । गोली लागी दुई जनाको घटनास्थलमै मृत्यु भएको थियो भने दर्जनौंलाई पक्राउ गरिएको थियो (सापकोटा, २०७६, पृ. ४३) । प्रहरी दमनपछि यस जुगेडी विद्रोह पनि सिथिल हुन पुगेको थियो ।

२०३४ साल असार ७ गते नेकपा (चौम) समूहले राजतन्त्रका विरूद्ध देशव्यापी रूपमा पर्चा छरेको थियो । यस समुहले जाली फटाहा सामन्त विरोधी आन्दोलन, अनिकाल विरोधी आन्दोलन तथा सुकुम्बासी आन्दोलन गरेको थियो । २०३५ सालमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सिन्धुपाल्चोकका किसानहरूले बत्याहा प्रथा (हावामा अन्न बताउँदा उडेर जाने भुस मात्र मोहीको भागमा पर्ने प्रथा), गुठीको शोषण र पुलिस दमनका विरूद्ध सङ्घर्ष गरेका थिए । २०३५ सालको माघ महिनामा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा धनुषा जिल्लाको सिर्सियामा किसानहरूले प्रहरी दमनका विरूद्ध प्रतिरोधात्मक सङ्घर्ष गरेका थिए । २०३५ साल फागुन र चैत महिनामा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा किसानहरूले हिंसात्मक प्रतिरोधात्मक सङ्घर्ष गरेका थिए (मिश्र, २०६२, पृ. ४९१-९२) । नेपालका विभिन्न कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालभरि नै किसान सङ्घर्ष भएका थिए ।

२०३५/३६ सालको आन्दोलनमा पनि नेपाल कम्युनिस्ट पार्टीका विद्यार्थी सङ्गठनहरूको नेतृत्व र सहभागिता थियो । २०३५ सालको आन्दोलनको जग झापा विद्रोहपछि सिक्किमाथि भारतीय हस्तक्षेपका विरूद्ध भएको राष्ट्रवादी आन्दोलनले, पञ्चायती सरकारले लागू गरेको नयाँ शिक्षा नीति विरूद्धकन आन्दोलनहरूले, सर्लाहीमा जमिन्दारहरूका विरूद्ध किसानहरूले चलाएका आन्दोलनहरूले, २०३२ सालको विद्यार्थी आन्दोलनले र २०३५ साल चैत २४ गते पाकिस्तानका राष्ट्रपति जुल्फिकर अली भुट्टोलाई दिइएको फाँसीका विरूद्ध भएको आन्दोलनले बसालेको थियो (शिवाकोटी, २०७०, पृ. २२५) । यो आन्दोलन व्यापक रूपमा बढेपछि पञ्चायती सरकार आफ्नो वर्गीय सङ्गठन राष्ट्रवादी विद्यार्थी मण्डललाई प्रतिबन्ध लगाउन र विद्यार्थीहरूलाई स्वतन्त्र विद्यार्थी युनियनको गठन गर्न दिन बाध्य भएको थियो तर यति मागमा मात्रै सीमित नभई विद्यार्थी सङ्गठनहरूको आन्दोलन निरन्तर अघि बढ्दा तत्कालीन पञ्चायती व्यवस्था नै

सङ्कटमा पर्ने देखेपछि तत्कालीन पञ्चायती सरकारले विद्यार्थीहरूको ४५ औं दिनको आन्दोलनपछि २०३६ साल जेठ १० गते राजा वीरेन्द्रले जनमत सङ्ग्रहको घोषण गरेका थिए। यस जनमत सङ्ग्रहमा सुधारसहितको पञ्चायत वा बहुदलीय व्यवस्था छनोट गर्न दिइएको भए पनि षडयन्त्रपूर्वक पञ्चायती व्यवस्थालाई जिताइएको थियो (शिवाकोटी, २०७०, पृ. २२५)। २०३५/२०३६ सालको आन्दोलनका बलले जनमत सङ्ग्रह भए पनि सुधारिएको पञ्चायती व्यवस्थाको नै जित भएको थियो।

२०३६ सालमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा धनुषा जिल्लाका भूमिहीन गरिब किसानहरूले ज्याला वृद्धिको माग राखि हड्ताल गरी आफ्ना माग पूरा गराएका थिए। २०३६ सालमा नेपाल कम्युनिस्ट पार्टीका नेता रूपलाल विश्वकर्माको नेतृतवमा चितवन जिल्लाको जुटपानीमा विशाल किसान सङ्घर्ष भएको थियो। २०३६ साल जेठ महिनामा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सुर्खेत जिल्लाका किसानहरूले प्रशासनको दमनका विरूद्ध संद्धघर्ष गरेका थिए (मिश्र, २०६२, पृ. ४९१ - ४९२)। २०३६ साल कार्तिक १७ गतेबाट सरकारले नेपाल कम्युनिस्ट विचारधाराका व्यक्तिहरूलाई दमन गरी छिन्ताङ काण्ड मच्चाएको थियो। धनकुटा जिल्लाको छिन्ताङमा कम्युनिस्टमाथि सशस्त्र पुलिसले दमन गरी १५ जनाको हत्या, ५० जनाभन्दा बढी महिलाको बलात्कार गरेको थियो (सापकोटा, २०७६, पृ. ४३)। विभिन्न समयमा नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा सङ्घर्ष र आन्दोलन भएका थिए। यी सङ्घर्ष र आन्दोलनहरूले नेपाली समाजमा समाजवादी विचारप्रतिको चेत खुलाएको थियो।

२०३७ सालमा कम्युनिस्ट पार्टीका नेतृत्वमा झापा, मोरङ र सुनसरीका जुट उत्पादक किसानहरूले उचित मूल्य र बजार सुविधाको माग राखी आन्दोलन गरेका थिए। २०३८ साल वैशाखमा नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा विराटनगरमा मजदुर आन्दोलन भएको थियो। यस आन्दोलनमा एक जना मजदुरको मृत्यु भए पनि मजदुरहरूले आफ्नो माग पूरा गराउन सफल भएका थिए। २०३८ साल मङ्सिरमा नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा हेटौंडामा मजदुरहरूले विभिन्न माग राखी २२ दिनसम्म हड्ताल गरेका थिए। त्यस हड्तालबाट मजदुरहरूले आफ्ना ६०% माग पूरा गाराउन सफल भएका थिए। २०३८ साल पुसमा नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा काठमाडौँको बालाजुका मजदुरहरूले २५ दिनसम्म हड्ताल गरी आफ्नो माग पूरा गराएका थिए (मिश्र, २०६२, पृ. ४९१-९२)। नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा किसान आन्दोलन र सङ्घर्ष मात्रै नभई मजदुर आन्दोलन र सङ्घर्ष पनि भएको थियो जसका कारण मजदुरहरूको समस्या समधान हुँदै मजदुरको पनि हक र हित संरक्षण भएको थियो।

२०३९ साल माघमा नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा बालाजुका मजदुरहरूले चार सूत्रीय माग राखी अर्को हड्ताल गरे पनि यो हड्ताल सफल भएको थिएन । यस हड्काललाई प्रशासनले दमन गरी ३९६ जना मजदुरहरूलाई पेसाबाट निष्कासन गरेको थियो । २०४० साल जेठमा नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा इलामको सदरमुकाममा किसानहरूको विशाल जुलुस र आमसभा भएको थियो (मिश्र, २०६२, पृ. ४१९-९२) । २०४० साल माघ १ गते नेकपा (माले) को सिन्धुपाल्चोक जिल्लाको पिस्कर गाउँ कमिटीले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा सशस्त्र आक्रमण गरी पिस्कर काण्ड मच्चाएको थियो । यस पिस्कर काण्डमा केहीको ज्यान गएको थियो, केही घाइते भएका थिए भने केहीलाई पक्राउ गरिएको थियो .(सापकोटा, २०७६, पृ.४३-४४) । २०४१ सालमा नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा हेटौँडा सिमेन्ट उद्येगका मजदुरहरूले हडताल गरेपछि प्रशासनले दमन गरेर ३५० जना मजदुरहरूलाई निष्कासन गरेको थियो (मिश्र, २०६२, पृ. ४९१) । नेपाल कम्युनिस्ट पार्टीका नेतृत्वमा भएका यी सङ्घर्ष र आन्दोलनले नेपालका किसान र मजदुररूहको हक, हित र अधिकार सुनिश्ति गरेको थियो ।

२०४१ सालमा पुर्तिघाट विद्रोह भएको थियो । पुर्तिघाट विद्रोह नेपाल कम्युनिस्ट पार्टीका नेता रूपलाल विश्वकर्माका नेतृत्वमा रहेको सर्वहारा श्रमिक सङ्गठनले गरेको थियो । २०४१ साल असारमा गुल्मी जिल्लाको पूर्तिघाटमा रहेको नेपाल बैंक लिमिटेडको उपशाखा कार्यालयमा फणीन्द्र आचार्यका नेतृत्वमा गएका ७ जना लडाकुले बैंक कब्जा गरी ३८ लाख नगद लिन सफल भएका थिए तर कब्जामा लिइएका बैंकका कर्मचारीहरूलाई कोठामा नथुनेको हुँदा उनीहरूले हल्ला गरेपछि उक्त समूहलाई प्रहरीले पक्रेको थियो । प्रहरीले गएकामध्ये ३ जनालाई नगदसहित पक्रन सफल भएको थियो भने ४ जनाले प्रहरीको फन्दाबाट उम्कन सफल भई आफूसँग भएको ४ लाख नगद पार्टीलाई बुझाएका थिए (मिश्र, २०६२, पृ. ४५७) । यस विद्रोहलाई प्रहरीले दमन गरेको थियो । २०४३ साल जेठमा नेकपा (माले) को अखिल नेपाल किसान सङ्घले कृषि मल र वीउविजनको मूल्य वृद्धिका विरूद्ध देशव्यापी रूपमा आन्दोलन गरेको थियो । २०४५ सालमा नेपाल कम्युनिस्ट पाटीका नेतृत्वमा काठमाडौँका विभिन्न टेक्सटाइल उद्योगका मजदुरहरूले हड्ताल गरी आफ्नो माग पूरा गराउन सफल भएका थिए (मिश्र, २०६२, पृ. ४९१-९२) । नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा मजदुरहरू राजनीतिक सङ्घर्ष गरी आफ्नो हक, हित र अधिकार सुनिश्चित गर्न सफल भएका थिए ।

२०१७ साल पुस १ गते राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाको सरकार र जननिर्वाचित संसद् दुवैलाई विघटन गरी पञ्चायती शासन व्यवस्थाको सूत्रपात गरेपछि यसका विरूद्धमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्नका निम्ति निर्णायक आन्दोलन गर्न नेपालका राजनीतिक दलहरूलाई २०४६ साल फागुन ७ गतेसम्म कुर्नुपरेको थियो (भण्डारी,

२०७९, पृ. ११)। २०४६ साल माघ ५-७ सम्म नेपाली काङ्ग्रेसको राष्ट्रिय सम्मेलन नेता गणेशमान सिंहको निवास क्षेत्रपाटीस्थित चाक्सीबारीमा सम्पन्न भएको थियो (पराजुली, २०७७, पृ. १७३)। उक्त सम्मेलनमा नेपाली काङ्ग्रेसका नेताहरू कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालाका अलवा नेपाल कम्युनिस्ट पार्टीका पहिलो महासचिव मनमोहन अधिकारी, संयुक्त वाममोर्चाको अध्यक्ष साहना प्रधान, भारतीय पाहुनाहरू समाजवादी नेता चन्द्रशेखर, सुब्रमन्यम स्वामी, एम. जे. अकवर, कम्युनिस्ट नेता हरकिसन सिंह सुरजित, डा. एम. फारूखी उपस्थित भएका थिए र तिनले सम्बोधन पनि गरेका थिए जसका कारण चाक्सीबारी सम्मेलनले बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाका निम्ति आन्दोलनका लागि मार्ग प्रशस्त गरेको थियो (पराजुली, २०७७, पृ. १७३)। राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरी शासन गरेपछि नेपालमा दलीय व्यवस्था र प्रजातान्त्रिक व्यवस्थाको अन्त्य भएको थियो। दलीय व्यवस्था र प्रजातान्त्रिक व्यवस्थाको अन्त्यपछि यसको स्थापनाका निमित्त जनआन्दोलन गर्नुपरेको थियो। २०४६ सालको संयुक्त जनआन्दोनले बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरेको थियो।

यस सम्मेलनमा कम्युनिस्ट नेताको उपस्थितिले काङ्ग्रेस र कम्युनिस्टबिच कार्यगत एकता गर्न पनि मार्ग प्रशस्त गरेको थियो। उक्त सम्मेलनले सात सूत्रीय राजनीतिक प्रस्ताव पारित गर्दै २०४६ साल फागुन ७ गते प्रजातन्त्र दिवसका दिनदेखि देशभर शान्तिपूर्ण जनआन्दोलन गर्ने निर्णय गरेको थियो (पराजुली, २०७७, पृ. १७४)। २०४६ साल माघ १७ गते बसेको नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाबिच भएको संयुक्त बैठकले नेपाली काङ्ग्रेसको सम्मेलनले फागुन ७ गतेदेखि जनआन्दोलन गर्ने भनी गरेको निर्णयलाई अनुमोदन गरेको थियो (पराजुली, २०७७, पृ. १७४)। यस जनआन्दोलनमा नेपालका कम्युनिस्ट पार्टीहरू दुई घटकमा विभाजित भई आन्दोलनमा सहभागी भएका थिए। एउटा संयुक्त बाममोर्चाको घटक थियो भने अर्को संयुक्त राष्ट्रिय जनआन्दोलन नामको घटक थियो। संयुक्त बाममोर्चाको घटकमा नेकपा (मार्क्सवादी), नेकपा (माले), नेकपा (चौम), नेकपा (मानन्धर समूह), नेकपा (बर्मा समूह), नेकपा (अमात्य समूह), नेमकिपा (बिजेक्छे समूह) थिए (सापकोटा, २०७६, पृ. ६२)। यसैगरी संयुक्त राष्ट्रिय जनआन्दोलन नामक घटकमा नेकपा (मशाल), सर्वहारा श्रमिक सङ्गठग, नेकपा (मालेमा) र नेकपा (शम्भुराम श्रेष्ठ समूह) सहभागी थिए (सापकोटा, २०७६, पृ. ६३)। यी दुई वाम घटकहरूमध्ये संयुक्त वाममोर्चा घटक नेपाली काङ्ग्रेससँग मिली संयुक्त जनआन्दोलन गरेको थियो भने संयुक्त राष्ट्रिय जनआन्दोलन नामक वाम घटकले नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चा घटकसँग सहकार्य नगरी आफै छुट्टै जनआन्दोलन गरेका थिए।

नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाको पूर्ववत् निर्णय र सहमतिअनुसार फागुन ७ गतेदेखि शान्तिपूर्ण तरिकाले भएको संयुक्त जनआन्दोलनमाथि सरकारले दमन गरेको थियो । यस्तो व्यापक दमनका बिच पनि ४९ दिनसम्म चलेको उक्त आन्दोलनमा आन्दोलनकारीहरूले पाटन,, कीर्तिपुर र काठमाडौँ कब्जा गर्ने काम गरेपछि राजा र राजनीतिक दलबिच वार्ता भई राजा वीरेन्द्रले चैत २६ गते राति निर्दलीय पञ्चायती व्यवस्था हटाएर बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको घोषणा गरेपछि ३० वर्षे लामो निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भएको थियो (शिवाकोटी), २०७०, पृ. २२८) । यो जनआन्दोलन पनि नेपाली समाजवादी आन्दोलनको एक महत्त्वपूर्ण कडीका रूपमा रहेको थियो ।

नेकपा (एकताकेन्द्र) को २०५१ साल फागुन २-४ गते सम्पन्न भएको केन्द्रीय समितिको विस्तारित बैठकले एकताकेन्द्रलाई विघटन गरी नेकपा (माओवादी) को गठन गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३२३-३४१) । नेकपा (माओवादी) को २०५२ साल असारमा बसेको केन्द्रीय समितिको बैठकले जनयुद्धका लागि सैद्धान्तिक प्रतिबद्धता जाहेर गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३४२-३४३) । पुनर्स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले पनि नेपाली जनताको आम निराशको अन्त्य गर्दै जनजीविकासँग जोडिएका मुद्दाहरूको सम्बोधन गर्न नसक्दा र नेपाललाई विकासका मार्गमा अगाडि बढाउन नसक्दा तथा देशको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी नेकपा (एमाले) संसदीय भासमा भासिन पुग्दा यसको विकल्पका रूपमा र यी नाराहरूलाई अगाडि बढाउँदै नेकपा (मओवादी) ले जनयुद्ध सुरु गरेको थियो ।

नेकपा (माओवादी) को २०५२ साल असोजमा गोरखामा सम्पन्न भएको केन्द्रीय समितिको बैठकले २०५२ साल फागुन १ गतदेखि जनयुद्ध सुरु गर्ने निर्णय गरेको थियो (शिवाकोटी, २०७०, पृ. २३५) । नेकपा (माओवादी) को तेस्रो विस्तारित बैठकले धक्का र छलाङ्गका रूपमा जनयुद्ध गर्ने निर्णय गर्दै नेपाली समाजको ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार व्याख्या गरेको थियो (कँड्ेल, २०७६, पृ. १३४) । नेकपा (माओवादी) ले रोल्पाको होलेरी प्रहरी चौकी, सिन्धुलीगढी प्रहरी चौकी, गोरखा च्याङ्लीमा रहेको कृषि विकास बैङ्क र रूकुमको रारी प्रहरी चौकी कब्जा गरेर जनयुद्धको फौजी कारवाही सुरु भएको घोषणा गरेको थियो (कँडेल, २०७६, पृ. १३५) । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा भएको दश वर्षे जनयुद्धमा लगभग १७ हजारको मृत्यु भएको थियो भने १ हजार ३ सय बेपत्ता भएका थिए । यस जनयुद्धमा लगभग २० हजारको ज्यान गएको अनुमान गरिएको थियो (शिवाकोटी, २०७०, पृ. ३२६) । नेकपा (माओवादी) ले सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति गर्ने, त्यस लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानवजातिकै स्वर्णिम

भविष्यका रूपमा साम्यवादको स्थापना गर्ने उद्देश्य' (शिवाकोटी, २०७०, पृ. २३५-२३७) राखी सञ्चालन गरेको जनयुद्ध २०६२/६३ सालको संयुक्त जनआन्दोलनले विघटित प्रतिनिधिसभाको पुनर्स्थापना गरेपछि अन्त्य भएको थियो । पुनर्स्थापित संसद्बाट संविधानसभाको निर्वाचन गर्ने सङ्कल्प पास भएपछि र नेपाल सरकार र नेकपा (माओवादी) बिच २५ बुँदे आचारसंहिता, ८ बुँदे समभ्ρदारी, असोज ५ को सम्झौता र मङ्सिर ५ को बृहत् शान्तिसम्झौता भएपछि जनयुद्ध सदाका लागि समाप्त भएको घोषणा गरिएको थियो (शिवाकोटी, २०७०, पृ. २४२)। नेकपा (माओवादी) ले सञ्चालन गरेको १० वर्षे जनयुद्ध नेपाली समाजवादी आन्दोलनको इतिहासमा एक महत्त्वपूर्ण घटना थियो ।

२०५८ साल जेठ १९ गते राति दरबार हत्यकाण्ड भई राजा वीरेन्द्रको वंशनाश भएपछि राजा वीरेन्द्रका माइला भाइ ज्ञानेन्द्र शाह राजा भएका थिए (शिवाकोटी, २०७०, पृ. २४२)। ज्ञानेन्द्र शाहले २०६१ साल माघ १९ गते शक्ति आफैंमा निहित गरी प्रत्यक्ष शासनको अभ्यास गरेका थिए । उनको प्रतिगामी कमदका विरूद्ध आन्दोलन गरिरहेका संसद्वादी सात राजनीतिक दललाई नेकपा (माओवादी) ले साथ, सहयोग र समर्थन गरेपछि २०६२ साल चैत २४ गतेदेखि संयुक्त जनआन्दोलन सुरु भएको थियो (शिवाकोटी, २०६७ : ४८८)। २०६२ साल मङ्सिर ७ गते भारतको नयाँ दिल्लीमा संसद्वादी सात दल र युद्धरत नेकपा (माओवादी) बिच १२ बुँदे समझदारी भएको थियो (पराजुली, २०७७, पृ. २३५)। २०६२ साल फागुन २२ गते काठमाडौँमा सात राजनीतिक दलको बैठक बसी १२ बुँदे समझदारीलाई साझा प्रतिवद्धता जाहेर गर्दै २०६२ साल चैत २४ गतेदेखि संसद् पुनर्स्थापना र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति संयुक्त जनआन्दोलन गर्ने निर्णय गरेको थियो । लोकतन्त्र प्राप्ति र संसद् पुनर्स्थापनाका लागि भएको संयुक्त जनआन्दोलनलाई थेग्न र रोक्न नसकेपछि २०६३ साल बैशाख ११ गते राजा ज्ञानेन्द्रले आफैले २०५९ साल जेठ ८ गते विघटन गरेको संसद् पुनर्स्थापना गर्न बाध्य भएका थिए। विघटित संसद् पुनर्स्थापित भएपछि १९ दिन लामो चलेको संयुक्त जनआन्दोलनको अन्त्य भएको थियो (पराजुली, २०७७, पृ. २३५)। १९ दिनसम्म निरन्तर चलेको संयुक्त जनआन्दोलनको शक्तिले २०६३ साल बैशाख ११ गते विघटित प्रतिनिधि सभाको पुनर्स्थापना र राजा ज्ञानेन्द्र शाह नेतृत्वको प्रत्यक्ष सरकार विघटित भएको थियो । पुनर्स्थापित प्रतिनिधिसभाबाट गठन भएको नयाँ सरकारले संविधानसभाको निर्वाचनबाट गठित संविधानसभाबाट संविधान निर्माण गर्ने सहमति प्राप्त गरेको थियो । यस २०६२/६३ सालको संयुक्त जनआन्दोलनले राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गरेको थियो (शिवाकोटी, २०६७, पृ. ४८८-४८९)। यसर्थ यस संयुक्त जनआन्दोलनले नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी नेपाललाई समाजवादी क्रान्तिको चरणमा प्रवेश गराएको हुनाले नेपाली समाजवादी आन्दोलनमा यस आन्दोलनको महत्त्वपूर्ण स्थान छ ।

यी आन्दोलन, सङ्घर्ष र विद्रोह सँगसँगै नेपाल कम्युनिस्ट पार्टीहरूका नेतृत्व र सहभागितामा थुप्रै आन्दोलनहरू भएका थिए । नेपाल कम्युनिस्ट पार्टीका नेतृत्व र सहभागितामा २०३५ साल फागुन २१ गते विभिन्न जिल्लामा एकै पटक पर्चा छर्ने आन्दोलन, २०३५ साल चैतमा पूर्व-पश्चिम राजमार्गका कार्यरत २५ हजार मजदुर तथा कर्मचारीहरूले दुई महिनासम्म गरेको हड्ताल, २०३७-३८ सालमा जनमत सङ्ग्रहमा भएको धाँधली र सुधारिएको पञ्चायतले जारी गरेको संविधानका विरूद्ध स्वदेश तथा विदेशमा भएका आन्दोलनहरू, २०३८ सालमा भएको निर्वाचन वहिष्कारको आन्दोलन, २०४४ सालमा चेर्नोविल आणविक दुर्घटनामा चुहिएको विकरणयुक्त धुलो दुधको पाउडर आयातका विरूद्ध भएको आन्दोलन, २०४४ सालमा भारतको आसाम र मेघालयबाट लखेटिएका नेपालीको समर्थनमा भएको आन्दोलन, २०४४ सालमा दशरथ रङ्गशालामा फुटबल खेल हेर्दा मच्चिएको भागदौडमा भएको दुर्घटनाका विरूद्ध भएको आन्दोलन, २०४५ सालमा भारतको आर्थिक नाकाबन्दी विरूद्धका आन्दोलनहरू भएका थिए (मिश्र, २०६२, पृ. ४९२-४९३) । नेपाल कम्युनिस्ट पार्टीका नेतृत्व र सहभागितामा भएका यी तमाम राजनीतिक सङ्घर्ष, आन्दोलन र विद्रोहहरूले नेपालमा समाजवाद स्थापना गर्न नसके पनि यिनमा समाजवादी विचार भने अवश्यै थियो ।

यी सङ्घर्ष, आन्दोलन र विद्रेहमा समाजवादी विचार भएकै कारण किसान, मजदुर र नेपाली जनताका तमाम जनजीविकासँग जोडिएका मुद्दाहरूका साथै हक, हित र अधिकार सुनिश्चितताका कुराहरू उठेका थिए जसलाई यी सङ्घर्ष, आन्दोलन र विद्रोहले सम्बोधन गर्न पुगेका थिए । समाजवादी विचारको उत्प्रेरणा र प्रभावबाट नै नेपाल कम्युनिस्ट पार्टीका नेतृत्व र सहभागितामा यी राजनीतिक सङ्घर्ष, आन्दोलन र विद्रोहहरू भएका थिए जसका कारण यी सबै राजनीतिक सङ्घर्ष, आन्दोलन र विद्रोहहरूमा समाजवादी विचार थियो भनेर भन्न सकिन्छ । विश्व समाजवादी आन्दोलनको प्रभावबाट नै नेपाल कम्युनिस्ट पार्टीको स्थापना हुन पुगेको र यी तमाम सङ्घर्ष, आन्दोलन र विद्रोहहरू नेपाल कम्युनिस्ट पार्टीकै नेतृत्व र सहभागितामा भएका थिए जसले गर्दा यी सबै राजनीतिक सङ्घर्ष, आन्दोलन र विद्रोहहरूमा समाजवादी विचार थियो भनेर भन्न सकिन्छ । यी राजनीतिक सङ्घर्ष, आन्दोलन र विद्रोहरूले सहरदेखि गाउँसम्म र प्रत्येक ग्रामीण भेगका जनतालाई समाजवादी विचारसँग साक्षात्कार गराउन सफल भएको थियो जसका कारण नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव र विकास भएको थियो भने नेपाली राजनीतिमा समाजवादी विचार समृद्ध र समुन्नत हुन पुगेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीले स्थापनासँगै प्रकाशित गरेको आफ्नो पहिलो पर्चा र पहिलो घोषणापत्रमा नेपालमा समाजवादको स्थापना गर्ने लक्ष्य लिइएको थियो र त्यही अनुसारको राजनीतिक कार्यक्रम र राजनीतिक सङ्घर्षको कार्यक्रम तय गरेको थियो । नेपाल कम्युनिस्ट

पार्टीको विभाजन भएपछि अस्तित्वमा आएका अरू कम्युनिस्ट पार्टी र नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले पनि आफ्नो राजनीतिक लक्ष्य नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादको स्थापना गर्दै समाजवाद र साम्यवादसम्मको यात्रा गर्ने थियो र त्यही अनुरूपका राजनीतिक कार्यक्रम र राजनीतिक सङ्घर्षका कार्यक्रमहरू तय गरिएका थिए । यी कम्युनिस्ट पार्टीका राजनीतिक लक्ष्य, कार्यक्रम र सङ्घर्ष नै नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवका आधार हुन् भन्न सकिन्छ ।

## निष्कर्ष

विविध धारामा विभक्त भएको विश्व समाजवादी आन्दोलनलाई मार्क्स र एङ्गेल्सले १९०५ सालमा कम्युनिस्ट घोषणापत्र लेखी वैज्ञानिक समाजवादी विचार दिएका थिए । मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेखी विश्व कम्युनिस्ट राजनीतिको उद्भव र विकास गराएका थिए । मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेखी वैज्ञानिक समाजवादी विचारको प्रतिपादन गरेपछि यस विचारले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो । मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादी विचारको प्रतिपादन गरेपछि र सर्वहारा तथा मजदुरवर्गको मुक्तिका निम्ति कम्युनिस्ट राजनीतिको अवधारणालाई अघि सारेपछि विश्व समाजवादी आन्दोलनले गति लिएको थियो र विश्व समाजवादी आन्दोलनले नयाँ धाराका रूपमा क्रान्तिकारी मार्क्सवादी धारा पाएको थियो । यसै क्रान्तिकारी मार्क्सवादी धारालाई समाती लेनिनले १९७४ सालमा रूसमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी शासन व्यवस्थाको स्थापना र समाजवादी राष्ट्रको छाता सङ्गठन सोभियत युनियनको गठन गरेपछि विश्व राजनीति यी दुई ध्रुवमा विभक्त हुन पुगेको थियो - पहिलो सोभियत युनियनले नेतृत्व गरेको समाजवादी ध्रुव र दोस्रो संयुक्त राज्य अमेरिकाले नेतृत्व गरेको पुँजीवादी ध्रुव । यी दुई भिन्न ध्रुवले गर्दा विश्व राजनीतिमा नै समाजवादी विचार र कम्युनिस्ट राजनीतिक अवधारणाले गम्भीर प्रभाव पारेको थियो । सन् १९४९ मा माओले जनवादी क्रान्ति सम्पन्न गरी चीनमा नयाँ जनवादी गणतन्त्र स्थापना गरेपछि यस राजनीतिक घटनाले पनि विश्व राजनीतिलाई गम्भीर प्रभाव पारेको थियो ।

फ्रान्सको राज्यक्रान्ति, बेलायतको गौरवपूर्ण क्रान्ति, पहिलो विश्वयुद्ध, दोस्रो विश्वयुद्ध, रूसको अक्टोबर समाजवादी क्रान्ति, चीनको जनवादी क्रान्ति, संसारभरि चलेको स्वतन्त्रता र राष्ट्रिय मुक्ति आन्दोलन तथा क्रान्ति र भारतीय स्वतन्त्रता सङ्ग्रामको प्रभाव नेपाली राजनीतिमा पनि परेको थियो । जसको फलस्वरूप नेपालमा पनि राणाशासन विरोधी राजनीतिक चेतनाको विकास नेपाली जनमानसमा हुन गएको थियो र राणाशासन विरोधी आन्दोलन, विद्रोह र क्रान्तिको

लहर नेपाली राजनीतिमा चलेपछि नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी जस्ता राजनीतिक दलको स्थापना हुन पुगेको थियो । नेपाली काङ्ग्रेसले नेपालमा प्रजातान्त्रिक राजनीति सुरु गरेको थियो भने नेपाल कम्युनिस्ट पार्टीले कम्युनिस्ट राजनीति सुरु गरेको थियो जसले गर्दा नेपालमा प्रजातान्त्रिक राजनीतिक र कम्युनिस्ट राजनीति दुवै राजनीतिको उद्भव हुन पुगेको थियो । नेपालमा कम्युनिस्ट पार्टीको स्थापनासँगै कम्युनिस्ट राजनीति र समाजवादी विचारको उद्भव हुन पुगेको थियो । नेपाल कम्युनिस्ट पार्टीले स्थापनाकालमै आफ्नो पहिलो प्रकाशित पर्चा र घोषणापत्रमा समाजवाद स्थापनाको लक्ष्य लिनु र त्यसै अनुसारका राजनीतिक कार्यक्रम ल्याउनु र गतिविधि सञ्चालन गर्नु नै नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचार उद्भव हुनुका आधारहरू हुन् ।

# अध्याय पाँच

# नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकास

नेपाली राजनीतिमा समाजवादी विचारको उद्भवको विकासबारे यस अघि नै चर्चा गरिसकिएको छ । वैज्ञानिक समाजवाद भनेको नै साम्यवाद वा कम्युनिस्ट राजनीतिभन्दा पृथक् छैन भन्ने कुरा पनि यस अघि चर्चा भइसकेको छ । मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको व्याख्या गरेर तत्कालीन विश्व समुदायका बिचमा आफ्ना दर्शन र सिद्धान्त स्थापित गरेपछि त्यसमाथि व्यापक बहस र छलफल हुँदै आएका छन् । समाजवादी विचारको विकासले कतिपय पुँजीवादी समुदायले पनि समाजवादको आर्थिक समानताको अकाट्यतालाई स्वीकार गरी त्यसलाई नयाँ आवरणमा समाजवादी प्रजातन्त्रको चर्चा गर्न थाले र यसलाई पुँजीवादी स्वतन्त्रता र समाजवादी आर्थिक समानताबिचको अवधारणाका रूपमा व्याख्या गर्न थाले (Newman, 2006)। त्यसैले यसलाई कतिपय लेखकहरूले नयाँ उदारवादी पुँजीवादको संज्ञा पनि दिएका छन् (Skrzypek, Hofmann & Wilson, 2022)। विश्व समाजवादी आन्दोलनका प्रचलित दुई धाराहरूमा पहिलो मार्क्सवादी धारा अन्तर्गतको समाजवादी विचारधारा वैज्ञानिक समाजवादी विचारधारा र दोस्रो पुँजीवादी धाराअन्तर्गतको प्रजातान्त्रिक समाजवादी विचारधारा नेपाली राजनीतिमा उद्भव र विकास भएको थियो । नेपालमा मार्क्सवादी धाराअन्तर्गतको वैज्ञानिक समाजवादी विचारधारा कम्युनिस्ट पार्टीले अपनाएको थियो भने पुँजीवादी धाराअन्तर्गतको समाजवादी विचारधारा प्रजातान्त्रिक समाजवादी विचारको पक्षपोषण गर्दै नेपाली काङ्ग्रेसले अपनाएको थियो । यस अर्थमा नेपाल कम्युनिस्ट पार्टी र नेपाली काङ्ग्रेसले नेपाली राजनीतिमा वैज्ञानिक समाजवादी विचार र प्रजातान्त्रिक समाजवादी विचारको उद्भव र विकास गराएका थिए । प्रस्तुत शोधकार्यका क्रममा मार्क्सवादी विचार धाराअन्तर्गतको समाजवादी विचार वैज्ञानिक समाजवादी विचारको मात्रै अध्ययन गरिएको हुँदा यसमा प्रजातान्त्रिक समाजवादी विचारको उद्भव र विकासको अध्ययन गरिएको छैन । प्रस्तुत शोधको यस अध्यायमा मार्क्सवादी विचार धाराअन्तर्गतको समाजवादी विचारको पनि वैज्ञानिक समाजवादी विचारको मात्रै अध्ययन गरिएको छ ।

## ५.१ नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको ऐतिहासिक विकासक्रम

नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भव पुष्पलालले कम्युनिस्ट घोषणापत्रलाई नेपालीमा अनुवाद गरी प्रकाशन गरेपछि भएको मानिएको थियो भने समाजवादी विचारको विकास पनि त्यही समयदेखि हुँदै आएको थियो । ‘यसको प्रकाशनले गर्दा हजारौँ वर्षदेखि नेपालको बौद्धिक क्षेत्रमा सामन्ती पुँजीवादी र साम्राज्यवादी विचारधाराले एकाधिपत्य जमाएर

बसेको थियो। त्यसलाई तोडी नेपालको बौद्धिक क्षेत्रमा समाजवादी विचारको प्रवेश गरायो' (पुष्पलाल, २०५३, पृ. ३१)। जसले गर्दा नेपाली राजनीतिमा समाजवादी विचारको विधिवत् उद्भव भएको थियो। यसको प्रकाशनले गर्दा 'नेपालका जनवादी आन्दोलनमा देखापरेको सम्झौतापरस्त नीतिका विरूद्ध सम्झौतारहित सङ्घर्ष गर्ने र समाजवादका बाटामा लम्कन नेपालका जनवादी आन्दोलनमा देखापरेका वामपन्थी जनवादीहरूलाई नयाँ ज्योति दिएको थियो' (पुष्पलाल, २०५३, पृ. ३१)। यसरी नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव हुन पुगेको थियो।

समाजवादी विचारको संस्थागत उद्भव भने २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि भएको थियो भने समाजवादी विचारको संस्थागत विकास पनि नेपाल कम्युनिस्ट पार्टीले नै गरेको थियो। नेपाल कम्युनिस्ट पार्टीले सीधै समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्नका निम्ति समाजवादी कार्यक्रम नल्याई समाजवादी क्रान्ति गरी समाजवाद स्थापना गर्नका निम्ति नयाँ जनवादी कार्यक्रम ल्याएका थिए। नयाँ जनवादी कार्यक्रम अख्तियार गरेको नेपाल कम्युनिस्ट पार्टीले नयाँ जनवादी कार्यक्रममार्फत नै नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो।

## ५.२ नयाँ जनवादको परिभाषा र समाजवाद

अङ्ग्रेजी भाषाको डेमोक्रेसीलाई नेपाली भाषामा प्रजातन्त्र, लोकतन्त्र, जनवाद भनेर बुझिन्छ। संसदीय व्यवस्थामा निर्वाचनलाई साधन र निर्वाचित सरकारलाई साध्य ठानी लामो समयसम्म नेपालमा प्रजातन्त्रको अभ्यास गरिदै आइएको छ। नेपालमा संसदीय प्रजातान्त्रिक व्यवस्थालाई बुर्जुवा प्रणाली ठानी संसदीय प्रजातान्त्रिक व्यवस्थाभन्दा सुधारवादी उन्नत व्यवस्था जनवादी व्यवस्था हो भनी नेपालका कम्युनिस्ट पार्टीहरूले प्रजान्त्रलाई नयाँ जनवाद, राष्ट्रिय प्रजातन्त्र, राष्ट्रिय जनवाद, जनताको बहुदलीय जनवाद, एक्काइसौँ शताब्दीको जनवाद, पुँजीवादी जनवाद र जनताको जनवाद जस्ता विशेषणले विभूषित गरी सम्बोधन गर्दै परिभाषित गरेको देखिन्छ। जे जे भने पनि मूलभूत रूपमा बुझिने प्रजातन्त्र डेमोक्रेसी नै हो।

अङ्ग्रेजी भाषाको 'डेमोक्रेसी' शब्दलाई नेपाली भाषामा जनवाद भनिन्छ। आम रूपमा डेमोक्रेसीलाई अब्राहम लिङ्कनले परिभाषित गरेको 'जनतका लागि जनताद्वारा जनताको सरकार' भनी बुझिन्छ (Faulkner, 2010, pp 202)। इन्साइक्लोपेडिया ब्रिटानिकाले डेमोक्रेसीलाई 'सरकारको त्यो रूप हो जहाँ जनताले ग्रिक नगरराज्यमा जस्तै आफैँ प्रत्यक्ष रूपमा वा आफ्ना प्रतिनिधिहरूमार्फत शासन गर्दछन्' भनी परिभाषित गरेको छ (Shapiro Froomkin & Dahl, 2023)। अक्सफोर्ड इङ्गलिस डिक्सनरीले डेमोक्रेसीलाई 'सरकारको त्यो रूप हो, जहाँ सार्वभामैसत्ता सम्पूर्ण जनतामा रहन्छ र त्यसको प्रयोग जनताद्वारा या त प्रत्यक्ष रूपमा या

उनीहरूद्वारा निर्वाचित अधिकारीहरूमार्फत हुने गर्दछ' भनी परिभाषित गरेको छ। यसरी जनवादको परिभाषा दिइएको छ। नेपाली शब्दकोशमा जनवादलाई 'जनप्रवाद, लोकापवाद, राज्यको सर्वोच्च प्रशासक जनताबाट नै चुनिनु पर्छ भन्ने एक राजनैतिक सिद्धान्त र चीनमा माओत्सेतुङ्गद्वारा विकास गरिएको एक सिद्धान्त र व्यवस्था नयाँ जनवाद, जनतन्त्र, लोकतन्त्र, जनतान्त्रिक दर्शन' भनि परिभाषित गरेको छ (शर्म्मा र शर्मा, २०६४ : २७४)। नेपालमा नयाँ जनवादलाई प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र, नयाँ जनवाद, राष्ट्रिय प्रजातन्त्र, राष्ट्रिय जनवाद, बहुदलीय जनवाद, एक्काइसौँ शताब्दीको जनवाद, पुँजीवाद जनवाद, जनताको जनवाद, जनवादजस्ता विभिन्न शाब्दिक पदावली दिइने र बुझ्ने गरेको देखिन्छ। नयाँ जनवादलाई प्रजातान्त्रवादीहरूले संसदीय प्रजातान्त्रिक व्यवस्थाको रूपमा र मार्क्सवादीहरूले जनताका अधिनायकत्वमा आधारित नयाँ जनवादी व्यवस्थाका रूपमा बुझेको देखिन्छ।

प्रजातन्त्र ग्रिक नगर राज्यबाट तथा हाम्रै नेपालको शाक्य, कोलिय र विदेह गणराज्यबाट उद्भव र विकास हुँदै अहिलेको विविध प्रारूपको प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र, जनवाद, नयाँ जनवाद, राष्ट्रिय जनवाद, राष्ट्रिय प्रजातन्त्र, जनताको बहुदलीय जनवाद, एक्काइसौँ शताब्दीको जनवाद, जनताको जनवाद, पुँजीवादी जनवाद जस्ता विविध प्रारूपमा विकसित हुन पुगेको छ। विश्व राजनीतिमा भएका ठूला-ठूला प्रजातान्त्रिक आन्दोलन, पुँजीवादी क्रान्ति तथा नयाँ जनवादी क्रान्तिले प्रजातन्त्र, लोकतन्त्र, जनवाद र नयाँ जनवादलाई उन्नत स्वरूप र प्रारूप दिएको छ। फ्रान्सको राज्यक्रान्ति, ब्रिटेनको गौरवपूर्ण क्रान्ति, अमेरिकी स्वतन्तत्रा सङ्ग्राम तथा रूसको अक्टोबर समाजवादी क्रान्ति, चीनको नयाँ जनवादी क्रान्ति, भारतीय स्वतन्त्रता सङ्ग्राम तथा नेपालमै भएका पटक पटकका प्रजातान्त्रिक आन्दोलन तथा पुँजीवादी जनवादी क्रान्तिले विश्व राजनीतिमा र नेपाली राजनीतिमा प्रजातन्त्रलाई भिन्न स्वरूप, विविध प्रारूप र उन्नत चरण दियो जसले गर्दा प्रजातन्त्रको लामो ऐतिहासिक यात्राको शृङ्खलामा प्रजातन्त्रले लोकतन्त्र, जनतन्त्र, जनवाद, नयाँ जनवाद, राष्ट्रिय जनवाद, राष्ट्रिय प्रजातन्त्र, जनताको बहुदलीय जनवाद, एक्काइसौँ शताब्दीको जनवाद, पुँजीवादी जनवाद, जनताको जनवाद जस्ता विविध रूप, प्रारूप र स्वरूप ग्रहण गर्न पुग्यो। यी विविध प्रारूपको जनवादलाई नेपालका कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादी क्रान्तिको राजनीतिक कार्यक्रमका रूपमा वरण गर्न, ग्रहण गर्न र अनुसरण गर्न पुगे र आजपर्यन्त पनि गर्दै छन्। नयाँ जनवादलाई सबैले आआफ्नै ढङ्गले बुझ्ने र व्याख्या गर्ने गर्दछन् भने यसको अर्थ र परिभाषा पनि आफ्नै ढङ्गले दिने गर्दछन्। माओले नयाँ जनवादलाई चीनको औपनिवेशिक र अर्धसामन्ती स्थितिलाई फेर्नु र जनताको जनवादी व्यवस्थालाई स्थापित गर्नु भनी परिभाषित गरेका छन्। उनले यसका निम्ति नयाँ जनवादी क्रान्ति गर्नुपर्छ भनी नयाँ जनवाद र नयाँ जनवादी क्रान्तिको कार्यक्रम प्रस्तुत गरेका थिए। उनले साम्राज्यवाद तथा सामन्तवादलाई पछार्न

र जापानी आक्रमणलाई परास्त गरी नयाँ चीनको स्थापना गर्न देशका सारा मजदुर - किसान जन-समुदायलाई गोलबन्द गरी क्रान्ति सम्पन्न गर्नका निम्ति नयाँ जनवादी कार्यक्रम प्रस्तुत गरेका थिए (माओत्सेतुङ्ग, २०५७, पृ. ३-१५) । माओले चीनमा नयाँ जनवादी कार्यक्रम प्रस्तुत गरी नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै जनवादी गणतन्त्र चीनको निर्माण गरेका थिए ।

मार्क्सवादी सिद्धान्तअनुसार चीनमा साम्यवादी क्रान्तिका र जापानी साम्राज्यवाद विरोधी युद्धताका जनवादी कार्यक्रम अर्धसामन्तवादी, अर्धऔपनिवेशवादी र विदेशी पुँजीवाद तथा साम्राज्यवादले जकडेको मुलुकमा क्रान्ति सम्पन्न गर्नका निम्ति प्रस्तुत गरिएको थियो । यही सिद्धान्तअनुसार लेनिनले १९७८ सालमा मङ्गोलियामा जनवादी राजनीतिक कार्यक्रम प्रस्तुत गरेका थिए । मङ्गोलियामा सीधै समाजवादी क्रान्ति गरी समाजवाद स्थापना गर्न नसक्ने परिस्थिति बुझेका लेनिनले त्यस मुलुकका लागि जनवादी कार्यक्रम प्रस्तुत गरेका थिए । यसैका जगमा माओले चीनमा जनवादी कार्यक्रमलाई नयाँ जनवादी कार्यक्रमका रूपमा आफ्नो मुलुकमा क्रान्ति गर्नका लागि प्रस्तुत गरेका थिए । माओले चीन जस्तो अर्धसामन्तवादी, अर्धऔपनिवेशवादी तथा विदेशी दलाल पुँजीवाद तथा साम्राज्यवादका चङ्गुलमा जकडिएको मुलुकमा सीधै समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्न सम्भव नभएकाले समाजवादी क्रान्तिभन्दा पहिलो चरणमा नयाँ जनवादी क्रान्ति गरी नयाँ जनवादी गणतन्त्रात्मक चीनको स्थापना गर्ने र दोस्रो चरणमा समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्ने भनी नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्तिको अवधारणा ल्याएका थिए (माओत्सेतुङ्ग, २०५७, पृ. ३-१४) । लेनिन र माओको यस नयाँ जनवादी अवधारणाको अध्ययन गर्दा नयाँ जनवाद र समाजवादको सम्बन्ध अन्योन्याश्रित देखिन्छ ।

माओले मार्क्सको विचारलाई ठ्याक्कै अनुकरण नगरी मुलुकको वर्ग अन्तरविरोध र सामाजिक बनावटको विश्लेषण गर्दै मार्क्सले भनेजस्तो मजदुर र पुँजीपतिका बिचको सङ्घर्षको मात्र कुरा गरेनन् । चीनियाँ समाज कृषिमा आधारित समाज भएकाले चीनियाँ समाजको वर्ग विश्लेषण गर्दै चीनियाँ समाज अर्धऔपनिवेशिक र अर्धसामन्ती भएको हुनाले चीनियाँ सामाजमा क्रान्तिको मोडेल फरक हुने विचार अघि सारे । चीनियाँ समाजमा जमिनदार, दलाल तथा नोकरशाही पुँजीपति, राष्ट्रिय पुँजीपति, उच्च मध्यम, मध्यम, निम्न मध्यम किसान र सर्वहारावर्ग रहेको उल्लेख गरेका छन् (Mao, 1669) । ती वर्गमध्ये निम्नवर्ग सर्वहारा र भूमिहीन किसान क्रान्तिको निर्णायक वर्ग हुने, मध्यम वर्ग ढुलमुले भए तापनि क्रान्तिको सहयोगी हुने, धनी किसान र राष्ट्रिय पुँजीपतिलाई समेत क्रान्तिका पक्षमा उभ्याएर दलाल तथा नोकरशाही विदेशी पुँजीपति र जमिनदारका विरूद्ध गरिने क्रान्तिलाई नयाँ जनवादी क्रान्ति भनिएको छ ।

माओत्सेतुङ्गको नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्तिको प्रभावमा परी नेपालमा पनि नेपाल कम्युनिस्ट पार्टीले आफ्नो राजनीतिक कार्यक्रमका रूपमा नयाँ जनवादी कार्यक्रमलाई नै प्रस्तुत गरेको थियो ।। नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालले आजको युगमा मजदुर वर्गको नेतृत्वमा हुने पुँजीवादी जनवादी क्रान्तिलाई नयाँ जनवादी क्रान्ति भनी परिभाषित गरेका छन् (शिवाकोटी, २०७५, पृ. २२) । नयाँ जनवादी क्रान्ति अर्धसामन्ती तथा अर्धउपनिवेशवादी व्यवस्थामा गरिने क्रान्ति भएको हुँदा यस क्रान्तिपछि स्थापित हुने व्यवस्था पुँजीवादी व्यवस्था नै हो तर यस पुँजीवादी व्यवस्था कम्युनिस्ट पार्टीको नेतृत्वमा रहने हुँदा र कम्युनिस्ट पार्टीकै नेतृत्वमा पुँजीवादी क्रान्तिको चरण सम्पन्न हुने हुँदा यस व्यवस्थालाई नयाँ जनवाद भनिएको हो (शिवाकोटी, २०७५, पृ. २१) । चीनमा माओले चीनियाँ समाजको विश्लेषण गरेर त्यहाँ नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी  क्रान्ति नै उपयुक्त हुने ठहर गर्दै अवलम्बन गरे झैँ नेपालमा पुष्पलालले पनि नेपाली समाजको विश्लेषण गरेर नयाँ जनवादी कार्यक्रम अवलम्बन गरेका थिए ।

नेपाल कम्युनिस्ट पार्टीको स्थापनापछि २००६ साल बैशाख १२ गते प्रकाशित पहिलो पर्चामा पनि सामन्तवादी शासन व्यवस्था, विदेशी साम्राज्यवाद र भारतीय पुँजीवाद तथा सामन्तवाद, साम्राज्यवाद, विदेशी पुँजीवाद र औपनिवेशवादका विरूद्ध लड्न नयाँ जनवादी कार्यक्रम प्रस्तुत गर्दै नयाँ जनवादी क्रान्तिका लागि आह्वान गरिएको थियो (भुसाल , (सङ्क. तथा सम्पा.), २०७०, पृ. २-८) । यसै गरी नेपाल कम्युनिस्ट पार्टीको १५ सेप्टेम्बर १९४९ मा प्रकाशित पहिलो घोषणापत्रमा पनि नयाँ जनवादी क्रान्तिको नै आह्वान गरिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. १०-२२) । यस पार्टीको २००८ सालको पहिलो राष्ट्रिय सम्मेलनले पनि नयाँ जनवादी कार्यक्रमलाई नै पारित गरेको थियो । उक्त सम्मेलनले नेपालको परिस्थिति र साम्राज्यवाद तथा सामन्तका विरूद्ध जनवादी सरकार गठन गर्नुपर्ने भन्दै नयाँ जनवादी कार्यक्रम प्रस्तुत गरेको थियो (पुष्पलाल, २०५९, पृ. १-२३) । नेपाल कम्युनिस्ट पार्टीले स्थापना कालदेखि नै नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्ति समाजवाद स्थापनाको लक्ष्य राखी अपनाएको देखिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको २०१० साल माघ १३-१७ को पहिलो महाधिवेशले पनि नयाँ जनवादी कार्यक्रम नै पारित गरेको थियो। यस महाधिवेशनले पारित गरेको राजनीतिक प्रतिवेदनमा सामन्तवादी एक सत्तात्मक व्यवस्थालाई खत्तम गरी जनवादी सरकारको गठन गर्नका लागि आह्वान गर्दै नयाँ जनवादी कार्यक्रम प्रस्तुत गरिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. १-८) यसै गरी यस पार्टीको २०१४ साल जेठ १४ गतेको दोस्रो महाधिवेशनले पार्टी पोलिटब्युरोले प्रस्तुत गरेको ‘पार्टीको कार्यक्रममा परिवर्तन किन ?’ भन्ने राजनीतिक प्रतिवेदन

पारित नभई पुष्पलालले प्रस्तुत गरेको सङ्क्षिप्त कार्यक्रम जनवादी कार्यक्रम र संविधानसभाका निम्ति संघर्ष गर्ने कार्यनीति पारित भएको थियो (पुष्पलाल, २०५३, पृ. १०४) । यस नयाँ जनवादी कार्यक्रममा पनि सामन्तवादी राजतन्त्रको अन्त्य गरी सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवादको स्थापना गर्ने भनिएको थियो (पुप्पलाल, २०५३, पृ. १०४-१०५) । यसै गरी यस पार्टीको २०१९ साल वैशाख ४-१५ को तेस्रो महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गरेको थियो । यस कार्यक्रमले पनि नयाँ जनवादको एक प्रारूप थियो । यस कार्यक्रमले पनि सामन्तवादी तथा साम्राज्यवादको अन्त्य गरी मजदुरवर्गको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्ने लक्ष्य लिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. १९-३२) । नेपाल कम्युनिस्ट पार्टीले तेस्रो महाधिवेशनसम्म आइपुग्दा नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्तिलाई नै अनुसरण गरी निरन्तरता दिइएको देखिन्छ ।

यसपछि पार्टीभित्रको वैचारिक भतभेद, अन्तरपार्टी सङ्घर्ष र नेतृत्वको वैमनश्यले नेपाल कम्युनिस्ट पार्टी सग्लो रहन सकेन र टुटफुट र विभाजनका सँघारमा होमिएको थियो जसका कारण नेपाल कम्युनिस्ट पार्टी विभिन्न समूहमा विभाजन हुन पुगेका थियो । यसै सिलसिलामा पुष्पलालले विभाजनको सँघारमा होमिएको नेपाल कम्युनिस्ट पार्टीको २०२५ साल जेठ २ गते तेस्रो ऐतिहासिक सम्मेलन गरी पुनर्गठन गर्ने र नयाँ जनवादी कार्यक्रमले लैस गर्ने कार्य गरेका थिए । यस सम्मेलनले नयाँ जनवादी कार्यक्रम पारित गरेको थियो । उक्त कार्यक्रममा नेपाली समाजको विश्लेषण गर्दै नेपाली क्रान्तिको स्वरूप र चरण तय गरिएको थियो । उक्त कार्यक्रम माओद्वारा प्रतिपादित नयाँ जनवादी सिद्धान्तका आधारमा तय गरिएको थियो । उक्त कार्यक्रममा सामन्तवाद, अर्धसामन्तवाद अर्धऔपनिवेशवादको अन्त्य गर्न जानवादी क्रान्ति सम्पन्न गरी राजतन्त्रको अन्त्य गर्दै नयाँ जनवादी नेपालको स्थापना गरी समाजवादी क्रान्ति सम्पन्न गर्ने लक्ष्य लिइएको थियो (पुष्पलाल, २०५३, पृ. १३६-१४५) । पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको तेस्रो सम्मेलन गरी पार्टीलाई पुनर्गठन गर्दै नयाँ जनवादी कार्यक्रम दिएपछि चाहिँ त्यसपछि जति पनि कम्युनिस्ट पार्टीहरू गठन भए ती सबैले नयाँ जनवादी कार्यक्रमलाई अवलम्बन र अनुसरण गरे । भलै ती कम्युनिस्ट पार्टीहरूले नयाँ जनवाद, राष्ट्रिय प्रजातन्त्र, राष्ट्रिय जनवाद, जनताको बहुदलीय जनवाद, एक्काइसौं शताब्दीको जनवाद, पुँजीवादी जनवाद, जनताको जनवाद जस्ता विविध नामले नामकरण गरे पनि ती सबै नयाँ जनवादकै प्रारूप थिए ।

नेपालमा पनि माओको नयाँ जनवादी कार्यक्रमको अवधारणा र चीनको नयाँ जनवादी क्रान्तिको प्रभावमा परी नेपालका कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्तिलाई अनुसरण गरेको देखिन्छ । पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरी नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्तिलाई अनुसरण गर्न पुगेका थिए । उनले पनि नेपाल

कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रम नयाँ जनवादी कार्यक्रम र नेपाली क्रान्तिको स्वरूप नयाँ जनवादी क्रान्ति भनी प्रस्तुत गरेका थिए। उनले नयाँ जनवादी कार्यक्रममा नेपाली समाजको विश्लेषण गर्दै नेपाली समाज अर्धसामन्ती तथा अर्धऔपनिवेशिक भएको हुँदा नेपाली क्रान्ति निम्न दुई चरणमा सम्पन्न गर्नुपर्ने हुन्छ - पहिलो नयाँ जनवादी क्रान्ति र दोस्रो समाजवादी क्रान्ति भनी उल्लेख गरेका थिए (पुष्पलाल, २०५३, पृ. १३६-१३७)। उनले प्रस्तुत गरेको नयाँ जनवादी कार्यक्रममा पनि पहिलो चरणमा नयाँ जनवादी क्रान्ति गरी जनवादी नेपालको स्थापना गर्ने र दोस्रो चरणमा समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्ने भन्ने नै छ। उनको यस व्याख्या, विश्लेषण र विवेचनाले पनि नयाँ जनवादी र समाजवादको सम्बन्ध अन्योन्याश्रित रहेको देखिन्छ। पुष्पलालले नयाँ जनवाद र नयाँ जनवादी क्रान्तिलाई प्रस्ट गर्ने क्रममा 'नयाँ जनवादी क्रान्तिमार्फत नेपालबाट सामन्तवाद तथा साम्राज्यवादलाई समाप्त गरी अर्थात् नेपालको अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्था समाप्त गरी जनवादी अर्थतन्त्रको निर्माणद्वारा समाजवादी सङ्क्रमणको पृष्ठभूमि तगार गर्नेछ' भनी उल्लेख गरेका थिए (पुष्पलाल, २०५४, पृ. १००)। उनको यस भनाइले पनि नयाँ जनवाद र समाजवादको सम्बन्ध अन्योन्याश्रित रहेको देखिन्छ। उनले नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्तिलाई 'नेपालमा नयाँ जनवादी व्यवस्था कायम गरी समाजवादी समाजमा प्रवेश गर्ने नीति योभन्दा अर्को हुनै सक्दैन यो ध्रुव सत्य हो' भनी किटानसमेत गरेका थिए (पुष्पलाल, २०५४, पृ. १००)। माओले चीनमा अघि सारेका नयाँ जनवादी कार्यक्रमलाई नेपाल पनि अर्धसामन्ती र अर्धऔपानिवेशिक देश भएकाले यहाँ पनि नयाँ जनवादी क्रान्तिको कार्यबक्रम नै उचित हुने विश्लेषण पुष्पलालले गरेको पाइन्छ।

तर भिन्नता के छ भने माओले चीनियाँ समाजको वर्गविश्लेषण गरेर क्रान्तिका मित्र पक्ष शत्रु पक्षको छनोट गर्दै क्रान्तिको कार्यक्रम अघि सारेका थिए भने नेपालमा नेपाली समाजको वर्गविश्लेषण गरेको पाइँदैन। तथापि पुष्पलालको राय पनि के देखियो भने नयाँ जनवादी क्रान्ति गरेर मात्र नेपालमा समाजवादी क्रान्ति सम्पन्न हुन सक्दछ। यस भनाइले नयाँ जनवाद र समाजवादको सम्बन्ध अन्योन्याश्रित रहेको प्रस्ट बुझिन्छ। पछिल्ला दिनमा गएर २०३५ सालमा नेकपा (माले) ले आफ्नो स्थापनाको समयमा नेपाली समाजको वर्ग विश्लेषण गर्न खोजेको र त्यसका आधारमा क्रान्तिको दिशा निर्धारण गर्न खोजेको पाइन्छ (नेकपा (माले), २०३५, पृ. ५१-५२)। तर यस विषयमा अनुसन्धान गर्नेहरूले उक्त वर्ग-विश्लेषणबिना अध्ययन अनुमानको भरमा गरेको र हचुवा भएको भनी आलोचना गरेका छन् (Pokhrel, 2007)। त्यसैगरी अर्को कम्युनिस्ट समूह 'मशाल' ले पनि नेपाली समाजमा भएका वर्गहरूको प्रकृति र तिनको सङ्ख्यात्मक विवरण दिएर नेपाली समाजको वर्ग विश्लेषण गर्ने प्रयास गरेको भए तापनि त्यसको तथ्यगत अध्ययन गर्दा त्यो पनि अनुमानका आधारमा तयार पारेको भनी अनुसन्धाताहरूले खण्डन गरेका छन्

(Pokhrel, 2007) । यी कुराहरूलाई हेर्दा प्रारम्भिक कालमा उक्त राजनीतिक पार्टीहरूले बिनाअध्ययन वर्ग विश्लेषण गरेको कुरा सकारात्मक र उत्प्रेरक देखिन्छ । तर पछिल्ला दिनमा तिनै पार्टीले वर्ग चरिब, वर्गका कुरा छाडेको भन्ने आलोचनालाई कतै सम्बोधन गरेको पाइँदैन ।

चीनमा माओले मार्क्सवादी सिद्धान्तअनुसार नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनताको अधिनायकत्वमा आधारित जनवादी गणतन्त्र चीनको स्थापना गरेका थिए । जसको जगमा आज चीन चिनियाँ विशेषतासहितको समाजवादतिर उन्मुख हुँदै छ भने नेपालमा चाहिँ नेपालका कम्युनिस्ट पार्टीहरूले माओले प्रतिपादन गरेको मर्क्सवादी सिद्धान्तमा आधारित नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनताको अधिनायकत्वमा आधारित जनवादी गणतन्त्र नेपालको स्थापना गर्न चाहिँ सकेनन् । तर आफ्नो नेतृत्व र सहभगितामा भएका राजनीतिक सङ्घर्ष, विद्रोह, क्रान्तिको जगमा र संसद्वादी राजनीतिक दलहरूसँगको सहकार्यमा आन्दोलन गरी पुँजीवादी जनवादी क्रान्ति चाहिँ सम्पन्न गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न सफल भए । अब उनीहरूको निष्कर्ष के छ भने नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो र सङ्घीय लोकतान्कि गणतन्त्र नेपालको स्थापना भयो । अब यसैका जगमा समाजवादी क्रान्ति सम्पन्न गरी नेपालमा समाजवादको स्थापना गर्ने लक्ष्य रहेको छ । नेपालका कम्युनिस्ट पार्टीहरूले लामो समयसम्म नयाँ जनवादी कार्यक्रम र नयाँ जनवादी क्रान्तिमार्फत नेपालमा पहिलो चरणमा जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गर्ने र दोस्रो चरणमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादको स्थापना गर्ने भनी लक्ष्य लिएको हुँदा नेपलमा नयाँ जनवादी कार्यक्रमले नै समाजवादी विचारको विकास गरेको देखिन्छ । यसर्थ नेपालमा पनि नयाँ जनवाद र समाजवादको अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि यस पार्टीले २००६ साल भदौ ३० गते प्रकाशित पहिलो घोषणापत्रमा समाजवादी लक्ष्य लिई जनवादी राज्यसत्ता स्थापनाका निम्ति जनवादी कार्यक्रम प्रस्तुत गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. इ-ऐ) । नेपाल कम्युनिस्ट पाटीको प्रथम ऐतिहासिक सम्मेलन २००८ साल असोज ११ गते देखि २६ गतेसम्म भारतको कलकत्तामा सम्पन्न भएको थियो । उक्त सम्मेलनले पनि ‘नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो’ शीर्षकको राजनीकि प्रतिवेदन पारित गरी पार्टीको राजनीतिक कार्यक्रम नयाँ जनवादी कार्यक्रमलाई अङ्गीकार गरेको थियो (पुष्पलाल, २०५३, पृ. ६४-६५) । नेपाल कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय महाधिवेशन २०१० साल माघ १३ गतेदेखि १७ गतेसम्म पाटनमा सम्पन्न भएको थियो । यस महाधिवेशनले पनि कम्युनिस्ट पार्टीको कार्यक्रम जनवादी कार्यक्रमलाई नै तय गरेको थियो । तर यो जनवादी कार्यक्रम अघिल्लो जनवादी कार्यक्रमभन्दा संशोधित थियो (पुष्पलाल, २०५३, पृ. ८७-९२) । नेपाल कम्युनिस्ट पार्टीले नेपालमा सीधै समाजवादी

क्रान्ति गरी समाजवादको स्थापना नगरी पहिला जनवादी सरकारको स्थापना गर्दछ भनी आफ्नो राजनीतिक कार्यक्रममा उल्लेख गरेको यियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५) । यस महाधिवेशनले जनवादी कार्यक्रमलाई संशोधन गरेको थियो । यसअघिको जनवादी कार्यक्रमको लक्ष्य समाजवादी थियो भने यस महाधिवशनले पारित गरेको जनवादी कार्यक्रमको लक्ष्य समाजवादी थिएन तर पनि यस महाधिवेशनले जनवादी कार्यक्रम नै पारित गरेको थियो ।

## ५.३ नयाँ जनवादको बाटोमा नेकपा

नेपाल कम्युनिस्ट पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशन २०१४ साल जेठ १४ गते काठमाडौँमा सम्पन्न भएको थियो । यस महाधिवेशनले पार्टी महासचिव केशरजंग रायमाझीले 'पार्टी कार्यक्रममा परिवर्तन किन' शीर्षकको राजनीतिक प्रतिवेदन प्रस्तुत गरी जनवादी कार्यक्रममा संशोधन गरेपछि उक्त राजनीतिक प्रतिवेदन पारित नभई पुष्पलालले प्रस्तुत गरेको गणतन्त्रको नारालाई सुरक्षित राख्दै तत्काल संविधानसभाका लागि सङ्घर्ष गर्ने कार्यक्रम पारित भएको थियो (पौडेल, २०७२, पृ. ३३७-३३८) । यो कार्यक्रम पनि जनवादी कार्यक्रम नै थियो ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशन २०१९ साल वैशाख ४ गतेदेखि १५ गतेसम्म भारतको बनारसमा सम्पन्न भएको थियो । यस महाधिवेशनले तुलसीलाल अमात्यले प्रस्तुत गरेको राष्ट्रिय प्रजातन्त्रको राजनीतिक कार्यक्रमलाई पारित गरेको थियो (पौडेल, २०७२, पृ. ३४०) । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम र नयाँ जनवादी कार्यक्रममा अधारभूत भिन्नता भए पनि दुबै जनवादी कार्यक्रम नै हुन्, यी दुवैले लक्ष्यका रूपमा जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी क्रान्तिमा अग्रसर हुने कुरा मानेका थिए । नयाँ जनवादी कार्यक्रमले जनवादी क्रान्ति सम्पन्न गरी जनवादी नेपालको स्थापना गर्ने भनेको थियो भने राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्ने भनेको थियो । यी दुबैको शब्दावली वा पदावली र शिक्षणमा फरक भए पनि सार रूपमा राजनीति कार्यक्रम एकै थियो । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम नयाँ जनवादी कार्यक्रमभन्दा फरक भए पनि यो जनवादी कार्यक्रमकै रूप थियो ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशनपछि पार्टीभित्र वैचारिक मतभेद र अन्तरपार्टी सङ्घर्ष बढ्दै गएपछि पार्टीका गतिविधि शून्य भएका अवस्थामा पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीलाई पुनर्गठन गरी पार्टीको राजनीतिक कार्यक्रमका रूपमा नयाँ जनवादी कार्यक्रमलाई अवलम्बन गरेका थिए । पुष्पलालले २०२४ साल भदौमा भारतको गोरखपुरमा आफ्नो नेतृत्वमा कन्भेक्सन गरी २०२५ साल जेठमा नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरेका थिए (पौडेल, २०७२, पृ. ३४३) । यस सम्मेलनबाट आफू महासचिव बनी नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रमका रूपमा नयाँ जनवादी कार्यक्रम प्रस्तुत गरेका

थिए र उक्त सम्मेलनले नयाँ जनवादी राजनीतिक कार्यक्रमलाई पारित गरेको थियो । यस नयाँ जनवादी राजनीतिक कार्यक्रमले 'नेपाली समाजको स्वरूप सामन्ती, अर्धसामन्ती तथा अर्धऔपनिवेशिक भएका कारण नेपाली क्रान्तिलाई दुई चरणमा विभक्त गर्दै पहिलो जनवादी क्रान्ति र दोस्रो समाजवादी क्रान्ति' हुन् भनी उल्लेख गरेको थियो (पुष्पलाल, २०५३, पृ. १३७) । यस नयाँ जनवादी कार्यक्रममा नेपाली समाजको ऐतिहासिक विश्लेषण गरी नेपाली क्रान्तिलाई दुई चरणमा बाँड्दै पहिलो जनवादी क्रान्ति र दोस्रो समाजवादी क्रान्ति गर्नुपर्ने छ भनिएको थियो । यसरी अध्ययन गर्दा नेपाली राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादी राजनीतिक कार्यक्रमले नै गरेको थियो भन्न सकिन्छ ।

पुष्पलाल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका तेस्रो राष्ट्रिय सम्मेलनले पास गरेको नयाँ जनवादी राजनीतिक कार्यक्रम नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा र पहिलो घोषणापत्रमा उल्लिखित जनवादी राजनीतिक कार्यक्रमभन्दा परिमार्जित र परिष्कृत थियो । नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा र पहिलो घोषणापत्रमा स्पष्ट नीति तथा कार्यक्रम थिएन भने तेस्रो राष्ट्रिय सम्मलनले पारित गरेको नयाँ जनवादी राजनीतिक कार्यक्रममा 'नयाँ जनवादी राज्यको स्वरूप जनवादी गणतन्त्र' हुनेछ भनी स्पष्ट किटानका साथ उल्लेख गरिएको थियो (पौडेल, २०७२, पृ. ३४४) । यसै कार्यक्रममा जनवादी क्रान्तिलाई साधन र समजवादलाई साध्यका रूपमा उल्लेख गरिएको थियो । यसरी नेपाल कम्युनिस्ट पार्टीले नेपाली राजनीतिमा नयाँ जनवादी राजनीतिक कार्यक्रममार्फत नै समाजवादी विचारको विकास गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि पार्टीको फुट, विभाजन र एकताको शृङ्खला सुरु भएको थियो । आज पनि थुप्रै कम्युनिस्ट पार्टीहरू अस्तित्वमा छन् । प्रायःजसो यी सबै कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादलाई नै आफ्नो राजनीतिक कार्यक्रम बनाएका थिए भने नयाँ जनवादी क्रान्तिलाई साधन र समाजवादलाई साध्य बनाई आफ्ना राजनीतिक गतिविधि, सङ्घर्ष र विद्रोहलाई अगाडि बढाएका थिए ।

विभिन्न कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादी राजनीतिक कार्यक्रम बनाउँदा आफ्नो छुट्टै मौलिक कार्यक्रम बनाउन पुगेका थिए जसले गर्दा नेपालमा जनवादको आफ्नै मौलिक प्रारूप निर्माण हुन पुगेको थियो । यी विभिन्न मौलिक प्रारूपको नयाँ जनवादी राजनीतिक कार्यक्रमले पनि नयाँ जनवादी क्रान्तिलाई साधन र समाजवादलाई साध्यका रूपमा लिई नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो । यी विविध प्रारूपको नयाँ जनवादी राजनीतिक कार्यक्रममध्ये यहाँ केही प्रारूपको सङ्क्षिप्त अध्ययन गरिएको छ ।

## ५.४ नेपाली कम्युनिस्ट राजनीतिभित्र गन्तव्यको बहस

### क) नयाँ जनवादबाट समाजवाद

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि यसका संस्थापक महासचिव पुष्पलालले नयाँ जनवादी प्रारूपको कार्यक्रम प्रस्तुत गरेका थिए । उनले नयाँ जनवादी प्रारूपको राजनीतिक कार्यक्रम ल्याएपछि नेपाल कम्युनिस्ट पार्टीको स्थापना कालदेखि वर्तमान समयसम्म नेपालका विभिन्न कम्युनिस्ट पार्टीले नयाँ जनवादी प्रारूपकै राजनीतिक कार्यक्रम ल्याएका थिए र छन् । यसरी अध्ययन गर्दा नेपाली राजनीतिमा नयाँ जनवादी कार्यक्रमले समाजवादी विचारको विकास गरेको देखिन्छ ।

२००६ साल बैशाख १२ गते नेपाल कम्युनिस्ट पार्टीको स्थापनापछि यस पार्टीले पहिलो पर्चा प्रकाशित गरेको थियो । यस पार्टीले प्रकाशित गरेको पहिलो पर्चामा नयाँ जनवादी कार्यक्रम नै प्रस्तुत गरिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. अ-आ) । नेपाल कम्युनिस्ट पार्टीको 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकता अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ !' नामको पहिलो पर्चामा सामन्तवादी शासन व्यवस्थाको अन्त्य गर्दै 'समाजवादको लक्ष्य राखी शासन चलाऊ' भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७३, पृ. ३२) । नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चामा नै नयाँ जनवादी प्रारूपको कार्यक्रम प्रस्तुत गरिएको थियो । यस कार्यक्रममा समाजवादको लक्ष्य राखी नयाँ जनवादी शासन व्यवस्थाको स्थापना गर्न एक जुट होऔं भनी नेपाली नागरिकलाई अपिल गरिएको थियो । यसै पहिलो पर्चाको कार्यक्रममा समाजवादी क्रान्तिका बारेमा 'राणाशाहीलाई ध्वंस गरेर पनि अविराम गतिले समाजवादी क्रान्तितिर लम्कोस्' (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. ५) । यस पर्चाको नयाँ जनवादी प्रारूपको कार्यक्रममा समाजवादी क्रान्तिका बारेमा उल्लेख गरिएको थियो । नेपाल कम्युनिस्ट पार्टीको स्थापनापछि प्रकाशित भएको पहिलो पर्चामा प्रस्तुत गरिएको नयाँ जनवादी कार्यक्रममा समाजवादी विचार देखिन्छ । यसलाई नेपाली राजनीतिमा समाजवादी विचारको विकासका रूपमा अध्ययन गर्न सकिन्छ । नेपालमा विद्यमान अर्धसामन्तवाद, अर्धऔपनिवेशवाद र विदेशी पुँजीवादको अन्त्य गर्दै समाजवादी क्रान्तिमा अघि बढ्ने कुरा यस कार्यक्रममा उल्लेख गरिएको हुँदा यस कर्यक्रमले पनि समाजवादी विचारको विकास गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र २००६ साल भदौ ३० गते प्रकाशित भएको थियो । उक्त घोषणापत्रमा 'पहाड पर्वत खोला नाला जग्गा जमिन सबको । मालिक हामी दास बनौं किन हिस्सा सबमा सबको' भन्ने नारा दिइएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. ९) । उक्त घोषणापत्रमा 'नेपालमा सामन्तवादको सम्पूर्ण स्वरूप र विदेशी प्रभुत्वलाई समाप्त

गरी नयाँ जनवादी नेपालको गठन गरी समाजवादको पृष्ठभूमि तयार गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको थियो' (पुष्पलाल, २०६७, पृ. १६७) । उक्त घोषणापत्रमा भनिएको थियो- 'नेपाली जनताले आखिरी साससम्म जनताको जनतन्त्र र समाजवादका निम्ति लड्नुपर्दछ' भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. १४-१५) । यस पार्टीको पहिलो घोषणापत्रमा नयाँ जनवादी कार्यक्रम प्रस्तुत गर्दै आखिरी साससम्म जनताको जनतन्त्र र समाजवादको निम्ति लड्ने कुरा र नयाँ जनवादी नेपालको गठन गर्दै समाजवादको पृष्ठभूमि तयार पार्ने भनिएको थियो । यसरी अध्ययन गर्दा नयाँ जनवादी कार्यक्रमले नै नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको पहिलो ऐतिहासिक सम्मेलन २००८ साल असोज ११ गतेदेखि २००८ साल असोज १६ गतेसम्म भारतको कलकत्तामा सम्पन्न भएको थियो । उक्त सम्मेलनले 'नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो' शीर्षकको राजनीतिक कार्यक्रम पारित गरेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. ३९) । यो नयाँ जनवादी कार्यक्रम अघिल्लो जनवादी कार्यक्रमभन्दा भिन्न थियो । यस जनवादी कार्यक्रमा नेपाल कम्युनिस्ट पार्टीको उद्देश्य समाजवाद र साम्यवाद नराखी वर्तमान अवस्थामा जनवादी सरकार गठन गरी आमजनताका आधारभूत आवश्यकता पूरा गर्ने भन्ने थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. ४४-४५) । यस जनवादी कार्यक्रममा जनवादी सरकारको गठन गर्ने तथा जनवादी सरकारले जनवादी कार्यक्रम लागू गर्ने भन्ने थियो । उक्त कार्यक्रममा पार्टीको लक्ष्य समाजवाद र साम्यवाद नराखी सर्वप्रथम जनवादी सरकारको गठन गरी उक्त सरकारबाट जनवादी कार्यक्रम लागू गर्ने भन्ने थियो । उक्त कार्यक्रममा जनवादी सरकारको शासन व्यवस्थाका बारेमा 'नयाँ जनवादी स्वरूपको शासन व्यवस्थामा जनताको जनवादी अधिनायकत्व हुनेछ' भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. ४६) । उक्त नयाँ जनवादी कार्यक्रममा जनवादी शासन व्यवस्थाका स्वरूप, चरित्र र प्रकृतिका बारेमा उल्लेख गरिएको थियो । नेपाल अर्धसामन्तवाद, अर्धऔपनिवेशवाद र विदेशी साम्राज्यवादी पुँजीवादले जकडिएको हुँदा तत्काल समाजवादी क्रान्ति सम्पन्न गरी समाजवाद स्थापना गर्न जटिल र असम्भव भएको हुँदा यस कार्यक्रमका प्रारम्भमा जनवादी सरकारको कार्यक्रम प्रस्तुत गरिएको थियो । यस नयाँ जनवादी कार्यक्रमले अघिल्लो नयाँ जनवादी कार्यक्रमले झैँ नेपाल कम्युनिस्ट पार्टीको लक्ष्य र उद्देश्य समाजवाद र साम्यवाद भनी उल्लेख नगरे पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास चाहिँ गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशन २०१० साल माघ १३-१७ मा सम्पन्न भएको थियो । नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशनले पनि नयाँ जनवादी राजनीतिक कार्यक्रम प्रस्तुत गरेको थियो । तर यो नयाँ जनवादी राजनीतिक कार्यक्रम अघिल्लो नयाँ जनवादी

राजनीतिक कार्यक्रमभन्दा संशोधित थियो (पुष्पलाल, २०५३, पृ. ८७-९२) । यसै समयदेखि नेपाली समाजवादी आन्दोलनमा नयाँ जनवादी कार्यक्रमाथि संशोधनको शृङ्खला सुरु भएको थियो र नेपाली समाजवादी आन्दोलनमा संशोधनवादले औपचारिक रूपमा प्रवेश पाएको थियो । यस महाधिवेशनले पारित गरेको नयाँ जनवादी कार्यक्रम मनमोहन अधिकारीले प्रस्तुत गरेका थिए । उक्त कार्यक्रम पुष्पलालको नयाँ जनवादी अवधारणा र यसभन्दा अघि नेपाल कम्युनिस्ट पार्टीले अवलम्बन गरेको नयाँ जनवादी कार्यक्रमभन्दा भिन्न र फरक प्रारूपको थियो । यसअघिको नयाँ जनवादी कार्यक्रमको लक्ष्य र उद्देश्य नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादी शासन व्यवस्थाको स्थापना गर्दै समाजवाद हुँदै साम्यवादसम्मको यात्रा तय गर्नु भन्ने थियो । तर यस जनवादी कार्यक्रममा समाजवादको निर्माण गर्ने कुरा नगरी जनतन्त्रवादी सरकारको निर्माण गर्ने भन्ने मात्रै थियो । यसरी अध्ययन गर्दा यसअघिको पुष्पलालको नयाँ जनवादी अवधारणा र नेपाली कम्युनिस्ट पार्टीले अवलम्बन गरेको नयाँ जनवादी कार्यक्रमभन्दा यस जनवादी कार्यक्रम संशोधित र संशोधनवादी थियो तर समाजवादी विचारको स्पष्ट अवधारणा दिएको थिएन । जेजस्तो भए पनि यस नयाँ जनवादी कार्यक्रमले पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशन २०१४ साल जेठमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा पार्टीको पोलिटब्युरोले प्रस्ताव गरेको 'पार्टी कार्यक्रममा परिवर्तन किन ?' शीर्षकको राजनीतिक कार्यक्रम प्रस्तुत भएको थियो । तर यस महाधिवेशनले उक्त राजनीतिक कार्यक्रम अस्वीकृत गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ९) । यस महाधिवेशनमा केशरजंग रायमाझीले पूर्ण रूपमा संशोधित जनवादी राजनीतिक कार्यक्रम प्रस्तुत गरे पनि महाधिवेशनले उक्त संशोधित राजनीतिक कार्यक्रम पारित नगरी पुष्पलालले प्रस्तुत गरेको सङ्क्षिप्त रूपको नयाँ जनवादी राजनीतिक कार्यक्रम नै पारित गरेको थियो (पौडेल, २०७२, पृ. ३३७-३३८) । मार्क्सवादी पार्टीको उद्देश्य समाजवाद तथा साम्यवादका निम्ति निरन्तर लड्नु हो तर जनवाद र समाजवादको प्राप्तिको कोरा नारा लगाउँदैमा हुँदैन । यसका लागि राज्य व्यवस्थालाई विकास गर्दै लानुपर्दछ । एउटा व्यवस्थाको पूर्ण विकासपछि मात्रै अर्को व्यवस्थामा पुग्न सकिन्छ । एक व्यवस्थालाई गुणात्मक परिवर्तन गर्दै माथिल्लो व्यवस्थामा परिवर्तन गर्न सकिन्छ भनिएको छ । यसो भन्नुको अर्थ पुँजीवादको पूर्ण विकासपछि मात्रै जनवाद, समाजवाद र साम्यवादमा पुग्न सकिन्छ भन्ने नै हो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. १३) । यस महाधिवेशनले उक्त राजनीतिक कार्यक्रम अस्वीकृत गरे पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास गर्न चाहिँ निकै मदत गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशन २०१९ साल बैशाख ४-१५ मा सम्पन्न भएको थियो। यस महाधिवेशनमा अन्तर जोन सामन्जस्य समितिका तर्फबाट तुलसीलाल अमात्यले पार्टीको राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने उक्त कार्यक्रम यस महाधिवेशनले पारित गरेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. १६९)। यस महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गरेको थियो। यो राष्ट्रिय प्रजातन्त्रको राजनीतिक कार्यक्रम जनवादको एउटा प्रारूप भए पनि नयाँ जनवादी राजनीतिक कार्यक्रमको संशोधित राजनीतिक कार्यक्रम थियो (पुष्पलाल, २०५३, पृ. ११९-१२४)। नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई पारित गरी आफ्नो राजनीतिक कार्यक्रम बनाएको थियो।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि पार्टीको गति शून्य भएपछि पुष्पलालले २०२५ साल जेठमा नेपाल कम्युनिस्ट पार्टीको तेस्रो सम्मेलन गरी आधिकारिक रूपमा नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रम नयाँ जनवादी राजनीतिक कार्यक्रम बनाएका थिए (पुष्पलाल, २०५३, पृ. १४१-१४५)। यस सम्मेलनले पुष्पलालद्वारा प्रस्तुत 'नयाँ जनवादी कार्यक्रम : नेपाली क्रान्तिको एक मात्र सही मूल बाटो' शीर्षकको नयाँ जनवादी कार्यक्रम पारित गरेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७३, पृ. ७८)। यस कार्यक्रममा पुष्पलालका नेतृत्वमा गठन भएको नेपाल कम्युनिस्ट पार्टीको कार्यक्रम नै नयाँ जनवादी कार्यक्रम रहेको भन्दै 'सम्झौतारहित सङ्घर्ष गरी नयाँ जनवादको स्थापना गर्दै समाजवादको पृष्ठभूमि तयार पार्ने' भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७२, पृ. ३८)। यस नयाँ जनवादी कार्यक्रमका पृष्ठभूमिमा नै यसरी नेपाली जनवादी क्रान्ति सम्पन्न गरी समाजवादको पृष्ठभूमि तयार गर्ने भनी लेखिएको थियो। यसरी अध्ययन गर्दा नेपाली राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादी कार्यक्रमबाट नै भएको देखिन्छ।

यस नयाँ जनवादी कार्यक्रममा अझ बढेर विश्व राजनीतिमा र नेपाली राजनीतिमा समाजवादी विचारले पारेको प्रभावलाई उल्लेख गर्दै समाजवादी शासन व्यवस्थामा नै जनताले साँचो अर्थमा स्वतन्त्रता र जनवादको अभ्यास र उपयोग गर्न पाउने रहेछन् भन्ने स्पष्ट छ भनी उल्लेख गर्दै समाजवादको यस चरित्र र स्वरूपले संसारभरका जनतालाई प्रभाव पारिरहेको छ भनी प्रस्ट पारेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७२, पृ. ४१)। यस नयाँ जनवादी कार्यक्रममा विश्व राजनीतिमा पारेको प्रभावलाई स्पष्टसँग उल्लेख गरिएको थियो। विश्व राजनीतिलाई प्रभाव पारेसँगै समाजवादी विचारले नेपाली राजनीतिलाई पनि प्रभाव पारेको थियो।

यस कार्यक्रममा 'आज समाजवादी शासन व्यवस्था सर्वतोमुखी, समृद्धशाली र विकासोन्मुख अवस्थामा छ भने विश्व पुँजीवादी शासन व्यवस्था पतनोन्मुख अवस्थामा छ भनी उल्लेख गरिएको थियो। समाजवादी शासन व्यवस्थाको अस्तित्व र यस शासन व्यवस्थाले गरेको

निःस्वार्थ राजनीतिक, आर्थिक, प्राविधिक तथा सामरिक सहायता र सहअस्तित्व तथा समानताको मैत्री सम्बन्धले नयाँ स्वतन्त्र तथा कमजोर राष्ट्रहरूलाई आफ्नो स्वतन्त्रता, शान्ति, विकास र रक्षा गर्ने अवसर प्राप्त भएको छ। यस्ता कार्यले गर्दा उपनिवेशवादी र साम्राज्यवादी शक्ति कमजोर र विघटित अवस्थामा पुऱ्याउने कार्य गरेको छ' भनी प्रस्ट पारेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७२, पृ. ४२)। विश्व राजनीतिमा समाजवादी विचारले पारेको प्रभावलाई यस नयाँ जनवादी कार्यक्रममा स्पष्ट रूपमा लेखिएको थियो। तत्कालीन समयमा विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभाव नेपाली राजनीतिमा पर्नु स्वाभाविक नै थियो। नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावलाई नयाँ जनवादी राजनीतिक कार्यक्रमले विकास गरेको थियो।

नेपाली राजनीतिमा पनि नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादी गणतन्त्रको स्थापना गर्दै जनवादी अर्थतन्त्रको निर्माण गरी समाजवादतिरको सङ्क्रमणका लागि पृष्ठभूमि तयार गर्न र समाजवाद हुँदै साम्यवादसम्मको यात्रा तय गर्नका निम्ति आवश्यक कार्यक्रम प्रस्तुत गरिएको यस नयाँ जनवादी कार्यक्रमले तय गरेको थियो। यसका लागि उक्त कार्यक्रममा 'नेपाल कम्युनिस्ट पार्टीले सामन्ती वर्गीय सत्तालाई समाप्त गर्दै देशमा सर्वहारा वर्ग, सम्पूर्ण क्रान्तिकारी वर्ग तथा जनसमुदायको संयुक्त अधिनायकत्वमा जनवादी सामन्ती व्यवस्थालाई समूल नष्ट गर्दै साम्राज्यवादलाई लखेट्दै विदेशी पुँजीलाई राष्ट्रियकरण गर्दै राष्ट्रिय पुँजीलाई विकास गरी समाजवादका लागि मार्ग प्रशस्त गर्नेछ' भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७२, पृ. ६८)। उक्त नयाँ जनवादी राजनीतिक कार्यक्रममा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादी जनगणतन्त्रको स्थापना गर्दै समाजवादतिरको सङ्क्रमण तथा समाजवाद हुँदै साम्यवादसम्मको यात्रा तय गर्नका निम्ति आवश्यक कार्यक्रम प्रस्तुत गरिएको थियो। यस नयाँ जनवादी राजनीतिक कार्यक्रमले पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो।

पुष्पलालले नयाँ जनवादी राजनीतिक कार्यक्रम प्रस्तुत गरेपछि नेपाल कम्युनिस्ट पार्टी जति समूहमा विभक्त र विभाजित भए पनि ती सबै कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादी राजनीतिक कार्यक्रमलाई नै अनुसरण र अवलम्बन गरेका थिए। नेपालमा नेपाल कम्युनिस्ट पार्टीले नयाँ जनवादी कार्यक्रम अङ्गीकार गरेको लगभग ५६ वर्षपछि नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्व र सहभागितामा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको थियो। नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएपछि आज नेपाल समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको छ। नेपाली समाजवादी आन्दोलनको महत्त्वपूर्ण उपलब्धि नै नेपालमा गणतन्त्रको स्थापना गरी नेपाललाई समाजवादी क्रान्तिको चरणमा प्रवेश गराउनु हो। यसरी नेपाली राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादी कार्यक्रमले गराएको थियो।

## ख) राष्ट्रिय प्रजातन्त्रको कार्यक्रममा समाजवाद

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशन २०१९ साल वैशाख ४-१५ मा सम्पन्न भएको थियो। यस महाधिवेशनमा अन्तरजोन सामञ्जस्य समितिका तर्फबाट तुलसीलाल अमात्यद्वारा प्रस्तुत भई पारित भएको नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रम राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम हो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. १९-३२)। राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम नै 'जनवादी राष्ट्रिय प्रजातन्त्र' को कार्यक्रम हो। मुलुकमा प्रजातन्त्र स्थापना भए पनि राज्यले व्याख्या गरेर लागू गरेको प्रजातान्त्रिक व्यवस्था र प्रजातन्त्र अरू दलले भनेका र वकालत गरेका प्रजातन्त्र र तत्कालीन समयमा बहसमा आएको प्रजातन्त्र र राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले व्याख्या गरेको, प्रारूपको निर्माण गरेको र लागू गर्न खोजेको प्रजातन्त्र अरूभन्दा फरक र जनवादी राष्ट्रिय प्रजातन्त्र हो भनी स्पष्ट पारिएको थियो (नेकपा (अमात्य), २०४८, पृ. १०)। राष्ट्रिय प्रजातन्त्रको कार्यक्रममा पहिले प्रजातान्त्रिक सङ्घर्ष गरी राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्ने र भविष्यमा समाजवादतिर लम्कने कुरा गरिएको थियो। यस राजनीतिक कार्यक्रममा प्रस्तुत गरिएको यो तर्क अस्पष्ट, असान्दर्भिक र अपरिपक्व देखिन्छ। यो कार्यक्रम नयाँ जनवादी राजनीतिक कार्यक्रमको संशोधित कार्यक्रम हो र यो नयाँ जनवादको एक प्रारूप हो। राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम - खुश्चेभले अघि सारेका विकासको गैरपुँजीवादी बाटो (Non-capalist way of Development) विचारधारामा आधारित थियो भने नयाँ जनवादी कार्यक्रम चाहिँ लेनिनले अघि सारेका नयाँ अार्थिक नीति (New Economic Policy- NEP) विचारधारा तथा माओत्सेतुङ्गको सामन्तवादी साम्राज्यवाद विरोधी क्रान्तिको कार्यक्रमा आधारित थियो (पौडेल, २०७२, पृ. ३४०)। राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम विकासवादी सिद्धान्तको गैरपुँजीवादी कार्यक्रम थियो भने नयाँ जनवादी कार्यक्रम चाहिँ नयाँ आर्थिक नीतिको सिद्धान्तमा आधारित कार्यक्रम थियो।

नेपाल कम्युनिस्ट पार्टीले यसअघि नयाँ जनवादी कार्यक्रमलाई अनुसरण र अवलम्बन गरेको थियो भने तेस्रो महाधिवेशनमा भने राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई अनुसरण र अवलम्बन गर्न पुगेको थियो। यसो हुनु विश्व समाजवादी आन्दोलनको धार र धारा बदलिनु, सोभियत युनियनमा नेतृत्व परिवर्तन हुनु र नेपाली समाजवादी आन्दोलनमा सोभियत युनियनको समाजवादी धाराको गम्भीर प्रभाव पर्नु नै थियो। यस कार्यक्रममा पनि समाजवादका बारेमा भनिएको र लेखिएको थियो - यस कार्यक्रममा 'प्रजातन्त्रका निम्ति हुने सङ्घर्ष समाजवादका निम्ति हुने सङ्घर्षको अभिन्न अङ्ग हो भनी उल्लेख गरिएको थियो' (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २०८-२०९)। प्रजातन्त्र स्थापनाका लागि हुने सङ्घर्ष नै समाजवाद स्थापनाका लागि हुने सङ्घर्षको अभिन्न अङ्ग थियो भनी प्रस्ट पारिएको थियो।

राष्ट्रिय प्रजातन्त्रको कार्यक्रममा 'प्रजातन्त्रका निम्ति हुने सङ्घर्ष समाजवादका निम्ति हुने सङ्घर्षको अभिन्न अङ्ग हो' भनी प्रजातान्त्रिक आन्दोलनलाई प्रश्रय दिइएको थियो । पहिले राष्ट्रिय प्रजातन्त्रको स्थापना गरी समाजवादी सङ्घर्षका निम्ति जुट्नुपर्ने आवधारणा राखिएको थियो । यस कार्यक्रममा 'नेपाल कम्युनिस्ट पार्टीले प्रजातान्त्रिक सङ्घर्षमा क्रान्तिकारी भूमिका खेल्दै मजदुर वर्गको नेतृत्वमा तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गर्ने स्वस्थ प्रजातन्त्र अर्थात् राष्ट्रिय प्रजातन्त्रको स्थापना गरी समाजवादतिर लम्कने मार्गलाई विकास गर्नेछ' भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २०९) । यस महाधिवेशनबाट पारित राष्ट्रिय प्रजातन्त्रको कार्यक्रममा राष्ट्रिय प्रजातन्त्रका बारेमा, राष्ट्रिय प्रजातान्त्रिक सरकारको गठनका बारेमा र समाजवादको मार्गमा लम्कनेबारेमा स्पष्टसँग भनिएको थियो ।

राष्ट्रिय प्रजातन्त्र र समाजवादका बारेमा अझ स्पष्टसँग यसको दोस्रो संस्करणमा भनिएको थियो । यस दोस्रो संस्करणमा राष्ट्रिय प्रजातन्त्रको अर्थ, परिभाषा र कार्यभारलाई स्पष्टसँग उल्लेख गरिएको थियो । राष्ट्रिय प्रजातन्त्रलाई परिभाषित गर्ने क्रममा 'मजदुर किसान लगायत सम्पूर्ण श्रम गर्ने जनताको हितलाई प्रतिनिधित्व गर्ने प्रजातन्त्र नै राष्ट्रिय प्रजातन्त्र हो' भनी परिभाषित गरिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २५२) । राष्ट्रिय प्रजातन्त्रको परिभाषा दिँदै उक्त दोस्रो संस्करणले 'सम्पूर्ण क्रान्तिकारी वर्गहरूको हितको प्रतिनिधित्व गर्दै क्रमशः समाजवादमा सङ्क्रमणका लागि मार्ग प्रशस्त गर्नु नै राष्टिय प्रजातन्त्रको कार्यभार हो' भनी स्पष्ट पारिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २५२) । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको दोस्रो संस्करणले राष्ट्रिय प्रजातन्त्र र राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थालाई थप स्पष्ट पारेको थियो । राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था र तत्कालीन राज्यसत्ताले भन्ने गरेको राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थहरू कसरी फरक छन् र दुवैको चरित्र, प्रवृत्ति र विशेषतागत आधारमा केके फरक छन् भनी स्पष्टसँग उल्लेख गरिएको थियो साथै राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाबाट समाजवादी व्यवस्थामा कसरी सङ्क्रमण गर्न मार्ग प्रशस्त हुन सक्दछ भनी उल्लेख पनि गरिएको थियो ।

दोस्रो संस्करणमा प्रजातान्त्रिक समाजवाद, लोककल्याणकारी राज्य र वैज्ञानिक समाजवादका बारेमा स्पष्टसँग लेखिएको थियो । प्रजातान्त्रिक समाजवाद, लोककल्याणकारी राज्य र वैज्ञानिक समाजवादका चरित्र, प्रवृत्ति र विशेषता औंल्याउँदै नेपालमा वैज्ञानिक समाजवाद नै उपयुक्त भएको र यसको स्थापनाका लागि सङ्घर्ष गर्नुपर्दछ भनी औंल्याइएको थियो । उक्त कार्यक्रममा 'प्रजातान्त्रिक समाजवाद या लोक कल्याणवाद दुवैको उद्देश्य क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको वैज्ञानिक समाजवादी विचारबाट आम जनता र श्रम गर्ने जनतालाई झुक्याउँदै र

भ्रममा पार्दै पुँजीवादी शासन व्यवस्थाको शोषणलाई दीर्घकालीन बनाउनु हो' भनी प्रस्ट पारेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २४०) । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको दोस्रो संस्करणमा प्रजातान्त्रिक समाजवाद र वैज्ञानिक समाजवादका बारेमा स्पष्टसँग उल्लेख गरिएको थियो ।

यस संस्करणमा राष्ट्रिय प्रजातान्त्रिक राज्यव्यवस्थाको कल्पना गरी प्रजातान्त्रिक समाजवाद र लोककल्याणकारी राज्यभन्दा राष्ट्रिय प्रजातान्त्रिक राज्यव्यवस्था उपयुक्त हो भनिएको थियो । यस कार्यक्रममा प्रजातान्त्रिक समाजवाद र लोक कल्याणकारी राज्यभन्दा वैज्ञानिक समाजवाद नै उपयुक्त हो भनी लेखिएको थियो । यस कार्यक्रममा हाम्रो देशमा कार्ल मार्क्सले देखाएको बाटो नै सही बाटो हो भनी वैज्ञानिक समाजवाद नै उपयुक्त विकल्प हो भनिएको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २४२) । यस संस्करणको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले नेपाली प्रजातान्त्रिक क्रान्तिको सही र वैज्ञानिक बाटो नै वैज्ञानिक समाजवादी बाटो हो भनी निर्क्यौल गरेको थियो । नेपाली जनताको र क्रान्तिको समस्यालाई प्रजातान्त्रिक समाजवाद र लोक कल्याणकारी राज्यले समाधान गर्न सक्दैन भनी भनिएको थियो- 'जनताको समस्या वैज्ञानिक समाजवादी समाज व्यवस्था स्थापना गरेर नै समाधान हुन सक्नेछ' भनी भनेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७०, पृ. २४३) । यस संस्करणको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले नेपाली जनता र नेपाली क्रान्तिको समस्याको समाधानका निम्ति एक मात्र वैज्ञानिक र सही व्यवस्था नै वैज्ञानिक समाजवादी राज्य व्यवस्था हो भनी निर्क्यौल गरिएको थियो । यसरी अध्ययन गर्दा नेपाली राजनीतिमा समाजवादी विचारको विकास राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले पनि गरेको थियो ।

नेकपा (रायमाझी समूह) को छुट्टै तेस्रो महाधिवेशन २०२३ सालमा सम्पन्न भएको थियो । यस समूहका महासचिव केशरजङ्ग रायमाझीले पनि उक्त महाधिवेशनबाट आफ्नो समूहको कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रम राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गराएका थिए (पौडेल, २०७२, पृ. ३४३) । यस कार्यक्रमले 'राजाको नेतृत्वमा समाजवादको स्थापना' गर्ने लक्ष्य लिएको थियो (पौडेल, २०७२, पृ. ३४३) । नेकपा (रायमाझी समूह) ले अवलम्बन गरेको राजनीतिक कार्यक्रम राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पनि नयाँ जनवादी कार्यक्रमको एउटा प्रारूप थियो  तर यो कार्यक्रम पूर्णतः अवसरवादी संशोधनवादी कार्यक्रम थियो ।

यस राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले नेपालको पुँजीवादी जनवादी क्रान्तिमा र नेपाली समाजवादी आन्दोलनमा नेपाली समाजवादी क्रान्तिको ठोस चरित्रको निर्माण र योगदान गर्न नसके पनि यसले नेपाली राजनीतिमा समाजवादी विचारलाई विकास गर्ने काम गरेको थियो । यो कार्यक्रम नेपालको नयाँ जनवादी क्रान्तिको इतिहासमा एक प्रारूपको रूपमा मात्रै स्थापित छ ।

## ग) देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको कार्यक्रममा समाजवाद

नेपाल कम्युनिस्ट पार्टीको २०३१ साल असारमा भारतको वाराणसीमा सम्पन्न चौथो महाधिवेशनले पारित गरेको राजनीतिक कार्यक्रम देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको कार्यक्रम हो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३५) । यस महाधिवेशनले पारित गरेको कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्तावमा 'नेपाल कम्युनिस्ट पार्टीको लक्ष्य समाजवाद र साम्यवादको स्थापना गर्नु हो । समाजवादी क्रान्ति सफल बनाउनका निम्ति शोषक वर्गको अन्त र सर्वहारावर्गको अधिनायकत्व अनिवार्य सर्त हुन्' भनिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३५) । यस महाधिवेशनले पारित गरेको कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीको लक्ष्य र उद्देश्य समाजवाद र साम्यवाद भनिएको थियो । तर नेपालको तत्कालीन राजनीतिक परिस्थितिले तत्कालै समाजवादी क्रान्ति सम्पन्न गर्न सम्भव नभएको हुँदा नयाँ जनवादी कार्यक्रमअन्तर्गतको नयाँ जनवादी क्रान्तिको कार्यक्रम प्रस्तुत गरिएको थियो। उक्त कार्यक्रममा 'नेपालमा शताब्दीऔँदेखि राजतन्त्रतात्मक प्रणाली कायम छ तर यसका संरचनात्मक रूपहरूमा परिवर्तित हुँदै आएको छ। नेपालको शासनसत्ता सामन्तवर्ग र दलाल पुँजीपतिवर्गका हातमा छ। यी वर्गहरूका हातबाट जनतामा सत्ता हस्तान्तरण गरेर जनवादी सत्ता कायम गर्नु पार्टीको राजनीतिक कार्यक्रम हुनेछ' भनी प्रस्ट पारेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३७) । यस महाधिवेशनले राजनीतिक कार्यक्रमका रूपमा जनवादी क्रान्तिको कार्यक्रम प्रस्तुत गरे पनि जनवादी क्रान्ति गर्न तत्काल परिस्थिति उपयुक्त नभएको हुँदा नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई रणनीतिक कार्यक्रमका रूपमा र देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको कार्यक्रमलाई कार्यनीतिक कार्यक्रमका रूपमा पारित गरेको थियो ।

प्रस्तुत कार्यक्रमिक प्रतिवेदनमा देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको स्वरूपका बारेमा उल्लेख गरिएको थियो । यस कार्यक्रमिक कार्यक्रममा देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारका कार्य र सर्तका बारेमा पनि उल्लेख गरिएको थियो। देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारले जनताका न्यूनतम आवश्यकता तथा कार्यक्रमहरू पूरा गर्दछ। यस सरकारले जनतालाई पूर्ण राजनैतिक स्वतन्त्रता प्रदान गर्दै राष्ट्रविरोधी तथा प्रजातन्त्रका विरोधी तत्त्वहरूको स्वतन्त्रतालाई अङ्कुश लगाउँदै जनताको हितका पक्षमा सीमित गरिदिन्छ। यस सरकारको राजनैतिक स्वतन्त्रता तथा संविधानसभा अनिवार्य सर्त हुनेछ भनी कार्यक्रमा उल्लेख गरिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५७) । यस महाधिवेशनले पारित गरेको कार्यक्रममा कार्यक्रमिक रूपमा रहेको देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारका कार्यक्रमको कार्य र सर्त उल्लेख गर्दै र राजनीतिक स्वतन्त्रता तथा संविधानसभाको नाराले गर्दा अरू पुँजीवादी संसदीय सरकार र यसमा कार्यगत स्वरूप, चरित्र र प्रवृत्तिको हिसाबले फरक रहेको भनी उल्लेख

गरिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५८) । तात्कालिक कार्यक्रमिकका रूपमा रहेको देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार र अरू पुँजीवादी संसदीय सरकारमा भिन्नता रहेको भनी उल्लेख गरिएको थियो । यस देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको कार्यक्रम कार्यनीतिक कार्यक्रम मात्रै रहेको र रणनीतिक कार्यक्रम भनेको 'नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गर्नु नै हो' भनी प्रस्ट पारेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५८) । प्रस्तुत कार्यक्रमिक कार्यक्रमको अध्ययन गर्दा देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारका कार्यक्रम कार्यनीतिक उद्देश्य मात्रै भएको रणनीतिक उद्देश्य भनेको जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गर्दै समाजवादको मार्ग प्रशस्त गरी साम्यवादसम्मको यात्रा तय गर्नु नै हो भन्ने कुरा स्पष्ट बुझिन्थ्यो ।

यस महाधिवेशनले पारित गरेको कार्यक्रममा तात्कालिक न्यूनतम कार्यक्रमिकका रूपमा लिइएको देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकारको कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीको कार्यनीतिक कार्यक्रम, रणनीतिक कार्यक्रम र लक्ष्य र उद्देश्यका बारेमा स्पष्टसँग लेखिएको थियो । यस कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीको तात्कालिक न्यूनतम कार्यनीतिक कार्यक्रम देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार गठन गर्ने, रणनीतिक कार्यक्रम जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गर्ने र लक्ष्य र उद्देश्यमा समाजवादी क्रान्तिका लागि मार्ग प्रशस्त गर्दै साम्यवादको यात्रा तय गर्ने भनी उल्लेख गरिएको थियो । यस कार्यक्रमले ठोस र मूर्त रूपमा विजय हासिल गर्न नसके पनि नेपालको पुँजीवादी जनवादी क्रान्तिमा भने महत्त्वपूर्ण योगदान गरेको थियो । यस कार्यक्रमले नेपाली राजनीतिमा समाजवादी विचारको विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

### घ) जनताको बहुदलीय जनवादको कार्यक्रममा समाजवाद

जनताको बहुदलीय जनवादी कार्यक्रम सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवाद विरोधी कार्यक्रम हो । बहुदलीय प्रतिस्पर्धासहितको राजनीतिक व्यवस्था भएको जनवादी सत्ता नै जनताको बहुदलीय जनवादी व्यवस्था हो । यस कार्यक्रमले जनताको बहुमतबाट नै समाजवादी व्यवस्थामा सङ्क्रमण गर्न सकिन्छ भन्ने विश्वास राख्दछ । यस कार्यक्रमको लक्ष्य जनताको जनवादी व्यवस्थाको स्थापना गर्दै समाजवादका लागि मार्गप्रशस्त गर्नु हो । यसर्थ यस कार्यक्रममा पनि समाजवादी विचार देखिन्छ । २०४९ साल माघ १४-२० मा सम्पन्न नेकपा (एमाले) को पाँचौं महाधिवेशनले पारित गरेको कार्यक्रम नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद हो (मआस्मृप्र, २०६९, पृ. ३०५) । यस पार्टीका महासचिव मदन भण्डारीले प्रस्तुत गरेको उक्त कार्यक्रम यस महाधिवेशनले पारित गरेको थियो । पारित उक्त कार्यक्रममा जनताको बहुदलीय जनवादलाई 'सामन्तवाद तथा साम्राज्यवादको शोषण र

उत्पीडनलाई समाप्त पार्नका निम्ति गरिने क्रान्तिलाई नयाँ जनवादी, राष्ट्रिय जनवादी वा जनताको जनवादी क्रान्तिका रूपमा परिभाषित गरिएको छ। तर जनताको बहुदलीय जनवादी कार्यक्रममा राजनीतिक, आर्थिक र वैदेशिक नीतिलाई थप्दै  संवैधानिक सर्वोच्चता, बहुदलीय प्रतिस्पर्धा, बहुमतको सरकार र अल्पमतको विपक्ष' जस्ता राजनीतिक विषयहरू थपी उन्नत ढङ्गले परिभाषित गरिएको छ (मआस्मृप्र, २०६९, पृ. ३१२)। विभिन्न मुलुकमा जनवादलाई आआफ्नै ढङ्गले परिभाषित गरे पनि मूलभूत रूपमा सामन्तवाद र साम्राज्यवादको शोषण र उत्पीडनको अन्त्य गर्नका निम्ति गरिने क्रान्तिलाई नयाँ जनवादी क्रान्ति भनी परिभाषित गरिएको थियो।

नेपालका सन्दर्भमा नेपाली क्रान्तिको र नेपाली राजनीतिको विशिष्टताको अध्ययन गरी विभिन्न पक्षका विभिन्न विषयहरू थपी जनताको बहुदलीय जनवादी कार्यक्रम तयार पारिएको थियो। जनताको बहुदलीय जनवादी कार्यक्रमको कार्यभारलाई यस कार्यक्रममा 'सामन्तवादी तथा साम्राज्यवादी शोषणलाई उन्मूलन र समाप्त गरी जनताको जनवादी शासन व्यवस्था स्थापना गर्नु वर्तमान क्रान्तिको केन्द्रीय कार्यभार हो र क्रान्तिकारी कदमबाट जनवादी शैलीले आमजनताको नेतृत्वमा समाजवादमा सङ्क्रमण गर्ने कार्यक्रमलाई कार्यान्वयन गर्नु हो' भनी प्रस्ट पारेको थियो (मआस्मृप्र, २०६९, पृ. ३१२-३१३)। यस कार्यक्रममा जनताको बहुदलीय जनवादको कार्यक्रमलाई प्रस्ट पारिएको थियो। जनताको बहुदलीय जनवादको केन्द्रीय कार्यभार भनेको सामन्तवाद र साम्राज्यवादको शोषण उन्मूलन गरी जनताको जनवादी व्यवस्था स्थापना गर्नु हो भनी उल्लेख गरिएको थियो।

यस जनताको बहुदलीय जनवादी कार्यक्रमको अर्को कार्यभार भनेको जनवादी सत्ता स्थापना गरी समाजवादमा सङ्क्रमण गर्नका निम्ति भौतिक तयारीका साथ चरणबद्ध ठोस रूपको कार्यक्रम बनाउँदै क्रान्तिकारी पहलद्वारा समाजवादमा सङ्क्रमण गर्ने जनताको बहुदलीय जनवादी कार्यक्रममा 'नेकपा (एमाले) को वैज्ञानिक समाजवाद र साम्यवादलाई आफ्नो अधिकतम तथा अन्तिम लक्ष्य हो' भनी स्वीकारेको थियो (मआस्मृप्र २०६९, पृ. ३१०-३११)। जनताको बहुदलीय जनवादी कार्यक्रमको उच्चतम, अधिकतम तथा अन्तिम लक्ष्यका रूपमा वैज्ञानिक समाजवाद र साम्यवादलाई लिइएको थियो। यस कार्यक्रमको उच्चतम लक्ष्यका रूपमा वैज्ञानिक समाजवाद र साम्यवादलाई लिइए पनि यसको स्थापनाको पृष्ठभूमि तयार पार्न चाहिँ तत्काल पहिलो चरणमा अर्थात् पहिलो काम पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी जनवादी राज्यसत्ताको स्थापना गर्नु भनी उल्लेख गरिएको थियो (मआस्मृप्र, २०६९, पृ. ३११)। 'योग्यताअनुसारको काम र कामअनुसारको दाम' दिने समाजवादी समाजको निर्माणका लागि पहिलो चरणमा जनवादी क्रान्तिमार्फत जनवादी राज्य व्यवस्थाको निर्माण गरेपछि मात्रै सम्भव छ भनी यस जनताको बहुदलीय जनवादी कार्यक्रममा उल्लेख गरिएको थियो।

यस कार्यक्रममा जनताको बहुदलीय जनवादी सत्ताको स्थापना गरेपछि समाजवादमा सङ्क्रमण गर्ने भौतिक तयारी पूरा गरी समाजवादको स्थापना गर्ने भन्ने लक्ष्य र उद्देश्य लिइएको थियो । यसरी यस कार्यक्रमले मूर्त रूप पाउँदै जनताको बहुदलीय जनवादी सत्ताको स्थापना गर्न नसके पनि र समाजवादमा सङ्क्रमणका लागि भौतिक तयारीको पूरा गर्न नसके पनि यसले नेपाली राजनीतिमा समजवादी विचारको विकास गरेको थियो ।

नेकपा (एमाले) को छैटौं महाधिवेशन २०५४ साल माघ १२-१८ मा सम्पन्न भएको थियो । यस छैटौं महाधिवेशनले पनि पार्टीको कार्यक्रमका रूपमा जनताको बहुदलीय जनवादी कार्यक्रमलाई नै अवलम्बन गरिएको थियो (नेकपा (एमाले), २०५४, पृ. ९२-९३) । यस महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमलाई थप वैचारिक व्याख्या र विश्लेषण गरेको थियो । यस कार्यक्रमलाई यस महाधिवेशनले वैचारिक व्याख्या र विश्लेषण मात्रै गरेन यस कार्यक्रमलाई त सिद्धान्तका रूपमा अनुग्रहणसमेत गरेको थियो । यस महाधिवेशनले यस जनताको बहुदलीय जनवादी कार्यक्रमलाई नेपाली क्रान्तिको सिद्धान्तका रूपमा स्थापित गर्दै पार्टीको कार्यक्रम तथा कार्यनीति निर्धारण गर्ने आधारका रूपमा समेत लिएको थियो (नेकपा (एमाले), २०५४, पृ. ८८) । यस कार्यक्रमलाई छैटौँ महाधिवेशनले सैद्धान्तिक रूपमा ग्रहण गरेको थियो । यस पार्टीको पाँचौं महाधिवशनले जनताको बहुदलीय जनवादी कार्यक्रमलाई ग्रहण गरेपछि यस महाधिवेशनले पनि जनताको बहुदलीय जनवादी कार्यक्रमलाई थप वैचारिक व्याख्या र विश्लेषण गर्दै सिद्धान्तका रूपमा ग्रहण गरेको थियो । यस महाधिवशनले जनताको बहुदलीय जनवादी कार्यक्रम जनवादी क्रान्ति गरी जनवादी सत्ताको स्थापना र समाजवादको सङ्क्रमणसम्म वैचारिक नेतृत्व र मार्गदर्शन गर्ने कार्यक्रम हो भनेको थियो । आमूल परिवर्तनपछि पनि तत्कालै समाजवादमा पुग्न सकिन्न । समाजवादमा पुग्नका लागि सामन्तवादी अवशेषहरूको समाप्तिको चरण, जनवादी व्यवस्थाको सुदृढीकरणको चरण र समाजवादतर्फको सङ्क्रमणको चरण जस्ता विविध चरणबाट गुज्रिनुपर्ने हुँदा यी विविध चरणमा पनि जनताको बहुदलीय जनवादी कार्यक्रमले नै मार्गदर्शन गर्दछ भनी यस महाधिवेशनले प्रस्ट पारेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७४, पृ. ३२६) । यस महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमलाई जनवादी राज्यसत्ताको स्थापनाअघि, स्थापनापछि र समाजवादको सङ्क्रमणसम्म वैचारिक नेतृत्व र मार्गदर्शनका रूपमा लिनुपर्ने भनेको थियो ।

यस महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमलाई समाजवादसम्म पुग्ने क्रान्तिकारी लक्ष्य समेटेको कार्यक्रम हो भनी भनेको थियो । यस महाधिवेशले 'जनताको लोकप्रिय आन्दोलनबाट समर्थन र विश्वास प्राप्त गरी निर्वाचद्वारा बहुमतको सरकार गठन गर्ने, अधिकतम प्रगतिशील सुधारका कामहरू गर्दै आमूल परिवर्तनका दिशामा समाजलाई अघि बढाउने,

राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण गर्दै अन्ततः समाजवादसम्म पुग्ने क्रान्तिकारी लक्ष्यलाई जनताको बहुदलीय जनवादले समेटेको छ' भनेको थियो (भुसाल, (सङ्क. तथा सम्पा.), २०७४, पृ. ३२५-३२६)। यस महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमले समाजवादसम्म पुग्ने क्रान्तिकारी लक्ष्यलाई समेटेको छ भनी स्पष्ट पारेको थियो। यस महाधिवेशले जनताको बहुदलीय जनवादी कार्यक्रम जनवादी क्रान्ति सम्पन्न गरी जनवादी राज्यसत्ताको स्थापना र यसपछि समाजवादको सङ्क्रमणसम्म पार्टीको कार्यक्रम रहने कुरा स्पष्टसँग उल्लेख गरेको थियो ।

नेकपा (एमाले) को सातौं महाधिवेशन २०५९ साल माघ १८-२३ म सम्पन्न भएको थियो । यस पार्टीको सातौँ महाधिवेशनले पनि जनताको बहुदलीय जनवादी कार्यक्रमलाई अनुसरण गरेको थियो (नेकपा (एमाले), २०५९, पृ. ८९) । यस महाधिवेशनले पनि जनताको बहुदलीय जनवादी कार्यक्रमलाई अनुसरण गर्दै यसै कार्यक्रममार्फत निर्देशित हुने निर्णय गरेको थियो । पाँचौं महाधिवेशनले पारित गरेको जनताको बहुदलीय जनवादी कार्यक्रमलाई नै छैटौं र सातौं महाधिवेशनले पनि अनुसरण र अबलम्बन गरेको थियो (नेकपा (एमाले), २०५९, पृ. ८७-८८) । यस महाधिवेशनले पनि पार्टीको पाँचौं महाधिवेशनले समाजवादलाई अधिकतम लक्ष्यका रूपमा र जनताको बहुदलीय जनवादी कार्यक्रमलाई न्यूनतम कार्यक्रमका रूपमा पारित गरेको कार्यक्रमलाई नै अङ्गीकार गरी यस कार्यक्रमलाई सिद्धान्तका रूपमा प्रतिस्थापित गरेको थियो ।

यस पार्टीको आठौँ महाधिवेशन २०६५ साल फागुन ५-१४ मा सम्पन्न भएको थियो । महाधिवेशनले पार्टीको छैटौं महाधिवेशनले सिद्धान्तका रूपमा ग्रहण गरेको जनताको बहुदलीय जनवादी कार्यक्रमलाई सैद्धान्तिक रूपमा व्याख्या गरेको थियो । सिद्धान्तका रूपमा व्याख्या गर्दै जनताको बहुदलीय जनवादी कार्यक्रमलाई यस महाधिवेशनले 'जनताको बहुदलीय जनवाद जनवादी कार्यक्रमिक अवधारणाका रूपमा मात्र नभएर सिद्धान्तका रूपमा पनि आत्मसात् गर्नुपर्दछ' भनेको थियो (नेकपा (एमाले), २०६५, पृ. १४९) । यस महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमलाई सैद्धान्तिक रूपमा व्याख्या गरेको थियो । यस महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमलाई सैद्धान्तिक रूपमा व्याख्या मात्रै गरेन यस महाधिवेशनले त जनताको बहुदलीय जनवादी कार्यक्रमलाई पार्टीको मार्गदर्शक सिद्धान्त हो भनी किटानसमेत गरेको थियो र 'जनताको बहुदलीय जनवाद नेकपा एमलेको कार्यक्रम र सिद्धान्त मात्र नभएर पार्टीको वैचारिक, सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक प्रणाली भएका कारण जनताको बहुदलीय जनवाद मार्गदर्शक सिद्धान्त पनि हो' भनेको थियो (नेकपा (एमाले), २०६५, पृ. १६६) । यस महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमले समाजवादको स्थापनासम्म मार्गदर्शन गर्ने हुनाले यो कार्यक्रम सिद्धान्त मात्र नभई राजनीतिक, वैचारिक, साङ्गठनिक र सिङ्गो

पार्टीको प्रणाली पनि हो भनेको थियो भने प्रणालीका रूपमा विकास हुँदै जनताको बहुदलीय जनवादी कार्यक्रम पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा समेत विकास भएको छ भनी पुष्टि गरेको थियो ।

यस पार्टीको नवौँ महाधिवेशन २०७१ साल असार १९- साउन १ मा सम्पन्न भएको थियो । यस महाधिवेशनले पनि जनताको जनवादी कार्यक्रमलाई निरन्तरता दिँदै मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकारेको थियो (नेकपा (एमाले), २०७१, पृ. १२३) । यस महाधिवेशनले पनि जनताको बहुदलीय जनवादी कार्यक्रमलाई अनुसरण गर्दै यस कार्यक्रमले नै पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी समाजवादको स्थापना गर्ने र समृद्ध समाजवादको निर्माण गर्ने अवस्थासम्म मार्गदर्शन गर्नेछ भनी किटान गरेको थियो ।

यस महाधिवेशनले समाजवादको आधार तयार गर्न र समाजवादको निर्माण गर्नका लागि जनताको बहुदलीय जनवादी कार्यक्रमको मुख्य कार्यभार हो भनी किटान गरेको थियो र यस कार्यक्रमलाई नै अनुसरण गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीले पाँचौं महाधिवेशनदेखि आजसमम्म पनि जनताको बहुदलीय जनवादी कार्यक्रमलाई नै सिद्धान्तका रूपमा, विचार र दृष्टिकोणका रूपमा, कार्यभार र कार्यक्रमका रूपमा र कार्यनीति र रणनीतिका रूपमा अनुसरण, अवलम्बन र अङ्गीकार गरिएको छ ।

नेपालको पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्नमा जनताकको बहुदलीय जनवादी कार्यक्रमको महत्त्वपूर्ण योगदान थियो । यस कार्यक्रमले नेपाललाई पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी समाजवादी क्रान्तिका चरणमा प्रवेश गराएको थियो । नेपाली समाजवादी आन्दोलनमा यस कार्यक्रमले समाजवादको स्थापना गर्न नसके पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

### ङ) प्रचण्डपथवादको कार्यक्रममा समाजवाद

नेकपा (माओवादी) को दश वर्षे जनयुद्धका अवधिमा प्रस्तुत भएका नयाँ जनवादी, क्रान्ति र नयाँ जनवादी राजनीतिक कार्यक्रमलाई संश्लेषण गरी प्रचण्डपथवादको सिर्जना गरिएको थियो । प्रचण्डपथवाद जनताको बहुदलीय जनवाद जस्तै नयाँ जनवादको नयाँ र मौलिक प्रारूप थियो । जनताको बहुदलीय जनवाद मदन भण्डारीको मौलिक विचारधारा थियो भने प्रचण्डपथवाद पुष्पकमल दाहाल ‘प्रचण्ड’ को मौलिक विचारधारा थियो । प्रचण्डपथवादको कार्यक्रमले पनि नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गर्दै समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्दै साम्यवादसम्मको लामो यात्रा तय गर्ने लक्ष्य लिइएको हुनाले यस कार्यक्रमलाई पनि समाजवादी विचारमा आधारित कार्यक्रम भन्न मिल्दछ ।

नेकपा (माओवादी) को २०५७ साल माघ २७ देखि सुरु भई फागुन १ गते सम्पन्न भएको पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ को नेतृत्वमा भएको जनयुद्ध, जनयुद्धसम्बन्धी विचार, रणनीति र कार्यनीति तथा नयाँ जनवादी क्रान्ति र नयाँ जानवादी विचारलाई संश्लेषण गरी ‘प्रचण्डपथवाद’ को नाम दिइएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५०१) । यस सम्मेलनले ‘प्रचण्डपथवाद’ को सिर्जना नेपालको जनवादी क्रान्ति र समाजवादी आन्दोलनको महान् उपलब्धि हो भनी प्रचण्डपथको नामकरणलाई व्याख्या गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५०१) । यस सम्मेलनले जनयुद्ध, जनवादी क्रान्ति र नयाँ जनवादको संश्लेषित विचार प्रचण्डपथवाद एक महान् उपलब्धि हो भनी घोषणा गरेको थियो । प्रचण्डपथवाद विचारलाई विश्व सर्वहारावर्गको क्रान्ति, सर्वहारा अन्तर्राष्ट्रियतावादको विचार र विश्व समाजवादी आन्दोलनको वैज्ञानिक विचारका रूपमा यस सम्मेलनले स्वीकारेको थियो । यस सम्मेलनले प्रचण्डपथवाद वैज्ञानिक विचारधारा हो भनी उल्लेख गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५०१) । यस सम्मेलनले प्रचण्डपथवाद विचारधारा नेपाली क्रान्तिको वैज्ञानिक विचारधारा भएको र यसले विश्वसर्वहारावर्गको क्रान्ति सर्वहारा अन्तर्राष्ट्रियतावाद र मार्क्सवाद-लेनिनवाद-माओवाद विचारधारामा नयाँ आयाम थपेको भनी स्पष्ट पारेको थियो । यस सम्मेलनले प्रचण्डपथवादको कार्यदिशा, कार्यभार, लक्ष्य र उद्देश्य ‘नयाँ जनवादी, समाजवादी र सांस्कृतिक क्रान्तिहरू सम्पन्न गर्दै साम्यवादसम्म पुग्ने हो’ भनी प्रस्ट पारेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५००-५०१) । यस सम्मेलनले प्रचण्डपथवाद कार्यक्रम जनयुद्ध, जनवादी क्रान्ति र नयाँ जनवादी कार्यक्रमको संश्लेषित विचार धारा हो र यो एक महान् उपलब्धि भएको ठहर गरेको थियो । यस कार्यक्रमले आफ्नो लक्ष्य र उद्देश्यमा नयाँ जनवादी, समाजवादी र सांस्कृतिक क्रान्तिहरू हुँदै साम्यवादसम्मको यात्रा तय गर्ने थियो । यस प्रचण्डपथवादको कार्यक्रमले नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो ।

नेकपा (माओवादी) को नेतृत्वको जनयुद्ध १२ बुँदे सहमतिबाट शान्तिप्रक्रियामा आएपछि अन्त्य भएको थियो । शान्तिप्रक्रियामा आएपछि र अरू कम्युनिस्ट पार्टीहरूसँग एकता प्रक्रिया अघि बढेपछि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले आफ्नो मार्गदर्शन सिद्धान्तको रूप प्रचण्डपथवादलाई स्थगन गरेको थियो र पार्टीको एकताको सातौँ महाधिवेशनबाट पुँजीवादी जनवादी राजनीतिक कार्यक्रमलाई अवलम्बन गरेको थियो (शिवाकोटी, २०७१, पृ. २५२) । नेपालको पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्नका निम्ति प्रचण्डपथवादले महत्त्वपूर्ण भूमिका खेलेको थियो । नेपाललाई पुँजीवादी जनवादी क्रान्तिको चरणमा प्रवेश गराउनामा प्रचण्डपथवादको अतुलनीय योगदान रहेको छ । प्रचण्डपथवादले नेपाली समाजवादी आन्दोलन सफल गराई नेपालमा समाजवादको स्थापना गर्न नसके पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास गराउनामा महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

## च) २१ औं शताब्दीमा जनवादको विकास कार्यक्रममा समाजवाद

नेकपा (माओवादी) को २०६० साल जेठमा बसेको केन्द्रीय समितिको चौथो बैठकले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा प्रस्तुत भई पारित भएको कार्यक्रम २१ औं शताब्दीमा जनवादको विकास कार्यक्रम थियो । यस कार्यक्रमले विश्वमा भएको प्रतिक्रान्तिको घटनालाई विश्लेषण गर्दै नेपाली क्रान्तिलाई प्रतिक्रान्तिबाट कसरी बचाउने र जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी क्रान्तिलाई कसरी अगाडि डोऱ्याउने भन्ने कुरा स्पष्टसँग अगाडि ल्याएको थियो । यस कार्यक्रममा २१ औं शताब्दीमा आइपुग्दा सूचना प्रविधिका क्षेत्रमा भएको आमूल परिवर्तनले र विज्ञानका क्षेत्रमा मारेको फड्कोले नयाँ जनवादी क्रान्तिलाई कसरी प्रभावित पार्छ, र यसबाट कसरी बच्ने र नयाँ जनवादी क्रान्ति कसरी सफल पार्ने भन्ने कुरा स्पष्टसँग लेखिएको थियो । विश्व साम्राज्यवाद र पुँजीवादको नाइकेले विश्वमा आतङ्कवादको नियन्त्रणका नाममा तवाही मच्याएको र यसबाट बच्ने कुरा यस कार्यक्रममा उल्लेख गरिएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५२०) । यस बैठकले जनयुद्धको विकासले साम्राज्यवादसँग टककर लिनुपर्ने अवस्था आएकाले, भूमण्डलीकरण, उदारीकरण र अन्तर्राष्ट्रिय आतङ्कवाद विरोधी युद्धका नाममा अमेरिकी साम्राज्यवादले संसारलाई नै आफ्नो मुट्ठीमा कसेकाले नेपाली जनयुद्धले नयाँ सम्भावना र नयाँ चुनौतीको भार बोकेको हुँदा त्यही अनुरूपको कार्यक्रम २१ औं शताब्दीमा नयाँ जनवादमा विकास गर्नुपर्ने र त्यही अनुरूप नै भावी कार्यभार कार्यदिशा निरूपण गर्नुपर्ने भनी किटान गरेको थिया (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५२०) । यस बैठकले पार्टीको रणनीति र कार्यनीतिको विकास गर्न जरूरी छ भनी २१ औं शताब्दीमा जनवादको विकासबारे कार्यक्रम प्रस्तुत गरी पारित गरेको थियो ।

यस कार्यक्रमले नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को जनयुद्ध र जनयुद्धसम्बन्धी बुझाइ, दृष्टिकोण र चरित्र बदलिएको थियो भने कार्यदिशा र कार्यभारमा फरक शैली आएको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५३०) । यस बैठकले जनयुद्धको बलमा राज्यसत्ता कब्जा गरी जनवादी राज्यसत्ताको स्थापना गर्नभन्दा राज्यसत्ता कब्जा गरी जनवादी राज्यसत्ताको स्थापना गरेपछि त्यसलाई निरन्तर जनवादीकरण गर्दै राज्यसत्ताको विलोपीकरणतिर जानु कठिन हो भन्दै समाजवादी सत्ताको स्थापना भइसकेको चीन र रूस जस्ता मुलुकमा भएका प्रतिक्रान्तिका घटनाहरू र समाजवादी सत्ताको विघटनका घटनाले गम्भीर महत्त्व राख्दछन् । तसर्थ यस्ता प्रतिक्रान्तिका घटनालाई रोक्न र जनवादी क्रान्ति सम्पन्न गर्दै जनवादी सत्ताको स्थापना हुँदै निरन्तर जनवादीकरणका माध्यमबाट समाजवादी सत्ताको स्थापना गर्नका निम्ति २१ औं शताब्दीमा जनवादको अनुभवका आधारमा, विशिष्टताका आधारमा २१ औं शताब्दीमा जनवादी कार्यक्रमको विकास मौलिक ढङ्गले गर्नुपर्दछ भनी उल्लेख गरिएको थियो ।

यस बैठकले २१ औं शताब्दीमा जनवादको विकास कार्यक्रममा सामन्तवाद र साम्राज्यवादको अन्त्य गरी जनवादी राज्यसत्ताको स्थापना गरेर समाजवादको यात्रा तय गर्न तथा यी उपलब्धि बचाउनका लागि जनवादी राज्यसत्ताको संवैधानिक सीमाभित्र राजनैतिक प्रतिस्पर्धालाई सङ्गठित गरी कम्युनिस्ट पार्टीलाई निरन्तर सर्वहाराकरण र क्रान्तिकारीकरण गरिरहनुपर्दछ भनेको थियो ।

२१ औं शताब्दीमा जनवादको विकास कार्यक्रममा जनसमुदायको अधिकारलाई संस्थागत गरेर प्रतिक्रान्तिलाई रोक्ने योजना, जनताको सेवामा जनवादी राजनैतिक प्रतिस्पर्धा गर्ने योजना, जनसमुदायलाई स्वनिर्णयको अधिकार दिने योजना, सामन्तवाद तथा साम्राज्यवाद विरोधी विभिन्न राजनीतिक दलहरूलाई राजनैतिक प्रतिस्पर्धा गर्न दिने अधिकारका योजना समावेश गरिएका थिए (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५२१ जसले नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा भएको जनयुद्धलाई नयाँ मोड दिएको थियो । यस कार्यक्रमका जगमा नै नेपाल कम्युनिस्ट पार्टी (माओवादी) लोकतान्त्रिक पद्धति हुँदै शान्तिपूर्ण राजनीतिक गतिविधि गर्दै संसदीय यात्रा तय गर्न पुगेको थियो । यस कार्यक्रमले नै माओवादी पार्टीलाई लोकतान्त्रिक बनाउन आधार तय गरेको थियो । यस कार्यक्रमका जगमा नै माओवादी पार्टीले सातौँ महाधिवेशनमा पुँजीवादी जनवादी कार्यक्रमको निर्माण गरी अनुसरण गर्ने बाटामा अग्रसरता देखाएको थियो ।

२१ औं शताब्दीमा जनवादको विकास कार्यक्रमले निरन्तर क्रान्तिको प्रक्रियालाई अघि बढाउँदै प्रतिक्रान्तिलाई रोक्न सक्नेछ भनी केन्द्रीय समितिको चौथो बैठकले किटान गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५३१) । यस कार्यक्रमले नेपाली समाजवादी आन्दोलनको व्याख्या नयाँ ढङ्गले गरेको थियो भने विश्वमा विघटित भएको समाजवादी सत्तालाई नयाँ दृष्टिकोणले हेरेको थियो । प्रतिक्रान्तिका कारण समाजवादी सत्ता विघटित भएको र त्यसका प्रभावबाट नेपाली समाजवादी आन्दोलन र क्रान्तिलाई बचाई सफल तुल्याउन नयाँ रणनीति र कार्यनीतिको निर्माण गरेको थियो । यस कार्यक्रमले नेपाली समाजवादी आन्दोलनलाई सफल तुल्याई समाजवादको स्थापना गर्न नसके पनि यस कार्यक्रमले नेपाली राजनीतिमा समाजवादी विचारको विकास चाहिँ गरेको थियो ।

### छ) पुँजीवादी जनवादी कार्यक्रममा समाजवाद

एनेकपा (माओवादी) को एकताको सातौँ महाधिवेशन २०६९ साल माघ २० गतेदेखि २६ गतेसम्म हेटौँडामा सम्पन्न भएको थियो । यस महाधिवेशनमा 'नेपाली क्रान्तिको नयाँ संश्लेषण : एक ऐतिहासिक आवश्यकता' शीर्षकको राजनीतिक प्रतिवेदन पारित गरी पार्टीले पुँजीवादी जनवादी कार्यक्रमलाई अख्तियार गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. ५२) । यस महाधिवेशनले 'पार्टीको अधिकतम लक्ष्य र कार्यक्रम, वर्गविहीन, राज्यविहीन, र शोषणविहीन

साम्यवादको स्थापना गर्नु हो भने पार्टीको न्यूनतम कार्यक्रम सामन्तवाद र साम्राज्यवादका विरूद्ध पुँजीवादी जनवादी क्रान्तिलाई पूर्णता दिनु र समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्नु हो' भनी निक्यौंल गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. ५२) । उक्त महाधिवेशनले जनवादी क्रान्ति पूर्ण गर्दै समाजवादी क्रान्तिको तयारीमा जुट्ने ऐतिहासिक निर्णय गरेको थियो । यस महाधिवेशनले अधिकतम लक्ष्य साम्यवादको स्थापना गर्नु हो भनेको थियो भने न्यूनतम कार्यक्रम पुँजीवादी जनवादी क्रान्तिलाई पूर्णता दिँदै सम्पन्न गरेर समाजवादी क्रान्तिका दिशामा अघि बढुन हो भनी पार्टीको कार्यक्रम निक्यौल गरेको थियो ।

यस महाधिवेशनले पार्टीको कार्ययोजना स्पष्ट पारेको थियो । जनताको सङ्घीय गणतन्त्रसहितको पुँजीवादी जनवादी क्रान्तिका बाँकी रहेका कार्यभार पूरा गर्दै समाजवादी क्रान्तिका दिशामा अघि बढ्ने मूल कार्यनीतिक नारा हो भनी यस महाधिवेशनले समाजवादी क्रान्तिको कार्यदिशा तय गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. ९५) । यस महाधिवेशनले पार्टीको काँधमा नेपाली पुँजीवादी जनवादी क्रान्तिलाई सम्पन्न गर्दै समाजवादी क्रान्तिको तयारी गर्ने ऐतिहासिक जिम्मेवारी रहेको उल्लेख गरेको थियो । उक्त जिम्मेवारी पूरा गर्न प्रतिबद्ध भएर लाग्नुको कुनै विकल्प नरहेको भनी महाधिवेशनले मूल निष्कर्ष निकालेको थियो । यसरी अध्ययन गर्दा यस पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रमले पुँजीवादी जनवादी क्रान्तिको आधार र जगमा समाजवादी क्रान्ति सम्पन्न गर्न नसके पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास चाहिँ गरेको थियो ।

नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भई गणतन्त्रको स्थापना भइसकेपछि पनि एनेकपा (माओवादी) ले पुँजीवादी जनवादी राजनीतिक कार्यक्रम ल्याएको थियो जसले गर्दा यस राजनीतिक कार्यक्रमले नेपाली समाजवादी आन्दोलनमा महत्त्वपूर्ण पहलकदमी लिन सकेन । प्रचण्डपथवाद भन्ने राजनीतिक कार्यक्रमले जसरी नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी नेपाललाई समाजवादी क्रान्तिको चरणमा प्रवेश गराउन महत्त्वपूर्ण भूमिका खेलेको थियो त्यसरी यस राजनीतिक कार्यक्रमले नेपाललाई समाजवादी क्रान्तिको चरणबाट पार लगाई समाजवादी युगमा प्रवेश गराउने महत्वपूर्ण पहलकदमी लिनुपर्दथ्यो तर सकेन । यस पार्टीले पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रम नल्याई समाजवादी क्रान्तिको कार्यक्रम ल्याउनुपर्दथ्यो । तर उक्त पार्टीले नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसक्दा पनि पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रम ल्याउनु महत्त्वपूर्ण भूल थियो । जे भए पनि यस पुँजीवादी जनवादी क्रान्तिको राजनीतिक कार्यक्रमले नेपालमा समाजवादी क्रान्तिको पहलदकमी लिन नसके पनि नेपाली राजनीतिमा समाजवादी विचारको विकास चाहिँ गराएको थियो ।

नेपाली राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादको नवीन प्रारूपबाट भएको थियो । नेपाली राजनीतिमा नयाँ जनवादलाई मौलिक एवम् नवीन प्रारूपका रूपमा प्रयोग गरिएको थियो । नेपालका कम्युनिस्ट पार्टीहरू र यसका नेतृत्वहरूले नयाँ जनवादलाई मौलिक नयाँ प्रारूपमा प्रयोग गरी समाजवादी विचारको विकास गरेका थिए जसका आफ्नै खाले मोलिक विशिष्टता छन् ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको राजनीतिक कार्यक्रम नयाँ जनवाददेखि मनमोहन अधिकारीको नयाँ जनवाद, तुलसीलाल अमात्यको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम, केशरजङ्ग रायमाझीको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम, मोहनविक्रम सिंहको नयाँ जनवाद, मोहन वैद्यको नयाँ जनवाद हुँदै पुष्पकमल दाहाल ‘प्रचण्ड’ को नयाँ जनवाद, प्रचण्डपथवाद र २१ औं शताब्दीमा जनवादको विकास कार्यक्रम र पुँजीवादी जनवादी कार्यक्रमसम्म, सिपी मैनालीको नयाँ जनवादी कार्य हुँदै मदन भण्डारीको जनताको बहुदलीय जनवादी कार्यक्रमसम्म यी सबै जनवादी कार्यक्रम नयाँ जनवादका मौलिक एवम् नवीन प्रारूप थिए । यी सबैको उद्देश्य राजतन्त्रको अन्त्य गर्दै जनवादी गणतन्त्रको स्थापना गर्नु नै थियो । केवल केशरजङ्ग रायमाझीको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम भने अलग्गै कित्तामा उभिएको थियो ।

तत्कालीन नेपाली राजनीतिमा सीधै समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्न सम्भव नभएपछि पहिलो चरणमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै राजतन्त्रको अन्त्य गरी जनवादी गणतन्त्रको स्थापना गरेपछि मात्रै समाजवादी क्रान्ति गर्न सम्भव हुन्छ भनी नयाँ जनवादलाई साधन र समाजवादलाई साध्यका रूपमा प्रयोग गर्दै समाजवादी विचारको विकास नेपालका कम्युनिस्ट पार्टीहरूले गरेका थिए । यसर्थ नेपाली राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादको मौलिक प्रारूपबाट भएको थियो । विभिन्न समयमा विभक्त र विभाजित भएका नेपालका कम्युनिस्ट पार्टीहरूले नेपाली राजनीतिको प्रवृत्ति र विशेषतासँग मिल्ने नयाँ जनवादका मौलिक विचारधाराहरूको विकास गरी नयाँ जनवादको मौलिक प्रारूपको विकास गरेका थिए जसले गर्दा नेपाली राजनीतिमा समाजवादी विचारको विकास आफ्नै मौलिकता र विशिष्टताका साथ भएको थियो ।

## समाजवादी विचारको विकासमा कम्युनिस्ट पार्टीको गतिविधि

कम्युनिस्ट पार्टी भनेपछि आफैमा समाजवादी विचारबाट परिचालित हुन्छन् भन्ने कुरामा दुईमत रहन सक्दैन । नेपालमा कम्युनिस्ट पार्टीको स्थापना नै नेपालमा समाजवादी राज्यसत्ताको स्थापना गर्ने उद्देश्यका साथ भएको थियो । २००६ सालमा नेकपाको स्थापना भएपछि २००७ सालको राजनीतिक परिवर्तनका सिलसिलामा भारतमा राजा त्रिभुवन, राणा प्रतिनिधि र नेपाली

काङ्ग्रेसबिच भारतीय मध्यस्थतामा दिल्ली सम्झौता भएको थियो । उक्त सम्झौता सामन्तवाद र विस्तारवाद विरोधी नभएको र क्रान्तिप्रतिको धोका हो भन्दै नेकपाले विरोध गरेको थियो (पुष्पलाल, सन् १९७४, पृ. २६) । नेकपाले उक्त सम्झौतालाई भारतीय हस्तक्षेप ठान्यो र सबै देशभक्तहरूलाई सम्झौताको विरोधमा एक ठाउँमा उभिन अपिल गऱ्यो (Gurung, (N.D.) pp. 1-2) । यसले के देखाउँछ भने नेपालमा २००७ सालको परिवर्तनले ल्याएको प्रजातन्त्र बास्तविक प्रजातन्त्र होइन र देशप्रति धोका भएको ठहरका साथ नेकपा तत्कालीन स्थापित नयाँ राजनीतिक सत्ताको विरोधमा थियो । विरोधी तथा विद्रोही आवाज लिएर जनताबिच स्थापित हुन प्रयास गऱ्यो ।

२००८ सालमा नेपालमा रक्षा दलले विद्रोह गरेको थियो । उक्त विद्रोह पनि एक अर्थमा दिल्ली सम्झौता विरोधी थियो । रक्षा दलको विद्रोहको समर्थनमा पर्चा छरेबापत नेकपामाथि तत्कालीन नेपाली काङ्ग्रेस नेतृत्वको सरकारले प्रतिबन्ध लगायो (दीर्घबहादुर, २६ श्रावण २०४०, पृ. ३-५) । लगभग पाँच वर्ष प्रतिबन्धित अवस्थामा रह्यो । यस बिचमा जनवर्गीय सङ्गठनहरूमार्फत किसान आन्दोलन उठाउने प्रयास गऱ्यो । किसानमाथि जमिन्दारहरूले गरेको शोषणका विरूद्ध किसानहरूलाई सङ्गठित गर्न थाल्यो । भारतसँग भएको कोशी सम्झौताको विरोधमा जनतालाई सचेत गराउने प्रयास गऱ्यो । राजा रजौटाको विरोध गर्दै आन्दोलन उठाउने, भारतीय सेना तथा पुलिसको विभिन्न बहानामा हुने नेपाल प्रवेशका विरूद्ध आन्दोलन उठाउने काम नेकपाले गरेको थियो (Pokhrel, 2007) । यी आन्दोलनहरू जनतामा समाजवादी विचारको विकास गराउने काममा उत्प्रेरक साबित भएका थिए ।

२०१३ सालमा टङ्कप्रसाद आचार्य प्रधानमन्त्री भएको समयमा नेकपामाथिको प्रतिबन्ध फुकुवा भयो । नेकपा २०१५ सालको आम निर्वाचनमा सहभागी भयो । चुनावी प्रचार प्रसारमा समाजवादी अवधारणाबाट आफू निर्देशित भएको छ भन्ने कुरा जनतामाझ पुऱ्याउन हरसम्भव प्रयास गरेको थियो । २०१६ सालमा विश्वेश्वरप्रसाद कोइराला नेतृत्वको सरकारले भारतबाट डाल्डा घिउ आयात गर्ने निर्णय गऱ्यो । त्यस निर्णयका विरोधमा नेकपाले आन्दोलन नै चलायो । त्यसमा स्पष्ट धारणा के राखिएको थियो भने डाल्डा घिउको आयातले एकातिर जनताको स्वास्थ्यमा प्रतिकूल असर पार्दछ भने अर्कातिर डाल्डा घिउले नेपालमा स्थापित मौलिक घिउको व्यापारलाई कमजोर पार्दछ । राष्ट्रिय उत्पादनलाई घाटा पार्ने भएकाले डाल्डा घिउ आयातमा रोक लगाउनुपर्छ भन्ने आवाज नेकपाले उठाएको थियो । स्वदेशी मुद्रा विदेश पठाउने कुराको विरोध गरिनुपर्छ (नेकपा, १० आश्विन २०१६, पृ. ३) । नेकपाले उठाएको उक्त आवाज राष्ट्रिय पुँजीको संरक्षणका लागि थियो भने उक्त आवाज समाजवादी विचारले ओतप्रोत थियो ।

२००७ सालको अन्त्यतिर विश्व समाजवादी आन्दोलनमा विभाजन आयो । सोभियत सङ्घले 'शान्तिपूर्ण संक्रमण' का तीन सिद्धान्त, 'शान्तिपूर्ण सिद्धान्त, संक्रमण र सहअस्तित्व' अघि सारेपछि अर्को समाजवादी देशले चीनले त्यस सिद्धान्तको विरोध गऱ्यो । यसको प्रभाव विश्वव्यापी रूपमा फैलियो । यसले दक्षिण एसियाका कम्युनिस्ट पार्टीहरूमा विभाजन ल्यायो (Sen Gupta, 1972, pp. 72-94) । नेपालमा पनि त्यसको प्रभाव पऱ्यो । चीन समर्थक कम्युनिस्ट समूहहरूले क्रान्तिकारी नाराहरू जनतामाझ दिन थाले । मोहनविक्रम सिंहहरू जेलबाट नै "गद्दार पुष्पलाल" पुस्तक लेख्दै संस्थापक नेता पुष्पलालभन्दा क्रान्तिकारी देखिने चेष्टा गर्न थाले र त्यसका लागि पुष्पलालभन्दा फरक देखिन 'देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको सरकारको कार्यक्रम' अघि सारे (नेकपा (चौम), २०३१, पृ. ६४) । मोहनविक्रमहरूको नारालाई जनताले क्रान्तिकारी ठानी । फलस्वरूप जनताको समर्थन बढ्न थाल्यो । संस्थापक नेता पुष्पलालले नेतृत्व गरेको समूहभन्दा मोहनविक्रम समूह देशव्यापी रूपमा ठूलो समूह देखियो (पोखरेल, २०६९, पृ. ५०) । त्यसबेला झापामा अर्को विद्रोह सुरु भयो २०२७-३० मा । उक्त विद्रोहपछि ३२ साल जेठ २५ गते अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन केन्द्रको गठन भयो जसलाई सङ्क्षेपमा कोके भन्ने गरिन्थ्यो । उसले मोहनविक्रमको नेतृत्वको समूहलाई पनि गद्दार भन्न थाले (Pokhrel, 2004, p. 438, AP. 3)। क्रान्तिकारी आवरणमा नै छोटो समयमा नेकपा (माले) २०३५ सालमा गठन भयो । २०३७ सालको जनमत सङ्ग्रहपछि केही अर्थमा राजनीतिमा देखिएको खुकुलो वातावरणमा राजनीतिक मापनमा मोहनविक्रमहरूले नेतृत्व गरेको चौथो महाधिवेशन समूहभन्दा माले समूह ठूलो र शक्तिशाली देखियो । यो क्रान्तिकारी आवरणका दौडमा संसदीय व्यवस्थाको पुनः स्थापना भएपछि २०५२ सालदेखि माओवदीले सुरु गरेको सशस्त्र युद्धको परिणामस्वरूप २०६४ सालमा संविधानसभाको निर्वाचनमा माओवादी देशकै सबैभन्दा ठूलो राजनीतिक शक्तिका रूपमा देखिन पुगेको थियो । यस्तो हुनुलाई नेपालका कम्युनिस्ट आन्दोलनका अध्येताहरू क्रान्तिकारी आवरणमा जनताको छिटो परिवर्तन चाहने अपेक्षाले समाजवादी क्रान्तिप्रतिको जनविश्वास भएको बताउँछन् (पोखरेल, २०६९, पृ. १७२) जसलाई अन्यथा मान्न सकिँदैन ।

२०३०-४० सालको दशकमा नेपालको कम्युनिस्ट आन्दोलनभित्र काफी वैचारिक बहस भएको पाइन्छ । खासगरी चौथो महाधिवेशन समूह र सी. पी. मैनाली नेतृत्वको तत्कालीन मालेबिच बहसको प्रतिस्पर्धा नै थियो । त्यसबेला पार्टी नेतृत्व पनि आदर्शवादी र जनताप्रति जवाफदेही देखिएका प्रभावहरू पनि पाइन्छन् । आफ्ना कार्यकर्ताहरूलाई निर्देशित गर्दै पार्टी नेतृत्वले अरू राजनीतिभन्दा कम्युनिस्ट राजनीति अनुकरणीय बन्नुपर्ने, जनताले अरूभन्दा फरक हुन भनेर बुझ्नुपर्ने गरी काम गर्न, जनताका बिचमा भद्रतापूर्वक राजनीति राख्नुपर्ने, आफूभन्दा मातहतका कार्यकर्तालाई सक्रिय बनाई राख्ने र काममा खटाउने, वैचारिक अध्ययन, समाजको

गति र व्यावहारिक पक्षका बिचमा समन्वयात्मक धारमा देखाउने, प्रतिकृयावादी विरूद्धको सङ्घर्षको धारणालाई प्रस्ट पार्दै लैजाने र सङ्घर्षमा लागिरहने, आन्तरिक सङ्घर्ष र विरोधीसँगको सङ्घर्ष फरक हुन् भन्ने कुरा जनताका बिचमा स्थापित गर्ने, आलोचना गर्दा गलत सिद्धान्त र गलत व्यवहारको प्रस्ट आलोचना गर्ने र कुनै कुरा पनि राम्रोसँगले जाँच पडताल नगरी नबोल्ने, नगर्ने जस्ता कुराहरूको निर्देशन दिइएको पाइन्छ (Pokhrel, 2004, pp 528–532. AP-18)।

पार्टी नेतृत्व र कार्यकर्ताका बिचको निरन्तर संवाद र सहकार्य, पार्टी कार्यकर्ता र जनताबिचको सौहार्द्रतापूर्वकको सम्बन्ध, "रौद्रभू धीर भै खप्छु हजारौं क्रूर तर्जन, विनम्र गोरु झैं सेवा गर्दछु जनताकन" भन्ने चीनियाँ लेखक लु सुनको विचारसँग मिल्ने व्यवहार नेपाली कम्युनिस्टहरूले निर्दलीय पञ्चायती व्यवस्थाको अवधिभर देखाए । त्यसैले पार्टी नेतृत्वदेखि कार्यकर्तासम्मको विचार सैद्धान्तिक अध्ययन र व्यवहारबिचको सम्बन्धले नेपाली जनतामा समाजवादी विचारको अग्रदूतका रूपमा कम्युनिस्टहरू विस्तारै स्थापित हुँदै गएका थिए । नेपालमा समाजवादी विचारको विकासमा कम्युनिस्ट नेता तथा कार्यकर्ताहरूको लगाव, त्याग र समर्पण पनि समाजवादी विकासका लागि महत्त्वपूर्ण कारण बन्न गयो ।

२०४६ सालको आन्दोलनपछि संसदीय व्यवस्था लागू भएपछि नेपालको कम्युनिस्ट राजनीतिमा विकृति मौलाउन थालेको पाइन्छ । नेपाली कम्युनिस्ट कार्यकर्तामा निराशा र गन्तव्यहीनता देखिने थालेको छ (पोखरेल, २०६९, पृ. १४२) । २०५१ सालको संसदीय मध्यावधि निर्वाचनमा नेकपा एमाले सबैभन्दा ठूलो दलका रूपमा उदाएर ९ महिने सरकारसमेत सञ्चालन गऱ्यो । उक्त सरकार अपदस्थ भएपछि उक्त पार्टीभित्र देखिएको विकृतिलाई नेपालका राजनीतिक क्षेत्रका मात्र होइन, उक्त पार्टीसँग स्थापनाकालदेखि नै नजिकको सम्बन्ध राख्दै आएको भारतीय कम्युनिस्ट पार्टी (माले, लिवरेसन) का तत्कालीन महासविच विनोद मिश्रले यसरी लेखेका छन् -

> जे होस् एमाले सरकारको पतन चाँडै भयो । तर सरकारमा रहिरहने नाममा पार्टीले कतिपय गर्न नहुने काम पनि गर्न थाल्यो । एमाले सरकार, जुन समाजमा क्रान्तिकारी सुधार गर्ने माध्यम हुनु पर्दथ्यो, क्रमशः मन्त्री बन्ने होडबाजी, विलासीपूर्ण जीवनयापन गर्ने प्रवृत्ति र अनिवार्य भ्रष्टाचारको माध्यम बन्दै गयो । यहाँसम्मको नेपाल जस्तो गरिब मुलुकका नेताहरू पचास लाख मूल्य पर्ने महँगा विदेशी गाडीमा घुम्न थाले, जसले गर्दा उनीहरू जनतामाझ क्रमशः अलोकप्रिय बन्दै गए । धेरै सङ्ख्यामा जनविरोधी र स्वार्थी व्यक्तिलाई पार्टीमा प्रवेश गराउन थालियो र यिनीहरूले क्रमशः पार्टीको र सरकारको विभिन्न तहमा कब्जा जमाउँदै जान थाले । पार्टीको वैचारिक स्थिति त पहिल्यै कमजोर भइसकेको थियो । फलस्वरूप समय पाउन्जेल एमालेभित्र आएको भडकाउ र विचलनलाई

> सुधार्न सकेन । एउटै पार्टीभित्र एकभन्दा बढी गुटहरू बन्न थाले । व्यक्तित्वको लडाइँ बढ्न थाल्यो । व्यक्तिगत मनमुटाव पनि पार्टीको आन्तरिक विवाद बन्न थाल्यो । विवादहरू स्तरहीन हुँदै गए । आखिर पानीको फोको त एकदिन फुट्नु नै थियो, त्यो फुट्ने काम एमालेको छैटौँ महाधिवेशनमा भयो (मिश्र, १-१५ मई १९९८, पृ. ५-६) ।

विनोद मिश्रको माथिको भनाइ आफैँमा प्रस्ट छ । संसदीय राजनीतिमा प्रवेश गरेपछि नेकपा (एमाले) मा आएको विकृतिबारे उनले प्रस्ट उल्लेख गरेका छन् । त्यस्तै गरी जनयुद्धको विसर्जनपछि नेकपा (माओवादी केन्द्र) संसदीय राजनीतिमा प्रवेश गऱ्यो र माथि उल्लिखित विकृतिबाट मुक्त छैन र हुन सकेन भन्ने धेरै माओवादी नेता एवम् कार्यकर्ता (मोहन वैद्य लगायत) हरूले धेरै सार्वजनिक ठाउँहरूमा भनिसकेका छन् । नेपालको कम्युनिस्ट आन्दोनलका एक नेता प्रकाश ज्वालाले नेपालका कम्युनिस्ट पार्टीहरूमा बाह्य शक्तिको प्रभावका कारण एकता हुन नसकेको बताउँदै भारतलगायतका देशहरूका नेताहरूको इसारामा काम गर्ने भनी लेखेका छन् ( ज्वाला, १४ माघ २०५८) । उक्त भनाइलाई पनि अस्वीकार गर्ने आधार पाइँदैन । संसदीय व्यवस्थाभित्र काम गर्दा कम्युनिस्टहरू नै सत्ताका लागि जनताको विश्वास र सम्बन्ध छोडेर सांसद् खरिद बिक्रीमा लागेको, सांसद्हरूलाई विदेश पठाउने, सुरासुन्दरी काण्ड जस्तो घृणित कार्यमा लाग्ने, प्राडो, पजेरो संस्कारमा लागेको जस्तो असामाजिक कार्यमा लागेको भनी (पोखरेल, २०६९, पृ. १३९) लेखिनुले समाजवादी विचारको विनाशतिरको पाइला मान्न सकिन्छ । यसरी संसदीय व्यवस्थाको प्रयोगले समाजवादी विचारलाई विनाशतिर लैजाने औजारका रूपमा प्रयोग हुँदै आएको देखिन्छ र संसदीय व्यवस्थाको स्थापना नेपालका सन्दर्भमा समाजवादी विचारको प्रवाह र विकासमा सकारात्मक बाटो बन्न गएको देखिँदैन ।

**निष्कर्ष :**

नेपाल कम्युनिस्ट पार्टीले स्थापनाकालदेखि नयाँ जनवादी राजनीतिक कार्यक्रमलाई अख्तियार गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीको स्थापना, नेपाल कम्युनिस्ट पार्टीले प्रकाशित गरेको पहिलो पर्चा, पहिलो घोषणापत्र, नेपाल कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय सम्मेलन, पहिलो महाधिवेशनबाट नयाँ जनवादलाई राजनीतिक कार्यक्रम बनाएको नेपाल कम्युनिस्ट पार्टीले तेस्रो राष्ट्रिय सम्मेलनबाट नीतिगत रूपमै औपचारिक ढङ्गले आफ्नो राजनीतिक कार्यक्रम नयाँ जनवादलाई तय गरेको थियो । यसपछि निरन्तर रूपमा विभाजित र विभक्त नेपाल कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादी राजनीतिक कार्यक्रमलाई नै अनुसरण गरेका थिए । पुष्पलालदेखि मदन भण्डारी हुँदै पुष्पकमल दाहाल 'प्रचण्ड' सम्म आइपुग्दा नयाँ जनवादी राजनीतिक कार्यक्रमले उच्चतम रूप लिएको थियो । नेकपा (एमाले) ले पनि नयाँ जनवाद हुँदै जनताको बहुदलीय

जनवादी कार्यक्रम अनुसरण, अवलम्बन र अङ्गीकार गरी नयाँ जनवादलाई साधन र समाजवादलाई साध्यका रूपमा लिएको थियो । जनताको बहुदलीय जनवादी कार्यक्रम पनि नयाँ जनवादको एउटा प्रारूप नै थियो । यसै गरी अर्को कम्युनिस्ट पार्टी नेकपा (माओवादी केद्र) ले पनि नयाँ जनवाद हुँदै प्रचण्डपथवाद, एक्काइसौँ शताब्दीको जनवाद र पुँजीवादी जनवादी कार्यक्रम अनुसरण, अंगिकार र अवलम्बन गरी नयाँ जनवादी क्रान्तिलाई साधन र समाजवाद तथा साम्यावादलाई साध्यका रूपमा लिएको थियो । यो कार्यक्रम पनि नयाँ जनवादकै एक प्रारूप थियो । यसरी अध्ययन गर्दा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादी राजनीतिक कार्यक्रमले नै गरेको थियो ।

विश्व समाजवादी आन्दोलन र राजनीतिमा परेको प्रभावसँगै नेपाल कम्युनिस्ट पार्टीको गठन भएको थियो । नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव भएपछि नेपाल कम्युनिस्ट पार्टीले आफ्नो राजनीतिक तथा साङ्गठनिक गतिविधि गर्न थाल्यो । वैचारिक धारका रूपमा नयाँ जनवादी कार्यक्रम तय गर्न पुगेको थियो । नयाँ जनवादी कार्यक्रम भनेको एक प्रकारको क्रान्तिको कार्यक्रम थियो र उक्त कार्यक्रम तय गरी नेपाल कम्युनिस्ट पार्टीले समाजवादको स्थापनाको लक्ष्य लिई विभिन्न राजनीतिक गतिविधि गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीको स्थापना कालदेखि नै नेपाली समाजको विश्लेषण गरी नेपाली क्रान्तिलाई दुई चरणमा विभक्त गरेको थियो । पहिलो जनवादी क्रान्ति सपन्न गरी जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने र दोस्रो समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गर्ने र साम्यवादको यात्रातिर अघि बढ्ने थियो । यसरी नेपाली क्रान्तिलाई दुई चरणमा बाँडी पहिला जनवादी क्रान्ति गर्न नयाँ जनवादी क्रान्ति तय गरेको थियो । नयाँ जनवादी कार्यक्रम अघि सार्नु नै मूलतः समाजवादको स्थापना गर्ने कार्यक्रमिक लक्ष्य भएका कारण समाजवाद स्थापनाका लागि नयाँ जनवादी कार्यक्रम अघि सार्नु नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादी कार्यक्रले नै गरेको देखिन्छ ।

नेपाली राज्यसत्ताको चरित्र, स्वरूप र वर्गसङ्घर्षको सिद्धान्तअनुसार राजनीतिक सङ्घर्ष, दमन र प्रतिरोध जस्ता राजनीतिक गतिविधिले पनि नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विकासको विकास गराएको देखिन्छ । सङ्गठन विस्तार, जनशक्ति उत्पादन, जनताको समर्थन प्राप्त गर्ने कार्यनीतिक योजनामा समाजवादको व्याख्या, विश्लेषण र विचारका विषयमा नेपालको कम्युनिस्ट पार्टी (पार्टीहरू) ले व्यापक रूपमा चर्चा गरेको पाइन्छ । नेपालमा क्रान्तिको कार्यक्रम, सामाजिक मुक्ति, आर्थिक समानता, सबै खाले शोषण र उत्पीडन विरोधी विचार अभिव्यक्तिका कारण नेपालमा कम्युनिस्ट राजनीति बलशाली बन्दै गयो र समाजवादी विचारको विकास नेपाली समाजमा निरन्तर रहन गयो । नेपालमा संसदीय व्यवस्थाको स्थापनापश्चात् नेकपा (एमाले) नयाँ

जनवादी क्रान्ति र कार्यक्रमको गन्तव्य छाडी जनताको बहुदलीय जनवादको व्याख्या, विश्लेषण गर्दै संसदीय व्यवस्थाभित्रको राजनीतिमा क्रियाशील हुन गयो भने अर्को घटक नेकपा (माओवादी केन्द्र) 'जनयुद्ध' का बलले सत्ता कब्जा गर्ने रणनीति सफल हुन नसकेपछि एक्काइसौँ शताब्दीको जनवाद र पछि गएर पुँजीवादी जनवादको व्याख्या गर्दै संसदीय राजनीतिमा प्रवेश गरेको छ । दुवै कम्युनिस्ट पार्टीहरू आफ्ना दस्तावेजमा र निर्वाचन घोषणापत्रहरूमा 'समाजवाद' शब्द भने छाडेका छैनन् र उल्लेख्य मत पनि हासिल गरिरहेका छन् । यसले जनताको मनमस्तिष्कमा समाजवादी विचारको गहिरो छाप परेको देखिन्छ तर कम्युनिस्ट पार्टीहरूको वैचारिक अडान, व्यवहार र संस्कृति समाजवाद उन्मुख नहुँदा पछिल्ला दिनमा समाजवादी विचारको विकास अन्योलमा पर्न गएको छ ।

# अध्याय छ

# नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव

## ६.१ पृष्ठभूमि

कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले १९०५ सालमा कम्युनिस्ट पार्टीको घोषणापत्र लेखी वैज्ञानिक समाजवादी विचारको प्रवर्तन गरेपछि यस विचारले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो । यही समाजवादी विचारको प्रभावमा परी लेलिनले १९७४ सालमा समाजवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी शासन व्यवस्थाको स्थापना गरेका थिए भने चीनमा माओले १९०६ सालमा जनवादी क्रान्ति सम्पन्न गरी जनवादी जनगणतन्त्र चीनको स्थापना गरेका थिए । यी दुवै क्रान्तिको प्रभाव नेपाली राजनीतिमा परेको थियो । प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्धमा भाग लिन गएका नेपाली गोर्खाली सेनाले यी क्रान्तिका खबर नेपालका कुनाकाप्चामा पुऱ्याएपछि नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव भएको थियो (Pokhrel, 2007, pp 10)। अन्य कारणमध्ये यो पनि एउटा कारण थियो । नेपाली राजनीतिमा उदय भएको निरङ्कुश राणाशासनको अन्त्यका निम्ति नेपाली जनता जागरूक भएका थिए ।

यससँगै राणाशासनको कडा प्रतिबन्धका बाबजुद पनि भारतबाट आउने समाजवादी साहित्यका पुस्तकका कारणले पनि नेपाली जनतामा समाजवादी विचारको गम्भीर प्रभाव परेको थियो । यी पुस्तकहरूको अध्ययनले नेपाली जनतालाई विश्व राजनीतिमा आएका परिवर्तन, रूस र चीनका क्रान्ति र यसपछि त्यहाँ स्थापित समाजवादी शासन व्यवस्थाका बारेमा जानकारी हुने हुँदा नेपालमा पनि क्रान्ति गरी राजनीतिक सत्ता र व्यवस्था बदल्न सकिने रहेछ भन्ने ज्ञानको विकास भएपछि नेपाली जनताहरू पनि निरङ्कुश राणाशासनका विरूद्ध आन्दोलित र सङ्गठित हुन थालेका थिए । यी पुस्तकहरूमार्फत नेपाली समाजलाई समाजवादी विचारले प्रभावित तुल्यायो र नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव गराएको थियो भने यसले नेपाली समाजको पिढी दरपिढीलाई गम्भीर रूपमा प्रभावित मात्रै तुल्याएन अपितु सङ्गठित समेत बनाएको थियो (पुष्पलाल, २०५३, पृ. ६-८) । प्रथम र द्वितीय विश्व युद्धपछि तथा रूसको समाजवादी क्रान्ति र चीनको जनवादी क्रान्तिपछि संसारभरि नै राष्ट्रिय मुक्तिको सङ्घर्ष व्यापक चलेको थियो । उपनिवेशवाद तथा साम्राज्यवादको विरोधी विचारको संसारभरि विस्तार हुन गएको थियो । मुक्तिकामी युद्धले विश्व राजनीतिलाई नै समाजवादी विचारको प्रभावले जर्बजस्ती लपेटेको थियो भने समाजवादी विचारलाई स्वीकार्न बाध्य पारेको थियो। यस समयमा संसारका धेरैजसो मुलुकमा पुँजीवादी जनवादी व्यवस्था तथा नयाँ जनवादी सत्ता स्थापना भइसकेका थिए । रूसमा

समाजवादी सत्ता स्थापित भइसकेको थियो भने चीन, भियतनाम, कोरिया जस्ता मुलुकमा जनवादी सत्ता स्थापित भएका थिए। बाँकी धेरै जसो मुलुकमा कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवादी विचारको प्रभावमा परी राष्ट्रिय मुक्ति सङ्घर्षको आन्दोलन तथा नयाँ जनवादी क्रान्ति चलिरहेको थियो। नेपालमा पनि निरङ्कुश राणाशासनक विरूद्ध चलिरहेको आन्दोलन तथा सङ्घर्षका बिचमा २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो (रंजन, २०१०, पृ. ११)। विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावले नेपालमा पनि कम्युनिस्ट पार्टीको स्थापना भएको थियो। नेपाली राजनीतिमा समाजवादी विचारको प्रभाव परेकै कारण नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो भने समाजवादी विचारको प्रभावस्वरूप नै नेपाल कम्युनिस्ट पार्टीले नेपालमा समाजवादको स्थापना हेतु समाजवादी आन्दोलन सञ्चालन गरेको थियो।

१९७४ सालको रूसको अक्टोबर समाजवादी क्रान्ति र २००६ सालको चीनको नयाँ जनवादी क्रान्तिको प्रभावस्वरूप नेपालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो (पुष्पलाल, २०५३, पृ. ५९-६०)। तत्कालीन भारतको स्वतन्त्रता सङ्ग्रामको प्रभावमा परी २००३ साल माघ १२-१३ गते स्थापना भएको नेपाली राष्ट्रिय काङ्ग्रेस र २००५ साल साउन १ गते स्थापना भएको नेपाल प्रजातन्त्र काङ्ग्रेस मिली २००६ साल चैत २७ गते नेपाली काङ्ग्रेसको स्थापना भएको थियो (अधिकारी, २०७५, पृ. ३२-३५)। नेपाली काङ्ग्रेस पार्टीको सक्रिय पहलमा २००७ सालको राजनैतिक परिवर्तन सम्पन्न भएको थियो। यस राजनैतिक आन्दोलनमा नेपाल कम्युनिस्ट पार्टीसँग सम्बद्ध कार्यकर्ताहरूले पार्टीसँग नजोडिईकन नै व्यक्तिगत रूपमा सहभागिता जनाएका थिए। यस राजनैतिक परिवर्तनले नेपालमा राणाशासनको अन्त्य गरेको थियो। यस परिवर्तनमा भारतीय स्वतन्त्रता सङ्ग्रामको पनि प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव परेको थियो (अधिकारी, २०७५, पृ. २९)। दोस्रो विश्व युद्धपछि रूसमा समाजवादी शासन व्यवस्था बलियो बन्दै गएपछि विश्वमा समाजवादी आन्दोलन बलियो भएको हुनाले त्यसको परिणामस्वरूप नेपाली राजनीतिमा पनि समाजवादी विचारको प्रभाव परेको थियो (गौतम, २०७७, पृ. २१८) भन्ने विद्वान्हरूको भनाइमा विमति जनाउने ठाउँ रहेन।

२००७ सालको राजनीतिक परिवर्तनपछि २०१० साल भदौ १७ गते काठमाडौँ नगरपालिकाको निर्वाचन भएको थियो। नेपाल कम्युनिस्ट पार्टी प्रतिबन्धित भएको हुँदा यस निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी स्वतन्त्रको हैसियतले निर्वाचनमा सहभागी भएको थियो। यस निर्वाचनमा कुल ५६ हजार मतदाता थिए भने १८ पदका लागि पाँच राजनीतिक दल र स्वतन्त्रसहित ७३ जना उम्मेदवार निर्वाचनमा उठेका थिए। यस निर्वाचनमा कुल मतदातामध्ये ५३ प्रतिशत मतदाताले मतदान गरेका थिए। ७३ उम्मेदवारमध्ये काठमाडौँ नगरपालिकाको १८

पदमा अधिकांश स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए (निर्वाचन आयोग, २०७३, पृ. १५५-१५८)। यस निर्वाचनमा १८ सिटमध्ये ६ सिटमा नेपाल कम्युनिस्ट पार्टी समर्थकहरू निर्वाचित भएका थिए (Pokhrel, 2007, pp 17)। यस निर्वाचनको मतपरिणाम हेर्ने हो र अधिकांश स्वतन्त्र नामबाट कम्युनिस्ट पार्टी समर्थक उम्मेदवार निर्वाचित भएको आधारलाई लिने हो नेपाली समाजमा उदय हुनासाथ नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव परेको देखिन्छ ।

२०१५ साल फागुन ७ गतेबाट प्रारम्भ भई वि. सिं. २०१५ साल चैत २८ गते करिब ४५ दिन लगाएर नेपालकै इतिहासमा पहिलो पटक प्रतिनिधि सभाको निर्वाचन भएको थियो । यस आमनिर्वाचनमा कुल मतदाता ४२,४६,४६८ थिए भने ४२.१८५ प्रतिशत मतदाताहरूले मतदान गरेका थिए । यस निर्वाचनको अन्तिम मत परिणाम २०१६ साल बैशाख २८ गते घोषणा गरिएको थियो । यस मत परिणामअनुसार नेपाली काङ्ग्रेसले कुल १०९ निर्वाचन क्षेत्रमध्ये ७४ स्थानमा विजय हासिल गरी नेपालकै राजनीतिक इतिहासमा पहिलो पटक वीपी कोइरालाको नेतृत्वमा जननिर्वाचित सरकारको गठन गरेको थियो (निर्वाचन आयोग, २०७३, पृ. २७९-२८८)। यस निर्वाचनमा कम्युनिस्ट पार्टीले पनि भाग लिएको थियो । नेपाली काङ्ग्रेसले पनि समाजवादको नारा दिएको थियो र सरकार गठन गरेपछि बिर्ता उन्मूलन गरेकाले त्यसमा समाजवादको केही अंश पाइन्छ । यस आमनिर्वाचनमा नेपाल कम्युनिस्ट पार्टीले देशैभरि कुल १०९ निर्वाचन क्षेत्रमध्ये जम्मा ४ स्थानमा (४ सिट) मात्रै विजय हासिल गरेको थियो (Pokhrel, 2007, pp 23)। यस निर्वाचनको मतपरिणाम हेर्दा काठमाडौँ नगरपालिकाको निर्वाचनमा आएको मतभन्दा कम त थियो नै देशैभरिका मतदाता पनि कम थिए। त्यसबेला नेपाल कम्युनिस्ट पार्टीले यस आमनिर्वाचनमा ४ स्थान (४ सीट) मा विजय हासिल गर्नु नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको एक अंश थियो । यस निर्वाचनपछि गठित नेपाली काङ्ग्रेसको वीपी कोइराला नेतृत्वको सरकार धेरै लामो समय टिकेन ।

२०१७ साल पुक्स १ गते राजा महेन्द्रले आफू प्रत्यक्ष शासन गर्नका निम्ति देशमा सङ्कटकालको घोषणा गरी सरकार र संसद् दुबैको विघटन गरी संसदीय व्यवस्था नै खारेज गरिदिएका थिए । उनले संसदीय शासन व्यवस्थाको अन्त्य गरी राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाउँदै निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरेका थिए (निर्वाचन आयोग, २०७३, पृ. २८९)। भण्डारी (२०४६) का अनुसार राजा महेन्द्रले लागू गरेको भुमिसुधार कार्यक्रमलाई लिएर कतिपय व्यक्तिहरूको बुझाइ र पञ्चायती व्यवस्था नै समाजवादी व्यवस्था हो भन्ने थियो । राजा महेन्द्र चीनका माओको प्रभावमा परी माओले स्थापना गरे जस्तो व्यवस्था नेपालमा स्थापना गरेको पञ्चायती व्यवस्था नै समाजवादी व्यवस्था हो भनी किटानका साथ भनेका थिए र

पञ्चायती व्यवस्थामा समाजवादी विचारको प्रभाव थियो भन्ने गरेका थिए । राजा महेन्द्रले पनि समाजवादी विचारको प्रभावमा परी पञ्चायती व्यवस्थाको स्थापना गरेका हुनाले पञ्चायती व्यवस्थामा समाजवादी विचारको प्रभाव थियो भन्ने तर्क गर्दै करिब २००७/०८ सालको दशकमा चीनमा माओको उदय र इन्डोनेसियामा सुकार्नोको उदयको प्रभाव राजा महेन्द्रमा परेको थियो भनेर पनि भन्ने गरियो । यस्तै भन्ने तत्कालीन पञ्चायती व्यवस्थाका हिमायतीहरूको तर्क थियो  तर पञ्चहरूको उक्त कुराको खण्डन गर्दै भण्डारी (२०४६) फेरि लेख्छन् कि राजा महेन्द्रले राज्यसत्ताका सम्पूर्ण शक्ति र मुलुकको सार्वभौम सत्ता आफ्नो हातमा लिई निरङ्कुश शासन व्यवस्था स्थापना गर्न खोजेका थिए । फलस्वरूप राजा महेन्द्रमा माओ र सुकार्नोको समाजवादी विचारको प्रभाव नपरी निर्दलीय शासन व्यवस्थाको प्रभाव परी नेपालमा पनि निर्दलीय शासन व्यवस्थाका रूपमा पञ्चायती व्यवस्थाको स्थापना गर्न पुगेका थिए । फेरि पनि उनले स्थापना गरेको पञ्चायती व्यवस्था चाहिँ परम्परागत राजतन्त्रात्मक व्यवस्थाभन्दा फरक चाहिँ थियो नै । उनले पञ्चायती व्यवस्थाको स्थापना गरेपछि न्याय व्यवस्था, भूमि सुधार व्यवस्था, राजा-रजौटा खारेजीको व्यवस्था, गाउँफर्क राष्ट्रिय अभियान भूमि सुधार कार्यक्रममा 'जसको जोत उसैको पोत' को सिद्धान्त निर्माण गरी मोहियानी हकको व्यवस्थापन जस्ता कार्यक्रम वस्तुतः परम्परागत राजतन्त्रतात्मक व्यवस्थाका भन्दा परिवर्तनकारी कार्यक्रम थिए (भण्डारी, २०४६, पृ. ५९२-५९३) । राजा महेन्द्रले पञ्चायती व्यवस्थामा ल्याएका यी कार्यक्रमहरू परम्परागत राजतन्त्रतात्मक व्यवस्थाका कार्यक्रमहरूभन्दा परिवर्तनकामी कार्यक्रमहरू थिए तर उनको भूमि सुधार कार्यक्रम सुधारवादी कार्यक्रम भए पनि जसको जोत उसको पोत भन्ने लागू गरिएको थिएन । यतिका भरमा पञ्चायती व्यवस्थामा पनि समाजवादी विचारको प्रभावको सानो अंश कतै देखिए पनि उक्त कदम समाजवादी थियो भनेर कदापि भन्न सकिँदैन ।

२०१७ साल पौष १ गते राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरेपछि यसका विरूद्ध नेपाली काङ्ग्रेसले बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनाका निम्ति सशस्त्र विद्रोह गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीको झापा जिल्ला समितिले पनि केन्द्रीय कार्यालयसँग सम्पर्क टुटाउँदै झापा विद्रोहको सिर्जना गर्न पुगेको थियो । चीनमा माओले चलाएको सांस्कृतिक क्रान्तिका प्रभावमा परी भारतमा कम्युनिस्ट नेता चारू मजुमदारले नक्सलबारी आन्दोलन चलाएका थिए । यसै नक्सालबारी आन्दोलनका प्रभावमा परी २०२८ सालमा झापा विद्रोहको सुरुवात भएको थियो । माओको नयाँ जनवादी क्रान्तिको अवधारणा समातेर चारू मजुमदारले नक्सालबारी आन्दोलन चलाएका थिए । चारू मजुमदारको लाइन समातेर नेपालमा झापा विद्रोह भएको थियो (पोखरेल, २०६९, पृ. ८)। माओले चीनमा चलाएका सांस्कृतिक क्रान्ति र भारतमा चारू मजुमदारले चलाएका नक्सालबारी आन्दोलनको प्रभावमा परी झापा विद्रोह भएको हुँदा त्यस विद्रोहमा पनि समाजवादी विचारको प्रभाव परेको देखिन्छ ।

२०३६/३६ सालको आन्दोलन राजनीतिक दलहरू प्रतिबन्धित भएको हुँदा राजनीतिक दलसँग निकट रहेका विद्यार्थी सङ्गठनहरूले संयुक्त रूपमा गरेका थिए। यस आन्दोलनमा कम्युनिस्ट पार्टी समर्थित र काङ्ग्रेस पार्टी समर्थित विद्यार्थीहरूले संयुक्त रूपमा नेतृत्व गरी आन्दोलन गरेका थिए (कार्की, २०६९, पृ. ५)। २०३५ साल चैत २४ गते पाकिस्तानको सैनिक शासक जियाउल हकको प्रशासनले प्रजातन्त्रवादी नेता जुल्फिकर अली भुट्टोको हत्या गरेपछि यस हत्याको विरोधमा शान्तिपूर्ण जुलुस निकालेका विद्यार्थीहरूमा प्रहरीले दमन गरेपछि यस आन्दोलनले विशाल रूप लिन पुगेको थियो (गौतम, २०७६, पृ. ११८)। यस आन्दोलनले देशव्यापी रूप लिएको थियो भने उपत्यकाभित्र भयावह अवस्थाको सिर्जना हुन पुगेको थियो। प्रहरी दमन र हस्तक्षेपका विरूद्ध विद्यार्थीहरूले लगातार आन्दोलन, हड्ताल गर्दै अघि बढेपछि २०३६ साल जेठ १० गते तत्कालीन राजा वीरेन्द्रले जनमत सङ्ग्रह गर्ने घोषणा गरेपछि मात्रै त्यो आन्दोलन स्थगित भएको थियो (गौतम, २०७६, पृ. ११८-१३४)। २०३७ साल बैशाख २० गते भएको नेपालको पहिलो ऐतिहासिक जनमत सङ्ग्रहमा कुल मतदाता ७१,९२,४५१ मध्ये ४८,१३,४८६ अर्थात् ६६.९२५ प्रतिशत मत खसेको थियो जसमा सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा कुल २४,३३,४५२ अर्थात् ५४.७९५ प्रतिशत र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका पक्षमा कुल २०,०७,९७५ अर्थात् ४५.२१५ प्रतिशत मत खसेको थियो। यस ऐतिहासिक पहिलो जनमत सङ्ग्रहमा कुल २४,३३,४५२ मत ल्याई सुधारिएको पञ्चायती व्यवस्था विजयी भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. २६९-२७५)। यस ऐतिहासिक पहिलो जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्था विजयी भए पनि यस आन्दोलनमा कम्युनिस्ट पार्टीका विद्यार्थी समूहहरू संलग्न भई जनमत सङ्ग्रह समेत गराउन सफल भएको हुँदा नेपालमा कम्युनिस्ट राजनीतिको बढ्दो प्रभाव देखिएको थियो।

राजा महेन्द्रले स्थापना गरेका पञ्चायती व्यवस्था तीस वर्ष मात्र टिक्यो। २०४६ सालको जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरिदिएको थियो। राजनीतिक परिवर्तनसँगै नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएको थियो। नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएपछि नेपाली राजनीतिमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने भनी क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको क्रान्तिकारी बाटो समातेका कम्युनिस्ट पार्टी पनि संसदीय राजनीतिक धारमा प्रवेश गरे। संसदीय राजनीतिमा समावेश भए। नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले आफ्नो नेतृत्वमा पटकपटक सरकार गठन गरी नेपालमा सत्ता सञ्चालन गरेका थिए। यिनै दुई कम्युनिस्ट पार्टीले आफ्नो नेतृत्वमा गठन गरेका सरकारमा समाजवादी विचारको प्रभाव र विषयमा छलफल गर्न सान्दर्भिक हुनेछ।

## ६.२ २०४६ सालको राजनीतिक परिवर्तनमा नेपालका कम्युनिस्टहरू

२०४६ सालको संयुक्त जनआन्दोनलमा नेपालका कम्युनिस्ट पार्टीहरू र नेपाली काङ्ग्रेस सहभागी थिए । २०४६ सालको जनआन्दोलन २०४६ साल फागुन ७ गतेदेखि संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसको संयुक्त नेतृत्वमा सुरु भएको थियो .(लामा, २०६८, पृ. २२७) । संयुक्त जनआन्दोलन नेपाली समाजवादी आन्दोलनको महत्त्वपूर्ण राजनीतिक घटना थियो । नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली काङ्ग्रेससँग मिलेर आन्दोलन गरी प्रजातन्त्रको स्थापना गर्ने भन्ने विषयमा नेपालका कम्युनिस्टहरू विभाजित थिए । उनीहरूको यस विषयमा विभिन्न फरक मत थियो तर २०४६ सालको संयुक्त जनआन्दोलनमा नेपाली काङ्ग्रेससँग सहकार्य गरी नेपालमा पहिलो पटक बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई पुनर्स्थापना गरेको हुँदा नेपालको समाजवादी आन्दोलनमा यो राजनीतिक घटना महत्वपूर्ण थियो (Pokhrel, 2007, pp 178) । 'संयुक्त वाममोर्चाले नेपाली काङ्ग्रेससँग मिलेर पञ्चायत फाल्ने र बहुदल ल्याउने नारा दिएको थियो' (लामा, २०६८, पृ. २३६) । यस नारासँग असहमति जनाउँदै मोहनविक्रम सिंहलगायत अरू वाम घटकले छुट्टै मोर्चा 'संयुक्त राष्ट्रिय जनआन्दोलन' को गठन गरेका थिए (लामा, २०६८, पृ. २३६) । संयुक्त वाममोर्चा नेकपा (मार्क्सवादी), नेकपा (माले), नेकपा (चौम), नेकपा (मानन्धर समूह), नेकपा (वर्मा समूह), नेकपा (अमात्य समूह) र नेमकिपा (विजुक्छे समूह) सहभागी थिए (संयुक्त वाममोर्चा, २०४६, पृ. ३) । यस्तै संयुक्त राष्ट्रिय जनआन्दोलन नामको वाम घटकमा नेकपा (मसाल), नेकपा (मशाल), सर्वहारा श्रमिक सङ्गठन, नेकपा (मालेमा), नेकपा (श्रेष्ठ समूह) र अन्य स्वतन्त्र वामपन्थी व्यक्तिहरू सामेल थिए (सापकोटा, २०७५, पृ. ६२-६३) । यस संयुक्त जनआन्दोलन २०४६ साल फागुन ७ गतेदेखि सुरु भएर २०४६ साल चैत २६ गते तत्कालीन राजा वीरेन्द्रले विज्ञप्ति निकाली दलहरूमाथि लागेको प्रतिबन्ध फुकुवा गरेका थिए । राजाको उक्त घोषणासँगै निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय व्यवस्थाको स्थापना भएको थियो । यस संयुक्त जनआन्दोलनमा संयुक्त वाममोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलन जस्ता वाम घटकहरू संसदीय व्यवस्था स्थापनाको आन्दोलनमा लागेका भए पनि उनीहरूले आफ्नो वैचारिक अडान समाजवादी भएको भनिरहेका थिए ।

यस संयुक्त जनआन्दोलनमा संलग्न र सहभागी भएका संयुक्त वाममोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलन जस्ता वाम घटकहरू लामो समयसम्म अस्तित्व रहन सकेनन् । यी दुबै वाम घटक विघटन हुन पुगे र आआफ्नो अस्तित्व रक्षाका निम्ति विभिन्न कम्युनिस्ट पार्टीमा छिन्नभिन्न भए भने केही कम्युनिस्ट पार्टीहरू मिली नयाँ कम्युनिस्ट पार्टीको निर्माण गर्न पुगेका थिए । संयुक्त वाममोर्चा विघटन भएपछि नेकपा (एमाले) पार्टीको निर्माण भएको थियो । यस पार्टीले बिस्तारै संसदीय राजनीतिको बाटो समाती समाजवाद स्थापनाका निम्ति क्रान्तिकारी सङ्घर्षको बाटो छाडी शान्तिपूर्ण संसदीय राजनीतिको बाटो समात्यो भने संयुक्त राष्ट्रिय जनआन्दोलन नामको वाम घटक पनि विघटन हुन पुगी पछि गएरु नेकपा (माओवादी) पार्टीको निर्माण भई समाजवाद

स्थापनाका निम्ति दीर्घकालीन जनयुद्धको सुरुवात भएको थियो । नेपाली समाजवादी आन्दोलनमा समाजवाद स्थापनाका निम्ति नेपालका कम्युनिस्ट पार्टीहरूले आआफ्नै तरिकाको साधन, मार्ग र प्रक्रिया अपनाएका थिए । २०४६ सालको संयुक्त जनआन्दोलनपछि निर्माण भएका नेकपा (एमाले) र पछिल्ला दिनमा गएर नेकपा (माओवादी) पार्टीले क्रान्तिकारी सङ्घर्षको बाटो त्यागी शान्तिपूर्ण संसदीय राजनीतिको बाटो समाते अनि नेपालमा भएका विभिन्न आम निर्वाचनमा सहभागी भए । निर्वाचनको परिणामस्वरूप केही कम्युनिस्ट पार्टीहरू सत्ताको नेतृत्व गर्न पनि पुगे । सत्तामा जानुभन्दा पहिला निर्वाचनमा जाँदा जारी गरिएको घोषणापत्र र निर्वाचनपछि सरकारमा रहँदा राज्यका लागि अघि सारिएको वार्षिक नीति तथा कार्यक्रम अघि सारिएका छन् । तिनै घोषणापत्र, जनतामा गरिएका प्रतिबद्धता र नीति तथा कार्यक्रमलाई आधार मानेर ती राजनीतिक शक्तिहरूभित्र रहेको समाजवादी विचार एवम् कार्यदिशाको प्रभावलाई यहाँ मूल्याङ्कन गर्न वाञ्छनीय देखिएको छ ।

### ६.२.१ २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार

२०४८ सालमा निर्वाचित गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले २०५१ सालमा मध्यावधि निर्वाचनको घोषणा गऱ्यो । ६-७ जनवरी, १९९१ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) को केन्द्रीय समितिको संयुक्त बैठकले नेकपा (एमाले) को गठन गरेको थियो (Pokhrel, 2007, pp 218) । नेकपा (माले) र नेकपा (मार्क्सवादी) का बिच एकीकरण भई नेकपा (एमाले) पार्टीको निर्माण भएपछि पार्टीले मार्क्सवाद-लेनिनवादको प्रस्थापनाहरूमा निष्ठाका साथ लाग्दै वैज्ञानिक समाजवादका पक्षमा दृढतापूर्वक उभिने तथा साम्राज्यवादी एवम् सामन्तवादी शोषणको अन्त्य गर्दै निरङ्कुश एकदलीय सामन्तवादी शासन व्यवस्थाको अन्त्य गरी जनताको बहुदलीय जनवादी गणतन्त्रको स्थापना गर्ने नीति लिएको थियो (नेकपा (एमाले), २०४९, पृ. ३५-३६) । यस पार्टीले वैज्ञानिक समाजवादको पक्षमा दृढतापूर्वक उभिने नीति लिएको हुँदा यस पार्टीको गठनमा पनि समाजवादी विचारको प्रभाव देखिन्छ ।

संसदीय पुनर्स्थापना भएपछि २०४८ साल वैशख २९ गते संसदीय आमनिर्वाचन भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ३२५) । यस आम निर्वाचनका लागि नेकपा (एमाले) ले चुनावी घोषणापत्र २०४८ जारी गरेको थियो । यस घोषणापत्रमा आफ्नो पार्टीको लक्ष्यलाई स्पष्ट पार्दै यसो भनेको थियो-

> 'मजदुर, किसान, महिला, विद्यार्थी, वुद्धिजीवी, राष्ट्रिय पुँजीपति-व्यापारी, कर्मचारी र सम्पूर्ण वर्ग तहका श्रमजीवी प्रजातान्त्रिक एवम् देशभक्त जनताहरूको हकहितको रक्षा गर्दछ । यसले मार्क्सवाद लेनिनवादको मार्गदर्शनमा माओत्सेतुङ्ग, होचि मिन्ह, किम इल सुङ्ग जस्ता अन्तर्राष्ट्रिय स्तरका सर्वहारावादी नेताहरू तथा विभिन्न मुलुकका राष्ट्रिय एवम् सामाजिक मुक्ति आन्दोलनहरू र सर्वहारा समाजवादी आन्दोलनका सकारात्मक

अनुभवहरूबाट शिक्षा लिँदै आफ्नो देशमा स्वतन्त्र रूपमा क्रान्ति तथा निर्माण गरेर वैज्ञानिक समाजवाद एवम् साम्यवादको स्थापना गर्ने उच्चतम लक्ष्य लिएको छ' (नेकपा (एमाले), २०४८, पृ. ३) ।

उक्त कथनलाई हेर्दा त्यसबेलासम्म उक्त पार्टीमा समाजवादी विचारको प्रभाव रहिरहेको पाइन्छ । साथै वर्गीय अवधारणामा नेपाली समाजमा रहेको वर्गका पक्षमा तथा देशभक्तिको भावना पनि रहेको देखिनाले वैज्ञानिक समाजवादबाट पार्टी निर्देशित रहेको देखिन्छ । नेकपा (एमाले) ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको शिक्षा, उपलब्धिको ज्ञान र मार्क्सवाद, लेनिनवादको मार्गदर्शन र माओत्सेतुङ्ग, होचि मिन्ह र किम इल सुङ्ग जस्ता क्रान्तिकारी नेताका सर्वहारावादी आन्दोलनका अनुभवबाट सिक्दै देशमा क्रान्ति गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्मको यात्रा तय गर्ने उच्चतम लक्ष्य स्पष्ट रूपमा लिनुले यस चुनावी घोषणापत्रमा पनि समाजवादी विचारको प्रभाव प्रस्ट देखिन्छ । आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्न सडक र सदन दुवै बाटो समाती सङ्घर्ष जारी राख्ने सङ्कल्प गर्दै यसो भनेको थियो -

'हाम्रो पार्टीले सडक-सदन दुवै क्षेत्रबाट प्राप्त प्रजातन्त्रलाई सुदृढ बनाउने र आमूल सामाजिक परिवर्तन गर्ने सङ्घर्षलाई लगातार जारी राख्ने सङ्कल्प गरेको छ। राष्ट्रिय स्वतन्त्रता र जनवादको प्राप्ति पार्टीको अपरिवर्तनीय लक्ष्य हो। त्यसका निम्ति वर्ग सङ्घर्षलाई मुख्य कडीका रूपमा समातेर, प्रजातान्त्रिक पद्धति र शान्तिपूर्ण एवम् रचनात्मक तरिकाबाट देशलाई प्रगतिशील र समृद्ध बनाउने काममा पार्टी लागिरहनेछ' (नेकपा (एमाले), २०४८, पृ. ५-६) ।

पार्टीले संसदीय राजनीतिको बाटो समातेपछि जनवाद प्राप्तिको लक्ष्य नै एमाले पार्टीको अपरिवर्तनीय लक्ष्य हो र यसका निम्ति सडक र सदन दुवै साधनको प्रयोग गर्ने नीति अख्तियार गरेको छ भनी प्रस्ट पारेको थियो । समाजवाद प्राप्तिको बाटो हिंसात्मक सङ्घर्ष नभएर शान्तिपूर्ण सङ्घर्ष रहने, संसदीय व्यवस्थाको सुदृढीकरण गर्दै वर्ग सङ्घर्षका बाटामा अघि बढ्ने भन्ने उल्लेख गरिएकाले पुरानो हिंसात्मक उपायबाट मात्र समाजवादमा पुग्न सकिन्छ भन्ने सोचमा परिवर्तन गरी शान्तिपूर्ण र रचनात्मक तरिका अपनाउने भन्ने उल्लेख गरेकाले समाजवाद प्राप्तिका बाटामा परिवर्तन आएको मान्नुपर्दछ। संसदीय व्यवस्थाभित्र संसदीय अभ्यासमार्फत वर्गसङ्घर्षलाई कसरी अगाडि बढाउने भन्ने कुरामा भने उक्त घोषणापत्रमा उल्लेख गरिएको पाइँदैन । आमनिर्वाचनपछिको परिणाम जस्तो आए पनि स्वीकार्ने भन्दै वचनबद्धता पनि प्रकट गरेको थियो- 'प्रजातान्त्रिक स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट पार्टीले जुन स्थान हासिल गर्छ त्यसैबाट प्रजातन्त्रको सुदृढीकरण र आमूल परिवर्तनको सङ्घर्षलाई गति दिन यो पार्टी वचनबद्ध छ' (नेकपा (एमाले), २०४८, पृ. ६) । आमनिर्वाचनपछिको मत परिणामलाई स्वीकार्दै सङ्घर्षलाई

निरन्तरता दिने भनी पार्टील प्रस्ट पारेको थियो । यस घोषणापत्रमा पार्टीले आफ्नो राजनीतिक प्रतिबद्धतामा 'बहुदलीय प्रजातन्त्रको रक्षा गर्ने, संविधानद्वारा निर्देशित लोक कल्याणकारी राज्यको निर्माण गर्ने, प्रगतिशील नागरिक अधिकारको रक्षा गर्ने, संविधानमा रहेको जनताको सार्वभौम सत्तामा आँच पुऱ्याउन सक्ने प्रावधानहरूलाई संशोधन गर्ने, जनजाति, उत्पीडित जाति र महिलाहरूका निम्ति राष्ट्रिय सभामा अनिवार्य प्रतिनिधित्व गराउने, देशको सरकारलाई कुनै वंशको नाम नदिई नेपाल सरकार भनिने गरी संशोधन गर्ने' भनिएको थियो (नेकपा (एमाले), २०४८, पृ. ६-७) । घोषणापत्रमा आर्थिक प्रतिबद्धतामा 'आर्थिक क्षेत्र जनता र राष्ट्रको जीवनको आधार भएको हुँदा यस क्षेत्रमा हुने असमानता, उत्पीडन, शोषण, भ्रष्टाचार र अस्तव्यवस्तताले राजनीतिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा असर पार्दछ । त्यसैले सामन्ती, साम्राज्यवादी शोषण उत्पीडन समाप्त पार्न तथा वर्तमान अवस्थाको आर्थिक आधारमा आमूल परिवर्तन ल्याउन आवश्यक ठानी विभिन्न किसिमको नीति अगाडि ल्याएको थियो (नेकपा (एमाले), २०४८, पृ. ७) । जसमा योजना र विकासको सम्बन्धमा यस्तो भनिएको थियो-

> 'निरङ्कुशतन्त्रले तीस वर्षभन्दा बढी समयदेखि योजनाबद्ध विकासको कुरा गरे पनि न त वैज्ञानिक योजना प्रणाली छ न त्यसबाट देशको सामाजिक विकासमा कुनै योगदान पुगेको छ । यस्तो हचुवा योजना प्रणालीको अन्त्य गरी दीर्घकालीन विकासका निम्ति ठोस दिशाबोध गर्दै वैज्ञानिक योजना प्रणालीद्वारा विकासमा गति ल्याइने छ' (नेकपा (एमाले), २०४८, पृ. ७-८) ।

योजना र विकासका सम्बन्धमा पनि घोषणापत्रमा निर्दलीय पञ्चायती व्यवस्थाले तीस वर्षमा योजनाबद्ध विकासको कुरा गरे पनि वैज्ञानिक योजना प्रणाली नभएको र अब आमनिर्वाचनपछि बन्ने सरकारले वैज्ञानिक योजना प्रणालीको निर्माण गर्दै दीर्घकालीन विकासको योजनालाई अगाडि बढाउने कुरा अगाडि सारिएको थियो । घोषणामा गाउँको विकास गर्ने सम्बन्धमा भनिएको थियो- 'गाउँको गरिबी र त्यसलाई कायम राख्ने शोषणका माध्यमहरूको उन्मूलन गर्ने र गाउँले क्षेत्रमा रोजगारीका औसरहरूको विस्तार गर्ने । उत्पादकत्व बढाउने र ग्रामीण सम्पदामा ससाना उत्पादकहरूको पहुँच बढाउने नीति लिइने छ' (नेकपा (एमाले), २०४८, पृ. ८) । घोषणापत्रमा गाउँको गरिबी कायम राख्ने शोषणका विविध माध्यमको उन्मूलन गर्ने तथा गाउँघरमा रोजगारी सिर्जना गर्ने नीति अगाडि सारिएको थियो । घोषणापत्रमा कृषि क्षेत्रको नीतिका सम्बन्धमा यसो भनिएको थियो-

> 'कृषि देशको अर्थतन्त्रको मेरूदण्ड हो । तर यो सामन्ती शोषण र त्यसद्वारा उत्पन्न विकृतिले ग्रस्त छ । यस्तो हुनुको आधारभूत कारण सामन्ती भूस्वामित्व हो । त्यस "सामन्ती भूस्वामीत्वको अन्त्य गरौं र योजनाबद्ध रूपमा कृषि अर्थतन्त्रको जनवादी ढङ्गले

पुनर्गठन गरौं" भन्ने नारा कृषि क्षेत्रको हाम्रो मूल नारा हो । जोत्ने किसानलाई जमिनको मालिक बनाउने प्रक्रियाबाट यसको कार्यान्वयन गरिनेछ' (नेकपा (एमाले), २०४८, पृ. ११) ।

घोषणापत्रमा सामन्ती भूस्वामित्वको अन्त्य गर्दै नेपालको कृषि अर्थतन्त्रलाई जनवादी तरिकाले पुनर्गठन गर्ने र जमिन जोत्नेको हुने तथा जोत्नेलाई नै जमिनको मालिक बनाउने नीति अघि सारेको विचारलाई हेर्दा उक्त पार्टीमा समाजवादी विचारको प्रभाव रहेको देखिन्छ । घोषणापत्रमा सुकुम्बासी समस्याका बारेमा सारिएको नीतिमा यस्तो भनिएको थियो-

> 'सुकुम्वासी समस्या देशको एउटा ज्वलन्त समस्या हो । यसलाई वन आधारित भएर पञ्चायती शैलीमा हल गर्न सकिन्न । जमिन्दारले उपभोग गरिरहेको ऐलानी जमिन, वनका निम्ति अनुपयोगी जमिन र पर्ती बाँझो जमिनको तथ्य सङ्कलन गरी तथा उपयुक्त र व्यवस्थित प्रक्रियाबाट वास्तविक सुकुम्वासी प्रमाणित गरी तिनीहरूलाई उक्त जमिन वितरण गर्ने । आवासको व्यवस्था गरेर वैकल्पिक रोजगारीको व्यवस्था गर्ने तरिकाद्वारा सुकुम्वासी समस्या हल गरिने छ' (नेकपा (एमाले), २०४८, पृ. ११) ।

घोषणापत्रमा सुकुम्वासी समाधान र उनीहरूलाई आवासको व्यवस्था, रोजगारीको व्यवस्था र जमिन वितरण गर्ने जस्ता कार्यक्रम प्रस्तुत गर्नु पनि समाजवादी विचारको प्रभाव नै हो. । घोषणापत्रमा कमैया प्रथा, दास प्रथा र रजौटा प्रथा उन्मूलनका बारेमा पनि यस्तो कुरा भनिएको थियो-

> 'पश्चिम नेपालमा कायम रहेको कमैया प्रथा एक प्रकारको दास प्रथा हो । कमैया र किसानबिचको एकताका आधारमा सामन्ती शोषणका यस्ता कुप्रथालाई समाप्त पारिनेछ । कमैयालाई जमिन्दारको सौखीबाट मुक्त गर्ने र कमैयाहरूलाई आवास र रोजगारीको व्यवस्था गरिनेछ । मुस्ताङ तथा बझाङ क्षेत्रमा अहिलेसम्म पनि कायम रहेको रजौटा प्रथा समाप्त पारिनेछ र त्यहाँका राजाहरूले जनतामाथि गरिरहेको अत्याचारको उन्मूलन गरिनेछ' (नेकपा (एमाले), २०४८, पृ. ११-१२) ।

घोषणापत्रमा नेपालमा रहेको कमैया, दास र रजौटा प्रथा जस्ता सामन्तवादका अवशेषहरूलाई अन्त्य गर्ने कार्यक्रम प्रस्तुत गर्नु समाजवादी विचारको प्रभाव नै हो । घोषणापत्रमा अझ अघि बढेर यसो भनिएको थियो- 'जमिनमा वास्तविक रूपमा खनजोत गरिरहेका किसानहरूको मोही हक कायम गर्ने र जोताहाको हितलाई ग्यारेन्टी गर्दै जमिनमाथिको द्वैध स्वामित्व समाप्त पारिनेछ' (नेकपा (एमाले), २०४८, पृ. १२) । घोषणापत्रमा खनजोत गरिरहेका किसानहरूको नै जमिनमाथि हक लाग्ने हुने हुँदा मोही हक कायम गर्दै खनजोत गर्ने किसानलाई नै जमिनमाथिको

स्वामित्व कायम गराई जमिनका मालिक र मोहीयानीबिचको द्वैध स्वामित्वको अन्त्य गर्ने नीति अघि सार्नु समाजवादी विचारको प्रभाव नै हो। घोषणापत्रमा भनिएको थियो- 'अनुपस्थित जमिन्दारको अन्त्य गर्ने, भूमिमाथिको हदबन्दी घटाउने र भूमिको न्यायोचित वितरण गर्ने तथा मूल रूपमा एक व्यक्ति एक पेसाको जीवन प्रणालीलाई प्रोत्साहित गरिनेछ' (नेकपा (एमाले), २०४८, पृ. १२। माथि उल्लिखित विचार भूमिसम्बन्धी रहेकाले उक्त विचारलाई हेर्दा समाजवादी चरण प्रवेश गर्नुभन्दा पहिले जनवादी क्रान्तिका कार्यक्रमसँग सम्बन्धित रहेको देखिन्छ। जनवादी क्रान्तिका चरणहरू पनि समाजवादकै लक्ष्यमा आधारित भएकाले उक्त घोषणापत्र समाजवादी विचारको प्रभावबाट नै आएको मान्न सकिन्छ।

घोषणापत्रमा धार्मिक संस्थाका सम्पत्तिहरूका बारेमा यस्तो भनिएको थियो- 'विर्ता, गुठी, जमिन जोताहाका नाममा दर्ता गर्ने। मठ, मन्दिर, मस्जिद जस्ता धार्मिक संस्थाको आवश्यक खर्च सरकारले व्यवस्था गर्ने र धार्मिक संस्थाहरूको सम्पत्तिलाई दुरूपयोग हुन नदिई सार्वजनिक सेवामा प्रयोग गरिनेछ' (नेकपा (एमाले), २०४८, पृ. १२)। घोषणापत्रमा विर्ता, गुठी र जमिन जोताहा किसानकै नाममा दर्ता गरिदिने र मठमन्दिर र मस्जिद जस्ता धार्मिक संस्थालाई आवश्यक पर्ने खर्च सरकारले बजेटमार्फत उपलब्ध गराई धार्मिक संस्थाका सम्पूर्ण सम्पत्ति तथा आम्दानीका स्रोतलाई सार्वजनिक सम्पत्तिमा रूपान्तरण गर्ने नीति अघि सार्नु समाजवादी विचारको प्रभाव हो। घोषणापत्रमा 'प्रगतिशील भूमि सुधारको कार्यक्रम तयार पारी कार्यान्वयन गरिनेछ' भनिएको थियो (नेकपा (एमाले), २०४८, पृ. १२) भनी घोषणापत्रमा प्रगतिशील भूमिसुधारको कार्यक्रम प्रस्तुत गर्नु पनि समाजवादी विचारको प्रभाव नै थियो। घोषणापत्रमा उद्योग क्षेत्रको नीति पनि प्रस्तुत गरिएको थियो। उद्योग क्षेत्रको नीतिमा यस्तो भनिएको थियो-

> 'कृषिमाथिको अत्यधिक निर्भरता नघटाई जनतालाई वैकल्पिक रोजगारी दिँदै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न औद्योगिक विकास नगरी आर्थिक रूपमा हाम्रो देश उठ्न सक्दैन। पञ्चायतको गलत औद्योगिक नीतिले परम्परागत घरेलु उद्योगहरू कुण्ठित र नष्ट हुँदै छन्। मझौला उद्योगमा दरवारिया, भाइभारदार र दलाल पुँजीपतिको बोलबाला छ। विदेशी सहयोगद्वारा सरकारी क्षेत्रबाट सञ्चालित उद्योगहरू अव्यवस्था र भ्रष्टाचारले नाजुक भएका छन्। मजदुरहरू उपेक्षित, शोषित र उत्पीडित छन्। संस्थागत तहमा प्रशासनिक उल्झन, जटिलता र कमिशनतन्त्रले राष्ट्रिय पुँजीपति वर्गलाई औद्योगिक विकासमा लाग्न नसक्ने बनाएको छ। त्यसकारण औद्योगिक नीतिमा व्यापक परिवर्तन र सुधारको आवश्यकता छ' (नेकपा (एमाले), २०४८, पृ. १३)।

घोषणापत्रमा औद्योगिक नीति, राष्ट्रिय पुँजीको निर्माण, दलाल पुँजीको अन्त्यको कुरा, राष्ट्रिय उद्योग, कलकारखानाका सवाल उठाउनु तथा त्यसै अनुसारका नीति आवश्यक छ भनी पहिचान गर्न सक्नु समाजवादी विचारको प्रभाव नै हो । घोषणापत्रमा औद्योगिक विकास तथा आत्मनिर्भरताका कुरा, सरकारी, निजी तथा विदेशी लगानीमा उद्योग निर्माणका कुरा, देशको मुनाफा देशमै सङ्ग्रह गरी राष्ट्रिय पुँजीको निर्माण गर्नुपर्छ भन्ने कुरा र श्रमिक वर्गको हकहित संरक्षण र संवर्द्धन गर्ने कुरा उठाउनु समाजवादी विचारको प्रभाव नै हो ।

नेकपा (एमाले) को २०४८ सालको आमनिर्वाचनका लागि जारी गरेको चुनावी घोषणापत्र जे जति कार्यक्रम र नीति प्रस्तुत गरी सार्वजनिक गरियो ती सबै कार्यक्रम वैज्ञानिक समाजवादी कार्यक्रम नभई सुधारवादी प्रजातान्त्रिक तथा पुँजीवादी कार्यक्रम नै थिए । तर पनि यस घोषणापत्रद्वारा प्रस्तुत कार्यक्रममा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ । पार्टीले संसदीय राजनीतिको बाटो समाती निर्वाचनका माध्यमबाट सरकारमा सहमभागी भई लागू गरिने कार्यक्रमहरू भने कार्यान्वयनका संसदीय चरणहरू हुन् । संसदीय व्यवस्थामा पुँजीवादी व्यवस्थाको पक्षधर भए तापनि त्यस व्यवस्थाभित्र बसेर गरिने कामले समाजवादको गन्तव्य निर्धारण गर्ने भएकाले त्यस विषयमा पार्टीले आफ्नो धारणा यसरी अघि सारेको पाइन्छ :

> हाम्रो पार्टी सामन्तवादको उन्मूलन, दलाल नोकर शाही पुँजीवादी शोषणको उन्मूलन र सम्राज्यवादी थिचोमिचोको अन्त्य गरी नयाँ जनवादको स्थापना गर्ने लक्ष्यमा दृढ छ । जनतालाई पूर्ण रोजगारी, गाँस, वास र कपासको व्यवस्था र देशलाई स्वतन्त्र एवम् मुक्त र समृद्ध बनाउने काममा अविचलित भएर लाग्न वचनबद्ध छ । हाम्रो यो घोषणापत्रले अघि सारेको विचार र कार्यक्रमलाई चरणबद्ध योजनाका साथमा पूरा गर्दै अघि बढ्नका निम्ति पार्टीले सदन र सडक दुवै मोर्चाबाट पक्ष वा विपक्ष जुनसुकै हैसियतबाट पनि निरन्तर सङ्घर्ष जारी राख्ने छ । आम जनताले हाम्रो पार्टीप्रति देखाएको सम्मान र समर्थनको केन्द्रीय सङ्गठन समिति उच्च मूल्याङ्कन तथा आदर गर्दछ । आज देश र जनतालाई वर्तमान दुर्दशाबाट माथि उठाउने एक मात्र सही विचार र कार्यक्रम यही हो । यसलाई निर्विघ्नतापूर्वक लागू गर्नका निम्ति हाम्रो पार्टीले आगामी प्रतिनिधि सभामा अत्यधिक बहुमतले जित्नु अपरिहार्य छ' (नेकपा (एमाले), २०४८, पृ. ३१-३२) ।

घोषणापत्रमा पार्टी नयाँ जनवाद स्थापना गर्न दृढ छ । आफ्नो लक्ष्य पूरा गर्न सडक र सदन दुवै मोर्चाबाट सङ्घर्ष गरिरहनेछ भनी प्रस्ट पारेको थियो । घोषणापत्रमा प्रस्तुत गरेका कार्यक्रम सुधारवादी पुँजीवादी कार्यक्रम भए पनि आफ्नो लक्ष्य एवम् उद्देश्य जनवाद स्थापना गरी समाजवाद हुँदै साम्यवादसम्मको यात्रामा कटिवद्ध छ भनी प्रस्ट पारेको थियो जसले गर्दा यस

घोषणापत्रमा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ । २०४८ सालको आमनिर्वाचनमा नेकपा (एमाले) ठूलो पार्टी बन्न सकेको थिएन र बहुमत ल्याउन सकेको थिएन जसले गर्दा उसले सरकार गठन गर्न सकेको थिएन । उसले प्रतिपक्षमा बसी महत्त्वपूर्ण प्रतिपक्षिको भूमिका चाहिँ निर्वाह गरेको थियो (Pokhrel, 2007, pp 255-260)। यस निर्वाचनमा कुल २०५ निर्वाचन क्षेत्रमध्ये नेपाली काङ्ग्रेसले ११० सिटमा विजयी भई बहुमत प्राप्त गरेको थियो भने नेकपा (एमाले) ६९ सिटमा विजयी भई दोस्रो ठूलो राजनीतिक दल बन्न पुगेको थियो । संयुक्त जनमोर्चा नेपाल ९ सिटमा विजयी भएको थियो । नेकपा (प्रजातान्त्रिक) २ सिटमा विजयी भएको थियो भने नेपाल मजदुर किसान पार्टी २ सिटमा विजयी भएको थियो (निर्वाचन आयोग, २०७२, पृ. ६३४६४०) । यस निर्वाचनमा नेपालका कम्युनिस्ट पार्टीहरू ८२ सिटमा विजयी भएका थिए (Pokhlrel, 2007, pp 255)। नेपालका कम्युनिस्ट पार्टीहरूले पाएको मतलाई आधार मान्ने हो भने २०४८ सालको आमनिर्वाचनको परिणामका आधारमा नेपाली राजनीतिमा र कम्युनिस्ट राजनीतिमा जनताका बिचमा पनि समाजवादी विचारको प्रभाव विगतको भन्दा बढ्न थालेको देखिन्छ ।

२०४९ माघ १४-२० मा नेकपा (एमाले) को पाँचौं महाधिवेशन सम्पन्न भएको थियो । नेकपा (माले) हुँदा सम्पन्न भएको चौथो महाधिवेशनले 'संवैधानिक राजतन्त्र स्वीकार गर्दै र बहुदलीय जनवादी प्रणालीको स्थापना गर्ने' नीति पारित गरेको थियो (नेकपा (एमाले), २०४९, पृ. ५२) । यस महाधिवेशनले यही नीतिलाई उन्नत ढङ्गले व्याख्या गर्दै 'जनताको बहुदलीय जनवाद' कार्यक्रमको निर्माण गर्ने विचार अघि सार्‍यो । जनताको बहुदलीय जनवादी कार्यक्रममा यसो भनिएको थियो-

> 'सामन्तवाद, साम्राज्यवादको उन्मूलनपछि कायम गरिने व्यवस्थामा पनि संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धाको प्रणाली, आवधिक आमनिर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष, कानुनअनुसारको शासन, मानव अधिकारको रक्षा, जनवादी व्यवस्थाको सुदृढीकरण, विकास र समाजवादमा सङ्क्रमण गर्ने भौतिक तयारीसम्बन्धी ठोस दृष्टिकोण, वैदेशिक पुँजी र प्रविधिको उपयोगसम्बन्धी दृष्टिकोण जस्ता राजनीतिक, सामाजिक र आर्थिक दृष्टिकोण जस्ता निर्णायक महत्त्वका विषयहरू थपेर पार्टीले अघि सारेको बहुदलीय पद्धतिसहितको जनवादको नीति समाज विकासको ऐतिहासिक चरणअनुरूप मार्क्सवादसम्मत सामयिक र उपयोगी छ भन्ने बुझ्न गाह्रो पर्दैन । त्यसकारण सामन्तवाद र साम्राज्यवादका साथै शोषण एवम् उत्पीडनको अन्त्य गरेर कायम गरिने जनवादी व्यवस्थाको विशेष नामकरण जेसुकै गरे पनि आधारभूत रूपमा कुनै भिन्नता छैन । सबैमा निर्णायक र आधारभूत तत्त्व जनताको

जनवाद हो र हामीले थपेको महत्त्वपूर्ण तत्त्व बहुदलीय प्रतिस्पर्धाको पद्धति हो । जनताको जनवादी व्यवस्थामा बहुदलीय पद्धति भएको जनवादको झन्डालाई  दृढतापूर्वक अझ माथि उठाउनुपर्छ । हामीले आफ्नो कार्यक्रममा थपेको नयाँ विषय विशेष जोड दिएर जानुपर्ने विषय भएकाले हामीले आफ्नो कार्यक्रमको शीर्षकमा बहुदलीयता जोड्नै पर्छ । यसर्थ सारतत्त्व र स्वरूपलाई सटीक रूपमा संयोजन गरेर भन्ने हो भने जनताको बहुदलीय जनवाद भन्नु बढी सार्थक र उपयोगी पनि हुनेछ' (नेकपा (एमाले), २०४९, पृ. ५६) ।

नेपालको कम्युनिस्ट आन्दोलनभित्र यो नयाँ विषय जोडिन गयो । पुंजीवादी शासन प्रणालीका विशेषतासँग जोडेर आउने जनताको बहुदलीय जनवाद मूल रूपमा सामन्तवाद र साम्राज्यवाद विरोधी भनिए पनि परम्परागत मार्क्सवादका आधारभूत विशेषताभन्दा भिन्न र नवमार्क्सवादी अवधारणामा पनि फरक प्रकृति र नयाँ विचारको व्याख्या देखिन आयो । यस विचारका विषयमा वादविवाद र प्रतिवाद भने नभएका होइनन् । तथापि समाजवादको गन्तव्यलाई अस्वीकार गरेको पाइँदैन । नेकपा (एमाले) को पाँचौं महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रम पारित गरी बहुदलीय प्रतिस्पर्धा, संसदीय राजनीति र शक्ति, सत्ता र सरकारका माध्यमबाट नेपालमा जनवाद, समजवादको स्थापना गर्ने बाटो समातेको थियो । यस महाधिवेशनपछि नेकपा (एमाले) संसदीय राजनीतिकै बाटामा लागिरहेको छ । संसदीय राजनीतिको बाटो समाते पनि उसले आफ्नो लक्ष्य र उद्देश्यबाट जनवाद र समाजवादको कार्यक्रम हटाएको छैन । यस महाधिवेशनमा जनताको बहुदलीय जनवादको कार्यक्रम पारित गरेर पार्टीको लक्ष्य र उद्देश्यमा जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादको स्थापना गर्ने र समाजवादी क्रान्ति गरी साम्यवादको यात्रा तय गर्ने लक्ष्य लिएको हुँदा पनि यसमा समाजवादी विचारको प्रभाव देखिन्छ ।

सत्तारुढ नेपाली काङ्ग्रेसले २०४८ सालको आमनिर्वाचनमा बहुमत प्राप्त गरे पनि ५ वर्ष सत्ता सञ्चालन गर्ने अधिकारलाई बचाइराख्न सकेन । परिणामतः प्रतिनिधिसभा विघटन भई देश मध्यावधि निर्वाचनतर्फ धकेलियो । २०५१ साल भदौ ८ गते मध्यावधि निर्वाचन भएको थियो (पण्डित, २०६७, पृ. १७३) । मध्यावधि निर्वाचनका लागि नेकपा (एमाले) ले चुनावी घोषणापत्र जारी गरेको थियो । यस घोषणापत्रमा भनिएको थियो- '२००६ सालदेखि जनताका आन्दोलनको अगुवाइ गर्दै आएको हाम्रो पार्टी जनताबिच सक्रिय र लोकप्रिय छ । सामन्तवाद, दलाल तथा नोकरशाही पुंजीवाद र साम्राज्यवादका आर्थिक-राजनीतिक र साािजक थिचोमिचोका विरूद्ध जनताको बहुदलीय जनवादको कार्यक्रम लिएर हाम्रो पार्टी निरन्तर सङ्घर्षरत छ' (नेकपा (एमाले), २०५१, परिशिष्ट ३) । जनताको बहुदलीय जनवादको कार्यक्रममार्फत सामन्तवाद, दलाल तथा नोकरशाही पुंजीवाद र साम्राज्यवादका सम्पूर्ण थिचोमिचो र अन्याय तथा

शोषणका विरूद्ध निरन्तर सङ्घर्षमा पार्टी रहेको जानकारी गराउनु घोषणापत्रमाा समाजवादी विचारको प्रभाव नै रहेको थियो भनी मान्नुपर्छ। मध्यावधि चुनावका लागि तयार गरिएको नेकपा (एमाले) को मूल नारालाई घोषणापत्रमा यसरी उल्लेख गरिएको थियो-

> 'हाम्रो पार्टी जनताको मत र जनताद्वारा निर्वाचित संसद्लाई बलियो पार्न चाहन्छ। जनताको बढ्दो विश्वास तथा आस्थाका कारण निर्वाचनमा आफ्ना बहुसङ्ख्यक उम्मेदवारहरू विजयी हुने र नेकपा (एमाले) को सरकार बन्ने कुरामा हाम्रो पार्टी विश्वस्त छ। त्यसैले हाम्रो पार्टीले नारा दिएको छ, "आगामी सरकार एमालेको, देशभक्त र प्रजातन्त्रवादीको"। साँचो अर्थमा जनताको सरकार बनाउन सबै खाले प्रतिक्रियावादी शक्तिलाई पराजित गर्नै पर्छ र एमालेको नेतृत्वमा सरकार बनाउनै पर्छ' (नेकपा (एमाले), २०५१, परिशिष्ट ३)।

घोषणापत्रको अघिल्लो अनुच्छेदमा उल्लेख भएको सामन्तवाद र साम्राज्यवाद विरोधी अवधारणाभन्दा "देशभक्त र प्रजातन्त्रवादी" को भन्ने नारा समाजवादी विचारबाट केही पृथक् दिशामा उभिएको देखिन्छ। एउटै घोषणापत्रमा आएकाले नाराकै आधारमा समाजवादी गन्तव्यबाट पार्टी च्यूत हुन गयो भन्न सकिँदैन। तथापि क्रान्तिकारी कदमबाट सुधारवादतर्फ गन्तव्य बनाएको कुरामा शङ्का गर्ने ठाउँ यसले दिएको छ तर पनि पार्टीको लक्ष्य, उद्देश्य र सामन्तवाद तथा साम्राज्यवादी औपनिवेशिक कार्यक्रमको विरोध भइरहेकाले सो पार्टी समाजवादी विचारको प्रभावबाट पृथक् हुन गयो भन्नु उचित हुँदैन। घोषणापत्रमा एमालेले सामन्ती भूस्वामित्वको अन्त्य, कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भरताका मामिलामा बुँदागत रूपमा यसो भनेको छ :

- जमिनमा वास्तविक रूपमा खनजोत गरिरहेका किसानहरूको मोहियानी हक कायम गर्ने र जोताहा किसानको हितलाई ग्यारेन्टी गर्दै जमिनमाथिको दोहोरो हक प्रणाली (द्वैध स्वामित्व) को अन्त्य गरिनेछ।
- राजा-रजौटा, कमैया तथा जमिन्दारी प्रथाको पूर्ण रूपमा उन्मूलन गरिनेछ। विर्ता, गुठी, किपट जग्गालाई जोताहा किसानका नाममा दर्ता गरी रैकरमा परिणत गरिनेछ। धार्मिक तथा सांस्कृतिक संस्थाको आवश्यक खर्च सरकारले व्यवस्थित गर्नेछ। धार्मिक तथा सांस्कृतिक संस्थाको सम्पत्तिलाई दुरूपयोग गर्न दिइने छैन।
- भूस्वामित्वको अधिकतम र न्यूनतम सीमा व्यावहारिक र वैज्ञानिक आधारमा निर्धारण गरिनेछ।

- जोतभोग गरी आएका तर जग्गाधनीपूर्जा नपाएका जोताहा किसानका नाममा जग्गा दर्ता नीति अवलम्बन गरिनेछ ।
- कृषिभूमिको असमान वितरण तथा सामन्ती भूस्वामित्वले उत्पादकत्व, कृषि रोजगार र पर्यावरणसमेतमा नकारात्मक असर पारी धनी झन् धनी र गरिब झन् गरिब हुँदै जाने प्रवृत्तिलाई हटाउन सामाजिक न्यायका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गरिनेछ र यस कार्यक्रमलाई ग्रामीण रोजगार र पर्यावरणसँग एकीकृत गरिनेछ ।
- गैरकानुनी ढङ्गले लुकाइएको जमिनको कुनै मुआब्जा दिइने छैन । त्यस्ता जग्गाहरू भूमिहीन किसानमा वितरण गरिनेछ ।
- वास्तविक सुकुम्बासीहरूको पहिचान गरी तिनीहरूलाई आवास सुविधा उपलब्ध गराउन हदबन्दीभन्दा बढीको जमिन, ऐलानी जमिन, वनका लागि समेत अनुपयुक्त भएको जमिन र पर्ती बाँझो जमिनको उपयोग गरिनेछ । सुकुम्बासीहरूलाई गैरकृषि क्षेत्रमा वैकल्पिक रोजगारीको अवसर प्रदान गर्दै भूउपयोगमाथि पर्ने दबाबलाई घटाइनेछ (नेकपा (एमाले), २०५१, परिशिष्ट ३) ।

माथि उल्लिखित कुराहरूमाथि अध्ययन गर्दा के पाइन्छ भने जमिन खनजोत गर्ने किसानलाई मोहियानी हकको मात्र व्यवस्था गर्ने कुराले नेकपाले स्थापना कालदेखि उठाउँदै आएको “जसको जोत उसैको पोत” भन्ने धारणाबाट एमाले विचलित भएको देखिन्छ । मोहियानी हक कायम गर्नाको परिणाम जमिनमाथिको स्वामित्व जमिनदार र किसान दुवैमा रहने भएकाले द्वैध स्वामित्व अन्त्यको स्पष्ट धारणा आएको मान्न सकिँदैन । यो नेकपाको पूर्ववत् नयाँ जनवादी कार्यक्रमभन्दा फरक देखियो । विर्ता तथा किपट उन्मूलन पहिले नै भइसकेको थियो । जहाँसम्म गुठीको सवाल छ, गुठी सामूहिक सम्बन्धबाट चल्न सक्ने भएकाले यसको चरित्र परिवर्तन गर्नुका सट्टा त्यसलाई रैकरमा परिणत गरी निजी सम्पत्तिमा रूपान्तरण गर्ने कुराले सामन्ती व्यवस्थालाई उन्मूलन नगरी यथास्थितिमा राख्न खोजेको देखिन्छ । यो विचार समाजवादी विचारका विपरीत देखापर्छ । तथापि गैरकानुनी ढङ्गले लुकाइएको जमिन मुआब्जा नदिई खोस्ने र सुकुम्बासीलाई वितरण गर्ने कुरा भने प्रगतिशील छ । यी कुरालाई हेर्दा एमाले भूमिसम्बन्धी नीतिमा समाजवादको बाटोबाट बिस्तारै पछि हट्दै गएको हो भन्ने देखिन्छ ।

घोषणापत्रको प्रभावभन्दा पनि दासढुङ्गा घटनामा परी पार्टी महासचिव मदन भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको दुःखद निधन भएको घटनाका कारण उक्त घटनाबाट मानवीय संवेदना र सहानुभूति बटुलेर २०५१ सालको मध्यावधि चुनावमा नेकपा (एमाले) पहिलो

राजनीतिक दल बन्न पुगेको थियो (पोखरेल, २०६८) । यस निर्वाचनमा नेकपा (एमाले) कुल २०५ निर्वाचन क्षेत्रमध्ये ८८ स्थानमा विजयी भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ६४१-६४६) । अरू कम्युनिस्ट पार्टीहरूमा नेपाल मजदुर किसान पार्टी ४ स्थानमा विजयी भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ६४१-६४६) । यीबाहेकका अरू कम्युनिस्ट पार्टीका उम्मेदवारहरू निर्वाचित हुन सकेका थिएनन् । यस निर्वाचनको मतपरिणाम हेर्दा नेकपा (एमाले) र नेपाल मजदुर किसान पार्टी कुल २०५ निर्वाचन क्षेत्रमध्ये ९२ स्थानमा विजयी भएका हुँदा नेपाली जनतामा समाजवादी विचारको प्रभाव बढ्दै गएको देखिन्छ ।

यस निर्वाचनको मतपरिणामपछि नेकपा (एमाले) संसद्मा सबैभन्दा ठूलो पहिलो राजनीतिक दल भएपछि ठूलो दलका हैसियतले नेपालको राजनीतिक इतिहासमा पहिलो पटक कम्युनिस्ट प्रधानमन्त्रीका रूपमा २०५१ साल मंसिर १३ गते एमाले अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री पदमा नियुक्त भएका थिए (भण्डारी, २०७९, पृ. ५४) । मनमोहन अधिकारी प्रधानमन्त्रीमा नियुक्त भएपछि उनको सिफारिसमा २०५१ साल मंसिर १४ गते मन्त्रिपरिषद्को गठन भएको थियो (रिसाल, पोखरेल, २०७५, पृ. ५६) । नेपाल कम्युनिस्ट पार्टीको गठन भएको लगभग ४५ वर्षपछि नेपालको संसदीय राजनीतिको इतिहासमा पहिलो पटक कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार गठन भयो ।

२०५१ साल पौष ८ गते मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सराकरले नीति तथा कार्यक्रम ल्याएको थियो जुन नीति तथा कार्यक्रम संसद्को आठौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकमा राजा वीरेन्द्रले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४) । यस कार्यक्रममा यसो भनिएको थियो -

> ‘वर्तमान राजनीतिक परिप्रेक्ष्यमा राष्ट्रिय सहमतिका आधारहरूलाई बलियो बनाउँदै मुलुकमा स्थिरता कायम राख्ने तथा सन्तुलित ढङ्गको खुला आर्थिक कार्यक्रमहरूमा जोड दिँदै अशिक्षित, गरिब र निमुखा जनताको जीवनस्तर उठाई समतामूलक समाज निर्माण गर्नेतर्फ मेरो सरकारले प्रभावकारी कमदहरू चाल्दै जानेछ । यस क्रममा यस आर्थिक वर्षको पूर्वार्द्ध समाप्त भइसकेको तथ्यलाई ध्यानमा राखेर मेरो सरकारले यो नीति तथा कार्यक्रम अगाडि सारेको छ’ (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४) ।

मनमोहन अधिकारी नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रममा अशिक्षित, गरिब र निमुखा जनताको जीवनस्तर उठाई समतामूलक समाजको निर्माण गर्ने लक्ष्यका साथ केही समाजवादी विचारका लाक्षणिकता समेटिएका भए पनि मार्क्सवादी सङ्घर्षको सिद्धान्तलाई भने

नजरअन्दाज गरेको पाइन्छ । उक्त कार्यक्रम ल्याए पनि यस लक्ष्यलाई पूरा गर्नका निम्ति सन्तुलित ढङ्गको खुला आर्थिक कार्यक्रमलाई नै आधार बनाइएको थियो जसले गर्दा यसलाई समाजवादी कार्यक्रम भनेर भन्न सकिन्न । यो नीति तथा कार्यक्रम केवल बुर्जुवा पुँजीवादी राजनीतिक विचारअन्तर्गतको सुधारवादी कार्यक्रम नै हो भन्ने आधार देखिन्छ । यसै कार्यक्रमको अर्को बुँदामा यस्तो भनिएको थियो-

> 'मेरो सरकारले विकासको प्रतिफल आम जनतामा प्रत्यक्ष रूपमा पुऱ्याउने उद्देश्यले आर्थिक वृद्धि, रोजगार प्रवर्द्धन, गरिबी निवारण, सन्तुलित विकास जस्ता विभिन्न जनमुखी राहत कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नेछ । यसै सन्दर्भमा चालू आठौँ पञ्चवर्षीय योजनाको मध्यावधि प्रगति मूल्याङ्कन र परिवर्तित राजनीतिक परिप्रेक्ष्यसमेतका आधारमा योजनामा उल्लिखित आर्थिक तथा सामाजिक विकासका नीति, प्राथमिकता र कार्यक्रमहरूलाई आवश्यकताअनुसार संशोधन एवम् परिमार्जन गरिनेछ । राष्ट्रिय विकास अभियानमा निजी क्षेत्रको भूमिकालाई उच्च महत्त्व दिने नीति मेरो सरकारले लिनेछ । मुलुकको सर्वाङ्गीण विकासमा गैरसरकारी संस्थाहरूको भूमिकलाई दृष्टिगत गरी तिनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न ठोस कदम चालिनेछ' (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४) ।

गरिबी निवारण, आर्थिक कृषि र रोजगार प्रवर्द्धन जस्ता समाजवादी विचारका लाक्षणिकता बोकेका केही जनमुखी कार्यक्रम ल्याए पनि राष्ट्रिय विकासमा निजी भूमिकालाई उच्च महत्त्व दिने तथा मुलुकको सर्वाङ्गीण विकासमा गैरसरकारी संस्थाहरूको भूमिकालाई व्यवस्थित गराई सञ्चालन गर्ने जस्ता कार्यक्रम पुँजीवादी कार्यक्रम मानिन्छन् । त्यसले बुर्जुवा प्रणालीका पक्षपोषण गर्दछ । यस्तो पुँजीवादी कार्यक्रमसमेत यस सरकारले ल्याएको हुँदा यस नीति तथा कार्यक्रममा पुँजीवादी राजनीतिक विचारअन्तर्गतको सुधारवादी कार्यक्रम नै भएको मान्न सकिन्छ । समाजवादी विचारको प्रभावबाट विचलित हुन गएको आभास मिल्दछ । यस नीति तथा कार्यक्रमको अर्को बुँदामा यस्तो भनिएको थियो-

> 'मेरो सरकारले कृषकहरूको स्थानीय आवश्यकता, सम्भाव्यता र सहभागितामा कृषि विकास कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्नुका साथै कृषकहरूको सीप र दक्षतामा अभिवृद्धि गराउनेछ । कृषिजन्य उद्योगको विकासमा टेवा पुऱ्याउने वस्तुहरूको उत्पादन, पशुपालन र फलफूल खेतीको विकासमा टेवा पुऱ्याउने वस्तुहरूको उत्पादन, पशुपालन र फलफूल खेतीको विकासमा विशेष जोड दिइनेछ । कृषकहरूको हित संरक्षित हुने गरी उचित मूल्य निर्धारण गर्ने नीतिको अवलम्बन गर्दै बजार प्रणालीको व्यवस्थापनमा सुधार

> ल्याइनेछ। सहकारी अभियानलाई अझै प्रभावकारी बनाई ग्रामीण अर्थतन्त्रको विकासमा सहकारी संस्थालाई उत्पादक तथा उपभोक्तामा हुने गरेको शोषणलाई हटाउने माध्यमका रूपमा विकास गर्दै लगिनेछ। यसका साथै कृषि उत्पादन एवम् विकासको समसामयिक लेखाजोखा गर्ने क्रियालाई सुदृढ गर्न कृषि तथ्याङ्क प्रणालीलाई वैज्ञानिक बनाइनेछ। सिँचाइको विस्तारद्वारा कृषि उत्पादनमा वृद्धि गरी ग्रामीण रोजगारीको विस्तार गरिनेछ। मालपोत घटाई कृषकहरूलाई राहत दिइनेछ' (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)।

यस बुँदामा कृषि र कृषकसम्बन्धी कार्यक्रम तय गरेको देखिन्छ। कृषकको हित, कृषि उत्पादनमा वृद्धिलगायतका कार्यक्रम र कृषि बजारको व्यवस्थापन, मूल्य नीतिको निर्माण तथा ग्रामीण अर्थतन्त्रको विकासका लागि सहकारी संस्थाको विकास गर्दै सहकारीलाई उत्पादन तथा उपभोक्तामा हुने शोषणको अन्त्य गर्ने माध्यम बनाउने कार्यक्रम ल्याएको देखिन्छ। सिँचाइ सेवा बिस्तार गर्ने, कृषि क्षेत्रको उत्पादन बढाई ग्रामीण क्षेत्रमा रोजगारी दिने र कृषकले राज्यलाई तिर्ने मालपोत दर घटाई कृषकलाई राहत दिने जस्ता समाजवादी विचारका लाक्षणिकता बोकेका केही कार्यक्रम ल्याए पनि अन्यत्र उल्लेख गरिएको जस्तो ठाउँठाउँमा समाजवाद विमुख हुन गएको र पुँजीवादतर्फ उन्मुख कार्यक्रमको प्रस्तुतिका कारण यसलाई नयाँ जनवादी या समाजवादी विचारबाट प्रभावित कार्यक्रम भन्न सकिएन। यसै नीति तथा कार्यक्रमको अर्को बुँदामा यसो भनिएको थियो-

> 'सामाजिक न्याय प्राप्तिका क्रममा कृषि क्षेत्रको रोजगारी र उत्पादकत्वमा वृद्धि एवम् भूमिको समुचित उपयोग तथा वितरण र भूमिमाथिको द्वैध नियन्त्रणसम्बन्धी समस्याका सन्दर्भमा मेरो सरकारले उच्चस्तरिय आयोगको गठन गर्नेछ र सो आयोगको प्रतिवेदन समेतलाई विचार गरी भूमिसुधार कार्यक्रमलाई अघि बढाउँदै कमैया र भूमीहीन कृषि मजदुरका समस्याको समाधान गरिनेछ। भू-नापी कार्य भइनसकेका जिल्लाहरूमा अविलम्ब नापी कार्य पूरा गरिनेछ। एकीकृत भू-सूचना प्रणालीद्वारा आधुनिक र अद्यावधिक रूपमा जग्गा-जमिनको अभिलेख राख्ने कार्यलाई विस्तार गरिनुका साथै विकास कार्यक्रमहरूलाई समेत सघाउ पुग्ने किसिमका अद्यावधिक विवरण प्राप्त हुने गरी कित्ता नापीलगायत अन्य नाप-नक्सासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्' (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)।

कमैया र भूमीहीन कृषि मजदुरको समस्या समाधान गर्न, भूमीमाथिको द्वैध स्वामित्वसम्बन्धी समस्याको समाधान गर्न, सामाजिक न्याय स्थापना गर्नका निम्ति कृषि क्षेत्रमा उत्पादकत्व

बढाउन र कृषि तथा भूमीसम्बन्धी विविध समस्याको समाधान गर्न भूमि सुधारको कार्यक्रम ल्याउने र यी यावत् समस्याको समाधान गर्ने जस्ता कुराहरू समाजवादी विचारका अभिलक्षणा हुन्। यिनको प्रयोग सही तरिकाले हुन सक्नुपर्दछ। प्रयोग कसरी गर्ने भन्ने कुरामा नीति तथा कार्यक्रम मौन छ। नीति तथा कार्यक्रमको अर्को बुँदामा यसो भनिएको थियो-

> 'देशका विपन्न वर्ग र क्षेत्रलाई विकासको मूल प्रवाहमा समाहित गराउन "आफ्नो गाउँ आफैं बनाऔं" कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ। यसअन्तर्गत स्थानीय आवश्यकता अनुरूपका केही निश्चित कार्यक्रमहरू स्थानीय निकायहरूको प्रभावकारी परिचालनद्वारा ग्रामीण तहमा सोझै कार्यान्वयन गर्ने परिपाटीको थालनी गरिनेछ। गाउँ नै गाउँले भरिएको नेपालको सर्वाङ्गीण विकासका लागि स्थानीय विकासलाई मेरो सरकारले मेरूदण्डका रूपमा लिनेछ। विकासनिर्माणका कार्यमा स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा वृद्धि गराउन नयाँ सम्भावनाहरूको खोजी गर्दै योजनाहरूको छनोट, कार्यान्वयन र मर्मत-सम्भारमा स्थानीय जनतालाई सहभागी बनाउने प्रक्रियालाई अझ अघि बढाइनेछ। प्रभावकारी हुन नसकेका स्थानीय निकायहरूमा सुधार ल्याउन गम्भीर ध्यान दिइनेछ। उपभोक्ता समितिहरूको गठन र कार्य सञ्चालनमा सुधार ल्याइनेछ। महिला, पिछडिएका जनजाति एवम् समुदायसम्बन्धी कार्यक्रमहरूलाई व्यवस्थित र सुदृढ गरिनेछ। दुर्गम क्षेत्र विकाससम्बन्धी कार्यलाई अझ गतिशील र प्रभावकारी बनाउन मेरो सरकारले विशेष ध्यान पुऱ्याउनेछ। स्थानीय बेरोजगारी कम गर्न श्रममूलक प्रविधि अपनाई ग्रामीण सडक एवम् विकास-पूर्वाधार तयार गर्ने कार्यमा स्थानीय जनतालाई अधिकतम परिचालन गर्ने नीति मेरो सरकारले लिनेछ। स्थानीय विकास प्रशिक्षण कार्यक्रमअन्तर्गत व्यवस्थपकीय सीप बढाउने उद्देश्यले नतिजामूलक तालिम दिने व्यवस्था गरिनेछ' (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)।

घोषणापत्रमा 'आफ्नो गाउँ आफैं बनाऔं' कार्यक्रममार्फत देशका विभिन्न क्षेत्र र वर्गलाई समेटेको थियो। यो लोकप्रिय कार्यक्रमका रूपमा रहेको थियो र लोकप्रियसमेत भएको थियो। मनमोहन नेतृत्वको सरकारको लोकप्रिय कार्यक्रम बनेको यस कार्यक्रमलाई यसपछिका सरकारहरूले पनि कतिपय विषयवस्तुलाई निरन्तरता दिन बाध्य भएका थिए। असाध्यै लोकप्रिय बनेको यो कार्यक्रम समाजवादी विचारको अभिलक्षणा बोकेको कार्यक्रम मानिएको थियो। यस विषयमा तत्कालीन सरकारका स्थानीय विकास मन्त्री सी. पी. मैनाली के भन्छन् भने उक्त कार्यक्रमलाई प्रभावकारी बनाई अघि बढाउन र स्रोत साधनको दुरुपयोग नहोस् भन्नाका खातिर केन्द्रले अनुगमन गर्ने व्यवस्था गरिएको थियो। त्यसो गर्दा पार्टीभित्र कार्यान्वयनका पक्षमा गुटगत अवस्था सिर्जना भयो। पछि अनुगमन गर्ने विषय खारेज गरिएको हुँदा कार्यक्रमको कार्यान्वयन फितलो बन्यो र

उनलाई समेत मन्त्रीबाट हटाइयो (मैनाली, २०७५ साल चैत २०, अन्तर्वार्ता) । मैनालीको माथिको भनाइलाई पूर्णतः असत्य भन्न सकिन्न किनभने उनलाई मन्त्रीबाट हटाएर त्यसको जिम्मेवारी सुभाषचन्द्र नेम्वाङलाई दिइएको थियो। कार्यक्रम ल्याउनु मात्र समाजवाद हुँदैन त्यसको कार्यान्वयन पक्ष पनि सक्रिय हुनुपर्दछ । पछिल्ला दिनमा पनि एमालेले सरकारको नेतृत्व गर्ने मौका पायो । कार्यक्रमलाई प्रभावकारी बनाउन नसक्नु भनेको सरकार समाजवादी धारबाट विस्तारै स्खलित हुन थालेको भन्ने देखिन्छ। उक्त सरकारको वार्षिक नीति तथा कार्यक्रममार्फत देशको मूलधारमा आम जनतालाई समेट्ने प्रयास भने गरिएको थियो। यस कार्यक्रमले स्थानीय विकासको मूल मर्म समेटेको थियो। स्थानीय विकासमार्फत सम्पूर्ण वर्ग, क्षेत्र, लिङ्ग, भूगोल आदिलाई समेट्दै देशको सर्वाङ्गीण विकासमा समेट्ने लक्ष्य र उद्देश्य लिएको थियो। यसलाई हेर्ने हो भने यस कार्यक्रमलाई समाजवादी कार्यक्रमका रूपमा लिन पनि सकिन्न तर समाजवाद र पुँजीवादको परस्पर समायोजन गर्दै आउँदा जनतालाई भुक्याउन ल्याइएको कार्यक्रम त होइन ? शङ्का गर्ने आधार तयार पारेकाले यसलाई सुधारवादतर्फ उन्मुख मात्र मान्न सकिन्छ। यसै कार्यक्रमको अर्को बुँदामा यसो भनिएको थियो-

> 'मेरो सरकारले देशका बढीभन्दा बढी जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यअनुरूप आधारभूत प्राथमिक सेवा र चिकित्सा सुविधाहरू ग्रामीण तहसम्म पुऱ्याउँदै लैजाने संस्थागत व्यवस्थाको विकासमा जोड दिनेछ। सस्तो र सुलभ ढङ्गबाट अत्यावश्यक औषधिहरूको आपूर्ति, जनसङ्ख्या नियन्त्रण एवम् खोप र पोषण कार्यक्रमलाई व्यापक गराई मातृ तथा शिशु मृत्युदरमा नियन्त्रण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनुका साथै जिल्लास्तर र सोअन्तर्गतका स्वास्थ्य संस्थाहरूको सुदृढीकरण तथा ठूला अस्पतालहरूको कार्यप्रणाली, सुविधा र दक्षतामा सुधार तथा वृद्धि गरिनेछ। प्राथमिक स्वास्थ्य केन्द्र र उपस्वास्थ्य चौकीसम्बन्धी कार्यक्रमलाई व्यवस्थित गरिनेछ' (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४) ।

घोषणापत्रमा स्वास्थ्यक्षेत्रमा पनि आम जनताको पहुँच पुऱ्याउन तथा आम जनतालाई स्वास्थ्यसेवा सुविधा सहज रूपमा उपलब्ध गराउन यस नीति तथा कार्यक्रममा केही समाजवादी विचारका अभिलक्षण बोकेका केही स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू पनि तय गरेको थियो तर यी कार्यक्रम समाजवादी कार्यक्रम नभई सुधारवादी कार्यक्रम नै थिए। आम जनतालाई स्वास्थ्य सुविधा उपलब्ध गराउन मनमोहन नेतृत्वको सरकारले स्वास्थ्यसम्बन्धी कार्यक्रम आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकताका साथ राखेको देखिन्छ तर आमूल परिवर्तनको लक्ष्य आकृष्ट नगरेकाले उक्त कार्यक्रमलाई समाजवादी कार्यक्रमभन्दा पनि सुधारवादी कार्यक्रम हो भन्न सकिन्छ।

मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा, शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा, कृषि, उत्पादन, वितरण र भूमिका क्षेत्रमा, उद्योग, कलकारखाना र राष्ट्रको सर्वाङ्गीण विकासका क्षेत्रमा, विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, भूगोल र आदिवासी जनजातिलाई विकासको मूलधारमा समेट्ने प्रसङ्गमा र देशको विदेशनीति, कूटनीति र भौगोलिक सीमाका क्षेत्रमा विविध खाले कार्यक्रम तय गरेको देखिन्छ (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)। यी कार्यक्रमहरूमध्ये केही कार्यक्रम लोकप्रिय भए पनि यी सबै कार्यक्रम समाजवादी कार्यक्रम नभई केही समाजवादी विचारका अभिलक्षण बोकेका पुँजीवादी राजनीतिक विचारअन्तर्गतका केही सुधारवादी पुँजीवादी कार्यक्रम नै थिए जसले गर्दा यी कार्यक्रमलाई समाजवादी कार्यक्रम भन्न मिल्दैन। नेकपा (एमाले) ले मध्यावधि निर्वाचनका लागि जारी गरेको चुनावी घोषणापत्रमा समाजवादी विचारको प्रभाव रहे पनि निर्वाचनपछि मनमोहन अधिकारी नेतृत्वमा गठित सरकारले ल्याएको नीति तथा कार्यक्रममा उल्लेखित यी कार्यक्रमको अध्ययन गर्दा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव छैन भन्ने निष्कर्षमा पुग्न सकिन्छ। तर पनि यस सरकारको 'आफ्नो गाउँ आफैं बनाऔं' र वृद्धवृद्धलाई दिने 'सामाजिक सुरक्षा भत्ता' जस्ता कार्यक्रमले नेपाली राजनीतिलाई दीर्घकालीन रूपमा प्रभाव पारेको थियो र यसपछिका सरकारहरू पनि उक्त कार्यक्रमलाई निरन्तरता दिन बाध्य भएका थिए। यो लोकप्रिय कार्यक्रम आजपर्यन्त चलिरहेकै छ। मनमोहन अधिकारी नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव नरहे पनि 'आफ्नो गाउँ आफैं बनाऔं' र 'सामाजिक सुरक्षा भत्ता' जस्ता लोकप्रिय कार्यक्रमले नेपाली राजनीतिमा दीर्घकालीन रूपमा सकारात्मक छाप छाड्न सकेको थियो। नेपाली राजनीतिमा कम्युनिस्ट सरकारले ल्याएका यी लोकप्रिय कार्यक्रम अविस्मरणीय नै रहेका छन्। यसपछि बनेका कम्युनिस्ट सरकारहरूले यस्तो दीर्घकालीन रूपमा सकारात्मक छाप छाड्न सक्ने नयाँ लोकप्रिय कार्यक्रमहरू ल्याउनै सकेनन्। यस्तो लोकप्रिय कार्यक्रम ल्याए पनि अधिकारीका नेतृत्वको उक्त अल्पमतको सरकार नौ महिनामात्रै टिकेको थियो। सरकार भएपछि उठेको महाकाली सन्धिको सवाललगायत अन्य आन्तरिक, वैचारिक मतभिन्नताका कारण पार्टीमा विभाजन आयो। पार्टीमा विभाजन आएपछि २०५६ साल जेठ ३ गते प्रतिनिधिसभा सदस्यका लागि आम निर्वाचन भएको थियो (पण्डित, २०६७, पृ. १९९)। यस निर्वाचनका लागि नेकपा (एमाले) ले 'राजनीतिक स्थिरता, सुशासन, विकास र राष्ट्रिय स्वाभिमान, नेकपा (एमाले) को बहुमतको सरकारका निम्ति सूर्यमा मतदान' भन्ने नाराका साथ चुनावी घोषणापत्र जारी गरेको थियो (नेकपा (एमाले), २०५६, पृ. १)। यस घोषणापत्रमा 'जनताको बहुदलीय जनवाद : मार्क्सवादको सिर्जनात्मक प्रयोगको आधार' भन्ने बुँदामा यसो भनिएको थियो-

> ‘जनताको बहुदलीय जनवादको कार्यक्रमको तात्कालिक लक्ष्य हासिल गर्न बहुमतको सरकार हासिल गरी अधिकतम प्रगतिशील सुधारका कार्यहरू अघि बढाइनेछन् । समाजमा व्याप्त शोषण, भेदभाव र थिचोमिचोलाई समाप्त पार्दै उत्पादक शक्तिको विकास गरी राष्ट्रिय अर्थतन्त्रको विकास गर्न नेकपा (एमाले) दृढ छ’ (नेकपा (एमाले), २०५६, पृ. २५) ।

घोषणापत्रमा ‘जनताको बहुदलीय जनवादी कार्यक्रम’ को तात्कालिक लक्ष्य प्राप्त गर्न नेपाली समाजमा रहेका तमाम खाले शोषण, दमन, अन्याय अन्त्य गर्दै समुन्नत समाजको निर्माण गर्ने भनी कार्यक्रम तय गरेका कारण समाजवादी भावनाको पक्ष लिएको देखिन्छ तर नेकपा (एमाले) ले यसभन्दा अघिका दिनहरूमा उठाउँदै आएको साम्राज्यवादी, विस्तारवादी, उपनिवेशवादी शोषण, दमनबाट नेपाली समाजलाई मुक्त गर्ने कुरामा यस निर्वाचनका समयमा आएर मौन बस्न गएकाले समाजवादी विचारको कार्यान्वयनबाट पछि हट्न गएको देखिन्छ । यसै घोषणापत्रको ‘देश विकासको दूरदृष्टि:गरिबीको अन्त्य र राष्ट्रको समृद्धि बुँदामा यस्तो भनिएको थियो -

> ‘५ वर्षभित्र निरक्षरताको अन्त्य गर्ने, प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने, शुद्ध पिउने पानी उपलब्ध गराउने, ७ वर्षभित्र खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने, १० वर्षभित्र अधिकांश गाउँहरूमा बिजुली तथा सञ्चार सेवा उपलब्ध गराउने, १५ वर्षभित्र बेरोजगारी तथा गरिबी उन्मूलन गर्ने तथा २० वर्षमा प्रतिव्यक्ति वास्तविक आय तेब्बर गरिनेछ’ (नेकपा (एमाले), २०५६, पृ. ३३) ।

घोषणापत्रमा गरिबी उन्मूलन गर्ने कार्यक्रम प्रस्तुत गर्दै ५ वर्षदेखि २० वर्षसम्मका योजना तय गर्दै गरिबीको अन्त्य गर्ने र समृद्ध राष्ट्रको निर्माण गर्ने कार्यक्रम तय गरिएको थियो । घोषणापत्रमा यस्तो कार्यक्रम तय गर्नु भनेको क्रान्तिकारी समाजवादी विचार नभएर सुधारवादी हुनु हो भन्नु उपयुक्त हुन जान्छ । यसै घोषणापत्रको ‘कृषि प्रणालीमा क्रान्तिकारी सुधार : सामन्ती भूस्वामित्वको आधार’ भन्ने बुँदामा यसो भनिएको थियो-

> ‘भूमिसुधार कार्यक्रम लागू गरी भूमिहीन गरिब किसानलाई जमिन उपलबध गराउने, भूमि विकास बैंकको स्थापना गर्ने, कृषि विमा व्यवस्था लागू गर्ने, कृषि सहकारीको विकास गर्ने, कृषि उद्योगलाई प्रोत्साहन, कमैयाहरूलाई ऋणमुक्त गरी उचित जमिन प्रदान गर्ने, रासायनिक मल कारखाना स्थापना गर्ने, कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम गर्ने आदि कार्य गरिनेछ’ (नेकपा (एमाले), २०५६, पृ. ३९-४०) ।

माथि उल्लिखित कुरा त्यस पार्टीले २०५१ सालको निर्वाचनमा पछि बनेको त्यस पार्टीको अल्पमतको ९ महिने सरकारको वार्षिक नीति तथा कार्यक्रममा क्रान्तिकारी समाजवादी

अवधारणामा समावेश हुन नसकेको कुरा उल्लेख भइसकेकाले यहाँ त्यसको विवेचना गरिरहनुपर्दैन । घोषणापत्रमा 'स्वास्थ्य सेवामा सुधार : रोगमुक्त समाजको आधार' बुँदामा देशभित्रै औषधि उत्पादनमा जोड दिने, न्यूनतम स्वास्थ्य सेवा निःशुल्क गराउने तथा स्वास्थ्य क्षेत्रका विशेषीकृत सेवाहरू उपलब्ध गराउने वाचा गरेको थियो । 'स्थानीय निकायलाई स्वशासन जनसहभागितामूलक स्थानीय विकासको अवलम्बन' बुँदामा 'आफ्नो गाउँ आफैं बनाऔं, 'नौ स' को कार्यक्रम जस्ता लोकप्रिय कार्यक्रमहरू तय गरेको थियो (नेकपा (एमाले), २०५६, पृ. ५३-५६) । तर ती कार्यक्रमको कार्यान्वयनमा द्वन्द्वात्मक ढङ्गले विश्लेषण गर्ने र वर्गसङ्घर्षको दिशा स्पष्ट नहुनाले घोषणापत्रमा भएका यस्ता कार्यक्रमलाई सुधारवादी पुँजीवादी कार्यक्रम भन्न सकिन्छ जसले समाजवादी गन्तव्य र विचारमा अन्यौल देखापर्न गएको मान्न सकिन्छ ।

चुनावी घोषणापत्रमा जेजस्तो कार्यक्रम ल्याएर बाचा गरे पनि २०५६ सालको आमनिर्वाचनमा नेकपा (एमाले) कुल २०५ निर्वाचन क्षेत्रमध्ये ७१ स्थानमा विजयी भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ६४८-६५४) । यस अघिको मध्यावधि निर्वाचनमा ८८ स्थानमा विजयी भई पहिलो राजनीतिक दल बनेर अल्पमतको सरकार गठन गरेको नेकपा (एमाले) यस आमनिर्वाचनमा ७१ स्थानमा खुम्ची संसद्मा दोस्रो ठूलो राजनीतिक दल बनेको थियो । यस आमनिर्वाचनमा अरू कम्युनिस्ट पार्टीहरूमा राष्ट्रिय जनमोर्चा ५ स्थानमा विजयी भएको थियो । संयुक्त जनमोर्चा, नेपाल १ स्थानमा विजयी भएको थियो । नेपाल मजदुर किसान पार्टी १ स्थानमा विजयी भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ६४८-६५४) । यीबाहेक अरू कम्युनिस्ट पार्टीहरू यस आमनिर्वाचनमा सहभागी भए पनि निर्वाचित हुन सकेका थिएनन् । यस निर्वाचनमा कुल २०५ निर्वाचन क्षेत्रमध्ये कम्युनिस्ट पार्टीहरू जम्मा ७८ स्थानमा विजयी भएका थिए । निर्वाचनको मत परिणामको अध्ययन गर्दा यस निर्वाचनमा समाजवादी विचारको प्रभाव रहेको देखिन्छ । यस आमनिर्वाचनमा जेजस्तो मतपरिणाम आए पनि कम्युनिस्ट पार्टीका नेतृत्वमा वा दोस्रो ठूलो दल बनेको नेकपा (एमाले) का नेतृत्वमा पनि सरकार गठन हुन सकेको थिएन जसले गर्दा नेकपा (एमाले) ले चुनावी घोषणापत्रमा जेजस्ता कार्यक्रम ल्याए पनि तिनको कार्यान्वयन हुन सकेको थिएन ।

### ६.२.२ २०६५ सालको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेकपा (एमाले) ले संसदीय राजनीतिको बाटो समातेपछि क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको मालेमा वादलाई पथप्रदर्शक सिद्धान्तका रूपमा स्वीकार्ने, सामन्तवाद तथा साम्राज्यवादका विरूद्धको लडाइँमा नयाँ जनवादी क्रान्तिको लाइन तथा रणनीति अनुसरण गर्ने, कम्युनिस्ट आन्दोलनका आधुनिक संशोधनवादका विरूद्ध चीनको सांस्कृतिक क्रान्तिलाई आत्मसात् गर्ने नयाँ जनवादी क्रान्तिका लागि सशस्त्र सङ्घर्षको नियमलाई

अनिवार्य रूपमा स्वीकार्ने र जनवादी केन्द्रीयतामा आधारित लेनिनवादी सङ्गठनात्मक सिद्धान्तलाई स्वीकार गर्ने भनी नेकपा (मशाल), नेकपा (चौम), नेकपा (मसाल), सर्वहारा श्रमिक सङ्गठन र नेकपा (जनमुखी) जस्ता कम्युनिस्ट पार्टीहरू मिली २०४८ सालमा नेकपा (एकताकेन्द्र) को निर्माण गरेका थिए। यस पार्टीको पाँचौं महाधिवेशनले दीर्घकालीन जनयुद्धको कार्यदिशा पारित गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. २१-२२)। महाधिवेशनले दीर्घकालीन जनयुद्ध र तत्काल छापामार युद्धमा जाने निर्णय गरेपछि पार्टीभित्र मतभेदको सिर्जना भएको थियो। २०५१ साल फागुन २-४ मा सम्पन्न भएको नेकपा (एकताकेन्द्र) को केन्द्रीय समितिको विस्तारित बैठकले नेकपा (एकताकेन्द्र) लाई विघटन गरी नेकपा (माओवादी) को गठन गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, ३२२-३४१)। नेकपा (माओवादी) को गठन भएपछि उक्त बैठकले पार्टीको कार्यदिशा पनि निर्धारण भएको थियो। उक्त कार्यदिशामा यसो भनिएको थियो-

> 'मार्क्सवाद-लेनिनवाद-माओवादको सैद्धान्तिक निर्देशन र नेपाली समाज सामान्य विशेषताका आधारमा सामन्तवाद र साम्राज्यवादका विरूद्ध परिलक्षित जनवादी अधिनायकत्वसहितको नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने राजनीतिक रणनीति निर्धारण गरेको छ। विश्व सर्वहारा समाजवादी क्रान्तिको अभिन्न अङ्गका रूपमा सम्पन्न हुने नयाँ जनवादी क्रान्तिको सफलतासँगै समाजवादी क्रान्तिको दिशामा अघि बढ्नु तथा सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्ति चलाउँदै साम्यवाद हासिल गर्नु पार्टीको भावी उद्देश्य हो' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ ३३५)।

माओवादी पार्टीको गठन भएपछि पार्टीले नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्तमा आधारित सांस्कृतिक क्रान्ति चलाउँदै साम्यवादसम्मको यात्रा तय गर्न दीर्घकालीन जनयुद्धलाई कार्यदिशाका रूपमा अँगाल्नुलाई समाजवादी विचारको प्रभावका रूपमा लिन सकिन्छ। पार्टीले दीर्घकालीन जनयुद्धलाई कार्यदिशाका रूपमा लिएपछि पार्टीको २०५२ साल असारमा बसेको केन्द्रीय समितिको बैठकले जनयुद्धका लागि सैद्धान्तिक प्रतिबद्धताहरू पनि जारी गरेको थियो। उक्त सैद्धान्तिक प्रतिबद्धतामा जनयुद्धको उद्देश्यलाई प्रस्ट पार्दै यसो भनिएको थियो-

> 'हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने र त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिकै स्वर्णिम भविष्यको साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३४२-४३५)

जनयुद्धको सैद्धान्तिक प्रतिबद्धतामा जनयुद्ध गर्नुको उद्देश्य नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गर्दै समाजवादी क्रान्ति गर्ने र मानव जातिकै उच्चतम तथा स्वर्णिम व्यवस्था साम्यवादको स्थापना गर्ने हो भनी प्रस्ट पारिएको थियो । यस प्रतिबद्धताको उद्देश्यले जनयुद्धमा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ। जनयुद्धको सैद्धान्तिक प्रतिबद्धतामा जनयुद्धको प्रतिज्ञा प्रस्ट पार्दै यसो भनिएको थियो-

> 'हाम्रो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद-लेनिनवादी-माओवादका शिक्षामा आधारित हुनेछ । हाम्रो देशको विशिष्टताअनुसार गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एकपटक पुनः माओद्वारा विकास गरिएको सर्वहारावर्गको सार्वभौम र अपराजय मार्क्सवादी सैन्य सिद्धान्तका रूपमा जनयुद्धको सिद्धान्तप्रति अविचलित रहने प्रतिज्ञा गर्दछ' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ३४२) ।

माओवादी पार्टीले नेपालमा जनयुद्धको थालनी र नेतृत्व गर्दा क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गत रहेर गर्ने, राजनीतिक सङ्घर्ष गर्दा राजनीतिक क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवादी-लेनिनवादी शिक्षामा आधारित हुने तथा जनयुद्ध गर्दा नेपालको विशिष्टताअनुसार गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका लागि माओले प्रतिपादन गरेका मार्क्सवादी सैन्य सिद्धान्तका आधारमा जनयुद्धको सिद्धान्तप्रति अविचलित रहने प्रतिज्ञा गर्नु समाजवादी विचारको प्रभाव नै हो । जनयुद्धको सैद्धान्तिक प्रतिबद्धतामा समाजवादी विचारको प्रभाव देखिन्छ ।

नेकपा (माओवादी) पार्टीले कार्यदिशाका रूपमा दीर्घकालीन युद्धलाई अख्तियार गरेपछि र यसका निम्ति सैद्धान्तिक प्रतिबद्धता जारी गरेपछि यस पार्टीले नै जनयुद्धको ठोस परिभाषा, रणनीति र कार्यनीतिसहित नेपाली राजनीतिको इतिहासमा तथा नेपाली समाजवादी आन्दोलनको इतिहासमा नयाँ युगको सूत्रपात गर्दै २०५२ साल फागुन १ गतेदेखि जनयुद्धको शङ्खघोष गरेको थियो (प्रचण्ड, २०६३, भाग-१, पृ. ४८) । माओले जनयुद्धलाई 'विश्व सर्वहारा क्रान्तिको अभिन्न अङ्गका रूपमा उत्पीडित र राष्ट्रहरूमा नयाँ नयाँ जनवादी क्रान्तिको समग्र रणनीति र कार्यनीतिको विकास समाजवादी क्रान्तिको पूर्वतयारीका रूपमा गरेका थिए' (प्रचण्ड, २०६३, भाग-१, पृ. ९२) । जनयुद्धको सैद्धान्तिक आधारका विषयमा माओको भनाइलाई आधार मान्दै प्रचण्ड लेख्छन्- "जनतामा विश्वास गर्नु र जनताको सेवा गर्नु, त्यसका निमित्त जनसमुदायसँग एकाकार हुनु, आफ्ना प्रत्येक नीति, निर्णय र काम कारवाहीहरू जनताको हितमाथि आधारित गराउनु नै माओको जनयुद्धको सिद्धान्तको आधार हो" (प्रचण्ड, २०६३, भाग-१, पृ. ९३) ।

नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवादी क्रान्तिको पूर्वतयारीका निम्ति गरिने जनयुद्धलाई माओले आफ्नै तरिकाले व्याख्या एवम् विश्लेषण गर्दै सैद्धान्तिक आधार तयार गरी मार्क्सवादको नयाँ प्रस्तावना तयार पारेका थिए । यसै सिद्धान्तका आधारमा नेकपा (माओवादी) ले नेपालमा जनयुद्ध गरेको थियो । 'नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि दक्षिणपन्थी अवसरवाद हाबी रहँदै आएकाले नयाँ जनवादी क्रान्तिको सफलताका लागि अपरिहार्य दीर्घकालीन जनयुद्धका रणनीति र कार्यनीतिहरू जुन एउटा कम्युनिस्ट पार्टीले प्रारम्भबाट नै लागू गर्न अनिवार्य हुन्छ' (प्रचण्ड, २०६४, भाग-४, पृ. १६४) भनी नेकपा (माओवादी) ले नेपालमा जनयुद्ध सुरु गरेको थियो । यो जनयुद्ध नेपाली राजनीतिमा, नेपाली समाजवादी आन्दोलनको इतिहासमा, नेपाली नयाँ जनवादी क्रान्तिको इतिहासमा र नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा एक युगान्तकारी राजनीतिक घटना थियो (वैद्य 'किरण' २०७६, पृ. ९) । यस जनयुद्धलाई नेकपा (माओवादी) ले न्यायपूर्ण युद्ध हो भनी यसरी परिभाषित गरेको थियो-

> 'इतिहासदेखि वर्तमानसम्म जति पनि युद्धहरू भएका छन्, ती सबै युद्धहरू अन्ततः न्यायपूर्ण र अन्यायपूर्ण युद्धमा विभाजित हुने गरेका छन् । आजको नेपालका सन्दर्भमा हाम्रो पार्टीले नेतृत्व गरेको जनयुद्ध देशको राष्ट्रिय स्वतन्त्रता र जनताको मुक्तिका निमित्त कुनै पनि विदेशी प्रतिक्रियावादी शक्तिको सहायताबिना आत्मनिर्भर र स्वनिर्णयका आधारमा आम जनताले चलाएको युद्ध हुनाले यो न्यायपूर्ण युद्ध हो' (प्रचण्ड, २०६४, भाग-४, पृ. १९) ।

नेकपा (माओवादी) ले युद्धको लामो इतिहास अध्ययन गर्ने हो भने युद्ध न्यायपूर्ण र अन्यायपूर्ण खेमामा छुट्टिने हुनाले आफूले नेतृत्व गरेको जनयुद्ध नेपाली जनताका पक्षमा, राष्ट्रिय स्वतन्त्रताका पक्षमा, नेपाली जनताको मुक्तिका पक्षमा र नेपाली जनताको आत्मनिर्भर र स्वनिर्णयका आधारमा भएको हुँदा न्यायपूर्ण युद्ध हो भनी परिभाषित गर्दै प्रस्ट पारेको थियो । नेकपा (माओदी) ले जनयुद्ध न्यायपूर्ण युद्ध थियो भनी गरेको परिभाषाले पनि जनयुद्धमा समाजवादी विचारको प्रभाव रहेको प्रस्ट हुन्छ । नेकपा (माओवादी) ले अख्तियार गरेको दीर्घकालीन जनयुद्धको कार्यदिशा, यसका निम्ति जारी गरेका सैद्धान्तिक प्रतिबद्धताहरू र यसका सैद्धान्तिक आधारहरूको अध्ययन गर्दा तथा जनयुद्धलाई न्यायपूर्ण युद्ध थियो भनी परिभाषित गरेको जनयुद्धका बारेमा अध्ययन गर्दा नेकपा (माओवादी) को नेतृत्वमा भएको जनयुद्धमा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ ।

नेकपा (माओवादी) ले जनयुद्ध सुरु गरेपछि २०५७ साल माघ २६ - फागुन १ मा सम्पन्न भएको दोस्रो राष्ट्रिय सम्मेलनले नेपाली क्रान्ति र जनयुद्धलाई संश्लेषित गर्दै जनयुद्धको नेतृत्व गरेका पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेपाली क्रान्ति, नयाँ जनवादी क्रान्ति र

जनयुद्धसम्बन्धी दृष्टिकोण र विचारलाई 'प्रचण्डपथ' नामबाट नामकरण गरेको थियो (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ४६१-५०१) । उक्त दोस्रो राष्ट्रिय सम्मेलनले नेपाली कम्युनिस्ट आन्दोलनलाई संश्लेषित गर्ने क्रममा यसो भनेको थियो-

> 'नेपाली कम्युनिस्ट आन्दोलनको विकास प्रक्रियाबारे हामीले लगातार बहस र मूल्याङ्कन गर्दै आएका छौं । यसो गर्नुको हाम्रो एकमात्रै उद्देश्य मार्क्सवाद-लेनिनवाद-माओवाद र वर्गसङ्घर्षको नवीन चेतद्वारा इतिहासको वैज्ञानिक संश्लेषण गरी संशोधनवादलाई परास्त गर्नु तथा क्रान्तिकारी ध्रुवीकरणको प्रक्रियालाई तीव्र पारी क्रान्तिको विजय सुनिश्चित गर्नु हो । यसका लागि हामीले विचार र राजनीतिक कार्यदिशालाई मूल्याङ्कनको आधार बनाउन जोड दिइरहेका छौं किनकि वैचारिक र राजनैतिक कार्यदिशाले सबै कुराको निर्धारण गर्दछ भन्ने वैज्ञानिक निष्कर्षलाई हामी पार्टीको प्रस्थानविन्दु मान्दछौं । क्रान्तिकारी आन्दोलनको विकाससँगै संश्लेषित बन्दै जाने नवीन चेतना र आन्दोलनकै अग्रगतिको आवश्यकताका कारण यसप्रकारको मूल्याङ्कन पटक-पटक गरिरहनुपर्दछ' (प्रचण्ड, २०६४, भाग-३, पृ. २८) ।

मार्क्सवाद-लेनिनवाद-माओवाद विचारधारा र वर्ग सङ्घर्षको नवीन चेतनाद्वारा वैज्ञानिक संश्लेषण गर्दै नेपाली कम्युनिस्ट आन्दोलन, नयाँ जनवादी क्रान्तिमा दीर्घकालीन जनयुद्धको कार्यदिशामा देखिएका विविध खाले संशोधनवादी तथा नवसंशोधनवादी धारालाई पराजित गर्न र परास्त गर्न नेपाली क्रान्तिलाई पटकपटक मूल्याङ्कन गर्नुपर्नेमा जोड दिएको थियो । उक्त सम्मेलनले नेपाली क्रान्तिलाई मार्क्सवाद-लेनिनवाद-माओवाद विचारधारा वर्गसङ्घर्षको राजनीतिक चेतनाबाट संश्लेषित गर्न सक्नु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ । नेपाली कम्युनिस्ट आन्दोलनको संश्लेषण गर्ने क्रममा यसो भनिएको थियो-

> 'नेपाली कम्युनिस्ट आन्दोलनको सिङ्गो प्रक्रियालाई एउटा निषेधका रूपमा पनि बुझ्न सकिन्छ । पार्टीको प्रारम्भिक सही नीतिलाई संशोधनवादले निषेध गऱ्यो र संशोधनवादलाई पुनः क्रान्तिकारी सही नीतिले निषेध गऱ्यो जसको परिणाम जनयुद्धको महान् प्रक्रिया अगाडि आयो । तर अब यो प्रक्रिया यही पूर्ण र अन्त्य भयो भन्ने अर्थमा बुझियो भने त्यो विकासको द्वन्द्वात्मक नियमका विरूद्धको कुरा हुनेछ । एकता-सङ्घर्ष-रूपान्तरणको यो प्रक्रिया निरन्तर चालिरहेको छ । मार्क्सवाद-लेनिनवाद-माओवादले हामीलाई विकासको यो द्वन्द्वात्मक प्रक्रियालाई सर्वहारावर्गको हितका पक्षमा सञ्चालन गर्ने तथा मनव जातिलाई साम्यवादको प्रकाशसम्म लाने कुन्जी प्रदान गरेको छ' (प्रचण्ड, २०६४, भाग-३, पृ. ३३-३४) ।

नेपाली क्रान्ति र कम्युनिस्ट आन्दोलनलाई संश्लेषण गर्ने क्रममा क्रान्तिकारी मार्क्सवादी धाराले संशोधनवादी सुधारवादी धारालाई निषेध गर्दै मार्क्सवाद-लेनिनवाद-माओवाद विचारधारालाई विकसित गर्दै सर्वहारावर्गको हितमा मानव जातिलाई साम्यवादसम्मको यात्रा तय गर्नुपर्ने लक्ष्य प्रदान गरेको छ भनी यस सम्मेलनले निर्क्योल गर्नुलाई समाजवादी विचारको प्रभाव नै मान्न सकिन्छ। यस सम्मेलनले नेपाली कम्युनिस्ट आन्दोलन, नयाँ जनवादी क्रान्ति र जनयुद्धसम्बन्धी यस संश्लेषणलाई एक महान् उपलब्धिका रूपमा लिँदै 'प्रचण्डपथ' का नामले नामकरण गरेको थियो-

> 'यो महान् उपलब्धि लाखौं जनसमुदाय एवम् क्रान्तिकारी योद्धाहरूको अकथनीय दुःख, कष्ट, त्याग, तपस्या, वीरता, सौर्य र बलिदानका ऐतिहासिक कीर्तिमानहरूको भव्य जगमा खडा भएको छ। यो महान् उपलब्धि नेपाली जनताका हजारौं श्रेष्ठतम छोराछोरीहरूको रगत धर्तीमा बगाएर त्यसको मूल्यद्वारा हासिल भएको छ। यो महान उपलब्धि, सिङ्गो पार्टी, सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र जनवादी शक्ति एवम् रिमलगायत विश्वभरिका कम्युनिस्ट क्रान्तिकारीहरूको अनवरत योगदानबाट प्राप्त गरिएको छ। यो समग्र प्रक्रियामा पार्टीले प्रतिक्रियावादी सत्ताका आमहत्याकारी अभियानहरूको प्रतिरोध, संशोधनवादी षडयन्त्र र बकवासको भण्डाफोर तथा पार्टीभित्रै देखिएको विचलनवादी प्रवृत्तिका विरूद्ध सङ्घर्षमा मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा सफल नेतृत्व गर्दै आएको छ। यो तीव्रतम सङ्घर्षमा सफल नेतृत्वका कारण आज पार्टीको विचार शृङ्खला मात्र होइन, केन्द्रीय स्तरमा सुयोग्य नेताहरूको टिमका साथै क्रान्तिकारी उत्तराधिकारीका रूपमा हजारौं कार्यकर्ताहरूको भरभराउँदो जत्थाको पनि योगदान रहेको छ। पार्टी एक दशकदेखि विचार संश्लेषणको यो उचाइसम्म महामन्त्री प्रचण्डको सही र अविच्छिन्न नेतृत्वका कारण आज पार्टी एकताको केन्द्रविन्दुका रूपमा क. प्रचण्डको बलियो सर्वहारा हेडक्वार्टरको विकास भएको छ। अतः सामूहिक नेतृत्वको केन्द्रीकृत अभिव्यक्तिका रूपमा विकसित विचार शृङ्खलालाई पार्टी प्रचण्डपथ' (Prachanda path) नामकरण गर्दछ' (प्रचण्ड, २०६४, भाग-३, पृ. ६८)।

नेपाली कम्युनिस्ट आन्दोलन, नयाँ जनवादी क्रान्ति र जनयुद्धसम्बन्धी नयाँ संश्लेषण गर्दै पार्टी अध्यक्ष प्रचण्डका नामबाट सश्लेषित विचारलाई 'प्रचण्डपथ' को नाम दिइएको थियो। 'प्रचण्डपथ' विचारधारा मार्क्सवाद-लेनिनवाद-माओवाद विचारधारामा आधारित विश्व सर्वहारा क्रान्ति, सरर्वहारा अन्तर्राष्ट्रियतावाद र विश्व समाजवादी आन्दोलनको एक हिस्सा नै थियो। जसले नेपाली क्रान्तिको संश्लेषण गर्दै सबै खाले संशोधनवाद तथा नवसंशोधनवादलाई परास्त गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्र नेपालको निर्माण गर्ने र समाजवादी क्रान्ति गरी

साम्यवादसम्मको यात्रा तय गर्ने लक्ष्य लिएको थियो । 'प्रचण्डपथ' विचारधारा नेकपा (माओवादी) को महत्त्वपूर्ण विचारधारा थियो । 'प्रचण्डपथ' विचारधारामा पनि समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ ।

२०६० साल जेठमा नेकपा (माओवादी) को केन्द्रीय समितिको चौथो बैठकले "मार्क्सवाद कुनै निर्जीव जड वस्तु होइन, पूर्ण रूपले तयार भइसकेको परिवर्तनहीन सिद्धान्त होइन बरु यो कामको जीवित पथ-प्रदर्शक हो" भन्ने लेनिनको भनाइका आधारमा 'इतिहासका अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे' शीर्षकको महत्त्वपूर्ण राजनीतिक प्रतिवेदन पारित गरेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. २७) । नेकपा (माओवादी) को दोस्रो राष्ट्रिय सम्मेलनपछि जनयुद्धको विकास तीव्र गतिमा भइरहेका अवस्थामा पार्टीभित्र एक वर्ष लामो बहस चलाएर पारित भएको उक्त प्रतिवेदनले पार्टी इतिहासमा पहिलो पटक नयाँ जनवादी क्रान्ति र नयाँ जनवादको अभ्यासमा रहेका कमीकमजोरी र समस्यालाई औंल्याउँदै र केलाउँदै वैधानिक सीमाभित्र प्रतिस्पर्धा सङ्गठित गर्नुपर्ने आवश्यकतालाई जोड दिइएको थियो (एनेकपा (माओवादी), २०६९, पृ. २७-२८) । यस बैठकले 'इतिहासका अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे' शीर्षकको राजनीतिक प्रतिवेदनलाई नयाँ जनवादी क्रान्ति, जनयुद्ध र नयाँ जनवादको अभ्यासका विचारको संश्लेषणकै नयाँ विकासका रूपमा ग्रहण गरेको थियो (नेकपा (माओवादी केन्द्र), २०७९, पृ. २४) । उक्त राजनीतिक प्रतिवेदनमा २० औं शताब्दीमा भएका क्रान्ति र प्रतिक्रान्तिका अनुभवहरूमा र २१ औं शताब्दीमा विज्ञान तथा प्रविधिको विकास (अफ यस विकासमा पनि मुख्यतः विद्युतीय सूचना प्रविधिमा भएको विकास) मा ध्यान दिँदै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने र प्रतिक्रान्तिलाई रोक्ने उद्देश्य लिई पार्टी, सेना र राज्यसत्तामा नयाँ जनवाद विकास गर्नुपर्ने कुरामा जोड दिइएको थियो (वैद्य 'किरण', २०७६, पृ. १२४) । यस बैठकले पारित गरेको 'इतिहासका अनुभव २१ औं शताब्दीमा जनवादको विकास बारे' राजनीतिक प्रतिवेदनमा यसो भनिएको थियो-

> 'इतिहासका अनुभव, वर्तमान विश्व परिस्थितिको विश्लेषण एवम् नेपाली जनयुद्धका पाँच वर्षका सजीव अनुभवसमेतका आधारमा पार्टीको दोस्रो ऐतिहासिक राष्ट्रिय सम्मेलनले कैयौं महत्त्वपूर्ण राजनैतिक र फौजी संश्लेषण गरेको छ । त्यो संश्लेषित विचारको साढे २ वर्षमा भएको घनीभूत प्रयोगद्वारा जनयुद्धको विकासमा प्राप्त गुणात्मक सफलताले त्यसको वैज्ञानिकता मात्र प्रमाणित भएको छैन, अपितु उच्च वैचारिक, राजनैतिक र फौजी संश्लेषणका मजबुत आधारसमेत तयार भएको छ । दोस्रो राष्ट्रिय सम्मेलनदेखि आजसम्मको नेपाली वर्गसङ्घर्षको विकास एवम् ११ सेप्टेम्बरदेखि इराक युद्धसम्म विकास भएको विश्व परिस्थितिका आधारमा जनवादी क्रान्तिको रणनीतिमा विकास परिमार्जन आवश्यक छ' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५२८) ।

प्रतिवेदनमा विश्व राजनीतिक परिस्थिति, नेपाली क्रान्तिको इतिहासका अनुभव, नेपाली नयाँ जनवादी क्रान्ति र जनयुद्ध र पार्टीका राजनीतिक सवाल तथा फौजी मामिला आदिलाई संश्लेषण गर्दै नयाँ जनवादी क्रान्तिको रणनीतिमा विकास परिमार्जनको आवश्यकता औंल्याइएको थियो । यस्तो आवश्यकता औंल्याउँदै यसो भनिएको थियो-

> 'महान् सर्वहारा सांस्कृतिक क्रान्तिसम्मको संश्लेषणले विश्वसर्वहारा वर्गलाई मालेमाको सैद्धान्तिक हतियारले लैस आवश्यक गराएको छ । तर क. माओको मृत्युपछि चीनमा पुँजीवादको पुनःस्थनापना भयो र दुनियाँमा एउटा पनि समाजवादी सत्ता बाँकी रहेन । यसबाट विश्व सर्वहारा आन्दोलनले बेहोरेको एउटा ठूलो धक्का र विश्व परिस्थितिमा भएको एउटा ठूलो नकारात्मक परिवर्तनलाई अस्वीकार गर्नु मनोगत विचलन मात्र हुने छ । वस्तुगत रूपले साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग तथा क्रान्ति नै विश्वको मूल प्रवृत्ति रहेको यथार्थ अवस्थामा कुनै परिवर्तन आएको छैन । यसको अर्थ सत्ताको सङ्घर्षमा चीनमा प्रतिक्रान्तिसम्म आउँदा सर्वहारावर्गले ठूलो आत्मगत पराजय भोग्नुपरेको यथार्थलाई अवमूल्यन गर्नु तथा ती पराजयहरूबाट शिक्षा लिएर भावी दिनमा प्रतिक्रान्ति रोक्ने तयारीलाई गम्भीरतापूर्वक नलिने भन्ने कुरा हुन सक्दैन । आजको विश्व क्रान्ति एवम् कुनै निश्चित देशको क्रान्तिका सन्दर्भमा सर्वहारावर्गको राजनैतिक अग्रदस्ताका अगाडि एउटा ठूलो प्रश्नका रूपमा यसको जवाफ दिने आवश्यकता टड्कारो रहेको छ' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५२८) ।

चीनमा प्रतिक्रान्ति भयो भन्ने उक्त पार्टीको निष्कर्ष नेपाली कम्युनिस्ट राजनीतिमा एकमत हुन सकेन । नेपाली कम्युनिस्ट राजनीतिको अर्को घटक तत्कालीन नेकपा (माले) चीनमा प्रतिक्रान्ति नभएको निष्कर्ष निकालिरहेको थियो । २०३७ साल असोज महिनामा भएको नेकपा (माले) को सातौं अधिवेशनले चीनियाँ कम्युनिस्ट पार्टी समाजवादी नै भएको उल्लेख गरेको थियो (नेकपा (माले), २०३८, पृ. १३-१४) । विश्व राजनीतिमा स्थापित समाजवादी शासन व्यवस्थाका विषयमा विवाद उठ्नु विश्व समाजवादी आन्दोलनमा आएको सङ्कट हो । विश्व सर्वहारावर्गको क्रान्तिमा प्रतिक्रान्तिको सिर्जना हुन गएको विश्लेषणले नेपाली राजनीतिक घटनामा समाजवादी आन्दोलन र क्रान्तिको संश्लेषण गर्दै नेपाली नयाँ जनवादी क्रान्ति, जनयुद्ध र नयाँ जनवादी क्रान्तिमा देखिने प्रतिक्रान्ति जस्ता समस्याका हल खोज्न नयाँ जवाफको टड्कारो आवश्यकता यस राजनीतिक प्रतिवेदनले महसुस गरेको थियो । यससँगै २१ औं शताब्दीमा विज्ञान तथा प्रविधिको विकाससँगै नेपालमा पनि नयाँ जनवादी क्रान्तिमा परिमार्जन गर्नुपर्ने आवश्यकता औंल्याउँदै उक्त प्रतिवेदनमा यसो भनिएको थियो-

> '२१ औं शताब्दीमा प्रवेशसँगै विश्वमा विज्ञान र प्रविधि मुख्यतः इलेक्ट्रोनिक सूचना प्रविधिमा अभूतपूर्व तीव्रताका साथ विकास भएको छ। यो अद्भुत विकासले जसरी विश्वलाई विविध रूपमा प्रभावित पारेको छ। त्यसले अनिवार्य रूपमा सर्वहारा क्रान्तिको राजनीतिक र फौजी रणनीतिमा परिमार्जन र विकासको माग गरिरहेको छ। विश्वको कुनै पनि कुनामा हुने सकारात्मक वा नकारात्मक परिघटनाको विश्वव्यापी रूपमा हुने आजको जस्तो तीव्र घनीभूत एवम् प्रत्यक्ष संवेदनात्मक प्रभाव मानव जातिको इतिहासमा पहिला कहिल्यै पर्ने गरेको थिएन' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५२८)।

२१ औं शताब्दीको विज्ञान प्रविधिको विकास तथा विद्युतीय सूचना प्रविधिको विकासले विश्व राजनीतिक व्यवस्थालाई गम्भीर प्रभाव पारेसँगै यसबाट नेपाली राजनीतिक व्यवस्था पनि अछुतो नहुने र यससँगै नेपाली नयाँ जनवादी क्रान्ति, जनयुद्ध र समाजवादी आन्दोलनलाई नै प्रभावित तुल्याउने हुँदा नयाँ जनवादी क्रान्ति, जनयुद्ध, सर्वहार क्रान्ति र नयाँ जनवादी विचारधारामा परिमार्जित तुल्याउन पर्ने ठम्याइ यस बैठकले गर्दै 'इतिहासका अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे' नयाँ राजनीतिक प्रतिवेदन पारित गरी पार्टी, सेना र राज्यसत्ताबारे नयाँ राजनीतिक विचारधारा, दृष्टिकोणको विकास गर्दै नयाँ जनवादी विचारधाराको निर्माण गरेको थियो। २१ औं शताब्दीमा जनवादको विकासबारेको नयाँ जनवादी विचारधारामा नयाँ जनवादी क्रान्तिलाई परिमार्जित, उन्नत र नवीन ढङ्गले व्याख्या गर्दै राज्यसत्ताबारे यस्तो दृष्टिकोण प्रस्तुत गरिएको थियो-

> 'सर्वहारावर्गको राजनैतिक पार्टीको नेतृत्वमा जनयुद्धद्वारा राज्यसत्ता कब्जा गर्ने क्रान्तिको केन्द्रीय प्रश्न हिजो र आज पनि महान् कष्टसाध्य प्रश्न अवश्य रहेको छ। तर २१ औं शताब्दीका अनुभवहरूले स्पष्ट गरेका छन् कि राज्यसत्ता कब्जा गर्ने प्रश्नभन्दा पनि राज्यसत्ताको निरन्तर जनवादीकरण गर्दै त्यसको विलोपीकरणतिर डोऱ्याउने प्रश्न अझ हजारौं गुणा कठिन र जटिल हुने गर्दछ। एकै शताब्दीमा विश्व थर्काउँदै रूस, चीनलगायतका देशमा भएका महान् क्रान्तिहरूको सफलता एवम् शक्तिशाली विश्व समाजवादी कित्ताको विकास र भयानक प्रतिक्रान्तिहरूका घटनाक्रमहरू हुँदै विश्वमा एउटा पनि समाजवादी सत्ता बाँकी नरहेको यथार्थले विषयको महत्त्व र गम्भीरतालाई दर्साउँछन्' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५३०)।

नेकपा (माओवादी) को नेतृत्वमा दीर्घकालीन जनयुद्धमार्फत राज्यसत्ता कब्जा गरी नयाँ जनवादी गणतन्त्र नेपालको स्थापना गरी समाजवादी क्रान्तिका लागि लामबद्ध हुने लक्ष्य त छँदै छ। तर २१ औं शताब्दीमा विश्व राजनीतिक व्यवस्थामा आएका परिवर्तन, चीन र रूसमा भएका क्रान्ति

तथा प्रतिक्रान्तिका घटनाहरू, विज्ञान तथा प्रविधि र विद्युतीय सूचना प्रविधिको तीव्रतम विकास र यसले विश्व राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा पारेको गम्भीर प्रभावले राज्यसत्ता कब्जा गर्नुभन्दा राज्यसत्तालाई जनवादीकरण गर्दै समाजवादी क्रान्ति हुँदै साम्यवादसम्मको यात्रामा निरन्तर अघि बढी राज्यसत्ताको विलोपीकरणको यात्रा चाहिँ असाध्यै जटिल हुने हुँदा नयाँ जनवादी क्रान्तिलाई परिमार्जन गरी २१ औं शताब्दीको परिस्थिति अनुकूलको नयाँ जनवादको विकास र नयाँ जनवादको अभ्यास गर्नुपर्ने ठहर गर्दै उक्त बैठकले यसो भनेको थियो-

> 'सामन्तवाद र साम्राज्यवाद विरोधी जनवादी राज्यसत्ताको संवैधानिक सीमाभित्र राजनैतिक प्रतिस्पर्धा सङ्गठित गरी कम्युनिस्ट पार्टीको निरन्तर सर्वहाराकरण र क्रान्तिकारीकरण गर्न नसक्ने र त्यसका खिलाफमा अर्को क्रान्तिकारी पार्टी वा नेतृत्वलाई राज्यसत्तामा पुऱ्याउन सक्ने जनसमुदायको अधिकारलाई संस्थागत गरेर मात्र प्रतिक्रान्तिलाई प्रभावकारी ढङ्गले रोक्न सकिनेछ। सामन्तवाद र साम्राज्यवाद विरोधी विभिन्न राजनैतिक दल, सङ्घसंस्था जसले जनवादी राज्यसत्ताको संवैधानिक व्यवस्थालाई स्वीकार गर्दछन्। उनीहरूका बिचमा कम्युनिस्ट पार्टीलाई सहयोग मात्र गर्नुपर्ने यान्त्रिक सम्बन्धमा होइन, जनताको सेवामा जनवादी राजनीतिक प्रतिस्पर्धा गर्ने द्वन्द्वात्मक सम्बन्धमा जोड दिइनुपर्दछ। स्पस्ट छ कि यस प्रक्रियामा यदि कसैले जनवादी राज्यसत्ताद्वारा वैधानिक रूपले निर्धारित सीमाको अतिक्रमण गरेमा उसमाथि जनवादी अधिनायकत्व लागू हुनेछ। एकपटक राज्यसत्ता कब्जा गरिसकेपछि पार्टीले नेतृत्वको हैसियत सावित गर्न आफ्नो विचारको सहीपना, जनसमुदायका हितहरूसँग एकाकार हुने आवश्यकता त्याग, तपस्या र बलिदान एवम् वर्ग र जनप्रतिनिधिको निष्ठा सावित गरिरहनुनपर्ने स्थितिको प्रारम्भदेखि नै अन्त गर्न जोड दिइनुपर्दछ। राज्यसत्तामा विचार र नेतृत्वको केन्द्रीकरणले जनसमुदायको स्वनिर्णयको अधिकार कटौती गर्ने स्थिति आउन नदिने कुरामा विशेष ध्यान दिनुपर्दछ' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५३०-५३१)।

२१ औं शताब्दीमा विश्व राजनीतिक व्यवस्थामा आएका परिवर्तन, समाजवादी मुलुकमा भएका प्रतिक्रान्ति, विज्ञान, प्रविधि तथा विद्युतीय सूचना प्रविधिमा भएका उच्चतम विकास र यी तत्त्वले विश्वको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतकि पक्षमा पारेका गम्भीर प्रभावले नेपालमा नेकपा (माओवादी) को नेतृत्वमा भइरहेको नयाँ जनवादी क्रान्ति, जनयुद्ध र सर्वहारा क्रान्तिलाई परिवर्तन र परिमार्जित गर्दै नयाँ जनवादी विचारधारामा उन्नत विकास गर्दै इतिहासका अनुभवलाई समेट्दै २१ औं शताब्दीमा जनवादको मौलिक ढङ्गले विकास गर्ने भन्दै उक्त बैठकले

'इतिहासका अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे' शीर्षकको प्रतिवेदन पारित गर्दै दीर्घकालीन जनयुद्धको रणनीति र कार्यनीति बदल्दै 'जनवादी राज्यसत्ताको संवैधानिक सीमाभित्र राजनैतिक प्रतिस्पर्धा गर्ने' भनी नयाँ जनवादी क्रान्तिमा परिमार्जन गरेको थियो । यस बैठकले 'इतिहासका अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे' शीर्षकको राजनीतिक प्रतिवेदन पारित गरी नयाँ जनवादी क्रान्तिमा परिमार्जन गरे पनि जनयुद्धद्वारा राज्यसत्ता कब्जा गर्ने, नयाँ जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने, नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवादी क्रान्तिमा लामबद्ध हुँदै साम्यवादसम्मको यात्रा गरी राज्यसत्ताको विलोपीकरणका मार्गमा अग्रसर हुने लक्ष्य नछाडेको हुनाले यसमा पनि समाजवादी विचारको प्रभाव चाहिँ रहेको देखिन्छ ।

नेकपा (माओवादी) ले दीर्घकालीन जनयुद्धको कार्यनीति र रणनीति अवलम्बन गरेपछि, नेपालको नयाँ जनवादी क्रान्ति, जनयुद्ध र समाजवादी आन्दोलनलाई संश्लेषण गरी प्रचण्डपथ विचारधाराको निर्माण अवलम्बन गरेपछि र नेपालको नयाँपनको जनवादी क्रान्ति, जनयुद्ध र समाजवादी आन्दोलनलाई संश्लेषण गर्दै नयाँ जनवादी क्रान्तिलाई नै परिमार्जन गरी नयाँ जनवादी विचारधाराको भिन्न, मौलिक र उन्नत ढङ्गले परिमार्जन गरी २१ औं शताब्दीको जनवादको कार्यक्रम निर्माण र अवलम्बन गरेपछि २०६२ साल असोज १८-२२ मा सम्पन्न भएको ऐतिहासिक चुनवाङ बैठकपछि 'लोकतान्त्रिक गणतन्त्र' को कार्यनीतिक नारा अघि सारेको थियो । नेकपा (माओवादी) को कार्यनीतिक नारा शान्तिपूर्ण आन्दोलन, खुला राजनीति र संसदीय बाटो समात्ने महत्त्वपूर्ण आधार र नयाँ साधन थियो जसले नेकपा (माओवादी) लाई नयाँ राजनीतिक यात्राका लागि मार्ग प्रशस्त गरिदिएको थियो । उक्त बैठकले पारित गरेको 'लोकतान्त्रिक गणतन्त्र' को कार्यनीतिक नाराको प्रतिवेदनमा पार्टीले लोकतान्त्रिक गणतन्त्रको प्रारूपको कार्यनीतिक नारा अवलम्बन गर्नुपर्ने परिस्थितिका बारेमा यसरी उल्लेख गरेको थियो-

> 'जनयुद्धका पाँच वर्षका अनुभव तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय वर्ग शक्ति सन्तुलनको वस्तुवादी लेखाजोखा गर्दै पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले आफ्नो राजनैतिक कार्यनीतिका रूपमा सर्वपक्षीय सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचनलाई निश्चित गऱ्यो । जनसमुदायमा परेको यसको सकारात्मक प्रभाव उत्कर्षमा पुग्न नपाउँदै नारायणहिटी हत्याकाण्डको मञ्चन भयो र देशको राजनैतिक परिस्थितिमा ठूलो हेरफेर आयो । पार्टी केन्द्रले नयाँ स्थितिमा आफ्नो राजनीतिक कार्यनीतिलाई विकसित गर्दै अन्तरिम सरकार, संविधानसभाको निर्वाचन र गणतन्त्रको संस्थागत विकासको आवश्यकतामा जोड दियो । ठीक त्यही सन्दर्भमा संविधानसभा र गणतन्त्रका पक्षमा एकजुट भएर आन्दोलन अगाडि बढाउन जोड दिँदै पार्टीले विभिन्न संसद्वादी दलहरूसँग केन्द्रीय स्तरमा छलफल अगाडि बढाएको थियो । स्मरणयोग्य छ कि त्यति बेला अघि

सारिएको गणतन्त्रको नारा न नयाँ जनवादी गणतन्त्रको नारा थियो न बुर्जुवा संसदीय गणतन्त्रको नारा नै थियो । वस्तुतः र सारतः त्यो नारा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्यालाई सम्बोधन गर्ने गरी संविधानसभामार्फत राज्य संरचनामा व्यापक परिवर्तन गर्ने बहुदलीय गणतन्त्रको नारा नै थियो । पार्टीले संविधानसभामार्फत राज्य संरचनामा कस्तो परिवर्तन खोजेको हो भन्ने कुराको सारसङ्क्षेप पुरानो सत्तासँग भएको दोस्रो वार्ताकालमा पार्टीका तर्फबाट वार्ता टोलीले प्रस्तुत गरेको प्रस्तावमा स्पष्ट गरिएको छ। त्यही गणतन्त्रको नारालाई पछि लोकप्रिय शब्द 'लोकतान्त्रिक' जोडेर लोकतान्त्रिक गणतन्त्र भनिएको कुरा स्पष्टै छ (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५६९) ।

माथि उल्लिखित भनाइबाट पार्टीले नयाँ जनवादी राज्य प्रणाली स्थापनाको बाटोलाई त्यागेको देखिन्छ । प्रचण्डले जनयुद्ध सञ्चालन गर्नुभन्दा पहिले संविधानसभाको नारा २०४६ सालमा गठन भएका संयुक्त मोर्चा जस्ता सुधारवादी दलहरूले मात्र उठाउने हो र क्रान्तिकारीहरूले उठाउने होइन भनेका थिए (प्रचण्ड, २०५२, पृ. १२७) । पछि जनयुद्धलाई विसर्जन गर्न संविधानसभाको सहारा लिँदै नयाँ जनवादी गणतन्त्रलाई छोडेर लोकतान्त्रिक गणतन्त्रमा जाने बाटो निर्धारण गर्नुले समाजवादी गणतन्त्रबाट विचलित हुँदै गएको मान्न सकिन्छ ।

चुनवाङ बैठकमार्फत नेकपा (माओवादी) ले राष्ट्रिय/अन्तर्राष्ट्रिय राजनीतिक परिस्थिति, दीर्घालीन जनयुद्ध र नयाँ जनवादी क्रान्तिका अनुभवहरू, राजदरबार हत्याकाण्ड, राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन तथा त्यस शासनक विरूद्ध संघर्षमा उत्रिएका संसद्वादी राजनीतिक दलहरूको अवस्था र मुलुकको वर्तमान राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै 'लोकतान्त्रिक गणतन्त्र' को कार्यनीतिक नारालाई अघि सारी रणनीतिक कार्यको सहयोगार्थ लोकतान्त्रिक गणतन्त्रलाई अवलम्बन गर्न पुगेको थियो । यसलाई अझ स्पष्टसँग उक्त बैठकले कार्यनीतिक प्रतिवेदनमा यसो भनेको थियो-

'अहिले पार्टीले सूत्रबद्ध गरेको अन्तरिम सरकार, संविधानसभाको निर्वाचन र लोकतान्त्रिक गणतन्त्रको नारा अन्तर्राष्ट्रिय र घरेलु शक्ति सन्तुलनलाई विचार गरी' अघि सारिएको अग्रगामी राजनीतिक निकासको कार्यनीतिक नारा हो । कार्यनीतिले रणनीतिको सेवा गर्ने उद्देश्यमा स्पष्ट रहँदै पार्टीले लोकतान्त्रिक गणतन्त्रलाई न बुर्जुवा संसदीय गणतन्त्रका रूपमा लिइएको छ न सोझै नयाँ जनवादी गणतन्त्रका रूपमा । देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्यालाई समाधान गर्ने ढङ्गले राज्यसत्तामा व्यापक पुनःसंरचनासहितको यस गणतन्त्रले सङ्क्रमणकालीन बहुदलीय गणतन्त्रको भूमिका खेल्नेछ' (बस्नेत, (सङ्क. तथा सम्पा.), २०६९, पृ. ५६९) ।

लोकतान्त्रिक गणतन्त्रलाई अग्रगामी राजनीतिक निकासको कार्यनीतिक नाराका रूपमा मात्र बुझ्न उक्त बैठकले राजनीतिक प्रतिवेदनमार्फत आह्वान गरेको थियो । यस लोकतान्त्रिक गणतन्त्रको प्रारूपलाई बुर्जुवा गणतन्त्र र नयाँ जनवादी गणतन्त्रभन्दा भिन्न रूपको बहुदलीय गणतन्त्रका रूपमा व्याख्या गरेको थियो । जुन लोकतान्त्रिक गणतन्त्र वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्यालाई समाधान गर्न सक्ने तथा पुनःसंरचनासहितको राज्यसत्ताको निर्माण गर्न सक्ने हुनेछ भनी प्रस्ट पारेको थियो । यस लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारा नयाँ जनवादी गणतन्त्रको रणनीतिक नारालाई पूर्ण गर्न तथा सफल गराई संस्थागत गर्न सङ्क्रमणकालीन राजनीतिको अन्त्यका निमित्त मात्रै ल्याइएको भनी प्रस्ट पारेको थियो । यस लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारा नयाँ जनवादी गणतन्त्रको रणनीतिक नारालाई पूर्ण गर्न तथा सफल गराई संस्थागत गर्न र सङ्क्रमणकालीन राजनीतिको अन्त्यका निमित्त मात्रै ल्याइएको भनी प्रस्ट पारेको थियो जसले गर्दा यस कार्यनीतिक नारामा पनि समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ । तथापि संसदीय अभ्यासमा २०४६ सालदेखि लागेको नेकपा (एमाले) जनताको बहुदलीय जनवादी सिद्धान्तको प्रयोगका माध्यमबाट संसदीय अभ्यासमा निरन्तरता दिँदा क्रमशः समाजवादी गन्तव्यबाट विमुख हुँदै गएको माथिको अध्ययनले देखाइसकेको छ । नेकपा (माओवादी) चुनवाङ बैठकबाट जनयुद्धको कार्यनीतिक योजना र बाटोबाट पछि हट्दै ‘लोकतान्त्रिक गणतन्त्र’ को नारा र संविधानसभाको निर्वाचनमार्फत संसदीय अभ्यासतर्फ उन्मुख हुन गएको देखिन्छ । नेकपा (माओवादी) को समाजवादतर्फको यात्रा र पार्टीभित्रको समाजवादी विचारको परीक्षा यहाँबाट सुरु हुन गएको छ ।

नेकपा (माओवादी) को चुनवाङ बैठकले नयाँ जनवादी क्रान्तिको कार्यदिशामा विकास र परिमार्जनस्वरूप राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन र राजतन्त्रका विरूद्ध ‘लोकतान्त्रिक गणतन्त्र’ र ‘संविधानसभा’ को कार्यनीतिक नाराका आधारमा अन्य वामपन्थी शक्ति एवम् संसद्वादी राजनीतिक दलहरूसँगको कार्यगत एकताका लागि तथा आन्दोलनलाई नयाँ उचाइ प्रदान गर्नका लागि ढोका खोलेको थियो (एनेकपा (माओवादी), २०६९, पृ. २९) । यस बैठकको निर्णयपश्चात् अन्य वामपन्थी शक्ति र संसद्वादी शक्तिहरूसँग वार्ता र अन्तर्क्रिया बढ्दै गएपछि १२ बुँदे समझदारीसहित जनयुद्ध र जनआन्दोलन एकअर्काका सहयोगी बन्दै २०६२-६३ को १९ दिने संयुक्त जनआन्दोलनको जगमा नै शान्ति सम्झौता, अन्तरिम संविधानको निर्माण, अन्तरिम सरकारको निर्माण, संविधानसभाको निर्वाचन, राजतन्त्रको पूर्ण उन्मूलन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, नेकपा (माओवादी) को नेतृत्वमा संविधानसभाको निर्वाचनपछि पहिलो जननिर्वाचित सरकारको निर्माण, धर्मनिरपेक्ष राज्यको घोषणा र राज्यले समावेशी तथा समानुपातिक प्रतिनिधित्व प्रणाली स्वीकार्ने जस्ता विषयहरू राजनीतिक परिवर्तनहरू सम्भव भएका थिए (एनेकपा (माओवादी), २०६९, पृ. २९) । २०६२ साल मङ्सिर ७ गते भएको सात

राजनीतिक दल र नेकपा (माओवादी) बिचको बाह्र बुँदे सहमतिको पहिलो बुँदामा निरङ्कुश राजतन्त्रको अन्त्य गर्ने भन्ने समाजवादी विचारसँग मिल्दोजुल्दो कार्यक्रमबाहेक अरू सबै बुँदाका कार्यक्रम पुँजीवादी राजनीतिक विचारमा आधारित लोकतान्त्रिक आन्दोलनका मात्रै कार्यक्रम थिए (नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०६९, पृ. ७-८)। २०६२।६३ को ऐतिहासिक संयुक्त जनआन्दोलनमा नेकपा (माओवादी) संलग्न बाह्र बुँदे समझदारीमा आधारित आन्दोलन भएकाले र उक्त समझदारीमा समाजवादसँग सम्बन्धित कुनै बुँदा उल्लेख नभएकाले उक्त आन्दोलन सरमाजवादी विचारबाट प्रभावित थियो भन्न सकिएन ।

२०६२/६३ सालको संयुक्त जनआन्दोलनले मुलुकमा राजनीतिक परिवर्तन ल्याइदिएको थियो । यस संयुक्त जनआन्दोलनले २०६३ साल वैशाख ११ गते विघटित प्रतिनिधिसभा पुनर्स्थापित गरिदिएको थियो र लोकतन्त्रको स्थापना गरिदिएको थियो (नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०६९, पृ. ११) । मुलुकमा लोकतन्त्रको स्थापना भएसँगै नयाँ संविधान निर्माण गर्ने संविधानसभाको निर्वाचनतिर मुलुक अग्रसर भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ३३७) । नेपाल सरकार र नेकपा (माओवादी) बिच २०६४ साल जेठ महिनाभित्र संविधानसभाको निर्वाचन गर्ने भनी विस्तृत शान्तिसम्झौता भएको थियो । २०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बिच विस्तृत शान्तिसम्झौता भएको थियो । उक्त शान्तिसम्झौतामा ३ नम्बरको राजनीति-आर्थिक-सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन बुँदामा "सामन्तवादका सबै रूपहरूको अन्त्य गर्दै आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिमा तय गर्ने, सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने" जस्ता कार्यक्रम तय गरिएको थियो (नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०६९, पृ. ३७-४८)। यी कार्यक्रमहरू समाजवादी विचारसँग मिल्दाजुल्दा केही कार्यक्रम भएको हुँदा यस विस्तृत शान्तिसम्झौतामा समाजवादी विचारको प्रभाव थियो भन्न सकिए तापनि यस सम्झौताले सर्वहारावर्गको अधिनायकत्वमा आधारित वैज्ञानिक समाजवादको स्थापना गर्ने भनी दीर्घकालीन जनयुद्धको नीति अख्तियार गरेको नेकपा (माओवादी) को नेतृत्वमा भएको जनयुद्ध सदाका लागि अन्त्य भएको थियो ।

२०६३ साल मङ्सिर २२ गते नै हतियार तथा सेना व्यवस्थपनको अनुगमनसम्बन्धी सम्झौता पनि भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ३३८) । यसै सहमतिअनुसार २०६४ साल जेठ महिनाभित्र विविध कारणवश संविधानसभाको निर्वाचन हुन नसकेपछि निर्वाचनको मिति सारी २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन भएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ३४८) । २०६४ सालको संविधानसभाको निर्वाचनमा ६०१ संविधानसभा सदस्य निर्वाचित हुने प्रावधान राखिएको थियो जसमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट २४० जना सदस्य, समानुपातिक

निर्वाचन प्रणालीबाट ३३५ जना सदस्य र नेपाल सरकार मन्त्रिपरिषद्बाट मनोनीत हुने २६ जना सदस्य गरी ६०१ सदस्यीय संविधानसभा गठन हुने प्रावधान राखिएको थियो (निर्वाचन आयोग, २०७३, पृ. ३४३-३४८)। यस संविधानसभाको निर्वाचनमा नेकपा (माओवादी) पनि सहभागी भएको थियो। यस निर्वाचनका लागि नेकपा (माओवादी) ले 'नयाँ नेपाल निम्ति नयाँ विचार र नयाँ नेतृत्व, संविधानसभा निर्वाचनका लागि नेकपा (माओवादी) को प्रतिवद्धतापत्र' भनी संविधानसभा निर्वाचनका लागि प्रतिबद्धतापत्र सार्वजनिक गरेको थियो (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)। यस प्रतिबद्धतापत्रमा संविधानसभा, संविधानसभाको औचित्य र महत्त्वका बारेमा स्पष्ट पार्दै यसो भनिएको थियो-

> 'संविधानसभाको निर्वाचन भनेको प्रत्येक पाँच वर्षमा भइरहने सामान्य संसदीय निर्वाचन होइन। यो त एक युगमा एकचोटी आउने विशिष्ट परिघटना हो किनकि संविधानसभा भनेको सबै उमेर पुगेका नागरिकहरूले बराबरी मतका आधारमा स्वतन्त्र र निष्पक्ष ढङ्गले आफ्ना प्रतिनिधिहरू चुनेर उनीहरूद्वारा आफूमा निहित सार्वभौम तथा राजकीय सत्ताको प्रयोग गर्दै देशको मूल कानुन अर्थात् संविधान बनाउने मध्यम हो। त्यस्तो संविधानसभाको प्रयोग गर्दै देशको मूल कानुन अर्थात् संविधान बनाउने माध्यम हो। त्यस्तो संविधानसभाको निर्वाचन कुनै देशको इतिहासमा सयौं वर्षमा एकपटक हुने गर्दछ। विश्व इतिहासलाई दृष्टिगत गर्दा खासगरी कुनै देशमा सामन्तवाद र राजतन्त्र वा विदेशी उपनिवेशको अन्त्य भएर पुँजीवादी लोकतन्त्र संस्थागत गर्ने क्रममा संविधानसभाको निर्वाचन हुने गर्दछ। त्यसैले संविधानसभालाई पुँजीवादी लोकतन्त्रको 'सर्वोच्च रूप' पनि भन्ने गरिन्छ। नेपालमा पनि संविधानसभाको निर्वाचनको प्रसङ्ग सामन्तवाद र राजतन्त्रको अन्त्य गरी पुँजीवादी लोकतन्त्रलाई पूर्णता दिने विधिका रूपमा २००७ सालदेखि उठ्दै आइरहेको छ। परन्तु एकातिर सामन्ती राजतन्त्रवादी शक्तिका तीव्र विरोध एवम् षडयन्त्र र अर्कातिर पुँजीवादी संसद्वादी शक्तिको ढुलमुले र आत्मसमर्पणवादी नीतिका कारणले संविधानसभा निर्वाचन पटकपटक टर्दै र सर्दै आएको छ। खालि कम्युनिस्ट क्रान्तिकारीहरूले मात्रै संविधानसभाको प्रश्नलाई निरन्तर रूपले गम्भीरतापूर्वक उठाउँदै आइरहेका छन् किनकि पुँजीवादी जनवादी क्रान्ति पूरा गरेर समाजवादका निम्ति वस्तुगत आधार तयार गर्न यसले प्रगतिशील भूमिका खेल्छ भन्ने उनीहरूको सिद्धान्तनिष्ठ विश्वास छ' (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)।

संविधानसभाको निर्वाचनलाई पटकपटक भइरहने आम संसदीय निर्वाचन जस्तो नभई आफूहरूले चुनेका प्रतिनिधिहरूमार्फत आफूमा निहित सार्वभौमिकता तथा राजकीय सत्ताको प्रयोग गर्दै संविधान बनाउने माध्यम हो र कम्युनिस्ट क्रान्तिकारीहरूका लागि पुँजीवादी जनवादी क्रान्ति

सम्पन्न गरी समाजवादी क्रान्तिका निम्ति वस्तुगत आधार तयार गर्ने माध्यम हो भनी प्रतिबद्धतापत्रमा स्पष्ट पारिएको थियो। संविधानसभालाई समाजवादका लागि वस्तुगत आधार तयार गर्ने माध्यमका रूपमा लिइएको हुँदा यस प्रतिवद्धतापत्रमा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ। तथापि संसारमा जहाँ कम्युनिस्ट शासनहरू उदय भए तिनले कम्युनिस्ट दर्शनका नाममा आफ्ना वैचारिक दर्शनहरू तयार पारे भने तिनीहरू कसैले पनि संविधानसभाको मागलाई समाजवादी गन्तव्यका रूपमा मानेका छैनन्। नेकपा (माओवादी) संविधानसभामार्फत समाजवादलाई गन्तव्य कसरी बनाउँछ भन्ने यसको भावी रणनीति र कार्यनीति योजनालाई हेरेर मात्र विवेचना गर्न सकिन्छ। नेकपा (माओवादी) ले संविधानसभालाई पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने र समाजवादको आधार तयार गर्ने माध्यमका रूपमा लिएको भनी प्रस्ट पार्ने क्रममा प्रतिबद्धतापत्रमा भनिएको थियो-

> 'नेपाल जस्तो अर्धसामन्ती तथा अर्धऔपनिवेशिक देशमा पहिले सामन्तवाद र राजतन्त्रका सबै रूपहरूको अन्त्य गरेर पुँजीवादी जनवादी क्रान्ति पूरा गरेपछि मात्रै समाजवादको आधार तयार गर्न सकिन्छ भन्ने क्रान्तिकारी कम्युनिस्टहरूको सुरुदेखिकै दृढ अडान र मान्यता रहँदै आएको छ। त्यसै मान्यताअनुरूप क्रान्तिकारी कम्युनिस्टहरूको मूल धार नेकपा (माओवादी) ले संविधानसभालाई पुँजीवादी लोकतन्त्रको उच्चतम रूप मान्दै त्यसप्रति आफ्नो दृढ प्रतिबद्धता व्यक्त गर्दै आएको छ' (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)।

प्रतिबद्धतापत्रमा नेकपा (माओवादी) ले संविधानसभालाई पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी समाजवादको आधार तयार गर्ने पुँजीवादी लोकतन्त्रको उच्चतम रूप हो र पार्टी यसैमा दृढ छ भनी प्रतिबद्धता व्यक्त गरेको थियो। पार्टीले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी राजतन्त्रको अन्त्य गरेर सामन्तवादका सम्पूर्ण अवशेषहरू समाप्त पार्दै समाजवादको वस्तुगत आधार तयार गर्ने साधनका रूपमा संविधानसभालाई लिएको हुँदा संविधानसभा र प्रतिबद्धतापत्र दुवैमा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ। प्रतिबद्धतापत्रमा पार्टीले सङ्घीय राज्यप्रणाली, गणतन्त्रात्मक शासन व्यवस्था र जनमुखी लोकतान्त्रिक पद्धतिलाई स्थापना गरी निरन्तर उन्नत लोकतन्त्रको अभ्यास गर्ने प्रतिबद्धता पनि जाहेर गरेको थियो (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)। यस प्रतिबद्धतापत्रमा नयाँ सङ्क्रमणालीन अर्थनीतिको बुँदामा भनिएको थियो-

> 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अर्थनीतिको आधार सामन्तवाद र साम्राज्यवाद विरोधी र नेपाली विशेषता सुहाउँदो नयाँ सङ्क्रमणकालीन अर्थनीति (New Transistional Economic Policy) हुनेछ। यसका मूल विशेषताहरू यी हुनेछन् :

- अर्थतन्त्रमा सामन्तवादका सबै रूपहरूको अन्त्य गरिनेछ। मुख्यतः सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ।
- समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्नु आर्थिक विकास नीतिको मुख्य चरित्र हुनेछ' (नेकपा (माओवाद), २०६४, परिशिष्ट ५)।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ अर्थनीति सङ्क्रमणकालीन अर्थनीति हुनेछ जसमा सामन्तवादका सबै रूपहरू विशेषतः सामन्ती भू-स्वामित्वलाई अन्त्य गरी 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार लागू गर्ने तथा मुलुकमा समाजवाद उन्मुख औद्योगिक राष्ट्रिय पुँजीको निर्माण र विकास गर्ने प्रतिबद्धतापत्रमार्फत स्पस्ट पार्नु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ। प्रतिबद्धतापत्रमा सामान्य विकास नीतिको बुँदामा सामन्तवादी सम्बन्धको अन्त्य सम्बन्धमा यस्तो भनिएको थियो-

> 'नेपालको समग्र विकासका निम्ति मुख्य बाधक तत्त्व भनेको विविध क्षेत्रमा र मुख्यतः कृषिमा अद्यावधिक कायम रहेको सामन्तवादी उत्पादन सम्बन्ध नै हो। दुई तिहाई श्रमशक्ति अल्झिरहेको कृषिमा सामन्ती उत्पादन सम्बन्धका सबै रूपहरू जरैदेखि उखेलेर नफाली नेपालको आर्थिक कायापलट र तीव्र विकास सम्भवै छैन। त्यसैले जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गर्दै समाजका सबै क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषलाई निमिट्यान्न पारेर तीव्र आर्थिक विकासको आधार तयार गरिनेछ। अन्ततः राजनीतिक क्रान्ति पूरा नभई आर्थिक क्रान्ति सफल हुन्न भन्ने तथ्यलाई राम्ररी स्थापित गरिनेछ' (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)।

मुलुकमा राजनीतिक क्रान्ति सम्पन्न गरी सामन्तवादका अवशेषहरूलाई निमिट्यान्न पारी आर्थिक क्रान्ति सम्पन्न गर्दै आर्थिक विकासको आधार तयार गर्ने सामन्तवादी उत्पादनका सम्बन्धका सबै रूपहरूलाई जरैदेखि उखलेर निर्मूल पार्ने र यसका लागि 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधारको कार्यक्रम लागू गरी कार्यान्वयन गर्ने जस्ता कार्यक्रम प्रतिबद्धतापत्रमा प्रस्तुत गरी सामन्तवादका सम्पूर्ण अवशेषहरू निर्मूल गरी मुलुकलाई आर्थिक विकासका मार्गमा लम्काउन प्रतिबद्ध हुनु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ। प्रतिबद्धतापत्रमा 'जोताहा मोही, मुक्त कमैया, भूमिहीन किसान, गरिब किसानलाई निःशुल्क जमिन वितरण गर्ने, भूमिहीन तथा साना किसानहरूको ऋण मिनाह गर्ने, मध्यम किसानको ऋणको ब्याज मिनाहा गर्ने' जस्ता कार्यक्रमहरू पनि प्रस्तुत थियो (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)। प्रतिबद्धतापत्रमा यस्ता कार्यक्रमहरू प्रस्तुत हुनुले पनि समाजवादी विचारको प्रभाव थियो भन्न

सकिन्छ। प्रतिबद्धतापत्रमा संविधानसभालाई पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने साधन बनाउनु र समाजवादी क्रान्तिलाई साध्यकै रूपमा लिनुले पनि समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ।

संविधानसभाको निर्वाचन मिति पटकपटक सारिए पनि २०६४ साल चैत २८ गते नेपालकै निर्वाचनाको इतिहासमा पहिलो पटक संविधानसभाको निर्वाचन भएको थियो। यस निर्वाचनबाट गठित संविधानसभामा ६०१ सदस्य रहने प्रावधान थियो। प्रत्यक्ष निर्वाचन प्रणालीबाट २४० सदस्य, समानुपातिक निर्वाचन प्रणालीबाट ३३५ सदस्य र नेपाल सरकार मन्त्रिपरिषद्बाट २६ मनोनीत सदस्य गरी कुल ६०१ सदस्य निर्वाचित हुने व्यवस्था गरिएको थिए (निर्वाचन आयोग २०७३, पृ. ३४३-३४४)। यस निर्वाचनमा संविधानसभाका २६ मनोनीत सदस्यबाहेक प्रत्यक्षतर्फ २४० र समानुपातितर्फ ३३५ गरी कुल ५७५ संविधानसभाका सदस्यमध्ये नेकपा (माओवादी) का प्रत्यक्षतर्फ कुल २४० सदस्यमध्ये १२० सदस्य, समानुपातिकतर्फ कुल ३३५ सदस्यमध्ये १०० सदस्य निर्वाचित भएका थिए। नेकपा (एमाले) का प्रत्यक्षतर्फ ३३ सदस्य, समानुपातिकतर्फ ७० सदस्य निर्वाचित भएका थिए। जनमोर्चा नेपालका प्रत्यक्षतर्फ २ सदस्य र समानुपातिकतर्फ ५ सदस्य निर्वाचित भएका थिए। नेपाल मजदुर किसान पार्टीका प्रत्यक्षतर्फ २ सदस्य र समानुपातिकतर्फ २ सदस्य निर्वाचित भएका थिए। राष्ट्रिय जनमोर्चाका प्रत्यक्षतर्फ १ सदस्य र समानुपातिकतर्फ ३ सदस्य निर्वाचित भएका थिए (निर्वाचन आयोग २०७३, पृ. ७०९-७२३)। नेकपा (माले) का समानुपातिकतर्फ ८ सदस्य निर्वाचित भएका थिए। नेकपा (संयुक्त) का समानुपातिकतर्फ ५ सदस्य निर्वाचित भएका थिए। नेकपा (एकीकृत) का समानुपातिकतर्फ २ सदस्य निर्वाचित भएका थिए (निर्वाचन आयोग, २०७३, पृ. ७२३)। यस संविधानसभाको निर्वाचनमा कम्युनिस्ट पार्टीका प्रत्यक्ष र समानुपातिक गरी कुल ५७५ सदस्यतामध्ये ५५३ सदस्य निर्वाचित भएका थिए। जनमतका आधारमा नेपाली जनमतको समाजवादी विचारमा विश्वास बढ्दै गएको देखिन्छ।

संविधानसभाको निर्वाचनको मतपरिणामका आधारमा नेकपा (माओवादी) प्रत्यक्षतर्फ १२० र समानुपातिक तर्फ १०० गरी कुल २२० सिटमा निर्वाचत भई नेपालको पहिलो राजनीतिक दल बन्न पुगेको थियो। नेपालको पहिलो राजनीतिक दल बनेपछि सरकारको नेतृत्व गर्ने संसदीय अभ्यासअन्तर्गत आफ्नो पार्टीको नेतृत्वमा सरकार गठन गर्न नेकपा (एमाले) र मधेसी जनअधिकार फोरमसँग गठनबन्धन गरेको थियो (सापकोटा, २०७६, पृ. १४२)। २०६५ साल साउन ३१ गते प्रधानमन्त्रीका लागि भएको निर्वाचनमा गठबन्धनका तर्फबाट नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ प्रधानमन्त्रीका उम्मेदवार बनेका थिए। उक्त निर्वाचनमा ४६४ मत प्राप्त गर्दै नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ प्रधानमन्त्री पदमा निर्वाचित

भएका थिए (सापकोटा, २०७६, पृ. १४२) । गणतन्त्र नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल (प्रचण्ड) ले २१ राजनीतिक दलको समर्थन पाउँदै दुई तिहाई मतभन्दा बढी मत प्राप्त गरेका थिए (भण्डारी, २०७९, पृ. २४९) । प्रधानमन्त्रीमा निर्वाचित भएपछि पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा २०६५ साल भदौ ६ गते मन्त्रिपरिषद्को गठन भएको थियो (रिसाल र पोखरेल, २०७५, पृ. १०७-१०८) । नेकपा (माओवादी) का अध्यक्ष, पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भएपछि उनको नेतृत्वको सरकारले २०६५ साल भदौ २५ गते बुधवारका दिन नेपाल सरकारका नीति तथा कार्यक्रम ल्याएको थियो । उक्त नीति तथा कार्यक्रम राष्ट्रपति रामवरण यादवले संविधानसभाको व्यवस्थापिका-संसद्को बैठकमा नीति तथा कार्यक्रम २०६५/६६ प्रस्तुत गरेका थिए (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) । उक्त नीति तथा कार्यक्रमको दशौँ बुँदामा भनिएको थियो-

> 'मुलुक अहिले राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक रूपान्तरणको नयाँ चरणमा प्रवेश गरेको छ। सामन्ती राज्य संरचनाका कारण विगतमा सृजना भएका विभिन्न आर्थिक-सामाजिक समस्याहरूको हल गर्न सामन्तवादका सबै रूप एवम् अवशेषहरूको अन्त्य गर्दै नयाँ लोकतान्त्रिक मूल्यमान्यताका आधारमा स्वाधीन, स्वतन्त्र र आत्मनिर्भर नयाँ नेपाल निर्माणको आधार तयार गर्नु हामी सबैको साझा जिम्मेवारी हो । यसका लागि राजनीतिक सहमतिका आधारमा एउटा साझा कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सरकार दृढ रहेको छ' (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) ।

राज्यमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिकलगायतका विविध पक्षलाई रूपान्तरण गरी नयाँ नेपालको निर्माण गर्न सामन्ती संरचनाभित्रका सामान्तवादका सम्पूर्ण अवशेषहरूलाई अन्त्य गर्ने कुरा समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रम भए पनि यसका निम्ति नयाँ लोकतान्त्रिक मूल्यमान्यतामा आधारित साझा कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सरकार दृढ छ भन्नुको अर्थ सरकारी कार्यक्रमका आधारमा पुँजीवादी राजनीतिक विचारतर्फ पार्टी रूपान्तरित हुन थालेको देखिन्छ। राजनैतिक सहमति, साझा कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने कुरा अमूर्त र अस्पष्ट छ। वर्गीय समाजमा वर्गविभेद रहन्छ भन्ने मार्क्सवादी दर्शन वा समाजवादी अवधारणामा आधारित भई भन्ने हो भने उक्त कार्यक्रम वर्गसङ्घर्षको सिद्धान्तबाट विमुख भई वर्ग समन्वयतर्फ लागेको स्पष्ट अभिव्यक्ति हो। यसै नीति तथा कार्यक्रमको तेह्रौँ बुँदामा यस्तो भनिएको थियो-

> 'राजनीतिक, सामाजिक-सांस्कृतिक र आर्थिक क्रान्तिलाई साथसाथै अघि बढाएर मात्र दिगो शान्ति कायम गर्न सकिन्छ भन्ने मान्यतालाई दह्रोसँग आत्मसात् गरिनेछ। गाँस, बास, कपास र उपचारको अभाव, गरिबी बेरोजगारी, अशिक्षा, अन्धविश्वास र

> असमानताको अन्त्य गर्दै देशलाई जनचाहनाबमोजिम आर्थिक-सामाजिक रूपले समुन्नत, एवम् समृद्ध बनाउँदै लैजान राज्यको सम्पूर्ण ध्यान केन्द्रित हुनेछ' (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) ।

राज्यमा राजनीतिक, सामाजिक-सांस्कृतिक र आर्थिक क्रान्तिलाई एकसाथ अघि बढाउँदा मात्रै नेपालमा दिगो शान्ति कायम गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात् गर्नु, गाँस, बास, कपास र उपचार जस्ता अत्यावश्यक आधारभूत आवश्यकताहरू तथा गरिबी, बेरोजगारी, अशिक्षा, अन्धविश्वास र असमानताको अन्त्य गर्ने लक्ष्यमा सरकार केन्द्रित हुनु समाजवादी विचारमा आधारित कार्यक्रम भए पनि यी लक्ष्य पूरा गर्न जनचाहनावमोजिमका कार्यक्रम तय गरी आर्थिक-सामाजिक रूपले समुन्नत एवम् समृद्ध राज्य बनाउन सरकारको सम्पूर्ण ध्यान केन्द्रित हुनेछ भन्नु समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रम नभई पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुनाले यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव छैन भन्न सकिन्छ । यसै नीति तथा कार्यक्रमको पन्ध्रौँ बुँदामा यस्तो भनिएको थियो-

> 'सङ्क्रमणकालीन राजनीतिक अवस्थाका कारण सुस्त रहन गएको अर्थतन्त्रलाई तीव्र गति प्रदान गर्ने कार्य वर्तमान सरकारका लागि प्रमुख चुनौती र अवसर पनि बनेको छ । गरिबी, बेरोजगारी, असमानता र परनिर्भरताजस्ता विसङ्गतिहरूबाट देश र जनतालाई मुक्त गर्नु, तीव्र आर्थिक वृद्धि हासिल गर्नु र न्यायपूर्ण वितरण प्रणाली कायम गर्नु र न्यायपूर्ण वितरण प्रणाली कायम गर्नु नै सरकारको आर्थिक तथा मौद्रिक नीतिको उद्देश्य हुनेछ । हाल मुलुकमा कायम भएको शान्तिको वातावरणले आर्थिक वृद्धिको आधार तयार पार्न सहयोग पुऱ्याउने अपेक्षा सरकारले लिएको छ' (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) ।

देश र जनतालाई गरिबी, बेरोजगारी, असमानता र परनिर्भरताजस्ता विसङ्गतिहरूबाट मुक्त गर्दै तीव्र आर्थिक वृद्धि हासिल गर्ने, न्यायपूर्ण वितरण प्रणाली कायम गर्ने उद्देश्य सरकारले लिनु समाजवादी विचारमा आधारित कार्यक्रम भए पनि यस लक्ष्यलाई कार्यान्वयन गर्न साझा कार्यक्रममा आधारित सार्वजनिक-निजी-साझेदारी (Public-private-partnership) जस्ता आर्थिक नीति अवलम्बन गरेको हुँदा यस नीति तथा कार्यक्रमलाई समाजवादी विचारको प्रभावमा परी ल्याएको समाजवादी कार्यक्रम नभनी पुँजीवादी राजनीतिक विचारका प्रभावमा आधारित सुधारवादी कार्यक्रम नै भन्न मिल्दछ । यसै नीति तथा कार्यक्रमको अठारौं बुँदामा यस्तो भनिएको थियो-

> 'आर्थिक वृद्धिदर उच्च हुँदैमा त्यसको प्रतिफल स्वतः विपन्न वर्ग, समुदाय र उपेक्षित तथा निम्न वर्गमा नपुग्ने हुँदा ती वर्गले पनि विकासको अनुभूति गर्न पाऊन् भन्नका लागि न्यायोचित आर्थिक वृद्धिको अवधारणा अवलम्बन गरिनेछ । आर्थिक वृद्धिलाई तल्लो स्तरसम्म पुऱ्याउन गरिबी निवारण, रोजगारीका अवसरको वृद्धि, असमानता न्यूनीकरण जस्ता कार्यक्रमहरू सशक्त रूपमा अगाडि बढाइनेछन्' (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) ।

सरकारले राज्यका विपन्न वर्ग, समुदाय र उपेक्षित तथा निम्न वर्गमा आर्थिक वृद्धिदरका प्रतिफल पुऱ्याउनका निम्ति न्यायोचित आर्थिक वृद्धिका अवधारणा अवलम्बन गर्दै रोजगारीका अवसरमा वृद्धि, असमानता न्यूनीकरण, गरिबी निवारण जस्ता कार्यक्रमहरूमा समाजवादी विचारमा आधारित कार्यक्रम तय गरे पनि यसलाई पूर्ण रूपमा समाजवादी कार्यक्रम भन्न मिल्दैन । यी कार्यक्रम पनि पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुँदा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव छ भन्न मिल्दैन । यसै नीति तथा कार्यक्रमको तिसौं बुँदामा भनिएको थियो-

> 'कृषि क्षेत्र ग्रामीण अर्थतन्त्र र रोजगारीको आधारस्तम्भ हो । यस क्षेत्रमा रहेको सामन्ती शोषण, उत्पीडन एवम् त्यसका अवशेषलाई निर्मूल पार्दै जमिनमा वास्तविक किसानको हक स्थापित गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन् । किसानहरूको ट्रेड युनियन अधिकार स्थापना गरिनेछ । साथै कृषिको उत्पादकत्व बृद्धि गर्न उत्पादन सम्बन्धमा परिवर्तन, सिँचाइ सुविधा र उन्नत एवम् उपयुक्त प्रविधिको विस्तारमा सरकारले ध्यान दिनेछ । जनताको खाद्य सम्प्रभुता सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गरिनेछ' (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) ।

राज्यको कृषि क्षेत्र ग्रामीण अर्थतन्त्र र रोजगारीको आधारस्तम्भ भएका हुनाले यस क्षेत्रमा रहेको सामन्ती शोषण, उत्पीडन र सामन्तवादका सम्पूर्ण अवशेषहरूलाई निमिट्यान्न हुने गरी निर्मूल गर्दै जमिनमाथि वास्तविक किसानको हक स्थापित गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने, किसानहरूको ट्रेड युनियन अधिकार स्थापना गर्ने, कृषिको उत्पादन बढाउन उत्पादनका सम्बन्धहरू परिवर्तन, जनताका खाद्य सम्प्रभुता कायम गर्ने जस्ता प्रतिबद्धता सरकारले नीति तथा कार्यक्रममा गरे पनि यसलाई समाजवादी कार्यक्रम भन्न मिल्दैन । यी कार्यक्रमहरू पनि पुँजीवादी राजनीतिक विचारअन्तर्गतकै सुधारवादी कार्यक्रम भएको हुँदा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव थियो भनी भन्न सकिँदैन । यसै नीति तथा कार्यक्रमको छत्तिसौँ बुँदामा यसो भनिएको थियो-

> 'गरिबी र बेरोजगारी/अर्धबेरोजगारीको अन्त्य एवम् आर्थिक वृद्धिका लागि कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादनको विविधीकरण, यान्त्रिकीकरण एवम् आधुनिकीकरणका लागि थप पुँजी र नयाँ प्रविधिको विकासलाई प्रोत्साहन दिइनेछ। वैज्ञानिक भूमिसुधार र समग्र भू-उपयोग नीति लागू गर्दै जमिनमा भूमिहीन तथा जोताहा किसानाको पहुँच र हक कायम गरिनेछ। विशिष्ट, तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य उपज र खाद्यान्न, नगदे बाली र जडीबुटी खेतीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न नीतिगत तथा संरचनात्मक सुधार गरिनेछ' (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७)।

सरकारले वैज्ञानिक भूमिसुधार र समग्र भू-उपयोगको नीति लागू गरी जमिनमाथि भूमिहीन तथा जोताहा किसानको पहुँच र हक कायम गर्ने नीति अघि सार्नु समाजवादी विचारमा आधारित कार्यक्रम भए पनि कृषि क्षेत्रमा कृषिजन्य उत्पादनलाई व्यवसायीकरण र प्रतिस्पर्धात्मक लाभमा वर्गीकरण गरी व्यवसायीकरण गर्न सकिने र प्रतिस्पर्धात्मक बजारमा अत्यधिक लाभ मिल्ने खालका कृषि उत्पादनलाई प्राथमिकतामा राख्ने कार्यक्रमलाई अघि सार्नु समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रमभन्दा पनि पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुँदा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव थियो भन्न मिल्दैन। यस नीति तथा कार्यक्रमको अठतिसौँ बुँदामा यस्तो भनिएको थियो-

> 'भूमिहीन सुकुम्बासी, मुक्त हलिया र मुक्त कमैयालाई सामूहिक तथा सहकारी खेतीका निमित्त सरकारी स्वामित्वमा रहेको बाँझो जमिन उपलब्ध गराइनेछ। यसैगरी यस्ता समूहलाई स्रोत र साधनको व्यवस्था गरी सीप विकास, रोजगारी एवम् आवासको सुविधा उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिइनेछ। साथै सार्वजनिक तथा ऐलानी एवम् पर्ती जमिनको अतिक्रमण रोक्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ' (नीति तथा कार्यक्रम २०६५/६६, २०६६, परिशिष्ट ७)।

सरकारले भूमिहीन सुकुम्बासी, मुक्त हलिया र मुक्त कमैयालाई सरकारी स्वामित्वमा रहेको बाँझो जमिन सामूहिक तथा सहकारी खेतीका लागि उपलब्ध गराउने, भूमिहीन, भूमिहीन सुकुम्बासी, मुक्त हलिया र मुक्त कमैयालाई स्रोत र साधनको प्रयोग गरी सीप विकास, रोजगारी र आवासको उपलब्ध गराउने कार्यक्रम अघि सारे पनि यी कार्यक्रम समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रमभन्दा पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुँदा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव थियो भन्न सकिँदैन।

सरकारले यी कार्यक्रमका अलवा यस नीति तथा कार्यक्रममा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संस्थागत गर्ने, संविधानसभाबाट नयाँ संविधानको निर्माण गर्ने, शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउँदै मुलुकको सामाजिक एवम् आर्थिक रूपान्तरणको प्रक्रियालाई अग्रगामी दिशातर्फ उन्मुख गराउँदै तोकिएकै समयभित्र जनचाहनाबमोजिमको सङ्घीय लोकतान्त्रिक संविधानको निर्माण गर्ने, सामाजिक पुनर्निर्माणको कार्यलाई प्राथमिकता दिने, जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र विभिन्न राजनीतिक सङ्घर्षमा सहिद भएका, बेपत्ता भएका, घाइते भएका र विस्थापित भएकालाई राहत दिने, औषधी उपचार गर्ने, क्षतिपूर्ति दिने, पुनर्स्थापना तथा व्यवस्थापन गर्ने जस्ता विविध खालका सहयोग गर्ने, बृहत् शान्तिसम्झौताको प्रावधानअनुसार उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने, शिविरमा रहेका जनमुक्ति सेनालाई बृहत् शान्तिसम्झौता र नेपालको अन्तरिम संविधान-२०६३ बमोजिम समायोजन तथा पुनर्स्थापना गर्ने, अग्रगामी मान्यता, सामाजिक न्याय र समानताको सिद्धान्तअनुसार राज्यका सबै अङ्ग र तहमा महिला, आदिवासी-जनजाति, अत्यन्त अल्पसङ्ख्यक जाति, मधेसी, दलित, मुसलमान समुदाय, पिछडिएका क्षेत्रका जनताका समानुपातिक समावेशीकरणको प्रक्रियालाई कानुनी व्यवस्थाअनुसार अगाडि बढाउने, सामाजिक न्यायलाई स्थापित गर्ने, न्यून आय भएका वर्गलाई मूल्यवृद्धिको चपेटामा नपार्न र तीव्र आर्थिक वृद्धिको आधार तयार गर्न सरकारले प्राथमिकता दिने, अर्थतन्त्रमा सरकारी, निजी एवम् सहकारी क्षेत्रको भूमिकालाई मुलुक र जनताको हितका लागि पुनःपरिभाषित गर्ने तथा अवलम्बन गर्ने, पूर्वाधार सेवाहरूको विकास र विस्तार तथा साधन र स्रोतले विपन्न क्षेत्र, वर्ग एवम् जनसमुदायलाई आर्थिक-सामाजिक स्थितिमा आमूल परिवर्तन ल्याउन ध्यान दिने, श्रमिकहरूको हकहित, दक्षता वृद्धि र सामाजिक सुरक्षालाई उचित ध्यान दिने, स्वास्थ्य र शिक्षाका क्षेत्रमा गरिब, विपन्न एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायको पहुँचमा वृद्धि गर्ने, आम जनताका लागि स्वास्थ्य सेवा सहज र सुलभ बनाउने, सार्वजनिक क्षेत्रका रोजगारीमा र सामाजिक सेवाको पहुँचमा जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र विविध खाले राजनीतिक सङ्घर्षमा शाहदत प्राप्त गर्ने परिवारलाई तथा अपाङ्ग भएका परिवारलाई प्राथमिकता दिने, नेपाललाई छुवाछुतमुक्त मुलुक घोषणा गरी दलित समुदायको उत्थानका लागि दलित सशक्तीकरणको कार्यक्रम लागू गर्ने र पितृसत्तात्मक सामाजिक व्यवस्थाको अन्त्य गरी महिलाविरूद्धका सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने जस्ता विविध खालका कार्यक्रम यस नीति तथा कार्यक्रममा उल्लेख थियो (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७)। यस्ता विविध खालका नीति तथा कार्यक्रमहरू

समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रम नभई पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुँदा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव रहेको देखिँदैन ।

तत्कालीन राष्ट्रपति रामवरण यादवले नेपाल सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम २०६५/६६ पढेर सुनाइसकेपछि यस नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिने क्रममा व्यवस्थापिका संसद्को चौथो अधिवेशनमा तत्कालीन प्रधानमन्त्री पुष्कमल दाहाल 'प्रचण्ड' ले यसो भनेका थिए-

> 'राजनीतिक परिवर्तनको यस चरणमा हाम्रो विकासको क्रम र अन्य परिवेशले न त हामी तत्कालै साम्यवादमा पुग्न सक्छौं न यथास्थितिको परमपरागत संसदीय प्रणालीमा नै रहन सक्दछौँ । तथापि लोकतन्त्रका मूल्य र मान्यतालाई आत्मसात् गर्दै सङ्घीयतामा आधारित समावेशी र समानुपातिक राज्य प्रणालीको स्थापना गर्न हामी प्रतिवद्ध छौं' (दाहाल 'प्रचण्ड', २०७७, पृ. ११) ।

नीति तथा कार्यक्रममाथि उठेका सवालको तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जवाफ दिने क्रममा स्पष्टसँग तत्कालै साम्यवादमा पुग्न सकिने अवस्था पनि छैन बुर्जुवा संसदीय प्रणाली पनि स्वीकार्य छैन । अहिले लोकतन्त्रका मूल्य एवम् मान्यतालाई आत्मसात् गर्दै सङ्घीयतामा आधारित समावेशी तथा समानुपातिक राज्यप्रणाली स्थापित गर्न प्रतिबद्ध छौँ भनी प्रतिबद्धता जनाएका हुँदा नीति तथा कार्यक्रम २०६५/६६ समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रम नभई पुँजीवादी राजनीतिक चिन्तमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुँदा यस कार्यक्रममा समाजवादी विचारको प्रभाव नरहेको भन्न सकिन्छ ।

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले समाजवादी कार्यक्रम ल्याई राज्यलाई समाजवादी क्रान्तितिर अग्रसर गराउनुभन्दा पनि पुँजीवादी राजनीतिक विचारमा आधीरत सुधारवादी कार्यक्रम नै ल्याई जनयुद्धकालीन राजनीतिक मुद्दा सल्ट्याउने बृहत् शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने, जनमुक्ति सेनालाई समायोजन गर्ने तथा व्यवस्थापन गर्ने, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरी जनयुद्धकालीन सम्पूर्ण राजनीतिक मुद्दाहरू टुङ्ग्याउने, जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र विभिन्न राजनीतिक जनसङ्घर्षका दौरानमा भएका सहिद, घाइते र विस्थापितहरूलाई व्यवस्थापन गर्ने र संविधानसभाबाट नयाँ संविधानको निर्माण गर्ने जस्ता विविध मुद्दामा ध्यान केन्द्रित गर्दा समाजवादी कार्यक्रम ल्याई कार्यान्वयन गर्न नसकेको देखिन्छ । यो सरकार पशुपतिमा मूल भट्ट फेर्ने, तत्कालीन प्रधानसेनापतिलाई कारबाही गर्ने जस्ता विविध खालका राजनीतिक मुद्दामा अल्झिँदा नौ महिनामा ढल्न पुगेको थियो । २०६६

साल वैशाख ११ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए। उनीपछि नेकपा (एमाले) का माधवकुमार नेपाल प्रधानमन्त्री भएका थिए।

### ६.२.३ २०६६ सालको माधवकुमार नेपाल नेतृत्वको सरकार

२०४६ सालको संयुक्त जनआन्दोलनपछि पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनापछि भएको राजनीतिक परिवर्तनपछि संसदीय राजनीति समातेको नेकपा (एमाले) मुलुकमा भएको पटकपटकको आमनिर्वाचनमा सहभागी भए झैं २०६२/६३ को संयुक्त जनआनदोलनपछि भएको २०६४ साल चैत २८ गतेको संविधानसभाको निर्वाचनमा पनि सहभागी भएको थियो। संविधानसभा निर्वाचनका लागि नेकपा (एमाले) ले 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं, सबल र समृद्ध नेपालको निर्माण गरौं' भन्ने नाराका साथ चुनावी घोषणापत्र जारी गरेको थियो (नेकपा (एमाले), २०६४, परिशिष्ट ६)। नेकपा (एमाले) ले यस घोषणापत्रमा संविधानसभा निर्वाचनपछि गठित पहिलो संविधानसभाको बैठकमा राख्ने ठोस प्रभाव प्रस्तुत गरेको छ :

- 'आर्थिक शोषणका सबै रूपहरूलाई समाप्त पारी वर्गीय रूपमा समतामूलक राज्य प्रणाली स्थापना गर्ने,
- सामाजिक उत्पीडनका रूपमा विद्यमान लैङगिक-जातीय-क्षेत्रीय-भाषिक-धार्मिकजस्ता सबै विभेदहरूलाई अन्त्य गर्ने,
- सार्वजनिक, सहकारी र निजी क्षेत्र आधारित समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने' (नेकपा (एमाले), २०६४, परिशिष्ट ६)।

नेकपा (एमाले) ले संविधानसभाको निर्वाचनपछि गठित संविधानसभाको पहिलो बैठकमा आर्थिक शोषणका सबै रूपहरूको अन्त्य गर्दै वर्गीय समतासहितको राज्य व्यवस्थाको स्थापना गर्ने, सामाजिक उत्पीडनका लैङगिक-जातीय-क्षेत्रीय-भाषिक-धार्मिक जस्ता स्वरूपको अन्त्य गर्ने र सार्वजनिक, सहकारी र निजी क्षेत्रमा आधारित समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने जस्ता प्रस्ताव पेस गर्ने प्रतिबद्धता चुनावी घोषणापत्रमा व्यक्त गर्नु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ। यस घोषणापत्रको लोकतान्त्रिक गणतन्त्र नेपाल संविधान निर्माणका आधारभूत विषयवस्तुको शोषण-उत्पीडन विरूद्धको हक बुँदामा भनिएको छ :

> 'न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु राज्यको कर्तव्य हुनेछ। प्रत्येक नागरिकलाई आफूमाथिको शोषण-उत्पीडन विरूद्ध कानुनी उपचारको हक हुनेछ। संवैधानिक, कानुनी र व्यावहारिक रूपले नै समाजमा विद्यमान शोषण, उत्पीडन र विभेदको अन्त्य गर्नु राज्यको कर्तव्य हुनेछ' (नेकपा (एमाले), २०६४, परिशिष्ट ६)।

नेपाली समाजमा रहेका तमाम खालका शोषण, उत्पीडन र विभेदको अन्त्य गर्नु राज्यको कर्तव्य भएको हुँदा यसको अन्त्यका निम्ति पहल गर्ने प्रतिवद्धता चुनावी घोषणापत्रमार्फत व्यक्त गर्नुलाई समाजवादी विचारको प्रभावकै रूपमा लिन सकिन्छ। यसमा सामन्तवादको अन्त्यको अर्थ-राजनीतिक दिशाको बुँदामा भनिएको छ :

> 'राजतन्त्रको अन्त्यसँगै सामन्तवादका आर्थिक, सामाजिक र सांस्कृतिक आधारहरूको अन्त्य गरिनेछ। नयाँ लोकतान्त्रिक व्यवस्थाको आधारका रूपमा समाजवाद उन्मुख लोककल्याणकारी अर्थ-राजनीतिक दिशा अवलम्बन गरिनेछ। पुरानो उत्पादन सम्बन्धमा परिवर्तन ल्याउन वैज्ञानिक भूमिसुधार कार्यक्रम ल्याइनेछ र कृषिको आधुनिकीकरण र व्यवसायीकरणलाई उच्च प्राथमिकता दिइनेछ। नेपाली अर्थतन्त्रको आधारका रूपमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको विकास गरिनेछ' नेकपा (एमाले), २०६४, परिशिष्ट ६)।

राजतन्त्रको अन्त्यसँगै सामन्तवादका सामाजिक, आर्थिक र सांस्कृतिक आधारहरूको अन्त्य गर्ने, समाजवाद उन्मुख लोककल्याणकारी अर्थ राजनीतिको दिशा अवलम्बन गर्ने, वैज्ञानिक भूमिसुधारको कार्यक्रम लागू गर्ने जस्ता प्रतिबद्धता व्यक्त गर्दै चुनावी घोषणापत्र जारी गर्नु समाजवादी विचारको प्रभाव नै हो। यसैको श्रम अधिकारको बुँदामा भनिएको छ :

> 'श्रमिकहरूलाई ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने, बालश्रम, बाँधा तथा सबै प्रकारका बलपूर्वक लगाइने श्रमजस्ता शोषणमूलक श्रम अभ्यासलाई अस्वीकार गर्ने र उचित श्रम अभ्यासको अधिकार हुनेछ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको कामको अधिकारका लागि आधारभूत घोषणाप्रति राज्य प्रतिबद्ध रहनेछ। लिङ्ग, जाति जनजाति, क्षेत्र वा समुदायमा आधारित सबै प्रकारका भेदभावरहित कार्यथलो तथा मर्यादित कामको हक हुनेछ' (नेकपा (एमाले), २०६४, परिशिष्ट ६)।

श्रम क्षेत्रमा भएका सम्पूर्ण शोषणहरूको अन्त्य गर्दै श्रम अधिकार सुनिश्चित गर्ने तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सुनिश्चित गरेको अधिकारप्रति राज्य पनि प्रतिबद्ध रही अधिकार दिलाउने जस्ता श्रम अधिकारप्रति प्रतिबद्धता चुनावी घोषणापत्रमार्फत गर्नु समाजवादी विचारको प्रभाव नै हो। यस चुनावी घोषणापत्रको नेकपा (एमाले) को परिकल्पनाः सबल र समृद्ध नेपालको स्थापनाको बुँदामा भनिएको छ :

> 'विश्वस्तरमै र नेपालको पनि विगत दुई दशककै अनुभवको निष्कर्ष हो- नवउदारवादी पुँजीवादी प्रजातन्त्र बहुसङ्ख्यक श्रमजीवी जनताका समस्याको समाधान होइन। न त कुनै पनि प्रकृतिको एकदलीय अधिनायकवादी व्यवस्था नै वर्तमान समस्याको समाधान

> हो । नेपाली समाजको मूल अन्तरविरोध भनेको वर्गीय अन्तरविरोध नै हो । नेपाली समाजमा व्याप्त सबै खालका वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेद यसैमा आधारित छ । यसको अन्त्यका लागि नेकपा (एमाले) पूर्ण लोकतान्त्रिक अधिकार र सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य व्यवस्था, सहभागितामूलक र समावेशी शासनप्रणालीको स्थापनामा प्रतिबद्ध रहनेछ । यस्तो लोकतान्त्रिक शासनप्रणालीलाई जनताको बहुदलीय जनवादी व्यवस्था हुँदै समाजवादसम्म विस्तार गर्न चाहन्छ' (नेकपा (एमाले), २०६४, परिशिष्ट ६) ।

वर्तमान राजनीतिक समस्याको समाधान न त नवउदारवादी पुँजीवादी प्रजातन्त्रले न त एकदलीय अधिनायकवादले गर्न सक्छ । यसका निम्ति समाजमा विद्यमान तमाम खालका अन्तरविरोधहरूको अन्त्य गर्दै लोकतान्त्रिक अधिकार र सामाजिक न्यायसहितको लोककल्याणकारी शासनप्रणालीको स्थापना गरी जनताको बहुदलीय जनवादी व्यवस्था हुँदै समाजवादसम्मको यात्रा तय गर्नुपर्ने निष्कर्ष निकाल्दै यसका लागि पार्टी प्रतिबद्ध रहेको जानकारी चुनावी घोषणापत्रमार्फत व्यक्त गर्नु समाजवादी विचारको प्रभाव नै हो ।

घोषणापत्रको क्रान्तिकारी भूमिसुधार र कृषिको व्यवसायीकरण बुँदामा 'मुक्त कमैयालगायत भूमिहीन- सुकुम्वासी जनतालाई जमिनका मालिक बनाई उनीहरूको बसोबास, शिक्षा र स्वास्थ्यजस्ता समस्याको समाधान गरिनेछ' भनिएको छ (नेकपा (एमाले), २०६४, परिशिष्ट ६) । मुक्त कमैया, भूमिहीन-सुकुम्बासीलाई जमिनको मालिक बनाउने तथा उनीहरूको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य र समस्याका समाधान गर्ने प्रतिबद्धता चुनावी घोषणापत्रमा व्यक्त गर्नु समाजवादी विचारको प्रभाव नै हो । चुनावी घोषणापत्रमा राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गर्ने, केन्द्रीकृत सामन्ती राज्य संरचनालाई सङ्घात्मक लोकतान्त्रिक गणराज्यको स्थापना गर्ने, जनताका शिक्षा, स्वास्थ्य, आवास, खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यकता पूरा गर्ने, जनताका मानव अधिकार, मौलिक हक र राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्ने, जनताका समानताका हक सुनिश्चित गर्ने, जनताका सामाजिक सुरक्षा र लोकल्याण सुनिश्चित गर्ने, छुवाछुतमुक्त राष्ट्रको निर्माण गर्ने, महिलामाथि हुने तमाम हिंसा, शोषण र उत्पीडनको उन्मूलन गरी महिला अधिकार सुनिश्चित गर्ने र साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवादको विरोध गर्दै सामाजिक मुक्ति आन्दोलनहरूलाई समर्थन गर्ने उल्लेख गरिएको थियो भने घोषणापत्रको अन्तिममा 'सामन्ती शाही राजतन्त्रको अन्त्य गरौं' र 'सामन्तवादका सबै रूपहरूलाई उन्मूलन गरौं' भन्ने नारा तय गरिएको थियो (नेकपा (एमाले), २०६४, परिशिष्ट ६) । चुनावी घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धता तथा नाराहरूको अध्ययन गर्दा समाजवादी विचारको प्रभाव परेको थियो भन्न सकिन्छ ।

२०६४ सालको संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फ कुल २४० निर्वाचन क्षेत्रमध्ये ३० स्थानमा विजयी भई र समानुपातिकतर्फ कुल ३३५ सिटमध्ये ७० सिटमा विजयी भई कुल १०० सिटमा निर्वाचित भई नेकपा (एमाले) तेस्रो राजनीतिक दल भएको थियो । संविाधनसभामा १०० सदस्य भए पनि पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार नौ महिनामा ढलेपछि नेकपा (एमाले) का नेता माधवकुमार नेपाल नेतृत्वको सरकार गठन भएको थियो । २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार गठन भएको लामो समयपछि नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको समर्थनमा माधवकुमार नेपालको नेतृत्वमा सरकार गठन भएको थियो । २०६६ साल जेठ ९ गते २२ राजनीतिक दलको समर्थनमा माधवकुमार नेपाल प्रधानमन्त्री पदमा निर्वाचित भएका थिए (भण्डारी, २०७९, पृ. २६३) । प्रधानमन्त्रीमा निर्वाचित भएपछि उनको नेतृत्वमा २०६६ साल जेठ ११ गते मन्त्रिपरिषद्को गठन भएको थियो (रिसाल र पोखरेल, २०७५, पृ. १०७-१०८) । मन्त्रिपरिषद्को गठन भइसकेपछि उनी नेतृत्वको सरकारले सरकारको नीति तथा कार्यक्रम २०६६/६७ प्रस्तुत गरेको थियो । उक्त नीति तथा कार्यक्रम संविधानसभाको व्यवस्थापिका-संसद्को बैठकमा राष्ट्रपति रामवरण यादवद्वारा प्रस्तुत गरिएको थियो (नीति तथा कार्यक्रम, २०६६/६७, २०६६,: परिशिष्ट ८) । उक्त सरकारको नीति तथा कार्यक्रमको चौथो बुँदामा यसो भनिएको छ :

> 'मुलुकले खोजेको युगान्तकारी परिवर्तन हासिल गर्न राजनीतिक दलहरूबिच राष्ट्रिय सहमति अत्यन्त महत्वपूर्ण छ । यसै आधारमा अराजकता, असुरक्षा र दण्डहीनताको अन्त्य गरी संवैधानिक सर्वोच्चता, विधिको शासन र सुशासनको प्रत्याभूति, सहमति र सम्झौताहरूको कार्यान्वयन र शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन सरकार प्रतिबद्ध छ । निर्धारित समयभित्र राष्ट्रिय सहमतिका आधारमा नयाँ संविधानको निर्माण, राज्यको पुन:संरचना, सामन्तवादको अन्त्य र आर्थिक-सामाजिक रूपान्तरणका साथ तीब्र आर्थिक विकास सरकारका मुख्य प्राथमिकतामा रहेका छन्' (नीति तथा कार्यक्रम २०६६/६७, २०६६, परिशिष्ट ८) ।

सरकारले नीति तथा कार्यक्रममा सामन्तवादको अन्त्य र आर्थिक-सामाजिक रूपान्तरणका साथ तीब्र आर्थिक विकासमा सरकारको प्राथमिकता रहनेछ भन्नु केही समाजवादी विचारको अभिलक्षणा देखिए पनि अराजकता, असुरक्षा र दण्डहीनताको अन्त्य गर्ने, संवैधानिक सर्वोच्चता, विधिको शासन र सुशासनको प्रत्याभूति दिलाउने जस्ता कुराहरू समाजवादी धारभित्र नै पाइन्छन् । सहमति र सम्झौताहरूको कार्यान्वयन गर्ने, शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने, संविधानसभाबाट नयाँ संविधानको निर्माण गर्ने र राज्यको पुन:संरचना गर्ने जस्ता कार्यक्रमहरू समाजवादी विचारको अभिलक्षणा देखिए पनि सिद्धान्तत: समाजवादको मूल कडी वर्ग सङ्घर्षको सिद्धान्तबाट भने विचलित भएको देखिन्छ । यस नीति तथा कार्यक्रमको अठ्ठाइसौं बुँदामा यसो भनिएको छ :

'ऐतिहासिक जनआन्दोलनका माध्यमबाट मुलुकले हासिल गरेका राजनीतिक उपलब्धिहरूलाई सुदृढ गर्न समाजवाद उन्मुख, जनमुखी र लोककल्याणकारी सिद्धान्तमा आधारित राष्ट्रिय अर्थ व्यवस्था सुदृढ गर्न सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा जोड दिइनेछ। गरिबी, बेरोजगारी, पछौटेपन, असमानता र परनिर्भरता घटाउनेतर्फ विकासका प्रयासहरू केन्द्रित गर्दै सामाजिक न्याय, आर्थिक वृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवम् सामाजिक नीति र कार्यक्रम बनाइनेछ। 'गाउँ-सहरमा सहकारी-घर-घरमा रोजगारी भन्ने नारालाई सार्थक तुल्याइनेछ' (नीति तथा कार्यक्रम २०६६/६७, २०६६, परिशिष्ट ८)।

नीति तथा कार्यक्रममा समाजवाद उन्मुख तथा जनमुखी अर्थ व्यवस्था सुदृढ गर्ने, गरिबी, बेरोजगारी, पछौटेपन, असमानता तथा परनिर्भरता घटाउने र सामाजिक न्याय, आर्थिक वृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवम् सामाजिक नीति तथा कार्यक्रम तय गर्ने जस्ता केही समाजवादी विचारको अभिलक्षण बोकेका कार्यक्रम भए पनि यी कार्यक्रमलाई कार्यान्वयन गर्न लोककल्याणकारी सिद्धान्त अपनाउनु तथा सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारीलाई जोड दिनुले यस नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरू पुँजीवादी राजनीतिक विचारमा आधीरित सुधारवादी कार्यक्रम नै हुन् भन्न सकिन्छ। यी कार्यक्रमलाई समाजवादी विचारमा आधारित कार्यक्रम भन्न नसकिने हुनाले यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव रहेको देखिन्न। यसै नीति तथा कार्यक्रमको एकतिसौँ बुँदामा यस्तो भनिएको छ :

'सामाजिक न्याय, उत्पादनका साधनको न्यायोचित वितरण र आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले वैज्ञानिक भूमिसुधार लागू गर्दै जमिनमा स्थानीय भूमिहीन तथा जोताहा किसानको पहुँच कायम गरिनेछ। भूमिको वैज्ञानिक उपयोग गर्ने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। गुठी समस्या समाधान गरिनेछ। कृषि मजदुर, मुक्त कमैया, भूमिहीन र सुकुमबासी जनताको आर्थिक-सामाजिक उतथानका लागि विशेष ध्यान दिइनेछ। खाद्य सुरक्षासम्बन्धी नीति लागू गरिनेछ' (नीति तथा कार्यक्रम २०६६/६७, २०६६, परिशिष्ट ८)

आर्थिक वृद्धिका लागि वैज्ञानिक भुमिसुधारको कार्यक्रम लागू गरी जमिनमा भूमिहीन तथा जोताहा किसानको पहुँच कायम गर्ने, सामाजिक न्याय स्थापित गर्ने र उत्पादनका साधनको न्यायोचित वितरण गर्ने जस्ता केही समाजवादी लाक्षणिकता बोकेका कार्यक्रम समेटे पनि यी सबै कार्यक्रमहरू समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रमभन्दा पनि क्रान्तिकारी समाजवादी कार्यक्रम नभई पुँजीवादी सुधारवादतर्फ ढल्केको देखिन्छ। यस कारण यी कार्यक्रमका आधारमा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्न। यस

नीति तथा कार्यक्रममा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, संवैधानिक सर्वोच्चता, न्यायालयको स्वतन्त्रता, मानव अधिकार, मौलिक हक, कानुनी तथा विधिको शासन, बहुदलीय प्रतिस्पर्धासहितको लोकतान्त्रिक प्रणाली र उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको अधिकार सुनिश्चित गर्ने, 'नौ स' का कार्यक्रमहरू सर्वसुलभ शिक्षा र साक्षरता, स्वास्थ्य, स्वच्छ खोपानी, साना सिँचाइ, साना घरेलु उद्योग, सीपमूलक तालिम र रोजगारी, सघन वृक्षरोपण, साना जलविद्युत् तथा स्थानीय सडकका कार्यक्रमहरूलाई अगाडि बढाउने, माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क बनाउने, सामाजिक सुरक्षाको कार्यक्रमलाई विस्तार गर्दै लाने, अत्यन्त पिछडिएका र विपन्न दलित, लोपोन्मुख जाति, सीमान्तकृत समुदायहरूलाई न्यून लागतमा 'जनता आवस गृह' को व्यवस्था गर्ने, दलित, उत्पीडित तथा पिछडिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि सामाजिक सुरक्षालगायतका विशेष कार्यक्रमहरू कार्यान्वयन गर्ने, महिला विरूद्धका सबै विभेदहरूलाई समाप्त गर्ने, वृद्ध, असहाय तथा एकल महिलाहरूका लागि सामाजिक सुरक्षा प्रदान गर्ने जस्ता विविध कार्यक्रमहरू नीति तथा कार्यक्रममा समेटिएको थियो (नीति तथा कार्यक्रम २०६६/६७, २०६६, परिशिष्ट ८)। नीति तथा कार्यक्रममा समेटिएका यी विविध कार्यक्रमहरू समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रम नभई पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएकाले यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव थिएन भन्न सकिन्छ ।

संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने, बृहत् शान्ति सम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउने, जनयुद्ध जनआन्दोलन, मधेस आन्दोलन र विविध खालका राजनीतिक जनसङ्घर्षमार्फत उठेका राजनीतिक मुद्दा र राज्यबाट सम्बोधन गरी व्यवस्थापन गर्नुपर्ने जस्ता विविध राजनीतिक समस्यालाई मात्रै सम्बोधन गर्न खोज्दा माधवकुमार नेपाल नेतृत्वको सरकारले समाजवादी कार्यक्रम ल्याई कार्यान्वयन गर्न सकेको थिएन। ल्याएका पुँजीवादी राजनीतिक विचारका प्रभावमा परी ल्याएका सुधारवादी कार्यक्रमसेत कार्यान्वयन गर्न सकेको थिएन। विविध खालका राजनीतिक अन्योल र सङ्क्रमणका बिच माधवकुमार नेपालले २०६७ साल असार १६ गते प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए (भण्डारी, २०७९, पृ. २६६)। उनीपछि नेकपा (एमाले) का अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री भएका थिए ।

### ६.२.४ २०६७ सालको झलनाथ खनाल नेतृत्वको सरकार

माधवकुमार नेपालले राजीनामा दिएपछि नयाँ प्रधानमन्त्री चुन्न र नयाँ सरकार गठन गर्न लामो समय लागेको थियो। लामो समयको राजनीतिक अन्यौलका बिच २०६७ साल माघ २० गते नेकपा (एमाले) का अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्रीमा निर्वाचित भएका थिए (भण्डारी,

२०७९, पृ. २७५) । एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को समर्थनमा उनी निर्वाचित भएका थिए । उनले ३६८ मत प्राप्त गरेका थिए । उनलाई एनेकपा (माओवादी), नेकपा (माले-समाजवादी), राष्ट्रिय जनममोर्चा, नेकपा (माले), सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, सङ्घीय लोकतान्त्रिक मञ्च, नेपाली जनता दल, नेपाल नेपा पार्टी र एक जना स्वतन्त्र सभासद्ले समर्थन गरी मतदान गरेका थिए (भण्डारी, २०७९, पृ. २७५-२७६) । उनी प्रधामनमन्त्रीमा निर्वाचित भएपछि उनको नेतृत्वमा २०६७ साल माघ २२ गते मन्त्रिपरिषद्को गठन भएको थियो (रिसाल र पोखरेल, २०७५, पृ. ११०-१११) । मन्त्रिपरिषद्को गठन भएपछि उनको नेतृत्वको सरकारले २०६८ साल असार १९ गते आइतवारका दिन नीति तथा कार्यक्रम २०६८/६९ प्रस्तुत गरेको थियो । जुन नीति तथा कार्यक्रम संविधानसभाको व्यवस्थापिका-संसद्को बैठकमा राष्ट्रपति रामवरण यादवले प्रस्तुत गरेका थिए (नीति तथा कार्यक्रम २०६८/६९, २०६८, परिशिष्ट ९) । यस नीति तथा कार्यक्रमको पाँचौं बुँदामा यसो भनिएको छ :

> 'राष्ट्रिय स्वाधीनता, एकता, अखण्डता तथा सार्वभौमसत्ताको रक्षा गर्दै वर्गीय, क्षेत्रीय, जातीय र लैङ्गिक रूपमा सबै प्रकारका भेदभावको अन्त्य गरी राज्यको पुनःसंरचना गर्ने उद्देश्यअनुसार सामन्तवादका सबै रूप र अवशेषहरूलाई निर्मूल पार्दै समाजवाद उन्मुख जनमुखी र लोककल्याणकारी अर्थतन्त्रको सञ्चालनबाट आत्मनिर्भर, आधुनिक, न्यायपूर्ण, समावेशी र समृद्ध नयाँ नेपालको जग बसाली आम जनतालाई समाजमा विद्यमान सबै प्रकारका असमानता, विभेद, शोषण, उत्पीडन र अन्यायबाट मुक्त गर्ने सोच नेपाल सरकारले राखेको छ' (नीति तथा कार्यक्रम २०६८/६९, २०६८, परिशिष्ट ९) ।

सरकारले नीति तथा कार्यक्रममा सामन्तवादका सबै रूप र अवशेषहरूलाई निर्मूल पार्दै समाजवाद उन्मुख नयाँ नेपालको जग बसाली समाजमा विद्यमान असमानता, विभेद, शोषण, उत्पीडन र अन्यायलाई मुक्त गर्ने सोच राखेको भए पनि यी कार्यक्रम समाजवादी विचारमा आधारित समाजवादका केही लाक्षणिकता बोकेका कार्यक्रम भए पनि समाजवादी कार्यक्रम होइनन् किनभने यी कार्यक्रमका स्वरूप र चरित्र क्रान्तिकारी, वर्गसङ्घर्षको सिद्धान्तसँग मेल खाने नभएको र जनमुखी र लोककल्याणकारी नै थिए । लोककल्याणकारी अर्थतन्त्रको सञ्चालनबाट यी कार्यक्रमहरू पूरा हुन नसक्ने हुनाले यी कार्यक्रम पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै हुन् भन्न सकिन्छ । पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम भएकाले यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव परेको छैन भन्न सकिन्छ । यसै नीति तथा कार्यक्रमको सातौं बुँदामा यस्तो भनिएको छ :

'वर्तमान सरकारले 'समृद्ध जीवन, सभ्य समाज, स्वाधनीन मुलुक' निर्माण गर्ने उद्देश्यले कृषि र औद्योगिक उत्पादनमा वृद्धि, पर्यटन र पूर्वाधारको विकास, रोजगारी सिर्जना, स्वदेशी पुँजी निर्माण, लगानी अभिवृद्धि र न्यायोचित वितरण तथा सामाजिक न्याय तथा समन्यायिक विकासमा जोड दिनेछ। संविधानमा उल्लिखित आम जनताका शिक्षा, स्वास्थ्य र रोजगारीका नैसर्गिक अधिकारलाई व्यवहारमा रूपान्तरित गर्न वर्तमान सरकारले आफ्नो स्रोत र साधनलाई सोही दिशामा परिलक्षित गर्नेछ। मुलुकलाई दीर्घकालीन आर्थिक तथा सामाजिक विकासको सोच प्रदान दूरदृष्टियुक्त अवधारणा तयार गरिनेछ' (नीति तथा कार्यक्रम २०६८/६९, २०६८, परिशिष्ट ९)।

सरकारले नीति तथा कार्यक्रममा स्वदेशी पुँजीको निर्माण, न्यायोचित वितरण, सामाजिक न्याय तथा समन्यायिक विकासमा जोड दिनु र जनताका शिक्षा, स्वास्थ्य र रोजगारका अधिकारलाई व्यवहारमा उतार्न आफ्नो साधन र स्रोतलाई सही दिशामा परिलक्षित गर्नु जस्ता कार्यक्रम तय गर्न समाजवादका केही लाक्षणिकता बोकेका कार्यक्रम भए पनि यी कार्यक्रम पनि पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुँदा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव नरहेको भनी किटान गर्न सकिन्छ। यसै नीति तथा कार्यक्रमको चालिसौं बुँदामा यसो भनिएको छ :

'सामाजिक न्याय, उत्पादनका साधनको न्यायोचित वितरण, खाद्य सुरक्षा, गरिबी न्यूनीकरण र दिगो आर्थिक वृद्धिका लागि वैज्ञानिक भूमिसुधार लागू गर्दै जमिनमा स्थानीय भूमिहीन तथा जोताहा किसानको पहुँच कायम गरिनेछ। कृषियोग्य भूमिलाई बाँझै राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै भूमिको वैज्ञानिक उपयोग गर्ने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ' (नीति तथा कार्यक्रम २०६८/६९, २०६८, परिशिष्ट ९)।

सरकारले नीति तथा कार्यक्रममा सामाजिक न्याय, उत्पादनका साधनमा न्यायोचित वितरण, वैज्ञानिक भूमिसुधार, जमिनमा स्थानीय भूमिहीन तथा जोताहा किसानको पहुँच जस्ता कार्यक्रम समाजवादका लाक्षणिकता बोकेका कार्यक्रम भए पनि यसका कार्यान्वयनका पाटा, विधि र पद्धति लोकतान्त्रिक विधि र पद्धति नै भएकाले यी कार्यक्रमहरू पनि पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै हुन्। यी कार्यक्रमका आधारमा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव रहेको छैन भन्न मिल्दछ। सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा दिगो शान्ति, समृद्धि तथा आर्थिक-सामाजिक रूपान्तरणका कार्यक्रम, जनयुद्ध, जनक्रान्ति र जनआन्दोलनका मर्म समेट्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र

मुलुकलाई आर्थिक, सामाजिक र वैज्ञानिक रूपले सम्पन्न बनाउने, संविधानसभाबाट नयाँ संविधानको निर्माण गर्ने, मुलुकको सङ्क्रमणकालीन अवस्थालाई व्यवस्थापन गर्दै शान्ति प्रक्रियालाई सम्पन्न गर्ने, नयाँ संविधान लेख्ने, आर्थिक-सामाजिक रूपान्तरण गर्ने, मुलुकमा सामाजिक न्यायको स्थापना गर्दै मुलुकलाई आर्थिक वृद्धितर्फ उन्मुख गराउने, कृषि, औद्योगिक, व्यावसायिक क्षेत्रमा काम गर्ने श्रमिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकसमेतलाई समेटेर सामाजिक सुरक्षा प्रणाली, सामाजिक सुरक्षा कोष र सामाजिक सुरक्षाका कार्यक्रमहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने, सार्वजनिक संस्थानहरूमा आम नागरिकको स्वामित्व बढाई सेवा प्रवाहमा वृद्धि गर्ने, साना किसानहरूलाई सहकारी प्रणालीमा खेती गर्न प्रोत्साहित गर्ने, मुक्त कमैया, हलिया, हरूवाचरूवा, भूमिहीन किसान एवम् वादी समुदायलाई पुनःस्थापना गर्नुका साथै रोजगारी तथा आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने, निःशुल्क आधारभूत शिक्षालाई गुणस्तरीय एवम् जीवनपयोगी बनाई अनिवार्य गर्दै लगिने, स्वास्थ्य सेवामा स्वास्थ्य बीमा नीति तर्जुमा गरी जनताको पहुँच सुनश्चित गर्ने, महिलामाथि हुने तमाम खालका हिंसाको अन्त्य गरी अधिकार सुनिश्चित गर्ने, महिलामाथि हुने तमाम खालका हिंसाको अन्त्य गरी अधिकार सुनिश्चित गर्ने र आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित अल्पसङ्ख्यक, सीमान्तकृत, पिछडावर्गलगायतकाको अधिकार सुनिश्चित गर्ने जस्ता विविध खालका कार्यक्रम तय गरेको थियो (नीति तथा कार्यक्रम २०६८/६९, २०६८, परिशिष्ट ९)। नीति तथा कार्यक्रममा उल्लिखित यी कार्यक्रमहरू समाजवादी विचारका अभिलक्षण बोकेका केही कार्यक्रम भए पनि यी कार्यक्रमहरू समाजवादी कार्यक्रम नभएको र पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै भएको हुँदा यस नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव थियो भन्न मिल्दैन। संविधानसभाबाट संविाधनको निर्माण हुन नसक्दा, शान्तिप्रक्रिया नटुङ्गिँदा, अरू राजनीतिक दल र आफ्नै पार्टीको पनि सहयोग नपाएपछि २०६८ साल साउन २९ गते प्रधानमन्त्री झलनाथ खनालले राजीनामा दिएका थिए (सापकोटा, २०७६, पृ. २७९)। उनीपछि एनेकपा (माओवादी) का नेता बाबुराम भट्टराई प्रधानमन्त्री भएका थिए।

### ६.२.५ २०६८ सालको बाबुराम भट्टराई नेतृत्वको सरकार

प्रधानमन्त्री पदबाट नेकपा (एमाले) का अध्यक्ष झलनाथ खनालले राजीनामा दिएपछि २०६८ साल भदौ ११ गते एनेकपा (माओवादी) का नेता बाबुराम भट्टराई प्रधानमन्त्रीमा निर्वाचित भएका थिए (भण्डारी, २०७९, पृ. २८०)। उनले एनेकपा (माओवादी) बाट २३४ मत, पाँच दलीय मधेसी मोर्चाबाट ६५ मत, मधेसी जनअधिकार फोरम नेपालबाट ११ मत, नेकपा संयुक्तबाट ५

मत, सङ्घीय सद्भावनाबाट ४ मत, राष्ट्रिय जनमोर्चाबाट ४ मत, नेकपा (माले-समाजवादी) बाट ४ मत, नेकपा (एकीकृत) बाट २ मत, जनमुक्ति पार्टीबाट २ मत, सद्भावना पार्टी (गिरी) बाट २ मत, परिवार दलबाट १ मत, सङ्घीय लोकतान्त्रिकबाट १ मत, समाजवादी प्रजातन्त्रवादीबाट १ मत, नेपाः पार्टीबाट १ मत र स्वतन्त्र सभासद्बाट १ मत गरी कुल ३४० मत प्राप्त गरेका थिए (सापकोटा, २०७६, पृ. २८७) । उनी प्रधानमन्त्रीमा निर्वाचित भएपछि उनको नेतृत्वमा २०६८ साल भदौ १२ गते मन्त्रिपरिषद्को गठनको भएको थियो (रिसाल र पोखरेल, २०७५, पृ. ११३-११४) । उनी नेतृत्वको सरकार गठबन्धन सरकार भएको हुँदा विभिन्न दलीय गठनबन्धनका कारण उनी नेतृत्वको सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउन सकेको थिएन (पाण्डे, २०८० साल असोज २, अन्तर्वार्ता) । उनी नेतृत्वको सरकारलाई मधेसी मोर्चामा आबद्ध दलहरूमा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), तराई मधेस लोकतान्त्रिक पार्टी र सद्भावना पार्टी, मोर्चाबाहिरका अन्य दलहरूमा मधेसी जनअधिकार फोरम नेपाल, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नेपाल लोकतान्त्रिक समाजवादी दल राष्ट्रिय जनमोर्चा, समाजवादी प्रजातान्त्रिक दल, नेपाल परिवार दल, दलित जनजाति पार्टी, नेपाः राष्ट्रिय पार्टी, सद्भावना पार्टी (आनन्दीदेवी), नेकपा (एकीकृत), जनमुक्ति पार्टी र स्वतन्त्र सभासद् सर्दुल मियाँ हकले समर्थन गरेका थिए (भण्डारी, २०७९, पृ. २८१) । विभिन्न दल समर्थित सरकार भएका कारण उनी नेतृत्वको सरकार पटकपटक पुनर्गठित भएको थियो ।

२०६८ साल भदौ १२ गतेका दिन गठन भएको मन्त्रिपरिषद् २०६८ साल भदौ १८ गते पुनः पुनर्गठन गरिएको थियो । पुनः मन्त्रिपरिषद्को पुनर्गठन २०६८ साल भदौ २९ गते भएको थियो । पुनः मन्त्रिपरिषद्को पुनर्गठन २०६८ साल कात्तिक २२ गते, पुनः पुनर्गठन २०६८ साल चैत १० गते पुनः पुनर्गठन २०६८ साल चैत २७ गते, पुनः पुनर्गठन २०६९ साल वैशाख २४ गते, पुनः पुनर्गठन २०६९ साल जेठ ३ गते, पुनः पुनर्गठन २०६९ साल जेठ ५ गते र पुनः पुनर्गठन २०६९ साल जेठ ७ गते गरिएको थियो (रिसाल र पोखरेल, २०७५, पृ. ११३-१२१) उनले आफू नेतृत्वको सरकार लामो समयसम्म टिकाइरहनका लागि पटकपटक मन्त्रिपरिषद् पुनर्गठन गरिरहेका थिए । उनकै नेतृत्वको सरकार छँदा उनले नै नेपालको राजनीतिक इतिहासमा पहिलो पटक संविधानसभाको निर्वाचनमार्फत गठित संविधानसभा विघटन गरेका थिए । २०६९ साल जेठ १४ गतेका दिन संविधानसभा विघटन भएको थियो (भण्डारी, २०७९, पृ. २८४) । नेपाल सरकारले संविधानसभाको विघटन भए पनि उनी प्रधानमन्त्रीबाट राजीनामा नदिईकनै बालुवाटार बसिरहेका थिए । उनले आफू गोली खाएर मर्न तयार भएको तर बालुवाटार नछाड्ने जस्तो अभिव्यक्ति दिएका थिए । तर पनि विविध राजनीतिक रस्साकस्सीका बाबजुद प्रधान न्यायाधीश

खिलराज रेग्मीका नेतृत्वमा चुनावी मन्त्रिपरिषद् गठन भएपछि मात्रै उनी बालुवाटार छाड्न सहमत भएका थिए (सापकोटा, २०७६, पृ. ३२३-३२४)। उनी नेतृत्वको सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउन नसक्नु, जनताको पक्षमा संविधान बनाउनका निम्ति नेपाली राजनीतिक इतिहासमा पहिलो पटक भएको संविधानसभाको निर्वाचन र उक्त निर्वाचनबाट गठित संविधानसभा नै विघटित हुनुले उनी नेतृत्वको सरकारमा समाजवादी विचारको प्रभाव नरहेको भनी स्पष्ट किटानका साथ भन्न सकिन्छ।

२०५१ सालको मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार, २०६५ सालको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार, २०६६ सालको माधवकुमार नेपाल नेतृत्वको सरकार र २०६७ सालको झलनाथ खनाल नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रमको अध्ययन गर्दा ती नीति तथा कार्यक्रममा समाजवादी विचारको प्रभाव पर्नुभन्दा पनि पुँजीवादी राजनीतिक विचारको प्रभाव परेको देखिन्छ। यसरी पुँजीवादी विचारले प्रभावित गराउनामा संवैधानिक विधिविधान र मौजुदा कानुनहरू पनि जिम्मेवार छन्। तत्कालीन अन्तरिम संविधान-२०६३ ले व्यवस्था गरेको संविधानसभासँग संविधानसभाको दायित्व र संसद्को दुवैको दायित्व निर्वाह गर्नुपर्ने अवस्था थियो (नेपाल सरकार-२०६३ नेपालको अन्तरिम संविधान)। सो प्रावधानअनुसार सरकार गठन गर्ने विघटन गर्ने सम्पूर्ण अधिकार संसद्लाई थियो।

२०४७ साल यता नेपालमा जेजस्तो संवैधानिक व्यवस्था भए पनि संसदीय व्यवस्था रहेको र संसदीय संविधानको प्रयोगबाट वैज्ञानिक समाजवादतर्फ उन्मुख हुने कुनै कानुन बन्ने ऐन निर्माण हुने दिशानिर्देश गरेको पाइँदैन। पुँजीवादी सिद्धान्त र दिशानिर्देश भएको संवैधानिक तथा कानुनी व्यवस्था समाजवादी कार्यक्रम प्रयोगमा ल्याउनका लागि बाधक बनेका छन्। यसर्थ ती नीति तथा कार्यक्रम समाजवादी विचारमा आधारित समाजवादी कार्यक्रम नभई पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम नै थिए। यी सबै पुँजीवादी राजनीतिक विचारमा आधारित सुधारवादी कार्यक्रम भएकाले मनमोहन नेतृत्वको अल्पमतको सरकार, पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार, माधवकुमार नेपाल नेतृत्वको सरकार र झलनाथ नेतृत्वको सरकारमा समाजवादी विचारको प्रभाव थियो भन्न सकिँदैन। २०६८ सालको बाबुराम भट्टराई नेतृत्वको सरकारले नीति तथा कार्यक्रम र बजेट नै ल्याउन नसकेको हुँदा यिनको सरकारमा समाजवादी विचारको प्रभाव छ कि छैन भनी अध्ययन गर्न आवश्यक छैन। तर यिनको नेतृत्वमा गठन भएको सरकार पटक-पटक पुनर्गठित भइरहेका कारण यिनको नेतृत्वको सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको  र यिनकै नेतृत्वमा सरकार हुँदा नेपालको इतिहासमै पहिलो पटक लामो समयको पटक-पटकको राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनविद्रोह,

जनसङ्घर्ष, जनआन्दोलनहरूको उपलब्धिका रूपमा रहेको संविधानसभाको निर्वाचनबाट गठित संविधानसभा संविधानको निर्माण नै नगरी विघटन भएको हुँदा यिनको नेतृत्वको सरकारमा समाजवादी विचारको प्रभाव थिएन भनी स्पष्ट भन्न सकिन्छ ।

समादवादतर्फ उन्मुख हुनुपर्ने नेपालका कम्युनिस्ट घटकहरू र तिनीहरूले सञ्चालन गरेको राज्यसत्ता किन समाजवाद उन्मुख हुन सकेनन् भन्ने कुरा संवैधानिक रूपमा पुँजीवादी व्यवस्था ग्रहण गर्न गएको र मूल रूपमा पुँजीवादी राजनीतिक प्रणालीलाई आत्मसात् गर्नाको परिणाम हो भनेर व्यापक चर्चा भइसकेको छ । त्यसका अतिरिक्त नेपालका कम्युनिस्ट घटकहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नुका कारणहरूतर्फ छलफल हुन जरूरी छ ।

### क) जनतामा समाजवादको प्रभाव तर पार्टी तथा सरकारको नेतृत्व समाजवादप्रति इमानदार नहुनु

२०१० साल भदौ १७ गते भएको नेपालको पहिलो काठमाडौँ नगरपालिकाको निर्वाचनमा कुल १८ पदमध्ये नेपाल कम्युनिस्ट पार्टी समर्थित ६ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए (Pokhrel, 2007, pp 17)। २०१५ साल चैत १८ गते भएको नेपालको पहिलो संसदीय आमनिर्वाचनमा कुल १०९ निर्वाचन क्षेत्रमध्ये ४ निर्वाचन क्षेत्रमा नेपाल कम्युनिस्ट पार्टीका उम्मेदवार निर्वाचित भएका थिए (Pokhrel, 2007, pp 23)। २०४८ साल वैशाख २९ गतेको संसदीय आमनिर्वाचनमा नेपालका कम्युनिस्ट पार्टीहरू कुल २०५ निर्वाचन क्षेत्रमध्ये ८२ स्थानमा निर्वाचित भएका थिए (Pokhrel, 2007, pp 255)। २०५१ साल भदौ ८ गते भएको संसदीय मध्यावधि निर्वाचनमा कुल २०५ निर्वाचन क्षेत्रमध्ये नेपालका कम्युनिस्ट पार्टीहरू ९२ स्थानमा निर्वाचित भएका थिए (निर्वाचन आयोग, २०७३, पृ. ६४१-६४६) । २०५६ साल जेठ ३ गते भएको संसदीय आमनिर्वाचनमा कुल २०५ निर्वाचन क्षेत्रमध्ये नेपालका कम्युनिस्ट पार्टीहरू ७८ स्थानमा निर्वाचित भएका थिए (निर्वाचन आयोग, २०७३, पृ. ६४८-६५४) । २०६४ साल चैत २८ गते भएको पहिलो संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फ २४० र समानुपातिकतर्फ ३३५ गरी कुल ५७५ सदस्यीय संविधानसभामा नेपालका कम्युनिस्ट पार्टीहरूबाट ५५३ सदस्य निर्वाचित भएका थिए (निर्वाचन आयोग, २०७३, पृ. ७०९-७२३) । २०७० साल मङ्सिर ४ गते भएको दोस्रो संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फ २४० र समानुपातिक तर्फ ३३५ गरी कुल ५७५ सदस्यीय संविधानसभामा नेपालका कम्युनिस्ट पार्टीहरू प्रत्यक्षतर्फ ११८ स्थानमा निर्वाचित भएमा थिए (निर्वाचन आयोग, २०७३, पृ. ८१८) भने समानुपातिक तर्फ १५२ सदस्य निर्वाचित भएका थिए (निर्वाचन आयोग, २०७०, पृ. २२८) । दोस्रो संविधानसभामा नेपाल कम्युनिस्ट पार्टीका प्रत्यक्ष र समानुपातिक गरी २७० सदस्य निर्वाचित भएका थिए । यी आमनिर्वाचनमा नेपालका

कम्युनिस्ट पार्टीहरूले पाएको मतका आधारमा नेपाली जनतामा र समाजमा समाजवादी विचारको प्रभाव र लोकप्रियता छ भन्न सकिन्छ। तर निर्वाचनपछि नेपालका कम्युनिस्ट पार्टीहरू सरकारमा गएपछि पार्टी र सरकारका नेतृत्व साजवादप्रति इमानदार नभएको देखिन्छ र उनीहरू समाजवादप्रति इमानदार भएर समाजवादी कार्यक्रम ल्याउन सकेको देखिँदैन। विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी तथा विश्लेषकहरू कम्युनिस्ट पार्टीका नेतृत्व इमानदार नभएका कारण आफ्नो नेतृत्वमा सरकार गठन हुँदा समेत समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्ने मान्दछन्।

राधाकृष्ण मैनाली नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसक्नु कम्युनिस्ट नेताहरू इमानदार नभएर हो भन्ने मान्दछन्। नेपालका कम्युनिस्ट पार्टीका नेतृत्व इमान्दार नभएका कारण नेपालमा कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेको हो भन्ने उनको ठम्याइ छ (मैनाली, २०७६ साल वैशाख ४, अन्तर्वार्ता)। उनले नेपालका कम्युनिस्ट पार्टीका नेतृत्व इमानदार नभएका कारण नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन्। उनले जस्तै समीर सिंह पनि नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसक्नु कम्युनिस्ट नेताहरूमा व्यक्तिकेन्द्रित तथा स्वार्थकेन्द्रित सोच र दृष्टिकोणले हो भन्ने मान्दछन्। उनी नेपालका कन्युनिस्ट पार्टीका नेतृत्वहरूमा मौलाएको स्वार्थकेन्द्रित र व्यक्तिकेन्द्रित सोचका कारण नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेको हो भन्दछन् (सिंह, २०७५ साल फागुन १६, अन्तर्वार्ता)। उनले कम्युनिस्ट पार्टीका नेतृत्वहरू स्वार्थकेन्द्रित र व्यक्तिकेन्द्रित भएका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्नु कम्युनिस्ट पार्टीका नेतृत्व समाजवादप्रति इमानदार नभएरै हो भन्ने बुझ्नुपर्दछ।

राजेन्द्र महर्जन नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वहरूलाई समाजवादी कार्यक्रमको ज्ञान नहुनु, सरकारको नेतृत्व गर्ने कम्युनिस्ट पार्टी स्वयम् समाजवादी र कम्युनिस्ट पार्टीका नेतृत्व नियतमा, प्रतिबद्धतामा र व्यवहारमा समाजवादी नहुनु जस्ता समस्याका कारण उनीहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्ने मान्दछन् (महर्जन, २०७५ साल फागुन २५, अन्तर्वार्ता)। सुनीलकुमार मानन्धर पनि नेपालका कम्युनिस्ट पार्टीका नेता तथा नेतृत्व स्वयम् विलासितामा भुलिँदाका कारण समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्ने मान्दछन् (मानन्धर, २०७५ साल फागुन १४, अन्तर्वार्ता)। हरि रोक्का पनि नेपालका कम्युनिस्ट पार्टीहरू सरकारमा गएका बेला समाजवादी कार्यक्रम लागू गर्ने योजना नै बनाउँदैनन् र

उनीहरूमा समाजवादी योजना नै छैन जसले गर्दा समाजवादी कार्यक्रम ल्याउन सक्दैनन् भन्दछन् । पुष्पकमल दाहाल 'प्रचण्ड' किन असफल भए, बाबुराम भट्टराई किन असफल भए भने उनीहरूले पार्टीलाई परिचालन नै पनि गरेनन्, समाजवादी कार्यक्रम ल्याउन पनि सकेनन् र दिन पनि सकेनन् । नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसक्नुमा उनीहरूमा समाजवादी योजना, समाजवादी दृष्टिकोण र समाजवादी कार्यशैली नभएर हो भन्ने उनको तर्क छ (रोक्का, २०७५ साल फागुन १७, अन्तर्वार्ता) । श्याम श्रेष्ठ पनि नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको कारण 'सरकारमा पुग्ने कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवादी सोच र समाजवादी चरित्र नभएर हो भन्दछन् (श्रेष्ठ, २०७५ साल चैत १०, अन्तर्वार्ता) । चित्रबहादुर के. सी. नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन सक्दैनन् किनकि उनीहरू कम्युनिस्ट नै होइनन् भन्दछन् (के. सी., २०७५ साल चैत १५, अन्तर्वार्ता) । घनश्याम भुसाल पनि नेपालका कम्युनिस्ट पार्टीहरूले समाजवादी कार्यक्रमका लागि छलफल नै नगरेका कारण नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन् । नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वहरूले समाजवादी कार्यक्रमसम्बन्धी छलफल नै नचलाएका कारण नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्ने उनको मत छ (भुसाल, २०७६ साल असोज ७, अन्तर्वार्ता) ।

झलनाथ खनाल चाहिँ नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम नल्याएका होइनन् भन्ने मत प्रस्तुत गर्दछन् । नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी उन्मुख कार्यक्रम ल्याउँदै उनीहरू समाजवादी दिशातर्फ अघि बढेका छन् (खनाल, २०७७ साल साउन २८, अन्तर्वार्ता) । तर यसलाई अन्य कसैले स्वीकार गरेको भेटिएन । विजयकुमार पौडेल नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम नल्याएका होइनन्, ल्याएका हुन् तर अपरिपक्व ल्याएका हुन् भन्ने धारणा व्यक्त गर्दछन् । उनी नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याए पनि एकदमै अपरिपक्व ल्याएको र नेपालका कम्युनिस्टहरू सत्तामा पुगेपछि आदर्श भुलेर दलाल पुँजीवादी चरित्रप्रति विश्वास गरी पूर्ण रूपमा भ्रष्टाचारमा लिप्त भएका कारण सामाजिक एवम् आर्थिक विकास नगरी ल्याएको समाजवादी कार्यक्रमको औचित्य रहेको छैन (पौडेल, २०७५ साल फागुन २६, अन्तर्वार्ता) । तर उनीहरूले भने झैँ नेपालका कम्युनिस्टहरू सत्तामा पुगेपछि आदर्श भुलेर भ्रष्टाचारमा लिप्त हुँदै दलाल पुँजीवादी चरित्रको निर्माण गरेको चाहिँ अवश्यै देखिन्छ । राधाकृष्ण मैनाली, समीर सिंह,

राजेन्द्र महर्जन, सुनील मानन्धर, हरि रोक्का, श्याम श्रेष्ठ, चित्रबहादुर के. सी., घनश्याम भुसालका मत र तर्कलाई आधार मानेर मनन गर्दा जनतामा समाजवादको प्रभाव र लोकप्रियता भए पनि सरकारको नेतृत्व गरेका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्व समाजवादप्रति इमानदार नभएका कारण समाजवादी कार्यक्रम ल्याउन नसकेको देखिन्छ। उनीहरूका भनाइबाट के बुझिन्छ भने समाजवादी कुरा गरे पनि अपरिपक्व अपारदर्शी तरिकाले समाजवादको कुरा गरे। यस्तो गर्नु भनेको समाजवादप्रति विश्वस्त नेपाली जनतालाई गुमराहमा राख्ने वा जनतामाथि छल गर्ने ध्येय राखेको मान्नुपर्दछ।

**ख) पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय दवाव**

नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको अर्को कारण पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाब रहेको मोहनविक्रम सिंह बताउँदछन्। उनी नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नुमा मूलतः उनीहरूको अवसरवादी चरित्र, माफिया ग्रुपको बिगबिगी र भारतीय साम्राज्यवादी तथा अमेरिकी साम्राज्यवादकै कारण हो भन्ने ठान्दछन्। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नु मूलतः उनीहरूको अवसरवादी चरित्रले गर्दा नै हो। यस्तै नेपालको राज्यसत्ताका संयन्त्रमा देखिएका र हावी भएका माफिया ग्रुप र अमेरिकी साम्राज्यवाद तथा भारतीय साम्राज्यवादका कारण पनि उनीहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्ने उनको ठहर छ (सिंह, २०७६ साल साउन २३, अन्तर्वार्ता)। राजेन्द्र महर्जन पनि नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको मुख्य कारण ठूला-ठूला विश्वका दुई पुँजीवादी मुलुक हाबी भएका कारण हो भन्दछन् (महर्जन, २०७५ साल फागुन २५, अन्तर्वार्ता)। नेपालको महत्त्वपूर्ण राजनीतिक घटनाक्रम तथा नेपाल र भारतबिच भएका विविध सन्धिमा भारत तथा विदेशी शक्तिले पटकपटक गरेको हस्तक्षेपबाट मोहनविक्रम सिंह र राजेन्द्र महर्जनले भने झैँ नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको कारण पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाब हो भन्ने तर्कको पुष्टि गर्दछ।

नेपाली राजनीतिमा पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय विविध दबाबमध्ये एउटा दबाब महाकाली सन्धिका बेला भएको वैदेशिक हस्तक्षेप तथा दबाबलाई उदाहरणका रूपमा लिन सकिन्छ। उक्त समयमा बेलायती संसदीय मन्त्री विलियम फक्सले नेपाल भ्रमण गरी नेपाल-भारतबिचको महाकाली सन्धि अनुमोदन गर्न नेपालका नेताहरूलाई दबाबमुलक सल्लाह दिएका थिए। २०५३ साल साउन २१ गते अमेरिकी सहायक मन्त्री रविन राफेल नेपाल भ्रमणमा आएकी थिइन्। उनी र नेपालका लागि अमेरिकी राजदूत सान्ड्रा एल भोगेलगेसाङ्गले नेपाली राजनीतिक

नेताहरूसँग भेटी नेपालका लागि महाकाली सन्धि महत्त्वपूर्ण रहेको र नेपालले भारतसँग भएको महाकाली सन्धि अनुमोदन गरेमा विदेशी लगानी ओइरनेछ भनी बताएका थिए । उनीहरूले यसो गर्नु भनेको नेपाली राजनीतिमा नेताहरूलाई प्रलोभन र प्रभावमा पार्नु नै हो (पोखरेल, २०६९, पृ. १३३) । यी यस्ता तथ्यले मोहनविक्रम सिंह र राजेन्द्र महर्जनको तर्कलाई प्रमाणित गर्न मदत गर्दछ । यी तर्क र तथ्यका आधारमा नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको एउटा कारण पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाब पनि हो भन्न सकिन्छ ।

### ग) पार्टीभित्र आन्तरिक जनवादको अभ्यासमा कमी

नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको अर्को कारण नेपालका कम्युनिस्ट पार्टीभित्र आन्तरिक जनवादको अभ्यासमा कमी हुनु पनि हो । नेकपा (माओवादी केन्द्र) का नेता राम कार्की नेपालका कम्युनिस्ट पार्टीहरू सरकारमा पुग्दा पुँजीवादका निम्ति, व्यक्तिगत स्वार्थका निम्ति अनुकूल र सामाजिक स्वार्थका लागि प्रतिकूल ठाउँमा पुग्दा नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेको हो । कम्युनिस्ट पार्टीभित्र जनवादी ढाँचा र पद्धतिको विकास हुन नसक्दा पार्टीहरूमा जनवादी र समाजवादी चेत नभएको र पार्टीभित्र जनवादी समाजवादी चेत नहुँदा कम्युनिस्ट पार्टीहरूले सरकारमा पुग्दा डेलिभरि दिन नसकेका हुन् जसले गर्दा नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन् (कार्की, २०७५ साल फागुन ३०, अन्तर्वार्ता) । टङ्क कार्की पनि नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसक्नु कम्युनिस्ट आन्दोलनको संरचनागत समस्या हो भन्दछन् । उनी नेपालको कम्युनिस्ट आन्दोलनभित्रको संरचनागत समस्याका कारण नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् (कार्की, २०७५ साल चैत ४, अन्तर्वार्ता) । राम कार्की र टङ्क कार्कीले भने झैँ नेपालका कम्युनिस्ट पार्टीभित्र आन्तरिक जनवादको अभ्यासको कमी, जनवादी र समाजवादी विचारका विषयमा छलफलको कमी र समाजवादी कार्यक्रमसम्बन्धी बहसको कमी चाहिँ देखिन्छ । नेपालका कम्युनिस्ट पार्टीमा एउटै व्यक्ति लामो समयसम्म नेतृत्वमा रहिरहनु, नेतृत्व पङ्क्तिमा एउटै व्यक्ति पटकपटक दोहोरिरहनु, सरकारको नेतृत्व गर्दा या सरकारमा सहभागिता जनाउँदा पटकपटक एउटै व्यक्तिहरू गइरहनु जस्ता विविध कुराहरू नै मुख्य समस्याका रूपमा देखिन्छन् जसले गर्दा नेपालका कम्युनिस्ट पार्टीमा स्वस्थ जनवादको अभ्यास देखिँदैन । नेपालका कम्युनिस्ट पार्टीभित्र आन्तरिक जनवादको अभ्यासमा कमी भएका कारण नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् ।

**घ) संसदीय व्यवस्थाभित्र समाजवाद खोज्नु**

नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको अर्को कारण संसदीय व्यवस्थाभित्र समाजवाद खोज्नु पनि हो। सुनीलकुमार मानन्धर नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसक्नाको मुख्य कारण नेपालका सम्पूर्ण आन्दोलनहरू सम्झौतामा टुङ्गिनु, उनीहरूले संसदीय व्यवस्थाका नकारात्मक पक्षलाई व्यवस्थापन गर्नु र संविधानका सीमाले बाँधिनु आदि हुन् भन्दछन्। उनी नेपालका सम्पूर्ण क्रान्ति, विद्रोह र आन्दोलन सम्झौतामा टुङ्गिनु, सम्पूर्ण क्रान्ति, विद्रोह र आन्दोलनले आफ्नो स्पेस निर्वाचनमा खोज्नु, संसदीय व्यवस्थालाई स्वीकारेपछि निर्वाचन जित्न यसको नकारात्मक पक्ष (पैसा, गुन्डा, दादागिरी, धाँधली) लाई व्यवस्थापन गर्नतिर लाग्नु र सरकारमा गएका बेला संविधान र कानुनको दायारामा बाँधिनु जस्ता कारणले गर्दा नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन् (मानन्धर, २०७५ साल फागुन १४, अन्तर्वार्ता)। सिपी मैनाली नेपालमा कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउनु भनेको झुटो कुरा हो भन्दछन् किनभने नेपालमा अहिले समाजवादी कार्यक्रम ल्याउने अवस्थै छैन भन्ने उनको तर्क छ। अहिले नेपालमा समाजवादी कार्यक्रम ल्याउने अवस्था छैन भन्ने उनको तर्क छ। अहिले नेपालमा समाजवादी कार्यक्रम ल्याउने अवस्था छैन। यदि नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउँछौँ भन्नु झुटो कुरा हो किनकि अहिले समाजवादी कार्यक्रम ल्याउने अवस्था नभई सामाजिक पुँजीको विकास गर्नुपर्ने अवस्था हो भन्ने उनको ठम्याइ छ (मैनाली, २०७५ साल चैत २०, अन्तर्वार्ता)। सुनील मानन्धर र सिपी मैनाली संसदीय व्यवस्थामा संसदीय व्यवस्थाका नकारात्मक पक्षलाई व्यवस्थापन गर्नुपर्ने, संविधानका सीमामा बाँधिनु पर्ने भएका कारण र सामाजिक पुँजीको विकास गर्नुपर्ने अवस्था भएका कारण नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन्।

विष्णुभक्त दुलाल 'आहुती' नेपालका कम्युनिस्ट पार्टीहरू कम्युनिस्ट नरहने प्रक्रिया सुरु भएपछि सरकारमा पुगेका कारण नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेको हो भन्दछन्। उनी नेपालका कम्युनिस्ट पार्टीहरू कम्युनिस्ट नरहने भएपछि सरकारमा पुगेका हुनाले नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन् (दुलाल, २०७५ साल चैत २, अन्तर्वार्ता)। ढुण्डीराज शास्त्री पनि नेपालका कम्युनिस्ट पार्टीका नेतृत्व नै कम्युनिस्ट नभएका कारण नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी

कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन् । नेपालमा कम्युनिस्ट पार्टीहरू कम्युनिस्ट नभएकै कारण उनीहरू लोभमा फसेका हुन् र उनीहरूमा समाजवादी विचार नभएका कारण नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् (शास्त्री, २०७६ साल साउन २८, अन्तर्वार्ता) । विष्णुभक्त दुलाल 'आहुती' र ढुण्डीराज शास्त्री नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा सरकार गठन हुने हुँदा र उनीहरूले संसदीय व्यवस्थाभित्र समाजवादी कार्यक्रम ल्याउन खोज्ने हुँदा नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूले समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्ने मान्दछन् ।

नेपालका कम्युनिस्ट पार्टीहरूले सङघर्ष, विद्रोह, आन्दोलन र निर्वाचनका बेला समाजवादी राज्यसत्ताको स्थापना गर्ने भने पनि आफू सरकारमा गएका बेलामा र आफ्नो नेतृत्वमा सरकार गठन भएको बेलामा समाजवादी कार्यक्रम समेत ल्याउन सक्दैनन् । समाजवादी कार्यक्रम ल्याउन नसके पनि आफ्नो नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रममा उल्लेख भएका केही पुँजीवादी राजनीतिक विचारअन्तर्गतका सुधारवादी कार्यक्रम पनि कार्यान्वयन गर्न सक्दैनन् जसले गर्दा नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारको नेतृत्व गर्ने नेतृत्वमा समेत समाजवादी विचारको प्रभाव देखिँदैन । नेपालका कम्युनिस्ट पार्टीको निर्वाचनका बेला जारी गरेका घोषणापत्र, सरकारमा छँदा ल्याएका नीति तथा कार्यक्रम र विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकका मतलाई अध्ययन गरी आधार मान्दा नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूमा समाजवादी विचारको प्रभाव देखिँदैन ।

### ङ) राष्ट्रिय पुँजीको विकासतर्फको कदम

नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले केही समाजवाद उन्मुख सुधारवादी कार्यक्रमा ल्याए पनि कार्यान्वयन गर्न सकेका छैनन् भने राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन झनै सकेका छैनन् । नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वको सरकारले यसो गर्न नसक्नुका कारणहरू विविध छन् । यस सम्बन्धमा विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकका आआफ्नै मत छन् ।

राधाकृष्ण मैनाली नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वको सरकारले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसक्नुमा कम्युनिस्ट पार्टीको नेतृत्वसँग कुनै योजना नै नभएर हो भन्ने मान्दछन् (मैनाली, २०७६ साल वैशाख ४, अन्तर्वार्ता) । बेदुराम भुसाल भने यसो हुन नसक्नुमा हामीले जनवादी नीतिमा समाजवादी नीति खोजेका हुनाले यस्तो समस्या उत्पन्न भएको हो भन्ने मान्दछन् । उनी भन्दछन्,

पुँजीवादी जनवादी नीतिमा समाजवादी नीति र कार्यक्रम आउन गाह्रो भएको हो । अब संविधानमै समाजवाद उन्मुख भन्ने शब्द लेखेको हुनाले र यो प्रारम्भिक चरणमा भएको हुनाले हेर्ने, विश्लेषण गर्ने र राज्य पक्षलाई झकझक्याउने काम गर्नुपर्दछ (भुसाल, २०७५ साल फागुन २६, अन्तर्वार्ता) ।

समीर सिंह नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताकको सहभागिता गराउन नसक्नु 'राज्यसत्ताको संरचना प्रतिक्रियावादी राज्यसत्ता भएकाले हो, नेपाली राज्यसत्ता भनेको विदेशी साम्राज्यवाद, विस्तारवादका इसारामा नाच्ने प्रतिक्रियावादी राज्यसत्ता भएर हो' भन्ने मान्दछन् (सिंह, २०७५ साल फागुन १६, अन्तर्वार्ता) । सुनीलकुमार मानन्धर नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वको सरकारले यसो गर्न नसक्नु भनेको सरकारको नेतृत्व गर्ने कम्युनिस्ट पार्टीका नेतृत्वहरूको इच्छाशक्ति नभएर र अर्थतन्त्रको नियम नजानेर हो' भन्ने मान्दछन् ( मानन्धर,२०७५ साल फागुन १४, अन्तर्वार्ता) । सिपी मैनाली 'नेपालका कम्युनिस्ट पार्टीहरू सरकारमा जाँदा राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, नेपाली राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन आवश्यक नै ठान्दैनन्, उनीहरूले यस्ता कार्यक्रमहरू देख्दै देख्दैनन् र उनीहरू यसरी आम जनसाधारणको निम्ति केही नै गर्दैनन्' भन्दछन् (मैनाली, २०७५ साल चैत २०, अन्तर्वार्ता) ।

चित्रबहादुर के. सी. नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वको सरकारले राज्यसत्ताको सााधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसक्नाको कारण यहाँको संसदीय प्रणाली, कम्युनिस्ट पार्टीका नेतृत्वको व्यक्तिगत समस्या र प्रशासनयन्त्र हो भन्दछन् । नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वको सरकारले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, नेपाली राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसकेका हुन् (के.सी.२०७५ साल चैत १५, अन्तर्वार्ता) ।

झलक सुवेदी नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वको सरकारले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, नेपाली राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नपाली जनताको सहभागिता गराउन नसक्नाको कारण व्यक्तिगत समस्या हो भन्दछन् । उनको व्यक्तिगत समस्याका कारण र बुर्जुवा

वर्गको प्रतिरोध थेग्न सक्ने क्षमता नभएका कारण नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसकेका हुन् (सुवेदी, २०७५ साल चैत ८, अन्तर्वार्ता) ।

झलनाथ खनाल नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वको सरकारले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनतालाई सहभागिता गराउन बिल्कुलै सक्छन् (खनाल, २०७६ साल साउन २८, अन्तर्वार्ता) । तर उनले यसका आधारहरू भने दिएका छैनन् ।

टङ्क कार्की कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकाररूले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, नेपाली राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसक्नु हाम्रो सामाजिक संरचनाअनुरूपको राज्य संरचनाको विकासको राज्यले विचार राजनीतिक र सामाजिक छलफल र महसुस नगरेर हो भन्दछन् । नेपालका कम्युनिस्ट पार्टीहरूले र यसका नेतृत्वहरूले नेपाली राज्यसत्ताको अवस्था, स्वरूप र संरचनाका बारेमा राम्रोसँग अध्ययन एवम् छलफल गर्न नसकेका कारणले आफ्नो पार्टीको नेतृत्वको सरकार हुँदा पनि नेपाली राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, नेपाली राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र नेपाली राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सभीगता गराउन नसकेका हुन् भन्ने उनको तर्क छ (कार्की, २०७५ साल चैत ४, अन्तर्वार्ता) ।

श्याम श्रेष्ठ नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले नेपाली राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, नेपाली राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसक्ने होइन तर उनीहरूले सामाजवादी बाटो बिराएका कारण समाजवादी कार्यक्रम ल्याउन नसकेका हुन् भन्दछन् । नेपालका कम्युनिस्ट पार्टीहरूको आफ्नो नेतृत्वमा गठन भएका सरकारले नियतपूर्वक नै समाजवादसँग सुहाउँदो कार्यक्रम नेपाली राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसकेका र ल्याउन नसकेका हुन् भन्ने उनको ठम्याइ छ (श्रेष्ठ, २०७५ साल चैत १०, अन्तर्वार्ता) ।

मोहनविक्रम सिंह नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, नेपाली राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसक्नाको कारण सरकारमा जाने कम्युनिस्ट पार्टीहरूको नेतृत्वहरूमा इच्छाशक्ति नभएर हो भन्ने मान्दछन् (सिंह, २०७६ साल साउन २३, अन्तर्वार्ता) ।

मोहन वैद्य नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसक्नाको कारण 'नेपालमा कम्युनिस्ट पार्टीका नेतृत्वले समाजवाद र कम्युनिस्ट भने पनि उनीहरूले नोकरशाह पुँजीवादी, दलालवाद पुँजीपति र सामन्त वर्गको हकहितको प्रतिनिधित्व गरिरहेका छन् भन्दछन् । त्यसकारण उनीहरूले गर्न सक्ने कुरै आएन भन्ने उनको मत छ (वैद्य, २०७५ साल चैत ८, अन्तर्वार्ता) ।

घनश्याम भुसाल नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनतको सहभागिता गराउने भन्ने कुरा एकै दिन हुने कुरा होइनन्, क्रमशः हुँदै जाने कुरा हुन् भन्दछन् । तर पार्टीभित्र यी कार्यक्रम प्रस्तुत गरेर छलफल र बहस गरेर त्यस खालको निर्णय गरेर सारा पार्टीलाई त्यतातर्फ परिचालित नै गर्न हामीले सकेका छैनौं । यही कारण हामीले त्यसमा बढी योगदान गर्न नसकेको हो । नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसकेका हुन् भन्ने उनको मत छ (भुसाल, २०७६ साल असोज ७, अन्तर्वार्ता) ।

सरकारमा सहभागी भएका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को चुनावी घोषणापत्र र उनीहरूका सरकारले ल्याएका नीति तथा कार्यक्रमको अध्ययन गर्दा र विभिन्न राजनीतिज्ञ, राजनीतिक विश्लेषक, विचारक र चिन्तकको मतको अध्ययन गर्दा नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वको सरकारहरूले राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराएको देखिन्न जसले गर्दा नेपालका कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा गठन भएका सरकारहरूमा समाजवादी विचारको प्रभाव देखिँदैन ।

## च) पुँजीवादी राजनीतिक विचारको प्रभावमा पर्नु

नेकपा (एमाले) को २०५१ सालको अल्पमतको सरकारले पनि समाजवादी अर्थव्यवस्थाका विरूद्ध निजी स्वामित्वमा रहेका खुला आर्थिक कार्यक्रमलाई नै प्रश्रय दिएको देखिन्छ। उक्त सरकारको नीति तथा कार्यक्रममा 'सन्तुलित ढङ्गको खुला आर्थिक कार्यक्रमहरूलाई जोड दिँदै अशिक्षित, गरिब र निमुखा जनताको जीवनस्तर उठाई समतामूलक समाज निर्माण गर्नेतर्फ सरकारले प्रभावकारी कदमहरू चाल्दै जानेछ' भनिएको छ (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)। यसै कार्यक्रममा 'राष्ट्रिय विकास अभियानमा निजी क्षेत्रको भूमिकालाई उच्च महत्त्व दिने नीति सरकारले लिनेछ' भनिएको छ (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)। यस अल्पमतको कम्युनिस्ट सरकारले आफ्नो नीति तथा कार्यक्रममा खुला आर्थिक कार्यक्रम र निजी स्वामित्वलाई प्रश्रय दिएको देखिन्छ।

यस सरकारले औद्योगिक क्षेत्रमा पनि निजी स्वामित्वलाई नै प्रश्रय दिएको देखिन्छ। उक्त कार्यक्रममा 'सरकारले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालनमा निजी क्षेत्रलाई थप प्रोत्साहन दिनाका साथै निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्ने उद्योगको विकासतर्फ योजनाबद्ध प्रयास गर्नेछ भनिएको छ (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)। यस सरकारले सरकारी स्वामित्वमा रहेका सरकारी संस्थानहरूलाई समेत निजी स्वामित्वमा आधरित निजी क्षेत्रलाई हस्तान्तरण गर्ने नीति लिएको देखिन्छ। उक्त कार्यक्रममा 'आर्थिक-सामाजिक दृष्टिले सरकारी क्षेत्रमा रहन अनावश्यक संस्थानहरू निजी क्षेत्रमा हस्तान्तरण गर्दा स्वदेशी लगानीकर्ता तथा संस्थानका कर्मचारी र कामदारहरूको सहभागितालाई प्राथमिकता दिइनेछ' भनिएको छ (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)। यस सरकारले वाणिज्य क्षेत्रमा पनि खुलापनको नीति लिएको देखिन्छ। उक्त कार्यक्रममा 'मेरो सरकारले वाणिज्य क्षेत्रमा पारदर्शिता, प्रतिस्पर्धा र खुलापनको नीतिलाई अवलम्बन गर्नेछ' भनिएको छ (श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, २०५१, परिशिष्ट ४)।

नेकपा (एमाले) को २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारले समाजवादी राज्यव्यवस्था र अर्थव्यवस्थाका विरूद्ध रहेका खुला बजार र निजी स्वामित्वमा आधारित औद्योगिक प्रणाली जस्ता निजी अर्थतन्त्रतात्मक व्यवस्थालाई नै अनुसरण गरेको हुँदा यस सरकारमा समाजवादी विचारको प्रभाव देखिँदैन।

यस पार्टीको २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनको चुनावी घोषणापत्रमा पनि समाजवादी राजनीतिक तथा आर्थिक व्यवस्थाका विरूद्ध रहेको उदारवादी अर्थनीति र खुला बजार जस्ता निजी स्वामित्वमा आधारित अर्थतन्त्रात्मक कार्यक्रम ल्याएको देखिन्छ। उक्त घोषणापत्रमा 'नेपाली अर्थतन्त्रको आधारका रूपमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको विकास गरिनेछ' भनी निजी क्षेत्रलाई प्रश्रय दिइएको देखिन्छ (नेकपा (एमाले), २०६४, परिशिष्ट ६)। यसै घोषणापत्रमा 'उद्योग, व्यापार र पर्यटनका साथै पूर्वाधार निर्माण र विकासमा समेत निजी, सार्वजनिक र सहकारी क्षेत्रका बिच संयुक्त साझेदारीको प्रक्रियालाई अगाडि बढाउन प्रोत्साहन गरिनेछ' भनिएको छ (नेकपा (एमाले), २०६४, परिशिष्ट ६)। यस पार्टीले आफ्नो चुनावी घोषणापत्रमा निजी स्वामित्वमा आधारित अर्थतन्त्रको कार्यक्रमलाई प्रश्रय दिएको देखिन्छ।

नेकपा (एमाले) २०६४ सालको पहिलो संविधानसभाको चुनावपछि २०६६ सालमा माधवकुमार नेपालको नेतृत्वमा सरकार गठन गर्न सफल भएको थियो। यस सरकारको नीति तथा कार्यक्रममा पनि समाजवादी अर्थतन्त्रात्मक व्यवस्थाका विरूद्ध रहेका उदारवादी अर्थनीति, खुला बजार जस्ता निजी स्वामित्वमा आधारित अर्थतन्त्रात्मक व्यवस्थालाई समेटिएको थियो। यस सरकारले ल्याएको नीति तथा कार्यक्रममा 'राष्ट्रको समग्र आर्थिक विकास तथा औद्योगीकरणमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न आवश्यक भौतिक पूर्वाधार तथा संरचनाको निर्माण गर्न सरकारको भूमिका प्रभावकारी बनाइनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६६/६७, २०६६, परिशिष्ट ८)। यस सरकारले निजी स्वामित्वमा आधारित अर्थव्यवस्थालाई प्रश्रय दिएको देखिन्छ। यस्तै यसै नीति तथा कार्यक्रममा 'नेपाल पर्यटन वर्ष २०११' कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गरिनेछ ,यसका लागि निजी क्षेत्रसमेतको संलग्नतामा नयाँ पर्यटन क्षेत्र एवम् वस्तुहरूको पहिचान र विकास तथा पर्यटक उद्गम क्षेत्रहरूमा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा जोड दिनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६६/६७, २०६६, परिशिष्ट ८)। यसै नीति तथा कार्यक्रममा 'पेट्रोलियम पदार्थको आपूर्ति र वितरणालाई प्रतिस्पर्धात्मक, सहज र व्यवस्थित गर्न निजी क्षेत्रलाई पेट्रोलियम पदार्थको कारोबारमा संलग्न गराउन आवश्यक कानुनी संरचना तयार गरी कार्यान्वयन गरिनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६६/६७, २०६६, परिशिष्ट ८)। यस सरकारले निजी स्वामित्वमा आधारित अर्थतन्त्रात्मक व्यवस्थालाई प्रश्रय दिएको देखिन्छ।

यस पार्टीको २०६७ सालमा गठित झलनाथ खनाल नेतृत्वको सरकारले पनि समाजवादी अर्थतन्त्रात्मक व्यवस्थाका विरूद्ध रहेको निजी स्वामित्वमा आधारित अर्थतन्त्रात्मक व्यवस्थालाई नै नीति तथा कार्यक्रममा समेटेको देखिन्छ। यस सरकारले ल्याएको नीति तथा कार्यक्रममा 'नेपालको अन्तरिम संविधानले निर्देशित गरेको र चालू तीन वर्षीय योजनाले अगाडि बढाएको सरकारी, सहकारी र निजी क्षेत्रको सहभागितामा अर्थतन्त्र सञ्चालन र प्रवर्द्धन गर्ने तीन खम्बे

नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ भनेर भनिएको छ । सरकारी क्षेत्रलाई आधारभूत पूर्वाधारमा लगानीकर्ता तथा नियामक, सहकारीलाई रोजगारी सिर्जना र उत्पादन वृद्धिको माध्यम तथा निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकका रूपमा विकास गरिनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६८/६९, २०६७, परिशिष्ट ९) । यस सरकारले निजी स्वामित्वमा आधारित अर्थव्यवस्थालाई नै प्रश्रय दिएको देखिन्छ ।

यस सरकारको नीति तथा कार्यक्रममा 'लगानी मैत्री वातावरणको प्रवर्द्धन गर्न व्यवसाय लागतलाई यथाशक्य घटाउँदै लगिनेछ भनिएको छ, स्वदेशी तथा विदेशी निजी लगानीकर्ताहरूलाई लगानी सुरक्षाको प्रत्याभूति दिन उपयुक्त नीति तर्जुमा गरिनेछ अनि उत्पादनमूलक उद्योगहरू स्थापना गर्ने लागनीकर्तालाई विशेष सहुलियत दिने नीति लिइनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६८/६९, २०६७, परिशिष्ट ९) । यस सरकारले निजी स्वामित्वमा आधारित लगानीलाई प्रश्रय दिएको देखिन्छ । यसै नीति तथा कार्यक्रममा 'पेट्रोलियम पदार्थको कारोबारमा निजी क्षेत्रलाई सरिक गराउन पेट्रोलियम पदार्थ कारोबारसम्बन्धी कानुन तर्जुमा गरिनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६८/६९, २०६७, परिशिष्ट ९) । यस नीति तथा कार्यक्रममा 'शिक्षामा सार्वजनिक, निजी, साझेदारीको अवधारणाबमोजिम क्षेत्रगत रूपमा 'नमुना शैक्षिक ग्राम' को विकास गरिनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६८/६९, २०६७, परिशिष्ट ९) । त्यसैगरी यसै नीति तथा कार्यक्रममा 'खेलकुद क्षेत्रको भौतिक पूर्वाधारको निर्माण, विस्तार तथा सुधार गरिनेछ, विद्यालयस्तरदेखि नै खेलकुद क्षेत्रको विकास गरिनेछ अनि खेलकुद नीतिको कार्यान्वयनका लागि आवश्यक कानुनी सुधार गर्दै निजी क्षेत्रको सहभागितामा बहुउद्देश्यीय खेलकुद कम्प्लेक्स निर्माणमा जोड दिइनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६८/६९, २०६७, परिशिष्ट ९) । यस सररकारले पनि समाजवादी अर्थतन्त्रात्मक व्यवस्थाका विरूद्ध रहेको निजी स्वामित्वमा आधारित अर्थतन्त्राात्मक व्यवस्थालाई प्रश्रय दिएको देखिन्छ ।

नेकपा (एमाले) को २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार, २०६६ सालको माधवकुमार नेतृत्वको सरकार र २०६७ सालको झलनाथ खनाल नेतृत्वको सरकारले समाजवादी अर्थव्यवस्थाके विरूद्ध रहेको निजी स्वामित्वमा आधारित अर्थव्यवस्थालाई नै प्रश्रय दिएको हुँदा यी सरकारहरूमा पुँजीवादी राजनीतिक विचारकै प्रभाव देखिन्छ। यी सरकारहरूमा समाजवादी विचारको प्रभाव देखिँदैन ।

२०६२/६३ सालको जनआन्दोलपछि र गणतन्त्रको स्थापना भएपछि १० वर्षे जनयुद्धको अन्त्य गर्दै शान्तिप्रक्रियामा आएको नेकपा (माओवादी) ले पनि २०६४ सालको पहिलो संविाधनसभाको निर्वाचनमा ल्याएको चुनावी प्रतिबद्धतापत्रमा पनि पुँजीवादी राजनीतिक विचारको प्रभावमा परी समाजवादी अर्थव्यवस्थाका विरूद्ध रहेको नीजी स्वामित्वमा आधारित व्यवस्थालाई नै

प्रश्रय दिएको देखिन्छ। उक्त प्रतिबद्धतापत्रमा 'विकासका निम्ति आवश्यक पुँजीको अभाव पूर्ति गर्न र देशभित्रै छरिएर रहेको पुँजीको अधिकतम सदुपयोग गर्न सार्वजनिक-निजी साझेदारी प्रणालीलाई योजनाबद्ध ढङ्गले अघि बढाइनेछ भनिएको छ । टेलिफोन, बिजुली, पानी आदि वस्तुका उपभोक्ता र उद्योग व्यवसायका मजदुरहरूबाट सोही संस्थान वा उद्योगमा साना सेयर लगानी गर्न प्रोत्साहित गरिनेछ अनि राज्यको नेतृत्व र पहलमा स्वदेशी वा विदेशी निजी क्षेत्रमा सहभागिता सुनिश्चित गर्ने यो प्रणाली नै नयाँ अन्तरिम अर्थनीतिको मेरूदण्ड रहनेछ' भनिएको छ (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)। यसै प्रतिबद्धतापत्रमा लगानीका क्षेत्रमा सार्वजनिक निजी, साझेदारी प्रणालीलाई प्रश्रय दिइनेछ' भनिएको छ (नेकपा (मओवादी), २०६४, परिशिष्ट ५)। साथै यसै प्रतिबद्धतापत्रमा 'अर्थतन्त्रलाई विश्व साम्राज्यवादद्वारा लादिएको नवउदारवादी अर्थनीतिको दुष्प्रभावबाट मुक्त राखिनेछ भनिएको छ परन्तु राष्ट्रिय योजनाअनुरूप र राष्ट्रिय हितमा आवश्यकताअनुसार विदेशी प्रत्यक्ष लगानीलाई छुट दिनइनेछ' भनिएको छ (नेकपा (माओवादी), २०६४, परिशिष्ट ५)। यस पार्टीले पनि आफ्नो चुनावी प्रतिबद्धतापत्रमा घुमाउरो रूपमा समाजवादी अर्थव्यवस्थाका विरूद्ध रहेको नवउदारवादी अर्थ नीति र निजी स्वामित्वमा आधारित अर्थव्यवस्थालाई नै प्रश्रय दिएको देखिन्छ।

२०६४ सालको पहिलो संविधानसभाको निर्वाचनपछि पहिलो दल बनेको नेकपा (माओवादी) ले २०६५ सालमा पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा सरकार गठन गरेको थियो। उक्त सरकारले ल्याएको नीति तथा कार्यक्रममा पनि पुँजीवादी राजनीतिक विचारमा परी समाजवादी अर्थव्यवस्थाका विरूद्ध रहेको निजी स्वामित्वमा आधारित अर्थव्यवस्थालाई नै प्रश्रय दिइएको देखिन्छ। उक्त सरकारले ल्याएको नीति तथा कार्यक्रममा 'चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा सार्वजनिक, निजी, साझेदारीको अवधारणा अनुरूप नयाँ सङ्क्रमणकालीन अर्थनीतिका आधारमा तयार पारिएको साझा न्यूनतम कार्यक्रममा आधारित भई मुलुकलाई गरिबी, बेरोजगारी, भोक, अशिक्षा, परनिर्भरता र असमानताबाट मुक्त गरी समुन्नत र आत्मनिर्भर बनाउन सरकारको प्रयास केन्द्रित रहेको छ' भनिएको छ (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७)। यस सरकारले घुमाउरो रूपमा समाजवादी अर्थव्यवस्थाका विरूद्ध रहेको निजी स्वामित्वमा आधारित अर्थव्यस्थालाई नै प्रश्रय दिएको देखिन्छ।

यसै नीति तथा कार्यक्रममा 'तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभ भएका क्षेत्रहरूको पहिचान गरी सहकारी एवम् निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ भनिएको छ । सरकारले निजी क्षेत्रको प्रवर्द्धन, नियमन, अनुगमन एवम् ग्रामीण क्षेत्रहरूमा बजार प्रक्रियाको निर्माण, पूर्वाधार सेवाहरूको विकास र विस्तार तथा साधन र स्रोतले विपन्न क्षेत्र, वर्ग एवम् जनसमुदायको आर्थिक-सामाजिक स्थितिको आमूल परिवर्तन ल्याउन विशेष ध्यान केन्द्रित गर्नेछ'

भनिएको छ (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) । यसै नीति तथा कार्यक्रममा 'देशमा उद्योगधन्दाको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन दिइनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ११) । यसै नीति तथा कार्यक्रममा 'सार्वजनिक क्षेत्रमा सञ्चालन गरिएका तथा वित्तिय सङ्कटमा परेका प्रतिष्ठानहरूलाई सार्वजनिक - निजी, साझेदारीको नीतिअनुरूप सञ्चालन गरिनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) । यसै नीति तथा कार्यक्रममा 'नेपाल वायु सेवा निगमको व्यवस्थापनमा सुधार गरी सार्वजनिक - निजी साझोदारीमा सञ्चालन गरिनेछ' भनिएको छ (नीति तथा कार्यक्रम २०६५/६६, २०६५, परिशिष्ट ७) । यस सरकारले समाजवादी अर्थव्यवस्थाका विरूद्ध रहेको निजी स्वामित्वमा आधारित अर्थव्यवस्थालाई प्रश्रय दिएको देखिन्छ जसले गर्दा यस सरकारमा समाजवादी विचारको प्रभाव देखिन्न । यस सरकारपछि २०६८ सालमा बाबुराम भट्टराई नेतृत्वको यसै पार्टीको सरकार गठन भएको थियो । उनको नेतृत्वको सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउन सकेको थिएन । नीति तथा कार्यक्रम र बजेट ल्याउन नसके पनि यस सरकारले पनि पुँजीवादी राजनीतिक विचारको प्रभावमा परी समाजवादी अर्थव्यवस्थाका विरूद्ध रहेको उदारवादी अर्थनीति, खुला बजार र निजी स्वामित्वमा आधारित अर्थव्यवस्थालाई नै प्रश्रय दिएको थियो जसले गर्दा यस सरकारमा पनि पुँजीवादी राजनीतिक विचारकै प्रभाव देखिन्छ । यी सरकारहरूमा समाजवादी विचारको प्रभाव देखिँदैन ।

नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारले समाजवादी कार्यक्रम ल्याउन नसकेका कारण ती सरकारमा समाजवादी विचारको प्रभाव नदेखिए झैँ सरकारको पटकपटक नेतृत्व गरेका कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालमा समाजवादको स्थापना पनि हुन नसक्ने कुरा मोहन वैद्य बताउँछन् । उनी अहिले यिनिहरूले भनेको समाजवाद अमूर्त छ । थुप्रैले समाजवादका कुरा गर्दछन् । तिनका पार्टीका घोषणापत्र हेर्दाखेरि प्रक्रिया पनि समाजवादी छैन र कुन समाजवाद भनेर पनि प्रस्ट छैन । वैज्ञानिक समाजवाद भने तापनि वैज्ञानिक समाजवादको मूर्तीकरण गर्नुपर्ने हो, हुनुपर्ने हो त्यो पनि छैन भन्दछन् (वैद्य, २०७५ साल चैत ८, अन्तर्वार्ता) । सरिता प्रसाईं पनि नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वहरू गरिब जनताका प्रधानमन्त्री हामी, गरिब जनताका मन्त्री हामी, गरिब जनताका नेता हामी भन्दछन् तर उनीहरूले केही गर्न सकेका छैनन् जनताका निम्ति । उनीहरूले सरकारमा छँदा कर बढाएका छन्, जनता मारमा छन्, भ्रष्टाचार बढेको छ तर रोक्न सकेका छैनन् । उनीहरूसँग समाजवादी कार्यक्रम छैन, दृष्टिकोण छैन । यसर्थ उनीहरूको नेतृत्वमा, उनीहरूका पार्टीको नेतृत्वमा नेपालमा समाजवाद स्थापना हुन सक्दैन भन्छिन् (प्रसाईं २०७६ साल बैशाख ३, अन्तर्वार्ता) । बालकृष्ण न्यौपाने पनि पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा गएका नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालमा

समाजवादका स्थापना हुँदैन भन्दछन्। उनी नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वहरू जनतामा समाजवादको भ्रम छरेर भोट लिने, समाजवादको मान्यतामा रहने मान्यतावाला मान्छेसँग भोट लिने र झुक्याउने मात्रै हुन्। यिनीहरूको पृष्ठभूमि सामन्तवादी पृष्ठभूमि हो। महँगो कपडा लगाउँछन्, केही हुने बित्तिकै भारत जान्छन्, छिरिक्क केही हुने बित्तिकै उपचार गर्न भारत लगायत विदेशमा उपचार गर्न जान्छन् र श्रीमतीका नाममा दाइजो ल्याउने कम्युनिस्टहरूका नेतृत्वमा नेपालमा समाजवादको स्थापना हुँदैन भन्छन् (न्यौपाने, २०७६ साल माघ ७, अन्तर्वार्ता)।

पर्शुराम खरेल पनि पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागी भएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा समाजवादको स्थापना उनीहरूको गतिविधि हेर्दा हुँदैन भन्छन्। उनी कम्युनिस्ट पार्टीका नेतृत्वले भ्रष्टाचार रोक्न सक्दैन भन्दछन्। कम्युनिस्ट पार्टीका नेताहरू मेरो पालो कहिले आउँछ र टन्न खान पाउँला भनेर बसेका छन्। आफ्नो पालो आउला र खान पाउँला भनेर बसेका नेतालाई उनीहरूको नेतृत्वले भ्रष्टाचार गर्नबाट रोक्न सक्दैनन्। केही गरी रोक्ने प्रयास गरे भने पनि तिमीहरूले चाहिँ टन्न खाने अनि हाम्रो पालो आएपछि चाहिँ रोक्न खोज्ने भनी मन्त्री हुनेवाला, राज्यमन्त्री हुनेवाला र उनीहरूका नजिककाले रोकिहाल्छन्। अहिलेको संरचनालाई सफाइ गर्ने हो भने तीन चार वर्षमा सक्छन् नत्र सक्दैनन् (खरेल, २०७६ साल फागुन १२, अन्तर्वार्ता)। शास्त्रदत्त पन्त पटक पटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा नेपालमा समाजवादको स्थापना हुन सक्दैन भन्छन्। उनी यिनीहरूले समाजवादको नारा बाँडेर सोझा एवम् सिधासादा जनतालाई भोट बैंक बनाउने मात्रै हुन्। यिनीहरूको नेतृत्वमा नेपालमा समाजवादको स्थापना हुँदैन (पन्त, २०७६ साल फागुन १२, अन्तर्वार्ता)। खगेन्द्र प्रसाईं पनि सरकारको पटक पटक नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवादको स्थापना हुँदैन भन्छन्। उनी आजको नेपालका कम्युनिस्ट पार्टीका मौजुदा सङ्गठन सिद्धान्त, मान्छे, यिनका नेतृत्व यी सबै कुरा हेर्ने हो भने बिल्कुलै सक्दैनन्। समाजवाद ल्याउने पार्टी सङ्गठन सिद्धान्त, मान्छे, मान्छेको प्रकृति बिल्कुलै भिन्न कुरा हुन् आजको मान्छेभन्दा (प्रसाईं, २०७५ साल फागुन २९, अन्तर्वार्ता)। मोहन वैद्य, सरिता प्रसाईं, बालकृष्ण न्यौपाने, पर्शुराम खरेल, शास्त्रदत्त पन्त र खगेन्द्र प्रसाई पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहाभगिता जनाएका नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालमा समाजवादको स्थापनाको सम्भावना नरहेको देख्दछन्।

विजयकुमार पौडेल भने पटकपटक सरकारको नेतृत्व गरिसकेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा नेपालमा समाजवाद स्थापना गर्न सम्भव छ

भन्छन् । उनी नेपालमा समाजवादको स्थापना कम्युनिस्ट पार्टीकै नेतृत्वमा हुने हो तर कम्युनिस्ट पार्टीको तरिका फेर्नुपर्छ । अहिलेका नेतृत्व नै रहिरहन सक्लान् या नसक्लान् यो उनीहरूको योग्यतामा भर पर्छ । अहिलेका यी नेतृत्वले आफूलाई योग्य बनाउन सके भने रहन्छन् नत्र रहँदैनन्, इतिहासको कालखण्डमा फ्यालिएर जालान् । अहिलेको नेतृत्वमा रहेकाहरू अयोग्य ढङ्गले चलेका छन् । यिनमा अयोग्यताको पराकाष्ठा छ । यी नेतृत्व यही ढङ्गले चल्ने हो भने नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ शिराबाट उठाउनुपर्छ । नेपालमा समाजवाद स्थापना गर्न सम्भव छ (पौडेल, २०७५ साल फागुन २६, अन्तर्वार्ता) । घनश्याम भुसाल पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्व नेपालमा समाजवाद स्थापना गर्ने समर्थ छ भन्दछन् । उनी सम्भव र असम्भव निर्धारण यी पार्टीहरू समाजवादका लाग साँच्चै प्रतिबद्ध छन् कि छैनन् भन्ने कुरा नै वैचारिक, सैद्धान्तिक र साङ्गठनिक हिसाबले मूल समस्या यसमै छ भन्ने मान्दछन् (भुसाल, २०७६ साल असोज ७, अन्तर्वार्ता) ।

श्याम श्रेष्ठ पनि पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा समाजवादको स्थापना सम्भव छ तर नेपालका कम्युनिस्ट पार्टीका अधिकांश नेतृत्व अहिले दलाल पुँजीवादी वर्गमा पुगेको देखिन्छ । उनीहरूले सत्ताको स्रोत नेपाली जनतालाई नठान्ने तर भारतलाई ठान्ने गर्दछन् । उनीहरू आफैले नेपालमा समाजवादी सिद्धान्त, समाजवादी व्यवहार, समाजवादी चरित्र प्रदर्शन गर्ने हो भने नसक्ने कुरै छैन । उनीहरूको आफूमात्रै धनी हुने र आफ्ना बारेमा मात्रै सोच्ने नियत देखिन्छ । उनीहरूको म र मै मात्रैको दृष्टिकोणले समाजवाद फल्ने कुरा त के पुँजीवाद राष्ट्रको विकसित पुँजीवाद भएको समेत देखिँदैन (श्रेष्ठ, २०७५ साल चैत १०, अन्तर्वार्ता) । टङ्क कार्की पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा समाजवादको स्थापना सम्भव छ भन्दछन् । उनी यी पार्टीका न्यूनतम कार्यक्रम र आधिकारिक अवधारणा जनताको जनवादलाई प्राप्त गर्ने हो । यिनको अभिमुखीकरण (ओरिएन्टेसन) समाजवाद उन्मुख छन् । यिनले समाजवाद र साम्यवादलाई अधिकतम लक्ष्य मान्छन् र न्यूनतम कार्यक्रमका रूपमा चाहिँ यो सामाजिक व्यवस्थाभित्र प्रतिस्पर्धात्मक राजनीति, बहुक्षेत्रीय अर्थव्यवस्था, राज्य, निजी र सहकारीको सन्तुलन कायम रहेको देखिन्छ जसमा क्रमशः सहकारीको क्षेत्र र राज्यको क्षेत्रलाई विस्तार गर्दै लगिने कुरा राज्यको प्रतिवद्धता हो । कार्यक्रम त्यही प्रतिबद्धता पूरा गर्ने दिशातिरै जान्छ (कार्की, २०७५ साल चैत ४, अन्तर्वार्ता) । झलनाथ खनाल पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालमा समाजवादको स्थापना सम्भव छ र यिनले विस्तारै-विस्तारै मुलुकलाई समाजवादतर्फ लान्छन् (खनाल, २०७६ साल साउन २८, अन्तर्वार्ता) ।

बेदुराम भुसाल पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा नेपालमा समाजवादको स्थापना सम्भव छ भन्दछन् । उनी कम्युनिस्ट पार्टी मूलतः सत्तामा रहेको नेपाल कम्युनिस्ट पार्टी र अरू पनि एक दुई घटकहरू छन् भनी मान्दछन् । उनीहरूले नेपालको अहिलेसम्मका राजनीतिक उपलब्धिहरूलाई संस्थागत गर्दै समाजवादको दिशमा लैजानुपर्छ, समाजवादी व्यवस्था कायम गर्नुपर्छ भन्ने सिद्धान्तको भूमिका यी पार्टीले लिनुपर्दछ (भुसाल, २०७५ साल फागुन २६, अन्तर्वार्ता) । विजयकुमार पौडेल, घनश्याम भुसाल, श्याम श्रेष्ठ, टङ्क कार्की, झलनाथ खनाल, बेदुराम भुसालले भने झैँ पटकपटक सरकारको नेतृत्व गरेका र सरकारमा सहभागिता जनाएका नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा नेपालमा समाजवादको स्थापना सम्भव त छ तर यिनका नेतृत्व सच्चिएर, सुध्रिएर र रूपान्तरित भएर साँच्चिकै समाजवादप्रति इमानदार र प्रतिबद्ध भएर आडि बढ्ने र समाजवादको स्थापना गर्ने पहलकदमी लिन सक्ने चाहिँ हुनुपर्दछ तर त्यस्तो अवस्था भने देखिँदैन । यसर्थ यिनका नेतृत्वमा मोहन वैद्य, सरिता प्रसाईं, बालकृष्ण न्यौपाने, पर्शुराम खरेल, शास्त्रदत्त पन्त र खगेन्द्र प्रसाईंले भने झैँ नेपालमा समाजवादको स्थापना सम्भव छैन भन्न सकिन्छ ।

यसरी छलफल गर्दा समाजवादप्रति नेपालको कम्युनिस्ट नेतृत्व इमानदार नभएको, पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाब र प्रभावमा परेको र तिनीहरूलाई चिर्न नसकेको, आफ्ना पार्टीभित्र आन्तरिक जनवादको अभ्यास नभई सामन्तवादी मानसिकता र दलाल पुँजीवादको घेराभित्र बस्न रूचाउने नेतृत्व भएको, संसदीय व्यवस्थाभित्र राजनीति गरी समाजवाद खोज्ने विवादास्पद कुराले राजनीतिलाई गन्जागोल बनाएको, राष्ट्रिय पुँजीको विकास गर्नेतर्फ कतै र कहिल्यै पनि ध्यान नदिएको, पुँजीवादी राजनीतिक विचारको प्रभावमा गहिरो गरी फसेको आदि कारणहरूलाई हेर्दा मूल रूपमा संसदीय व्यवस्थाभित्रबाट समाजवादमा जान सकिने नेपाली कम्युनिस्ट नेतृत्वको सोच पूर्णतः गलत साबित हुन गएको छ भन्न सकिन्छ । वर्तमान नेतृत्व र पार्टी सञ्चालन गर्ने नीति, ढाँचा र विधिविधान तथा राज्यका नियमकानुनको पालनाबाट समाजवादतर्फ हिँड्न सकिन्छ भन्ने कुरा गलत भएको ठहर्छ ।

## ६.३ नेपालको संविधानमा समाजवादी विचारको प्रभाव

पहिलो संविधान सभा २०६९ साल जेठ १४ गते विघटन भएपछि दोस्रो संविधानसभाको निर्वाचन २०७० साल मङ्सिर ४ गते सम्पन्न भएको थियो (निर्वाचन आयोग, २०७०, पृ. १) । पहिलो संविधानसभाबाट संविधानको निर्माण हुन नसकेपछि पुनः दोस्रो संविधानसभाको निर्वाचन भएको थियो । यस निर्वाचनका लागि नेकपा (एमाले) ले संविधानसभा निर्वाचन २०७० का लागि आफ्नो पार्टीका तर्फबाट चुनावी घोषणापत्र जारी गरेको थियो (नेकपा (एमाले), २०७०, पृ. १) ।

यस घोषणापत्रमा पनि पहिलो संविधानसभाको निर्वाचनका निम्ति पार्टीले जारी गरेको संविधानसभाको निर्वाचनका निम्ति पार्टीले जारी गरेको चुनावी घोषणापत्रको निष्कर्षलाई दोहोऱ्याउँदै यसो भनिएको थियो :

> 'नवउदारवादी पुँजीवादी प्रजातन्त्रले बहुसङ्ख्यक श्रमजीवी जनताका समस्याको समाधान दिन सक्दैन त्यसरी नै जेसुकै नाममा अभ्यास गरिएको भए पनि एकदलीय अधिनायकवादी व्यवस्था वर्तमान समस्याको समाधान हुन सक्दैन। त्यसैले नेकपा (एमाले) पूर्ण लोकतान्त्रिक अधिकार र सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य व्यवस्थाको पक्षमा छ, सहभागितामूलक र समावेशी शासनप्रणालीका पक्षमा छ। नेकपा (एमाले) यस्तो लोकतन्त्रलाई जनताको बहुदलीय जनवादी व्यवस्था हुँदै समाजवादसम्म पुऱ्याउन चाहन्छ' (नेकपा (एमाले), २०७०, पृ. २६)।

घोषणापत्रमा नेकपा (एमाले) ले बहुसङ्ख्यक श्रमजीवी जनताका समस्याको समाधान न त नवउदारवादी पुँजीवादी व्यवस्थाले गर्न सक्छ न त एकदलीय अधिनायकवादी व्यवस्थाले गर्न सक्छ। यसका लाग नेकपा (एमाले) सामाजिक न्यायसहितको लोककल्याणकारी राज्यव्यवस्था र सहभागितामूलक तथा समावेशी शासन प्रणालीका पक्षमा छ जसका जगमा जनताको बहुदलीय जनवादी शासन व्यवस्था हुँदै समाजवादसम्म पुग्न चाहन्छ भनी आफ्नो घोषणापत्रमा भनेको थियो। घोषणापत्रमा समाजवादसम्म पुग्ने कुरा गर्नु समाजवादी विचारको प्रभाव नै हो। घोषणापत्रको 'नेकपा (एमाले) को परिकल्पना : सुखी नेपाली र समतामूलक समृद्ध नेपाल स्थापना' शीर्षकमा पार्टीले परिकल्पना गरेको राज्यसत्ताको बारेमा यसो भनिएको थियो :

> 'नेकपा (एमाले) ले संविधानसभालाई अधिकार प्राप्त गर्ने आन्दोलनको अन्तिम बिन्दु र सामाजिक-आर्थिक रूपान्तरण र समृद्धिको युगमा प्रवेश गर्ने मूल द्वारका रूपमा लिएको छ। लोकतान्त्रिक गणतन्त्रको स्थापनाले नेपालमा सामन्तवाद विरोधी राजनीतिक क्रान्तिलाई उत्कर्षमा पुऱ्याएको छ। यसलाई संस्थागत गर्दै सामन्तवादका बाँकी अवशेष समाप्त पार्नु र सामाजिक आर्थिक संरचना परिवर्तन गर्नु हाम्रो मुख्य अभिभारा हुनेछ। विश्वको शक्ति सन्तुलन एसियातिर ढल्कँदै गरेको विशेष परिस्थिति र नयाँ आर्थिक शक्तिका रूपमा उदाउँदै गरेका दुई छिमेकीबिचमा अवस्थित नेपालको अस्तित्व र अग्रगति समतामूलक आर्थिक समृद्धिले मात्रै सुनिश्चित गर्न सक्छ। आजको मुख्य चुनौती हो- सामन्तवाद र त्यसका अवशेष विरोधी राजनीतिक क्रान्तिलाई सामाजिक-आर्थिक-सांस्कृतिक क्रान्तिका तहसम्म विस्तारित गर्ने र सामन्तवादको अगुवाइमा रहेको उत्पादन सम्बन्धलाई विस्थापन गरी समाजवाद उन्मुख अर्थ-राजनीतिक प्रणालीको जग बसाल्ने।

अर्थात् सामन्ती उत्पादन सम्बन्धनबाट कठ्याङ्ग्रिएको श्रमशक्तिलाई स्वतन्त्र श्रमशक्तिका रूपमा विकसित गर्न नयाँ उत्पादन सम्बन्ध स्थापित गर्ने दायित्व हाम्रो काँधमा छ' (नेकपा (एमाले), २०७०, पृ. ३५) ।

घोषणापत्रमा पार्टीले संविधानसभालाई अधिकार प्राप्त गर्ने आन्दोलनको अन्तिम बिन्दु र सामाजिक-आर्थिक रूपान्तरण तथा समृद्धिको युगमा प्रवेश गर्ने मुख्य ढोकाका रूपमा लिएको छ भनी प्रस्ट पारेको थियो । पार्टीले घोषणापत्रमार्फत लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, सामन्तवाद विरोधी राजनीतिक क्रान्तिलाई निरन्तरता दिँदै सामन्तवादका बाँकी अवशेष समाप्त पार्ने र सामाजिक आर्थिक संरचनामा परिवर्तन ल्याउने अभिभारा लिनु र सामन्तवाद विरोधी राजनीतिक क्रान्तिलाई निरन्तरता दिँदै बिस्तार गरी सामाजिक-आर्थिक-सांस्कृतिक क्रान्तिको तहसम्म पुऱ्याउने, सामन्तवादको नेतृत्वमा रहेको उत्पादन सम्बन्धलाई विस्थापित गरी समाजवाद उन्मुख अर्थ-राजनीतिक प्रणालीको जग बसाल्ने र सामन्ती उत्पादन सम्बन्धबाट थिलोथिलो भएको श्रमशक्तिलाई स्वतन्त्र रूपमा विकसित गर्दै नयाँ उत्पादन सम्बन्ध स्थापित गर्ने दायित्व आफ्नो काँधमा लिनुले यस पार्टीको घोषणापत्रमा समाजवादी विचारको प्रभाव रहेको देखिन्छ । घोषणापत्रमा यसबारे पार्टीले अझ यसरी प्रस्ट पारेको थियो :

'नेपाली समाजको मूल अन्तर्विरोध वर्गीय हो र उत्पीडनको मुख्य स्वरूप पनि वर्गीय नै हो । यसैका जगमा लैङ्गिक, जातीय, भाषिक र सांस्कृतिक जस्ता सामाजिक उत्पीडन खडा भएका छन् । आर्थिक समृद्धिका लागि राज्यको यो विभेदकारी संरचना अन्त्य गर्ने स्पष्ट राजनीतिक कार्यदिशा हुनुपर्छ । सही राजनीतिबाट निर्देशित नभएको विकासको प्रयास अर्थहीन हुन जान्छ । विकासका लागि तीव्र आर्थिक वृद्धिदर आवश्यक पर्छ तर मुठ्ठीभर धनीहरू झन् धनी हुँदै जाने र बहुसङ्ख्यक जनता गरिबीको दुश्चक्रमा फस्दै जाने विधिले समग्र समाजलाई समृद्ध बनाउन सक्दैन तसर्थ नेकपा (एमाले) ले तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणमा आधारित सन्तुलित विकासको ढाँचालाई अगाडि बढाउनेछ' (नेकपा (एमाले) २०७०, पृ. ३५) ।

घोषणापत्रमा नेकपा (एमाले) ले नेपाली समाजको मूल अन्तरविरोध वर्गीय र उत्पीडनको मुख्य स्वरूप पनि वर्गीय नै भएको हुँदा आर्थिक समृद्धिका लागि राज्यका यस्ता विभेदकारी संरचना अन्त्य गर्ने राजनीतिक कार्यदिशा आवश्यक छ भनी किटान गर्दै मुठ्ठभिरका धनीहरू झन् धनीको धनी बन्दै जाने र बहुसङ्ख्यक गरिब झन् गरिबको गरिब बन्दै जाने भएको हुँदा यसको अन्त्यका निम्ति तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणमा आधारित सन्तुलित विकासको ढाँचालाई

अवलम्बन गर्न आवश्यक छ भनी किटान गर्नु समाजवादी विचारको प्रभाव नै हो। नेकपा (एमाले) ले घोषणापत्रमा 'नेकपा एमाले : संविधान निर्माणको प्रतिबद्धता र मार्गचित्र' शीर्षकको समाजवाद उन्मुख अर्थतन्त्रको बुँदामा यसो भनेको थियो :

> 'राज्य, सहकारी र निजी क्षेत्रको सन्तुलित सम्बन्धमाथि आधारित मिश्रित, सामाजिक-आर्थिक समानता र न्यायसहितको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई संविधानको उद्देश्यका रूपमा स्थापित गरिनेछ। सामन्तवादका बाँकी अवशेषहरूलाई अन्त्य गर्दै स्वाधीन, औद्योगिक र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य स्पष्ट पारिनेछ' (नेकपा (एमाले), २०७०, पृ. २०)।

घोषणापत्रमा नेकपा (एमाले) ले दोस्रो संविधानसभाबाट निर्माण हुने संविधानको उद्देश्य समानता र न्यायसहितको समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने हुनेछ र सामन्तवादका बाँकी अवशेषहरूलाई अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने हुनेछ भनी स्पष्ट किटान गर्नुले यस चुनावी घोषणापत्रमा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ। यसकै अर्को सामाजिक न्यायसहितको अग्रगामी लोकतन्त्रको बुँदामा यस्तो भनिएको थियो :

> 'माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी, आवासमा पहुँच र खाद्य अधिकारसहित आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको प्रत्याभूतिसहितको अग्रगामी लोकतन्त्र स्थापना संविधानको लक्ष्य हुनेछ। वैज्ञानिक भूमिसुधार, महिला, दलित, श्रमजीवी वर्ग, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र, भाषिक-धार्मिक-लैङ्गिक अल्पसङ्ख्यकहरू, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतकाको अधिकारलाई संविधानले प्रत्याभूत गर्नेछ। आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको प्रगतिशील कार्यान्वयनको संवैधानिक र जनउत्तरदायी व्यवस्था गरिनेछ' (नेकपा (एमाले), २०७०, पृ. २०)।

घोषणापत्रमा संविधानसभाबाट बन्ने नयाँ संविधानको लक्ष्य माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी, आवासमा आमजनताको पहुँच तथा आर्थिक सामाजिक-सांस्कृतिक अधिकारको आम जनतामा प्रत्याभूतिसहितको अग्रगामी लोकतन्त्रको स्थापना गर्ने हुनेछ र वैज्ञानिक भूमिसुधार, महिला, दलित, श्रमजीवी वर्ग, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र, भाषिक-धार्मिक-लैङ्गिक अल्पसङ्ख्यकहरू, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिकलगायतकाको अधिकार संविधानमा सुनिश्चित गरिनेछ तथा नयाँ संविधानमा आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको कार्यान्वयनका लागि संवैधानिक र जनउत्तरदायी व्यवस्था

गरिनेछ भन्नु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ। घोषणापत्रको 'रूपान्तरणको मार्गचित्रः समष्टिगत आर्थिक नीति र सामाजिक विकास रणनीति' शीर्षकको आर्थिक क्षेत्रको बुँदा 'समृद्ध समाजको निर्माण : वैज्ञानिक भूमिसुधार तथा कृषिमा युगान्तकारी रूपान्तरण' मा यसो भनिएको थियो :

> 'वैज्ञानिक भूमि सुधारका माध्यमबाट जमिनमाथि किसानहरूको पहुँच सुनिश्चित गर्ने। उत्पादकत्व वृद्धि र जमिनको आधिकारिक प्रयोगमार्फत समृद्ध समाजको जग बसाउने। जमिनलाई उपभोगका आधारमा वर्गीकरण गरी भिन्न भिन्न प्रकारको पुर्जा वितरण गर्ने र कृषि जमिन अन्य प्रयोजनमा प्रयोग हुन नदिने। अनुपस्थित जमिन्दार र आफै श्रम नगर्ने व्यक्तिलाई उचित मुआब्जा दिएर खेती गर्नेले मात्रै कृषि जमिन राख्न पाउने व्यवस्था गर्ने' (नेकपा (एमाले), २०७०, पृ. ३१)।

नेकपा (एमाले) ले घोषणापत्रमा वैज्ञानिक भूमिसुधार लागू गरी जमिनमाथि किसानको पहुँच सुनिश्चित गर्ने, कृषि उत्पादनमा संलग्न नहुने जमिन्दारहरूलाई मुआब्जा दिई खेती गर्ने किसानले मात्रै जमिन राख्ने व्यवस्था गर्ने भनी उल्लेख गर्नु समाजवादी विचारको प्रभाव नै हो। नेकपा (एमाले) ले घोषणापत्रमा शिक्षालाई मौलिक हकका रूपमा आत्मसात् गर्दै १२ कक्षासम्मको शिक्षालाई निःशुल्क गर्ने, स्वास्थ्यमा आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रूपमा ग्यारेन्टी गर्ने, सामाजिक सुरक्षाको व्यवस्था गर्ने, सुकुम्बासी र आवासविहीनहरूको समस्या समाधान गर्ने मुलुकमा लोकतन्त्र, सुशासन र न्यायलाई सुदृढ गर्ने, श्रममाथि हुने सबै प्रकारका शोषणको अन्त्य गर्ने, बेरोजगारीको अन्त्य गर्ने, महिला विरूद्धका तमाम खालका शोषण, उत्पीडन र हिंसाको अन्त्य गर्दै समतामूलक समाजको स्थापना गर्ने र दलितमाथिका विविध खाले विभेद र उत्पीडन अन्त्य गर्ने भनी उल्लेख गर्नु र प्रतिबद्धता जनाउनु समाजवादी विचारको प्रभाव नै हो।

एनेकपा (माओवादी) ले पनि 'अग्रगामी संविधान, स्थिर सरकार र समतामूलक समृद्धि !' को नारा दिँदै दोस्रो संविधानसभा निर्वाचनका लागि आफ्नो प्रतिबद्धतापत्र जारी गरेको थियो (एनेकपा (माओवादी), २०७०, पृ. १)। उक्त प्रतिबद्धतापत्रको 'समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास' बुँदामा एनेकपा (माओवादी) ले यसो भनेको थियो :

> 'सामन्तवादका अवशेषहरूको अन्त्य र दलाल तथा नोकरशाही र पुँजीवादलाई नियन्त्रण गर्दै राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्नु र समाजवादी रूपान्तरणको आधार तयार गर्नु देशको अहिलेको सबैभन्दा महत्त्वपूर्ण आर्थिक सामाजिक कार्यभार हो। यसका निम्ति सामाजिक न्यायसहितको तीव्र आर्थिक विकास र समृद्धिको नीति अनुसरण गर्नु अपरिहार्य हुन्छ तसर्थ सोहीअनुसार नयाँ संविधानमा राज्यको निर्देशक सिद्धान्त र नीतिको व्यवस्था गरिनेछ :

- अर्थतन्त्रका विभिन्न क्षेत्रमा रहेका सामन्तवादका सबै रूपहरूको अन्त्य गरिनेछ। मुख्यतः सामन्ती भूमि सम्बन्धको अन्त्य गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार लागू गरिनेछ। अर्थतन्त्रमा उत्पादक शक्तिहरूको तीव्र विकासमा जोड दिइनेछ' (एनेकपा (माओवादी), २०७०, पृ. १५-१६)।

एनेकपा (माओवादी) ले प्रतिबद्धपत्रमा सामन्तवादका अवशेषहरूको अन्त्य गर्दै दलाल नोकरशाही पुँजीवादलाई नियन्त्रण गरी राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गरी समाजवादी रूपान्तरणको आधार तयार पार्नु देशको महत्त्वपूर्ण आर्थिक सामाजिक कार्यभार हो र यसका निम्ति अर्थतन्त्रका विभिन्न क्षेत्रमा रहेका सामन्तवादका विविध रूपहरूको अन्त्य गरी सामन्ती भूमि सम्बन्धको अन्त्य गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमि सुधारको कार्यक्रम संविधानसभाबाट बन्ने नयाँ संविाधनमा राज्यको निर्देशक सिद्धान्त र नीतिमा व्यवस्था गरिनेछ भनी उल्लेख गर्नु समाजवादी विचारको प्रभाव नै हो। प्रतिबद्धतापत्रको आर्थिक क्रान्तिको मार्ग चित्र बुँदाको 'समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पूँजीवाद' मा भनिएको थियो :

'लामो समयदेखि नेपाली अर्थतन्त्र आन्तरिक रूपमा मूलतः कृषि क्षेत्रमा केन्द्रित सामन्तवाद र बाह्य रूपमा वैदेशिक एकाधिकार पुँजीवादको चेपुवामा पर्दै आएको छ। पछिल्लो राजनीतिक परिवर्तनपछि आन्तरिक रूपमा सामन्ती/अर्धसामन्ती उत्पादन प्रणाली करिब करिब ध्वंस भएको छ तर बाह्य एकाधिकार पुँजीवादको वर्चस्व कायमै रहेको छ र त्यसले नवऔपनिवेशिक चरित्र ग्रहण गरेको छ। यसरी देशको अर्थतन्त्र पुँजीवादी सङ्क्रमणको चरणमा छ, तर विदेशी एकाधिकार पुँजीवादको छायामुनि त्यसले सहजै राष्ट्रिय औद्योगिक पुँजीवादका रूपमा विकास गर्न सकिरहेको छैन। कृषि, उद्योग र सेवा क्षेत्रमा छरिएर रहेका साना राष्ट्रिय पुँजीको सङ्गठित आड र राज्यको संरक्षणमा मात्र त्यसले राष्ट्रिय औद्योगिक (उत्पादनशील) पुँजीवादका रूपमा विकास गर्न सक्दछ। त्यसैले नेपालको वर्तमान आर्थिक क्रान्ति समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादी क्रान्ति हुने निश्चित छ र त्यही नै हाम्रो आर्थिक क्रान्तिको मार्गचित्रको मुख्य वैचारिक आधार भएको र हुने स्पष्ट छ' (एनेकपा (माओवादी), २०७०, पृ. २२)।

एनेकपा (माओवादी) ले प्रतिबद्धतापत्रमा लामो समयदेखि नेपाली अर्थतन्त्र कृषि क्षेत्रको सामन्तवाद र बाह्य रूपको वैदेशिक एकाधिकार पुँजीवादले आफ्नो लपेटामा पारेको र पछिल्लो समयको राजनीतिक परिवर्तनले सामन्ती/अर्धसामन्ती प्रारूपको उत्पादन प्रणाली थिलथिलो भए पनि वैदेशिक एकाधिकार पुँजीवादको वर्चस्व भने कायम राखी नवउपनिवेशवादी चरित्र ग्रहण गरेको हुँदा तत्कालै राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्न सम्भव छैन। यसका लागि नेपालको

वर्तमान आर्थिक क्रान्ति समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादी क्रान्ति हुने निश्चित भएको हुँदा नेपाली आर्थिक क्रान्तिको मार्गचित्र र मुख्य वैचारिक आधार 'समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवाद' हुनेछ भनी प्रस्ट पार्न समाजवादी विचारको प्रभाव नै हो। यसै प्रतिबद्धतापत्रमा अगाडि बढी 'वृद्धि र वितरणको उचित सन्तुलन' बुँदामा भनिएको थियो :

> 'नेपाली अर्थतन्त्रको आकार र आधार निकै सानो रहेको र वृद्धिदर अत्यन्तै न्यून भएकाले पुँजीवादी विकासको यो प्रारम्भिक चरणमा उच्च वृद्धिदर हासिल गर्ने कुरामा नै मुख्य जोड दिनु पर्ने निश्चित र स्वाभाविक छ किनकि नयाँ उत्पादक शक्तिको विकासविना नयाँ उत्पादन सम्बन्ध पनि विकास हुनै सक्दैन तर अर्थतन्त्रमा गरिबी, बेरोजगारी र असमानता (वर्गीय र क्षेत्रीय/जातीय) व्याप्त रहेकाले आर्थिक वृद्धि सँगसँगै समुचित सामाजिक वितरण भएन भने बजार र माग सङ्कुचित हुने र त्यसले अन्ततः आर्थिक वृद्धिलाई नै प्रतिकूल असर पार्ने हुन्छ। अर्कातिर उत्पादनले धान्नै नसक्ने गरी वितरण भयो भने उपभोग खर्च बढी भएर पुँजी सञ्चयमा प्रतिकूल असर पर्छ र ठूलो आर्थिक मन्दीको खतरा पैदा हुन्छ। त्यसैले आर्थिक क्रान्तिको प्रारम्भिक चरणमा उत्पादन वृद्धि तथा पुँजी सञ्चयमा बढी जोड दिने र सामाजिक वितरण तथा उपभोग खर्चमा उचित ध्यान दिने नीति अनुसरण गर्नु नै सही र युक्तिसङ्गत हुन्छ। यो नै समतामूलक समृद्धिको मुख्य आधार हो' (एनेकपा (माओवादी), २०७०, पृ. २२-२३)।

एनेकपा (माओवादी) ले प्रतिबद्धतापत्रमा आर्थिक वृद्धि र पुँजीवादको विकासका लागि नयाँ उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासलाई जोड दिई वर्गीय, जातीय र क्षेत्रीय रूपमा व्याप्त रहेका गरिबी, बेरोजगारी र असमानताका कारण आर्थिक वृद्धि सँगसँगै समुचित सामाजिक वितरणको आवश्यकता पर्दछ भनी आर्थिक क्रान्तिको पहिलो चरणमा 'उत्पादन वृद्धि तथा पुँजी सञ्चयमा बढी जोड दिने र सामाजिक वितरण तथा उपभोग खर्चमा उचित ध्यान दिने' नीति अनुसरण गर्नु नै समतामूलक समृद्धिको मुख्य आधार हो भनी प्रस्ट्याउनु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ। प्रतिबद्धतापत्रको क्षेत्रगत नीति तथा कार्यक्रमको कृषि तथा भूमिसुधार बुँदामा यसो भनिएको थियो :

> 'उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोगको प्रतिवेदनलाई तदारूकताका साथ कार्यान्वयन गरिनेछ। कृषि क्षेत्रमा अझै बाँकी रहेको विविध रूपको सामन्ती भूस्वामित्वको पूर्ण रूपले अन्त्य गर्दै 'जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार सम्पन्न गरिनेछ। हदबन्दीभन्दा बढी जमिन, मुक्त कमैया, हलिया, हरूवा, चरूवा, सुकुम्बासी र गरिब किसानहरूलाई निःशुल्क वितरण गरिनेछ' (एनेकपा (माओवादी), २०७०, पृ. ३३)।

एनेकपा (माओवादी) ले प्रतिबद्धतापत्रमा उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोगको प्रतिवेदनअनुसार सामन्तवादी भूस्वामित्वको पूर्ण रूपमा उन्मूलन गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार सम्पन्न गर्ने र हदबन्दीभन्दा बढी जमिन मुक्त कमैया, हलिया, हरूवा, चरूवा, सुकुम्बासी र गरिब किसानहरूलाई निःशुल्क वितरण गर्ने भनी प्रतिबद्धता जनाउनु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ। एनेकपा (माओवादी) ले प्रतिबद्धतापत्रमा कृषि पेसालाई आकर्षित गर्न र युवाहरूलाई कृषिमा संलग्न गराउन 'किसान पेन्सन कोष' व्यवस्था गर्ने, समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकासका लागि सहकारी आन्दोलनको महत्त्व विशेष हुने हुँदा साना उत्पादनकर्ता र व्यवसायीहरूलाई उत्पादन, वितरण, उपभोग र वित्तीय सहकारीहरूमा सङ्गठित भई आर्थिक गतिविधि गर्न राज्यले विशेष प्रोत्साहन तथा सहजीकरण गर्ने, शिक्षामा मौलिक अधिकारको स्थापना गर्दै १२ कक्षासम्मको शिक्षा निःशुल्क गर्ने तथा पिछडिएका क्षेत्रका बासिन्दा, दलित, सीमान्तकृत र लोपोन्मुख जाति र गरिबकिो रेखामुनि रहेका सबैलाई शिक्षा पूर्ण रूपले निःशुल्क गर्ने व्यवस्था मिलाउने, स्वास्थ्य सेवामा मौलिक अधिकार स्थापित गर्दै सम्पूर्ण नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क गर्ने, पिछडिएका क्षेत्रका बासिन्दा, दलित, सीमान्तकृत र लोपोन्मुख जाति, १५ वर्षमुनिका बालबालिका, ६५ वर्षमाथिका ज्येष्ठ नागरिक, गरिबीको रेखामुनिका नागरिक, जनयुद्ध र राजनीतिक आन्दोलनका घाइते र अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पूर्ण प्रकारका स्वास्थ्य सेवा र सम्पूर्ण महिलाहरूलाई प्रजनन स्वास्थ्य सेवा निःशुल्क गर्ने, महिलामाथिका सबै खालका पितृसत्तात्मक शोषण, उत्पीडन र विभेदको अन्त्य गरी पुरुषसरहको समान अधिकारको प्रत्याभूति गर्ने र दलित, मुस्लिम तथा अन्य अल्पसङ्ख्यक अपाङ्ग, ज्येष्ठ नागरिक, यौनिक तथा अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने भनेको थियो (एनेकपा (माओवादी), २०७०, पृ. ७-४९)। एनेकपा (माओवादी) ले यस्ता प्रतिबद्धता जाहेर गर्नु चुनावी प्रतिबद्धतापत्रमा समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ।

नेकपा (एमाले) र एनेकपा (माओवादी) ले दोस्रो संविधानसभाको निर्वाचनका लागि आ-आफ्नै खालका चुनावी घोषणापत्र र प्रतिबद्धतापत्र सार्वजनिक गरे पनि निर्वाचनको मतपरिणाममा भने नेपाली काङ्ग्रेस पहिलो, नेकपा (एमाले) दोस्रो र एनेकपा (माओवादी) तेस्रो राजनीतिक दल बन्न पुगेको थियो। प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ कुल २४० निर्वाचन क्षेत्रमध्ये नेपाली काङ्ग्रेस १०५ स्थानमा, नेकपा (एमाले) ९१ सथानमा र एनेकपा (माओवादी) २६ स्थानमा विजयी भएका थिए (निर्वाचन आयोग, २०७३, पृ. ८१८)। समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल ३३५ सिटमध्ये नेपाली काङ्ग्रेस ९१ सिट, नेकपा (एमाले) ८४ सिट र एनेकपा (माओवादी) ५४ सिट प्राप्त गर्न सफल भएका थिए (निर्वाचन आयोग, २०७०, पृ. २२८)। यी बाहेकका अरू कम्युनिस्ट पार्टीहरूमा नेपाल मजदुर किसान पार्टी प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ १ स्थानमा विजयी भएको

थियो (निर्वाचन आयोग, २०७३, पृ. ८१८)। बाँकी कम्युनिस्ट पार्टीहरू प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ विजयी हुन सकेका थिएनन्। समानुपातिक निर्वाचन प्रणालीतर्फ नेकपा (माले) ले ५ सिट प्राप्त गरेको थियो, नेकपा (संयुक्त) ले ३ सिट प्राप्त गरेको थियो, राष्ट्रिय जनमोर्चाले ३ सिट प्राप्त गरेको थियो र नेपाल मजदुर किसान पार्टीले ३ सिट प्राप्त गरेको थियो (निर्वाचन आयोग, २०७० : २२८)। बाँकी अरू कम्युनिस्ट पार्टीहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फ कुनै पनि सिट प्राप्त गर्न सकेका थिएनन्। कुल ६०१ सदस्यीय संविधानसभामा २६ मनोनीत सदस्यबाहेक प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत नेपाली काङ्ग्रेसका १९६ सदस्य, नेकपा (एमाले) का १७५ सदस्य र एनेकपा (माओवादी) का ८० सदस्य थिए। अरू कम्युनिस्ट पार्टीहरूको प्रत्यक्ष र समानुपातिकतर्फ गरी १५ सदस्य थिए। कुल ६०१ संविधानसभा सदस्यमा कम्युनिस्ट पार्टीका २७० सदस्य थिए। यो मतपरिणामका आधारमा दोस्रो संविधानसभाको निर्वाचन र गठित संविधानसभामा समाजवादी विचारको प्रभाव थियो भन्न सकिन्छ।

दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भएपछि गठित संविाधनसभाको पहिलो बैठक २०७० साल माघ ८ गते बसेको थियो। यसै संविधानसभाबाट २०७० साल माघ २७ गते नेपाली काङ्ग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्रीमा ४०५ मत पाई निर्वाचित भएका थिए। नेपाली काङ्ग्रेस र नेकपा (एमाले) ले सत्ता साझेदारी गरेका थिए (भण्डारी, २०७९, पृ. २९६)। प्रधानमन्त्रीमा सुशील कोइराला निर्वाचित भएपछि उनको नेतृत्वमा २०७० साल फागुन ८ गते मन्त्रिपरिषद्को गठन तथा पुनर्गठन भएको (रिसाल र पोखरेल, २०७५, पृ. १२२-१२३)। दोस्रो संविधानसभाको गठन भइसकेपछि प्रमुख दलहरूबिच एक वर्षभित्र नयाँ संविधानसभाको निर्माण गरी जारी गर्ने सहमति भए पनि संविधानको निर्माण हुन सकेको थिएन। २०७२ साल वैशाख १२ गतेका दिन विनाशकारी भूकम्प गएपछि प्रमुख राजनीतिक दलहरू १६ बुँदे सहमति गरी संविधान निर्माण र जारी गर्ने प्रतिबद्धता जनाएका थिए (भण्डारी, २०७९, पृ. २९६-२९७)। प्रमुख राजनीतिक दलहरूले सबै खालका दबाब, विघ्नबाधालाई बेवास्ता गर्दै २०७२ साल असोज ३ गते दोस्रो संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्ने निर्णय गरेका थिए। यसै निर्णयअनुरूप दोस्रो संविधानसभाबाट नेपाली राजनीतिक इतिहासमै पहिलो पटक संविधानसभाले निर्माण गरेको संविधान 'नेपालको संविधान' २०७२ साल असोज ३ गते जारी भएको तत्कालीन राष्ट्रपति रामवरण यादवले घोषणा गरेका थिए (भण्डारी, २०७९, पृ. २९९-३०१)। संविधानसभाको निर्वाचनद्वारा निर्वाचित जनताका प्रतिनिधिमार्फत लेखिएको संविधान नेपाली राजनीतिक इतिहासमा पहिलो पटक नेपालको संविधान जारी भएको थियो। नेपालको संविधान आजपर्यन्त लागू छ। नेपालको संविधानको प्रस्तावनामा यसो भनिएको थियो :

'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता; नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनताको स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै; राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् सहिदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै; सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै; बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै; जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासनप्रणाली, नागरिक स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न; सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधानसभाबाट पारित गरी यो संविधान जारी गर्दछौं' (नेपालको संविधान, २०७७, पृ. १) ।

नेपालको संविधानमा सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाबाट भइरहेका सम्पूर्ण प्रारूपका विभेद र उत्पीडनको अन्त्य गर्ने राज्यमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताको एकतालाई कायम गर्दै, राज्यमा वर्गीय छुवाछुतको अन्त्य गरी सामाजिक न्यायसहितको समतामूलक समाजको निर्माण गर्ने र जनताका सम्पूर्ण अधिकाहरहरू कायम गदै लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने भनी उल्लेख गर्नु समाजवादी विचारको प्रभाव नै हो । यस संविधानको निर्माण सात राजनीतिक दलका नेतृत्वमा भएको संयुक्त जनआन्दोलन, नेकपा (माओवादी) को नेतृत्वमा भएको दश वर्षे जनयुद्ध, मधेस आन्दोलन र विभिन्न जातीय, क्षेत्रीय, लिङ्गीय, वर्गीय राजनीतिक सामाजिक, आर्थिक, सांस्कृतिक आन्दोलनको पृष्ठभूमिबाट भएको हुँदा यस संविधानमा समाजवादी विचारको प्रभाव प्रस्टै देखिन्छ । यस संविधानको भाग-१ को धारा-४ को उपधारा-१ मा नेपाल राज्यका बारेमा यस्तो लेखिएको थियो :

'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' (नेपालको संविधान २०७२, २०७७, पृ. २) ।

नेपालको संविधानमा नेपाल राज्य समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी स्वीकार्नु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ । यसै संविधानको भाग-४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा-५० को निर्देशक सिद्धान्तहरूको उपधारा-३ मा यसो भनिएको थियो :

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ' (नेपालको संविधान, २०७७, पृ. १९) ।

नेपालको संविधानमा राज्यको राजनीतिक उद्देश्य नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधनीतालाई सर्वोपरि राख्दै नागरिकका समानता र स्वतन्त्रता संरक्षण गर्दै सामाजिक न्यायका माध्यमबाट न्यायपूर्ण व्यवस्था कायम गरी लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ गर्ने हुनेछ, राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन र अन्य कुनै पनि आधारमा हुने विभेद, शोषण र अन्यायको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने हुनेछ र राज्यको आर्थिक उद्देश्य राज्यका उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी तीव्र आर्थिक वृद्धि हासिल गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गरी शोषणरहित समाजको निर्माण गर्न समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने हुनेछ भनी लेखिनुलाई समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ ।

नेपाली राजनीतिमा समाजवादी विचारको बहस भएको लगभग ६६ वर्षपछि २०७२ साल असोज ३ गते दोस्रो संविधानसभाबाट नेपालको संविधान निर्माण भई जारी भयो । उक्त संविधानमा समृद्ध राष्ट्र निर्माण गर्न 'समाजवादप्रति प्रतिबद्ध' रहने भनी उल्लेख गर्नु, नेपाल राज्य 'समाजवाद उन्मुख' सङ्घीय लोकतान्त्रिक गणतन्त्र राज्य हो भनी उल्लेख गर्नु र नेपाल राज्यको आर्थिक उद्देश्य 'समाजवाद उन्मुख' स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्नु हो भनी उल्लेख गर्नु समाजवादी विचारको प्रभाव नै हो । उक्त संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' (नेपालको संविधान, २०७७, पृ. १-१९) शब्द राखिनु नेपाली राजनीतिमा समाजवादी

विचारले पारेको प्रभावको उपलब्धि नै हो र यसबाट नेपालको संविधानमा पनि समाजवादी विचारको प्रभाव परेको छ भन्न सकिन्छ । यस विषयमा विभिन्न दलका नेता, राजनीतिज्ञ, विश्लेषक, लेखक र बुद्धिजीवीको आआफ्नै बुझाइ एवम् दृष्टिकोण रहेको छ ।

जे भए पनि नेपाली राजनीतिमा समाजवादी विचारको बहस भएको लगभग ६६ वर्षपछि २०७२ साल असोज ३ गते दोस्रो संविधानसभाबाट नेपालको संविधान निर्माण भयो र उक्त संविधानमा 'समाजवादप्रति प्रतिवद्ध' र 'समाजवाद उन्मुख' भन्ने शब्द राखियो । यी शब्द राखिनु भनेको नेपालको राजनीतिक विकासमा परेको समाजवादी विचारको प्रभावकै उपलब्धि हो र नेपालको संविधानमा पनि समाजवादी विचारको प्रभाव परेको देखिन्छ ।

### ६.३.१ संविधानका सम्बन्धमा उठेका विचारहरू

नेपालको संविधानका प्रस्तावनामा 'समाजवादप्रति प्रतिवद्ध' र संविधानाको राज्यको नीति निर्देशक सिद्धान्तमा 'समाजवाद उन्मुख' शब्द राखिएको छ (नेपालको संविधान, २०७७, पृ. १-१९) । संविधानमा यी शब्द राखिनु नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावको उपलब्धिका रूपमा लिन सकिन्छ कि सकिँदैन भन्ने प्रसङ्गमा विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकले सकारात्मक र नकारात्मक धारणाहरू राखेका छन् ।

### क) संविधानमा समाजवादप्रतिको सकारात्मक धारणाहरू

सुनीलकुमार मानन्धर नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' भन्ने शब्द राखिनुलाई समाजवादी विचारको प्रभावका रूपमा लिन सकिन्छ भन्दछन् । संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि हो भने यी शब्द राखिँदैमा केही नहुने र त्यही अनुसारका कार्यक्रम र गतिविधि सञ्चालन गर्नुपर्ने हुन्छ तत्र भारत र श्रीलङ्काको संविधानबाट समाजवाद भन्ने शब्द हटे जस्तै नेपालको संविधानबाट पनि समाजवाद भन्ने शब्द हट्न सक्छ भन्ने उनको मत छ (मानन्धर, २०७५ साल फागुन १४, अन्तर्वार्ता) । चैतन्य मिश्र नेपालको संविधानमा 'समाजवादप्रति प्रतिवद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनुलाई समाजवादी विचारको प्रभाव र उपलब्धिका रूपमा लिन सकिन्छ भन्छन् । 'त्यसलाई उपलब्धिका रूपमा लिन सकिन्छ तर यो अहिलेसम्म शब्दमा मात्रै सीमित छ । यसलाई क्रमशः कार्यान्वयन गर्न सकियो भने सार्थक भयो भन्न सकिन्छ । तर अहिले नै यो भइसक्यो भन्नेमा चाहिँ होइन । अहिले चाहिँ शब्दमा आएको छ । यसलाई चरितार्थ गर्न सकियो भने हो भन्नेमा पुगिन्छ, होइन भने होइनमा पुग्नुपर्छ । त्यसकारणले अहिलेको समयमा यसबारे अन्तिम निर्णय गर्ने बेला भएको छैन भन्ने उनको मत छ (मिश्र, २०७५ साल फागुन २१, अन्तर्वार्ता) । संविधानमा 'समाजप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' भन्ने शब्द राखिनु

समाजवादी विचारको प्रभाव र उपलब्धिका रूपमा लिन सकिन्छ भन्ने मत उनले अघि सारेका छन् तर यसलाई काममा लानुपर्ने र चरितार्थ गर्नुपर्ने हुन्छ। यदि यसो भएन भने हो भन्न सकिँदैन भन्ने उनको मत छ।

विजयकुमार पौडेल नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धिका रूपमा लिन सकिन्छ भनेका छन् तर 'यसलाई व्यवहारिक ढङ्गले लाने किसिमको परिपक्वता चाहिँ छैन' भने उनको मत छ (पौडेल, २०७५ साल फागुन २६, अन्तर्वार्ता)। मोहनविक्रम सिंह 'नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि निश्चित रूपमा हो' भन्दछन् (सिंह, २०७६ साल साउन २३, अन्तर्वार्ता) बेदुराम भुसाल नेपालको संविधानमा 'समाजवादप्रति प्रतिवद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि हो नै भन्छन् किनभने यो ६६ वर्षमा समाजवादी विचार बोकेर नेपाली समाजमा रूपान्तरण गर्नका निम्ति जुन अभियानहरू चलाइए तिनको नै परिणाम हो। संविधानमा पनि त्यसले स्थान पाएको छ। भुसालले यी सबै भनेको नेपालमा करिब ६६ वर्षदेखि समाजवाद निर्माण गर्नुपर्छ भनेर जुन विचार गरियो, व्यवहारमा उतार्ने प्रयत्न गरियो, सङ्घर्षहरू भए र आन्दोलनहरू भए त्यसको नै परिणाम हो भन्दछन् (भुसाल, २०७५ साल फागुन २६, अन्तर्वार्ता)। संविधानमा 'समाजवादप्रति प्रतिवद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि हो भन्ने उनको मत छ।

मोहन वैद्य नेपालको संविधानमा 'समाजवादप्रति प्रतिवद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि हो भन्दछन्। यो 'उपलब्धि नै हो किनभने अब समाजवाद भन्ने भइसकेपछि त यो पुँजीवादले थेग्न सक्दैन। समाजवाद नै चाहिन्छ भन्ने एउटा चेतना निश्चित रूपमा हो यो। त्यसलाई मान्नुपर्छ। तर कुरा के हो भने समाजवादलाई असाध्यै अमूर्त बनाइयो। समाजवादको सारतत्त्व त वर्ग सङ्घर्षलाई मान्दै सर्वहारावर्गको अधिनायकतत्वलाई मान्नुपर्‍यो। समाजवाद भनेको पुँजी र निजी स्वामित्वको अन्त्य गर्ने दिशातर्फ जानु हो। निजी स्वामित्वको अन्त्य गर्ने कि बाँकी राख्ने भन्दा निजी स्वामित्वको अन्त्य गर्ने दिशातर्फ जानुपर्‍यो। त्यो यहाँबाट त सम्भव छैन। सम्भव छैन भन्ने कुरा त स्पष्ट नै छ। तर आन्दोलनको उपलब्धि त हो भन्ने उनको मत छ (वैद्य, २०७५ साल चैत ८, अन्तर्वार्ता)। संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि हो तर यस व्यवस्थाबाट समाजवाद स्थापना गर्न सकिन्न भन्ने उनको मत छ।

घनश्याम भुसाल नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि हो भन्दछन् । तर 'कृषिमा अल्झिएको श्रमशक्तिलाई उद्यमसँग गाँसेर रोजगारी सिर्जना गर्ने, सार्वजनिक शिक्षामा र सार्वजनिक स्वास्थ्यमा लगभग पहुँचको ग्यारेन्टी गर्ने, यी कामहरू हामीले गर्दै जान्छौँ भन्ने कुरा यी कार्यक्रमहरूले बताउनुपर्दछ । बजेटले त्यसमा खासै योगदान नगरेको हुनाले हामीले समाजवादतर्फ जाने भयौं भन्न सक्ने स्थिति आएन भन्ने उनको मत छ (भुसाल, २०७६ साल असोज ७ गते) । नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि हो तर बजेटले समाजवादतर्फ जाने कुनै कार्यक्रमहरू नल्याएको हुँदा समाजवादतिर जान सकिन्छ भनेर भन्न सकिने स्थिति छैन भन्ने उनको मत छ । सुनीलकुमार मानन्धर, चैतन्य मिश्र, विजयकुमार पौडेल, मोहनविक्रम सिंह, बेदुराम भुसाल, मोहन वैद्य, घनश्याम भुसाललगायतले नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको उपलब्धि हो भनी संविधानमा उल्लिखित समाजवाद शब्दप्रति सकारात्मक अवधारणा व्यक्त गरेका छन् । तर यही व्यवस्था, यही स्थिति र यही तौरतरिकाबाट चाहिँ समाजवादको गन्तव्यमा पुगिन्न र समाजवाद स्थापना हुन सक्दैन भन्ने उनीहरूको मत छ ।

**ख) संविधानमा समाजवादप्रतिका नकारात्मक धारणाहरू**

राजेन्द्र महर्जन नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि भन्दा पनि एक ढङ्गले मान्छेका आँखामा छारो हाल्ने काम हो भनेका छन् । किनभने नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द समाजवादी विचारको प्रभाव र उपलब्धिले लेखिनुभन्दा पनि मासको माग भएअनुसार जनताका आँखामा छारो हाल्नका निम्ति लेखिएको हो भन्ने उनको मत छ (महर्जन, २०७५ साल फागुन २५, अन्तर्वार्ता) । हरि रोक्का नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' लेखिनुलाई समाजवादी विचारको प्रभाव र उपलब्धिका रूपमा लिन सकिँदैन भन्दछन् किनभने वितरणको कार्यक्रम नभएकाले, समाजवादी संरचनामा जानका लागि गर्न खोजिएको कार्यक्रम नभएकाले र अभियानमूलक काममा आम मान्छेको सहभागिता नभएकाले यस संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द लेखे पनि यसलाई समाजवादी विचारको प्रभाव र उपलब्धिका रूपमा लिन सकिँदैन भन्ने उनको मत छ (रोक्का, २०७५ साल फागुन २५, अन्तर्वार्ता) । बालकृष्ण न्यौपाने पनि नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि होइन र भन्न सकिन्न' भनेर भन्दछन् (न्यौपाने, २०७६ साल माघ ७, अन्तर्वार्ता) ।

विष्णुभक्त दुलाल 'आहुती' नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनुलाई समाजवादी विचारको प्रभाव र उपलब्धिका रूपमा लिन सकिदैन भन्छन् । कार्यक्रम नै नल्याई शब्दमा मात्रै लेखेर के गर्ने ? समाजवादको कुरै छैन । न्यूनतम पुँजीवादले प्रगतिशील पुँजीवादले दिएको अधिकार पनि दिन तयार भएन, प्रगतिशील पुँजीवादले के भन्छ भने शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका चीजहरू मौलिक हकहरू हुन् तर यसले यो पनि दिदैन भन्ने उनको मत छ (दुलाल, २०७५ साल चैत २, अन्तर्वार्ता) । संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव र उपलब्धि होइन र संविधानमा लेखिएको समाजवाद शब्द असाध्यै अमूर्त छ भन्ने उनको मत छ । राजेन्द्र महर्जन, हरि रोक्का, बालकृष्ण न्यौपाने, विष्णुभक्त दुलाल 'आहुती' भने नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द लेखिनुलाई नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावको उपलब्धिका रूपमा लिन नसकिने बताउँछन् ।

नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द लेखिनुलाई नेपालको संविधानको अध्ययन गर्दा, संविधानमा उल्लिखित समाजवाद शब्दप्रतिको सकारात्मक र नकारात्मक धारणाप्रति विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकहरूसँग छलफल गर्दा नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावको उपलब्धिकारूपमा लिन सकिन्छ । तर संविधानमा उल्लिखित सम्पूर्ण प्रावधानहरू भने पुँजीवादी राजनीतिक विचारकै प्रभावका रूपमा रहेका छन् (नेपालको संविधान, २०७७, पृ. १-१८१) जसले गर्दा यसै संविधानका आधारमा नेपालमा समाजवादको गन्तव्यमा पुग्न र समाजवाद स्थापना गर्न सम्भव छैन भन्न सकिन्छ ।

संविधानसभाबाट लेखिएको नयाँ संविधान पुरानो सामाजिक सम्झौताहरूलाई नयाँ सामाजिक सम्झौताले स्थान लिएको दस्तावेज हो । यसले समाजवाद उन्मुख व्यवस्था भनेको छ तर संविधानका अरू व्यवस्था, सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा त्यो सम्भव छ कि छैन भन्ने प्रश्नका सम्बन्धमा पनि विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकहरूले आआफ्नो मत राखेका छन् ।

चैतन्य मिश्र नेपालको संविधानमा उल्लिखित समाजवाद उन्मुख व्यवस्था संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भव छ भन्छन् । उनी संविधानमा समाजवाद उन्मुख भनेको मात्रै छैन । भनिएअनुसार त्यहाँ धेरै अधिकारहरूको चर्चा गरिएको छ । संविधानमा समावेशीकरणको वकालत गरिएको छ बलियोसँग, सङ्घीय संरचना छ । संविधानमा धेरै अन्तर्विरोध छैन । लागू गर्ने मामिलामा धेरै अन्तर्विरोध हुँदै जाला, संविधानमा चाहिँ अन्तरविरोध छैन (मिश्र, २०७५ साल फागुन २१, अन्तर्वार्ता) । विजयकुमार पौडेल पनि नेपालको संविधानले उल्लिखित समाजवाद उन्मुख व्यवस्था संविधानका अरू व्यवस्था र सम्पूर्ण संविधानक गतिविधि

हेर्दा सम्भव छ भन्छन् । उनी संविधान मोटो कुरा हो । त्यस अनुसार कानुन बनाउनुपर्छ, कानुनअनुसार योजना बनाउनुपर्छ । कानुन भनेको समाजको वर्गचरित्रको ऐना हो, समाजको चेतनाको ऐना हो । कानुन बनाउनुपर्छ, योजना बनाउनुपर्छ सम्भव छ भन्छन् (पौड्ल, २०७५ साल फागुन २६, अन्तर्वार्ता) । झलनाथ खनाल संविधान एउटा साझा दस्तावेज हो । यस साझा दस्तावेजमा धेरै मिश्रित कुराहरू पनि छन् । संविधानलाई क्रमिक रूपलेख  परिष्कृत एवम् परिमार्जित गर्दै र समाजवादका दिशातर्फ अघि बढ्नका निम्ति कुनै बाधा र व्यवधान छन् भने संशोधनको प्रक्रियामार्फत परिष्कृत र परिमार्जन गर्दै अघि लानुपर्छ भन्छन् (खनाल, २०७६ साल साउन ४, अन्तर्वार्ता) । घनश्याम भुसाल संविधानमा उल्लिखित समाजवाद उन्मुख व्यवस्था संविधानका अरू व्यवस्था र सम्पूर्ण गतिविधि हेर्दा त्यो असम्भव छैन भन्छन् । उनी नेकपा तयार छ भने त्यो सम्भव छ पनि भन्छन् । त्यसका लागि अरू संवैधानिक अङ्गहरू र राज्यका अरू निकायहरूलाई समाजवादतर्फ लैजानका लागि हाम्रा पार्टी नै समाजवादी छन् भन्ने कुराको ग्यारेन्टी गर्नुपर्छ । त्यसो गर्नका लागि पार्टीका ८/१० लाख कार्यकर्ता वैचारिक हिसाबले क्लियर छन्, यो पार्टीका सपथ खाएका मान्छे नेपालका श्रमजीवी जनताको पक्षमा उभिन तयार छन् । अर्को, हामीले कसरी समाजवाद आउँछ भन्ने कुरामा यो सारा पल्टन तयार छ, बुझ्या छ । अर्को, यो सबै बुझेर अब यो ल्याउनुपर्छ भनेर कसम खाएकै मान्छेहरू छन्, यदि छन् भने समाजवाद तिनले ल्याइहाल्छन् । यदि छैनन् भने पहिले यिनले आफ्नो पार्टीलाई समाजवादी बनाउनुपर्छ । यदि त्यो पार्टी पनि समाजवादी छैन भने नेपालमा अहिले समाजवाद बेकार कुरा हो भन्ने लाग्छ भन्छन् (भुसाल, २०७६ साल असोज ७, अन्तर्वार्ता) । चैतन्य मिश्र, विजयकुमार पौडेल, झलनाथ खनाल र घनश्याम भुसाल नेपालको संविधानमा उल्लिखित समाजवाद उन्मुख व्यवस्था संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भव छ । तर त्यही अनुसारको कार्यक्रम बनाउनुपर्ने, कार्यान्वयन गर्नुपर्ने र त्यसका लागि आवश्यक कानुन बनाउनुपर्ने र संविधान संशोधन गर्नुपरे पनि गर्नुपर्ने धारणा व्यक्त गर्दछन् ।

मोहनविक्रम सिंह नेपालको संविधानमा उल्लिखित समाजवाद उन्मुख व्यवस्था संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक व्यवस्था हेर्दा सम्भव छैन तर निराश भइहाल्नुपर्ने अवस्था छैन भनेर भन्दछन् । यसका लागि निरन्तर आन्दोलन गरेर त्यस दिशातिर देशलाई लान सक्छौं भन्छन् । उनी संविधानमा समाजवाद उन्मुख लेख्न सबै राजनीतिक दलहरू बाध्य भएका छन् । नेकपाहरू र पहिलाका माओवादीहरू, एमालेहरूको विचार अवसरवादी भए पनि उनीहरूको पृष्ठभूमि कम्युनिस्टै हो । त्यसैले उनीहरूको समाजवादप्रति झुकाव छ । त्यसकारण उनीहरूले संविधान समाजवाद उन्मुख लेखे । तर उनीहरूको व्यवहारले समाजवाद उन्मुख दिशामा लैजान्न किनकि उनीहरूको चरित्र अवसरवादी हो । उनीहरूमा आफ्नै कार्यक्रम र प्रतिवद्धतालाई

लागू गर्न दृढ इच्छाशक्ति र नैतिक बलको अभाव छ र देशभन्दा बाहिरको प्रतिक्रियावादी व्यवस्थाले गर्दा समाजवादी दिशामा लैजान मुस्किल पर्छ । हामीले देखेका छौँ, करिब करिब दुई तिहाईको सरकार छ, यिनीहरूका दुई-दुईवटा नीति तथा कार्यक्रमहरू र बजेट आइसकेका छन् । उनीहरूले समाजवादी दिशामा लान सकिरहेका छैनन् । त्यसकारण समाजवादी दिशामा लान उनीहरूद्वारा सम्भव छैन । त्यसकारण आजको यो प्रशासन, सरकारद्वारा समाजवादी दिशातर्फ बढ्न सक्छौँ भन्ने आशा देखिन्न तर यसको अर्थ हामी निराश पनि छैनौं, देशमा आन्दोलन बढाएर देशलाई समाजवादी दिशामा अवश्य पनि लान सक्छौं (सिंह २०७६ साल साउन २३, अन्तर्वार्ता) । उनी नेकपा (एमाले) र नेकपा (माओवादी) का अवसरवादी चरित्र, देशबाहिरको प्रतिक्रियावादी व्यवस्था, अहिलेको सरकार र प्रशासनबाट संविधानमा उल्लिखित समाजवाद उन्मुख संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भव छैन भन्छन् ।

राजेन्द्र महर्जन नेपालको संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिए पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक व्यवस्था हेर्दा सम्भव छैन भन्छन् । उनी अहिलेको राजनीतिक परिवर्तनलाई एक खालको दस्तावेज चाहिएको थियो । त्यो दस्तावेज बनाउने क्रममा ट्वाक्क एउटा 'घाँटीमा बेडी झुन्ड्याए' जस्तो 'दाइजो दिए' जस्तो लाग्छ समाजवाद भन्ने कुरा । समाजवाद संविधानका अरू धारामा, उपधारामा र कानुनहरूमा देखिनु पर्थ्यो तर केही देखिँदैन । टक्क एउटा ठाउँमा टाँस्या जस्तो कामबाहेक अरूतिर समाजवाद उन्मुख भन्ने कुराहरू आउनुपर्थ्यो देखिँदैन भन्छन् (महर्जन, २०७५ साल फागुन १५, अन्तर्वार्ता) । हरि रोक्का नेपालको संविधानमा संरचनात्मक परिवर्तनका खाका कोर्नका लागि चाहिने प्रावधान नभएको हुँदा संविधानमा समाजवाद उन्मुख व्यवस्था भने पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा त्यो सम्भव छैन भन्छन् (रोक्का, २०७५ साल फागुन १७, अन्तर्वार्ता) । ढुण्डीराज शास्त्रीका अनुसार नेपालको संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिनु आकार मात्रै कोरिएको हो । त्यसमा आत्मा छैन । आत्मा थप्ने मानिसले नै हो । मानिसको विचार उपयुक्त भएन । केवल सत्ता र पैसा भनेर दौडिरहेका छन् । नेताहरूलाई सत्ता, पैसा र गाडी चाहिएको छ । तमाम जनतालाई खान, बस्न र लगाउन छैन, युवाहरू विदेश भागेका छन् । सत्तामा जानेलाई अत्तोपत्तो छैन । परिवर्तन त त्यागले हुने हो । नेताहरूमा त्याग देखिएन । संविधानमा कोरिएको समाजवाद उन्मुख व्यवस्थाको आकारलाई आत्मा थप्ने मान्छेले नै हो । नेताहरू र नेतृत्वमा पुग्नेहरू ठीक मान्छे परेनन् र यसलाई कार्यान्वयन गर्ने मान्छे परेनन् । उनीहरूले त्यागका साथ परिवर्तन गरेर समाजवाद उन्मुख देश बनाउने काम गर्नुपर्थ्यो, गरेनन् । उनीहरूमा समाजवादको ज्ञान छैन । उनी ज्ञान नहुँदा नहुँदै समाजवाद उन्मुख व्यवस्था भनेर संविधानमा लेखियो भन्छन् (शास्त्री,

२०७६ साल साउन २८, अन्तर्वार्ता) । उनी नेता र नेतृत्व ठीक मान्छेहरू नपरेका र नेताहरूमा समाजवादको ज्ञान नभएका कारण संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिए पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भव छैन भन्छन् ।

बालकृष्ण न्यौपाने नेपालको संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिए पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा असम्भव कुरा हो भन्छन् । उनी जनतालाई भ्रम छर्नका लागि संविधानमा समाजवाद उन्मुख व्यवस्था भनेर लेखिएको हो । हामीले साम्यवाद ल्याउँछौं भनेको कुरा संविधानमा समाजवाद उन्मुख व्यवस्था भनेर लेख्यौं हामीलाई भोट चाहिँ हालिराख हामी साम्यवाद ल्याउँछौं भनेर भ्रम छर्नका लागि संविधानमा लेखिएको शब्द हो । संविधानसभाले सिक्किम विलय गऱ्यो । नेपालको संविधानसभाले बनाएको संविधानले नेपाल विलय गर्छ भनेर मैले भनिरहेकै छु । सिके राउतसँग यो सरकारले हाम्रा देशका समस्या आए भने हामी जनमतसङ्ग्रहबाट तय गर्छौं भनेर किन भन्यो ? कुनै पनि दिनमा यो देश नेपाल स्वतन्त्र रहने कि नरहने वा कि भारतमा गाभिने भन्ने विषयमा नेपाल जनमतसङ्ग्रहसम्म पुग्न सक्छ । यो केबाट देखिन्छ भने यिनै रवीन्द्र मिश्रले चलाएको ‘नेपाल स्वतन्त्र किन बस्ने अब ?’ यो भारतमा गाभिए हुँदैन र’ भन्ने कार्यक्रम बिबिसीले चलाएको थियो । माओवादीले भारतसँग सुरूङ युद्ध गर्ने भने पनि सत्तामा आउने बित्तिकै २००७ सालको सन्धिाका आधारमा इन्डियनहरू नेपाल आए । २०४७ सालको संविधानले २०१९ साल पुस १ गतेसम्म जन्मेकालाई मात्रै नागरिकता दिएको थियो । २०७२ सालको संविधानले २०७२ साल असोज २ गतेसम्म जन्मेकालाई नागरिकता दिने भन्यो र २००७ सालको सन्धिका आधारमा इन्डियनहरू यहाँ बसेका छन् अनि यिनीहरूले २०७२ साल असोज २ गतेसम्म जन्मेकालाई नागरिकता दिने आधार तय गरेपछि सीधै भारतीयलाई नागरिकता गएन ? आज तिब्बतीयन शरणार्थी कतिवटा क्याम्पमा थिए । ती एउटै बाँकी रहे ? २०७२ साल असोज २ गतेसम्म नेपालमा जन्मेकलाई नागरिकता दिने भनेपछि हामीले भारतीयलाई पनि नागरिकता दियौँ, तिब्बतीयन शरणार्थीलाई पनि नागरिकता दियौँ, भुटानी शरणार्थीलाई पनि नागरिकता दियौँ, बङ्गलादेशी शरणार्थीलाई पनि नागरिकता दियौँ र कुनै दिन नेपाल रहने कि नरहने भन्ने जनमतसङ्ग्रह भयो भने परिणाम त उनीहरूकै हातमा आउँछ किनकि नागरिकता त उनीहरूका मान्छेहरूले लिइसकेका छन् । यदि परिणाम उनीहरूको हातमा आएन भने पनि नेपालमा प्रधानमन्त्री महेन्द्र चौधरी (फिजीका भारतीय मूलका प्रधानमन्त्री) जस्ता प्रधानमन्त्री हुने हुन् । अब हुने प्रधानमन्त्री देखिइसकेको छ । त्यसैले यो संविधान समाजवाद उन्मुख संविधान नभई नेपाल समाप्त पार्न उन्मुख भएको संविधान हो भन्दछन् (न्यौपाने, २०७६ साल माघ ७, अन्तर्वार्ता) । उनले यस संविधानले देशलाई समाजवाद उन्मुख दिशातिर नलगी देश नै समाप्त पार्न उन्मुख हुन्छ भनेका छन् ।

पर्शुराम खरेल नेपालको संविधानमा समाजवाद उन्मुख व्यवस्था भने पनि संविधानमा भएका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भावना कम छ भन्छन्। उनी संविधानबाट नै अलि कम देखिन्छ तर भन्या जति चाहिँ हुँदैन, नहुने पनि होइन। नेताहरू प्रतिबद्ध भए भने निकै हदसम्म हुन्छ तर नेताहरू बदमास देखेको छु मैले। यी तीनवटा पार्टी अहिलेको नेकपा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)) र नेपाली काङ्ग्रेसका र अहिलेको राजपा ५/७ जना १० जना नेता मात्रै असल भइदिए धेरै राम्रो बन्छ जस्तो लाग्छ किनभने संविधानसभामा पनि केही छलफल गऱ्या होइन, एक छापे लुईं-लुईं लाएर हिंड्या ठाउँमा सजिलो पनि छ। प्रतिबद्ध भइयो भने यो मुलुकलाई केही गरौँ भन्ने हो भने। तर नहुने रहेछ। मानवीय कमजोरी यति धेरै रहेछ। झन यिनीहरूमा बढी रहेछ। यिनीहरूले पटकपटक मौका पाउँदा पनि केही गरेनन्। नगरेका कारण यो संविधान सफल हुँदैन। क्षमताका आधारमा, कसैको सिफारिसबिना, कुनै दलमा आबद्ध नभईकन म:म: पसल खोले सफल होला तर त्यसबाहेक अरू केहीमा पनि सफल हुन सकिन्न। राज्यका निकायमा माथि पुग्न त्यो मान्छे सक्दै सक्दैन। मेरो विश्वास र डिक्लियरै त्यही हो। तपाई भी.सी. कहाँ जानुभयो भने वा अख्तियारमा जानुभयो भने त्यही देख्नुहुन्छ। निर्वाचन आयोगमा जो जानु भएको छ, उहाँले एमालेको लेबी तिरेर हिँडिरहनु भएको हो। यिनीहरू उमेरकै हिसाबल मेरै उमेरका हुन्। म आँखा जुधाएरै कुरा गर्न सक्छु उनीहरूसित। उनी सञ्चार मन्त्रालयको सचिव हुँदा त्यहाँ ५ जना छन् रे नि एमालेको भन्दा एमालेकै बुद्धिजीवी परिषद्काले हामीले हेऱ्या छौं ९ जना सचिव छन् एमालेको भन्या थियो। नेपालमा ग्रिल एसोसिएसन्स समेत छ। कलाकारहरूको पनि त्यसरी कि डिभिजन छ। खेलकुदमा पनि डिभिजन छ। हरेक ठाउँमा त्यस्तै किसिमको ध्रुवीकरण छ। यसरी नेपाली समाज ध्रुवीकृत छ। हरेक क्षेत्रमा क्षमताका आधारमा मानिस नियुक्त हुनुपर्ने हो। त्यस्तो भएन। त्यसकारण अर्को २० वर्षसम्म कुनै पनि हालतमा यो संविधान सफल हुँदैन (खरेल, २०७६ साल फागुन १, अन्तर्वार्ता)। उनी नेताहरूको कमजोरीका कारण, नेताहरू प्रतिबद्ध नभएका कारण र हरेक क्षेत्रमा राजनीतीकरण र ध्रुवीकरणका कारण संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिए पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा त्यो सम्भव छैन भन्छन्।

शास्त्रदत्त पन्त नेपालको संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिए पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भव छैन र यो संविधान संविधानै होइन भन्छन्। उनी यो संविधान नेपालका अरू संविधानभन्दा खेर गएको संविधान हो। अरू कुनै संविधान छैन यो संविधानको जति विरोध भएको। यो संविधान संवैधानिकताको हिसाबले जनमतसङ्ग्रहबाट भएको म मान्दै मान्दिन। जनतालाई झुक्याउन र विदेशीलाई देखाउन मात्रै जनमतसङ्ग्रह भएको हो। यो संविधान तीनजना (नेपाली काङ्ग्रेसका गिरिजा (सुशिल), एमालेका

अध्यक्ष र माओवादीका अध्यक्ष) ले बनाएको हो । यसमा जनताको हातै छैन । संविधान बनाइसकेपछि कम्तीमा तीन महिना समय दिएर जनताको व्यक्तिगत सुझाव (कमेन्ट) गर्ने ठाउँ रहन्छ जनताले बनाएको संविधानमा । त्यसका लागि मात्र दुई दिनको अवधि दिएर नेपालमा यिनै सभासद्लाई आआफ्नो निर्वाचन क्षेत्रमा त्यसको सदरमुकाममा बसेर बनाउन, वितरण गर्न दिईएको थियो फाट्ट फुट्ट मान्छेलाई । त्यही पनि संविधानमा उल्लिखित सङ्घीयता र धर्मनिरपेक्षताका बारेमा ९९% विरोध आएको थियो । ती सब विरोधलाई (सुझावलाई) बोरामा हालेर संसद्मा राखेका छन् । ती विरोध आएपछि संविधान लागू नै गर्न सकिन्न भनेर त्यसलाई पनि खोलेनन् । अरू जनमतको विचारले ठाउँ नै पाएनन् । त्यस्तो संविधान के संविधान । यो त संविधान नै होइन भन्छन् (पन्त, २०७६ साल फागुन १३, अन्तर्वार्ता) । उनले संविधानको धेरै विरोध भएको, जनताको सुझावलाई सविधानमा नसमेटेको र तीन दलका तीन ठूला नेता मिलेर संविधान बनाएको हुँदा उक्त संविधान संविधानै नभएका हुँदा संविधानमा उल्लिखित समाजवाद उन्मुख व्यवस्था सम्भव छैन भन्छन् ।

मोहनविक्रम सिंह, राजेन्द्र महर्जन, हरि रोक्का, ढुण्डीराज शास्त्री, बालकृष्ण न्यौपाने र शास्त्रदत्त पन्त नेपालको संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिए पनि संविधानमा उल्लिखित अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भव छैन भन्छन् । नेपालको संविधानको प्रस्तावनामा 'समाजवादप्रति प्रतिबद्ध' र यसै संविधानको भाग-४ को राज्यका नीति निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा-५० को निर्देशक सिद्धान्तको उपधारा-३ मा 'समाजवाद उन्मुख' शब्द लेखिएको छ (नेपालको संविधान, २०७७, पृ. १-१९) । यी शब्द संविधानमा उल्लेख गरे पनि राज्य प्रमुख या कार्यकारी प्रमुखले यसप्रति उत्तरदायित्वबोध, जिम्मेबारीबोध र कर्तव्यबोध नठान्दा पनि निज उपर कुनै कारबाही नहुने हुँदा यस संविधानमा उल्लेख भएको समाजवाद शब्दको कुनै अर्थ नभएको र संविधानसभामा उल्लिखित सम्पूर्ण प्रावधान पुँजीवादी राजनीतिक विचारको प्रभावबाट नै निर्देशित भएको हुँदा (नेपालको संविधान, २०७७, पृ. १-१८१) संविधानमा समाजवाद उन्मुख व्यवस्था भने पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि तथा नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूको नीति तथा कार्यक्रम र गतिविधि हेर्दा सम्भव छैन भन्न सकिन्छ ।

## नेपाली कम्युनिस्ट नेतृत्वको गतिविधि

समाजवाद सामाजिक वर्गसँग सम्बन्धित विषय हो । समाजमा रहेका शोषक र शोषितबिच  हुन्छ, त्यसलाई वर्गसङ्घर्ष भनेर मार्क्सवादी दर्शनले भनेको/मानेको कुरा यसअघि चर्चा भइसकेको छ । नेपाली राज्यसत्ता सधैं शोषकवर्गको हातमा रह्यो भन्ने कुरा नेपाली कम्युनिस्टहरूले सुरुदेखि नै उठाउँदै आएको विषय थियो (Gurung, N.D., pp 6) । नेपालमा

समाजवादी विचारको प्रभाव विस्तार गर्न राज्यसत्ताले अवरोध पुऱ्याएको हो । राज्यसत्ताका सवालमा लेनिन (२०४८) के भन्छन् भने राज्यसत्ता भनेको वर्गमा निर्भर हुन्छ, सामन्तवादको अन्त्यपछि पुँजीवादको विकास हुँदा समाजको वर्ग चरित्रको स्वरूप परिवर्तन भएको देखिन्छ तथापि शोषणकन रूपमा शोषक र शोषित वर्ग कायमै रहन्छ । समाजको वर्ग विभाजनलाई हेर्दा इतिहासको मूल तथ्यबारे सधैँ ध्यानमा राख्नुपर्दछ । समाजवादको विचारको मूल ध्येय वर्गसङ्घर्षका माध्यमबाट वर्गविहीन समाजको स्थापना गर्नु हो (पृष्ठ ७-११) । लेनिनको उक्त भनाइलाई आधार मान्दै चीनियाँ क्रान्तिका दौरान माओले चीनियाँ समाजमा वर्ग विश्लेषण गरेका थिए । माओले १९८३ सालमा लेख लेख्दै समाज र क्रान्तिको वर्ग दुस्मन र वर्ग मित्रको विश्लेषण गरेका छन् । समाजवादी आन्दोलनको मूल दुस्मन वर्ग सामन्तवाद र साम्राज्यवाद भएको र त्यसकै वरिपरि देशभित्र रहेको सामन्त वर्ग तथा विदेशी तथा दलाल पुँजीपति वर्ग भएको र त्यसका विरूद्ध किसान एकतामा आधारित सर्वहारावर्गले निर्णायक सङ्घर्ष गर्नुपर्ने भन्दै चीनियाँ समाजमा रहेका विभिन्न वर्गमा अन्य धनी किसान तथा राष्ट्रिय पुँजीपति वर्गलाई समेत निष्क्रिय राख्नु या क्रान्तिको पक्षमा सामेल गराएर राष्ट्रिय पुँजीको उत्थान गर्दै समाजवादी क्रान्तिको आधार तयार पार्ने कुरा उल्लेख गरेका छन् (पृष्ठ २-२०) । नेपालका कम्युनिस्टहरूले राणाकालीन समय, त्यसपछिको सङ्क्रमणकालीन समय, पञ्चायतकालीन समयमा समाजमा रहेका वर्गहरूको विश्लेषण गरेर अघि बढ्ने प्रयास गरेका थिए भन्ने कुरा अघिल्लो अध्यायमा चर्चा गरिसकिएको छ । खासगरी नेपालमा संसदीय व्यवस्थाको स्थापना (२०४६) पछि नेपाली कम्युनिस्टहरूले वर्गसङ्घर्षको नारा र स्वरूपका बारेमा बहस गरेको र चर्चा गरेको पाइँदैन । विश्वका साम्यवादी नेता तथा समाजवादी विचारक लेनिन (२०४० साल) संसद्भित्र क्रान्तिकारीहरू प्रवेश गर्ने कुरा परिवेशले निर्धारण गर्ने कुरा गर्दै उनले यस्तो लेखेका छन् :

> 'जर्मन 'वामपन्थीहरू' आफ्नो पार्टीका 'नेताहरू' खराब छन् भन्ने गुनासो गर्दछन्, निराश हुन्छन् र 'नेताहरूको' 'प्रतिवाद' गर्ने अति हास्यास्पद तरिकाहरू समेत अँगाल्न पुग्दछन् । तर 'नेताहरुलाई' अक्सर भूमिगत अवस्थामा लुकाएर राख्नुपर्ने अवस्थामा गतिला, परपर्दा, खारिएका, प्रतिष्ठित 'नेताहरूको' विकास ज्यादै कठिन काम ठहरिन जान्छ; यस्ता अवस्थामा कानुनी र गैरकानुनी कार्यको संयोजन नगरीकन र 'नेताहरूलाई' अन्य तरिकाहरूका साथसाथै संसद्हरूमा पनि परीक्षण नगरीकन यी अप्ठ्याराहरूमाथि सफलतापूर्वक विजय पाउन सकिँदैन । आलोचना सबैभन्दा तीक्ष्ण, निर्मम तथा दृढ आलोचना संसद्वाद अथवा संसदीय गतिविधिहरूको विरूद्ध होइन, ती नेताहरूको विरूद्ध निर्देशित हुनुपर्दछ, जो संसदीय चुनावहरू र संसदीय मञ्चलाई क्रान्तिकारी एवम् कम्युनिस्ट तरिकाले उपयोग गर्न असमर्थ छन्, अझ यसो गर्न अनि चुप समेत छन् । यस्ता आलोचनाहरूका साथसाथै असमर्थ नेताहरूलाई निकाल्ने र तिनीहरूको ठाउँमा

समर्थ नेताहरू राख्ने काम मात्र उपयोगी र लाभदायी क्रान्तिकारी काम ठहरिन सक्छ, जसले एकैसाथ नेताहरूलाई मजदुर वर्ग र सबै श्रमजीवी जनताको योग्य हुन र जनतालाई राजनीतिक परिस्थितिबाट पैदा हुने अक्सर ज्यादै अल्झिएका र जटिल कार्यहरूलाई राम्ररी बुझ्न सक्ने बनाउँछ' (लेनिन, १९८३) ।

उक्त भनाइलाई मनन गर्दा संसद्वादमा प्रवेश गरेका नेपाली कम्युनिस्टहरूको नियतिसँग ठ्याक्कै मिल्ने जस्तो देखिन्छ । लेनिनले भनेजस्तो नेपाली कम्युनिस्ट नेताहरू संसद्लाई क्रान्तिकारी उपयोग गर्ने कुरामा कुन दिशामा गएका छन् भन्ने कुरा ध्यान दिन जरूरी छ । नेपाली कम्युनिस्ट आन्दोलनका अनुसन्धानकर्ताहरू संसद्मा प्रवेश गरेपछि क्रान्तिकारी चरित्रलाई त्यागेको प्राडो, पजेरो संस्कारमा फसेको, सुविधाभोगी जीवनतर्फ लम्पसार हुँदै विदेशी तथा दलाल पुँजीवादसँग आत्मसमर्पण गर्न पुगेको र यसको आलोचना पार्टीभित्रबाट हुन नसकेको भन्दै संसदीय व्यवस्थाको प्रयोगबाट क्रान्तिकारी चरित्रमा खिया लागेको उल्लेख गरेका छन् (Pokhrel, 2007, pp 293) । नेपालमा संसद्वादमा नेपाली कम्युनिस्ट प्रवेश गरेपछि समाजवादको गन्तव्य भुलेको देखिन्छ । यसकारण नेपाली राजनीतिमा समाजवाद जनताको आशा र अपेक्षाको विषय भए पनि वर्तमान कम्युनिस्ट नेतृत्व न संसद्वादबाट मुक्त हुन सक्ने न समाजवादी लक्ष्य हासिल गर्न जाने देखिन्छ । नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादका लागि संसदीय व्यवस्था बाधक बनेको देखिन्छ ।

## नेपालमा समाजवादको प्रयोग

मार्क्स र एङ्गेल्सले १९०५ सालमा कम्युनिस्ट घोषणापत्र लेखी वैज्ञानिक समाजवादी विचारको उद्भव गराउँदै वैज्ञानिक समाजवादको प्रारूप तयार पारेका थिए । उनीहरूले कम्युनिस्ट घोषणापत्रमा विभिन्न प्रारूपका दर्शनको आलोचना गर्दै वैज्ञानिक सामजवादी विचारलाई अघि सारेका छन् । उनीहरूले पुँजीवादी र व्यक्तिगत स्वामित्वको उन्मूलन गरी पुँजीपति वर्गको प्रभुत्वलाई मूलोच्छेदन गरी सर्वहारावर्गको राजनीतिक सत्ता स्थापना गर्ने र वैज्ञानिक समाजवाद लागू गर्ने कुरा अघि सारे (Marx & Engles, pp 2000 [1848]) । यसै वैज्ञानिक समाजवादी दर्शनका जगमा लेनिनले १९७४ सालमा रूसमा समाजवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी शासन व्यवस्था स्थापनाको थालनी गरेका थिए । उनले समाजवादको अर्थ नै वर्गहरूको उन्मूलन हो भनी समाजवादलाई व्याख्या र परिभाषित गर्दै राज्यमा पुँजीपति, किसान र मजदुरबिचको असमानतालाई अन्त्य गरी राज्यको सामाजिक अर्थ व्यवस्थालाई सङ्गठनात्मक रूपमा पुनर्निर्माण गरी वर्गको उन्मूलन गर्न सर्वहारावर्गको अधिनायकत्व आवश्यक रहेको विचार अघि सारे । सर्वहारावर्गको अधिनायकत्वमा आधारित वैज्ञानिक समाजवाद सोभियत सङ्घमा नै लागू गरेका थिए (लेनिन, १९८६) । त्यस्तै चीनमा माओले पनि मार्क्सवादी-लेनिनवादी विचारधारलाई अनुसरण गरे तर सामन्तवादको अन्त्यका लागि नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने र जनगणतन्त्र चीनको

स्थापना गरी मजदुर तथा किसानवर्गका आधारमा जनताको जनवादी अधिनायकत्वमा अघि बढ्ने विचार ल्याए । २०१३ सालदेखि चीनलाई समाजवाद सङ्क्रमणका लागि मार्गप्रशस्त गरेका थिए ( चीनियाँ कम्युनिस्ट पार्टी, १९८१) । उनले चीनमा अघि बढाएको नयाँ जनवादी कार्यक्रम पनि वैज्ञानिक समाजवादी अभियान थियो ।

नेपालमा पनि स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टीले मार्क्सवाद-लेनिनवाद र माओको विचारधारालाई अनुसरण गरी जनवादी क्रान्ति गरेर जनताको जनवादी अधिनायकत्वमा आधारित नयाँ जनवादी नेपालको स्थापना गरी समाजवाद र साम्यवादको स्थापनाका लागि कार्यक्रम प्रस्तुत गरेको थियो (पुष्पलाल, मिति उल्लेख नभएको) । यस कार्यक्रमले लक्ष्यका रूपमा लिएको समाजवाद पनि वैज्ञानिक समाजवादी विचारकै आधार थियो । नेकपा (एमाले) को पाँचौं महाधिवेशनले पारित गरेको नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवादी कार्यक्रममा सबै प्रकारका असमानताहरूको अन्त्य गरी जनवादी राज्यको स्थापना गर्दै समाजवाद र साम्यवादलाई उच्चतम लक्ष्यका रूपमा प्रस्तुत गरिएको छ (नेकपा (एमाले), २०४९) । मदन भण्डारीद्वारा प्रस्तुत जनताको बहुदलीय जनवादी कार्यक्रममा प्रस्टसँग के भनिएको छ भने प्राप्त संसदीय बहुदलीय व्यवस्था जनताको बहुदलीय जनवाद होइन, यसले सामन्तवाद र साम्राज्यवादको शोषणबाट मुक्त गर्न सक्दैन (नेकपा (एमाले), २०४९) । पछिल्ला दिनमा नेकपा (एमाले) पार्टी संसदीय व्यवस्थाको विकल्पमा अघि जान नसकेकाले त्यसले संसदीय राजनीतिको बाटोबाट समाजवादी लक्ष्य देख्ने कुरामा प्रशस्तै सन्देह उत्पन्न गरेको छ । यसैगरी नेकपा (माओवादी केन्द्र) को पनि एकताको सातौं महाधिवेशनले पारित गरेको पुँजीवादी जनवादी कार्यक्रममा मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथ-प्रदर्शक सिद्धान्त मान्दै अधिकतम लक्ष्य र कार्यक्रम वर्गविहीन, राज्यविहीन र शोषणविहीन साम्यवादको स्थापना गर्ने र न्यूनतम कार्यक्रम जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी क्रान्तिका दिशामा अघि बढ्ने भनी उल्लेख गरिएको छ ( एनेकपा (माओवादी), २०६९) । यस कार्यक्रममा प्रस्तुत गरिएको जनवादी क्रान्ति, समाजवादी क्रान्ति र सामजवाद तथा साम्यवाद वैज्ञानिक समाजवादी प्रारूपकै हो । तर पार्टीले संसदीय राजनीतिको बाटो समातेपछि उक्त कार्यक्रम र लक्ष्य पूरा गर्ला भन्ने कुरामा प्रशस्तै सन्देह गर्न सकिन्छ ।

नेपालको कम्युनिस्ट राजनीतिमा महत्त्वपूर्ण र निर्णायक भूमिका खेल्न सक्ने यी दुई कम्युनिस्ट पार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) दुवैले संसदीय राजनीतिको बाटो समातेका छन् । संसदीय राजनीतिको बाटोको अनुभव र अनुभूति यी दुई पार्टीलाई छ तर यी दुई पार्टी संसदीय बाटो समात्दा पनि वैज्ञानिक समाजवादी प्रारूपको नै समाजवाद स्थापना गरेर छाड्ने भन्छन् । यी दुई पार्टीका राजनीतिक गतिविधि र संसदीय गतिविधिले व्यावहारिक रूपमा समाजवादको स्थापना गर्नेतर्फ छन् भन्न सकिने आधार देखिएको छैन । विश्व कम्युनिस्ट

राजनीति र नेपाली कम्युनिस्ट राजनीतिको शताब्दी लामो इतिहासको अध्ययन, समीक्षा र संश्लेषण गर्दा अब नयाँ प्रारूपको समाजवादी विचार, दृष्टिकोण र अवधारणाको निर्माण गर्न आवश्यक छ भनी ठम्याउन र निर्क्यौल गर्न सकिन्छ । नेपालमा समाजवादी विचारको प्रयोग भएको देखिँदैन ।

**निष्कर्ष:**

२०४६ सालदेखि २०७२ सालसम्म नेपालका कम्युनिस्ट पार्टीहरू पुँजीवादी राजनीतिक दलको नेतृत्वको गठबन्धन सरकारमा लगभग ८ पटक सहभागी भएका थिए भने आफ्नै पार्टीको नेतृत्वमा ५ पटक सरकारको चलाएका थिए। २०४६ सालदेखि २०७२ सालसम्म नेपालका कम्युनिस्ट पार्टीहरू पटक-पटक गठबन्धन सरकारमा सहभागी भएका छन् भने पटकपटक आफ्नै नेतृत्वमा सरकार गठन गरी सत्ता सञ्चालन गरेका छन्, मूलतः बुर्जुवा पुँजीवादी चरित्रको सरकार। नेपालको कम्युनिस्ट आन्दोलनका दुबै धारा (सुधारवादी मार्क्सवादी र क्रान्तिकारी मार्क्सवादी) सरकारमा गएका छन्। तर आफूले सङ्घर्ष, विद्रोह, युद्ध र आन्दोलनका बेलामा बोलकबोल गरेका सबै कुरा बिर्सेर र कतिसम्म भने निर्वाचनमा सहभागी हुँदा गरेका वाचा तथा प्रतिबद्धतासमेत बिर्सेर मूलतः बुर्जवा पुँजीवादी स्वरूपको सरकार सञ्चालन गरेका छन्।

बडो अचम्मको कुरा के छ भने नेपालमा कम्युनिस्ट पार्टी गठन हुन्छन् समाजवादी विचारको प्रभावमा, यिनै पार्टीका नेतृत्वमा या सहभागितामा (दुबै धाराका, सुधारवादी मार्क्सवादी तथा क्रान्तिकारी मार्क्सवादी) जनविद्रोह, जनक्रान्ति, जनयुद्ध, जनसङ्र्ष र जनआन्दोलन हुन्छन्, समाजवादी विचारका प्रभावमा। तर यी दुबै धाराका कम्युनिस्ट पार्टीहरू गठबन्धनको सरकारमा सहभागी हुन्छन् र आफ्नो नेतृत्वमा सरकार गठन गरी सत्ता सञ्चालन गर्छन् मात्र बुर्जुवा पुँजीवादी राजनीतिक विचार र चरित्रमा।

यी कम्युनिस्ट पार्टी र यिनका नेतृत्वले वैज्ञानिक समाजवादी विचारका प्रभावमा परी समाजवादी कार्यक्रम लागू गर्न त परै जाओस्, न्यूनतम समाजवादी कार्यक्रमसमेत ल्याउँदैनन्। उही बुर्जुवा पुँजीवादी राजनीतिक दलका जस्तै ढङ्गले सरकार चलाउँछन् र आफ्नो बोलकबोल र प्रतिबद्धता सबै भुल्दछन् अनि सरकारबाट बाहिरिँदा चाहिँ ठूला-ठूला समाजवादी कुरा गर्छन्। तर सरकारमा बस्दा माखो मार्दैनन् र भुत्लोभाङ केही पनि काम गर्दैनन्। यसर्थ नेपाली समाजवादी आन्दोलन जुन कम्युनिस्ट पार्टीको नेतृत्वमा भयो, यसमा गम्भीर समस्या पक्कै छ। यसको समीक्षा, समालोचना र संश्लेषणात्मक नयाँ निष्कर्षको खाँचो र आवश्यकता छ नेपाली राजनीतिमा।

नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा गठन भएका सरकारहरूले ल्याएका नीति तथा कार्यक्रमको अध्ययन गर्दा, विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकहरूसँग जनतामा समाजवादको प्रभाव र लोकप्रियता हुनु तर पार्टी तथा सरकार नेतृत्व समाजवादप्रति इमान्दार नहुनु, पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाब, पार्टीभित्र आन्तरिक जनवादको अभ्यासमा कमी, संसदीय व्यवस्थाभित्र समाजवाद खोज्नु, राष्ट्रिय पुँजीको विकासतर्फको कदम र पुँजीवादी राजनीतिक विचारको प्रभावमा पर्नु जस्ता विविध बुँदामा छलफल गर्दा नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा गठन भएका सरकारहरूमा समाजवादी विचारको प्रभाव नरहेको देखिन्छ ।

नेपालको संवैधानिक इतिहासको लामो कालखण्डमा नेपाली राजनीतिको पनि लामो इतिहासका शृङ्खलाबद्ध राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनको फलस्वरूप नेपालको संविधानमा समाजवादी विचारको प्रभावले 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द यस संविधानमा लेखिए पनि यो समाजवाद कुन प्रारूपको र कस्तो हो भनी स्पष्ट किटानका साथ लेखिएको छैन जसले गर्दा कार्यान्वयनमा झमेला आउँछ नै । यस संविधानलाई राम्रोसँग अध्ययन गर्दा लेखिएको उक्त समाजवादी शब्द लोकतान्त्रिक प्रारूपको नै हो भनी स्पष्ट बुझिन्छ तर किटान भने स्पष्ट भएको छैन ।

नेपाली राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनमा समाजवादी विचारका दुबै प्रारूपका धारा, प्रजातान्त्रिक समाजवादी विचारको धारा र वैज्ञानिक समाजवादी विचारको धाराले प्रभावित तुल्याएको छ । तर कालन्तरमा वैज्ञानिक समाजवादी विचारका प्रभावमा परी वैज्ञानिक समाजवादी विचारधाराअन्तर्गत भएका सबै राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनले पुँजीवादी राजनीतिक विचारधाराको स्वरूप ग्रहण गरेको छ र यी राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनहरू वैज्ञानिक समाजवादी विचारको प्रभावका धाराअन्तर्गत भए पनि कालान्तरमा शक्ति, सत्ता र सरकारमा पुग्दा यी सबै राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनहरू पुँजीवादी राजनीतिक विचारको प्रभावमा परी पुँजीवादी प्रारूप वरण गर्दै लोकतान्त्रिक बहुदलीय संसदीय व्यवस्थामा रूपान्तरित भएका छन् । नेपाली समाजवादी आन्दोलनको यो समस्या नेपलाको संविधानमा देखिन्छ । नेपाली राजनीतिक कालखण्डको लामो शृङ्खलाबद्ध समाजवादी विचारको प्रभावबाट भएका राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनका उपलब्धिबबाट बनेको नेपालको संविधानमा पनि 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्दको प्रयोग त भयो तर यो समाजवाद बुर्जुवा पुँजीवादी राजनीतिक विचारको प्रारूपकै हो । यो नेपाली समाजवादी आन्दोलनको प्रमुख समस्या हो ।

नेपालका राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनहरूमा दुवै प्रारूपका (प्रजातान्त्रिक र वैज्ञानिक) समाजवादी विचारले प्रभाव पारेको छ। अहिलेको नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्दको प्रयोग त भयो तर कुन प्रारूपको समाजवाद र कस्तो समाजवाद हो भनेर किटानका साथ भन्न सकिने अवस्था छैन। संविधानलाई राम्रोसँग अध्ययन गर्ने हो भने यस संविधानमा लेखिएको यो समाजवाद बुर्जुवा पुँजीवादी राजनीतिक विचारको प्रारूपकै हो तर नेपालका कम्युनिस्ट जो आफूलाई वैज्ञानिक समाजवादी विचारको हिमायती तथा पक्षधर ठान्दछन्, उनीहरूले यसलाई बुझ्छन् या बुझ्दैनन् र बुर्जुवा पुँजीवादी राजनीतिक विचारको प्रारूपकै हो भनी स्वीकार्छन् या स्वीकार्दैनन्, यो उनीहरूको कुरा हो। तर यस संविधानमा लेखिएको 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्दको स्वामित्व लिन चाहिँ तत्पर छन् र उनीहरूलाई यो 'समाजवाद' शब्द नै ग्राह्य छ। यो चाहिँ बडो अचम्मको कुरा हो। जो वैज्ञानिक समाजवादी विचारका प्रभावमा परी लामो समय राजनीतिक सङ्घर्षहरू जनयुद्ध, जनक्रान्ति, जनसङ्घर्ष, जनविद्रोह र जनआन्दोलनहरूमा सहभागी हुन्छन् उनीहरू नै बुर्जुवा पुँजीवादी राजीतिक विचारको वरण गर्न पुग्दछन् र यसको स्वामित्वलाई ग्रहण गर्छन् र ग्राह्य पनि ठान्दछन्। जसले गर्दा अचम्ममा परिन्छ कि यी वैज्ञानिक समाजवादी विचारका हिमायती र पक्षधर हुँ भन्ने कम्युनिस्टहरूमा कस्तो खालको वैज्ञानिक समाजवादी विचारको प्रभाव पर्‍यो भन्ने कुरामा। जे भए पनि नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु समाजवादी विचारको प्रभाव नै हो भन्न सकिन्छ।

नेपालको संविधानको अध्ययन गर्दा र विभिन्न राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकका नेपालको संविधानमा उल्लेख भएका 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' जस्ता शब्दप्रति आएका सकारात्मक र नकारात्मकक धारणाहरू र संविधानमा समाजवाद उन्मुख व्यवस्था भनिए पनि संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा सम्भव छ भन्ने र सम्भव छैन भन्ने धारणाहरूमा छलफल गर्दा नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु संविधानमा समाजवादी विचारको प्रभाव परेको हो र नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावको उपलब्धि नै हो भन्न सकिए तापनि संविधानको प्रयोग उदार पुँजीवादी धारबाट हुन आएकाले र अहिलेसम्मका संवैधानिक गतिविधि, नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारका गतिविधि, कदम र नीति तथा कार्यक्रम हेर्दा समाजवादको दिशातिरको गन्तव्य देखिँदैन। संविधानका अन्य प्रावधानहरूका कारण मुलुक समाजवादमा जाने अवस्था देखिदैन। यसलाई हेर्दा जनताका सामुन्ने कबोल गर्दा समाजवादीको परिचय दिन खोज्ने तर व्यवहारमा पुँजीवादी संरचनामा रमाउन र त्यसैलाई स्वीकार गर्नाका कारण नेपालको कम्युनिस्ट राजनीतिको नेतृत्वभित्र समाजवादको वैचारिक तथा व्यावहारिक प्रभाव रहेको छ भन्न सकिदैन। नेपालमा समाजवादी विचारको प्रयोग भएको देखिँदैन।

# अध्याय सात

# उपलब्धि र निष्कर्ष

## ७.१ उपलब्धि

### उद्देश्य एक

१५ औँ शताब्दीमा थोमस मुञ्जर र थोमस मुरबाट सुरु भएको काल्पनिक समाजवादी विचार १९ औँ शताब्दीमा सेन्ट साइमन चार्ल्स फुरिये र रोबर्ट आवेनसम्म आइपुग्दा काल्पनिक समाजवादी विचारले आधुनिकता ग्रहण गरेको थियो भने कार्ल मार्क्स र एङ्गेल्ससम्म आइपुग्दा आधुनिकता ग्रहण गरेको काल्पनिक समाजवादी विचारले मूर्तता प्राप्त गर्दै वैज्ञानिकतामा रूपान्तरित भएको थियो । १९०५ सालमा कार्ल मर्क्स र फ्रेडरिक एङ्गेल्सले 'कम्युनिस्ट लिग' का लागि राजनीतिक कार्यक्रम तयार पार्दै 'कम्युनिस्ट घोषणापत्र' लेखी वैज्ञानिक समाजवादी विचारको उद्भव र विकास गराएका थिए । मार्क्स र एङ्गेल्सले उद्भव र विकास गराएका वैज्ञानिक समाजवादी विचारको आधार र जगमा टेकी १९७४ सालमा लेनिनले रूसमा समाजवादी क्रान्ति गरेर समाजवादी शासन व्यवस्थाको स्थापना गरेका थिए भने माओले चीनमा जनवादी क्रान्ति गरी जनवादी गणतन्त्रको स्थापना गरेर समाजवादका लागि मार्ग प्रशस्त गरेका थिए । तिनैको प्रभावस्वरूप नेपालमा पनि २००६ सालमा कम्युनिस्ट कम्युनिस्ट पार्टीको स्थापना भएसँगै नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव हुन पुगेको थियो । नेपाली राजनीतिमा समाजवादी विचारको उद्भव हुनु भनेको विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावको महत्त्वपूर्ण उपलब्धि थियो ।

यसैगरी विश्व राजनीतिमा मार्क्सवादी दर्शनअन्तर्गतको वैज्ञानिक समाजवादी विचारको प्रभाव गम्भीर रूपमा परी विश्व राजनीतिमै नयाँ कोर्सको सिर्जना भएपछि यसको विकल्पका रूपमा प्रजातान्त्रिक समाजवादी विचारको उदय भएको थियो । यस प्रजातान्त्रिक समाजवादी विचारले पनि विश्व राजनीतिमा गम्भीर प्रभाव पारेको थियो जसको फलस्वरूप नेपालमा प्रारम्भको नेपाली प्रजातन्त्र काङ्ग्रेस र नेपाली काङ्ग्रेस मिली २००६ सालमा नेपाली काङ्ग्रेस पार्टीको स्थापना भएको थियो । यस पार्टीले प्रजातान्त्रिक समाजवादी विचारका प्रभावमा परी आफ्नो २०१२ सालको पार्टी महाधिवेशनदेखि औपचारिक र वैधानिक रूपमा प्रजातान्त्रिक समाजवादी विचारधारालाई अङ्गीकार गरेपछि नेपाली राजनीतिमा यस प्रजातान्त्रिक समाजवादी विचारधाराको विधिवत् र संस्थागत रूपमा उद्भव भएको थियो भने यसले नेपाली राजनीतिलाई गम्भीर प्रभाव पारेको थियो । तर यस शोधप्रबन्धको अध्ययनको सीमा मार्क्सवादी धाराअन्तर्गतको वैज्ञानिक समाजवादी विचार भएको हुँदा यस शोधमा वैज्ञानिक समाजवादी विचारले नेपाली कम्युनिस्ट राजनीतिमा पारेको प्रभावको मात्रै अध्ययन गरिएको छ ।

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभाव नेपाली राजनीतिमा पनि परेका कारण नेपाली काङ्ग्रेस र नेपाली कम्युनिस्ट पार्टीको स्थापना हुन पुगेको थियो भने समाजवादी विचारको प्रभावकै कारण यी दुई ठूला पार्टी र अरू विभिन्न पार्टीहरू नेपाली राजनीतिमा ठूला ठूला जनयुद्ध, जनआन्दोलन र विद्रोह गरी देशमा पटक पटक सत्ता र व्यवस्था बदल्न सफल भएका थिए। नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावकै कारण २००७ सालको क्रान्ति, २०२८ सालको झापा विद्रोह, २०३५/३६ सालको आन्दोलन, २०४६ सालको संयुक्त जनआन्दोलन, २०५२ सालको जनयुद्ध, २०६२/६३ को संयुक्त जनआन्दोलन, मधेस आन्दोलन, विभिन्न जातीय, क्षेत्रीय र लैङ्गिक आन्दोलनहरू भएका थिए। जसको फलस्वरूप विभिन्न समयमा नेपाली राजनीतिमा ठूला ठूला परिवर्तन भएका थिए भने २०६२/६३ सालको संयुक्त जनआन्दोलनले त सदियौँ लामो सत्ता विरासतको इतिहास बोकेको सामन्तवादी राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना गरेको थियो भने २०७२ सालमा निर्माण भएको नेपालको संविधानमा त 'समाजवाद उन्मुख' भन्ने शब्द नै लेखिएको थियो।

नेपाली राजनीतिमा कम्युनिस्ट पार्टी र नेपाली काङ्ग्रेसले समाजवादी विचार अङ्गीकार र अवलम्बन गरी संस्थागत रूपमा समाजवादी विचारको उद्भव गराएका थिए भने नेपालको संविधानमा 'समाजवाद उन्मुख' शब्द लेखिएपछि समाजवादी विचार वैधानिक रूपमा र संवैधानिक रूपमा नै नेपाली राज्यसत्ताले उद्भव गराएको थियो। यो नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको महत्त्वपूर्ण उपलब्धि थियो। समाजवाद शब्द मूलतः मार्क्सवादसँग जोडिएर आएको छ। विश्व कम्युनिस्ट आन्दोलनको उद्भवबाट नै नेपाली राजनीतिमा कम्युनिस्ट राजनीतिको प्रभाव पर्‍यो। मूलतः मार्क्सवादको प्रचार प्रसारको व्यापकताले समाजवादको व्यापक चर्चा पायो। त्यसकै लोकप्रियताका जगमा कतिपय पुँजीवादी सङ्गठन तथा शक्तिहरूले पनि आफूलाई समाजवादी भनेर प्रचार गर्न थाले। मार्क्सवादको प्रयोग गर्ने कुरामा कम्युनिस्ट आन्दोलन विश्वव्यापी बन्दै गयो। मार्क्सवादको जगमै नेपालको छिमेकी देश चीनमा नौलो जनवादी क्रान्ति भएपछि त्यसको प्रभाव नेपाली कम्युनिस्ट राजनीतिमा पर्दै गयो र नेपालमा क्रान्तिकारी कम्युनिस्ट धारको उदय हुन पुग्यो। विश्व कम्युनिस्ट आन्दोलनमा आएको वैचारिक विभाजनले नेपाली समाजवादी आन्दोलन पनि विभाजित हुन पुग्यो। विभाजित कम्युनिस्ट आन्दोलन भए पनि समाजवादी विचार आआफू सबैमा रहेको दावी सबै समूहहरूले गर्न थाले। पार्टी स्थापनापछि आएको फुट, गुट उपगुट, विभाजन जे भए पनि जनताका माझ सबै समूहले समाजवादको दावी गरेकाले पनि उक्त कुरालाई पुष्टि गर्छ।

समाजवाद एवम् साम्यवादको बहस र पैरवी संसारमा नउठ्दै पनि नेपाली राजनीतिका कतिपय सवालहरूमा समाजवादी विचारको झल्को दिने विचारहरू देखापरेका थिए। पूर्वीय

समाजमा चलेका प्रचलित रीतिरिवाज, सामाजिक बनावटका आधारमा राष्ट्रिय पुँजीको विकास गर्ने, राष्ट्रिय उद्योगको विकास गर्ने, विदेशी पुँजी तथा दलाल पुँजीमाथि नियन्त्रण गर्ने, सामाजिक न्याय र समानताका विषयहरूको उठान गर्ने विचारहरू कतिपय विषयमा पृथ्वीनारायण शाहका दिव्योपदेशहरूमा पनि भेटिन्छ । यो समय भने वैज्ञानिक समाजवादी विचारको सिर्जना हुनुभन्दा झन्डै ७६ वर्ष जेठो थियो ।

पहिलो विश्वयुद्धकै समयमा समाजवाद र पुँजीवादका बिचमा विश्वमा निकै ठूलो बहस चल्यो । संसारमा भूगोलका दृष्टिले निकै ठूलो क्षेत्र ओगटेको देश रूस विश्वयुद्धबाट बाहिरिँदै समाजवादी क्रान्तितर्फ अग्रसर भयो र विजय पनि प्राप्त गऱ्यो । रूसमा सोभियत सङ्घको स्थापनापछि संसारभरमै मार्क्सवादी लहर देखा पऱ्यो । १९७७ सालमा भारतमा कम्युनिस्ट पार्टीको स्थापना भयो भने चीनमा १९७८ सालमा कम्युनिस्ट पार्टीको स्थापना भयो । दुई छिमेकी देशको राजनीतिको प्रभावबाट नेपाल पनि अछुत रहने कुरै थिएन । २००६ सालमा चीनमा भएको क्रान्ति, अझ त्यसमा पनि कृषि क्रान्ति, उत्तर कोरिया, भियतनाम आदि मुलुकका युद्धहरू तथा दोस्रो विश्वयुद्धमा जर्मनीमाथि सोभियत सङ्घको विजयले विश्व राजनीतिमा समाजवादको प्रभाव बढ्दो रूपमा थियो । यही विश्व परिवेशले नेपालमा समाजवादी विचारले विस्तारै प्रवेश पायो र नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । नेपालमा कम्युनिस्ट पार्टीको स्थापना नै वैज्ञानिक समाजवादी विचारको उद्‌भव थियो ।

**उद्देश्य दुई**

नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भवसँगै विकास गराउने कार्य पनि नेपाल कम्युनिस्ट पार्टीले नै गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीले नेपालमा सीधै समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी गणतन्त्रको स्थापना गर्ने परिस्थिति नएको हुँदा प्रारम्भमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गर्दै समाजवादका लागि मार्ग प्रशस्त गर्ने भनी नयाँ जनवादी कार्यक्रम ल्याएको थियो । नयाँ जनवादी कार्यक्रम र क्रान्तिको लक्ष्य एवम् उद्देश्य समाजवाद हुँदै साम्यवादसम्म पुग्ने भनी नेपाल कम्युनिस्ट पार्टीले नयाँ जनवादी कार्यक्रममार्फत नै नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो भनी यस शोधमा अध्ययन गरिएको छ । यही अध्ययन नै यस शोधको महत्त्वपूर्ण उपलब्धि हो । नेपाल कम्युनिस्ट पार्टीले प्रकाशन गरेको पार्टीको पहिलो पर्चा, पहिलो घोषणापत्र र पहिलो राष्ट्रिय सम्मेलन र महाधिवेशनले तय गरेका राजनीतिक कार्यक्रममा नै नयाँ जनवादी कार्यक्रम थियो जसको उद्देश्य र लक्ष्य नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनवादी गणतन्त्रको स्थापना गर्दै समाजवाद हुँदै साम्यवादसम्म पुग्ने थियो । यस पार्टीभित्रको वैचारिक मतभेद, अन्तरविरोध र अन्तरसङ्घर्ष

तथा राजनीतिक कार्यक्रमप्रति आआफ्नै धारणाका कारण तेस्रो महाधिवेशनदेखि टुटफुट, एकता र विभाजनको शृङ्खला सुरु भई नेपालमा विभिन्न कम्युनिस्ट पार्टीको स्थापना हुन पुगेको थियो। विभाजित र विभक्त सबै कम्युनिस्ट पार्टीका राजनीतिक कार्यक्रम नयाँ जनवादी नै थिए। ती सबै कम्युनिस्ट पार्टीले जेजस्ता कार्यक्रम ल्याए पनि ती कार्यक्रमहरू नयाँ जनवादी प्रारूपका नै थिए। नयाँ जनवादी प्रारूपका ती सबै कार्यक्रमका लक्ष्य र उद्देश्य समाजवादको निर्माण गरी साम्यवादसम्मको यात्रा तय गर्ने नै थियो। यसरी नेपाली राजनीतिमा नयाँ जनवादी कार्यक्रममार्फत समाजवादी विचारको विकास भएको थियो।

यी विविध र विभिन्न कम्युनिस्ट पार्टीहरूमध्ये नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मात्र संसद्मा प्रतिनिधित्व गर्ने ठूला कम्युनिस्ट पार्टी हुन् भने पटक पटक आफ्नो नेतृत्वमा सरकार गठन गर्ने कम्युनिस्ट पार्टी पनि हुन्। यी दुबै पार्टीले नयाँ जनवादी कार्यक्रम नै अवलम्बन गरेका छन्। नेकपा (एमाले) ले नयाँ जनवादी कार्यक्रम हुँदै जनताको बहुदलीय जनवादी कार्यक्रम अवलम्बन गरेको छ जसको लक्ष्य र उद्देश्य नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद निर्माण गर्दै साम्यवादसम्म पुग्ने भन्ने हो। जनताको बहुदलीय जनवादी कार्यक्रम पनि नयाँ जनवादकै नयाँ प्रारूप हो। यस पार्टीले पनि जनताको बहुदलीय जनवादी कार्यक्रममार्फत नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको छ। यसै गरी नेकपा (माओवादी केन्द्र) ले पनि नयाँ जनवाद, प्रचण्डपथवाद, २१ औं शताब्दीको जनवाद हुँदै अहिले पुँजीवादी जनवादी कार्यक्रमलाई अवलम्बन र अनुसरण गरेको छ जसको उद्देश्य र लक्ष्य पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादको निर्माण गर्ने र साम्यवादसम्मको यात्रा तय गर्ने भन्ने छ। पुँजीवादी जनवादी कार्यक्रम पनि नयाँ जनवादको नयाँ प्रारूप नै हो। यस पार्टीले पनि पुँजीवादी जनवादी कार्यक्रममार्फत नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो।

यी दुई कम्युनिस्ट पार्टीका यी दुई जनवादी कार्यक्रमले नेपालको पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको निर्माण भइसक्दा पनि यी दुबै नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले जनताको बहुदलीय जनवादी कार्यक्रम र पुँजीवादी जनवादी कार्यक्रम ल्याउनु यी दुबै कम्युनिस्ट पार्टीका गम्भीर भूल र त्रुटि थिए किनभने यी दुबै कार्यक्रमको मुख्य कार्यभार पुँजीवादी क्रान्ति सम्पन्न गरी गणतन्त्र नेपालको स्थापना गर्नु थियो भने लक्ष्य र उद्देश्य समाजवादको निर्माण गर्दै साम्यवादी यात्रा तय गर्नु थियो। अहिले यी दुबै कार्यक्रमको मुख्य कार्यभार पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्दै गणतन्त्र नेपालको स्थापना गर्ने कार्यक्रम सम्पन्न भइसकेको छ किनभने नेपालमा पुँजीवादी क्रान्ति सम्पन्न भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भइसकेको छ। यी दुबै पार्टीले आआफ्ना कार्यक्रम (जनताको बहुदलीय जनवादी कार्यक्रम र पुँजीवादी जनवादी कार्यक्रम)

को मुख्य कार्यभार सम्पन्न गरिसकेको हुँदा अब आआफ्नो पार्टीको लक्ष्य र उद्देश्य समाजवादको निर्माण गरी साम्यवादको यात्रा तय गर्न समाजवादी कार्यक्रम ल्याई समाजवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी गणतन्त्रको स्थापनाको प्रारम्भिक लक्ष्य नेपालका कम्युनिस्टहरूले लिएका थिए । अब समाजवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद स्थापना गरी साम्यवादसम्मको यात्रा तय गर्न समाजवादी कार्यक्रमको आवश्यकता पर्दछ । नेपालका कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादी कार्यक्रम त्यागी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले क्रमशः 'जनताको बहुदलीय जनवादी कार्यक्रम' र 'पुँजीवादी जनवादी कार्यक्रम' अघि सारेका छन् जसमा समाजतर्फ उन्मुख हुने कुरा गरिए पनि आम जनताले बुझ्ने गरी स्पष्ट बाटो भने कोरिएको देखिदैन ।

संसदीय व्यवस्थाको प्रयोग नेपाली राजनीतिमा हुन थालेपछि नेपाली कम्युनिस्ट आन्दोलनका यी दुई प्रमुख घटकहरू 'जनताको बहुदलीय जनवाद' र 'पुँजीवादी जनवाद' नामक सैद्धान्तिक अवधारणालाई अघि सारे पनि व्यवहारतः संसदीय राजनीतिमा सामेल भएर मार्क्सवादी सिद्धान्तको मर्म मानिएको वर्गसङ्घर्ष तथा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विचारको प्रयोगबाट विचलित हुन गएपछि समाजवादी विचारको विकास गर्नमा आफैं बाधक जस्ता हुन पुगेका छन् र समाजवादी विचारको विकासका बाटामा यी शक्तिबाट संसदीय राजनीतिको प्रयोग हुँदासम्म हुने देखिँदैन ।

१९७४ सालमा सोभियत सङ्घमा भएको समाजवादी क्रान्ति र २००६ सालमा भएको चीनको नयाँ जनवादी क्रान्तिको प्रभाव विश्वव्यापी रूपमा फैलिँदै थियो । त्यसको प्रभाव नेपालमा पनि पर्‍यो । २०१२ सालमा चीन तथा रूसी कम्युनिस्ट पार्टीहरूका बिचमा आएको वैचारिक विवादले विश्व कम्युनिस्ट आन्दोलन विभाजित भए पनि नेपालको आफ्नो परिवेश कृषिप्रधान मुलुकका रूपमा रहेकाले नेपाली जनतामा चीनमा भएको कृषिक्रान्तिको प्रभाव बढ्दै गयो । यद्यपि नेपाली कम्युनिस्ट राजनीतिभित्र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखिएको विवादका कारण विभाजन आए पनि नेपाली समाजमा चीनियाँ क्रान्तिको प्रभाव प्रबल बन्यो । छिमेकी देश चीनको क्रान्तिको प्रचार प्रसार तथा नेपालसँग स्थापित सम्बन्धका कारण पनि सामजवादी विचारको विकास हुन थाल्यो । नेपालको कम्युनिस्ट राजनीतिमाथि २००९ सालमा लागेको प्रतिबन्ध, उक्त प्रतिबन्ध तोड्न कम्युनिस्ट पार्टीले गरेको प्रतिरोधले कम्युनिस्टहरूलाई सक्रिय र ऊर्जाशील बनाउँदै लग्यो । पञ्चायती शासन प्रणाली स्थापना भएपछि पार्टीहरूमाथि प्रतिबन्ध लागेपछि कतिपय पञ्चायत विरोधी शक्ति तथा व्यक्तिहरू निर्वासनमा बस्न थाले भने कम्युनिस्ट कार्यकर्ताहरू भूमिगत भई देशभित्रै रही जनताका बिचमा काम गर्न थाले। पञ्चायती राज्यसत्ताको दमनका प्रतिरोधमा उत्रिए। प्रतिरोधले सिर्जना गरेको सामाजिक वातावरणले समाजवादी विचारको विकासमा यस्ता गतिविधिले सहयोग गर्दै लग्यो र समाजवादी विचारको विकास हुँदै गयो ।

## उद्देश्य तीन

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभाव नेपाली राजनीतिमा मात्रै सीमित नभई नेपाली समाजमा पनि परेको थियो जसका कारण नेपालका आमनिर्वाचनमा कम्युनिस्ट पार्टी तथा वामपन्थी शक्तिहरू जो समाजवादमा रूझान राख्दछन् उनीहरूले पाउने मत पनि प्रशस्तै छन्। प्रजातान्त्रिक शक्तिहरूमा भन्दा पनि वामपन्थी समाजवादी रूझान राख्ने शक्तिहरूमा प्रतिशतका हिसाबले अत्यधिक मत परेको देखिन्छ। यो नेपाली समाजमा समाजवादी विचारको प्रभाव परेकै कारणले भएको थियो। नेपाल कम्युनिस्ट पार्टीले २००७ सालको क्रान्तिपछि २०१५ सालमा भएको आमनिर्वाचनमा कुल खसेको मतमध्ये ७.२०% मत प्राप्त गरेको थियो। यसपछि २०४६ सालको संयुक्त जनआन्दोलनपछि भएको २०४८ सालको आम निर्वाचनमा कुल खसेको मतमध्ये नेकपा (एमाले) ले २७.९८% मत प्राप्त गरेको थियो। संयुक्त जनमोर्चाले कुल खसेको मतमध्ये ४.८३% मत प्राप्त गरेको थियो। नेपाल मजदुर किसान पार्टीले कुल खसेको मतमध्ये १.२५% मत प्राप्त गरेको थियो। नेकपा (प्रजातन्त्रवादी) ले कुल खसेको मतमध्ये २.४३% मत प्राप्त गरेको थियो। नेकपा (बर्मा समूह) ले कुल खसेको मतमध्ये ०.२३% मत प्राप्त गरेको थियो। नेकपा (अमात्य समूह) ले कुल खसेको मतमध्ये ०.०८% मत प्राप्त गरेको थियो। यस निर्वाचनमा कम्युनिस्ट पार्टीहरूले कुल खसेको मतमध्ये ३६.७९% मत प्राप्त गरेका थिए।

२०५१ सालको मध्यावधि निर्वाचनमा नेकपा (एमाले) ले कुल खसेको मतमध्ये ३०.८५% मत प्राप्त गरेको थियो। नेपाल मजदुर किसान पार्टीले कुल खसेको मतमध्ये ०.९२% मत प्राप्त गरेको थियो। संयुक्त जनमोर्चा नेपालको कुल खसेको मतमध्ये १.३२% मत प्राप्त गरेको थियो। नेकपा (संयुक्त) ले कुल खसेको मतमध्ये ०.३८% मत प्राप्त गरेको थियो। नेकपा (मार्क्सवादी) ले कुल खसेको मतमध्ये ०.३९% मत प्राप्त गरेको थियो।

२०५६ सालको आमनिर्वाचनमा नेकपा (एमाले) ले ३१.६६% मत प्राप्त गरेको थियो। राष्ट्रिय जनमोर्चाले कुल खसेको मतमध्ये १.४१% मत प्राप्त गरेको थियो। संयुक्त जनमोर्चा नेपालले कुल खसेको मतमध्ये ०.५६% मत प्राप्त गरेको थियो। नेकपा (माले) ले कुल खसेको मतमध्ये ६.५९% मत प्राप्त गरेको थियो।

यसैगरी २०६५ सालको पहिलो संविधानसभाको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी नेकपा (माओवादी) ले २२० स्थान प्राप्त गरेको थियो। नेकपा (एमाले) ले प्रत्यक्ष र समानुपातिक गरी १०३ स्थान प्राप्त गरेको थियो। जनमोर्चा नेपालले प्रत्यक्ष र समानुपातिक गरी ४ स्थान प्राप्त गरेको थियो। नेपाल मजदुर किसान पार्टीले प्रत्यक्ष र समानुपातिक गरी ४ स्थान प्राप्त प्राप्त गरेको थियो। नेकपा (माले) ले समानुपातिकमा ८ स्थान प्राप्त गरेको थियो। नेकपा (संयुक्त) ले समानुपातिकमा ५ स्थान प्राप्त गरेको थियो। नेकपा (एकीकृत) ले समानुपातिकमा २ स्थान प्राप्त गरेको थियो।

यसैगरी २०७० सालको दोस्रो संविधानसभाको आमनिर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी नेकपा (एमाले) ले प्रत्यक्ष, समानुपातिक र मनोनीत गरी १८४ स्थान प्राप्त गरेको थियो। एनेकपा (माओवादी) ले प्रत्यक्ष, समानुपातिक र मनोनीत गरी ८३ स्थान प्राप्त गरेको थियो। नेकपा (माले) ले समानुपातिकमा ५ स्थान प्राप्त गरेको थियो। राष्ट्रिय जनमोर्चाले समानुपातिकमा ३ स्थान प्राप्त गरेको थियो। नेपाल मजदुर किसान पार्टीले प्रत्यक्षतर्फ १ र समानुपातिकमा ३ गरी जम्मा ४ सिट प्राप्त गरेको थियो। नेकपा (संयुक्त) ले ३ स्थान प्राप्त र समानुपातिक गरी ४ स्थान प्राप्त गरेको थियो। नेपाल कम्युनिस्ट पार्टीले प्रत्यक्षमा ०.०९% र समानुतिकमा ०.१९% मत प्राप्त गरेको थियो। नेकपा (मालेस ) ले प्रत्यक्षमा ०.०१% र समानुपातिकमा ०.०४% मत प्राप्त गरेको थियो। जनमोर्चा नेपालले प्रत्यक्षमा ०.०१% र समानुपातिकमा ०.०३% मत प्राप्त गरेको थियो। संयुक्त जनमोर्चाले प्रत्यक्षमा ०.००% र समानुपातिका ०.०२% मत प्राप्त गरेको थियो। नेकपा (मालेमा) साम्यवादीले प्रत्यक्षमा ०.००% र समानुपातिकमा ०.००% मत प्राप्त गरेको थियो।

नेपालमा भएका आमनिर्वाचनमा कम्युनिस्ट पार्टीहरूले प्राप्त गरेका मत परिणामको अध्ययन गर्दा नेपाली समाजमा समाजवादी विचारको प्रभाव परेको देखिन्छ। नेपाली समाजमा समाजवादी विचारको प्रभाव पर्नाको कारण चाहिँ नेपालमा विभिन्न कालखण्डमा समाजवादी विचारको प्रभावका कारण भएका जनयुद्ध, जनआन्दोलन र जनविद्रोह नै हुन्। यी विविध आन्दोलनले नेपाली समाजमा समाजवादी विचारको प्रभाव पारेको नै थियो। तर समाजवादी विचारको प्रभावले नेपाली समाजबाट प्राप्त गरेका मत परिणामका आधारमा सरकार गठन गरी सरकारको नेतृत्व गर्ने कम्युनिस्ट पार्टीहरूका सरकारमा भने समाजवादी विचारको प्रभाव देखिँदैन। उनीहरूले निर्वाचन ताका ल्याएका निर्वाचन घोषणापत्रमा उल्लेख गरेका समाजवादी कार्यक्रमहरू सरकारको नेतृत्व गरी आफ्ना सरकारको नीति तथा कार्यक्रम निर्माण गर्दा भने एउटा पनि समाजवादी कार्यक्रम ल्याउन सक्दैनन्। अझ समाजवादी विचारका प्रभावमा परी ल्याएका समाजवादी विचारका लाक्षणिकता बोकेका केही सुधारवादी कार्यक्रम ल्याए पनि त्यस्ता कार्यक्रमहरूसमेत कार्यान्वयन गर्न सकेका हुँदैनन्। उही बुर्जुवा पुँजीवादी राजनीतिक विचारका प्रभावमा परी ल्याएका उदारवादी पुँजीवादी कार्यक्रमलाई नै निरन्तरता दिन्छन्। यसरी यिनका सरकारमा छँदाका गतिविधिको अध्ययन गर्ने हो भने यिनका नेतृत्वमा गठन भएका सरकारमा समाजवादी विचारको प्रभाव कहीँ पनि देखिँदैन। यसरी अध्ययन गर्दा यस शोधको अर्को उपलब्धि भनेको नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा भएका आन्दोलन, विद्रोह र जनयुद्धमा समाजवादी विचारको प्रभाव देखिए पनि अनि त्यसैका कारण नेपाली समाजबाट प्राप्त गरेका मत परिणामका आधारमा आफ्नो नेतृत्वमा सरकार गठन गर्न कम्युनिस्ट पार्टीहरू सफल भए पनि यिनका नेतृत्वमा गठन भएका सरकारहरूमा समाजवादी विचारको प्रभाव देखिँदैन भनी निर्क्योल गर्न सक्नु यस शोधको अर्को महत्त्वपूर्ण उपलब्धि हो।

प्रस्तुत शोधप्रबन्धमा विश्व राजनीतिमा समाजवादी विचारको उद्‌भव, विकास र प्रभावको अध्ययनका साथै नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्‌भव, विकास र प्रभावको अध्ययन गरिएको छ। अध्ययनका क्रममा नेपाली जनतामा समाजवादी शब्द, विचार, कार्यक्रम बुझेर नबझुेर पनि लोकप्रिय बन्दै गएको पाइएको छ। त्यसैका बलमा नेपालको संविधान- २०७२ जारी गर्दा प्रस्तावनामा 'समाजवादप्रति प्रतिबद्ध' र राज्यको नीति निर्देशक सिद्धान्तमा 'समाजवाद उन्मुख' शब्दको प्रयोग हुन गयो। त्यसैका आधारमा नेपालका कम्युनिस्ट पार्टीले आफ्ना दस्तावेज एवम् चुनावी घोषणापत्रमा समाजवाद शब्द उल्लेख गरेका छन्। तर आफ्नो नेतृत्वको सरकार बनेका समयमा सरकारको नीति तथा कार्यक्रम ल्याउने क्रममा कतैकतै शब्दमा यदाकदा समाजवादको प्रयोग भए पनि कार्यान्वयनका पक्षमा कतै नदेखिएको पाइएको छ। यसरी कार्यान्वयनका पक्षमा नदेखिनु भनेको संसदीय व्यवस्थाको प्रयोगभित्र मार्क्सवादी समाजवादी राजनीतिको प्रयोग हुन सक्दैन भन्ने ज्ञान प्राप्त गर्नु पनि यस अध्ययनको अर्को एउटा महत्त्वपूर्ण उपलब्धि हो। तर नेपालका सबै कम्युनिस्ट पार्टीहरू संसदीय राजनीतिको अभ्यासमा छन्। तसर्थ जनतामा भएको प्रभावलाई दलाली गर्ने पुँजीका रूपमा मात्र ती राजनीतिक शक्तिहरूले प्रयोग गरे तर पार्टीहरूको गन्तव्य भने समाजवादतिर रहेको देखिँदैन।

नेपालका दुई ठूला कम्युनिस्ट घटक नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले 'जनताको बहुदलीय जनवादी कार्यक्रम' र 'पुँजीवादी जनवादी कार्यक्रम' लाई सैद्धान्तिक आधार माने पनि यी दुई घटकले संसदीय राजनीतिको बाटो समातेपछि मार्क्सवादी दर्शनको सिद्धान्त वर्ग सङ्घर्ष तथा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादबाट विमुख र विचलित भएका कारण यिनका नेतृत्वमा नेपालमा समाजवादको स्थापना हुने सम्भावना नदेख्नु अध्ययनको मूल प्राप्ति हो।

प्रस्तुत शोधप्रबन्धको दार्शनिक आधार मार्क्सवाद हो भने सैद्धान्तिक आधार वैज्ञानिक समाजवादी विचार हो। यो शोध यही मार्क्सवादी दर्शनको दार्शनिक आधार र वैज्ञानिक समाजवादी विचारको सैद्धान्तिक आधारमा तथ्यसहित नेपालको अनुसन्धानको नवीनतम अध्ययन हो भन्ने ठम्याइले पनि यस शोधको विशेष महत्त्व रहेको छ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधप्रबन्धको अध्ययन नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उदभ्वका आधारको अध्ययन गर्ने, नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारका विकासको महत्त्वका कारणहरूको समीक्षा गर्ने र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारका प्रभावको परिणामको विश्लेषण गर्ने उद्देश्य राखेर गरिएको हो। यिनै उद्देश्यमा  केन्द्रत भएर गरिएको अध्ययनका आधारमा निकालिएको निचोड तथा निष्कर्षलाई यहाँ क्रमशः प्रस्तुत गरिन्छ।

नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभावको अध्ययन गर्दा नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भवको आधार के हो र कसरी भयो ? नेपाली कम्युनिस्ट राजनीतिले समाजवादी विचारको विकासमा किन महत्त्व राख्दछ ? र नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको प्रभाव कस्तो अवस्थामा छ ? जस्ता अनुसन्धानात्मक प्रश्नलाई आधार मानिएको छ । यी प्रश्नहरूलाई आधार मानेर यस शोधको अध्ययन गर्दा यो अध्ययन मूलतः नेपाली कम्युनिस्ट राजनीतिको २०४६-२०७२ को समयावधिमा सीमित रहिएको छ । यस शोधको दार्शनिक आधार मार्क्सवाद र सैद्धान्तिक आधार वैज्ञानिक समाजवादी विचार भएको हुँदा यिनै दार्शनिक तथा सैंद्धान्तिक आधारमा मात्रै यो शोध तयार पारिएको छ । नेपाली राजनीतिमा प्रजातान्त्रिक समाजवादी विचार तथा विविध प्रारूपका समाजवादी विचारका प्रारूपको प्रभाव परे पनि यी समाजवादी विचारका आधारमा यो शोध तयार पारिएको छैन । नेपाली कम्युनिस्ट राजनीतिमा समाजवादी विचारको उद्भव, विकास र प्रभावको अध्ययन गर्दा नेपालका कम्युनिस्ट पार्टी र नेपालमा कम्युनिस्ट पार्टीका राजनीतिक गतिविधि तथा राजनीतिक कार्यक्रमलाई र नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूलाई आधार मानेर गरिएको छ । यीबाहेक अरू विविध राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई आधार मानेर अध्ययन गरिएको छैन । यिनैलाई आधार मानेर यस शोधको निष्कर्ष निकालिएको छ ।

यस शोधको अध्ययन गर्दा विश्वमा अङ्ग्रेजी भाषामा प्रकाशित मार्क्सवादी दर्शनसम्बन्धी पुस्तकहरू, समाजवादी विचारबारे लेखिएका पुस्तकहरू र जर्नलका आलेखहरूको अध्ययन गरिएको छ । यस्तै नेपाली भाषामा समाजवादी विचारसम्बन्धी प्रकाशित भएका पुस्तकहरूका साथै जर्नलका आलेखहरूको अध्ययन गरिएको छ । यसका साथै नेपाल कम्युनिस्ट पार्टीका राजनीतिक दस्तावेजहरू, चुनावी घोषणापत्रहरू, कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारका नीति तथा कार्यक्रमहरू र कम्युनिस्ट नेताहरूका आलेखहरूको पनि अध्ययन गरिएको छ । यी पुस्तक, आलेख, दस्तावेज, घोषणापत्र र नीति तथा कार्यक्रमहरू विभिन्न राजनीतिक तथा विज्ञ व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताहरूको तुलना, अध्ययन एवम् विश्लेषण गरी यस शोधको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधमा मूलतः आगमनात्मक विधिको प्रयोग गरिएको छ । यस शोधलाई ऐतिहासिक, वर्णनात्मक र अन्वेषणात्मक ढाँचामा निर्माण गरिएको छ । यस शोधको तयारीका क्रममा तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र सहायक दुवै स्रोतको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा उद्देश्यमूलक नमुनाको प्रयोग गरिएको छ । अन्तर्वार्ता दिने व्यक्तिको छनोट गर्दा उद्देश्यमूलक नमुनाको प्रयोग गरिएको छ । अन्तर्वार्ता लिंदा खुला प्रश्नावलीको प्रयोग गरिएको छ भने अन्तर्वार्ताहरू रेकर्ड गरी तिनलाई लिखित संस्करणमा उतार्दै प्रशोधन र सम्पादन गरेर विश्लेषण गरिएको छ । यसरी यस शोधमा मूलतः अन्वेषणात्मक ढङ्गले निष्कर्ष निकालिएको छ ।

'हरेकको क्षमताअनुसार काम र कामअनुसारको पारिश्रमिक प्राप्त गर्नु समाजवादी विचारको प्रमुख सिद्धान्त हो।' यस्तो लोकप्रिय सिद्धान्तका आधारमा मार्क्स र एङ्गेल्सले सन् १९०५ सालमा कम्युनिस्ट लिगका लागि राजनीतिक कार्यक्रम तयार पार्दै 'कम्युनिस्ट घोषणापत्र' लेखी समाजवादी विचारको उद्भव र विकास गराएका थिए। यस समाजवादी विचारको स्रोत काल्पनिक समाजवादी विचार हो। काल्पनिक समाजवादी विचारको लामो इतिहास छ।

आदिम साम्यवादी युगलाई दास युगले र दास युगलाई सामन्तवादी युगले विस्थापित गरेपछि मानव समाजमा अन्याय, अत्याचार, शोषण, दमन र विभेद अत्यधिक बढेको थियो। मानव समाजमा बढेको अन्याय, अत्याचार, शोषण, दमन र विभेद विरूद्ध सम्पत्तिमा समानता, स्वतन्त्रता, न्यायिक तथा सम्पन्न समाजको स्थापनाका निम्ति काल्पनिक समाजवादी विचारकहरूले काल्पनिक समाजवादी विचारको उद्भव र विकास गर्न पुगेका थिए। यसै क्रममा १५७२ सालमा थोमस मुन्जर (१५४७ साल - १५८२ साल) ले 'पृथ्वीमा ईश्वरको राज स्थापित' गर्नुपर्ने अवधारणा ल्याएका थिए। उनीपछि थोमस मुर (१५३४ साल - १५९० साल) ले सन् १५७३ सालमा 'युटोपिया' शीर्षकको पुस्तक प्रकाशित गरेर काल्पनिक समाजवादी विचारको विधिवत् उद्भव र विकास गराएका थिए। उनले आदर्श राज्यको परिकल्पना गरेका थिए।

थोमस मुरको 'युटोपिया' पुस्तक प्रकाशित भएपछि लगभग १०० वर्षपछि तम्मासो कम्पान्नेल्ला (१६२५ साल - १६९६ साल) ले १६८० सालमा 'सूर्य नगर' पुस्तक प्रकाशित गरी 'न्यायपूर्ण नयाँ सामाजिक व्यवस्था' को परिकल्पना गरेका थिए। उनले सामुदायिक जीवनको सिद्धान्तमा आधारित नयाँ सामाजिक व्यवस्थाको वर्णन, निजी स्वामित्वको विरोध र उन्मूलन, अनिवार्य श्रम, उत्पादन र वितरणको जनसङ्गठनात्मक संरचना' का बारेमा लेखी काल्पनिक समाजवादी विचारको इतिहासमा तीन शताब्दीसम्म निर्विकल्प बहस चलाएका थिए।

थोमस मुन्जर र थोमस मुरभन्दा तम्मासो कम्पान्नेल्लाले काल्पनिक समाजवादी विचारलाई अलि परिष्कृत गरेका थिए र उनले निजी स्वामित्वको विरोध गर्न पुगेका थिए जुन मार्क्स र एङ्गेल्सले प्रतिपादन गरेको समाजवादी विचारसँग मिल्दोजुल्दो नै थियो। यसपछि जेरार्ड विस्टेनली (१६६६ साल - १७०९ साल) ले 'स्वतन्त्रताको कानुन' (१७०९ साल) पुस्तक लेखी नयाँ सामाजिक व्यवस्थाको परिकल्पना गरेका थिए। उनले 'स्वतन्त्र गणराज्यको परिकल्पना गरी नयाँ गणराज्यमा निजी स्वामित्व, व्यापार र असमानतालाई स्थान दिएका थिएनन्।' उनले १५ औँ शताब्दीबाट सुरु भएको काल्पनिक समाजवादी विचारलाई १७ औँ शताब्दीमा आइपुग्दा परिष्कृत र उन्नत बनाउन सफल भएका थिए।

१५ औं शताब्दीबाट १७ औं शताब्दीमा आइपुग्दा परिष्कृत बनेको काल्पनिक समाजवादी विचार १८ औं शताब्दीमा आइपुग्दा नवीन प्रवृत्तिका रूपमा देखा पर्न लागेको थियो । काल्पनिक समाजवादी विचारलाई नवीन प्रवृत्ति प्रदान गर्ने काम जाँ मेलिये (१७२१ साल - १७८६ साल) ले गरेका थिए । उनले नयाँ आदर्श राज्यको परिकल्पना गर्ने क्रममा 'निजी स्वामित्व र सम्पदाको निजीकरण' को उन्मूलनका लागि आवाज उठाएका थिए । उनले परिकल्पना गरेका नयाँ सामाजिक व्यवस्था मार्क्स र एङ्गेल्सले परिकल्पना गरेको समाजवादी व्यवस्थासँग मिल्दोजुल्दो थियो ।

यसपछि गैब्रियल बोन्नो दे मैब्ली (१७६६ साल - १८३२ साल) ले स्वर्ण युगको पौराणिक गाथाका आधारमा मौलिक रूपमा नैसर्गिक काल्पनिक समाजवादी विचारको सिद्धान्त अगाडि सारेका थिए । उनको नैसर्गिक काल्पनिक समाजवादी विचारमा समाजवादी सङ्गठन मानिसको शरीर र नैसर्गिक व्यवस्था जस्तै प्राकृतिक कुरा हो भनेका थिए । उनले निजी स्वामित्वको विरोध गर्दै सबै व्यवस्थाभन्दा राम्रो व्यवस्था समाजवादी सामाजिक व्यवस्था हो भनेका थिए । यसरी उनी समाजवादी व्यवस्था नै सबैभन्दा उत्कृष्ट व्यवस्था हो भन्ने निष्कर्षमा पुग्नु नै समाजवादी व्यवस्थाको निर्विकल्पता थियो र समाजवादी कार्यक्रमको मूर्ततातर्फको यात्रा थियो ।

१८ औं शताब्दीमा काल्पनिक समाजवादी विचारक मोरेली 'प्राकृतिक संहिता अथवा उसका कानुनहरूको साँचो आत्मा' कृतिमार्फत नयाँ काल्पनिक समाजवादी विचार लिएर आएका थिए । उनले 'मानव जातिको इतिहास अचेतन समाजवादबाट सुरु भएको थियो । ती मानव जातिहरूलाई निजी स्वामित्वका बारेमा केही नै थाहा थिएन । धर्ती, आकाश सबैको समान हुन्थ्यो, धर्ती र आकाशको फल सबैका हुन्थ्यो, कुनै असमानता थिएन, कोही धनी र गरिब थिएनन्, सबै मानिस समान थिए, त्यो समय मानव जातिको 'स्वर्ण युग' थियो' भनी समाजवादी सामाजिक व्यवस्थाको तर्क बुद्धिसङ्गत ढङ्गमा प्रस्तुत गरी काल्पनिक समाजवादी विचारलाई अगाडि सारेका थिए । यिनले १८ औं शताब्दीमा आइपुग्दा काल्पनिक समाजवादी विचारमार्फत फ्रान्सेली प्राक् स्वहारावर्गको आकाङ्क्षाहरूलाई वैज्ञानिक दृष्टिकोणबाट व्याख्या र प्रस्तुत गर्ने काम गरेका थिए जसले गर्दा मार्क्स र एङ्गेल्सलाई सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त निर्माण गर्न आधार मिलेको थियो ।

ग्राक्खस बाब्योफ (१८१७ साल - १८५४ साल) ले काल्पनिक समाजवादी विचारमा नयाँ आयाम थपेका थिए । बाब्योफ र उनका अनुयायीहरूको काल्पनिक समाजवादी विचारलाई बाब्योफवाद भनिन्छ । काल्पनिक समाजवादी विचारको इतिहासमा पहिलो पटक बाब्योफवादीहरूले विभेदकारी सामाजिक व्यवस्थाले उठाएका प्रश्नहरूको हल मात्रै खोजेनन् उनीहरूले नयाँ समाजवादी सामाजिक व्यवस्था स्थापना गर्नका लागि राजनीतिक सङ्घर्ष गर्नुपर्छ

भन्ने नयाँ अवधारणा ल्याएका थिए जसले गर्दा मार्क्स र एङ्गेल्सले समाजवादी शासन स्थापना गर्नका निम्ति राजनीतिक सङ्घर्षका कार्यक्रम तय गर्न सकेका थिए। बाब्योफवादीहरूले काल्पनिक समाजवादी विचारको इतिहासमै पहिलो पटक क्रान्तिकारी मार्ग समात्न पुगी काल्पनिक समाजवादी विचारका धेरै लक्षणहरूलाई तोड्दै काल्पनिक समाजवादी विचारमा आधुनिकता र वैज्ञानिकता थप्न पुगेका थिए।

१५ औँ शताब्दीबाट सुरु भएको काल्पनिक समाजवादी विचार १९ औँ शताब्दीमा आइपुग्दा आधुनिकता र वैज्ञानिकतातर्फ उन्मुख भएको थियो। १९ औँ शताब्दीमा फ्रान्सका सेन्ट साइमन, चार्ल्स फुरिये र ब्रिटेनका रोबर्ट ओवेनका काल्पनिक समाजवादी विचारले आधुनिकता र वैज्ञानिकता ग्रहण गर्न पुगेका थिए जुन विचार मार्क्स र एङ्गेल्सले प्रतिपादन गरेको समाजवादी विचारको स्रोत र आधार बन्न पुगेको थियो।

काल्पनिक समाजवादी विचारक सेन्ट साइमन (१८१७ साल - १८८२ साल) ले 'औद्योगिक प्रणाली' पुस्तकमा 'सामूहिक सम्पत्ति र सामूहिक श्रमको व्यवस्था लागू गर्नुपर्ने' भनी नयाँ सामाजिक व्यवस्थाको अवधारणा ल्याएका थिए। उनले 'हरेक व्यक्तिले क्षमताअनुसार काम र कामअनुसार प्रारिश्रमिक पाउनुपर्ने' भनी काल्पनिक समाजवादी विचारको नयाँ सिद्धान्त प्रतिपादन गर्न पुगेका थिए जुन सिद्धान्त आज पनि समाजवादी विचारको लोकप्रिय सिद्धान्त बन्न पुगेको छ। यही सिद्धान्तका आधारमा मार्क्स र एङ्गेल्सले समाजवादी कार्यक्रम प्रस्तुत गरेका थिए।

काल्पनिक समाजवादी विचारक चार्ल्स फुरिये (१८२९ साल - १८९४ साल) ले आफ्ना कृतिहरूमा बुर्जुवा पुँजीवादी राजनीतिक विचारको राजनीतिक, आर्थिक, सामाजिक संरचनाका विचारधारा, नैतिकता, मूल्य, मान्यता, आदर्श र सिद्धान्तको आलोचना गरेका थिए। उनले नयाँ सामाजिक व्यवस्था 'सामाजिक व्यवस्था' र 'सामाजिक सामञ्जस्य' को अवधारणा ल्याउँदै काल्पनिक समाजवादी विचार प्रस्तुत गर्न पुगेका थिए। उनले काल्पनिक समाजवादी विचारमा न्यायपूर्ण सामाजिक व्यवस्थाका सिद्धान्तहरूको निर्माण गर्न पुगेका थिए जुन मार्क्स र एङ्गेल्सले प्रतिपादन गरेको समाजवादी विचारको स्रोत बन्न पुगेको थियो।

काल्पनिक समाजवादी विचारक रोबर्ट ओवेन (१८२८ साल - १९१५ साल) ले नयाँ सामाजिक व्यवस्थाको परिकल्पना गर्दै पुँजीवादी सामाजिक व्यवस्थाका समस्या र कमजोरी औँल्याई आलोचना गरेका थिए। उनले परिकल्पना गरेका नयाँ न्यायपूर्ण सामाजिक व्यवस्था सङ्घर्ष र विद्रोहबाट स्थापना नगरी ज्ञान र चेतनाको प्रचार-प्रसारबाट गर्न सकिन्छ भन्ने थियो। तर उनले सामाजिक क्रान्तिको अपरिहार्यताको सिद्धान्त र वैज्ञानिक नियमलाई बुझ्न सकेका थिएनन्। जुन कुरा मार्क्स र एङ्गेल्सले बुझी उनको काल्पनिक समाजवादी विचारको स्रोतमा समाजवादी विचारको निर्माण गर्न पुगेका थिए।

१५ औं शताब्दीबाट सुरु भएको काल्पनिक समाजवादी विचार १९औं शताब्दीमा आइपुग्दा आधुनिकता र वैज्ञानिकतातर्फ उन्मुख त भएको थियो तर यसले काल्पनिक र स्वैरकल्पनाका तमाम लक्षणलाई तोड्न सकेको थिएन । १९औं शताब्दीमा आइपुग्दा सेन्ट साइमन, चार्ल्स फुरिये र रोबर्ट ओवेनका काल्पनिक समाजवादी विचारले पनि 'बुर्जुवा शोषणकारी दमनकारी र विभेदकारी पुँजीवादी सामाजिक व्यवस्थाका विरूद्ध वर्गसङ्घर्षको भूमिका, नयाँ न्यायिक सामाजिक व्यवस्थाको स्थापनाका निम्ति मजदुर वर्गको राजनीतिक सत्ता प्राप्तिका लागि सङ्घर्षको आवश्यकता' लाई पहिल्याउन सकेको थिएन । जुन समस्या पहिल्याई यी समस्यालाई सम्बोधन गर्दै र समेट्दै मार्क्स र एङ्गेल्स नयाँ समाजवादी विचार निर्माणको आवश्यकता रहेको निष्कर्षमा पुगेका थिए र यसैका आधारमा समाजवादी विचारको निर्माण गरेका थिए ।

विश्व राजनीतिमा समाजवादी विचारको उद्भवको पहिलो कडी 'कम्युनिस्ट लिग' को गठन रहेको थियो । १९०४ सालमा 'कम्युनिस्ट मजदुर शिक्षा लिग' को पहिलो अधिवेशन लन्डनमा सम्पन्न भएको थियो । यस अधिवेशनमा मार्क्स सहभागी हुन नपाए पनि एङ्गेल्स सहभागी भएका थिए । यस अधिवेशनले 'कम्युनिस्ट मजदुर शिक्षा लिग' लाई पुनर्गठन गरी 'कम्युनिस्ट लिग' को गठन गरेको थियो । यस अधिवेशनले लिगको उद्देश्य 'पुँजीपति वर्गको सत्ता उल्टाउने, सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्ने, वर्ग विरोधमा आधारित पुरानो पुँजीवादी सामाजिक व्यवस्थाको अन्त्य गर्दै नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने, जुन व्यवस्थामा निजी स्वामित्वको पूर्ण उन्मुलन हुनेछ' भनी तय गरेको थियो ।

यस किसिमको लक्ष्यको प्राप्तिका लागि नयाँ राजनीतिक कार्यक्रमको आवश्यकता रहेको निष्कर्ष यस लिगको दोस्रो महाधिवेशनले निकालेको थियो । यसका लागि 'कम्युनिस्ट लिग' को घोषणापत्र तयार पार्न मार्क्स र एङ्गेल्सलाई यस अधिवेशनले जिम्मा दिएको थियो । जुन अभिभारा मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेखी पूरा गरेका थिए । जुन मात्र दुई महिनाभित्र १९०४ सालको अन्तिम महिनादेखि १९०५ सालको पहिलो महिनासम्म तयार गरेका थिए भने १९०५ सालमा प्रकाशित गरेका थिए ।

मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट लिग' का लागि 'कम्युनिस्ट घोषणापत्र' लेखेपछि यस विश्व राजनीतिमा समाजवादी विचारको विधिवत् रूपमा उद्भव भएको थियो । उद्भव भएपछि यस समाजवादी विचारले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो ।

विश्व राजनीतिमा समाजवादी विचारको उद्भव गराएपछि मार्क्स र एङ्गेल्सले नै समाजवादी विचारको विकास गराएका थिए । विश्व राजनीतिमा समाजवादी विचारको विकास गर्ने क्रममा मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट लिग' को विघटन भएपछि संसारभर छरिएर बसेका समाजवादी विचारका पक्षधरहरूलाई एउटै अन्तर्राष्ट्रिय सङ्गठनमा आबद्ध गराउने उद्देश्यले

समाजवादीहरूको अन्तर्राष्ट्रिय सङ्गठन प्रथम अन्तर्राष्ट्रियको १९२१ सालमा गठन गरेका थिए । यस प्रथम अन्तर्राष्ट्रियले विश्व राजनीतिमा समाजवादी विचारलाई विकसित बनाएको थियो । यस प्रथम अन्तर्राष्ट्रियले विश्व राजनीतिमा देखा परेका समाजवादका विविध धारालाई अस्वीकार गरी मार्क्स र एङ्गेल्सले प्रतिपादन गरेका समाजवादी विचारलाई अनुमोदन गरी यस विचारको विकास गरेको थियो । यस प्रथम अन्तर्राष्ट्रियले समाजवादी क्रान्तिका निम्ति राजनीतिक सङ्घर्ष र सर्वहारा वर्गको राजनीतिक पार्टी आवश्यक सर्त हो भनी स्वीकारी विधानमा लेखेपछि, बाकुनीनवादीहरूले यसको विरोध गरेपछि मार्क्सवादी र बाकुनीनवादीहरूबिच तीव्र वैचारिक मतभेद भएपछि १९३३ सालमा प्रथम अन्तर्राष्ट्रिय विघटन भएको थियो । विघटन भए पनि यस अन्तर्राष्ट्रियले विश्व राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो र प्रभाव पारेको थियो । यस अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा सत्ता पुऱ्याउन र समाजवादी शासन व्यवस्थाको स्थापना गर्न सर्वहारा तथा मजदुरवर्गका निम्ति राजनीतिक पार्टी आवश्यक पर्दछ र यसका लागि राजनीतिक सङ्घर्ष आवश्यक छ भन्ने निष्कर्षमा पुगेको थियो ।

१९२८ सालमा फ्रान्सको पेरिसमा मजदुरवर्ग, सर्वहारावर्ग र मध्यम वर्गीय जनताले समाजवादी क्रान्ति गरी पेरिस कम्युनको स्थापना गर्न पुगेका थिए । तर यो पेरिस कम्युन जम्मा ७२ दिन टिकेको थियो । यो पेरिस कम्युन ७२ दिनसम्म मात्रै टिक्नाको कारण यसका समस्या औंल्याउँदै मार्क्सले दुईवटा समस्या देखाएका थिए तीमध्येको पहिलो समस्या विद्रोही क्रान्तिकारीहरूमा अराजकतावादी विचार थियो भने दोस्रो समस्या अधिनायकत्वको सिद्धान्तलाई विद्रोही क्रान्तिकारीहरूले आत्मसात् गर्न नसक्नु हो भनी निष्कर्ष निकालेका थिए ।

पहिलो अन्तर्राष्ट्रियको विघटन र पेरिस कम्युनको अन्त्य भएपछि एङ्गेल्सका नेतृत्वमा १९४६ सालमा दोस्रो अन्तर्राष्ट्रियको गठन गरिएको थियो । यस दोस्रो अन्तर्राष्ट्रियले मे १ तारिखलाई अन्तर्राष्ट्रिय मजदुर दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । यस अन्तर्राष्ट्रियले मजदुरवर्गको आर्थिक मुक्तिका लागि सङ्घर्ष र बुर्जुवा वर्गको प्रभुत्व हटाउनका लागि राजनीतिक अधिकार प्रयोग गर्नुपर्ने अवधारणा ल्याएपछि मार्क्सवादी समाजवादी पक्षधर र अराजकतावादबिच व्यापक मतभेद सिर्जना भएको थियो । यस अन्तर्राष्ट्रियले समाजवादी राजनीतिक व्यवस्था स्थापना गर्नका निम्ति राजनीतिक सङ्घर्षको कार्यक्रम आवश्यकता पर्दछ भन्ने निष्कर्ष निकालेपछि यस कार्यक्रमका सम्बन्धमा मतभेद र विवादको सिर्जना भएको थियो । यस मतभेद र विवादले विश्व समाजवादी आन्दोलनमा समाजवादको दुई हाँगाको उद्भव र विकास हुन पुगेको थियो । पहिलो हाँगा क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको समाजवादी विचार हो भने दोस्रो हाँगा विकासवादी धाराअन्तर्गतको प्रजातान्त्रिक समाजवादी विचार हो । यी दुई समाजवादी विचारले विश्व राजनीतिलाई गम्भीर प्रभाव पारेको थियो । विश्व समाजवादी आन्दोलनमा

क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको समाजवादी विचार पक्षधरको नेतृत्व लेनिनले गरेका थिए भने विकासवादी धाराअन्तर्गतको प्रजातान्त्रिक समाजवादी विचार पक्षधरको नेतृत्व एडबर्ड बर्नास्टिनले गरेका थिए। यस अन्तर्राष्ट्रियमा दुई धाराबिचको विवादले तेस्रो धाराका रूपमा क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको समाजवादी विचार पक्षधरबाट केन्द्रवादी तथा अवसरवादी धाराको उद्‌भव र विकास हुन पुगेको थियो। यस अन्तर्राष्ट्रियभित्र यी तीन धाराबिच तीव्र वैचारिक मतभेद र विवाद बढेका कारण यस अन्तर्राष्ट्रिय १९७१ सालमा पहिलो विश्व युद्ध सुरु भएपछि विघटन हुन पुगेको थियो।

दोस्रो अन्तर्राष्ट्रिय विघटन भएपछि क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको समाजवादी विचार पक्षधरको नेतृत्व गरेका लेनिनले १९७४ सालमा रूसमा अक्टोबर समाजवादी क्रान्ति गरी समाजवादी शासन व्यवस्थाको स्थापना गरेका थिए जुन क्रान्तिले विश्व राजनीतिमा ठूलो प्रभाव पर्‍यो र विश्वभरि नै समाजवादी क्रान्तिका निम्ति समाजवादी विचारलाई अवलम्बन, अनसरण र अङ्गीकार विश्वभरका समाजवादी विचार पक्षधरहरूले गरेका थिए।

लेनिनले रूसमा अक्टोबर समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गरेपछि आफ्नो नेतृत्वमा विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठन तेस्रो अन्तर्राष्ट्रियको गठन १९७६ सालमा गरेका थिए। यस अन्तर्राष्ट्रियले विश्व समाजवादी आन्दोलनका क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतका समाजवादी विचार पक्षधरहरूलाई समेट्ने, विश्वमा समाजवादी विचारको प्रचार-प्रसार गर्ने र विकास गर्ने, विश्व समुदायलाई समाजवादी क्रान्तिका लागि आह्वान गर्ने र विश्व समाजवादी आन्दोलनमा भाइचाराको सम्बन्ध विकास गर्ने काम गरेको थियो। यस विश्व समाजवादी आनदोलनमा देखापरेको वैचारिक मतभेद र पार्टीगत गतिविधिका कारण यस अन्तर्राष्ट्रिय पनि २००० सालमा विघटन हुन पुगेको थियो।

तेस्रो अन्तर्राष्ट्रियको विघटनपछि स्टालिनले विश्व समाजवादी आन्दोलनमा चौथो अन्तर्राष्ट्रियको स्थापना आवश्यक रहेको महससुस गरी उनले आफ्नो नेतृत्वमा कोमिन्फर्मको स्थापना गरेका थिए। तर यसले पनि विश्व समाजवादी आन्दोलनमा अन्तर्राष्ट्रिय सङ्गठनका रूपमा समाजवादी गतिविधि गरी गति लिन नसकेपछि यो पनि विघटन भएको थियो।

रूसमा लेनिनले अक्टोबर समाजवादी क्रान्ति गरी समाजवादको स्थापना गरेपछि उनले आत्मनिर्णयको अधिकारसहितको सङ्घीयताको अवधारणा ल्याई १९७९ सालमा रूस, युक्रेन र बेलारूसलाई समावेश गरेर समाजवादी गणतन्त्रात्मक मुलुकहरूको सङ्घ सोभियत युनियनको गठन गरेका थिए। उनले सोभियत युनियनको गठन गरेपछि यसले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो। समाजवादी गणराज्यहरूको युनियन सोभियत युनियनको १९७९

सालमा ताजकिस्तान, १९८१ सालमा तुर्कमेनिस्तान र उज्वेकिस्तान, १९९३ सालमा काजकिस्तान, किर्किस्तान, अर्मेनिया, अजरवैजान र जर्जिया र १९९७ सालमा मोल्दोभा, इस्टोनिया, लाटभिया र लिथुवनिया सदस्य राष्ट्र बनेका थिए ।

लेनिनले समाजवादी गणराज्यहरूको युनियनका रूपमा सोभियत युनियनको अवधारणा ल्याएपछि यसमा आवद्ध हुन र विश्व समाजवादी आनदोलनका क्रममा संसारभर नै समाजवादी गणतन्त्रको स्थापना गर्ने लहर नै चलेको थियो । विश्व राजनीतिमा समाजवादी विचारको प्रभावका कारण १९७८ सालमा मङ्गोलियामा जनवादी क्रान्ति भई जनगणतन्त्रको स्थापना गर्दै समाजवादका लागि मार्ग प्रशस्त गरिएको थियो । २००६ सालमा हङ्गेरीमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २००२ सालमा युगोस्लाभियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २००५ सालमा चेकोस्लोभाकियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २००५ सालमा चेकोस्लोभाकियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो ।

समाजवादी विचारको प्रभावका कारण युरोपका विभिन्न मुलुक पोल्यान्ड, आल्बानिया र बुल्गेरियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । समाजवादी विचारको प्रभावका कारण २०२६ सालमा दक्षिण यमनमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । अफ्रिकी महादेशमा पनि समाजवादी विचारको प्रभावका कारण समाजवादी शासन व्यवस्था स्थापना भएको थियो । २०३२ सालमा अङ्गोलामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २०२९ सालमा बेनिनमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २०२६ सालमा कङ्गोमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २०२६ सालमा सोमालियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २०२१ मा तान्जेनियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २०३४ सालमा इथोपियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २०३२ सालमा मोजाम्बिकमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो ।

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभाव युरोप, अफ्रिकामा मात्रै सीमित नभई एसियाली मुलुकमा पनि आइपुगेको थियो । चीनमा माओले २००६ सालमा राज्यसत्ता कब्जा गरी जनवादी गणतन्त्र चीनको स्थापना गरेर समाजवादका लागि मार्ग प्रशस्त गरेका थिए । २००५ सालमा उत्तर कोरियामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । अप्रिल २०३२ सालमा होची मिन्हले दक्षिण भियतनामलाई एकीकृत गरी समाजवादी शासन व्यवस्थाको स्थापना गरेका थिए । २०३२ सालमा लाओसमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो । २०३२ सालमा कम्बोडियामा पनि समाजवादी शासन व्यवस्थो स्थापना भएको थियो । २०३६ सालमा अफगानिस्तानमा समाजवादी शासन व्यवसथाको स्थापना भएको थियो ।

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभाव ल्याटिन अमेरिकामा पनि पुगेको थियो। २०१५ सालमा क्युवामा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो जुन आजपर्यन्त कायम छ ।

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावका कारण संसारका विभिन्न मुलुकमा स्थापित भएका समाजवादी शासन व्यवस्था अझै पनि केही मुलुकमा कायमै छ । चीन, आलोस, भियतनाम, उत्तर कोरिया र क्युवामा समाजवादी शासन व्यवस्था कायमै छ ।

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभाव नेपाली राजनीतिमा पनि परेको थियो । नेपाली राजनीतिमा समाजवादी विचारको प्रभाव परेका कारण २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो जसका कारण नेपाली राजनीतिमा विधिवत् रूपमा समाजवादी विचारको उद्‌भव भएको थियो । यस अध्ययनको निष्कर्षमा विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावका कारण नेपाली राजनीतिमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो र नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि नेपाली राजनीतिमा समाजवादी विचारको उद्‌भव र विकास भएको थियो भन्न सकिन्छ ।

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावका कारण नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि यस पार्टीले समाजवादी विचारको प्रभावकै कारण विभिन्न गतिविधि गरेको थियो र यस पार्टीले आफ्नो नयाँ जनवादी राजनीतिक कार्यक्रममार्फत नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पहिलो प्रकाशित पर्चामा नै नयाँ जनवादी राजनीतिक कार्यक्रममार्फत समाजवादको लक्ष्य राखेको थियो भने यस पार्टीको २००६ सालमा प्रकाशित पहिलो घोषणापत्रमा नयाँ जनवादी नेपालको गठन गरी समाजवादका लागि पृष्ठभूमि तयार गर्ने कुरा नयाँ जनवादी कार्यक्रममार्फत गरिएको थियो । यस पार्टीको २००८ सालमा सम्पन्न पहिलो राष्ट्रिय सम्मेलनले नयाँ जनवादी कार्यक्रम पारित गरी जनवादी क्रान्ति सम्पन्न गरेर समाजवादी क्रान्ति गर्नुपर्ने कुरामा जोड दिइएको थियो । २०१० साल माघ १३-१८ मा सम्पन्न भएको पहिलो महाधिवेशनले पनि नयाँ जनवादी कार्यक्रम पारित गरेको थियो । यस पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशनले पनि राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गरी समाजवादलाई लक्ष्यका रूपमा लिएको थियो। नेपाल कम्युनिस्ट पार्टीले आफ्नो राजनीतिक कार्यक्रम नयाँ जनवादलाई अवलम्बन र अनुसरण गरी समाजवादलाई लक्ष्यका रूपमा लिई नेपाली राजनीतिमा समाजवादी विचारलाई विकसित गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि पार्टीभित्र तीव्र मतभेद र सङ्घर्ष चर्की पार्टी टुटफुट, विभाजन र एकताको शृङ्खलात्मक यात्रामा पुगेको थियो। यसपछि जति पनि

कम्युनिस्ट पार्टी गठन भए ती सबै पार्टीहरूले नयाँ जनवादी कार्यक्रमलाई अङ्गीकार, अनुसरण र अवलम्बन गरी नयाँ जनवादलाई साधन र समाजवादलाई साध्यका रूपमा लिई नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको देखिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि पार्टीमा टुटफुट, विभाजनको शृङ्खला सुरु भएपछि पुष्पलालले २०२५ साल जेठमा तेस्रो राष्ट्रिय समेलन गरी आफ्नो नेतृत्वमा पार्टीको पुनर्गठन गर्दै नयाँ जनवादी कार्यक्रमलाई नै आफ्नो राजनीतिक कार्यक्रमका रूपमा अनुसरण, अङ्गीकार र अवलम्बन गरेका थिए जसको साधन नयाँ जनवादी क्रान्ति र साध्य समाजवाद थियो । यसपछि झापा विद्रोहको विरासत बोकेको नेकपा (एमाले) ले पनि नयाँ जनवाद हुँदै जनताको बहुदलीय जनवादी कार्यक्रम अनुसरण, अवलम्बन र अङ्गीकार गरी नयाँ जनवादलाई साधन र समाजवादलाई साध्यका रूपमा लिएको थियो । जनताको बहुदलीय जनवादी कार्यक्रम पनि नयाँ जनवादको एउटा प्रारूप नै थियो । यसै गरी अर्को कम्युनिस्ट पार्टी नेकपा (माओवादी) ले पनि नयाँ जनवाद हुँदै प्रचण्डपथवाद, एक्काइसौँ शताब्दीको जनवाद र पुँजीवादी जनवादी कार्यक्रम अनुसरण, अङ्गीकार र अवलम्बन गरी नयाँ जनवादी क्रान्तिलाई साधन र समाजवाद तथा साम्यवादलाई साध्यका रूप लिई नेपाली राजनीतिमा समाजवादी विचारको विकास गरेको थियो । यी कार्यक्रम पनि नयाँ जनवादकै प्रारूप थिए । यसरी अध्ययन गर्दा नेपाली राजनीतिमा समाजवादी चिन्तनको विकास नयाँ जनवादी राजनीतिक कार्यक्रममार्फत नै भएको थियो भन्ने निष्कर्षमा पुगिएको छ ।

नेपाली राजनीतिमा समाजवादी विचारको विकास नयाँ जनवादी कार्यक्रमले गरेको थियो । नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको उदयसँगै नयाँ जनवादी कार्यक्रमको औचित्य समाप्त भएको र अब नेपाली राजनीतिमा समाजवादी क्रान्तिका कार्यक्रमको आवश्यकता भएको हुँदा नेपालमा कम्युनिस्ट पार्टीहरूले अब नयाँ जनवादी कार्यक्रम त्यागी समाजवादी क्रान्तिको कार्यक्रम ल्याउनुपर्ने, अवलम्बन गर्नुपर्ने, अनुसरण गर्नुपर्ने र अङ्गीकार गर्नुपर्ने ठम्याइ र निष्कर्ष यस शोधको छ । यस शोधकार्यका क्रममा नेपालमा जनवादी कार्यक्रमको औचित्य र जनवादी क्रान्तिको युगको अन्त्य भएको हुँदा अब नेपालमा समाजवादी कार्यक्रम र समाजवादी क्रान्तिको आवश्यकता रहेको निष्कर्षमा पुगिएको छ ।

विश्व राजनीतिमा परेको समाजवादी विचारको प्रभावले नेपाली राजनीतिमा पनि समाजवादी विचारको उद्भव र विकास भएको थियो भने नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावले नेपालमा पनि विभिन्न समयमा जनआन्दोलन, जनविद्रोह, जनक्रान्ति र जनयुद्ध भएका थिए जसले नेपाली राजनीमिा नयाँ अध्याय सुरु गराएका थिए । २००७ सालको क्रान्ति, २०२८ सालको झापा विद्रोह, २०३५/३६ सालको आन्दोलन, २०४६ सालको संयुक्त

जनआन्दोलन, २०५२ सालको जनयुद्ध, २०६२/६३ सालको संयुक्त जनआन्दोलन, मधेस आन्दोलन र विभिन्न जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक आन्दोलन समाजवादी विचारको प्रभावबाटै भएका थिए भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावका कारण भएका यी आन्दोलनहरूले नेपाली समाजमा पनि समाजवादी विचारको गम्भीर प्रभाव परेको देखिन्छ । यसको ठोस प्रमाण नेपालका आमनिर्वाचनहरूमा नेपालका कम्युनिस्ट पार्टीहरूले प्राप्त गरेका मतपरिणामहरू हुन् । नेपाल सम्पन्न भएका २०१५ सालको निर्वाचन, २०४८ सालको निर्वाचन, २०५१ सालको मध्यावधि निर्वाचन, २०५६ सालको निर्वाचन, २०६५ सालको संविधानसभाको पहिलो निर्वाचन र २०७० सालको संविधानसभाको दोस्रो निर्वाचनको मतपरिणामको अध्ययन गर्दा नेपाली राजनीतिसँगै नेपाली समाजमा पनि समाजवादी विचारको गम्भीर प्रभाव छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

यी राजनीतिक सङ्घर्ष, विद्रोह, जनयुद्ध, जनआन्दोलन र आमनिर्वाचनमा परेका समाजवादी विचारको प्रभावस्वरूप दोस्रो संविधानसभाबाट निर्मित नेपालको संविधानमा पनि समाजवादी विचारको प्रभाव परेको देखिन्छ । नेपालको संविधानको निर्माण सात राजनीतिक दलको नेतृत्वमा भएको २०६२/६३ सालको संयुक्त जनआन्दोलन, नेकपा (माओवादी) को दश वर्षे जनयुद्ध, मधेस आन्दोलन र विभिन्न जातीय, क्षेत्रयि, लिङ्गीय, वर्गीय, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक आन्दोलनका पृष्ठभूमिबाट भएको हुँदा यस संविधानमा समाजवादी, विचारको प्रभाव छ भन्ने निष्कर्षमा पुगिएको छ ।

नेपालको संविधानको प्रस्तावनामा 'समाजवादप्रति प्रतिबद्ध' र यस संविधानको भाग ४ को धारा ५० को उपधारा ३ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा पनि 'समाजवाद उन्मुख' शब्द लेखिनु यस संविधानमा समाजवादी विचारको प्रभाव परेर नै हो भन्ने तथ्य अगि सार्न सकिन्छ । यस संविधानमा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' शब्द राखिनु नेपाली राजनीतिमा परेको समाजवादी विचारको प्रभावकै उपलब्धि हो भन्ने निष्कर्षमा पुगिएको छ ।

कम्युनिस्ट पार्टीका राजनीतिक कार्यक्रम, नयाँ जनवादी कार्यक्रम, नेपाल कम्युनिस्ट पार्टीका नेतृत्व र सहभागितामा भएका राजनीतिक सङ्घर्ष, विद्रोह, क्रान्ति, जनयुद्ध र जनआन्दोलनहरूमा र नेपालमा सम्पन्न आमनिर्वाचनमा कम्युनिस्ट पार्टीहरूले पाएका मतपरिणाममा समाजवादी विचारको प्रभाव देखिए पनि यिनै आधार र स्रोतमा नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारहरूमा भने समाजवादी विचारको प्रभाव देखिँदैन । अर्थात् यी सकारहरूमा समाजवादी विचारको प्रभाव छैन भन्ने निष्कर्षमा पुगिएको छ ।

आफ्नो नेतृत्वमा गठन भएका सरकारहरूको नीति तथा कार्यक्रमको निर्माण गर्दा, कार्यान्वयन गर्दा, सरकारबाट उत्पादनमुखी र वितरणमुखी कार्यक्रमको निर्माण गर्दा नेपालका कम्युनिस्ट पार्टीहरू समाजवादी विचारको भन्दा पुँजीवादी राजनीतिक विचारको प्रभावमा परेको देखिन्छ । उनीहरूले आन्दोलन र निर्वाचनका क्रममा जेजस्तो नीति तथा कार्यक्रम, राजनीतिक कार्यक्रम र घोषणापत्रको कार्यक्रम निर्माण गर्दा समाजवादी विचारको प्रभावमा परी समाजवादी कार्यक्रम तय गरे पनि सरकारको नेतृत्व गर्दा निर्माण गरेका नीति तथा कार्यक्रम र कार्यान्वयन गर्दा पुँजीवादी राजनीतिक विचारको प्रभावमा परेको देखिन्छ जसले गर्दा उनीहरूले नेतृत्व गरेका सरकारहरूमा समाजवादी विचारको प्रभाव देखिन्न ।

सरकारमा रहेर पनि समाजवादी विचारको प्रभाव छैन भन्ने ठोस प्रमाणहरूमा यिनीहरूले सरकारको नेतृत्व गर्दा समाजवादी कार्यक्रम ल्याउन नसकनु, यिनीहरूले सरकारको नेतृत्व गर्दा राज्यसत्ताको साधन र स्रोतमा आम नेपाली जनताको पहुँच, राज्य सत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन नसक्नु अनि यिनहरूले सरकारको नेतृत्व गर्दा उदारवादी अर्थनीति, खुलाबजार र निजी स्वामित्वमा आधारित अर्थतन्त्रात्मक व्यवस्था नै अवलम्बन गर्नुलाई लिन सकिन्छ । यिनै प्रमाणका आधारमा नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वमा गठन भएका सरकारमा समाजवादी विचारको प्रभाव छैन भन्ने देखिन्छ ।

समाजवादी विचारको प्रभाव नहुनुमा अर्को तथ्य के हो भने नेपालका दुई कम्युनिस्ट घटकहरू नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालकै इतिहासलाई आफ्नो इतिहास ठानिरहेका छन् । नेपालको कम्युनिस्ट राजनीति विचारगत रूपले सोभियत सङ्घको समाजवादी क्रान्ति र चीनको नयाँ जनवादी क्रान्तिबाट प्रभावित भएर विकसित भएको हो तर भारतीय कम्युनिस्ट पार्टीमा आएको विभाजनको प्रभाव नेपाली कम्युनिस्ट राजनीतिमा पनि पर्न गयो र नेपाली कम्युनिस्टहरू पनि अनेक चिरामा विभाजित भए ।

नेकपा (एमाले) झापा विद्रोहबाट उदाई पटक पटक सत्तारूढ पनि हुन गयो । झापा विद्रोह आफैं भारतको नक्सलवारी विद्रोहबाट प्रभावित थियो । त्यस्तै नेकपा (मशाल, चौथो महाधिवेशन) हुँदै आएको नेकपा (माओवादी केन्द्र) को धेरै लामो जीवनयात्रा भारतबाट चलेको थियो । तसर्थ भारतीय राजनीतिक परिघटना र भूमिको प्रयोग गरी गरिएका यी दुई घटकको विकासमा भारतीय प्रभाव रहेन भन्ने आधार छैन । सिद्धान्त, दर्शन र विचारले सोभियत सङ्घ र चीनबाट प्रभावित भई आएका नेपाली कम्युनिस्टहरू आजसम्म पनि समाजवादको शब्दलाई आफ्नो लक्ष्य भन्न रुचाउँछन् । तर भारतीय भूमिको प्रयोग, भारतसँगका गतिविधि र मूलतः

भारतकै जस्तो संसदीय राजनीतिको प्रयोग नेपालीपनको आफ्नो समाजवादी मोडेल तयार पार्न पनि अवरोधका रूपमा देखिएको छ । समग्रमा नेपाली कम्युनिस्ट राजनीतिले संसदीय व्यवस्थाको प्रयोगको मोहबाट मुक्त भई दलाल तथा नोकरशाही पुँजीवादी घेरा तोडेर राष्ट्रिय पुँजीको उत्थानमा आफ्नो ध्यान केन्द्रित गर्ने र भारतीय राजनीतिको दबाब र प्रभावबाट मुक्त हुने प्रयत्न गर्दैनन् तबसम्म नेपाली कम्युनिस्ट राजनीतिभित्र समाजवादी विचारको विकास धेरै कठिन हुने देखिएको छ ।

यस शोधकार्यको मूल निष्कर्ष नेपाली राजनीतिमा नेपाल कम्युनिस्ट पार्टीको गठन, नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्व र सहभागितामा भएका राजनीतिक सङ्घर्ष, विद्रोह, क्रान्ति, जनयुद्ध र जनआन्दोलनमा र नेपालको संविधानमा समाजवादी विचारको प्रभाव रहे पनि नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वमा गठन भएका सरकारहरूमा भने समाजवादी विचारको प्रभाव छैन भन्ने नै हो ।

**भावी अध्ययनका लागि प्रस्ताव**

१. नेपाली अर्थ व्यवस्थामा समाजवादी विचारको प्रभाव ।

२. नेपाली सामाजिक-सांस्कृतिक जीवनमा समाजवादी विचार ।

३. नेपाली शैक्षिक जीवनमा समाजवादी विचार ।

# परिशिष्टहरू

## परिशिष्ट एक

## अन्तर्वार्ता सूची

| क्र.सं. | अन्तर्वार्ता दिनेको नाम थर | आवद्धता | सम्पर्क नम्बर | मिति | अन्तर्वार्ता लिइएको स्थान |
|---|---|---|---|---|---|
| १. | कार्की, टङ्क | पूर्वराजदूत तथा नेता, नेकपा (एमाले) | ९८५११२८६२९ | २०७५ साल चैत ४ गते | निजी निवास, चाबहिल, काठमाडौँ |
| २. | कार्की, राम | पूर्वमन्त्री तथा नेता, नेकपा (माओवादी केन्द्र) | ९८५११०००२० | २०७५ साल फागनु ३० गते | निजी निवास, धुम्बाराही, काठमाडौँ |
| ३. | के. सी.,चित्रबहादुर | पूर्वमन्त्री तथा अध्यक्ष, राष्ट्रिय जनमोर्चा | ९८४१३४७४०४ | २०७५ साल चैत १५ गते | निजी निवास, सेतोपुल, काठमाडौँ |
| ४. | खनाल, झलनाथ | पूर्वप्रधानमन्त्री तथा वरिष्ठ नेता, नेकपा (ए.समाजवादी) | ९८५११०८१९९ | २०७६ साल २८ गते | निजी निवास,डल्लु, काठमाडौँ |
| ५. | खरेल, पर्शुराम | विश्लेषक तथा बुद्धिजीवी | ९८४३३२४८१८ | २०७६ साल फागुन १२ गते | निजी निवास, बबरमहल, काठमाडौ |
| ६. | दुलाल, विष्णुभक्त | महासचिव, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल । | ९८५११५२८५० | २०७५ साल चैत २ गते | वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालको केन्द्रीय कार्यालय, काठमाडौँ |
| ७. | न्यौपाने, बालकृष्ण | वरिष्ठ अधिवक्ता, विश्लेषक तथा बुद्धिजीवी | ९८५१०३४९१५ | २०७६ साल माघ ७ गते | थापाथली, काठमाडौँ |
| ८. | पन्त, शास्त्रदत्त | विश्लेषक तथा बुद्धिजीवी | ९८६०३३२५८२ | २०७६ साल फागुन १३ गते | निजी निवास, सामाखुसी, काठमाडौँ |
| ९. | पाण्डे, विश्वदीप | नेता, समाजवादी पार्टी, नेपाल | ९८५११५५५६७ | २०८० साल असोज २ गते | मोवाइलबाटै प्रश्न सोधिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | पौडेल, विजयकुमार | नेता, नेकपा (ए.समाजवादी) | ९८५१०६५९८८ | २०७५ साल फागनु २६ गते | कलङ्की, काठमाडौं |
| ११. | प्रसाई, खगेन्द्र | सह-प्राध्यापक, खुला विश्वविद्यालय | ९८५१२८३१४४ | २०७५ साल फागुन २९ गते | कीर्तिपुर, काठमाडौं |
| १२. | प्रसाई, सरिता | केन्द्रीय सदस्य, नेपाली काङ्ग्रेस | ९८४१५३६६८८ | २०७६ साल वैशाख ३ गते | संसदीय दलको कार्यालय, सिंहदरबार, काठमाडौं |
| १३. | भुसाल, घनश्याम | पूर्वमन्त्री तथा महासचिव, नेकपा (ए.समाजवादी) | ९८५११३२०७७ | २०७६ असोज ७ गते | नेपाल अध्ययन केन्द्रको कार्यालय, बबरमहल, काठमाडौं |
| १४. | भुसाल, बेदुराम | उपाध्यक्ष, नेकपा (ए.समाजवादी) | ९८४३३६७९४३ | २०७५ साल फागुन २६ गते | नयाँ बानेश्वर, काठमाडौं |
| १५. | महर्जन, राजेन्द्र | वामविश्लेषक तथा बुद्धिजीवी | ९८४१०३१४७२ | २०७५ साल फागुन २५ गते | कीर्तिपुर, काठमाडौं |
| १६. | मानन्धर सुनीलकुमार | तत्कालीन नेकपा (नेकपा) का केन्द्रीय सदस्य, (अहिले नेकपा (माओवादी केन्द्र) | ९८५११३३५५४ | २०७२ साल फागुन १४ गते | शङ्करदेव कलेज, काठमाडौं |
| १७. | मिश्र, चैतन्य | वामविश्लेषक तथा बुद्धिजीवी | ९८४१३२८८७७ | २०७५ साल फागुन २१ गते | नीति प्रतिष्ठानको कार्यालय, काठमाडौं |
| १८. | मैनाली, राधाकृष्ण | पूर्वमन्त्री तथा पुराना कम्युनिस्ट नेता | ९८५१०५१२३४ | २०७६ साल बैशाख ४ गते | निजी निवास, सीतापाइला, काठमाडौं |
| १९. | मैनाली, सिपी | पूर्वमन्त्री तथा महासचिव, नेकपा (माले) | ९८५१०६४८५१ | २०७५ साल चैत २० गते | नेकपा (माले) केन्द्रीय पार्टी कार्यालय, रातोपुल, काठमाडौं |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | रोक्का, हरि | वामविश्लेषक तथा बुद्धिजीवी | ९८५११०१९९१ | २०७५ साल फागनु १७ गते | विशालबजार, काठमाडौँ |
| २१. | वैद्य, मोहन | महासचिव, नेकपा (क्रान्तिकारी माओवादी) | ९८४३८४०६७७ | २०७५ साल चैत ८ गते | नेकपा (क्रान्तिकारी माओवादी), केन्द्रीय कार्यालय, बुद्धनगर |
| २२. | शास्त्री, ढुण्डीराज, | पूर्वमन्त्री तथा पुराना नेता, नेपाली काङ्ग्रेस पार्टी | | २०७६ साल साउन २८ गते | निजी निवास, लोकन्थली, भक्तपुर |
| २३. | श्रेष्ठ, श्याम | वामविश्लेषक तथा बुद्धिजीवी | ९८५१०२७२६७ | २०७५ साल चैत १० गते | निजी निवास, कीर्तिपुर, काठमाडौँ |
| २४. | सिंह, मोहनविक्रम | महासचिव, नेकपा (मसाल) | ९८५१०३८८१८ | २०७६ साल साउन २३ गते | सितापाइला, काठमाडौँ |
| २५. | सिंह, समीर | केन्द्रीय सचिव, अखिल नेपाल बुद्धिजीवी सङ्घ, नेकपा (मसाल) | ९८४९७७३७५ | २०७५ साल फागुन १६ गते | धुम्बाराही, काठमाडौँ |
| २६. | सुवेदी, झलक | वामविश्लेषक तथा बुद्धिजीवि | ९८५११८२२६८ | २०७५ साल चैत ८ गते | बागबजार, काठमाडौँ |

# परिशिष्ट दुई

## अन्तर्वार्ता लिँदा सोधिएका प्रश्नहरू

१. नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वले सङ्घर्ष, विद्रोह र आन्दोलनको समय र निर्वाचनका समयमा आफ्ना कार्यकर्ता र नेपाली जनतालाई समाजवादी शासन व्यवस्थाको स्थापना गर्ने भनेर आश्वासन दिए पनि सरकारमा पुगेपछि ठोस रूपको समाजवादी कार्यक्रम त के समाजवादी चिन्तनको प्रभावमा परी न्यूनतम समाजवादी कार्यक्रम पनि ल्याउन सक्दैनन्, किन होला ?

२. नेपालका कम्युनिस्ट पार्टीहरू सरकारमा रहेका बेला राज्यसत्ताको सधानस्रोतमा आम नेपाली जनताको पहुँच, राज्यसत्ताको उत्पादन र वितरणमा आम नेपाली जनताको समान अधिकार र राष्ट्रिय पुँजी निर्माणमा आम नेपाली जनताको सहभागिता गराउन किन सक्दैनन् ?

३. समाजवादी राज्यव्यवस्थाका विरूद्ध रहेको उदारवादी अर्थ नीति, खुला बजार जस्ता निजी स्वामित्वमा आधारित अर्थतन्त्रात्मक व्यवस्था नै नेपाली राज्य व्यवस्थाले पक्षपोषण गरेको छ । नेपाली कम्युनिस्ट पार्टीहरू सत्ता र सरकारमा पुग्दा समेत यसैमा आधारित नीति तथा कार्यक्रमलाई अङ्गीकार गर्दछन् । के यसो गर्दा नेपालमा समाजवादी कार्यक्रम लागू गर्न सम्भव छ ?

४. नेपाली राजनीतिमा समाजवादी विचारको बहस भएको लगभग ७० वर्षपछि नेपाल सरकारको २०६६/०६७ र २०७५/०७६ सालको नीति तथा कार्यक्रममा समाजवाद उन्मुख र समाजवादको मार्गप्रशस्त भन्ने शब्दको प्रयोग भएको छ। यस्तै नेपालको संविधानमा पनि 'समाजवाद उन्मुख' र 'समाजवादप्रति प्रतिबद्ध' भन्ने शब्द प्रयोग भएको छ । यसो हुनु भनेको अब नेपाली राज्यसत्ता समाजवादी शासनसत्ताका मार्गमा अग्रसर भएको हो ? यसलाई नेपाली राजनीतिमा समाजवादी विचारको प्रभावको उपलब्धिका रूपमा लिन सकिन्छ ?

५. अहिले सरकारमा रहेको नेकपाको लक्ष्य समाजवादमा पुग्ने भन्ने छ । यही पार्टीको नेतृत्वमा नेपालमा समाजवादको स्थापना हुन सक्छ ?

६. संविधानसभाबाट लेखिएको नयाँ संविधान पुरानो सामाजिक सम्झौतालाई नयाँ सामाजिक सम्झौताले स्थान लिएको दस्तावेज हो । यसले 'समाजवाद उन्मुख व्यवस्था' भनेको छ तर, संविधानका अरू व्यवस्था र सम्पूर्ण संवैधानिक गतिविधि हेर्दा त्यो सम्भव छ ?

परिशिष्ट तीन

# आगामी सरकार एमालेको

# देशभक्त र प्रजातन्त्रवादीको

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को

चुनाव घोषणा-पत्र

२०५१

# सर्वसत्तावादी नेपाली कांग्रेसलाई हराऔं
# राष्ट्र र प्रजातन्त्रका लागि एमालेलाई जिताऔं !!

**आदरणीय जनसमुदाय,**

निरङ्कुश पञ्चायती व्यवस्था समाप्त पारेर बहुदलीय व्यवस्था ल्याउन नेपाल आमाका धेरै सपूतहरूले आफ्नो अमूल्य जीवन बलिदान गरेका छन् । तिनै सहिदको बलिदानको फलस्वरूप आज नेपाली जनता सार्वभौमसत्तासम्पन्न भएका छौँ र राष्ट्रियता तथा प्रजातन्त्रका निम्ति निरन्तर क्रियाशील रहन प्रेरित एवम् समर्थ हुन सकेका छौँ । प्रजातन्त्रप्राप्तिको सङ्घर्षमा जीवन दिएर जनतालाई वीरता, त्याग, समर्पण र बलिदानको बाटो देखाउने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै देशभरिका सम्पूर्ण जनसमुदायलाई हार्दिक अभिवादन गर्दछौँ ।

बहुदलीय व्यवस्थाको स्थापनापश्चात् २०४८ साल बैशाख महिनामा सम्पन्न निर्वाचनमा नेपाली कांग्रेसले बहुमत पाएर सरकार बनाएको थियो तर नेपाली कांग्रेसको अकर्मण्यता र असक्षमताका कारण देश अप्रत्यासित रूपले तीन वर्षमा नै आमचुनावको सँघारमा आइपुगेको छ । देशलाई बलजफ्ती मध्यावधि निर्वाचना ल्याएर पछार्ने काम सत्तारूढ दल नेपाली कांग्रेसको सरकारले गरेको छ। त्यसैले यो निर्वाचनलाई नेपाली जनताले कांग्रेसलाई पराजित गर्ने र गिरिजाप्रसाद कोइरालाको भ्रष्ट, जनता र राष्ट्रविरोधी सरकारलाई बर्खास्त गर्ने मौकाका रूपमा प्रयोग गर्नुपर्दछ। यो चुनावलाई कांग्रेसी सर्वसत्तावादका विरूद्ध प्रजातान्त्रिक मूल्य र मान्यताको स्थापना र रक्षा गर्न, राष्ट्रिय स्वतन्त्रता सुदृढ तुल्याउन, जनताका हक एवम् हितको सुरक्षा एवम् संवर्द्धन गर्न तथा जनताको जीविकाका पक्षमा प्रयोग गर्नुपर्दछ ।

गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित नेपाली कांग्रेसको सरकारले बहुदलीय व्यवस्थालाई सुदृढ पार्ने, राष्ट्रियतालाई बलियो पार्ने र जनतालाई राहत दिएर देशलाई विकासको बाटोमा अघि बढाउने दायित्व पाएको थियो । तर तीन वर्षको कांग्रेसी शासनमा प्रजातन्त्र भन्ने शब्द बलात्कृत र विकृत भएको छ र त्यो कांग्रेस्री सर्वसत्तावादमा रूपान्तरित भएको छ । जनताले आज पनि राजनीतिक विचारहरूको भिन्नताका कारण असमानता, असुरक्षा र भेदभाव भोगिरहनुपरेकै छ। कांग्रेसभन्दा फरक विचार राख्नेहरूलाई शासन-प्रशासनले हेला गर्ने, गलत व्यवहार गर्ने र कम्युनिस्ट विचार राखेकै कारण राजनीतिक कार्यकर्ताहरूलाई अनाहकमा थुन्ने र राजनीतिक मुद्दा लगाउने काम पञ्चायती व्यवस्थामा झैं आज पनि जारी छ ।

विगत तीन वर्षमा सरकार न जनताप्रति उत्तरदायी हुन सक्यो न त जनतालाई केही राहत नै दिनसक्यो, न त्यो संसद्को नियन्त्रणलाई नै स्वीकार्न तयार भयो, न त जनताद्वारा निर्वाचित स्थानीय निकायहरूलाई अधिकार दिएर प्रजातन्त्रलाई तल-तलसम्म पुऱ्याउन नै तयार भयो ।

विगत तीन वर्षका अवधिमा नेपाली कांग्रेसको सरकारले जनतालाई हरक्षेत्रमा निराश र आक्रोशित तुल्याउने काम गऱ्यो । पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्थाबिच तात्त्विक भिन्नता अनुभव गराएर बहुदलीय शासनपद्धतिप्रति जनताको आस्था जगाउने कार्य नेपाली कांग्रेसको सरकारले पटक्कै गरेन । उल्टो त्यसले जनतालाई बहुदलीय प्रणालीप्रति असन्तुष्ट तुल्याउने काम मात्र गऱ्यो । राजनीतिक क्षेत्रमा नेपाली कांग्रेसको असक्षमताको यो सबैभन्दा बलियो प्रमाण हो ।

नेपाली कांग्रेसले विगतमा झैँ यसपल्ट पनि राष्ट्रियतालाई कमजोर पार्ने थप कामहरू गरेको छ। देशलाई आर्थिक रूपले स्वतन्त्र र सबल बनाउनेभन्दा नव औपनिवेशिक षड्यन्त्रमा परेर आर्थिक स्वाधीनतालाई कमजोर पार्ने कामहरू गरेको छ। जनतालाई आर्थिक र सामाजिक रूपमा कुनै राहत दिन सकेको छैन । जनताको जीवन दिनहुँ कष्टकर बन्दै छ ।

नेपाली कांग्रेस २००७ सालको आन्दोलनपछि सत्तामा पुगेको थियो। त्यसबेला नेपाली कांग्रेसले राष्ट्रिय स्वतन्त्रता र प्रजातन्त्र दुवैका सामु खतरा उत्पन्न गरी आन्दोलनको उपलब्धिबाट जनतालाई विमुख पाऱ्यो। २०१५ सालको आमचुनावमा नेपाली कांग्रेसले संसद्मा दुई तिहाई स्थान ल्याएर सरकार बनाएको थियो। त्यसबेला पनि कांग्रेसी सरकारबाट जनविश्वासको पालना र सुरक्षा हुन सकेन। राष्ट्रियता र प्रजातन्त्र दुवैलाई कमजोर तुल्याइयो। फलस्वरूप मौका छोपेर २०१७ सालमा राजाबाट संसद्को विघटन गरी जनताको अधिकार कुल्चिने काम भयो। २०४६ सालको जनआन्दोलनपश्चात् सम्पन्न आमनिर्वाचनबाट संसद्मा बहुमत स्थान प्राप्त गरी नेपाली कांग्रेस पुनः सत्तामा आयो। यसपटक पनि नेपाली कांग्रेसको सरकारले जनताको मत र भावनाको कदर गर्न सकेन, त्यसको सुरक्षा गर्न सकेन। नेपाली कांग्रेसको सरकारले जनभावनाको कदर गर्नेतर्फ ध्यान दिन आवश्यक नै ठानेन। सत्ताधारी दलको अकर्मण्यता, अनुत्तरदायी व्यवहार, असहिष्णु एवम् अप्रजातान्त्रिक चरित्रका कारण देश अन्योल र दिशाहीन स्थितिमा पुग्यो। फलतः असक्षमता र अयोग्यताका कारण नेपाली कांग्रेसको सरकारले मुलुकको शासनभार ग्रहण गर्न नसकी तीन वर्षमै राजीनामा गरेर मुलुकलाई मध्यावधि निर्वाचनमा धकेल्यो।

शाही नेपाल वायुसेवा निगमलगायतका आर्थिक भ्रष्टाचारमा महाभियोग लाग्ने स्थिति उत्पन्न भएपछि र प्रतिनिधिसभामा अल्पमतमा परेपछि संसद्को सार्वभौमिकताको अनादर गर्दै नेपाली कांग्रेसका प्रधानमन्त्रीले एकैपल्ट राजीनामा र प्रतिनिधिसभा विघटनको सिफारिस गर्ने अप्रजातान्त्रिक र अनैतिक काम गरे। नेपाली कांग्रेसका प्रधानमन्त्रीले यसरी एकातिर जनताको सार्वभौमिकताको अवमूल्यन गरे भने अर्कातर्फ असमयमै निर्वाचन लादेर देश र जनतामाथि आर्थिक बोझ थपे।

**नेपाली कांग्रेसका जनविरोधी कामहरू**

विगत तीन वर्षमा नेपाली कांग्रेसको सरकारले देश र जनताको माग तथा आकाङ्क्षालाई कुल्चँदै गयो। त्यसले शोषणलाई बढायो, देशलाई राजनीतिक षड्यन्त्रको भुमरीतर्फ धकेल्यो। हाम्रो पार्टीका तत्कालीन महासचिव जननेता क. मदन भण्डारी र कुशल सङ्गठक क. जीवराज आश्रितको षड्यन्त्रपूर्ण हत्या कांग्रेसको शासनकालमा भयो। चितवन जिल्लाको दासढुङ्गामा भएको उहाँहरूको षड्यन्त्रपूर्ण हत्याको न्यायिक जाँचबुझ गर्नसम्म पनि कांग्रेसी सरकार सहज रूपमा तयार भएन। त्यसका लागि हामीले राष्ट्रव्यापी आन्दोनलमा उत्रनुपऱ्यो। आन्दोनलका क्रममा सरकारले १९ जनाको हत्या गऱ्यो र सयौँलाई गिरफ्तार गरी झुट्टा मुद्दामा फँसायो। राष्ट्रव्यापी जनदबाबको लहर उठेपछि मात्रै २०५० साल भदौ १ गते नपाली कांग्रेस हाम्रो पार्टीसँग सम्झौता गर्न बाध्य भयो। तर नेपाली कांग्रेसले उक्त सम्झौता पनि इमान्दारिताका साथ लागू गर्न चाहेन र त्यसलाई पन्छाउन अनेकौं षड्यन्त्रको सहारा लिनपुग्यो।

गत आमनिर्वाचिनपछि गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा गठित नेपाली कांग्रेसको सरकारले देश, जनता र प्रजातन्त्रविरूद्ध गरेका प्रमुख कार्यहरू यसप्रकार छन् :

१. अन्तरिम कालमा नेपाली कांग्रेसका मन्त्रीद्वारा समेत हस्ताक्षर गरिएको र कांग्रेसका सभापति तथा प्रधानमन्त्रीले सहमति जनाएको कर्मचारीका मागहरू पूरा गरिएको सम्झौता कार्यान्वयन गरिएन। उल्टै कर्मचारीहरूमाथि व्यापक दमन गरियो। प्रशासनलाई कांग्रेसीकरण गर्ने अभियान सञ्चालन गर्दै पक्षपातपूर्ण परिपाटीलाई प्रश्रय दिइयो।

२. महाकाली नदीको पानी भारत र नेपालद्वारा उपयोग गर्ने सवालमा नेपाली कांग्रेसको सरकारले नेपालको राष्ट्रिय हितलाई लत्यायो। टनकपुर सम्झौताद्वारा हाम्रो देशको भूभाग र जलस्रोत भारतलाई दियो। उक्त सम्झौतालाई 'समझदारी' भन्दै जनतालाई ढाँट्ने दुष्प्रयास गऱ्यो। त्यस विषयमा सर्वोच्च अदालतमा मुद्दा परेर कांग्रेसी सरकार पराजित भइसकेपछि पनि नेपाली कांग्रेसको सरकारद्वारा अदालतकै फैसलाको अनादर गरियो।

टनकपुर सम्झौतालाई संसद्मा मनपरी किसिमले अनुमोदन गर्न राष्ट्रिय सभामा सन्धि ऐनलाई जबरजस्ती र असंवैधानिक ढङ्गले संशोधन गरियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संविधानको धारा १२६ लाई संशोधन गर्ने कुरा नै आफ्नो प्रमुख चुनावी नारा हुने घोषणा गरेका छन्। यसले विगतमा कोशी र गण्डकी सम्झौता झैं नेपाली कांग्रेसको राष्ट्रिय हितविरोधी चरित्रको पुनरावृत्ति भएको कुरा पुनः देशभक्त नेपालीका सामु छर्लङ्ग भएको छ।

३. राष्ट्रिय हित र संविधानको भावनाका प्रतिकूल कांग्रेसी सरकारले नागरिकतासम्बन्धी ऐन र श्रम ऐन संशोधन गरी जनतामाथि लाद्ने प्रयास गर्‍यो। यससम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट पराजित भएर पनि कांग्रेसी सरकारले आफ्नो गल्तीलाई सच्याउन चाहेन।

४. सैनिक ऐन, श्रम ऐन र मुलुकी ऐन जस्ता महत्त्वपूर्ण ऐनको संशोधन तथा कर्मचारीहरूको बर्खास्तगीसम्बन्धी मुद्दामा नेपाली कांग्रेसको सरकार सर्वोच्च अदालतबाट पटक पटक पराजित भएकाले यस क्षेत्रमा यसले गरेको अपराध झन् प्रस्ट भएको छ।

५. देशको आर्थिक पद्धतिलाई कांग्रेसी सरकारले दिशाहीन र गन्तव्यहीन बनाएको छ। आर्थिक उदारवाद र निजीकरणका नाममा उद्योगधन्दाहरू विदेशीका हातमा बेचेको छ। यसरी उद्योगधन्दाहरू बेच्ने क्रममा राष्ट्रिय हितलाई पूर्ण बेवास्ता गर्दै ठूलो भ्रष्टाचार गरेको छ। राष्ट्रिय उद्यमीहरूलाई निरूत्साहित तुल्याएको छ।

६. किसानहरूमाथि थप आर्थिक बोझ पर्ने गरी मालपोत बढाउने र न्यायपूर्ण वितरणको मान्यतालाई लत्याउने काम गरेको छ।

७. सर्वसाधारणको दैनिक जीवनसँग सम्बन्धित खानेपानी, स्वास्थ्य, शिक्षा, बिजुली, मल-बीउ, औषधि जस्ता कुराहरूको भाउ सरकारले नै तीव्र रूपमा वृद्धि गर्दै लगेको छ।

८. प्रशासन र आर्थिक कारोबारका सबै क्षेत्रमा नातावाद, कृपावाद र भ्रष्टाचारलाई संस्थागत गरेको छ। मल्लिक आयोगको प्रतिवेदनलाई रद्दीको टोकरीमा फ्याँकिएको छ र भ्रष्टाचारीहरूलाई छुट दिइएको छ।

९. बेरोजगारी व्यापक रूपमा बढेको छ र रोजगारीको खोजमा मुग्लान पस्नेहरूको सङ्ख्यामा वृद्धि भएको छ। विदेशमा रोजगारीका निम्ति गएकाहरू असुरक्षित पारिएका छन्।

१०. बेलामौकामा समाजवादको नारा भट्याउने गरेको नेपाली कांग्रेसको सरकारले अँगालेको आर्थिक नीतिले गरिबी बढाउने, भूमिहीन र सुकुम्बासी समस्या चर्काउने तथा सामाजिक स्थायित्व र सुरक्षामाथि आँच पुर्‍याउने काम गरेको छ।

११. स्थानीय निकायहरूलाई विकास र जनसेवामा समर्पित रहन सघाउनु पर्नेमा सरकारले तिनको दुरूपयोग गरेको छ। स्थानीय निकायको निर्वाचनमा गरेको व्यापक धाँधली र अनियमिततालाई अद्यावधि कायमै राखेको छ।

१२. विचार स्वतन्त्रताको खिल्ली उडाउँदै कांग्रेसी सरकारले आफूसँग असहमत वा फरक विचारमा आस्था राख्ने शिक्षक, कर्मचारीलाई निष्कासन गर्ने, हतोत्सहित गर्ने र सर्वसाधारण जनतालाई दमन गर्ने र दुःख दिने काम गरेको छ।

१३. सञ्चार माध्यमलाई एकलौटी किसिमले दुरूपयोग गरी विचारप्रवाह र सूचनामा नियन्त्रण गरेको छ।

१४. मानव अधिकारका पक्षमा रहेका संवैधानिक प्रावधानहरूको उल्लङ्घन गर्दै कांग्रेसको तीन वर्षे शासनकालमा ७५ जना मानिसहरू मारिए, पत्रकारहरूमाथि राजद्रोहसम्बन्धी मुद्दा लगाउने र हातपात गर्ने काम भयो। राजनीतिक कार्यकर्ताहरूलाई व्यापक रूपमा सार्वजनिक अपराधसम्बन्धी मुद्दामा फँसाएर दुःख दिने काम गर्‍यो।

१५. कांग्रेसले आफ्नो राजनीतिक स्वार्थ साधन राष्ट्रिय ढुकुटीबाट जथाभावी खर्च गरेको छ। प्रधानमन्त्री सहायता कोष, दैवी प्रकोप वा राहत वितरण जस्ता कोषहरूको व्यापक दुरूपयोग गरी तिनलाई कांग्रेसको निजी स्वार्थ साधनामा दुरूपयोग गरेको छ।

१६. अन्तर्राष्ट्रिय कानुनका विपरीत नेपालको भूअखण्डता र सार्वभौमिकताको प्रश्नलाई नै चुनौती दिएर भारतीय प्रहरीहरू देशको राजधानी काठमाडौं र अन्य भूभागमा पटकपटक प्रवेश गरेर जनतालाई आतङ्कित पार्ने छुट कांग्रेसी सरकारले दिएको छ ।

१७. नेपालको विदेश सम्बन्ध राष्ट्रिय हित विपरीत सत्ताधारी गुटको स्वार्थअनुरूप चलाइएको छ । हाम्रो देशले बाह्य संसारका सामु शिर निहुराउनुपर्ने स्थितिको सिर्जना भएको छ । कूटनीतिक सम्बन्धका क्षेत्रमा अनावश्यक तथा विवादास्पद किमिसले सम्पर्क र सम्बन्ध विस्तार गरी नेपाललाई अप्ठ्यारामा पार्ने कार्य गरेको छ। असंलग्नता र पञ्चशीलको सिद्धान्तका आधारमा वैदेशिक सम्बन्ध सञ्चालन नगरी हाम्रो जस्तो सानो देशका सामु व्यवधानहरू खडा गरेको छ। नेपाललाई एकपक्षीय ढङ्गले कुनै छिमेकी देशतिर ढल्केको देखाएर अन्य छिमेकी राष्ट्रहरूलाई चिढ्याउने र सशङ्कित पार्ने काम भएको छ ।

यी उल्लिखित कुराहरूबाहेक कांग्रेसी सरकारबाट जनता, देश र संविधानको भावना विपरीत अनगिन्ती गलत काम भएका छन् । संविधान र मुलुकी ऐनमा सामाजिक भेदभाव र छुवाछुत समाप्त गर्ने प्रतिबद्धता भए पनि त्यसलाई व्यवहारमा उतार्न कांग्रेसी सरकारबाट कुनै प्रत्यत्न भएन। किसानहरूमाथिको शोषण उत्पीडन उस्तै छ। कृषि उत्पादन घटेको छ। वातावरणीय सन्तुलन बिग्रेको छ। बाढी, पहिरो र नदी कटानले कैयौं गाउँबस्तीहरू असुरक्षित भएका छन् । कांग्रेसी सुकुम्बासी आयोगले पञ्चायती कालमा झैं हुकुमबासीकै सेवा गरेको छ ।

स्वदेशी उद्योगव्यवसायको उत्पादनमा ह्रास आएको छ। राष्ट्रिय चरित्र राख्ने उद्योगव्यवसायको गला रेटिएको छ। देशको माग र अवस्थाको ख्यालै नगरी बैदेसिक ऋणको बोझ बढाइएको छ र विदेशी ऋणको दुरूपयोग गरिएको छ। पञ्चायती कालमा प्राकृतिक सम्पदा, राजस्व र वैदेशिक सहायताको दरबारियाहरू, महापञ्च र सामन्तहरूले दुरूपयोग गर्थे, विदेशी बैंकमा पैसा थुपार्थे भने कांग्रेसी सत्तासीनहरूले सोही बाटोको अनुसरण गरेका छन् । देशको युवाशक्ति र चेलीबेटीको व्यापारीका रूपमा हाम्रो देश कलङ्कित भएको छ। दुर्लभ मूर्ति र पुरातात्त्विक वस्तुहरू तस्करी गरेर देशलाई उजाड पार्ने क्रम जारी छ। लागु औषधि, वैदेशिक मुद्रा, सुनचाँदी आदिको अवैध व्यापार र तस्करीका निम्ति बाह्य जगत्मा देश बदनाम भएको छ। कांग्रेसले तस्कर र अपराधीहरूलाई जेलमुक्त गरेको छ ।

कांग्रेसी सरकारले देशलाई राजनीतिक र आर्थिक रूपमा मात्र होइन, मानवीय मूल्य र मर्यादाका हिसाबले पनि बर्बादीतर्फ धकेलेको छ। विकासको कार्य कांग्रेसी शासनमा अवरूद्ध भएको छ। क्षेत्रीय अनुपात र सन्तुलन कायम गर्ने कुनै प्रयास नै नगरी असमानता बढाएको छ। जातीय र साम्प्रदायिक सद्भाव र राष्ट्रिय एकताको अभिवृद्धिका निम्ति कुनै कार्य गरेको छैन। नेपाली कांग्रेसले आफ्नो घोषणापत्रलाई कागजी खोस्टो सावित गर्ने काम यी तीन वर्षमा गरेको छ र जनतालाई झुक्याएको छ ।

यसरी देशलाई अन्यौलमा पार्ने, दिशाहीन तुल्याउने, राष्ट्रियतालाई खतरामा पार्ने, प्रजातन्त्रलाई कमजोर तुल्याउने र जनजीवन कष्टकर बनाउने नेपाली कांग्रेसकै हातमा सरकार रहिरहने हो भने हामी नेपालीहरू नेपालीका रूपमा बाँच्न समेत नपाउने तथा देश सामाजिक र आर्थिक रूपमा विखण्डनको भासमा भास्सिने स्पष्टै देखिएको छ ।

त्यसैले यो निर्वाचनलाई जनताले नेपाली कांग्रेसको सर्वसत्तावाद, अयोग्यता र भ्रष्टाचारका विरूद्ध प्रयोग गर्नुपर्छ। मुलुकको शासन सञ्चालन गर्न यस पल्ट जनताले नेपाली कांग्रेसको विकल्प खोज्नै पर्दछ। त्यस्तो विकल्प कुन पार्टी हुन सक्छ ? सद्भावना, राप्रपा जस्ता

साम्प्रदायिक तथा पुनरूत्थानवादी पार्टीहरू कुनै पनि हालतमा नेपाली कांग्रेसको विकल्प बन्न सक्दैनन् ।

## मुलुकको राजनीतिक स्थिति

देशमा अहिले विभिन्न नाममा थुप्रै पार्टीहरू खुलेका छन् । ती सबैको नाम लिएर चर्चा-परिचर्चा गरिरहनुभन्दा नेपालको राजनीतिक प्रवृत्तिगत रूपले विश्लेषण गर्नु उचित ठहर्छ । सर्सती हेर्दा नेपालमा अहिले चार प्रकारका राजनीतिक शक्ति वा प्रवृत्ति क्रियाशील छन् । ती हुन्:

### १. पुनरूत्थानवादी शक्ति

यो शक्ति आफैंमा प्रतिगामी र प्रतिक्रियावादी छ । विद्यमान बहुदलीय व्यवस्थालाई प्रत्यक्ष वा परोक्ष रूपमा अस्वीकार गर्ने यो शक्ति पर्दाभित्र र बाहिर अनेकौं तरिकाले सक्रिय छ । यो अहिले तत्काल प्रमुख शत्रु वा खतराका रूपमा देखा नपरे पनि यसप्रति चनाखो भइरहनुपर्दछ । निरङ्कुश व्यवस्थालाई चोख्याउन वा फर्काउन खोज्ने यसको षड्यन्त्रकारी प्रवृत्तिलाई चिनेर अहिलेदेखि नै यससँग सतर्क रहन जरूरी छ ।

### २. यथास्थितिवादी शक्ति

धनी र गरिबबिचको असमानता कायमै राख्ने, भूमि सम्बन्धमा कुनै परिवर्तन नचाहने, देशमा विद्यमान आर्थिक र सामाजिक संरचनामा परिवर्तन नगरेर विद्यमान व्यवस्थालाई बिना कुनै सुधार जस्ताको तस्तै कायमै राख्न खोज्ने एउटा ठूलो जमात राजनीतिक रूपमा सक्रिय छ ।

यो शक्ति बहुदलीय व्यवस्थालाई पनि संस्थागत रूपमा सुचारू र सुदृढ ढङ्गले अघि बढ्न नदिएर कमजोर पारी आफ्नो इच्छाअनुसार चलाउन चाहन्छ । यो शक्ति राजनीतिक प्रक्रियामा जनताको सहभागिता बढाउने कुरालाई अस्वीकार गर्दछ, तस्करी र भ्रष्टाचार रोक्ने, महँगी र कालोबजारलाई नियन्त्रण गर्ने जस्ता कामहरू गर्न चाहँदैन । यो यथास्थितिवादी शक्ति अहिले नेपाली कांग्रेसको हालीमुहाली सम्हालेर बसेको छ ।

### ३. सुधारवादी शक्ति

२०४६ सालको जनआन्दोलनमा यो शक्ति वामशक्तिहरूसँग एकताबद्ध भएर आन्दोलनमा गएको थियो । आज पनि यो शक्ति कतिपय सवालहरूमा वामपन्थी शक्तिसँग मिलेर जानुपर्दछ भन्ने मान्यता राख्छ । यो शक्ति विभिन्न राजनीतिक पार्टीहरूमा समेटिएको छ । यसै गरी विभिन्न पार्टीमा रहेका वा स्वतन्त्र रूपमा रहेका देशभक्त र प्रजातन्त्रवादी व्यक्तिहरू पनि छरिएर रहेका छन् । यो शक्तिलाई समेट्ने सवालमा परिवर्तनकारी वामपन्थी शक्तिले पहल गर्नुपर्दछ ।

### ४. परिवर्तनकारी वामपन्थी शक्ति

नेपालका सन्दर्भमा वामपन्थी शक्ति नै अब साँचो अर्थमा प्रजातान्त्रिक, देशभक्त र जनआकाङ्क्षाको प्रतिनिधित्व गर्ने राजनीतिक शक्ति हो । यो शक्ति आफ्नो जन्मकालदेखि नै राष्ट्रियता, जीविका र जनवादको सवाललाई आफ्नो प्रमुख मुद्दा बनाउँदै आएको छ र सङ्कटकालीन घडीहरूमा जनता र राष्ट्रका पक्षमा दृढतापूर्वक उभिँदै आएको छ । बहुदलीय व्यवस्थालाई संस्थागत गर्ने र नेपाली जनतालाई आमूल परिवर्तनका दिशामा अघि बढाउने शक्ति यही मात्र हो ।

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

हाम्रो पार्टी नेपाली कम्युनिष्ट आन्दोलनको मूल धार हो । यो राष्ट्रियताको रक्षाका निम्ति सदैव अग्रसर हुने, प्रजातन्त्रको सुदृढीकरणका निम्ति कटिबद्ध रहने र जनताको उन्नतिप्रति समर्पित रहने राजनीतिक पार्टीका रूपमा जनताका बिच स्थापित छ । २००६ सालदेखि जनताका

आन्दोलनको अगुवाइ गर्दै आएको हाम्रो पार्टी जनताबिच सक्रिय र लोकप्रिय छ। सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवाद र साम्राज्यवादका आर्थिक-राजनीतिक र सामाजिक थिचोमिचोका विरूद्ध जनताको बहुदलीय जनवादको कार्यक्रम लिएर हाम्रो पार्टी निरन्तर सङ्घर्षरत छ।

हाम्रो पार्टी जनताको मत र जनताद्वारा निर्वाचित संसद्लाई बलियो पार्न चाहन्छ। जनताको बढ्दो विश्वास तथा आस्थाका कारण निर्वाचनमा आफ्ना बहुसङ्ख्यक उम्मेदवारहरू विजयी हुने र नेकपा (एमाले) को सरकार बन्ने कुरामा हाम्रो पार्टी विश्वस्त छ। त्यसैले हाम्रो पार्टीले नारा दिएको छ, **"आगामी सरकार एमालेको, देशभक्त र प्रजातन्त्रवादीको"।** साँचो अर्थमा जनताको सरकार बनाउन सबै खाले प्रतिक्रियावादी शक्तिलाई पराजित गर्नै पर्छ र एमालेको नेतृत्वमा सरकार बनाउनै पर्छ।

प्रमुख प्रतिपक्षका रूपमा विगत तीन वर्षमा हाम्रो पार्टीले संसद्भित्र जसरी राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाका लागि आवाज उठायो त्यसरी नै पटक-पटक आन्दोलनका मैदानमा उत्रेर सरकारलाई निहुरिन पनि बाध्य बनायो। संसद्भित्र प्रमुख प्रतिपक्षको स्थानमा बसेर नेपाली कांग्रेसको राष्ट्रघाती, सर्वसत्तावादी र जनता विरोधी कामकारबाहीलाई नियन्त्रण गर्न आफ्ना आवाजलाई तर्कपूर्ण तरिकाले जोडदार रूपमा राख्दै संसदीय सङ्घर्षका विविध तरिकाहरूलाई हाम्रो पार्टीले कुशलतापूर्वक प्रयोग गर्‍यो। विगत तीन वर्षमा संसद्भित्र हामीले गरेको कामलाई बुँदागत रूपम यसरी उल्लेख गर्न सकिन्छ :

(क) सत्तापक्षको जनता विरोधी कामकारबाही र राष्ट्रियता विरोधी गतिविधिप्रति निरन्तर चनाखो रहँदै सचेत पहरेदारको भूमिका निर्वाह गर्नु।

(ख) सत्तापक्षका नीति, काम र गतिविधिहरू संविधान, कानुन, राष्ट्रिय हित र प्रजातान्त्रिक मूल्य तथा जनहितअनुरूप छन् या छैनन् भनेर हेर्नु, त्यसबारे आवाज उठाउनु र तिनको विकल्प प्रस्तुत गर्नु।

(ग) सरकारको मनपरितन्त्र, महँगी र भ्रष्टाचारका विरूद्ध निरन्तर आवाज उठाएर जनतालाई सचेत एवम् जागरूक बनाउनु।

(घ) सरकारका गलत कामहरूका विरूद्ध जनपरिचालन गरी संसद्भित्र सरकारलाई दबाब दिनु।

(ङ) जनता र राष्ट्रका हितमा अविचल रूपले आवाज उठाउँदै तत्परताका साथ आफ्नो अडानमा रहनु।

(च) राष्ट्र र जनताको सरोकारका विषयमा सरकारले गरेको गलत कामहरूका विरूद्ध अन्य विपक्षीहरूलाई एकताबद्ध पार्नु।

(छ) तत्कालीन असक्षम र अकर्मण्य सरकारका विरूद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गरी जनमतको अभिव्यक्ति दिनु।

हामीले हाम्रा दिवङ्गत नेता तथा महासचिव मदनकुमार भण्डारी र सङ्गठन प्रमुख जीवराज आश्रितको दासढुङ्गामा भएको हत्याकाण्ड विरूद्ध, टनकपुर जस्ता राष्ट्रघाती सम्झौता विरूद्ध, बढ्दो महँगी, भ्रष्टाचार, तस्करी र अन्याय-अत्याचार विरूद्ध संसद्भित्र आवाज उठाउनाका साथै सडकमा समेत आन्दोलन गरेका छौं। ती आन्दोलनहरूमा नेपाली कांग्रेसको सरकारले हाम्रा दर्जनौं साथीहरूको हत्या गरेको छ, सयौंको अगभङ्ग भएको छ, हजारौंले लाठी खाएर जेल, नेल र मुद्दाहरू भोग्नुपरिरहेको छ। हाम्रो त्यो सङ्घर्ष अहिले पनि जारी छ र अहिले त्यो सङ्घर्ष निर्वाचनको चरणमा आइपुगेको छ। निर्वाचनको यस घडीमा हामी जनतालाई आफ्नो मतको सदुपयोग गर्दै नेकपा (एमाले) का नेतृत्वमा देशभक्त र प्रजातन्त्रवादीहरूको सरकार गठन गर्न अपिल गर्दछौं। एमालेको सरकार, राष्ट्रियताप्रति प्रतिबद्ध रहनेछ, बहुदलीय व्यवस्थाको

सुदृढीकरणका लागि समर्पित हुनेछ, जनजीविकाका समस्याहरू समाधान गर्न केन्द्रित रहनेछ, भ्रष्टाचार, तस्करी, कालोबजार र महँगीका विरूद्ध ठोस पाइला चाल्दै अगाडि बढ्नेछ ।

भोक, रोग र शोकले ग्रस्त नेपाली समाजको आमूल परिवर्तन गर्न, गैरप्रजातान्त्रिक सर्वसत्तावादी नेपाली कांग्रेसलाई पूर्ण रूपमा परास्त गरी कांग्रेसको कुशासनबाट नेपाली जनतालाई मुक्ति दिलाउन र वर्तमान सामाजिक, आर्थिक एवम् राजनीतिक स्थितिमा क्रान्तिकारी सुधार गर्न, जनताको जिउधनको सुरक्षा र रोजगारीको सुव्यवस्था गर्न, जनताको जीवनस्तर द्रुततर रूपमा माथि उठाउन नेकपा (एमाले) सधैं क्रियाशील रहनेछ ।

हाम्रो पार्टी, आगामी सरकार गठन गर्ने गहन दायित्वबोध गर्दै स्वस्थ, स्वच्छ, निष्पक्ष तथा कुशल प्रशासनका माध्यमद्वारा नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि समर्पित हुने प्रण गर्दछ । प्रजातन्त्र, समानता र जनताका समृद्धि तथा मुलुकको सार्वभौमिक अखण्डता र नेपालको गौरवमयी स्वाभिमानलाई उन्नत पार्न आगामी आमनिर्वाचनमा आफ्नो अमूल्य मत नेकपा (एमाले) लाई प्रदान गर्न सम्पूर्ण देशभक्त र प्रजातान्त्रिक शक्ति र व्यक्तिहरूलाई हार्दिक आह्वान गर्दै विभिन्न क्षेत्रमा हाम्रो प्रतिबद्धता के हो त्यो जनताका बिचमा राख्न हाम्रो पार्टीले यो चुनावी घोषणापत्र जारी गरेको छ ।

**बहुदलीय प्रणाली र प्रजातान्त्रिक परिपाटीको रक्षा तथा सुदृढीकरण**

हाम्रो देशमा बहुदलीय व्यवस्था सुदृढ हुन अझै बाँकी छ। प्रजातान्त्रिक परिपाटीलाई गाउँदेखि संसद्सम्म सुदृढ र प्रभावकारी बनाउने काम बाँकी छ। जनतालाई सही अर्थमा सार्वभौमसत्तासम्पन्न र शक्तिशाली बनाएर प्रत्येक क्षेत्रमा जनताको निर्णायक भूमिकालाई प्रत्यक्ष रूपमा स्थापित गर्ने काम हुन सकेको छैन । प्रजातन्त्रलाई बलियो पार्न राजनीतिक निर्णयमा जनताको सहभागितालाई बढाउनै पर्छ। राजनीतिक व्यवस्थालाई विगत जनआन्दोलनको भावनाअनुरूप निरन्तर गतिशील, जनमुखी र आमूल परिवर्तनकारी बनाउँदै लैजान हामी निम्न नीति अघि सार्दछौं :

१. संविधानले निर्धारण गरेअनुरूप सरकारको निर्माण र सञ्चालन गर्ने राजनीतिक प्रणालीको रक्षा गर्न यो पार्टी प्रतिबद्ध रहनेछ । कुनै पनि प्रकारको एकदलीयता र तानाशाही प्रवृत्तिका विरूद्ध सङ्घर्षरत रहँदै बहुमतले सरकार चलाउने र अल्पमतले प्रतिपक्षमा रहने बहुदलीय परिपाटीलाई सुदृढ पार्ने नीतिमा प्रतिबद्ध रहनेछ ।

२. संयुक्त राष्ट्रसङ्घद्वारा घोषित अधिकार, संविधानप्रदत्त मौलिक अधिकार र प्रजातान्त्रिक अधिकारहरूको निर्बाध उपभोग गर्न पाउने कुरालाई सुनिश्चित गर्दै बहुलवादी खुला समाज, बहुदलीय राजनीतिक व्यवस्था र संविधान तथा ऐनकानुनद्वारा निर्देशित कल्याणकारी राज्यको स्थापनाका निम्ति हाम्रो पार्टी क्रियाशील रहनेछ ।

३. प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकासको अवसर उपलब्ध गराइनेछ। कसैको व्यक्तिगत जीवनमा अनावश्यक हस्तक्षेप गरिने छैन। कानुनबमोजिम बाहेक कसैको सम्पत्तिमाथि कुनै हस्तक्षेप गरिने छैन । कसैको आस्था र विचारप्रति कुनै किसिमको पूर्वाग्रह राखी नियन्त्रण गरिने छैन ।

४. बहुदलीय परिपाटीको रक्षाका निम्ति मुलुकको प्रशासन, सरकारी एवम् सार्वजनिक निकायहरू र सञ्चारका साधनमा कुनै एक पार्टीको एकाधिकार जमाउने कुराको विरोध गर्दै तिनीहरूलाई स्वायत्त र निष्पक्ष बनाइने कुराको ग्यारेन्टी गरिनेछ ।

५. वर्तमान संविधानमा विद्यमान जनता, प्रजातन्त्र र बहुदलीय व्यवस्थामाथि आँच पुऱ्याउने र जनताको सार्वभौमसत्तालाई कमजोर पार्ने धारा-उपधाराहरूलाई समयानुकूल ढङ्गले संशोधन गरिनेछ ।

६. संविधानको संरचनाभित्र रहेर राजनीतिक पार्टी र विभिन्न सङ्घसंस्थाहरू खोल्ने, जुलुस, प्रदर्शन तथा सभाहरू गर्ने र पेसागत वा सामुदायिक हितका निम्ति सबैले सङ्गठित हुन पाउने अधिकारको रक्षा गरिनेछ ।

७. गाउँ, नगर र जिल्ला विकास समितिहरूको अधिकार र कार्यक्षेत्र बढाएर स्वायत्त शासनको अवधारणालाई व्यावहारिक रूप दिँदै लगिनेछ ।

८. निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित पार्न तस्बिरसहितको परिचयपत्रको व्यवस्था गरिनेछ । निर्वाचन आयोगलाई स्वतन्त्र तथा बलियो पारेर निष्पक्ष निर्वाचन प्रणालीमा रहेका अनेकौं विसङ्गतिहरूलाई हटाउन ठोस एवम् प्रभावकारी कदमहरूको खोजी गरी कार्यान्वयन गरिनेछ ।

९. प्रजातन्त्रमा प्रतिपक्षको आफ्नै प्रकारको भूमिका र स्थान रहन्छ । प्रतिपक्षका तर्कपूर्ण र जायज भनाइहरूलाई स्वीकार्दा प्रजातन्त्र बलियो हुने हुनाले प्रतिपक्षका उचित भनाइहरूको कदर गरिनेछ ।

१०. मुलुकको सार्वभौमिकता, राष्ट्रिय अखण्डता र राष्ट्रिय एकतालाई सुदृढ तुल्याउन हाम्रो मुलुकमाथि हुने कुनै पनि प्रकारको दबाब र हस्तक्षेपको सशक्त प्रतिकार गरिनेछ ।

## राष्ट्रिय हितका लागि सबै मुलुकसँग मैत्रीपूर्ण वैदेशिक सम्बन्ध

हाम्रो देशको विदेश नीतिको आधारशीला नेपालको राष्ट्रिय हित हुनेछ र विचारका आधारमा मुलुकको विदेश नीति सञ्चालित हुने छैन । राष्ट्रिय विशेषताका आधारमा असंलग्न तथा स्वतन्त्र विदेशनीति अवलम्बन गर्न निम्नानुसार नीतिहरू लिइनेछ :

१. पञ्चशीलको सिद्धन्तका आधारमा सबै देशहरूसँग मित्रतापूर्ण सम्बन्ध कायम गरिनेछ ।

२. दुई छिमेकी मित्रराष्ट्रहरूसँग समानता, पारस्परिक सम्मान र लाभका आधारमा मित्रता कायम गरिनेछ ।

३. नेपालको भूमिबाट मित्रराष्ट्रहरूमाथि आँच पुग्ने कुनै पनि किसिमको गतिविधि सञ्चालन गर्न दिइने छैन ।

४. नेपाली कांग्रेस, पञ्चायती व्यवस्था र त्यसभन्दा पहिलेका सरकारहरूले गरेका सन १९५० लगायतका असमान र अपमानकारी सधि-सम्झौतालाई पुनरावलोकन गरी यस्ता सन्धिहरूलाई समानता, पारस्परिक सम्बन्ध र लाभ अनुकूल बनाइनेछ ।

५. साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद, शस्त्रीकरण, जातिवाद र रङ्गभेद जस्ता कुराहरूको विरोध गर्दै विश्वशान्ति, निशस्त्रीकरण, राष्ट्रिय तथा सामाजिक मुक्ति-आन्दोलनहरूलाई समर्थन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. अन्तर्राष्ट्रिय अधिकारअनुरूप भूपरिवेष्ठित मुलुकले पाउनुपर्ने अकुण्ठित पारवहन सुविधालाई स्थायी र प्रभावकारी बनाउने प्रयत्न गरिनेछ ।

७. दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन र यसका सदस्य राष्ट्रसँग आपसी सहयोग अभिवृद्धि गर्न विशेष जोड दिइनेछ ।

८. संयुक्त राष्ट्रसङ्घलाई सुदृढ र प्रभावकारी तुल्याउन नेपालले सक्रिय भूमिका निर्वाह गर्नेछ । यसै क्रममा विश्वमा शान्ति कायम गर्न राष्ट्रसङ्घीय शान्ति सेनामा नेपालको सहभागिता बढाइनेछ ।

## सामन्ती भूस्वामित्वको अन्त्य, कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भरता

गाउँ नै गाउँले भरिएको नेपालको आर्थिक मेरूदण्ड कृषि हो र यो सामन्ती शोषण र विकृतिबाट ग्रस्त छ । असमान भूस्वामित्व, बढ्दो जनसङ्ख्या, माटोको उर्वराशक्तिमा ह्रास, अनुपयुक्त कृषि प्रविधि तथा गलत कृषिमूल्य र अनुदान नीतिले गर्दा खाद्यान्न निर्यात गर्ने देश

नेपाल हाल आएर खाद्यान्न आयात गर्ने मुलुकमा रूपान्तरित भएको छ। कांग्रेसी सरकारले कृषिको मूल समस्यालाई चिन्नै नसकेकाले कृषिको समस्या झन् विकराल भएको छ। यस अवस्थामा "सामन्ती भूस्वामित्वको अन्त्य गरी योजनाबद्ध रूपमा कृषि अर्थतन्त्रको जनवादी ढङ्गले पुनर्गठन गरौं र खाद्यान्नमा आत्मनिर्भरता प्राप्त गरौं" भन्ने नारालाई मूर्तरूप दिन कृषिक्षेत्रमा निम्न नीति अवलम्बन गरिनेछ :

१. जमिनमा वास्तविक रूपमा खनजोत गरिरहेका किसानहरूको मोहीयानी हक कायम गर्ने र जोताहा किसानको हितलाई ग्यारेन्टी गर्दै जमिनमाथिको दोहोरो हकप्रणाली (द्वैध स्वामित्व) को अन्त्य गरिनेछ ।

२. राजा-रजौटा, कमैया तथा जमिन्दारी प्रथाको पूर्णरूपमा उन्मूलन गरिनेछ। विर्ता, गुठी, किपट जग्गालाई जोताहा किसानका नाममा दर्ता गरी रैकरमा परिणत गरिनेछ। धार्मिक तथा सांस्कृतिक संस्थाको आवश्यक खर्च सरकारले व्यवस्थित गर्नेछ। धार्मिक तथा सांस्कृतिक संस्थाको सम्पत्तिलाई दुरूपयोग गर्न दिइने छैन ।

३. भूस्वामित्वको अधिकतम र न्यूनतम सीमा व्यावहारिक र वैज्ञानिक आधारमा निर्धारण गरिनेछ ।

४. प्रत्येक नेपालीको जमिनमाथिको स्वामित्वको स्थिति यकिन गर्न भूमिस्वामित्व परिचयपत्रको व्यवस्था गरिनेछ ।

५. जोतभोग गरी आएका तर जग्गाधनीपूर्जा नपाएका जोताहा किसानका नाममा जग्गा दर्ता गर्ने नीति अवलम्बन गरिनेछ ।

६. कृषिभूमिको असमान वितरण तथा सामन्ती भूस्वामित्वले उत्पादकत्व, कृषि रोजगार र पर्यावरण समेतमा नकारात्मक असर पारी धनी झन् धनी र गरिब झन् गरिब हुँदै जाने प्रवृत्तिलाई हटाउन सामाजिक न्यायका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गरिनेछ र यस कार्यक्रमलाई ग्रामीण रोजगार र पर्यावरणसँग एकीकृत गरिनेछ ।

७. गैरकानुनी ढङ्गले लुकाइएको जमिनको कुनै मुआब्जा दिइने छैन । त्यस्ता जग्गाहरू भूमिहीन किसानमा वितरण गरिनेछ ।

८. ग्रामीण क्षेत्रमा उद्योगहरू स्थापना गराउन र सो उद्देश्यका लागि भूमिबाट प्राप्त हुने पुँजी प्रयोगमा ल्याउन ग्रामीण क्षेत्रमा बैंकको स्थापना गरी कार्यसञ्चालन गरिनेछ ।

९. कृषिमा रहेको निर्भरतालाई क्रमिक रूपमा घटाउँदै लैजाने दीर्घकालीन नीति अवलम्बन गर्दै एक व्यक्ति एक पेसा प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

१०. स्थान विशेषको सम्भाव्यताका आधारमा उपयुक्त खेती, फलफूल, चरन वा जङ्गलको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

११. वास्तविक सुकुम्बासीहरूको पहिचान गरी तिनीहरूलाई आवाससुविधा उपलब्ध गराउन हदबन्दीभन्दा बढीको जमिन, ऐलानी जमिन, वनका लागि समेत अनुपयुक्त भएको जमिन र पर्ती बाँझो जमिनको उपयोग गरिनेछ। सुकुम्बासीहरूलाई गैरकृषिक्षेत्रमा वैकल्पिक रोजगारीको अवसर प्रदान गर्दै भूउपयोगमाथि पर्ने दबाबलाई घटाइनेछ ।

१२. जमिन विभाजित हुने कारणबाट कृषिउत्पादनमा प्रतिकूल असर परेकाले यस्तो प्रक्रियालाई रोक्दै चक्लाबन्दी कार्यलाई प्रोत्साहित गर्न जमिन साटासाट गर्नुपरेमा रजिस्ट्रेसन शुल्क मिनाहा गरिनेछ ।

१३. वनफँडानीका कारण बाढी पहिरो तथा नदीकटान बढेको छ। उपयुक्त भौतिक निर्माण र जैविक व्यवस्थापनबाट कटानलाई कम गर्ने र नदी कटानमा परेको जमिनलाई पुनः उपयोगमा ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. कृषि र कृषिजन्य वस्तुहरूको उत्पादकत्व बढाएर देशलाई आत्मनिर्भर बनाउन कृषि अनुसन्धान, प्रसार र शिक्षालाई समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. कृषि अनुसन्धान सञ्चालन गर्दा स्थानीय आवश्यकतालाई प्राथमिकता दिई स्थानीय साधन स्रोत तथा जनशक्ति परिचालन गरिनेछ ।

१६. नेपालमा कृषिको महत्त्वलाई दृष्टिगत गरी कृषि विश्वविद्यालय स्थापना गरिनेछ ।

१७. कृषि सामग्रीहरूमध्ये रासायनिक मलको भूमिका अहम् हुने भएकाले सम्भाव्यताका आधारमा रासायनिक मलकारखाना स्थापना गरिनेछ ।

१८. उन्नत कृषिप्रणाली सञ्चालन गर्न र कृषकहरूलाई सक्षम बनाउन दक्ष कृषि प्राविधिज्ञहरूको सेवा गाउँस्तरमा नै उपलब्ध गराइनेछ ।

१९. सम्भाव्य क्षेत्रहरूमा कृषिको आधुनिकीकरण गर्न कृषक सङ्गठनहरू र सहकारी संस्थाहरूलाई अग्रसर तुल्याइनेछ ।

२०. सहकारी संस्थालाई कृषिसम्बन्धी सम्पूर्ण सेवाहरू आपूर्ति गर्ने प्रमुख निकायका रूपमा विकास गरिनेछ ।

२१. नेपालमा स्थापना भइसकेका उद्योगहरूलाई चाहिने कृषिसम्बन्धी कच्चा पदार्थ देशभित्रै उत्पादन गर्ने नीति अवलम्बन गरिनेछ ।

२२. कृषिका लागि चाहिने कर्जामा उचित ब्याजदर तोकिनेछ र साना किसान तथा तल्लो वर्गलाई ब्याज अनुदान दिने नीति लिइनेछ ।

२३. रासायनिक मलको मूल्य र सरकारले तोक्ने खाद्यान्नको न्यूतनम मूल्य परस्परमा सम्बन्धित रहने परिपाटी विकसित गरिनेछ ।

२४. अन्तर्राष्ट्रिय बजार पाउन सक्ने कृषिजन्य वस्तुको उत्पादन र व्यापारलाई प्रोत्साहित गरिनेछ ।

२५. कृषिक्षेत्रमा अनुदान उपलब्ध गराउँदा भौगोलिक दृष्टिकोणले पिछडिएका क्षेत्र र आर्थिक रूपले विपन्न वर्गका लागि फाइदा पुग्ने दृष्टिकोण अपनाइनेछ ।

२६. कृषिमजदुरको कामको निश्चित समय तोकिनेछ र जीविका गर्न सक्ने न्यूनतम ज्यालादर निर्धारण गरिनेछ ।

## सिँचाइमा व्यापक विस्तार र कृषि उत्पादकत्वमा वृद्धि

खेतीका लागि मौसममाथि रहेको अत्यधिक निर्भरताको अन्त्य गर्दै कृषि उत्पादकत्व वृद्धि गर्न र खाद्यान्नमा आत्मनिर्भर बनाउन सिँचाइका क्षेत्रमा निम्न मुख्य नीति अवलम्बन गरिनेछ :

१. प्रशस्त लगानी भई स्थापित गरिएका सिँचाइका संरचनाहरू पूर्ण क्षमतामा चलेका छैनन् । यस्ता संरचनाको पुनः निर्माण, पुनर्स्थापना वा वैकल्पिक व्यवस्थापन प्रणालीका माध्यमबाट पूर्ण क्षमतामा सञ्चालन गर्ने नीति लिइनेछ ।

२. किसानहरूले आफै निर्माण र सञ्चालन गरेका सिँचाइ सुविधाहरूको संरक्षण, संवर्द्धन र विस्तारलाई प्रोत्साहित गर्न आवश्यक अनुदान उपलब्ध गराउँदै जाने नीति अँगालिनेछ ।

३. जलस्रोतका ठूला आयोजनाहरू सञ्चालन गर्दा पानीको बहुउद्देश्यीय प्रयोग हुने आयोजनाहरूलाई प्राथमिकता दिई सिँचाइ सुविधा अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

४. सिँचाइ हुन सक्ने ठाउँका लागि सिँचाइ असुविधाको विकासमा र सिँचाइ हुन नसक्ने स्थानका लागि आकाशे बालीको प्रविधि विकास र विस्तारमा समान प्राथमिकता दिइनेछ ।

५. सम्भाव्यता अध्ययनका आधारमा आर्थिक रूपले उच्च प्रतिफल प्रदान गर्ने सिँचाइ आयोजनाहरू कार्यान्वयन गरी सिँचाइको व्यापक विस्तार गरिनेछ।

**वनको संरक्षण र संवर्द्धन : वन पैदावारको नियमित आपूर्ति**

वनविनाशको रोकथाम गर्न, सामाजिक-आर्थिक विकाससँग प्रकृतिलाई सन्तुलित राख्न वनसम्बन्धी निम्न नीतिहरू कार्यान्वयन गरिनेछ :

१. प्राकृतिक वनको संरक्षण गर्न उजाड तथा वन उपयोगी क्षेत्रमा ठाउँ सुहाउँदो लाभदायी वृक्षरोपणको कार्यक्रम व्यापक रूपमा सञ्चालन गरिनेछ।
२. वनमा आश्रित भई जीविकोपार्जन गरिरहेका जनतालाई वैकल्पिक रोजगारीको व्यवस्था गरिनेछ।
३. वनसुरक्षाका निमित्त सुरक्षाका निकायहरूलाई स्वच्छ, प्रभावकारी र साधनसम्पन्न बनाउन ध्यान दिइनेछ।
४. सामुदायिक, व्यावसायिक तथा निजी वनको समेत विकासका निमित्त प्रभावकारी कार्यक्रम तर्जुमा गरिनेछ।
५. राजनीतिक वा अन्य कुनै गलत उद्देश्यले वन मास्ने प्रथाको पूर्ण रूपले अन्त्य गरिनेछ।
६. वन, जलस्रोत, भूउपयोग, कृषि, इन्धन, काठ, जडीबुटी, बाढी-पहिरो, भूक्षय, नदीनियन्त्रण, वातावरण आदि विषयमा एकीकृत रूपमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
७. विद्युतीकरण तथा वैकल्पिक ऊर्जा प्रणालीको विकास गरेर वनसंरक्षण गर्ने नीति लिइनेछ।
८. जनताका आवश्यक वन्यपैदावारहरू आपूर्ति गर्ने तत्कालमा स्थानीय तहमा विकास समिति, सहकारी संस्था तथा उपभोक्ता-समितिहरूलाई परिचालन गरिनेछ। दीर्घकालमा आपूर्तिको योजनाबद्ध कार्यक्रमको कार्यान्वयन गरिनेछ।

**सामाजिक आर्थिक समानता तथा क्षेत्रीय सन्तुलनका लागि योजनाबद्ध विकास**

सामाजिक आर्थिक समानताका लागि योजनाबद्ध विकासको अपरिहार्यतातर्फ प्रतिबद्धता जाहेर गर्दै निम्नानुसारको नीति अवलम्बन गरिनेछ :

१. अर्थतन्त्रको द्रुततर विकास तथा न्यायोचित वितरण तथा क्षेत्रीय सन्तुलनका लागि योजनाप्रणालीमा वैज्ञाानिक सुधार ल्याई अर्थतन्त्रको कार्यदक्षता बढाउने तरिकाबाट योजना प्रक्रियालाई संस्थागत गरिनेछ।
२. साधनस्रोतका आधारमा देशको सामाजिक आर्थिक विकासका लागि एक दीर्घकालीन गुरुयोजना तयार गरी पञ्चवर्षीय र वार्षिक योजनाहरू कार्यान्वयन गरिनेछ।
३. आयोजनाको छनोट, निर्माण, कार्यान्वयन, सुपरीवेक्षण तथा मूल्याङ्कनमा व्यापक जनसहभागिता गराउन विकेन्द्रित योजनाप्रणाली अवलम्बन गर्दै गाउँ/नगर/जिल्ला स्तरीय योजनापद्धतिलाई योजनाको मेरूदण्ड बनाइनेछ।
४. नयाँ आयोजना छनोट गर्दा आर्थिक, सामाजिक, वातावरणीय तथा प्रादेशिक सन्तुलनको मापदण्ड अपनाइनेछ।
५. अनुगमन र मूल्याङ्कन प्रणालीमा वैज्ञानिक सुधार ल्याई योजनाको सम्पूर्ण कार्यदक्षतामा व्यापक विस्तार गरिनेछ। यसका लागि संसदीय विकास समितिलाई समेत प्रभावकारी बनाइनेछ।

६. प्रत्येक जिल्लामा श्रम तथा रोजगारी सूचना सङ्कलन, तालिम र आपूर्तिकेन्द्रको स्थापना गर्दै विकासकार्यमा जनशक्ति परिचालन गर्ने संस्थागत व्यवस्था मिलाइनेछ ।

७. योजनाप्रणालीलाई बढी वैज्ञानिक र भरपर्दो बनाउन तथ्याङ्कप्रणालीको व्यापक विकास गर्ने नीति लिइनेछ ।

## सरकारी राजस्वको सदुपयोग : भ्रष्टाचार र विसङ्गतिको अन्त्य

राजस्व र खर्चप्रणालीमा विद्यमान विसङ्गति, भ्रष्टाचार, अव्यवस्था, अदक्षता हटाउन निम्न नीतिहरू अवलम्बन गरिनेछ :

१. राजस्व संरचनामा अप्रत्यक्ष करको बाहुल्य रहेसम्म त्यसको प्रतिकूल असर सामान्य जनतामा हुने हुनाले अप्रत्यक्ष भार कम गर्दै लगिनेछ ।

२. करप्रणालीलाई प्रगतिशील बनाउँदै करमा सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरिनेछ ।

३. अनुत्पादक क्षेत्रमा हुने लगानीलाई दुरूत्साहित गर्न र उत्पादनशील क्षेत्रमा लगानी प्रवाह बढाउन सहयोग हुने गरी प्रत्यक्ष करका दायराहरूलाई फराकिलो पार्दै करप्रणालीमा सुधार गरिनेछ ।

४. करको चुहावट रोक्न र करप्रशासनलाई सुदृढ गर्न संस्थागत पक्षमा व्यापक सुधारहरू गरिनेछ । करसङ्कलन प्रक्रियालाई पारदर्शक बनाइनेछ ।

५. देशको अर्थतन्त्रलाई आत्मनिर्भरतातर्फ अगाडि बढाउन मदत हुने किसिमले करप्रणालीको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

६. अनुत्पादक सरकारी खर्चलाई नियन्त्रण गर्दै लगिनेछ ।

७. विकास र साधारण खर्चको अस्पष्ट विभाजन प्रक्रियालाई हटाउँदै बजेट प्रणाली लागू गरिनेछ ।

८. सरकारी खर्चलाई पारदर्शक बनाइनाका साथै परियोजना कार्यान्वयनमा जिम्मेवारी प्रणालीको संस्थागत विकास गरिनेछ ।

९. कमिसन र भ्रष्टाचारलाई कांग्रेसी सरकारले संस्थागत गर्दै लगेकाले त्यसलाई नियन्त्रण गर्न खर्चसम्बन्धी कडा नीतिहरू अवलम्बन गरिनेछ ।

१०. अन्तर्राष्ट्रिय अनुबन्ध, सन्धि-सम्झौताबाट प्राप्त हुने कमिसनको रकम राज्यको ढुकुटीमा सामेल गर्न कमिसन कानुन बनाइनेछ ।

## राष्ट्रिय आवश्यकता अनुरूप विदेशी सहायताको दक्षतापूर्ण प्रयोग

विदेशी सहायतालाई राष्ट्रिय आवश्यकता अनुरूप परिचालन गर्ने र विदेशी ऋणमाथिको निर्भरतालाई क्रमशः घटाउँदै लगी स्वाधीन अर्थतन्त्रको निर्माण गर्न निम्नलिखित नीतिहरू अवलम्बन गरिनेछ :

१. राष्ट्रिय प्राथमिकता तथा प्रतिफलका आधारमा मात्र विदेशी सहायता लिइनेछ ।

२. विदेशी सहायता पुँजी निर्माण तथा आर्थिक सामाजिक क्षेत्रको पूर्वाधारको विकासमा प्रयोग गर्न प्राथमिकता दिइनेछ ।

३. पूर्ण रूपमा विदेशी सहायताबाट परिचालित आयोजनाहरूलाई पनि केन्द्रीय लेखापरीक्षण प्रणालीअन्तर्गत समावेश गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।

४. नयाँ प्रविधि देशभित्र भित्र्याउन सहयोग हुने खालको द्विपक्षीय वा बहुपक्षीय विदेशी सहयोगलाई प्राथमिकता दिइनेछ ।

५. विदेशी सहायताअन्तर्गत सञ्चालित हुने परियोजनामा स्थानीय साधन, स्रोत र जनशक्तिको अधिकतम प्रयाग गर्ने नीति लिइनेछ ।

६. विदेशी सहायतामाथिको निर्भरता क्रमशः घटाउने कार्यमा सहयोग पुऱ्याउने र विदेशी सहायताको समन्वय गर्दै विदेशी सहायताको उपयोग क्षमता बढाउने कार्यका लागि एक उच्च निकायको व्यवस्था गरिनेछ । यस्तो निकायमार्फत गैरसरकारी संस्थामा आउने सहयोग र कार्यक्रमको समेत समन्वय गरिनेछ ।

## स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि औद्योगिकीकरण

देशमा औद्योगिकीकरण गर्दै समुन्नत र स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न र उत्पादन, रोजगारी, राष्ट्रिय आय र जनताको जीवनस्तर उठाउन उद्योगका क्षेत्रमा नीतिहरू लागू गरिनेछ :

१. विदेशी एकाधिकार पुँजीले राष्ट्रिय अर्थतन्त्रमाथि पारिरहेको प्रतिकूल प्रभावलाई अन्त्य गर्न प्रभावकारी नीति अवलम्बन गरिनेछ ।

२. अर्थतन्त्रलाई आत्मनिर्भर तुल्याउन र स्वतन्त्र राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि सन्तुलित रूपमा आयात प्रतिस्थापन र निर्यातमूलक उद्योगको विकास गर्ने नीति लिइनेछ ।

३. निश्चित मापदण्डका आधारमा सरकारी, निजी तथा विदेशी लगानीको क्षेत्र निर्धारण गरिनेछ ।

४. देशलाई आत्मनिर्भर बनाउन मदत पुऱ्याउने कृषिजन्य उद्योगहरूको उचित संरक्षण र विकास गरिनेछ । रेसम, कपास, पशुपालन तथा फलफूलमा आधारित उद्योगलाई भौगोलिक क्षेत्रको सम्भाव्यताका आधारमा विकास गर्ने नीति लिइनेछ ।

५. कच्चा पदार्थ, राष्ट्रिय सीप र दक्षतामा आधारित उद्योगहरूलाई प्राथमिकता दिइनेछ ।

६. राष्ट्रिय पुँजीपति वर्गको संरक्षण र विकासमा नकारात्मक प्रभाव पारिरहेका कर, भन्सार र अन्य नीतिमा परिवर्तन गरिनेछ ।

७. देशको अवस्थालाई हेरी श्रममूलक उद्योगहरूलाई प्रोत्साहन दिइनेछ र सोही नीतिअनुरूप घरेलु तथा साना उद्योगहरूलाई संरक्षण हुने प्रभावकारी नीति अपनाइनेछ ।

८. गैरकानुनी ढङ्गले वस्तुहरू ओसारपसार भई स्वदेशी उत्पादनलाई प्रतिकूल असर पारिरहेकाले यसलाई प्रभावकारी ढङ्गले नियन्त्रण गरिनेछ ।

९. आन्तरिक बजार विस्तारमा सहयोग पुग्ने किसिमबाट पूर्वाधारको विकास गरिनेछ ।

१०. औद्योगिक विकासमा संस्थागत टेवा पुऱ्याउन उद्योग व्यवसायीलाई 'एकद्वार प्रणाली' अन्तर्गत सुविधाहरू उपलब्ध गराइनेछ ।

११. श्रमिक वर्गको हितलाई प्राथमिकता दिँदै उद्योगको सञ्चालन र व्यवस्थापनमा समेत उनीहरूलाई सहभागी बनाउने नीति अवलम्बन गरिनेछ ।

१२. रष्ट्रिय उद्योगलाई प्रोत्साहित गर्ने ढङ्गले सहकारी तथा अन्य बैङ्किङ पद्धतिको व्यवस्था गरिनेछ ।

१३. घरेलु उद्योगको स्थापना र प्रवर्द्धनको विकासका निमित्त वित्त, प्रविधि, मूल्य र बजारसम्बन्धी नीतिहरू एकीकृत रूपमा अवलम्बन गरिनेछ ।

## व्यापारमा विविधीकरण : निर्यातमा प्रवर्द्धन

नेपालको वैदेशिक व्यापारलाई विविधीकरण गर्दै निर्यात प्रवर्द्धन गर्न तथा नेपालको हित अनुकूल आपूर्तिव्यवस्था सुलभ गराउनका निम्न नीतिहरू अपनाइनेछ :

१. विदेशी व्यापारमा विविधीकरणका व्यापक सम्भावनाहरूको पहिचान गरी यसमा संरचनागत परिवर्तन गर्दै लगिनेछ ।

२. पारस्परिक लाभका आधारमा व्यापार विस्तार गर्न छिमेकी मुलुकहरूको बजारलाई उपयोग गर्ने नीति लिइनेछ ।
३. निर्यातयोग्य वस्तुलाई अन्तर्राष्ट्रिय बजारमा बढी प्रतिस्पर्धात्मक बनाउँदै बजारको सुनिश्चितता प्रदान गरिनेछ ।
४. घरेलु तथा हस्तकलाका वस्तुहरूको निर्यात वृद्धि गर्न बजारको विस्तृत खोजी गरिनेछ ।
५. गलैंचालगायतका उद्योगहरूमा रहेको बालमजदुर समस्याको निराकरण गरिनेछ ।
६. नेपाली अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता बढाउन पुँजीगत वस्तुको आपूर्तिलाई प्रश्रय दिइनेछ ।
७. कच्चा पदार्थका सट्टा तयारी वस्तु निर्यात गर्ने नीति अँगालिनेछ ।
८. नेपाल र भारतबिच वाणिज्य र पारवहन सन्धिको पुनर्मूल्याङ्कन गरी पारस्परिक लाभको सिद्धान्तका आधारमा सन्धि नवीकरण गर्न जोड दिइनेछ ।
९. चीनको स्वशासित प्रदेश तिब्बतसँगको व्यापार व्यवस्थित र विस्तार गरिनेछ ।
१०. आवश्यक संस्थागत पक्षको व्यवस्था गरी निर्यात प्रवर्द्धन क्षेत्रको विकास गरिनेछ ।
११. आन्तरिक बजारमा कृत्रिम अभाव र महँगीलाई नियन्त्रण गरिनेछ ।
१२. निकासी वस्तुमा लागिआएको २ प्रतिशत निकासी शुल्क खारेज गरिनेछ । त्यसका सट्टा निर्यात प्रवर्द्धन कोषको स्थापना गरी कोषको रकम निर्यात प्रवर्द्धनमा प्रयोग गरिनेछ ।
१३. आन्तरिक व्यापार प्रवर्द्धन गर्न वस्तुहरूको अन्तर्जिल्ला आवागमनमा रहेको व्यवधान हटाइनेछ ।

## आत्मनिर्भरता र प्रविधि विकासका लागि विदेशी लगानी

खुला उदार नीतिका नाउँमा देशको अर्थतन्त्रलाई विदेशीकरण गर्ने नीतिको अन्त्य गर्दै सुदृढ तथा स्वावलम्बी अर्थतन्त्रको निर्माण गर्न निम्न नीतिहरू अवलम्बन गरिनेछ :

१. देशलाई आत्मनिर्भर बनाउने, प्रविधि विकासमा टेवा पुऱ्याउन, पुँजीनिर्माण, उत्पादनवृद्धि र रोजगारीका अवसरमा मदत पुऱ्याउने उद्देश्यका निश्चित नियम कानुनको परिधिभित्र खासखास क्षेत्रमा विदेशी लगानीलाई प्रोत्साहन दिइनेछ । यस्तो विदेशी लगानीबाट स्वदेशी लगानी र उद्योग व्यवसायमा नकारात्मक असर नपरोस् भनी उचित ध्यान पुऱ्याइनेछ ।
२. विदेशी एकाधिकारी वा दलाल पुँजीपतिलाई निर्बाध रूपमा छुट दिने नीतिको अन्त्य गर्दै स्वदेशी लगानी प्रयोग हुन नसकेको क्षेत्रमा विदेशी लगानीलाई प्रतिस्पर्धात्मक रूपमा आकर्षित गरिनेछ ।

## आवश्यकीय वस्तु तथा सेवाको सुलभ आपूर्ति र महँगी नियन्त्रण

देशमा कृत्रिम तरिकाले आवश्यक वस्तु तथा सेवाहरूको मूल्य बढाउँदै लगिएकाले जनतालाई परेको मारबाट राहत दिन र आपूर्ति व्यवस्था सुलभ गराउन निम्न नीतिहरू अङ्गीकार गरिनेछ :

१. अति आवश्यक वस्तुहरू किटान गरी तिनीहरूको आपूर्ति मिलाइनेछ । यस्ता वस्तुहरूको आपूर्ति नियमित गर्ने कार्यमा सहकारी संस्थाहरूलाई संलग्न गरिनेछ । उपभोक्ता कार्डको व्यवस्था गरी अति आवश्यकीय वस्तुहरूको निश्चित परिमाण न्यून आय भएका वर्गमा सुलभ दरमा उपलब्ध गराइनेछ । यसका लागि आपूर्तिसँग सम्बन्धित निकायहरूलाई सक्रिय र दक्ष तुल्याइनेछ ।
२. आवश्यक वस्तुहरूको मूल्य र आपूर्ति नियमित गरिनेछ । अति आवश्यक वस्तुहरूको सञ्चिति भण्डार कायम गरी आपूर्ति व्यवस्थालाई नियमित, सुनिश्चित र भरपर्दो बनाइनेछ ।

३. कृत्रिम अभावलाई नियन्त्रण गरिनाका साथै कालाबजारी तथा तस्करी समाप्त गर्न कडा कदम चाल्दै महँगी नियन्त्रण गरिनेछ ।

४. कृषि तथा औद्योगिक उत्पादनका वस्तुहरूको मूल्यमा उपयुक्त समन्वय कायम गरिनेछ ।

५. विद्युत्, खानेपानी, स्वास्थ्य, शिक्षा जस्ता सेवाका क्षेत्रमा व्यापक रूपमा मूल्य वृद्धि गरिएकाले यी क्षेत्रमा सहुलियतको व्यवस्था गरी जनतालाई राहत दिइनेछ ।

## ग्राहकमुखी बैंकसेवा र न्यून आय-वर्गलाई बिनाधितो सुलभ कर्जा

बैङ्किङ व्यवसायलाई ग्रामीण तथा निम्न आय भएका जनतामुखी बनाउँदै देशको राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याउन निम्न नीतिहरू अवलम्बन गरिनेछ :

१. देशको बैङ्किङ सेवालाई ग्राहकमुखी बनाई सानासाना किसान, उद्योगी तथा सेवा - व्यवसायीहरूलाई बैंक कर्जा-सुविधा उपलब्ध गराइनेछ ।

२. सरकारी क्षेत्रमा रहेका वाणिज्य बैंकहरूलाई स्वायत्तता प्रदान गर्दै व्यावसायिक रूपमा चलाउन व्यवस्थापनमा सुधार गरी यिनीहरूको कार्यकुशलता बढाइनेछ ।

३. भूमिहीन तथा साना किसान, साना उद्यमी तथा व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋण दिने संस्थाको विकास गरिनेछ । सहकारी बैंकहरू, जनमुखी ग्रामीण विकास बैंकहरू र ससाना एकाइका रूपमा वाणिज्य बैंकका कार्यालयहरू स्थापित गरी बिनाधितो संस्थागत ऋण उपलब्ध गराई साहूहरूको चर्को ब्याजको ऋणबाट उनीहरूलाई मुक्ति दिलाउने नीति लिइनेछ ।

४. देशका विभिन्न बैंक र वित्तीय संस्थाहरूका निक्षेपमा कडा निगरानी राख्ने, निक्षेप बिमा गर्ने र विदेशीहरूले गैरजिम्मेवारीपूर्ण ढङ्गले वित्तीय कारोबार सञ्चालन गर्न नपाउने व्यवस्था गरिनेछ ।

५. नेपालको धितो बजारलाई सुव्यवस्थित गर्नका निमित्त उपयुक्त नीति अवलम्बन गरिनेछ ।

६. संयुक्त लगानीमा खुलेका बैंकहरूलाई ग्रामीण तथा सेवामुखी बनाउँदै यिनीहरूको सेवा निम्न स्तरका जनतासम्म पुग्नु पर्ने व्यवस्था गरिनेछ ।

## भुक्तानी सञ्चितिको देश निर्माणमा उपयोग

वर्तमान अस्थिर भुक्तानी सन्तुलनलाई दिगो रूपमा अनुकूल बनाउन र भुक्तानी सञ्चितिलाई विकासमूलक कार्यहरूमा परिचालित गर्न निम्न नीति अवलम्बन गरिनेछ :

१. भुक्तानी सन्तुलनमा परिवर्तन गरी दिगो रूपमा सुधार गर्न वस्तु निर्यातमा वृद्धि, पर्यटन प्रवर्द्धन र श्रमनिर्यातबाट प्राप्त आर्जनलाई व्यवस्थित तवरले देशभित्र ल्याई परिवर्तनीय विदेशी मुद्राको आम्दानी स्थितिलाई सुदृढ पारिनेछ । हाल बैङ्किङ क्षेत्रमा जम्मा भएको ठूलो परिमाणको विदेशी मुद्रा निर्यात बढाउने तथा आयात प्रतिस्थापन गर्ने खालका उद्योग र भौतिक संरचनाको विकास गर्ने कार्यका लागि उपयोग गरिनेछ ।

२. निकासी बढाउने र आयातलाई नियमित गर्ने प्रकृयाद्वारा भारतसँगको चालू खाता घाटा कम गर्दै लगिनेछ । यसका लागि विनिमय दरलाई समेत बढी लचिलो बनाइनेछ ।

## राष्ट्रिय पुँजीको निर्माण तथा राष्ट्रिय पुँजीपति वर्गको विकास र संवर्द्धन

राष्ट्रिय पुँजीपति वर्गको संरक्षण र संवर्द्धन गर्दै राष्ट्रिय पुँजीको निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भरतातर्फ अगाडि बढाउन निजी क्षेत्रको विकासका सम्बन्धमा निम्न नीति अवलम्बन गरिनेछ :

१. कर, भन्सार, उद्योग वाणिज्य, वैदेशिक लगानी नीतिमा गरिएको परिवर्तनले सानाठूला उद्योग-व्यवसायीका गला रेट्ने काम मात्र नभई विदेशीबाट राष्ट्रिय उद्योग-व्यवसायी पूर्ण रूपमा विस्थापित हुने खतरा बढेको छ। त्यसैले यी माथिका विविध नीतिहरूको पुनर्मूल्याङ्कन गरी राष्ट्रिय उद्योग व्यवसायहरूको हितअनुरूप नीतिहरूमा सुधार गर्दै निजी क्षेत्रको विकास र विस्तार गरिनेछ।

२. निजी क्षेत्रको विकास र विस्तारमा टेवा पुऱ्याउन पूर्वाधार र विविध सेवाको विकासमा प्राथमिकता दिइनेछ।

३. स्वदेशी उद्योग-व्यवसायीले उत्पादन गरेका वस्तु तथा सेवाको निश्चित बजारमा माथि उपयुक्त नीतिहरू तर्जुमा र कार्यान्वयन गरिनेछ।

४. ऋण तथा अन्य संस्थागत सुविधा सुलभ र सहुलियतपूर्ण गराउँदै निजी क्षेत्रको विकासमा टेवा पुऱ्याइनेछ।

५. आर्थिक एवम् सामाजिक दृष्टिले महत्त्व राख्ने सार्वजनिक संस्थानहरूलाई निजीकरणका नाममा विदेशीकरण गर्ने तथा एकाधिकार कायम गरी शोषण गर्न छुट दिने अहिलेको निजीकरण नीतिको अन्त्य गरिनेछ।

६. आर्थिक एवम् सामाजिक दृष्टिकोणले उचित सार्वजनिक संस्थानहरू बढी दक्ष र प्रतिस्पर्धात्मक बनाउन प्रभावकारी नीति अवलम्बन गरिनेछ।

७. सरकारी स्वामित्वमा रहेका उद्योग तथा सार्वजनिक संस्थानहरू निजीकरण गर्दा कमिसनतन्त्र हाबी हुन गई राष्ट्रलाई आर्थिक नोक्सानी हुने र कर्मचारी र श्रमिकहरूको हितमा कुठाराघात हुने वर्तमान प्रचलनलाई समाप्त गरी राष्ट्रिय हित, राष्ट्रिय आय आर्जनमा वृद्धि र कर्मचारी एवम् श्रमिकहरूको हितलाई सर्वोच्च प्राथमिकता दिइनेछ।

**बेरोजगारलाई रोजगार तथा गरिबीको उपचार**

प्रमुख समस्याका रूपमा रहेका बेरोजगारी र गरिबी निवारण गर्न हाम्रो पार्टीले उच्च प्राथमिकताका साथ रोजगारी र गरिबी निवारणसम्बन्धी निम्न नीति अवलम्बन गर्नेछ :

१. ८० प्रतिशतभन्दा बढी श्रमशक्तिलाई रोजगारी दिँदै आएको कृषि क्षेत्रमा रोजगारीका अवसरहरू बढाउन सिँचाइ, भूमिसुधार, सहकारिता, कृषि-वन, बाली सघनता, बाली विविधीकरण र राष्ट्रिय आवश्यकताअनुरूप व्यवसायीकरणका नीतिहरू अवलम्बन गरिनेछ।

२. ग्रामीण तथा सहरी दुवै क्षेत्रमा आर्थिक रूपले कमजोर वर्गको जीवनस्तर माथि उठाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस्ता आयआर्जनको रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्दा गरिबीको रेखामुनि पर्ने परिवारको पहिचान गरी उनीहरूलाई नै कार्यक्रमको मुख्य निसाना बनाइनेछ।

३. सहर र गाउँ दुवै क्षेत्रमा अनौपचारिक क्षेत्रको विस्तार गरी रोजगारीका अवसरहरू सृजना गरिनेछ।

४. परम्परागत सीपमूलक पेसामा संलग्न तर क्रमशः पेसाबाट वञ्चित हुन पुगेका तथा बेरोजगार श्रम शक्तिलाई तालिमका माध्यमबाट रोजगारी र आयआर्जनको सुनिश्चितता प्रदान गरिनेछ।

५. आयमूलक तथा रोजगार बैंकको स्थापना गरी सामुदायिक रूपमा सहुलियत दरमा ऋणसुविधा उपलब्ध गराई ग्रामीण र सहरी जनतालाई रोजगारी एवम् आय आर्जनको अवसर प्रदान गरिनेछ।

६. केन्द्रबाट स्थानीय विकासका लागि जाने साधन र स्रोतलाई सीधै ग्रामीण र निश्चित वर्गसम्म पुग्ने संयन्त्र निर्माण गरिनाका साथै जिल्ला तथा स्थानीय निकायहरूलाई स्थानीय स्रोत जुटाउन कर-राजस्व सङ्कलन गर्ने अधिकार प्रदान गर्ने नीति अवलम्बन गरिनेछ। यसरी स्थानीय तहमा सङ्कलन भएको राजस्वको ठूलो हिस्सा स्थानीय जनताको आय आर्जन र रोजगारी वृद्धिमा परिचालन गर्ने नीति लिइनेछ।

७. सीपमूलक तथा व्यवसायमूलक शिक्षानीति अवलम्बन गर्दै सोही अनुरूप तालिम केन्द्रहरूको स्थापना र सञ्चालन गरी श्रमबजारमा श्रमशक्तिको प्रतिस्पर्धात्मक क्षमता बढाइनेछ।

८. मुलुकभित्र रोजगारीको अवसर खोज्ने तथा विदेश जान चाहने बेरोजगार जनशक्तिलाई सरकारी स्तरमा रोजगारी सृजनाकेन्द्रको स्थापना गरी रोजगारीको अवसर प्रदान गरिनेछ।

९. पूर्वाधार सार्वजनिक निर्माण तथा अन्य सेवाका क्षेत्रमा लगानी अभिवृद्धि गरी रोजगारीको सृजना गरिनेछ।

१०. राष्ट्रिय एवम् स्थानीय क्षेत्रमा टिकाउ हुन सक्ने प्रविधि र आर्थिक व्यवस्थापनमार्फत औद्योगिक क्षेत्रअन्तर्गत उद्योग, व्यापार र पर्यटनक्षेत्रमा संरक्षित प्रतिस्पर्धाभित्र औद्योगीकरण गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

११. सरकारी वा निजी क्षेत्रबाट सञ्चालित उद्योग वा सेवाक्षेत्रमा श्रममूलक उत्पादनप्रणाली अवलम्बन गर्ने नीति लिइनेछ।

१२. गरिबी निवारणमा सहयोग पुऱ्याउन एक कोषको व्यवस्था गरी गरिबी नियन्त्रण र रोजगारी सृजनाका कार्यमा उपयोग गरिनेछ।

१३. सम्बन्धित निकायमा रोजगारी र गरिबी निवारणसम्बन्धी एकाइको स्थापना गरी विभिन्न क्षेत्रबिचको अन्तर्सम्बन्ध र नीतिगत परिवर्तनबाट गरिबी उन्मूलन र रोजगारीमा पर्ने सकारात्मक असरको विश्लेषणका आधारमा समन्वयात्मक रूपमा रोजगारी र गरिबी उन्मूलनका कार्यक्रमहरू लागू गर्दै चरणबद्ध रूपमा बेरोजगारी र गरिबी समाप्त गर्ने नीति अवलम्बन गरिनेछ।

१४. विदेशी कामदारहरूबाट स्वदेशी कामदारहरू विस्थापित हुँदै जाने वर्तमान परिपाटीलाई निराकरण गर्न वर्क परमिट व्यवस्था लागू गरिनेछ।

**व्यवस्थित बसोवास : सुकुम्बासीलाई आवास**

देशमा बढ्दो जनसङ्ख्या, आप्रवास, मृत्युदर, अव्यवस्थित सहरीकरण तथा घरविहीन सुकुम्बासीका सम्बन्धमा निम्न नीतिहरू रहनेछन् :

१. जनसङ्ख्या नियन्त्रण गर्नका निम्ति आधारभूत स्वास्थ्य, मातृशिशु कल्याण र परिवार नियोजनलाई प्रत्येक घर परिवारमा सुलभ कार्यक्रमका रूपमा पुऱ्याइनेछ। शिशु मृत्युदर घटाउन आधारभूत स्वास्थ्य सेवामा व्यापक विस्तार गरिनेछ। परिवार नियाजनको आकर्षण बढाउन आर्थिक सहुलियत र विकास कार्यमा प्राथमिकता दिनेजस्ता नीति अपनाइनेछ।

२. असुरक्षित क्षेत्रका बस्तीलाई सुरक्षित क्षेत्रमा सारिनेछ। बसाइँसराइको समस्यालाई दृष्टिगत गरी ग्रामीण क्षेत्रको उत्पादन क्षमतामा विकास गर्ने र सम्भावित क्षेत्रमा नियन्त्रित रूपमा

बसाइँसराइलाई व्यवस्थित बनाइनेछ। आप्रवासनबाट हुन सक्ने जनसङ्ख्याको असन्तुलनलाई रोक्न प्रभावकारी कदम चालिनेछ।

३. आवास व्यवस्था नागरिकको मौलिक हकको कुरा भएकाले योजनाबद्ध ढङ्गले आवासको व्यवस्था गरिनेछ। ग्रामीण-आवासको स्थितिमा सधार ल्याउन खास गरेर निम्न आय ग्रुपका लागि आवश्यकता हेरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४. सहरीकरणका निम्ति सम्भावित स्थानहरूमा योजनाबद्ध विकास कार्यक्रम लागू गर्ने तथा सहरबजारमा रोजगारका अवसरहरूको विस्तार गर्ने जस्ता नीति र कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

५. मुलुकका विभिन्न भागमा भइरहेका अव्यवस्थित र द्रूततर सहरीकरणका दुष्प्रभावहरूलाई हटाउन दीर्घकालीन गुरुयोजनाहरू तर्जुमा गरी चरणबद्ध रूपमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

६. विद्यमान अनावश्यक दोहोरो, झन्झटपूर्ण तथा खर्चिलो व्यवस्थाको अन्त्य गर्दै ढल, पानी, बाटो, टेलिफोन, बिजुली जस्ता सेवाहरू एकीकृत रूपमा उपलब्ध गराई बसोबास व्यवस्थालाई सुविधायुक्त बनाइनेछ।

## दुर्गम सुगम भेद हटाउन स्थानीय विकास : सर्वाङ्गीण विकासको मेरूदण्ड

देशको विकासमा असन्तुलन ल्याउने विद्यमान आर्थिक नीतिमा परिवर्तन गर्दै स्थानीय, क्षेत्रीय र दुर्गम साधन र स्रोतको परिचालन गरी अर्थतन्त्रको सन्तुलित विकासमा टेवा पुऱ्याउन निम्न नीतिहरू लागू गरिनेछ :

१. स्थानीय स्रोत र साधनको पूर्ण रूपमा प्रयोग गर्दै स्थानीय विकासलाई देशको सर्वाङ्गीण विकासको आधारशीला बनाइनेछ। यसका लागि विकेन्द्रित योजना प्रणाली अवलम्बन गरिनेछ।

२. गाउँ, नगर र जिल्ला विकास समितिलाई स्वायत्तता प्रदान गर्दै स्थानीय तहमा समेत राजस्व परिचालन गरी यसको प्रयोग स्थानीय विकास निर्माणमा गर्ने नीति लिइनेछ।

३. ग्रामीण क्षेत्रको आर्थिक सामाजिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिँदै ग्रामीण अर्थतन्त्रलाई स्वावलम्बी बनाउने नीति अँगालिनेछ।

४. समाजका विपन्न र उपेक्षित वर्ग समुदायका मानिसलाई भूमिसुधार तथा अन्य संस्थागत सुधारका कार्यक्रमद्वारा राजनैतिक, आर्थिक र सामाजिक रूपमा समाजमा स्थापित गर्ने नीति लिइनेछ।

५. स्थानीय विकास नै समग्र विकासको आधारशीला भएकाले सरकारी राजस्वको अत्यधिक हिस्सा स्थानीय क्षेत्रमा प्रवाहित गर्ने नीति अवलम्बन गरिनेछ।

६. स्रोत, साधन र सम्भाव्यताका आधारमा अन्तर्क्षेत्रीय आर्थिक सम्बन्ध बढाउने ढङ्गको क्षेत्रीय नीति अवलम्बन गरिनेछ। विभिन्न उपक्षेत्रको विकासमा टेवा पुऱ्याउन साना बजार र सहरको विकास गरिनेछ। त्यसका लागि आवश्यक पूर्वाधारको विकासमा प्राथमिकता दिइनेछ।

७. क्षेत्रीय विकास योजना निर्माणमा सम्बन्धित क्षेत्रका सरकारी, गैरसरकारी तथा जनप्रतिनिधिहरूको सहभागितालाई संस्थागत रूप दिने नीति लिइनेछ।

८. स्थानीय स्रोत एवम् साधनको सम्भाव्यता क्षेत्रीय आवश्यकताका आधारमा क्षेत्रीय योजनाहरूको निर्माण गर्दै तिनीहरूलाई केन्द्रीय स्तरमा समन्वय गरी लागू गरिनेछ र क्षेत्रीय असन्तुलन कम गर्दै लगिनेछ।

९. दुर्गम क्षेत्रको विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१०. दुर्गम क्षेत्रका जनताका लागि आवश्यक सेवा र सुविधालाई हेरी बस्ती र बजार प्रणालीको विकास गरिनेछ।

## पर्यटन उद्योजको प्रवर्द्धन : पर्यटकलाई आकर्षण

देशको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्त्वपूर्ण्र स्थान भएकाले यसको विकासमा विशेष जोड दिइनेछ। यसका लागि निम्न नीति अवलम्बन गरिनेछ :

१. ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक रूपका महत्त्वपूर्ण स्थलहरूलाई आवश्यक भौतिक सुविधासहित पर्यटकीय क्षेत्रका रूपमा विकास गरिनेछ।

२. काठमाडौं उपत्यकालगायतका अन्य पर्यटनस्थलमा प्रदूषण आदिबाट परेको वा पर्न सक्ने नकारात्मक असरलाई नियन्त्रण गरी पर्यटकलाई आकर्षित गरिनेछ।

३. पर्यटन उद्योगमा टेवा पुऱ्याउन होटल, ट्रेकिङ, राफ्टिङ, ट्राभल एजेन्सी जस्ता उद्योगको विकास र विस्तार गरिनेछ।

४. शान्तिसुरक्षाको उचित व्यवस्था गर्दै नेपालमा सुरक्षित वातावरणको अवस्था छ भन्ने अनुभूति पर्यटकहरूलाई दिइनेछ ।

५. पर्यटकसँग सम्बन्धित अध्यागमन-कार्यालयहरूलाई छरितो र सरल बनाइनेछ ।

६. निजी क्षेत्रसमेतको संलग्नतामा पर्यटन उद्योगलाई विस्तृत र विविधीकरण गर्दै लगिनेछ ।

७. नेपालका प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, वनस्पति, वन्य जीवजन्तु तथा नदीनाला, ताल आदि पर्यटक आकर्षणका मुख्य स्रोत भएकाले यी स्रोतहरूको संरक्षण र प्रवर्द्धन गर्दै लगिनेछ ।

८. पर्यटकहरूलाई आवश्यक सुविधा दिँदै आकर्षित गरेर बसाइको अवधि लम्ब्याइनेछ ।

**सबै साक्षर : शिक्षा नागरिकको जन्मसिद्ध अधिकार**

वर्तमान शैक्षिक व्यवस्थामा आमूल परिवर्तन गरी सृजनशील समाज निर्माण गर्न निम्न नीति अपनाइनेछ :

१. शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको जन्मसिद्ध अधिकार भएकाले सम्पूर्ण नागरिकलाई साक्षर बनाउन औपचारिक तथा अनौपचारिक शिक्षाको व्यापक रूपमा विस्तार गरिनेछ ।

२. प्राथमिक शिक्षालाई अनिवार्य गराउँदै बालबालिकाले बिचैमा पढाइ छाडेर प्राथमिक तह पूरा गर्न नपाउने वर्तमान स्थितिको अन्त्य गर्न आवश्यक कदम चालिनेछ ।

३. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरिनेछ र यस तहको शिक्षालाई व्यवसायमूलक एवम् रोजगारमूलक बनाइनेछ ।

४. राष्ट्रनिर्माण तथा समाजविकासका लागि विज्ञान तथा प्रविधिको शिक्षा-दीक्षा, अनुसन्धान तथा प्रयोगमा प्राथमिकता दिइनेछ ।

५. निजी प्रयासमा स्थापित आवासीय तथा अन्य विद्यालय र उच्च अध्ययनका लागि स्थापना भएका शिक्षणसंस्थानमा उपयुक्त मापदण्ड तयार गरिनेछ। साधारण विद्यालय र निजी स्तरका विद्यालयका बिचको अन्तर हटाउँदै लैजाने नीति अँगालिनेछ ।

६. पिछडिएका क्षेत्र, जाति, जनजातिको शैक्षिक विकासका लागि विशेष प्रबन्ध गरिनेछ ।

७. विदेशी शैक्षिक संस्थाहरूका कारण स्वदेशी शैक्षिक संस्थामा पर्न गएको नकारात्मक प्रभाव हटाइनेछ ।

८. अध्ययन तथा अध्यापनमा महिलाहरूको व्यापक सहभागितालाई प्राथमिकता दिइनेछ ।

९. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाइनेछ ।

१०. सबै तहका शिक्षकहरूको प्राज्ञिक उन्नयन, हक, हित तथा मर्यादाको संरक्षण एवम् संवर्द्धन गरिनेछ ।

११. विश्वविद्यालय जस्ता उच्च शिक्षाका निकायहरू स्थापना गर्न न्यूनतम आवश्यक आधारहरू किटान गरिनेछ। उक्त आधारहरू पूरा गर्ने सबै नपाली नागरिकले विश्वविद्यालय खोल्न पाउने व्यवस्था गरिनेछ ।

१२. विद्यालय, विश्वविद्यालय जस्ता संस्थालाई प्राज्ञिक तथा स्वायत्त संस्थाका रूपमा सञ्चालन गरिनेछ ।

१३. शैक्षिक प्रतिष्ठानहरूलाई ऋण र अव्यवस्थाबाट मुक्त राखिनेछ ।

१५. न्यूनतम आधारभूत शिक्षा आफ्नै मातृभाषामा वा आफूले चाहेको अन्य राष्ट्रिय भाषामा प्राप्त गर्न पाउने व्यवस्था गरिनेछ ।

१९. विद्यार्थीहरूको हक, हित तथा शारीरिक एवम् मानसिक विकासका निम्ति उपयुक्त नीति अवलम्बन गरिनेछ।

२०. क्षेत्रीय असन्तुलन कम गर्न तथा क्षेत्रीय स्तरमा प्राविधिक जनशक्ति निर्माण गरी क्षेत्रीय आवश्यकता पूरा गर्न प्रत्येक विकासक्षेत्रमा प्राविधिक महाविद्यालयहरू स्थापना गर्ने नीति लिइनेछ। यस्ता महाविद्यालयहरू क्रमशः भौगोलिक क्षेत्रमा पनि स्थापना गरिनेछन्।

## देश विकासको प्रमुख आधार : यातायातको सर्वत्र विस्तार

यातायातको विकास नभई राष्ट्रनिर्माण हुन सक्दैन। त्यसैले यातायातको विकास गर्न निम्न नीति अख्तियार गरिनेछ :

१. निर्माण भइसकेका सडकहरू हेरचाह र मर्मत-सुधारका लागि ठोस नीति अवलम्बन गरिनेछ।

२. सडक यातायात नपुगेका सबै जिल्लाहरूमा अविलम्ब सडक सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

३. दुर्गम जिल्लाहरूमा वैकल्पिक यातायात प्रणालीको विकास गरी सम्भाव्य स्थानमा रोपवे निर्माण गरिनेछ।

४. हाल सञ्चालित रेल, रोपवे, ट्रलिबस जस्ता यातायातका साधनहरूको संवर्द्धन, नवीकरण तथा विस्तर गरिनेछ।

५. सम्भाव्य स्थानहरूमा जलमार्गको विकास गरिनेछ।

६. प्रत्येक अञ्चलमा उत्तर-दक्षिण राजमार्ग निर्माण गर्ने र सबै जिल्लाहरूलाई यातायात मार्गद्वारा जोड्न पूर्व-पश्चिम मेरूदण्ड राजमार्ग निर्माण गरिनेछ।

७. ग्रामीण सडक, घोडेटो, गोरेटो निर्माण, सञ्चालन र सम्भार गर्न स्थानीय निकायलाई सक्षम बनाइनेछ।

८. पूर्व-पश्चिम विद्युत् रेल, महत्त्वपूर्ण औद्योगिक सहरहरूमा ट्रलिबस र हेटौँडा-काठमाडौँ सुरूङ्ग मार्ग बनाउनेतर्फ जोड दिइनेछ।

९. सहरी यातायात सुगम तुल्याउन सार्वजनिक यातायातको विस्तार गरिनेछ।

११. दुर्गम र अन्य आवश्यक जिल्लाहरूमा हवाइ यातायातको सुविधा सुगम र सुलभ तुल्याउँदै लगिनेछ।

१२. काठमाडौँ उपत्यकाबाहिर पनि अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने नीति लिइनेछ।

## स्वायत्त र जिम्मेवार सञ्चार : जनताको सुसूचित हुने अधिकार

सञ्चार माध्यमहरू राष्ट्रिय जागरण तथा सर्वाङ्गीण विकासका प्रभावकारी साधनहरू हुन्। प्रजातन्त्रलाई संस्थागत पार्न र राष्ट्रको जीवनका विविध पक्षलाई एउटै सूत्रमा बाँध्न तथा भावनात्मक एकता कायम गर्न संचार माध्यमहरूको ठूलो भूमिका रहन्छ। यस क्षेत्रमा निम्न नीतिहरू अनुसरण गरिनेछ :

१. निजी क्षेत्रका अखबार र अन्य प्रकाशनहरूलाई उद्योगका रूपमा मान्यता प्रदान गरी उद्योगले पाउनुपर्ने सुविधा उपलब्ध गराइनेछ।

२. नेपाली पत्रपत्रिकाहरूले भोग्नुपरेको न्युजप्रिन्ट कागजको समस्यालाई दृष्टिगत गरी न्यूजप्रिन्टको उत्पादन देशभित्रै गर्नेतर्फ ध्यान दिइनेछ। देशभित्रै उत्पादन नहुन्जेल

बाहिरबाट झिकाइने न्यूजप्रिन्टमा विशेष छुट दिएर सहुलियत दरमा अखबारहरूलाई न्युजप्रिन्ट उपलब्ध गराइनेछ ।

३. सार्वजनिक क्षेत्रका सञ्चार माध्यमहरूलाई स्वतन्त्र, निष्पक्ष र देशको परराष्ट्र नीति अनुकूल हुने प्रसारण नीति बनाई जनतालाई सुसूचित गर्ने संस्थागत परिपाटीको विकास गरिनेछ ।

४. अखबारका लागि प्रयोग हुने कम्प्युटर, फ्याक्स, क्यामेरा, फिल्म र अन्य चीजहरूमा सहुलियत प्रदान गरिनेछ । अखबारहरूलाई सरकारी विज्ञापन उपलब्ध गराउन आवश्यक पाइला चालिनेछ ।

५. उपत्यकाबाहिरबाट प्रकाशित हुने अखबारहरूका समस्या समाधानमा उचित ध्यान दिइनेछ ।

६. प्रेस काउन्सिल ऐनमा परिवर्तन गरी त्यसलाई स्वायत्त र प्रभावकारी रूप दिइनेछ ।

७. श्रमजीवी पत्रकारहरूको हक एवम् हितका लागि ऐन-कानुन र नियमहरू बनाइनेछन् ।

९. नेपाल टेलिभिजनको पहुँच अहिले मुलुकका सीमित जनतासम्म मात्र छ । यस्तो स्थितिलाई यथाशीघ्र समाप्त पार्न र नेपाल टेलिभिजनलाई देशमा सबै भागमा देख्न सकिने तुल्याउन आवश्यक पाइला चालिनेछ ।

१०. स्वस्थ्य वातावरण निर्माण गर्ने फिल्महरूलाई प्रोत्साहित गरिनेछ ।

११. सिनेमा निर्माणको गुणमा सुधार ल्याउनाका लागि आधुनिक स्टुडियोहरू स्थापना गर्न चाहने उद्योगपति एवम् सिनेमा निर्माताहरूलाई आवश्यक पर्ने जग्गा र अन्य संसाधन सुलभ रूपमा उपलब्ध गराउने नीति लिइनेछ ।

१२. सहरी क्षेत्रमा मागबमोजिम टेलिफोन दिने नीति लिइनेछ । प्रत्येक गाउँ विकास समितिमा न्यूनतम एक सेट टेलिफोन सेवा उपलब्ध गराउने नीति लिइनेछ ।

१३. हुलाक व्यवस्थाको आधुनिकीकरण र विस्तार गरिनेछ । ग्रामीण क्षेत्रमा चिठ्ठीपत्र छिटो पुऱ्याउन आवश्यक व्यवस्था गरिनेछ र आकाशवाणी सेवाको विस्तारमा ध्यान दिइनेछ ।

१४. सार्वजनिक टेलिफोन सेवालाई विस्तार गरिनेछ ।

**जलस्रोतमा नेपाली जनताको अक्षुण्ण अधिकार : ऊर्जा देश विकासको प्रमुख आधार**

ऊर्जाको विकास गरी माग, आपूर्ति तथा वितरण-प्रणालीमा सन्तुलन ल्याउन र देशमा ऊर्जा समस्याको समाधान गर्न निम्न लिखित जलस्रोत तथा ऊर्जास्रोत नीति अँगालिनेछ :

१. नेपालका नदीनाला नेपाली जनताका राष्ट्रिय सम्पत्ति हुन् । यिनमा नेपाली जनताको अक्षुण्ण सार्वभौमिक अधिकार रहेकाले नेपालका राष्ट्रिय र सीमा नदीका हैसियत र अधिकार प्रस्ट पार्दै यो अधिकारको पूर्ण रक्षा गरिनेछ ।

२. जलस्रोतको उपयोगमा राष्ट्रिय हितलाई ध्यानमा राखी बहुपक्षीय सहयोग लिने नीति अवलम्बन गरिनेछ ।

३. द्विपक्षीय सहयोगमा आधारित जलस्रोत उपयोगका कार्यक्रमहरू नेपाललाई घाटा नहुने गरी पारस्परिक लाभका आधारमा मात्र सञ्चालन गरिनेछ ।

४. सिँचाइ, औद्योगीकरण, विद्युतीकरण, जलमार्ग जस्ता बहुआयामिक कार्यमा सहयोग पुग्ने गरी जलस्रोतसबन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सम्भाव्यता अध्ययन भइसकेका साना तथा मझौला खालका छोटो समयमा पूरा गर्न सकिने विद्युत् आयोजना अविलम्ब कार्यान्वयन गर्ने नीति लिइनेछ ।

६. लोडसेडिङ, विद्युत् महसुलका समस्याहरू समधान गर्न व्यवस्थापकीय क्षमता बढाइनेछ र जनतालाई राहत दिइनेछ ।

७. ग्रामीण क्षेत्रको विकासका लागि ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युतीकरण गरिनेछ ।

८. निजी वा सरकारी स्तरबाट लघु विद्युत् आयोजनाको विकासमा टेवा पुऱ्याउन ५० देखि ७५ प्रतिशतसम्मको पुँजीगत अनुदान दिइनेछ ।

९. अरूण जस्ता ठूला आयोजनाह्वरू सञ्चालन गर्दा राष्ट्रिय हितलाई पहिलो प्राथमिकता दिई लागत/प्रतिफल/वातवारणीय समस्या, बसोवास आदि समस्याहरू मूल्याङ्कन गरी कार्यान्वयन गरिनेछ ।

१०. परम्परागत ऊर्जाको प्रयोगलाई क्रमशः कम गर्दै लग्न आधुनिक ऊर्जा प्रणालीको प्राथमिकताका साथ विकास र विस्तार गरिनेछ । यसका लागि उचित अनुदानको व्यवस्था गरिनेछ ।

११. पेट्रोलियम पदार्थको आपूर्तिमा परनिर्भरता निकै बढ्न गई विदेशी मुद्राको ठूलो हिस्सा भुक्तानीमा प्रयोग भइरहेकामा यस्तो निर्भरता कम गर्दै लग्ने नीति अवलम्बन गरिनेछ। यसका लागि प्राकृतिक ग्यास तथा पेट्रोलियनम पदार्थको अन्वेषणमा ध्यान दिँदै वैकल्पिक ऊजास्रोतको विकासमा जोड दिइनेछ ।

१२. आधुनिक ऊर्जाद्वारा परम्परागत ऊर्जालाई प्रतिस्थापन गरी वनविनाश रोकिनेछ । यसका लागि स्थानीय निकाय र उपभोक्ता समितिहरूलाई जिम्मेवारी सुम्पने नीति लिइनेछ ।

१३. बाँझो जमिनलाई वनजङ्गलमा रूपान्तरित गरी वनजङ्गलको विस्तारबाट ऊर्जाको आपूर्ति व्यवस्थालाई सुनिश्चित बनाउँदै लगिनेछ ।

**प्राथमिक स्वास्थ्य सेवाको निःशुल्क व्यवस्था**

रोगले ग्रसित भई अकालमा नै मृत्यु वरण गर्नुपर्ने नेपाली जनताको बाध्यतालाई अन्त्य गर्न निम्नानुसार जनस्वास्थ्यको नीति कार्यान्वयन गरिनेछ :

१. नेपालका सम्पूर्ण गाउँ विकास समितिसम्म न्यूनतम निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउन आधुनिक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।

२. एलोपेथिक, होमियोपेथिक, आयुर्वेदिक, अक्युपन्चर र प्राकृतिक लगायत सबै उपचार पद्धतिलाई समन्वयात्मक ढङ्गले विकास गरिनेछ। स्वास्थ्य कर्मीहरूलाई दुर्गम र राजधानीबाहिर जान अभिप्रेरित गरिनेछ ।

३. देशको आवश्यकताअनुरूप दक्ष स्वास्थ्यकर्मीहरूको उत्पादन गर्ने नीति लिइनेछ । तत्कालका लागि स्थानीय जनशक्तिलाई तालिम दिई स्थानीय स्वास्थ्य कार्यकर्ताको कमीलाई पूरा गरिनेछ ।

४. जनतालाई आफ्नै जिल्लामा अधिकतम स्वास्थ्य सुविधा प्राप्त गराउन जिल्ला अस्पतालहरूलाई सुविधा सम्पन्न तुल्याइनेछ ।

५. दुर्गम र उत्पीडित तथा पिछडिएका जनजातिहरू बसेका क्षेत्रहरूमा मातृशिशु स्वास्थ्यका निमित्त स्वास्थ्य सेवालाई विशेष कार्यक्रमका रूपमा लागू गरिनेछ ।

६. सरसफाइ, स्वच्छ वातावरण र स्वास्थ्य शिक्षामा विशेष ध्यान दिइनेछ तथा खाद्यवस्तु र औषधिमा हुने मिसावटलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।

७. देशभित्र आवश्यक पर्ने औषधि-उत्पादनमा जोड दिई यस क्षेत्रमा आत्मनिर्भर तुल्याउने नीति लिइनेछ । शुद्ध पिउने पानीको व्यवस्था देशका सबै भागमा गरिनेछ ।

**भ्रष्टाचार र घुसखोरीका अन्त्य : निष्पक्ष र जनमुखी प्रशासन**

प्रशासनलाई जनविरोधी र अप्रजातान्त्रिक कार्यमा प्रयोग गर्ने तथा राजनीतिकरण गर्ने कुराको पूर्ण अन्त्य गरी निष्पक्ष, जनमुखी र सरल बनाइनेछ। यसका लागि निम्नानुसार नीति अवलम्बन गरिनेछ :

१. अख्तियार दुरूपयोग तथा सबै किसिमका भ्रष्टाचारको नियन्त्रण, आर्थिक विसङ्गतिको अन्त्य, वैज्ञानिक लेखाप्रणाली, शान्तिसुरक्षा र अमनचयन सुव्यवस्था गर्ने नीति लिइनेछ।

२. प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार र घुसखोरीलाई कडाइका साथ निर्मूल गरिनेछ। प्रशासनिक कार्य छिटो सम्पादन गरिनुका साथै यसलाई बढी विकासमुखी तथा जनउत्तरदायी बनाइनेछ।

३. लोकसेवा आयोगलाई मर्यादित र विश्वासिलो बनाई प्रजातान्त्रिक ढङ्गले सञ्चालन गरिनेछ।

४. जनताका समस्याहरू छिटा छरितो ढङ्गबाट समाधान गर्न जनप्रतिनिधि तथा प्रशासनका बिचमा उचित समन्वयको व्यवस्था मिलाइनेछ।

५. कर्मचारीहरूको सङ्गठित हुने अधिकारको रक्षा गरिनेछ। विचार र आस्थाका कारण कसैलाई भेदभाव गरिनेछैन। नि.से.नि. मा व्यापक सुधार गरिनेछ।

६. मूल्यस्फीतिलाई आधार मानी कर्मचारीहरूको पारिश्रमिकमा वृद्धि गर्दै जाने नीति लिइनेछ।

७. कर्मचारीको मूल्याङ्कन योग्यता, क्षमता र अनुभवका आधारमा पारदर्शी र वैज्ञानिक ढङ्गबाट गरिनेछ।

८. सबै नेपालीलाई विनाभेदभाव सरल तरिकाले नागरिकताको प्रमाणपत्र दिइनेछ।

**स्वतन्त्र न्याय सम्पादन : कानुनको शासन**

नेपाली जनताको अधिकारलाई सुनिश्चित गर्न, सबै किसिमका भेदभावहरूलाई समाप्त गर्न, पिछडिएका वर्ग तथा पिछडिएका जनजाति र समुदायको उत्थान गर्न, सामाजिक न्याय प्रदान गर्न र कानुनी राज्यको अवधाणालाई साकार पार्न न्याय तथा कानुनका क्षेत्रमा निम्नानुसारका नीति अवलम्बन गरिनेछ :

१. सार्वभौमसत्ता सम्पन्न जनताका अधिकारमाथि अङ्कुश लगाउने संविधानका प्रावधानहरूलाई हटाएर जनतालाई अधिकार सम्पन्न बनाइनेछ।

२. देशको बहुजाति, बहुभाषी र बहुधर्मी यथार्थतालाई प्रतिबिम्बित गर्न आवश्यक समयानुकूल कानुनी व्यवस्था गरिनेछ।

३. महिलाहरूको संरक्षण वा विकासका लागि विशेष कानुनी व्यवस्था गरिनेछ।

४. वृद्ध, अपाङ्ग, शारीरिक, मनसिक रूपले अशक्त व्यक्ति, आर्थिक, सामीजक तथा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण र विकासका लागि विशेष कानुनी व्यवस्था गरिनेछ।

५. आर्थिक तथा सामाजिक रूपले पिछडिएको जनजाति र समुदायको उत्थानका लागि विशेष कानुनी व्यवस्था गरिनेछ।

६. बालबालिकासम्बन्धी विद्यमान कानुनलाई परिमार्जन गरी प्रभावकारी बनाइनेछ।

७. श्रमजीवी जनताको हितका लागि सम्बन्धित व्यवस्थालाई वैज्ञानिक समयोचित र न्यायोचित बनाइनेछ।

८. विद्यमान कानुनहरूमा रहेका सजायसम्बन्धी व्यवस्थालाई वैज्ञानिक, समयोचित र न्यायोचित बनाइनेछ।

९. कारागारसम्बन्धी कानुनी व्यवस्थालाई वैज्ञानिक र समयानुकूल बनाइनेछ।

१०. सरकारवादी हुने फौजदारी मुद्दाका अभियुक्तलाई कानुन व्यवसायीको सेवा उपलब्ध गराउने कुरालाई अनिवार्य बनाइनेछ ।

११. न्यायलाई छिटो, छरितो, निष्पक्ष, सर्वसुलभ र सामान्य जनताको पहुँचभित्र राख्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१२. सबै प्रकारका मुद्दामामिलाहरूको अन्तिम निक्षेपण न्यायिक निकायबाट गर्ने र सार्वजनिक अपराध जस्ता दण्डसजाय हुने मुद्दाहरूलाई अदालतको सामान्य अधिकार क्षेत्रभित्र राख्ने व्यवस्था गरिनेछ ।

१३. कानुनी राज्यको अवधारणालाई व्यवहारमा उतार्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

१४. स्वतन्त्र एवम् सक्षम न्यायप्रणालीको स्थापना तथा सुदृढीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

## उन्नत समाजको आधार : मानव अधिकार

नेपालको संविधान २०४७ को प्रस्तावनामा नै “नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गर्ने” प्रतिबद्धताको घोषणा गरिएको छ । २०४६ सालको जनआन्दोनलको एउटा निर्णायक र महत्त्वपूर्ण शक्ति भएको नाताले यो संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा उतार्नु हाम्रो दायित्व हो । तसर्थ मानव अधिकारका क्षेत्रमा हामी निम्नानुसारका नीतिहरू लागू गर्नेछौँ :

१. मानव अधिकारका उल्लङ्घनकारीहरूलाई कानुनबमोजिम कारबाही गरिनेछ, मल्लिक आयोगको प्रतिवेदनलाई सार्वजनिक गराई कार्यान्वयन गरिनेछ ।

२. २०४६ सालको जनआन्दोलनपश्चात्को जननिर्वाचित सरकारका अवधिमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूका सम्बन्धमा उच्चस्तरीय जाँचबुझ गरी पीडित पक्षलाई क्षतिपूर्ति र उल्लङ्घनकारीलाई कानुनबमोजिम सजाय गरिनुका साथै हालसम्मका सहिदका परिवारको उचित सम्मान र राहतको व्यवस्था गरिनेछ ।

३. देशको मानव अधिकारसम्बन्धी अवस्थाको निरन्तर आँकलन र मूल्याङ्कन गरी आवश्यक कार्यार्थ सरकारलाई सुझाव दिन सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायाधीश वा न्यायधीशको अध्यक्षतामा मानव अधिकारवादी संस्था तथा व्यक्तित्वहरूसमेत रहेको मानव अधिकारसम्बन्धी राष्ट्रिय आयोगको स्थापना गरी त्यसलाई वैधानिकता प्रदान गरिनेछ ।

४. पञ्चायतकाल र जनआन्दोलनपश्चात्को अवधिमा वेपत्ता पारिएका व्यक्तिहरूका हकमा खोजबिन गरी कानुनबमोजिम समुचित कामकारबाहीको व्यवस्था गरिनेछ ।

५. सार्वजनिक अपराध र सजाय ऐन जस्ता कानुनलाई समानता र न्यायका आधारमा समयानुकूल परिवर्तन गरिनेछ ।

६. यातना, क्षतिपूर्ति, निःशुल्क कानुनी सेवासम्बन्धी कामका लागि आवश्यक व्यवस्था गरिनेछ ।

७. बाँधा मजदुर उन्मूलनका लागि समयानुकूल कानुनको निर्माण गरी लागू गरिनेछ ।

८. नेपालले हस्ताक्षर गरेका, संयुक्त राष्ट्रसङ्घद्वारा पारित विभिन्न संविधान एवम् कानुनहरूका परिपालनामा सम्बन्धित क्षेत्रका गैरसकारी संस्थाहरूको सहयोग लिइनेछ ।

## देशभक्त सेना : जनसेवी प्रहरी

सेना, प्रहरी र जनताबिचको सम्बन्ध प्रजातान्त्रिक भावना र मर्यादाअनुरूप बनाउँदै सेना र प्रहरीलाई शान्तिसुरक्षा र राष्ट्रिय अखण्डतालाई संरक्षण गर्नेतर्फ परिचालन गर्न निम्न नीतिहरू अवलम्बन गरिनेछ :

१. सेना र प्रहरीसेवालाई देशभक्तिपूर्ण र जनमुखी बनाइनेछ ।

२. सेना र प्रहरीसेवाको छनोट, बढुवा, प्रशिक्षण र अन्य अवसरहरू उपलब्ध गराउने सम्बन्धमा अनुभव, कार्यदक्षता, देशभक्ति, जनसेवा आदिका आधारमा प्रजातान्त्रिक तरिका अवलम्बन गरिनेछ । यसमा रहेका भेदभावको अन्त्य गरिनेछ ।

३. सेना र प्रहरीको न्यूनतम पारिश्रमिक र सुविधा मूल्यवृद्धिका आधारमा बढाउँदै लाने नीति लिइनेछ ।

४. देशमा शान्तिपूर्ण अवस्था रहँदा सेनालाई दैवीप्रकोप, आपत्कालीन सेवा तथा विकास निर्माणमा संलग्न गराई देश निर्माणमा उनीहरूको सहयोग लिइनेछ ।

५. जोखिमपूर्ण मोर्चामा गई जनता र राष्ट्रको महत्त्वपूर्ण सेवा प्रदान गरेका अवकाशप्राप्त सेना तथा प्रहरीहरूको उपेक्षा र शोषणको अन्त्य गरिनेछ ।

६. सेना र प्रहरीले सेवामा रहँदा प्राप्त गरेको शिक्षा, ज्ञान र सीपका आधारमा रोजगारीको अवसर प्रदान गरिनेछ । यस्ता व्यक्तिहरूको परिवारको रोजगारी, शिक्षादीक्षा र उपचारको विशेष अवस्था गरिनेछ ।

७. अवकाशप्राप्त सेना र प्रहरीको सीप र क्षमताको सदुपयोग गर्न तथा उनीहरूको हक हितको संरक्षण गर्न एउटा छुट्टै निकायको व्यवस्था गरिनेछ ।

८. शान्ति सेनामा खटिने सेना र प्रहरीको पारिश्रमिक र सुविधालाई उनीहरू वा उनीहरूको परिवारको हितमा लगाउने नीति लिइनेछ ।

## जाति, भाषा, धर्म, साहित्य, कला, संस्कृति : राष्ट्रिय एकताको समुन्नति

नेपालका सबै जाति, भाषा, धर्म, संस्कृति र भौगोलिक क्षेत्रले समान अधिकार प्राप्त गर्नुपर्छ भन्ने उद्देश्य अनुरूप निम्नानुसारका नीतिहरू लिइनेछ :

१. जाति, भाषा, धर्म तथा संस्कृतिको सम्बन्धमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरिनेछ । यी सबै क्षेत्रमा समान अधिकार, अवसर र सुविधा प्राप्त हुने कानुनी व्यवस्था गरिनेछ ।

२. प्राविधिक क्षेत्रमा शिक्षा, स्वास्थ्य तथा सरकारी सेवामा पिछडिएका जाति र क्षेत्रका जनतालाई विशेष संरक्षण दिइनेछ । देशका सबै नागरिकहरूलाई प्रहरी तथा सैनिक सेवामा प्रवेश गर्ने समान अवसर प्रदान गरिनेछ ।

३. स्थानीय विकासका निकायहरूलाई जाति, भाषा, धर्म र संस्कृतिको संरक्षणका निमित्त स्वायत्त अधिकार प्रदान गरिनेछ ।

४. राष्ट्रिय सभामा पिछडिएका जनजातिहरूबाट प्रतिनिधित्व लिइने संवैधानिक व्यवस्था सुनिश्चित गर्न प्रयत्न गरिनेछ । समाजका विभिन्न क्षेत्रमा जाति, जनजातिको न्यायोचित प्रतिनिधित्व गराउन विशेष जोड दिइनेछ ।

५. अस्तित्व रक्षाको सङ्कटबाट गुज्रिरहेका पिछडिएका जाति, भाषा र संस्कृतिको रक्षा र विकासका लागि विशेष संरक्षण प्रदान गर्ने नीति लिइनेछ ।

६. राष्ट्रिय विखण्डन, पृथक्तावाद, साम्प्रदायिक विद्वेष फैलाउने कार्यको विरोध गर्दै राष्ट्रिय एकता तथा साम्प्रदायिक सद्भावना अभिवृद्धि गर्ने नीति लिइनेछ ।

७. प्राज्ञिक स्वतन्त्रतालाई सुनिश्चित गरिनेछ । बौद्धिक, साहित्यिक, सांस्कृतिक र कलात्मक सीपको विकासका निम्ति उचित अवसर प्रदान गरिनेछ ।

८. साहित्य, कला र संस्कृतिका कर्मीहरूको सम्मान गर्दै कला, साहित्य र संस्कृतिको साधनाबाट नै जीविकोपार्जन हुन सक्ने परिस्थिति तयार गरिनेछ । उत्कृष्ट कृतिहरूलाई पुरस्कृत गर्ने, प्रचार प्रसार र प्रकाशन गर्ने उचित प्रबन्ध मिलाइनेछ ।

९. स्तुतिवादी, व्यक्तिवादी, अश्लील, अन्धविश्वास फैलाउने, प्रतिगामी कला साहित्यका विरूद्धमा वैज्ञानिक तथा जनवादी साहित्य, कलालाई प्रोत्साहित गरिनेछ । प्राज्ञिक प्रतिष्ठानहरूलाई यसै उद्देश्य अनुरूप परिचालन गरिनेछ ।

१०. विज्ञान र प्रविधिका क्षेत्रमा कार्यरत बुद्धिजीवीलाई राष्ट्रिय आवश्यकता अनुरूप अध्ययन अनुसन्धानमा सरिक गराउँदै देश सुहाउँदो प्रविधिको विकासमा अग्रसर तुल्याइनेछ । यस क्षेत्रमा आवश्यकता अनुरुप अनुसन्धानगृह, प्रयोगशाला आदिको विस्तार गर्नुका साथै यस प्रकारको जनशक्तिको उचित सम्मान गरिनेछ ।

## महिला पुरुष समानता नै समाज विकासको आधार

आधा आकाश ओगट्ने महिला समुदायको उत्थानका लागि पार्टीले निम्न नीति लिनेछ :

१. महिला र पुरुषबिच युगौंदेखि रहँदै आएका राजनैतिक, आर्थिक, सामाजिक-सांस्कृतिक भेद र असमानतालाई हटाई सबै क्षेत्रमा महिलालाई पुरुषसरह समान अधिकार कायम गर्न ग्यारेन्टी गरिनेछ ।

२. पुरुष र महिलाबिच समान कामको समान ज्यालाको परिपाटी स्थापित गरिनेछ ।

३. पुरुषसरह महिलाहरूले पनि आर्थिक उपार्जन गर्ने, आर्जन गरेको सम्पत्ति स्वतन्त्रतापूर्वक उपयोग गर्न पाउने अधिकार स्थापित गरिनेछ ।

४. महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन रोजगारमूलक शिक्षा र तालिमका साथै विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. संयुक्त राष्ट्रसङ्घको महासन्धिको मान्यता र भावनाअनुरूप महिलाहरूको कानुनी हकहितको संरक्षण र विकासका लागि विशेष व्यवस्था गर्ने र त्यसको कार्यान्वयनका निम्ति सोही अनुरूपको कानुनको तर्जुमा गरिनुका साथै महिलाहरूप्रति भेदभाव बढाउने कानुनहरू खारेज गरिनेछ ।

६. महिलाहरूमाथि भइरहेको सामाजिक असुरक्षा अन्त्य गरी सुरक्षाको ग्यारेन्टी गरिनेछ । महिला बेचबिखन, देहव्यापार, बलात्कार, हत्या जस्ता अपराधहरूलाई अन्त्य गर्न अपराधीहरूमाथि कडा कारबाही गर्ने कानुनी व्यवस्था गरिनेछ ।

७. धर्म, सिद्धान्त, परम्पराका नाममा महिलामाथि लादिएका सामन्ती भेदभाव, देउकी प्रथा जस्ता कुसंस्कार, अन्धविश्वास र दासता अन्त्य गर्ने व्यवस्था गरिनेछ । महिलाहरूको अस्मिताको अपहेलना हुने खालका विज्ञापनको प्रयोगमा प्रतिबन्ध लगाइनेछ ।

८. निरक्षर महिलाहरूलाई साक्षर बनाउन देशव्यापी रूपमा साक्षरता अभियान प्रभावकारी ढङ्गले सञ्चालन गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

९. महिलाहरूको पिछडिएको शैक्षिक स्थितिलाई बदल्नका लागि माध्यमिक तहसम्म शैक्षिक सामग्रीसहित निःशुल्क शिक्षा र स्नातक तहसम्म विशेष सुविधाको व्यवस्था गरिनेछ ।

१०. समाजका विभिन्न क्षेत्रमा महिला वर्गको उचित प्रतिनिधित्व गराउने नीति अवलम्बन गरिनेछ ।

## मजदुरहरूको अधिकार : शोषण उत्पीडनमुक्त उन्नत जीवनस्तर

देशलाई आधुनिक र औद्योगिक बनाउने श्रम र सीपका सेना मजदूरहरू हुन् । मजदुरमाथि भइरहेका शोषण र उत्पीडनको अन्त्य गरी मजदुरहरूको हक अधिकारको रक्षा गर्ने तथा उनीहरूको जीवनस्तर उकास्नेतर्फ निम्न नीति अवलम्बन गरिनेछ :

१. श्रम ऐन २०४८ र सवारी ऐन २०४९ मा रहेका मजदुर हितविरोधी बुँदाहरूको समयानुकूल संशोधन गरिनेछ । साथै उक्त संशोधनअनुसार चिया नियमावली २०५० लगायत श्रम नियमावली २०५० मा रहेका आपत्तिजनक बुँदाहरू खारेज गरिनेछ ।

२. ट्रेड युनियन ऐन २०४९ भित्र रहेका अस्पष्टतालाई हटाइनेछ र उक्त ऐनमा स्वयं रोजगार मजदुरहरूले ट्रेड युनियन बनाउन पाउने अधिकारको ग्यारेन्टी गरिनेछ ।

३. होटल, ट्रेकिङ तथा पर्यटन व्यवसायसँग सम्बन्धित श्रमिकहरूको हक हितको प्रतिनिधित्व गर्ने गरी ऐन कानुनको निर्माण गरिनेछ ।

४. मजदुरहरूको न्यूनतम वेतन तय गर्न वेतनबोर्ड गठन गरिनेछ साथै उद्योगहरूको वर्गीकरण गर्दै मूल्यवृद्धिका आधारमा वेतन निर्धारण गरिनेछ ।

५. श्रमक्षेत्रमा छिटोछरितो र सुलभ न्यायसम्पादन गर्न अविलम्ब श्रम अदालत गठन गरिनेछ ।

६. बालश्रम उन्मूलन गर्नेतर्फ पाइला चालिनेछ । बालमजदुर रहेका उद्योगधन्दाबाट ठोस कार्यक्रमका आधारमा बालमजदुरलाई मुक्त गर्ने र उनीहरूलाई सामाजिक विकासका कार्यमा पुनर्स्थापन गराइनेछ ।

७. मजदुरहरूको चेतनास्तर उठाउन र सीपमूलक कार्यमा दक्ष बनाउन योजनाबद्ध ढङ्गले प्रशिक्षणको व्यवस्था गरिनेछ । यस सम्बन्धी कार्यलाई ठोस रूपमा कार्यान्वयन गर्न प्रतिनिधिमूलक ट्रेड युनियहरूलाई यस क्षेत्रमा सक्रिय हुन सहयोग पुऱ्याइनेछ ।

८. बँधुवा मजदुर प्रथा उन्मूलन गर्न तदनुरूपका नियम कानुनको तर्जुमा गरिनेछ ।

९. महिला मजदुरहरूको हित रक्षाका निम्ति विशेष ध्यान दिइनेछ ।

## सामाजिक भेदभाव र विकृतिको अन्त्य

समाजमा रहेका अन्धविश्वास, भेदभाव र कुप्रथाको अन्त्य गरी समाजलाई स्वस्थ्य र गतिशील बनाउन निम्न नीतिहरूको कार्यान्वयन गरिनेछ :

१. समाजमा विद्यमान छुवाछुत, अन्धविश्वास र कुप्रथाको अन्त्य गर्ने अभियान सञ्चालन गरिनेछ ।

२. जुवा, देह-व्यापार, लागु पदार्थ बेचबिखन जस्ता सामाजिक अपराधलाई निर्मूल पारिनेछ र यस्ता सामाजिक मूल्य, मान्यता र नैतिक चेतना जगाउन शैक्षिक एवं प्रचारात्मक कार्यमा जोड दिइनेछ ।

३. सामाजिक मूल्य, मान्यता र नैतिक चेतना जगाउन शैक्षिक एवम् प्रचारात्मक कार्यमा जोड दिइनेछ ।

४. मगन्ते, खाते तथा असहाय व्यक्तिका लागि कल्याणकारी कार्यक्रम गर्नका साथै अपाङ्ग, वृद्ध तथा अनाथ बालबालिकाको संरक्षण राज्यले गर्नेछ ।

### दिगो विकास : वातावरणको रक्षा

अनियन्त्रित वनविनाश, बढ्दो अव्यवस्थित सहरीकरण जस्ता कारणले नेपालमा वातावरणीय समस्या चर्को हुँदै गएको छ । यस समस्यालाई अन्त्य गर्दै जान निम्न नीति लिइनेछ :

१. प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरणीय असरलाई पूर्ण रूपले ध्यान दिइनेछ ।

२. विकास निर्माणका परियोजनाहरू कार्यान्वयन गर्नु अघि यसले पार्ने पर्यावरणीय असरबारे अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

३. सहरीकरणलाई व्यवस्थित गर्ने फोहरमैलाको व्यवस्थापन, ढल, यातायात आदिको समुचित व्यवस्था गरिनेछ ।

४. उद्योगधन्दाको सञ्चालन गर्नुअघि त्यसले पार्ने वातावरणीय असरको अध्ययन गरी प्रदूषणको उचित मापदण्डभित्र रहनुपर्ने व्यवस्था मिलाइनेछ ।

५. वातवारणीय सन्तुलन कायम गर्न विभिन्न सम्बन्धित क्षेत्रको समन्वयकारी निकायलाई प्रभावकारी बनाइनेछ ।

### विविध

१. विभिन्न वर्ग, पेसा, व्यवसाय, जाति, भाषा, धर्म संस्कृतिका सबै जनसङ्गठनहरूले अघि सारेका न्यायोचित मागहरू तथा हकहितसम्बन्धी अभियानलाई समर्थन गरिनेछ । प्राथमिकताका आधारमा यस्ता समस्याहरूको समाधान गरिनेछ ।

२. देशका नागरिकहरूले प्रवासिनु पर्ने बाध्यात्मक स्थितिको अन्त्य गर्दै प्रवासी नेपालीहरूले पाउनुपर्ने अन्तर्राष्ट्रिय अधिकार तथा सुविधाप्राप्तिका निम्ति सम्बन्धित सरकारसँग कुराकानी गरी समस्या समाधान गर्ने नीति लिइनेछ ।

३. गैरसरकारी संस्थाहरूले पुऱ्याउँदै आएको सेवालाई समन्वयात्मक ढङ्गले सञ्चालन गर्न तथा त्यस्ता सेवाहरूलाई ग्रामीण क्षेत्रमा आकर्षित गर्न उपयुक्त वातावरणको सृजना गरिनेछ ।

### आदरणीय जनसमुदाय !

वर्षौंवर्षदेखि नेपाली आमाका हजारौं सपूतहरूले मुलुकको कायापलट गर्ने अभिलाषा राखेर आफ्नो जीवनको आहुति दिँदै आएका छन्; मुलुकका निम्ति सर्वस्व समर्पित गरेका छन्, दुःखकष्ट र त्यागको अनुपम उदाहरण प्रस्तुत गरेका छन् । राणाशासनका ती कहालीलाग्दा कटु स्मृतिहरू, पञ्चायती शासनका ती कालरात्रिहरू, कांग्रेसका तीन-तीन पटकका भ्रष्ट, अयोग्य र सर्वसत्तावादी कुशासनका कष्टपूर्ण दिनहरू भोगेका नेपाली जनता प्रकाशले जाज्वल्यमान नयाँ बिहानी ल्याउनका लागि आतुर छन् । निर्वाचनका मैदानमा देखापरेका दर्जनौं पार्टीहरू खासगरी प्रमुख राजनीतिक पार्टीहरू, पुनः एकपटक जनतासामु उभिन आइपुगेका छन् । आम न्यायप्रेमी, देशभक्त र प्रजातन्त्रवादी नेपाली जनताले सबै राजनीतिक पार्टीहरूका विचार, विगतका काम र आचरणलाई नबिर्सी सही र सटीक मूल्याङ्कन गर्नु आवश्यक छ । सुन्दर खोल ओढेका तर खोटपूर्ण अनुहार भएका पार्टीहरूको वास्तविक चरित्रको पहिचान गर्ने समय आएको छ । शोषण, भेदभाव र अन्यायको मारमा परेका, सुन्दर बिहानीको परिकल्पना गर्दै आफ्नो जीवनलाई डोऱ्याउँदै अघि बढिरहेका नेपाली जनताले आफ्नो र आफ्नो देशको भाग्य र

भविष्यलाई गम्भीर रूपमा प्रभावित पार्ने यो निर्वाचनमा आफूले निर्वाह गर्ने भूमिकाका बारेमा यस पटक निकै ठन्डा दिमागले सोच्नु आवश्यक छ । श्रमजीवी, सचेत जनता नै उज्यालो दिनका वाहक र त्यसका निर्णायक शक्ति हुन् । मुलुकको राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, आफ्नो राष्ट्रको गौरव र गरिमा समुन्नत बनाउने, प्रजातन्त्रलाई आफ्नो जीवन पद्धतिका रूपमा लिँदै आफ्नो चिन्तन, आचरण र व्यवहारमा ढाल्ने, समाजका हरेक क्षेत्रमा प्रजातान्त्रिकीकरणको अभियानलाई अघि बढाउने तथा सामाजिक न्यायको स्थापनाका लागि निरन्तर लागिरहने सङ्कल्प र व्यवहार गर्दै आएको क्रान्तिकारी पार्टी नेकपा (एमाले) को इतिहास किताबको खुला पाना जस्तै जनतासामु रहेको छ । नेपालको भाग्य र भविष्यको अन्तिम निर्णयकर्ता स्वाभिमानी र विवेकशील नेपाली जनता स्वयं हुन् । जनजीविकाको ग्यारेन्टी, पूर्ण प्रजातन्त्रको स्थापना र राष्ट्रियताको संरक्षण तथा संवर्द्धन गर्ने प्रणका साथ अघि बढेको हाम्रो पार्टी, विभिन्न सङ्घर्षहरू गर्दै अघि बढिरहेका न्यायप्रेमी, विवेकशील नेपाली जनतासमक्ष सूर्य चिह्नमा मतदान गरेर आफ्नो भविष्य आफैं सुन्दर बनाउने अभियानमा लाग्नु हुनु हार्दिक आह्वान गर्दछ ।

हार्दिक अभिवादन

केन्द्रीय कमिटी

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)

**मध्यावधि निर्वाचन, २०५१ मा नेकपा (एमाले) का उम्मेदवारहरूले पालना गर्ने आचार संहिता**

(१) पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनद्वारा पारित विधान, कार्यदिशा, जनताको बहुदलीय जनवादको कार्यक्रम, पार्टीको नीति र निर्णयहरूको अनुसरण गर्दै लागू गरिनेछ ।

(२) सबै सांसद्हरू पार्टी केन्द्रीय कमिटीको मातहत हुनेछन् ।

(३) पार्टीको तोकिएको ठाउँबाट दिइएको आदेश र निर्णयको निःसर्त रूपमा पालना गर्नुपर्नेछ ।

(४) सादा जीवन, कठोर मिहेनत र अध्ययनशील शैली अपनाउने, नेतृत्वको सम्मान गर्ने, जनता र कार्यकर्तासँग सौहार्द, घनिष्ठ सम्बन्ध र व्यवहार राख्ने तथा घमण्डी, नोकरशाही शैली र अराजक एवम् उद्दण्ड प्रवृत्तिबाट टाढा रहने प्रतिबद्धता जाहेर गरिएको छ ।

(५) नैतिक र स्वच्छ चरित्रको विकास गर्ने, मादक पदार्थको नियमित सेवन, जुवा, अनैतिक एवम् आर्थिक रूपमा भ्रष्टाचारबाट टाढा रहने र यस्ता कुरामा संलग्न रहेको पाइएमा कडा कारबाहीको भागी हुन मन्जुर गरिएको छ ।

(६) शत्रु-शक्तिसित अवाञ्छित राजनीतिक सम्पर्क राख्ने र पार्टीका गोपनीयता खोल्ने कुरा दण्डनीय हुनेछ ।

(७) व्यापारीहरूसित अनाधिकृत र अवाञ्छित सम्पर्क राख्ने र लाभ लिने कुरा दण्डनीय हुनेछ ।

(८) विदेशी दूतावास वा विदेशीसित गोप्य र अवाञ्छित सम्पर्क राखिने छैन । यस सम्बन्धमा पार्टीको विदेश विभागद्वारा तयार पारिएको नियम र गरिएको निर्णयको पालना गर्नुपर्नेछ ।

(९) संसद्बाट आउने सम्पूर्ण आयमा पार्टीको हक लाग्ने र त्यसमध्ये पार्टीले तय गरे बमोजिमको रकम लिन मन्जुर गर्नुपर्नेछ। यस सम्बन्धमा पार्टीको आर्थिक विभागले बनाएको नियम र पार्टी केन्द्रको निर्णयको पालना गरिनेछ ।

(१०) निर्वाचनक्षेत्रको प्रत्येक पटकको भ्रमणको लिखित प्रतिवेदन अनिवार्य रूपमा जिल्ला पार्टी र केन्द्रीय संसदीय विभागमा बुझाउनुपर्नेछ । लिखित प्रतिवेदन नबुझाएको क्षेत्र भ्रमण गरेको ठानिने छैन र मूल्याङ्कनमा त्यो पर्नेछैन ।

(११) केन्द्रीय जिम्मेवारी तोकिएका व्यक्तिबाहेकका सांसद्ले बैठक अघि र पछि जिल्ला कमिटी, आफ्नो क्षेत्रको पार्टी कमिटी, कार्यकर्ता र मतदाताहरूसँग अनिवार्य रूपमा सम्पर्क राख्नेछन्, क्षेत्रको समस्या सङ्कलन गर्नेछन् आफूले संसद्मा खेलेको भूमिकाबारे पार्टी पङ्क्ति र जनतालाई जानकारी गराइनेछ । त्यसैगरी क्षेत्रको वस्तुस्थिति बुझी जनताका समस्यामा चासो राख्ने र विकास निर्माण प्रक्रियालाई अघि बढाउने काममा सक्रिय भूमिका खेलिनेछ । सांसद्हरूको जिल्ला परिषद्को नियमित र जिल्ला विकास समितिको महत्त्वपूर्ण बैठकमा अनिवार्य उपस्थिति र संसदीय अधिवेशन नबसेका बेला जिल्ला विकास समितिको बैठकमा उपस्थिति रहनेछ ।

(१२) पार्टीबाट निर्धारित पार्टी सदस्यता र दलत्यागसम्बन्धी तथा प्रतिनिधि सभा सदस्यताबाट राजीनामासम्बन्धी दुईवटा फर्महरूमा सही गरी पार्टीलाई बुझाइनेछ ।

(१३) पार्टीद्वारा निर्धारित फर्ममा आफ्नो सम्पत्तिको यथार्थ विवरण खोलेर दिइनेछ ।

(१४) संसद्मा भूमिका खेल्ने सन्दर्भमा तयार पारिएको संसदीय दलको नियमावलीको र संसदीय दलको जिम्मेवार व्यक्ति वा निकायबाट जारी निर्देशनको पालना गरिनेछ ।

म प्रतिनिधि सभाको सदस्यका लागि हुने निर्वाचनमा पार्टीको उम्मेदवारको हैसियतले यस आचार संहितालाई निःसर्त रूपमा स्वीकार गर्दछु । आचारसंहिताको उल्लङ्घन भएको अवस्थामा पार्टी केन्द्रीय कमिटीले गर्ने जुनसुकै कारबाही पनि मान्न तयार छु ।

उम्मेदवारको सही ..........................

मितिः- 

नाम ...........................................

जिल्ला .......................................

निर्वाचन क्षेत्र ...............................

# हामी के चाहान्छौं ?

- हामी शहीदहरुको सपना साकार पार्न चाहन्छौं ।
- हामी संविधानप्रति प्रतिबद्धता जाहेर गर्दै त्यसमा रहेका त्रुटी कमजोरीलाई राष्ट्र र जनताको पक्षमा संशोधन गर्न चाहन्छौं ।
- हामी प्राप्त बहुदलीय व्यवस्थाको सुदृढीकरण गर्दै यसलाई जनताको पूर्ण प्रजातन्त्रमा परिणत गर्न चाहन्छौं र यसलाई जीवनशैलीको रुपमा विकास गर्न चाहन्छौं ।
- हामी प्रशासन, सार्वजनिक निकाय, सञ्चारका साधनलाई स्वायत्त र निस्पक्ष बनाउन चाहन्छौं ।
- **हामी जनताको सार्वभौमसत्तालाई कमजोर पार्ने संविधानका धारा उपधाराहरुलाई समयानुकूल संशोधन गर्दै जानेछौं ।**
- हामी सन् १९५० लगायत सम्पूर्ण अपमानकारी र असमान सन्धि, सम्झौता र समझदारीहरुलाई समानता, पारस्परिक सम्मान र लाभको आधारमा पुनर्व्यवस्थित गर्न चाहन्छौं ।
- हामी विदेशी थिचोमिचो, हस्तक्षेप र हेपाहापूर्ण व्यवहारको अन्त्य गर्दै राष्ट्रिय स्वाभिमान र गौरव कायम राख्दै मुलुकको सार्वभौमिकता अक्षुण्ण राख्न चाहन्छौं ।
- हामी विगत पञ्चायत तथा कांग्रेसी शासनकालमा अन्यायपूर्वक निकालिएका वा कार्वाहीमा पारिएका सम्पूर्ण कर्मचारी, शिक्षक तथा अन्य राष्ट्रसेवकहरुलाई ससम्मान न्याय दिन चाहन्छौं ।
- हामी सम्पूर्ण शहीदका परिवार, प्रजातान्त्रिक योद्धा र राजनीतिक व्यक्तित्वहरुको विगतको उत्पीडन र अवहेलना समाप्त पारी उचित सहयोग र राष्ट्रिय सम्मान दिन चाहन्छौं ।
- हामी राजनीतिक पूर्वाग्रहद्वारा लगाइएका झुठा मुद्दा खारेज गर्न तथा अन्यायपूर्वक जेल परेका बन्दीहरुको छानवीन गरी नि:शर्त रिहाई गर्न चाहन्छौं ।
- हामी भ्रष्टाचार विरोधी कानून बनाई भ्रष्टाचार विरुद्ध जनआन्दोलन संचालन गर्न जनतालाई छुट दिन चाहन्छौं ।

- विगत शासनकालका खासगरी कांग्रेसी शासनकालका चरम भ्रष्टाचारीहरुको छानबीन गरी भ्रष्टाचारीहरुमाथि कारवाही गर्न चाहन्छौं ।
- हामी बढ्दो महँगी नियन्त्रण गर्दै अत्यावश्यक सेवा र राहत जनतालाई उपलब्ध गराउन चाहन्छौं ।
- हामी राजधानीलाई प्रदूषणमुक्त, स्वच्छ, सफा र हराभरा बनाउने तथा व्यवस्थित र योजनाबद्ध शहरी विकासको कामलाई प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न चाहन्छौं ।
- हामी देशका विभिन्न भागमा व्यवस्थित शहरीकरणको योजना कार्यान्वयन गर्न चाहन्छौं ।
- हामी क्रान्तिकारी ढङ्गबाट भूमिसुधार गरी वास्तविक जोताहालाई जमिनको मालिक बनाइ सामन्ती भूमिसम्बन्धलाई पूर्ण रुपले अन्त्य गर्न चाहन्छौं ।
- हामी अनिवार्य र निःशुल्क शिक्षा तथा प्राविधिक र व्यावसायिक शिक्षा प्रणालीमा जोड दिन चाहन्छौं ।
- हामी हाम्रो प्राकृतिक सम्पदाको जगेर्ना गर्दै जलस्रोतको बहुपक्षीय र राष्ट्रिय तथा एकीकृत योजना बनाई कार्यान्वयन गर्न चाहन्छौं ।
- हामी देशको बीचबाट पूर्वपश्चिम "मेरुदण्ड" राजमार्गको निर्माण तथा तराईमा पूर्वपश्चिम तथा राजधानीसम्म जोड्ने रेलमार्ग तथा हिमाल र विकट क्षेत्रमा रोपवे निर्माण गर्दै ५ वर्षभित्रमा राजमार्गले नजोडिएका सबै जिल्ला सदरमुकामसम्म मोटरबाटो पुऱ्याउन चाहन्छौं ।
- हामी योजनाबद्ध रुपमा प्रत्येक जिल्लामा रोजगारमूलक कामको विकास गरी रोजगारीको अवस्थामा ५०% वृद्धि गर्न चाहन्छौं ।
- हामी आगामी ५ वर्षभित्र कूल खेतीयोग्य जमिनमा ५०% सिंचाइ उपलब्ध गराउन चाहन्छौं ।
- कमैया र हरुवा प्रथा अन्त्य गर्ने र सुकुम्बासी समस्यालाई पूर्णरुपले समाधान गरी आगामी ५ वर्षभित्र सबै घरबारविहीन नेपालीलाई घरबासको व्यवस्था गर्न चाहन्छौं ।

---

## परिशिष्ट चार



# श्री ५ महाराजाधिराजबाट

## संसद्को आठौँ अधिवेशनको दुवै सदनको

## संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

संवत् २०५१ साल पौष ८ गते रोज ६

# श्री ५ महाराजाधिराजबाट

# संसद्को आठौं अधिवेशनको दुवै सदनको

# संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष**

**तथा सांसद्हरू र**

१. मुलुकमा स्थापित बहुदलीय संसदीय व्यवस्थाको संविधानसम्मत अभ्यासको क्रममा हालै सम्पन्न आमनिर्वाचनपछि यो प्रतिनिधिसभाको गठन भएको छ। नेपाली जनताको सहभागिता र राजनीतिक दलहरूबिचको खुला प्रतिस्पर्धाका साथ सम्पन्न निर्वाचनपछिको यस आठौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुसी लाग्नु स्वाभाविक नै हो। देशवासीहरूका भावना र आकाङ्क्षाहरूको प्रतिनिधित्व गर्न यस सदनले बहुदलीय प्रजातान्त्रलाई सुदृढ गर्दै समुन्नत र स्वाभिमान नेपालको निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास हामीले लिएका छौं।

प्रजातान्त्रिक अभ्यासहरूलाई सर्वोपरि प्राथमिकता दिई, राष्ट्रिय मर्यादा, गौरव र हितलाई अक्षुण्ण राख्दै प्रजातन्त्रलाई आर्थिक र सामाजिक क्षेत्रमा रूपान्तरण गर्न मेरो सरकार कटिबद्ध रहनेछ।

वर्तमान राजनीतिक परिप्रेक्ष्यमा राष्ट्रिय सहमतिका आधारहरूलाई बलियो बनाउँदै मुलुकमा स्थिरता कायम राख्ने तथा सन्तुलित ढङ्गको खुला आर्थिक कार्यक्रमहरूमा जोड दिँदै अशिक्षित, गरिब र निमुखा जनताको जीवनस्तर उठाई समतामूलक सामाज निर्माण गर्नेतर्फ मेरो सरकारले प्रभावकारी कदमहरू चाल्दै पूर्वार्द्ध समाप्त भइसकेको तथ्यलाई ध्यानमा राखेर मेरो सरकारले यो नीति तथा कार्यक्रम अगाडि सरेको छ।

२. मेरो सरकारले विकासको प्रतिफल आम जनतामा प्रत्यक्ष रूपमा पुऱ्याउने उद्देश्यले आर्थिक वृद्धि, रोजगार प्रवर्द्धन, गरिबी निवारण, सन्तुलित विकास जस्ता विभिन्न जनमुखी राहतका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नेछ। यसै सन्दर्भमा, चालू आठौं पञ्चवर्षीय योजनाको मध्यावधि प्रगति मूल्याङ्कन र परिवर्तित परिप्रेक्ष्यसमेतका आधारमा योजनामा उल्लिखित आर्थिक तथा सामाजिक परिप्रेक्ष्यसमेतका आधारमा योजनामा उल्लिखित आर्थिक तथा सामाजिक विकास नीति, प्राथमिकता र कार्यक्रमहरूलाई आवश्यकतानुसार संशोधन एवम् परिमार्जन गरिनेछ। राष्ट्रिय विकास अभियानमा निजी क्षेत्रको भूमिकालाई उच्च महत्त्व दिने नीति मेरो सरकारले लिनेछ। मुलुकको सर्वाङ्गीण विकासमा गैरसरकारी संस्थाहरूको भूमिकालाई दृष्टिगत गरी तिनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न ठोस कदम चालिनेछ।

मेरो सरकारले योजना प्रणाली र सङ्गठनलाई वैज्ञानिक, कार्यकुशल र प्रभावकारी बनाउँदै विकेन्द्रित योजना प्रणाली र नियमित अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्राथमिकता दिनेछ।

३. मेरो सरकार जनसङ्ख्याको उच्च वृद्धिदर र मन्द आर्थिक प्रगति, बढ्दो वैदेशिक ऋण, राजस्व सङ्कलनका सीमित आधारहरू तथा साधारण खर्चको बोझ जस्ता विसङ्गति र यसले सिर्जना गरेका सामाजिक विकृतिहरूलाई प्रमुख चुनौतीका रूपमा ग्रहण गर्दै जनताले नयाँ सरकारसँग राखेको उच्च आकाङ्क्षासमेतलाई दृष्टिगत गरी यस आर्थिक वर्षको बाँकी

अवधिमा राष्ट्रिय अर्थतन्त्रको पुनसंरचनातर्फ कार्यरत रहनेछ । यस क्रममा सीमित साधन र समयलाई ध्यानमा राखी तत्काल प्रतिफल हासिल हुने क्षेत्रतर्फ जोड दिँदै मानवीय स्रोत र साधनलाई बढी उत्पादनशील र दक्ष बनाउन सामाजिक क्षेत्रमा बढी र कम विनियोजन गर्नेतर्फ मेरो सरकार क्रियाशील रहनेछ ।

देशको बढ्दो विकास आकाङ्क्षाको परिपूर्तिका लागि आन्तरिक राजस्व परिचालनमा वृद्धि गर्न मौजुदा कर प्रणालीमा व्यापक पुनरावलोकन, स्वेच्छाले नै कर तिर्ने अनुकूल वातावरणको सृजना र करका दरहरूमा आवश्यक सुधार गरिनुका साथै कर प्रशासनलाई सरल, पारदर्शी र सुदृढ बनाइनेछ । कर छल्ने प्रवृत्तिलाई कडाइका साथ निरूत्साहित गर्दै विपन्न वर्गलाई करको भारबाट मुक्त गर्ने नीति मेरो सरकारले लिनेछ ।

देशमा प्राप्त हुने विदेशी सहायताको पूर्ण सदुपयोग गर्दै विकास आयोजना तथा कार्यक्रमहरूको शीघ्र कार्यान्वयन गर्ने पक्षमा मेरो सरकारले विशेष ध्यान दिनेछ ।

वाणिज्य बैंक तथा वित्तीय संस्थाहरू आफैंले ब्याजदर तोक्ने व्यवस्था कायमै राखी प्राथमिकता तोकिएका क्षेत्रहरूमा हुने कर्जा प्रवाहलाई ब्याज अनुदानका माध्यमबाट अझ व्यापक तुलयाउँदै ब्याज अनुदानका माध्यमबाट अझ व्यापक तुल्याउँदै वित्तीय क्षेत्रलाई ग्रामीणमुखी बनाउन मेरो सरकारले ठोस कदमहरू चाल्नेछ । यस क्रममा मेरो सरकारले चालू आर्थिक वर्षभित्रै पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा एक-एकवटा ग्रामीण विकास बैंकको स्थापना गर्नेछ । यसै गरी देशमा रोजगारी सृजना गर्नका लागि मेरो सरकारले प्रारम्भिक कार्य सुरु गर्नेछ। तल्लो वर्गका जनताहरूलाई राहत दिन मेरो सरकारले राहत कार्यक्रमको व्यवस्था गर्नेछ। राष्ट्रसेवकहरूको सुविधामा समयानुकूल अभिवृद्धि गर्दै लगिनेछ ।

४. मेरो सरकारले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालनमा निजी क्षेत्रलाई थप प्रोत्साहन दिनुका साथै निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्ने उद्योगको विकासतर्फ योजनाबद्ध प्रयास गर्नेछ । मझौला र ठूला उद्योगको विकासका निम्ति विद्यमान संस्थागत व्यवस्थालाई दरिलो बनाउँदै एकद्वार प्रणालीको सुदृढीकरण गर्दै लगिनेछ । खनिज अन्वेषण र खनिजजन्य उद्योगहरूमा लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण र व्यवस्थापकीय सीप हस्तान्तरणतर्फ विशेष जोड दिनेछ । देशको औद्योगीकरणलाई बल पुऱ्याउन घरेलु तथा साना र ठूला लगायत राष्ट्रहितका पक्षमा रहेका सबै खालका उद्योगहरूको विकासका लागि विद्यमान औद्योगिक व्यवस्था ऐनमा आवश्यकताअनुसार संशोधन गरिनेछ । उद्योग प्रवर्द्धनका लागि विशेष कार्यक्रम लागू गरिनेछ । औद्योगीकरणको फलस्वरूप उत्पन्न हुने प्रदूषणको नियन्त्रण र व्यवस्थापनका निमित्त उपयुक्त नीति र नियमको तर्जुमा गरिनेछ ।

सरकारी संस्थानहरूलाई लगानीको अनुपातमा प्रतिफल दिन सक्ने मेरो सरकारले कार्यक्रमहरू सञ्चालन गर्नेछ । आर्थिक-सामाजिक दृष्टिले सरकारी क्षेत्रमा हस्तान्तरण गर्दा स्वदेशी लगानीकर्ता तथा संस्थानका कर्मचारी र कामदारहरूको सहभागितालाई प्राथमिकता दिइनेछ । नयाँ उद्योगहरू स्थानमा गर्ने द्विपक्षीय सहयोग जुटाउन पहल गरिनेछ ।

५. मेरो सरकारले वाणिज्य क्षेत्रमा पारदर्शिता, प्रतिस्पर्धा र खुलापनको नीतिलाई अवलम्बन गर्नेछ । विदेश व्यापारका क्षेत्रमा बढ्दै गएको असन्तुलनप्रति मेरो सरकार चिन्तित रहेको छ । यस सन्दर्भमा निर्यात विविधीकरणका लागि प्रभावकारी रूपमा वस्तु-विकास र बजार-विस्तारका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। देशको वैदेशिक प्रवर्द्धन र राष्ट्रिय उद्योगहरूको संरक्षणबिच उपयुक्त समन्वय कायम गर्दै लगिनेछ। पारवहन व्यवस्थालाई सुव्यवस्थित र सुगम बनाइनेछ। दक्षिण एसियाली सहुलियतपूर्ण व्यापार व्यवस्था (साप्टा) अनुरूप दक्षिण एसियाली मुलुकहरूसँग पारस्परिक व्यापार प्रवर्द्धन गर्न मेरो सरकार प्रयत्नशील रहनेछ ।

६. मेरो सरकारले महँगीको मारबाट पीडित जनताप्रति अत्यन्त संवेदनशील रहँदै दैनिक उपयोग्य वस्तुहरूको आपूर्ति र बजार व्यवस्थापनमा सुधार ल्याई मूल्यस्थितिमा नियन्त्रण

गर्नेतर्फ अविलम्ब कदम चाल्नेछ। बजार मूल्य अनुगमन गर्न प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ। आपूर्ति व्यवस्थालाई सुदृढ गर्न उपभोक्ता सहकारी संस्थाहरूको विकासमा जोड दिइनेछ। खाद्यान्न न्यून भएका दुर्गम क्षेत्रका जिल्लाहरूमा विविध उपायहरूद्वारा खाद्यान्नको मूल्य तथा आपूर्तितर्फ विशेष ध्यान पुऱ्याइनेछ।

७. मेरो सरकारले वर्षौंदेखि अधुरा रहेका राजमार्गका बाँकी खण्डहरूको निर्माण तदारूकताका साथ पूरा गर्ने र राजमार्ग, सहायक मार्ग एवं सहरी सडकहरू तथा पुल-पुलेसाहरूको मर्मत-सम्भार र विस्तार गर्ने कार्यलाई प्राथमिकता साथ सञ्चालन गरिनेछ। अञ्चल तथा जिल्ला सदरमुकाम जोड्ने सडकहरूको निर्माण सञ्चालन हुने क्षेत्रमा पूर्वाधारको निर्माणका साथै विकास निर्माण सञ्चालन हुने क्षेत्रमा पूर्वाधारका रूपमा सडक सुविधा पुऱ्याउने काममा विशेष ध्यान दिइनेछ। रोपवे, रेल्वे, ट्रलिबस जस्ता यातायातका माध्यमहरूको विस्तार गरिनेछ। जलमार्गको सम्भाव्यता अध्ययन गर्ने कार्यको थालनी गरिनेछ।

८. मेरो सरकारले राष्ट्रिय हितलाई जगेर्ना गर्दै जलस्रोत उपयोगका कार्यक्रमहरू पारस्परिक लाभ तथा पारदर्शिताका आधारमा सञ्चालन गर्नेछ। विद्युत् आयोजनाको विकासका लागि विदेशी एवम् विदेशी लगानीकर्तालाई प्रोत्साहित गर्ने नीति अघि सारिनेछ। सम्भाव्य साना तथा मझौला जलविद्युत् आयोजनाहरूको अविलम्ब कार्यान्वयन तथा ग्रामीण एवम् दुर्गम क्षेत्रको विद्युतीकरणतर्फ प्रयास गरिनेछ। ठूला विद्युत् आयोजनाहरूको आर्थिक, वातावरणीय, बसोबास आदि पक्षहरूको मूल्याङ्कनका आधारमा कार्यान्वयन गर्ने नीति लिइनेछ। जलविद्युत् आयोजनाहरू सस्तो लागतमा निर्माण गरी बिक्रीयोग्य मूल्यमा विद्युत् उत्पादन गर्न सकिएमा मात्र जलविद्युत्को वास्तविक विकास सम्भव हुने कुरालाई मनन गरी मेरो सरकारले स्वदेशी सीप र क्षमतालाई परिचालन गर्नेछ।

साना सिँचाइ आयोजनाहरूमा प्राथमिकता दिँदै कृषि क्षेत्रको मौसममाथिको निर्भरता कम गर्दै लगिनेछ र सिँचाइका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन्। नदी-कटान तथा बाढी पहिरो जस्ता समस्याहरू समाधान गर्न अल्पकालीन तथा दीर्घकालीन उपायहरू अपनाइनेछन्।

९. पर्यटन उद्योगको विकास र विस्तारका लागि मेरो सरकारले आवश्यक नीतिको तर्जुमा गर्नेछ। साथै भौतिक पूर्वाधारको विकास र विस्तारमा जोड दिँदै यस क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाइनेछ। पर्यटन उद्योगबाट प्राप्त प्रतिफल जनसाधारणसम्म पुऱ्याउने गरी पर्यटन क्रियाकलापहरूलाई विस्तार गर्ने नीति मेरो सरकारको रहनेछ। काठमाडौँबाहिर अर्को अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाका लागि प्रारम्भिक कार्य सुरु गरिनेछ।

१०. मेरो सरकारले कृषहरूको स्थानीय आवश्यकता, सम्भाव्यता र सहभागिताका आधारमा कृषि विकास कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्नुका साथै कृषकहरूको सीप र दक्षतामा अभिवृद्धि गराउनेछ। कृषिजन्य उद्योगको विकासमा टेवा पुऱ्याउने वस्तुहरूको उत्पादन, पशुपालन र फलफूल खेतीको विकासमा विशेष जोड दिइनेछ। कृषकहरूको हित संरक्षित हुने गरी उचित मूल्य नीतिको अवलम्बन गर्दै बजार प्रणालीको व्यवस्थापनमा सुधार ल्याइनेछ। सहकारी अभियानलाई अझै प्रभावकारी बनाई ग्रामीण अर्थतन्त्रको विकासमा सहकारी संस्थालाई उत्पादक तथा उपभोक्तामा हुने गरेको शोषणलाई हटाउने माध्यमका रूपमा विकास गर्दै लगिनेछ। यसका साथै कृषि उत्पादन एवम् विकासको समसामयिक लेखा-जोखा गर्ने प्रक्रियालाई सुदृढ गर्न कृषि तथ्याङ्क प्रणालीलाई वैज्ञानिक बनाइनेछ। सिँचाइको विस्तारद्वारा कृषि उत्पादनमा वृद्धि गरी ग्रामीण रोजगारीको विस्तार गरिनेछ। मालपोत घटाई कृषकहरूलाई राहत दिइनेछ।

११. सामाजिक न्यायप्राप्तिका क्रममा कृषि क्षेत्रको रोजगारी र उत्पादकत्वमा वृद्धि एवम् भूमिको समुचित उपयोग तथा वितरण र भूमिमाथिको द्वैध नियन्त्रणसम्बन्धी समस्याका सन्दर्भमा मेरो सरकारले उच्चस्तरीय आयोगको गठन गर्नेछ र सो आयोगको प्रतिवेदन समेतलाई विचार गरी भूमिसुधार कार्यक्रमलाई अघि बढाउँदै कमैया र भूमिहीन कृषि-मजदुरका

समस्याको समाधान गरिनेछ । एकीकृत भूसूचना प्रणालीद्वारा आधुनिक र अद्यावधिक रूपमा जग्गा-जमिनको अभिलेख राख्ने कार्यलाई विस्तार गरिनुका साथै विकास कार्यक्रमहरूलाई समेत सघाउ पुग्ने किसिमको अद्यावधिक विवरण प्राप्त हुने गरी कित्ता नापीलगायत अन्य नाप-नक्सासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

परम्परागत रूपमा अलिआएको धार्मिक कार्यमा बाधा नपुगोस् भन्नेतर्फ विचार पुऱ्याउँदै गुठी जग्गालाई रैकरमा परिणत गरिनेछ ।

१२. मेरो सरकारले वन विकासका लागि ठोस कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वृक्षरोपण, वन पैदावरको उपयोग जस्ता कार्यमा उपभोक्ता समूहहरू तथा सम्बन्धित स्थानीय निकायहरूलाइ क्रियाशील गराउने नीति लिनेछ । वन प्रशासनलाई सुदृढ बनाउनेतर्फ आवश्यक ध्यान दिइनेछ । आम जनताको आवश्यकतालाई ध्यानमा राखी सरकारी, सामुदायिक, निजी, कबुलियती तथा धार्मिक वनको व्यवस्थापनमा सुधार ल्याउन वनसम्बन्धी नयाँ नियमावली लागू गरिनेछ । साथै वनस्पति तथा जडीबुटीहरूको संरक्षण गर्ने कार्यमा वैज्ञानिक विधिहरूको प्रयोगतर्फ विशेष जोड दिइनेछ ।

अधिराज्यका महत्त्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण, भू-उत्पादकत्व संवर्द्धन, भूक्षय नियन्त्रण जस्ता कार्यहरू सञ्चालन गरिनेछन् ।

१३. मेरो सरकारले कम खर्चिलो प्रविधि अपनाई उपभोक्ता समितिको संलग्नतामा ग्रामीण क्षेत्रमा खानेपानी सुविधा विस्तार गर्ने कार्यक्रम चालू राख्नेछ । काठमाडौं उपत्यका लगायत अन्य सहरी क्षेत्रमा स्वच्छ खानेपानीको आपूर्ति बढाउन एवम् पानीको चुहावट नियन्त्रण गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

सहरीकरणको प्रक्रियालाई योजनाव एवम् व्यवस्थित गर्न जिल्ला सदरमुकाम, नगरपालिका तथा नगरका प्रमुख क्षेत्रहरूको भौतिक विकास योजनाका कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दै लगिनेछ ।

आवास व्यवस्थालाई योजनावद्ध ढङ्गले अघि बढाइनेछ र नगरको व्यवस्थित विकासका लागि सहरी विकास बैंक स्थापना गर्न आवश्यक ऐनको तर्जुमा गरिनेछ । सुरक्षित र सुलभ भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४. देशका विपन्न वर्ग र क्षेत्रलाई विकासको मूल प्रवाहमा समाहित गराउन ‘आफ्नो गाउँ आफैं बनाऔं’ कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ । यसअन्तर्गत स्थानीय आवश्यकताअनुरूप केही निश्चित कार्यक्रमहरू स्थानीय निकायहरूको प्रभावकारी परिचालनद्वारा ग्रामीण तहमा सोझै कार्यान्वयन गर्ने परिपाटीले थालनी गरिनेछ । गाउँ नै गाउँले भरिएको नेपालको सर्वाङ्गीण विकासका लागि स्थानीय विकासलाई मेरो सरकारले मेरूदण्डका रूपमा लिनेछ । विकास-निर्माणका कार्यमा स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा वृद्धि गराउन नयाँ सम्भावनाहरूको खोजी गर्दै योजनाहरूको छनोट, कार्यान्वयन र मर्मत-सम्भारमा स्थानीय जनतालाई सहभागी बनाउने प्रक्रियालाई अझ अघि बढाइनेछ । प्रभावकारी हुन नसकेका स्थानीय निकायहरूमा सुधार ल्याउन गम्भीर ध्यान दिइनेछ । उपभोक्ता समितिहरूको गठन र कार्य सञ्चालनमा सुधार ल्याइनेछ । महिला, पिछडिएका जनजाति एवम् समुदायसम्बन्धी कार्यक्रमहरूलाई व्यवस्थित र सुदृढ गरिनेछ । दुर्गम क्षेत्र विकाससम्बन्धी योजना बनाउन मेरो सरकारले विशेष ध्यान पुऱ्याउनेछ । स्थानीय बेरोजगारी कम गर्न श्रममूलक प्रविधि अपनाई ग्रामीण सडक एवम् अन्य विकास-पूर्वाधर तयार गने कार्यमा स्थानीय जनतालाई अधिकतम परिचालन गर्ने नीति मेरो सरकारले लिनेछ । स्थानीय विकास प्रशिक्षण कार्यक्रमअन्तर्गत व्यवस्थापकीय सीप बढाउने उद्देश्यले नतिजामूलक तालिम दिने व्यवस्था गरिनेछ ।

१५. मेरो सरकारले देशको आवश्यकताअनुरूप दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रिय शिक्षा नीति र कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्दै जाने नीति लिनेछ ।

विद्यालय स्तरको पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षा प्रणालीमा सुधार गर्ने र मध्यम तथा निम्न स्तरको सीपमूलक जनशक्तिका उत्पादनका लागि थप प्राविधिक शिक्षालयहरूको स्थापना गर्नेतर्फ विशेष जोड दिइनेछ। साक्षरता अभियानलाई विस्तार र व्यवस्थित गरिनेछ। सहिदका छोरा-छोरीलाई स्वदेशमा स्नातक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।

त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन सुदृढीकरण, भौतिक सुविधाको विस्तार तथा उच्च शिक्षाको पाठ्यक्रममा सुधार गर्दै उच्च शिक्षाको विस्तारका लागि पूर्वाञ्चल विश्वविद्यालयको स्थापना गरिनेछ। त्यस्तै, पश्चिमाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय स्थापना गरिनेछ। त्यस्तै, पश्चिमाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ। कृषि विश्वविद्यालय स्थापना गर्न यसै वर्ष प्रारम्भिक कार्यको थालनी गरिनेछ। निजी क्षेत्रमा उच्च शैक्षिक प्रतिष्ठानहरू स्थापना र सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय हित र आवश्यकता अनुकूल हुने गरी ठोस नीति कार्यक्रम तर्जुमा गरिनेछ।

शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरूको पेसागत हकहितलाई मर्यादित र सुरक्षित गर्दै लगिनेछ। साहित्य, कला र संस्कृतिका क्षेत्रका प्रतिभाहरूलाई प्रेरित र प्रोत्साहित गर्ने नीति लिइने छ।

विविध भाषा, धर्म, कला र संस्कृतिको विकासमा कार्यरत रहँदै मेरो सरकारले ऐतिहासिक तथा प्राचीन मठ-मन्दिर, स्मारक र पुरातात्त्विक महत्त्वका स्थलहरूको संरक्षण तथा प्रवर्द्धनमा ध्यान पुऱ्याउनेछ। महिलाहरूको उत्थान तथा विकासका लागि मेरो सरकार प्रत्यत्नशील रहनेछ। अनाथ बालबालिका तथा असहाय वृद्धलाई संरक्षण दिने, अपाङ्गहरूलाई स्वावलम्बी बनाउने जस्ता कार्यक्रमहरूलाई व्यवस्थित र विस्तार गरिनेछ।

१६. मेरो सरकारले देशका बढीभन्दा बढी जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यअनुरूप आधारभूत प्राथमिक स्वास्थ्य सेवा र चिकित्सा सुविधाहरू ग्रामीण तहसम्म पुऱ्याउँदै लैजान संस्थागत व्यवस्थामा जोड दिनेछ। सस्तो र सुलभ ढङ्गबाट अत्यावश्यक औषधिहरूको आपूर्ति, जनसङ्ख्या नियन्त्रण एवम् खोप र पोषण कार्यक्रमलाई व्यापक गराई मातृ तथा ठूला अस्पतालहरूको कार्यप्रणाली, सुविधा र दक्षतामा सुधार तथा वृद्धि गरिनेछ। प्राथमिक स्वास्थ्य केन्द्र र उपस्वास्थ्य चौकीसम्बन्धी कार्यक्रमलाई व्यवस्थित गरिनेछ।

आयुर्वेदिक, प्राकृतिक र होमियोपेथिक स्वास्थ्य सेवाको विकास र विस्तारका लागि मेरो सरकार प्रयत्नशील रहनेछ। स्वास्थ्यकर्मीहरूको पेसालाई मर्यादित र व्यवस्थित तुल्याउन विद्यमान कानुनमा परिमार्जन र नयाँ कानुनको निर्माणतर्फ आवश्यक कार्यको सुरुआत गरिनेछ। स्वास्थ्योपचारका क्षेत्रमा प्राचीनकालदेखि उपयोग हुँदै आएको जडीबुटीको प्रयोगमा आवश्यक सुधार गर्नेतर्फ गम्भीर ध्यान दिइनेछ।

१७. मेरो सरकारले निष्पक्ष तथा मर्यादित पत्रकारिताको संस्थागत विकास एवम् प्रवर्द्धन र श्रमजीवी पत्रकारहरूको हक, हित, सुविधा र सुरक्षाका सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ। दूरसञ्चार सेवालाई गाउँ विकास समितिसम्म पुऱ्याउने प्रयत्न गर्दै स्थानीय हुलाकहरूलाई सुदृढ र प्रभावकारी बनाउने कार्य जारी राखिनेछ। मुलुकको एकता र संस्कृतिको रक्षा एवम् विकास गर्ने नीतिका आधारमा श्रव्यदृश्य सामग्रीको निर्माणलाई प्रोत्साहित गरिनुका साथै नेपाल टेलिभिजनको प्रसारणलाई क्रमिक रूपमा अधिराज्यका अन्य भागहरूमा विस्तार गर्दै लगिनेछ।

१८. मेरो सरकारले निम्न आय भएका तथा पिछडिएका वर्ग र महिलाहरूलाई व्यावसायिक तालिम दिई रोजगारीका अवसर बढाउनुका साथै वैदेशिक रोजगारका क्षेत्रमा विद्यमान

अनियमिततालाई हटाउँदै यस क्षेत्रलाई व्यवस्थित गर्नेछ। मुलुकभित्र रोजगारीका अवसरहरूको खोजी गर्दै श्रमजीवीहरूका हितको रक्षा गर्न आवश्यक कानुनको निर्माण र विद्यमान कानुनमा समयानुकूल सुधार गरिनेछ। श्रम अदालतको गठनका लागि आवश्यक कार्य गरिनेछ।

बाल श्रम तथा कमैया प्रथा जस्ता समस्याका सन्दर्भमा विभिन्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरी उनीहरूको मानवाधिकारको संरक्षण गर्नुका साथै कृषिमजदुरको न्यूनतम ज्याला निर्धारणका सम्बन्धमा समेत आवश्यक अध्ययन गरिनेछ।

१९. मेरो सरकारले प्रशासन क्षेत्रको समीक्षा गरी निजामती सेवा र प्रशासनलाई जन-उत्तरदायी पारदर्शी, स्वच्छ र सुदृढ बनाउने तथा यसलाई मर्यादित संस्थाका रूपमा स्थापित गर्ने नीति अवलम्बन गर्दै विद्यमान कानुनी व्यवस्था तथा यसको कार्यान्वयनमा समयानुकूल सुधार एवम् परिमार्जन गर्नेछ। यस क्रममा निजामती सेवालाई कार्यप्रकृतिका आधारमा व्यवस्थित गरिनेछ तथा कार्यदक्षता र अनुभवलाई वृत्ति विकासको आधार बनाइनेछ। विगतको कर्मचारी आन्दोलनका सिलसिलामा कर्मचारीमाथि भएका विभागीय कारबाहीहरूको पुनरावलोकन गर्ने तथा कानुनबमोजिम उपचार प्रदान गर्ने कार्य सुरु भएको छ र यसलाई अघि बढाइनेछ।

२०. मेरो सरकारले संविधानद्वारा प्रत्याभूत मौलिक हक तथा मनव अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी निर्माण तथा संशोधनका साथै मानव अधिकारसम्बन्धी उच्चस्तरीय आयोग गठन गर्न आवश्यक कार्य सुरु गरिसकेको छ। मेरो सरकारले स्वतन्त्र र सक्षम न्याय प्रणालीको स्थापना तथा सुदृढीकरणका लागि आवश्यक पाइला चाल्नेछ। महिला वर्गको हक र हितको संरक्षणका लागि आवश्यक कार्यको सुरुवात गरिनेछ।

२१. मेरो सरकार मुलुकमा शान्ति-सुरक्षाको स्थितिलाई सुदृढ र भरपर्दो तुल्याउँदै मानव अधिकारको व्यावहारिक प्रत्याभूतितर्फ यथेष्ट सचेत रहनेछ। विगतमा भएका कारागार सुधारका प्रयासहरूको समीक्षा गर्दै बन्दीहरूलाई न्यूनतम भौतिक तथा मनवीय सुविधा दिलाउने तथा कैदमाफीलगायतका व्यवस्थालाई प्रभावकारी ढङ्गले लागू गराउनेतर्फ विशेष ध्यान दिइनेछ र यातना विरूद्धको क्षतिपूर्ति र सार्वजनिक अपराधलाई अदालतको अधिकार क्षेत्रभित्र राख्ने सम्बन्धी विधेयक संसद्को यसै अधिवेशनमा पेस गरिनेछ।

मेरो सरकारले भ्रष्टाचार र सामाजिक विकृतिका विरूद्ध सशक्त र प्रभावकारी अभियानको आरम्भ गर्दै समाजलाई उच्च नैतिक मूल्य र मान्यताप्रति अभिमुख तुल्याउनेछ। नेपाली नागरिकहरूलाई सुलभ ढङ्गबाट नागरिकताको प्रमाणपत्र दिलाउने कार्य अघि बढाउन नागरिकतासम्बन्धी आयोग गठन गरिनेछ। मुलुकमा प्रजातन्त्रका लागि विशेष यागदान गर्ने राजनैतिक व्यक्तित्वहरूको उचित सम्मान गर्न मेरो सरकार प्रयत्नशील रहनेछ।

प्रहरी सुधार सुझाव आयोगको प्रतिवेदनलाई क्रमिक रूपमा लागू गर्दै प्रहरी सङ्गठनलाई प्रजातान्त्रिक मूल्य र मान्यताअनुरूप जनमुखी, सेवामुखी र सक्षम तुल्याइनेछ। प्राकृतिक प्रकोपबाट प्रभावित परिवारका लागि गरिने उद्धार तथा राहत कार्यलाई अझ व्यवस्थित बनाइनेछ।

निर्वाचन प्रक्रियासम्बन्धी हालसम्मको अनुभवलाई दृष्टिगत गरी निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र धाँधलीरहित रूपमा सम्पन्न गर्न निर्वाचनसम्बन्धी विद्यमान ऐन, नियमहरूमा समयानुकूल सुधार गर्दै मतदाता परिचयपत्रको व्यवस्था गर्नेतर्फ आवश्यक पाइला चालिनेछ।

२२. मेरो सरकारले शाही नेपाली सेनाले गर्दै आएको प्रमुख दायित्वलाई निरन्तर राख्नुका साथै सेनलाई विकास तथा निर्माण कार्यमा संलग्न गराई सर्वसाधारण जनतालाई प्रत्यक्ष फाइदा हुने विकासशील कार्यक्रममा संलग्न गराउनेबारे थप सम्भाव्यता अध्ययन गराउने नीति लिइनेछ ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापना कार्यमा सरिक हुन शान्ति सेना पठाउँदै आएका सन्दर्भमा यसै प्रयोजनका लागि माग भएका बखत तत्कालै पठाउन सकिने गरी आवश्यक व्यवस्था गरिनेछ। शाही नेपाली सेनाका अधिकृत तथा जवानहरूले आकस्मिक प्राकृतिक प्रकोप र दुर्घटना आदिका बेला उद्धार तथा राहत कार्यमा दिएको प्रशंसनीय योगदानलाई दृष्टिगत गर्दै सेनालाई समयानुकूल सुविधायुक्त, दक्ष र सक्षम बनाउने नीति लिइनेछ ।

२३. राष्ट्रिय हितलाई सर्वोपरि राखी पञ्चशील तथा असंलग्नताका सिद्धान्तहरूका आधारमा विश्वका सबै राष्ट्रहरू, खास गरी छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसँग सुमधुर सम्बन्ध कायम गर्ने मेरो सरकारको नीति हुनेछ । गत आश्विन महिनामा हामीबाट भएको गणतन्त्र फ्रान्सको राजकीय भ्रमणबाट दुई देशबिच विद्यमान मैत्रीपूर्ण सम्बन्ध अझ सुदृढ भएको छ ।

समानता, पारस्परिक सम्मान र हितका आधारमा सबै मित्रराष्ट्रहरू र विशेषतः छिमेकीहरूसँगको मैत्री सम्बन्धलाई अझ मजबुत तुल्याउँदै लैजाने नीतिअनुरूप यस वर्ष हाम्रा छोरा श्री ५ युवराजधिराज दीपेन्द्र वीर विक्रम शाहदेवाट भएको गणतन्त्र भारत तथा जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणले नेपालका यी निकट छिमेकी मित्रराष्ट्रहरूसँगको हाम्रो परम्परागत मैत्रीपूर्ण सम्बन्ध अझ सुदृढ हुन गएको छ। हाम्रा प्रधानमन्त्रीले निकट भविष्यमा छिमेकी मित्रराष्ट्र भारतको भ्रमण गर्नुहुनेछ ।

संयुक्त राष्ट्रसङ्घको आदर्श र लक्ष्यप्रति मेरो सरकारको अटुट तथा गहिरो प्रतिबद्धता रहनेछ। विश्व शान्ति र प्रगतिका निम्ति संयुक्त राष्ट्रसङ्घका गतिविधिहरूमा मेरो सरकारको निरन्तर सहभागिता रहनेछ ।

मेरो सरकार दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनले यसका सदस्य राष्ट्रहरू बिच पारस्परिक मैत्री र सहयोग अभिवृद्धिका दिशामा अझ प्रभावकारी भूमिका खेल्ने कार्यमा योगदान पुऱ्याउन क्रियाशील रहनेछ। पारस्परिक वार्ताद्वारा भुटानी शरणार्थी समस्याको स्थायी समाधानतर्फ मेरो सरकारले पाइला चाल्नेछ ।

२४. भर्खरै सम्पन्न आम निर्वाचनको सफलतामा योगदान गर्ने सम्पूर्ण देशवासीहरूप्रति मेरो सरकार धन्यवाद ज्ञापन गर्दछ। साथै, प्रजातन्त्रको संस्थागत विकास, स्थायित्व र नेपाली जनताको आर्थिक समुन्नतिका निमित्त समस्त देशवासीहरू, मित्र राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबाट मेरो सरकारलाई निरन्तर सहयोग प्राप्त भइरहनेछ भन्ने विश्वास हामीले लिएका छौँ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

# परिशिष्ट पाँच


संसारका मजदुरहरु एक होऔं !
मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथ जिन्दावाद !!
संविधानसभा निर्वाचनका लागि
नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को
प्रतिवद्धता-पत्र
नयाँ नेपाल निम्ति नयाँ विचार र नयाँ नेतृत्व
नेपाल कम्युनिष्ट पार्टी (माओवादी), केन्द्रीय समिति
केन्द्रीय प्रचार प्रसार समिति

# नयाँ नेपाल निम्ति नयाँ विचार र नयाँ नेतृत्व
# संविधानसभा निर्वाचनका लागि नेकपा (माओवादी) को
# प्रतिबद्धता-पत्र

**आदरणीय नेपाली दिदीबहिनी तथा दाजुभाइहरू !**

झन्डै साठी वर्षदेखिको तपाईं हाम्रो सपना पूरा हुँदै छ । हामीले नयाँ इतिहास निर्माण गर्दै छौं । हजारौं वर्षदेखिको पुरानो नेपाली इतिहासले कोल्टे फेर्दै छ । सामन्तवाद र राजतन्त्रको कालो युग समाप्त हुँदै छ । हामी पुँजीवादी लोकतन्त्र र गणतन्त्रको नयाँ युगमा प्रवेश गर्दै छौं । हामी छिट्टै यो युगीन परिवर्तनको लिखत तयार गर्ने संविधानसभाको निर्वाचनमा जाँदै छौं । नेपाली जनतामा निहित सार्वभौम एवम् राजकीय सत्ताको उच्चतम अभ्यास गर्दै नेपाली इतिहासमा पहिलो पटक हामी आफ्नो भाग्यरेखा आफैं कोर्न र आफ्नो संविधान आफैं लेख्न संविधानसभाको निर्वाचनका सँघारमा छौं । यो महान् तथा ऐतिहासिक अवसरमा संविधानसभा र गणतन्त्रका निम्ति करिब ६ दशकदेखि सङ्घर्ष गर्दै आइरहनुभएका तपाईंहरू सबैलाई हामी हार्दिक अभिनन्दन गर्दछौं र बधाई तथा धन्यवाद ज्ञापन गर्दछौं ।

सर्वप्रथम, यस पुनीत अवसरमा हामी सामन्तवाद, साम्राज्यवाद र राजतन्त्रका विरूद्ध लड्दा-लड्दै आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूको स्मरण गर्दै वहाँहरूप्रति उच्च सम्मान प्रकट गर्दछौं । यस सिलसिलामा हामी सामन्तवाद विरूद्ध पहिलो विद्रोहको झन्डा उठाउने लखन थापा मगर र साथीहरू, १९९७ सालका सहिद गङ्गालाल श्रेष्ठ र साथीहरू र २००७ सालका आन्दोलनका योद्धाहरूको सम्झना गर्दछौं । हामी भीमदत्त पन्त र सहयोद्धाहरूको सम्मान गर्दछौं र पञ्चायती निरङ्कुशकालका झापा आन्दोलनदेखि अषि देवकोटा 'आजाद' हुँदै २०४६/४७ को आन्दोलनका सहिदहरूको स्मरण गर्दछौं । यस क्रममा शहादत र बलिदानको परम्परालाई नेपाली इतिहासको उत्कर्षमा पुऱ्याउने नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित महान् जनयुद्ध तयारीकालका रामवृक्ष यादव र जनयुद्धका प्रथम सहित दिलबहादुर रम्तेललगायतका दशौं हजार महान् सहिदहरू, हजारौं बेपत्ताहरू र घाइतेहरूको हामी विशेष सम्मान गर्दछौं । खासगरी ऐतिहासिक जनयुद्ध र त्यसका जगमा सम्पन्न पछिल्लो जनआन्दोलनका महान् सहिदहरूको बलिदानविना अहिलेको राजनीतिक परिवर्तन सम्भव थिएन भन्ने तथ्यलाई हामी सम्झना गरिरहनेछौं र इतिहासले युगयुगसम्म स्मरण गरिरहनेछ ।

संविधानसभा निर्वाचनमार्फत यो युगीन परिवर्तनलाई संस्थागत गर्ने ऐतिहासिक अवसरमा नयाँ नेपाल निर्माणको महाभियानमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट हामी आफ्ना केही महत्त्वपूर्ण प्रतिबद्धताहरू सार्वजनिक गर्न चाहन्छौं । संविधानसभाका निम्ति अग्रणी भूमिका निर्वाह गरी सबभन्दा बढी बलिदान गरेको राजनीतिक शक्तिका नाताले संविधानसभा निर्वाचनमार्फत नयाँ लोकतान्त्रिक र समुन्नत नेपाल निर्माण गर्ने कार्ययोजना प्रस्तुत गर्नु हामी आफ्नो थप दायित्व ठान्दछौं । नयाँ नेपालका निम्ति नयाँ विचार र नयाँ नेतृत्वको प्रस्ताव हामी हाम्रा आदरणीय मतदातासमक्ष प्रस्तुत गर्न चाहन्छौं ।

◆ ◆ ◆

# I. लोकतान्त्रिक आन्दोलन र संविधानसभा : इतिहासले के भन्छ ?

सबभन्दा वर्तमानको यथार्थलाई बुझ्न र भविष्यको मार्गचित्र ठिकसँग कोर्न हामीले विगतको इतिहासलाई राम्ररी केलाउनैपर्छ ।

## १.०. पुरानो नेपालका दुई ठूला पहाड : सामन्तवाद र साम्राज्यवाद

नयाँ नेपाल निर्माण गर्न हामीले पुरानो नेपालको सही चिरफार गर्नैपर्छ । आखिर नेपाली विश्वका सबभन्दा गरिब, पछौटे, परनिर्भर किन र कसरी भयौं ? किन हाम्रा युवायुतीहरू देशभित्र रोजगारी नपाएर लाखौंको सङ्ख्यामा विदेशतिर भौंतारिन बाध्य छन् ? किन अहिले पनि हाम्रो दुई तिहाई श्रमशक्ति कृषिक्षेत्रमा अल्झिएको छ र सयमा पचासी जना गाउँमा बस्छन् ? किन हाम्रो औसत आर्थिक वृद्धिदर जनसङ्ख्या वृद्धिदरभन्दा माथि उठ्न सकिरहेको छैन ? किन हाम्रो टाउकामाथि विदेशी ऋणको भार प्रति वर्ष थपिँदो छ तर हाम्रो गरिबी, बेरोजगारी, पछौटेपन, असमानता र परनिर्भरता जहाँको तहीँ छ ?

के हामी स्थिति सधैं यस्तै थियो ? के हामीलाई प्रकृतिले नै ठगेकाले हाम्रो यस्तो बेहाल भएको हो ?

बिल्कुल होइन । प्राकृतिक सम्पदाका हिसाबले हामी विश्वका सबभन्दा धनी देशमध्येमा गनिन्छौं । जल, जमिन, जङ्गल, जडीबुटी र मुख्यतः जनशक्तिमा हामी असाध्यै धनी छौं । तिनको सही उपयोग हुन सक्ने हो भने हामीले छोटो अवधिमा नै चामत्कारिक विकास गर्न सक्दछौं । खासगरी हाम्रो हिमाल, पहाड र तराईको अद्भुत भौगोलिक, जैविक र पर्यावरणीय विविधतालाई विकसित विज्ञान र प्रविधिको सही संयोजनमार्फत एकीकृत विकास गर्ने हो भने हामी विश्वकै सम्पन्नतम देश बन्न सक्छौं ।

त्यसरी नै इतिहासमा सधैं हाम्रो स्थान विकासको पुछारमा थिएन भन्ने कुरा नेपाल र समकालीन विश्वको तुलनात्मक अध्ययनबाट पुष्टि हुन्छ । दुई अढाई सय वर्ष पहिलेसम्म अर्थात् नेपालमा अङ्ग्रेजसँग सुगौली-सन्धि भएको बेला र युरोपमा औद्योगिक क्रान्ति भएको बेलासम्म नेपाल र विश्वका अन्य देशको विकासको स्तर खासै फरक थिएन । तर विगत दुई सय वर्षमा त्यतिबेला झन्डै हाम्रै हाराहारीको अवस्थामा रहेका युरोप, अमेरिका, रूस, जापान, चीनलगायतका देशहरू आज विकासको चुचुरोतिर लम्कँदै छन् भने हामी मध्ययुगीन पछौटेपनमा नै थच्चिरहेका छौं ।

आखिर यस्तो किन र कसरी भयो ? स्पष्ट छ-आन्तरिक आर्थिक-सामाजिक व्यवस्था र राज्यप्रणाली तथा वैदेशिक सम्बन्धमा रहेको विसङ्गतिका कारण नै यस्तो भएको हो । खासगरी विगत दुई अढाई सय वर्षदेखि निरन्तर रूपमा नेपाली समाज समस्याका दुई ठूला पहाडले थिचिएको हुनाले यो स्थिति उत्पन्न भएको हो । पहिलो पहाड आन्तरिक रूपमा राजतन्त्रको नेतृत्वमा खडा भएको आर्य-खस उच्च जातीय अहङ्कारवादमा आधारित एकात्मक राज्यसत्ता र सामन्तवादी उत्पादन प्रणाली हो । यसैका कारण समाजमा यति विकराल वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, धार्मिक, सांस्कृतिक शोषण तथा उत्पीडनको जालो तयार भएको छ कि त्यसले समग्र सामाजिक अग्रगमनको बाटो छेकिरहेको छ ।

फलस्वरूप आज बहुसङ्ख्यक श्रमजीवी किसान, मजदुर र बेरोजगार युवाहरू चरम गरिबी, भोक, रोग, अशिक्षा र चोतर्फी उत्पीडनबाट ग्रसित छन् । युगौंदेखि बसोवास गर्दै आइरहेका

मधेसी, जनजाति र भाषिक समुदायहरू एकात्मक राज्यको चरम जातीय र भाषिक उत्पीडनमा छन्। आधा आकाश, आधा धर्ती ओगट्ने महिलाहरू पितृसत्तात्मक शोषणको जाँतोमुनि पिसिँदै आएका छन्। पहाड र मधेसका दलितहरू मनुवादी छुवाछुत प्रथाबाट आक्रान्त छन्। मुख्यतः मधेस र देशैभर छरिएर रहेका मुस्लिमहरू हिन्दू धार्मिक अहङ्कारवादबाट पीडित छन्। कर्णाली, सेती-महाकाली र हिमाली भेगमा बसोबास गर्नेहरू चरम क्षेत्रीय उत्पीडनको सिकार बनेका छन्। गाउँमा बसोबास गर्ने बहुसङ्ख्यक जनता बिजुली, पानी, बाटोघाटो, शिक्षा, स्वास्थ्य जस्ता सबै आधुनिक सेवासुविधाबाट वञ्चित भएर मध्ययुगीन अबस्थामा बाँच्न बाध्य छन्।

नेपाल र नेपाली जनतालाई थिच्ने दोस्रो पहाड वैदेशिक साम्राज्यवादी शोषण-उत्पीडन हो। सुगौली-सन्धिदेखि यता नेपाललाई अर्धऔपनिवेशिक साङ्लोमा बाँधिराख्ने असमान सन्धि-सम्झौताहरू झन्झन् थपिँदै गइरहेका छन्। विस्तारवादका रूपमा व्यक्त हुने वैदेशिक हस्तक्षेप र उत्पीडनको यस प्रक्रियामा भारतयि एकाधिकार पुँजीवाद हाम्रा लागि प्रमुख बाधक र समस्या रहँदै आएको छ। एकातिर नेपालका प्राकृतिक साधनस्रोत र आर्थिक सम्पदामाथि विदेशीहरूको एकाधिकार कायम हुने कार्य भइरहेको छ भने अर्कातिर नेपालीहरूका थाप्लामा ऋणको भार थपिँदै छ र वैदेशिक व्यापार घाटा चुलिँदै गइरहेछ। यो पराधनीनता र परनिर्भरताको दुष्चक्रको परिणामस्वरूप देशका उद्योगधन्दाहरू चौपट भएका छन्। देशभित्र उत्पादनशील रोजगारीको अभावमा वर्षेनी लाखौं युवाहरू बिदेसिन बाध्य छन्। बौद्धिक पलायनको क्रम डरलाग्दोसँग बढ्दो छ। देशमा कमिसनतन्त्र र भ्रष्टाचारको जालो मौलाउँदै गएको छ। त्यसैका आडमा फस्टाएको सानो भुइँफुट्टा वर्ग अर्थात् दलाल तथा नोकरशाही पुँजीपतिवर्गले देशको शासनसत्ता र अर्थतन्त्रमाथि हालीमुहाली गर्दै गइरहेको छ।

सामन्तवाद र साम्राज्यवादरूपी नेपालको अग्रगमनको अवरोधका यी दुई ठूला पहाडलाई पन्छाएर सबै वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक, सांस्कृतिक उत्पीडनलाई अन्त्य गरी राज्यको जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा रूपान्तरण गर्नु लोकतान्त्रिक आन्दोलनको तत्कालीन प्रमुख कार्यभार हो। साथै राष्ट्रियता र गणतन्त्र नेपाली लोकतान्त्रिक आन्दोलनका दुई अविभाज्य पहलु हुन् र यी दुईमध्ये एकलाई उपेक्षा गरेर देशमा विद्यमान समस्याको दिगो समाधान सम्भव छैन भन्ने हाम्रो कटु यथार्थ हो।

## २.०. लोकतान्त्रिक आन्दोलन : जनयुद्ध र जनआन्दोलनको संयोजन

राजतन्त्रात्मक सामन्ती निरङ्कुश राज्यसत्ताका विरूद्ध नेपाली जनताले विगत साठी वर्षदेखि निरन्तर सङ्घर्ष गर्दै आइरहेका छन्। सङ्घर्षको स्वरूप भने कहिले सशस्त्र र कहिले निशस्त्र रहँदै आएको छ। जनताको सङ्घर्षको नेतृत्व कहिले संसद्वादी सुधारवादी राजनीतिक शक्तिले, कहिले कम्युनिष्ट क्रान्तिकारी राजनीतिक शक्तिले र कहिले दुवैले संयुक्त रूपमा गर्दै आइरहेका छन्। समाजको वहुवर्गीय संरचनाअनुरूप लोकतान्त्रिक आन्दोलनमा विभिन्न पेसागत, जातीय, भाषिक समूहहरू, जनवर्गीय सङ्गठनहरू र नागरिक आन्दोलनकारीहरूसमेतको महत्त्वपूर्ण योगदान हुने गरेको छ।

सामन्ती निरङ्कुश राज्यसत्ताका विरूद्ध सबभन्दा पहिले २००७ सालमा पुँजीवादी संसदीय लोकतन्त्रको पक्षधर नेपाली काङ्ग्रेसले हतियारबद्ध सङ्घर्ष गरेको हो। परन्तु यो सङ्घर्ष राज्य र समाजको अग्रगामी रूपान्तरणविना बिचैमा सामान्य राजनीतिक सुधारसहितको सम्झौतामा टुङ्ग्याइएको र सेना तथा हतियारको व्यवस्थापन ठीकसँग नगरिएको हुनाले राजतन्त्रका नेतृत्वमा सामन्ती निरङ्कुशता नयाँ ढङ्गले जारी रह्यो।

२०१७ सालपछिको तीस वर्षे पञ्चायती निरङ्कुशकालमा पनि नेपाली काङ्ग्रेसले पटकपटक सशक्त सङ्घर्षको अभ्यास गऱ्यो। परन्तु उसले कहिल्यै पनि सामन्ती राजतन्त्रसँग निर्णायक सङ्घर्ष गर्न सकेन। आखिरमा २०३३ सालपछि उसले कथित 'राष्ट्रिय मेलमिलाप' का नाउँमा राजतन्त्रसँग आत्मसमर्पण गर्ने घोषित नीति नै लियो।

विभाजित विभिन्न कम्युनिस्ट घटकहरूले पञ्चायती कालभर सामन्तवाद र राजतन्त्रका विरूद्ध आआफ्नै ढङ्गले शान्तिपूर्ण र सशस्त्र सङ्घर्षको प्रयत्न गरे। तीमध्ये हालको एमालेको पूर्वरूप तत्कालीन माले समूहले झापामा चलाएको सशस्त्र सङ्घर्ष प्रमुख सह्यो। तर सो समूहको नेतृत्वमा आएको वैचारिक विचलनस्वरूप आमूल परिवर्तनकारी एजेन्डा र सशस्त्र सङ्घर्षको बाटो छोडी त्यो क्रमशः सुधारवादी सङ्घर्षमा सीमित हुनुपुग्यो। २०४६ सालपछि एमाले नामकरण भएको त्यो समूह अन्ततः 'बहुदलीय जनवाद' नाउँका संसदीय पुँजीवादी कार्यक्रम अङ्गीकार गर्दै पुँजीवादी सुधारवादी कित्तामा उभिन पुग्यो।

२०४६ सालको राजनीतिक परिवर्तनपछि पनि सामन्त, नोकरशाह र दलाल पुँजीपति वर्गको हित गर्ने राजयको आधारभूत सामन्ती र निरङ्कुशतावादी चरित्रमा खासै परिवर्तन हुन सकेन। युगौंदेखिका वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र दलित उत्पीडनका समस्या ज्यूँका त्यूँ रहे। संसदीय निर्वाचनबाट सत्तामा पुगेका नेपाली काङ्ग्रेस र एमालेले उही पुरानै संरचनालाई टालटुल र लिपपोत गर्दै निरन्तरता दिने र टिकाउने भगीरथ प्रयास गरे। ती सबै व्यर्थ भए।

२०४७ देखि पाँच वर्षसम्म सदन र सडकबाट शान्तिपूर्ण ढङ्गले समाज र राज्यको अग्रगामी रूपान्तरणका निम्ति उठाएका आवाजहरूको कुनै सुनुवाइ नभएपछि २०५२ फागुन १ गतेबाट नेकपा (माओवादी) ले सशस्त्र जनयुद्धको थालनी गऱ्यो। राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित ४० सूत्रीय मागहरू नै जनयुद्धका राजनीतिक एजेन्डा थिए। वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र दलित प्रश्नलाई एकीकृत ढङ्गले जनचाहनाअनुरूप उठाएका कारण जनयुद्धले छोटो अवधिमा तीव्र विकास गऱ्यो। दश वर्षका अवधिमा दशौं हजारको बलिदान दिएर जनयुद्धले युगौंदेखि जरा गाडेको सामन्तवाद र राजतन्त्रको जरा देशका कुनाकाप्चाबाट उखेल्यो, त्यो नेपाली इतिहासको मात्र नभएर समकालीन विश्व इतिहासकै अनुपम घटना हो। त्यही पृष्ठभूमिमा राजतन्त्रबाट पुनः एकपटक पाखा लगाइएका काङ्ग्रेस, एमालेलगायतका संसद्वादी दलहरू र सशस्त्र जनयुद्ध लडिरहेको नेकपा (माओवादी) बिच २०६२ मङ्सिर ७ गते ऐतिहासिक १२-बुँदे समझदारी भयो। सामन्ती राजतन्त्रका विरूद्ध शान्तिपूर्ण जनआन्दोलन र सशस्त्र जनयुद्धको संयोजन गर्ने त्यो समझदारीकै आडमा २०६२/६३ मा जुन अपूर्व आन्दोलन भयो, त्यो अहिलेसम्मको लोकतान्त्रिक आन्दोलनको उत्कर्ष थियो। त्यसैको परिणामस्वरूप लामो समयदेखि निरन्तर रहँदै आएको राजतन्त्रलाई वस्तुतः खारेज गरेर अन्तरिम संविधान र अन्तरिम सरकार निर्माण गर्दै अहिले हामी सङ्घयि लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नेपाली इतिहासको पहिलो संविधानसभाको निर्वाचनका सँघारमा छौं। यो निश्चय नै साठी वर्षदेखिको नेपाली लोकतान्त्रिक आन्दोलनको भव्य सफलता हो र त्यसमा हामीले गर्व गर्नै पर्दछ।

यसै क्रममा शसस्त्र जनयुद्ध र त्यस दौरानमा भएको दशौं हजारको बलिदानको औचित्यबारे प्रश्न उठ्छ। परन्तु अब ऐतिहासिक तथ्यहरूबाट पुष्टि भइसकेको छ, दश वर्षे महान् जनयुद्ध २००७ सालदेखि पटकपटक भएका सशस्त्र सङ्घर्षहरूले पूरा गर्न नसकेको राजनीतिक कार्यभार पूरा गर्ने क्रान्तिकारी आन्दोलनको सर्वोच्च शिखर हो। माओवादी जनयुद्धको योगदानविना आजको राजनीतिक परिवर्तनको कल्पना कसैले गर्न सक्दैन। आज देशमा जुन वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र दलित जागरण पैदा भएको छ र देशलाई संविधानतः सङ्घीय लोकतान्त्रिक गणतन्त्र

घोषणा गरिएको छ, त्यसको श्रेय मुख्यतः दश वर्षे जनयुद्धलाई नै जान्छ । जनयुद्धका क्रममा विकसित बीसौँ हजारको जनमुक्ति सेना नभएको भए आज राजतन्त्रले यति सजिलै घुँडा टेक्दथ्यो भनेर कसैले कल्पनै गर्न सक्दैन । निश्चित रूपमा यो प्रक्रियामा अरू आन्दोलनकारी शक्तिहरूको पनि यथोचित भूमिका रहेको छ । परन्तु त्यसका केन्द्रमा जनयुद्धको प्रमुख भूमिका रहेको तथ्यलाई सबैले सहज रूपमा स्वीकार्नै पर्दछ ।

जहाँसम्म बलिदानको प्रश्न छ, कुनै पनि युगान्तकारी क्रान्तिहरू महान् बलिदानको ऊर्जाविना सफल हुनै सक्दैनन् । बरु विश्व इतिहासले भन्छ जुन देश र जनताले क्रान्तिमा जति ठूलो बलिदानको कोटा चुक्ता गरेका छन्, आज तिनै देश र जनता विकासको उति नै बढी उचाइमा छन् । अमेरिका, फ्रान्स, रूस, चीनलगायतका देशहरूको वर्तमान र विगत त्यसका साक्षी छन् ।

परन्तु कुनै पनि महान् क्रान्ति नापेतौले ढङ्गले सम्पन्न हुँदैनन् । क्रान्तिका क्रममा कैयौं अनपेक्षित र अवाञ्छित बलिदान र क्षति हुने गर्दछन् जसलाई चाहँदाचाहँदै पनि रोक्न सकिँदैन । हाम्रो महान् जनयुद्धका दौरान पनि चितवनको बाँदरमुढे घटना जस्ता केही दुःखद घटना हुन पुगेका छन् । अन्य कैयौं निर्दोष व्यक्ति र परिवारमा अनावश्यक दुःखकष्ट र क्षति हुन गएको छ । ती सबै कुराहरूका निम्ति पार्टीका तर्फबाट हामी पुनः हार्दिक क्षमायाचना गर्दछौं ।

फेरि पनि माओवादी जनयुद्ध कुनै 'अतिवादी' आन्दोलन नभएर नेपाली इतिहासको अपरिहार्य वस्तुगत आवश्यकता थियो भनेर सबैले बुझ्नु जरूरी छ। त्यही जनयुद्धका उपलब्धिहरूको रक्षा गर्दै अहिले हामी भिन्न ढङ्गले क्रान्तिकारी परिवर्तनलाई संस्थागत गर्ने क्रममा छौं । आसन्न संविधानसभा निर्वाचन त्यसैको एउटा कडी हो ।

## ३.०. संविधानसभा : कसको भूमिका के ?

संविधानसभाको निर्वाचन भनेको प्रत्येक पाँच वर्षमा भइरहने सामान्य संसदीय निर्वाचन होइन । यो त एक युगमा एकचोटी आउने विशिष्ट परिघटना हो किनकि संविधानसभा भनेको सबै उमेर पुगेका नागरिकहरूले बराबरी मतका आधारमा स्वतन्त्र र निष्पक्ष ढङ्गले आफ्ना प्रतिनिधिहरू चुनेर उनीहरूद्वारा आफूमा निहित सार्वभौम तथा राजकीय सत्ताको प्रयोग गर्दै देशको मूल कानुन अर्थात् संविधान बनाउने माध्यम हो । त्यस्तो संविधानसभाको निर्वाचन कुनै देशको मूल कानुन अर्थात् संविधान बनाउने माध्यम हो । त्यस्तो संविधानसभाको निर्वाचन कुनै देशको इतिहासमा सयौं वर्षमा एकपटक हुने गर्दछ । विश्व इतिहासलाई दृष्टिगत गर्दा खासगरी कुनै देशमा सामन्तवाद र राजतन्त्र वा विदेशी उपनिवेशको अन्त्य भएर पुँजीवादी लोकतन्त्र संस्थागत गर्ने क्रममा संविधानसभाको निर्वाचन हुने गर्दछ । त्यसैले संविधानसभालाई पुँजीवादी लोकतन्त्रको 'सर्वोच्च रूप' पनि भन्ने गरिन्छ । नेपालमा पनि संविधानसभाको निर्वाचनको प्रसङ्ग सामन्तवाद र राजतन्त्रलाई अन्त्य गरी पुँजीवादी लोकतन्त्रलाई पूर्णता दिने विधिका रूपमा २००७ सालदेखि उठ्दै आइरहेको छ । परन्तु एकातिर सामन्ती राजतन्त्रवादी शक्तिको तीव्र विरोध एवम् षड्यन्त्र अनि अर्कातिर पुँजीवादी संसद्वादी शक्तिको ढुलमुले र आत्मसमर्पणवादी नीतिका कारणले संविधानसभा निर्वाचन पटकपटक टर्दै र सर्दै आएको छ । खालि कम्युनिष्ट क्रान्तिकारीहरूले मात्रै संविधानसभाको प्रश्नलाई निरन्तर रूपले गम्भीरतापूर्वक उठाउँदै आइरहेका छन् किनकि पुँजीवादी जनवादी क्रान्ति पूरा गरेर समाजवादका निम्ति वस्तुगत आधार तयार गर्न यसले प्रगतिशील भूमिका खेल्छ भन्ने उनीहरूको सिद्धान्तनिष्ठ विश्वास छ । आसन्न संविधानसभा निर्वाचनका सन्दर्भमा आम जनसमुदायले यो ऐतिहासिक तथ्यलाई राम्ररी मनन गर्नै पर्दछ । को संविधानसभा विरोधी हो र को साँच्चै संविधानसभा पक्षधर हो ? त्यसको छिनोफानो हुनै पर्दछ ।

## ३.१. सामन्ती राजतन्त्र : निरन्तर प्रतिगामी षड्यन्त्र

जनताको सार्वभौमसत्ता स्थापित गर्ने विधि र संयन्त्रका रूपमा संविधानसभा भनेको सामन्तवाद र राजतन्त्रको निषेधार्थी अवधारणा र संस्था हो । त्यसैले विश्व इतिहासमा सामन्तवादी राजतन्त्रले संविधानसभाको विरोध गर्नु र त्यसका विरूद्ध षड्यन्त्र गर्नु स्वाभाविक कुरा हो । नेपालको इतिहास त्यसको अपवाद छैन र त्यसलाई अन्यथा ठान्नुहुँदैन ।

२००७ सालमा बाध्य भएर राजा त्रिभुवन आफैँले संविधानसभाको निर्वाचन गराउने घोषणा गरेका हुन् । तर आफ्नो स्थिति अनुकूल हुँदै गएपछि उनले विभिन्न वहानामा यो निर्वाचन टार्दै गए । अन्ततः २०१४ सालमा पुगेर राजा महेन्द्रले संविधानसभाका सट्टा आफैँले दिएको संविधानअन्तर्गत २०१५ सालमा संसद्को निर्वाचन गर्ने घोषणा गरे । २०१७ सालमा सेनाको बलमा त्यही संसद् पनि विघटन गरेर निरङ्कुश पञ्चायती शासन थोपरिदिएपछि राजा र राजतन्त्रवादीहरूले फेरि कहिल्यै संविधानासभाको निर्वाचन गराउने कुरा गरेनन् ।

२०४६ सालको जनआन्दोलनले पञ्चायती तानाशाहीको अन्त्य गरेपछि पुनः २०१५ सालको गल्ती दोहोऱ्याउँदै देशको सार्वभौमसत्ता र राजकीय सत्ता राजामा रहने गरी राजा वीरेन्द्रद्वारा २०४७ सालको संसदीय संविधान जारी गरियो । त्यो संविधानलाई पनि राजा ज्ञानेन्द्रले पहिले २०५९ असोज १८ गते र पछि २०६१ माघ १९ गते खुल्लमखुल्ला बलात्कार गरे ।

दश वर्षे जनयुद्धका जगमा सम्पन्न २०६२/०६३ को जनआन्दोलनपछि नेपाली इतिहासमा पहिलो पटक नेपाली जनता आफैँले सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग गर्दै अन्तरिम संविधान, २०६३ जारी गरियो । नेकपा (माओवादी) र सात संसद्वादी दलको सरकारबिच सम्पन्न बृहत् शान्तिसम्झौताअन्तर्गत जारी गरिएको यस संविधानले राजतन्त्रलाई वस्तुतः निलम्वन गऱ्यो र राजतन्त्रबारे फैसला २०६४ जेठमा हुने संविधानसभाको पहिलो बैठकबाट साधारण बहुमतले हुने घोषणा भयो । परन्तु राजा र राजावादीहरूको षड्यन्त्र र संसद्वादी शक्तिहरूको अकर्मण्यता समेतका कारण यस मितिमा संविधानसभाको निर्वाचन भएन । त्यसपछि नेकपा (माओवादी) ले आफ्नो पहिलदेखिको अडानमा जोड दिँदै पहिले राजतन्त्र खारेज गरेर गणतन्त्र घोषणा गरिएपछि मात्रै सार्थक संविधानसभा निर्वाचन सम्भव हुने कुरा अघि साऱ्यो र २०६४ असोज १ गतेबाट अन्तरिम सरकार छाडेर २२-सूत्रीय माग राखी तिनलाई पूरा गराउन आन्दोलनमा उत्रियो । त्यसैको परिणामस्वरूप पौष १३ गते भएको अन्तरिम संविधानको तेस्रो संशोधनले नेपाललाई 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गरी त्यसको कार्यान्वयन व्यवहारतः संविधानसभाको पहिलो बैठकबाट हुने तय भयो ।

यसरी देशमा संविधानतः गणतन्त्र घोषणा भएर पनि त्यसको कार्यान्वयन हुन बाँकी रहेको विशिष्ट अवस्था विद्यमान छ । यस स्थितिमा गणतन्त्रको निर्णय कार्यान्वयन गर्ने संविधानसभाको निर्वाचन हुन नदिन राजा र राजावादी शक्तिहरूबाट अहिले पनि विभिन्न षड्यन्त्र भइरहेको र भविष्यमा पनि हुने कुरा कुरा स्वतः स्पष्ट छ । त्यसका विरूद्ध उच्च सतर्कता अपनाउँदै र हिजो राजतन्त्रको भ्रम र प्रभावमा रहेका शक्तिहरूमा नयाँ गणतान्त्रिक धारमा संलग्न हुन अभिप्रेरित गर्दै छिटोभन्दा छिटो संविधानसभाको निर्वाचन सम्पन्न गराउनु नै आज हामी सबैको प्रमुख कार्यभार हो र यो नै देश र जनताको हितमा हुने स्पष्ट छ । सैन्य बलका भरमा वा अन्य तरिकाद्वारा

राजावादी शक्तिहरूले संविधानसभा निर्वाचन हुन नदिने वा भाँड्ने प्रयत्न गरेमा त्यसको सशक्त प्रतिकार गर्न आजैदेखि हामी सबै तयार हुनु जरूरी छ ।

## ३.२. संसद्वादी शक्ति : ढुलमुलपन र आत्मसमर्पणवादको प्रतिमूर्ति

संविधानसभाको नारा मूलतः पुँजीवादी नारा भए पनि नेपालका संसद्वादी दलहरूमा अन्तरनिहित दलाल तथा नोकरशाही पुँजीवादी चरित्रका कारण उनीहरू कहिल्यै पनि संविधानसभाका पक्षमा दह्रोसँग उभिन सकेका छैनन । दलाल तथा नोकरशाही पुँजीवादको चरित्र आन्तरिक रूपमा सामन्तवाद वा राजतन्त्रसँग र बाह्य रूपमा साम्राज्यवादसँग घुँडा टेक्ने हुन्छ । परन्तु क्रान्तिकारी आन्दोलनको चाप बढेका बेला वा राजतन्त्रले लात हानेका बेला उनीहरू संविाधनसभा र गणतन्त्रका पक्षमा उभिन पनि पुग्दछन् । यो ढुलमुले र आत्मसमर्पणवादी चरित्र नेपालका संसद्वादी दलहरू र मुख्यतः नेपाली काङ्ग्रेस र एमालेमा राम्ररी देख्न सकिन्छ ।

२००७ सालको आन्दोलनताका नेपाली काङ्ग्रेसले संविधानसभाको कुरा गरे पनि पछि राजा त्रिभुवनले त्यसबारे आलटाल गर्दै जाँदा उसले त्यसका विरूद्ध न त दह्रो अडान लिन सक्यो, न त प्रभावकारी आन्दोलन नै गऱ्यो । फलतः २०१४ सालमा राजा महेन्द्रले संविधानसभाका सट्टा संसद्को निर्वाचन गर्ने घोषणा गरेपछि नेपाली काङ्ग्रेसले संविधानसभाको माग छोडेर राजाले दिएको संविधान र त्यस बमोजिमको संसदीय निर्वाचनलाई शिरोधार्य गर्दै संसदीय निर्वाचनमा भाग लिन पुग्यो । त्यसको तितो फल उसले २०१७ सालको शाही 'कु' पछि पायो, तर त्यसपछि पनि उसले पटक्कै चेतेन ।

नेपाली काङ्ग्रेस २०४६ को आन्दोलनपछि संविधानसभाका सट्टा संविधान सुझाव आयोगका पक्षमा उभियो र त्यस्तो राजाका प्रतिनिधिसमेतको आयोगले बनाएको २०४७ को संविधानलाई 'विश्वकै उत्कृष्ट संविधान' भनेर डङ्का बजाउँदै रह्यो । २०५८ सालमा सम्पन्न पहिलो शान्तिवार्ताकालमा नेकपा (माओवादी) ले राखेको संविधानसभा निर्वाचनको प्रस्तावलाई तत्कालीन नेपाली काङ्ग्रेसको सरकाले अस्वीकार गरेकाले नै वार्ता भङ्ग भएको थियो । २०६१ माघ १९ को शाही कदमपश्चात् राजाले ठूलो लात हानेपछि मात्रै २०६२ बैशाखमा पहिलो पटक नेपाली काङ्ग्रेससहित सबै प्रमुख संसद्वादी दलहरूले संविधानसभा निर्वाचनमा जाने निर्णय गरेका हुन् । परिस्थितिको बाध्यताले मात्रै अहिले नेपाली काङ्ग्रेस संविधानसभाका पक्षमा देखिए पनि भविष्यमा उसको त्यसप्रतिको प्रतिवद्धताको अझै पनि कुनै ग्यारेन्टी छैन भनेर हामी सबैले मनन गर्नै पर्दछ ।

एमालेको वर्तमान अवतारमा जन्म भएदेखि नै उसको संविधानसभासम्बन्धी दृष्टिकोण काङ्ग्रेसको जस्तै ढुलमुल र अस्पष्ट रहँदै आएको छ । २०४७ सालको संविधानको 'कमा र फूलस्टप' पनि परिवर्तन गर्नुहुन्न भन्ने झ्याली पिट्दै हिँड्ने र २०६० सालमा प्रतिगमन आधा सच्चियो भनेर शाही सरकारमा सामेल हुने एमाले अन्ततः २०६१ माघ १९ मा राजाको लात खाएपछि मात्रै संविाधनसभा निर्वाचनका पक्षमा उभिएको हो । महत्त्वपूर्ण राजनीतिक मुद्दाहरूमा सधैँ अस्पष्ट र ढुलमुल रहने र जता हावा चल्छ उतै बग्ने एमाले नेतृत्वको चरम अवसरवादी र अविश्वसनीय चरित्रप्रति सबै सतर्क रहनै पर्दछ ।

तैपनि काङ्ग्रेस, एमालेलगायतका दलहरूभित्र संविधाानसभा र गणतन्त्रलाई आत्मसात् गर्ने कतिपय मान्छेहरू छन्, उनीहरूसँग एकताबद्ध हुन हामीले विशेष जोड लगाउनै पर्छ ।

### ३.३. माओवादी क्रान्तिकारी : स्पष्टता र दृढताको चिनारी

नेपालजस्तो अर्धसामन्ती तथा अर्धऔपनिवेशिक देशमा पहिले सामन्तवादी र राजतन्त्रका सबै रूपहरूको अन्त्य गरेर पुँजीवादी जनवादी क्रान्ति पूरा गरेपछि मात्रै समाजवादको आधार तयार गर्न सकिन्छ भन्ने क्रान्तिकारी कम्युनिष्टहरूको सुरुदेखिकै दृढ अडान र मान्यता रहँदै आएको छ । त्यसै मान्यताअनुरूप क्रान्तिकारी कम्युनिस्टहरूको मूलधार नेकपा (माओवादी) ले संविधानसभालाई पुँजीवादी लोकतन्त्रको उच्चतम रूप मान्दै त्यसप्रति आफ्नो दृढ प्रतिबद्धता व्यक्त गर्दै आएको छ ।

२०१४ सालमा राजा महेन्द्रले संविधानसभा निर्वाचनको प्रश्नलाई इतिहासको बन्द कोठामा थुनिदिएपछि विभाजित कम्युनिष्ट पार्टीका घटकहरूले आक्कलझुक्कल संविधानसभाको कुरा नउठाएका होइनन् । तर त्यो इतिहासको गर्भमा थच्चिएर बसेको संविधानसभाको राजनीतिक मुद्दालाई जीवन्त पार्दै राष्ट्रिय राजनीतिको केन्द्रमा स्थापित गर्ने काम नेकपा (माओवादी) र उसका नेतृत्वमा सञ्चालित जनयुद्धले नै गरेको जगजाहेर छ । जनयुद्धको पूर्वसन्ध्यामा प्रस्तुत ४०-सूत्रीय मागमा 'चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ' भन्ने कुरालाई प्राथमिकताका साथ उठाइएको कुराले त्यसको थप पुष्टि गर्दछ ।

जनयुद्धको विकाससँगै संविधानसभाको नारालाई व्यवस्थित ढङ्गले उठाउने र अझै समृद्ध पार्ने काम भयो । सर्वप्रथम २०५७ सालमा सम्पन्न पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले पार्टीको तत्कालीन कार्यनीतिलाई 'गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचन' का रूपमा सूत्रबद्ध गर्‍यो । त्यसैका आधारमा २०५८ सालको पहिलो शान्तिवार्तामा संविधानसभाको निर्वाचनको मागलाई केन्द्रीय राजनीतिक मागका रूपमा प्रस्तुत गरियो । परन्तु सो माग तत्कालीन नेपाली काङ्ग्रेको सरकारले इन्कार गरेकाले शान्तिवार्ता भङ्ग भयो र पहिलो चोटि शाही सेनासँग जनमुक्ति सेनाको सशस्त्र भिडन्त सुरु भयो । फलस्वरूप त्यतिबेलासम्म जनयुद्धको क्रममा एक डेढ हजार मनिसको मत्र बलिदान त्यसपछि थप दशौं हजारको बलिदान भयो ।

२०६० सालमा सम्पन्न दोस्रो शान्तिवार्ता पनि संविधानसभाको निर्वाचनलाई तत्कालीन सरकारले स्वीकार नगरेकाले भङ्ग भएको थियो । ३०६३ सालमा भएको तेस्रो शान्ति वार्तामा मात्र मुख्यतः संविधानसभा निर्वाचनबारे सहमति भएकाले बृहद् शान्तिसम्झौता सम्पन्न भई नेपाली राजनीति यहाँसम्म आइपुगेको हो । यो ऐतिहासिक तथ्यलाई कसैले पनि बिर्सन वा अवमूल्यन गर्न मिल्दैन ।

यसरी संविधानसभाको राजनीतिक मागका लागि दशौं हजार होनहार योद्धाहरूको बलिदान गरेको राजनीतिक पार्टीका नाताले संविधानसभा निर्वाचनप्रति नेकपा(माओवादी) को सबभन्दा बढी प्रतिबद्धता र जिम्मेवारी रहेकको कुरामा कुनै शङ्का रहन्न । जसरी बच्चा जन्माउने आमालाई नै बच्चाको सबभन्दा बढी माया हुन्छ र आमाले नै बच्चालाई सबभन्दा राम्ररी हुर्काउन सक्छिन्, त्यसरी नै माओवादीलाई संविधानसभाको सबभन्दा बढीमा छ र उसले मात्रै यसलाई ठिक ढङ्गले लालनपालन गर्न सक्छ भन्ने सबैले बुझ्नु आवश्यक छ ।

संविधानसभाको प्रश्नलाई नेकपा (माओवादी) ले पुरानो शास्त्रीय अर्थमा मात्र नभएर नयाँ विकसित विचारशृङ्खला 'प्रचण्डपथ' ले अघि सारेको जनवादको विकासको नवीन अर्थमा पनि

महत्त्व दिएर उठाएको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ। २०६० सालमा अध्यक्ष क. प्रचण्डबाट प्रस्तुत र पार्टीद्वारा पारित 'एक्काइसौं शताब्दीमा जनवादको विकास' सम्बन्धी प्रस्तावले अहिले पुँजीवादी क्रान्तिको चरण्मा मात्र होइन, भोलिको समाजवादी व्यवस्थामा पनि बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिलाई स्वीकार गर्द्रछ। त्यस हिसाबले बहुदलीय प्रतिस्पर्धात्मक ढङ्गले चुनिएका जनताका प्रतिनिधिहरूबाट संविधान निर्माण गर्ने विधि वा संविधानसभाको विधि हाम्रो विकसित विचार शृङ्खलासँग पनि पूरै मेल खान्छ। यसरी संविधानसभाप्रति हाम्रो सैद्धान्तिक र व्यावहारिक प्रतिवद्धताबारे प्रश्न उठाउनु व्यर्थ छ। त्यसमाथि फेरि पनि संविधानसभा आफैँमा साध्य नभएर लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने वा राज्यको अग्रगाम्री पुनसंरचना गर्ने सर्वोत्तम विधि वा साधन मात्र हो। यसलाई सामान्य संसदीय निर्वाचनका सतहमा गिराएर यसको महत्त्व र भूमिकालाई कमजोर पार्ने र ओपचारिकतामा मात्र सीमित राख्ने यथास्थितिवादी संसद्वादी शक्तिहरूको खेलप्रति एकातिर सतर्क रहनु आवश्यक छ भने अर्कातिर संविधानसा निर्वाचन नै हुन नदिने प्रतिगामी राजावादी शक्तिहरूको षड्यन्त्रलाई सम्पूर्ण शक्तिका साथ परास्त गर्न अघि सर्नु पनि आवश्यक छ।

◆ ◆ ◆

## II. नयाँ संविधानको अन्तरवस्तु : स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्र

नेपाली इतिहासमा जनताका चुनिएका प्रतिनिधिहरू वा संविधानमार्फत निर्माण हुने नयाँ संविधानको मुख्य आधार र अन्तरवस्तु के हुनुपर्ला ? नेकपा (माओवादी) को दृढ विश्वास छ कि त्यसको मुख्य आधार भनेको दश वर्षे जनयुद्ध र उन्नाइस दिने जनआन्दोलनको जनादेश नै हो। अर्थात् जनयुद्ध र जनआन्दोलनका दशौं हजार सहिदरहरू, हजारौं बेपत्ताहरू र हजारौं अङ्गभङ्ग भएका घाइतेहरूको सपना नै नयाँ संविधानको अन्तरवस्तु हो। जनयुद्ध र जनआन्दोलनको क्रममा लाखौंको सङ्ख्यामा सशस्त्र र निशस्त्र सङ्घर्षमा उत्रेका जनताले वैदेशिक प्रतिक्रियावादी शक्तिहरूको आडम सामन्तवाद, राजतन्त्र र एकात्मक राज्यसत्ताद्वारा हुँदै आएको वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, सांस्कृतिक, धार्मिक, सामाजिक उत्पीडनबाट मुक्ति चाहेका थिए र त्यसका निम्ति राज्यको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा अग्रगामी रूपान्तरण चाहेका थिए। साथै ठूलो सङ्ख्यामा सङ्गठित विद्रोहमा उत्रेका गरिब किसान, मजदुर, दलित, महिला, मधेसी, जनजातिलगायतका उत्पीडित समुदायले भावी गणतन्त्र मुट्ठीभर हुनेखाने वर्गको मात्र हित गर्ने व्यवस्था नभएर बहुसङ्ख्यक श्रमजीवी जनताको समेत हित गर्ने जनमुखी गणतन्त्र होस् भन्ने चाहेका थिए। त्यस अतिरिक्त युगौंदेखिको बाह्य अर्धऔपनिवेशिक उत्पीडनबाट आक्रान्त देशभक्त जनताले भोलिको गणतन्त्र पराधीन र पराश्रित गणतन्त्र नभएर स्वाधीन गणतन्त्र होस् भन्ने चाहेका थिए। यसरी स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दै समुन्नत नयाँ नेपालको निर्माण गर्नु दश वर्षे जनयुद्ध र उन्नाइस दिने जनआन्दोलनको जनादेश थियो।

यही तथ्यलाई आत्मसात् गर्दै नेकपा (माओवादी) निर्वाचित संविधानसभामार्फत निम्न मुख्य अन्तरवस्तुसहितको स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नयाँ संविधान निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

**१. राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डता :** सबै खालका अर्धऔपनिवेसिक र असमान सम्बन्धहरूको अन्त्य गर्दै नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र भौगोलिक अखण्डताको पूर्ण रक्षा गरिनेछ र त्यसलाई अरू सुदृढ गरिनेछ।

२. सङ्घीय राज्यप्रणाली : नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त मुलुक हो। त्यसैले जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासनका आधारमा नेपालका ठोस विशिष्टताहरूमाथि समेत ध्यान दिँदै राज्यको वर्तमान एकात्मक स्वरूपको अन्त्य गरी सङ्घात्मक ढाँचामा राज्यको पुनर्संरचना गरिनेछ र देशको सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता र भौगोलिक अखण्डतालाई नयाँ आधारमा थप मजबुत गरिनेछ।

**३. गणतन्त्रात्मक शासनव्यवस्था :** देशमा सामन्तवादका सबै रूपहरू र राजतन्त्रको पूर्ण उन्मूलन गरी गणतन्त्रात्मक शासन व्यवस्था कायम गरिनेछ। अन्तरिम संविधान, २०६३ को तेस्रो संशोधनले व्यवस्था गरे बमोजिम संविधानसभाको पहिलो बैठकबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गरिनेछ। प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित राष्ट्रपति र व्यवस्थापिका सदस्यहरूबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिनेछ। राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकाल दुई पूर्ण अवधिका निम्ति भन्दा बढी हुनेछैन।

**४. जनमुखी लोकतान्त्रिक पद्धति :** सार्वभौमसत्ता र राजकीय सत्ता पूर्ण रूपले जनतामा निहित रहनेछ जुन उनीहरूको आफ्ना चुनिएका प्रतिनिधिहरूमार्फत प्रयोग गर्नेछैन। संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकार, स्वतन्त्र एवम् निष्पक्ष आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता आदि गुणहरू युक्त पूर्ण लोकतान्त्रिक पद्धति अनुसरण गरिनेछ। लोकतन्त्रलाई औपचारिकतामा मात्र सीमित राख्ने विद्यमान परिपाटीको अन्त्य गरी त्यसलाई समाजका बहुसङ्ख्यक श्रमिक र विपन्न वर्गहरू र उत्पीडित जाति, क्षेत्र, महिला, दलित लगायतमा समेत लोकतन्त्रको प्रत्याभूति गराउन आवश्यक संवैधानिक व्यवस्था गरिनेछ र लोकतन्त्रलाई वास्तविकतामा रूपान्तरण गरिनेछ। राज्य र राज्यका निकायहरूमाथि नागरिकहरूको निरन्तर निगरानी सुनिश्चित गर्न स्वतन्त्र प्रेस र नागरिक समाजलाई प्रोत्साहित गरिनेछ।

**५. मानवअकिार :** अन्तर्राष्ट्रिय रूपमा स्थापित मापदण्ड अनुरूप मानवअकिारको सुनश्चितता गरिनेछ।

**६. नागरिक स्वतन्त्रता र मौलिक हक :** प्रत्येक नागरिकलाई अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा सङ्घ खोल्ने स्वतन्त्रता आदिको पूर्ण प्रत्याभूति गरिनेछ।

**७. मौलिक हक:** सबैलाई समानताको हक, शोषण विरूद्धको हक, गोपनीयताको हक, सामाजिक तथा जातीय भेदभाव विरूद्धको हक, यातना विरूद्धको हक, सूचनाको हक, प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, सम्पत्तिको हक आदि मौलिक हकहरूको ग्यारेन्टी गरिनेछ।

- शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभुतामा सबै नागरिकको मौलिक हक स्थापित गरिनेछ।
- भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार रहनेछ।
- श्रमिक र मजदुरवर्गलाई कुनै पनि प्रकारको विभेद र उत्प्रीडनका विरूद्ध माग राख्ने, सामूहिक सौदावाजी गर्ने, हड्ताल गर्ने हक रहनेछ। महिलाहरूलाई पैतृक सम्पत्तिलगायत सबै क्षेत्रमा पुरुषसरह समान अधिकार हुनेछ। प्रजनन र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहित रहनेछ।

- सबै बालबालिकाहरूलाई पोषण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनेछ।
- युवाहरूलाई आफ्नो शारीरिक, मानसिक र समग्र व्यक्तित्व विकासका निम्ति राज्यबाट सहयोग र संरक्षण प्राप्त गर्ने हक हुनेछ।
- सबै प्रकारका अपााङ्हरूलाई पहिचान, सम्मान, प्रतिनिधित्व र संरक्षणको हक हुनेछ।
- वृद्धवृद्धा र असहाय नागरिकहरूलाई राज्यबाट हेरचाह र संरक्षण प्राप्त गने हक हुनेछ।
- लोपोन्मुख र सीमान्तकृत जाति र समुदायलाई आफ्नो भाषा, संस्कृति र परम्पराको संरक्षण गर्ने र राज्याट आवश्यक सहयोग प्राप्त गर्ने हक हुनेछ।
- दुर्गम, पिछडिएका र उत्पीडित क्षेत्रका जनतालाई विकासको समान अवसर, राज्यका अङ्गमा समानुपातिक सहभागिता र सम्मान प्राप्त गर्ने हक हुनेछ।

- नागरिकहरूको मौलिक अधिकारलाई अझ व्यापक एवम् समृद्ध पार्न सहभगिताको हक, आत्मनिर्णयको हक, जीवन तथा आत्मरक्षाको हक, मानवीय सम्मानको हक, परिवारको हक, सामाजिक सुरक्षाको हक, मनोरञ्जन तथा विश्रामको हक, स्थानीय स्वशासनको हक, प्रत्याह्वानसम्बन्धी हक, न्यायालयमा पहुँचको हक, थुनुवा तथा दोषी करार व्यक्तिको हक, समानुपातिक प्रतिनिधित्वको हक, तेस्रो लिङ्गीहरूको हक जस्ता विविध हकहरूको व्यवस्था गरिनेछ ।

**८. धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता :** राज्य पूर्ण रूपले धर्मनिरपेक्ष रहनेछ । सबै नागरिकलाई आफ्नो आस्थाअनुसार धर्म मान्ने वा नमान्ने स्वतन्त्रता रहनेछ । कसैमथि पनि धार्मिक आस्थाका आधारमा भेदभाव गरिनेछैन ।

**९. नारिकता :** सङ्घात्मक प्रणाली लागू भएपछि पनि देशभर साझा नागरिकताको नीति अवलम्बन गरिनेछ । सबै नेपाली नागरिकलाई विनाभेदभाव र सहज ढङ्गले नागरिकता प्राप्त गर्ने अधिकार हुनेछ । गैरनेपाली नागरिकले झुक्याई वा जालसाजी गरी प्राप्त गरेको नेपाली नागरिकता आवश्यक छानबिन गरी खारेज गरिनेछ ।

**१०. भाषा :** नेपाल बहुभाषिक मुलुक भएकाले यहाँका सबै भाषाहरूलाई राष्ट्रिय भाषाका रूपमा स्थापित गरिनेछ । सङ्घीय संरचनाभित्र कुन राज्यमा कुन कामकाजको भाषा र कुन सम्पर्क भाषा हुने भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित राज्यको व्यवस्थापिकालाई रहनेछ ।

**११. समानुपातिक प्रतिनिधित्व र विशेष अधिकार :** समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र अन्य विभेद र असमानताको अन्त्य गर्न र लोकतन्त्रलाई अझ बढी जनमुखी र प्रभावकारी बनाउन राज्यका सबै अङ्ग र जनप्रतिनिधि संस्थाहरूमा महिला, दलित, उत्पीडित जाति/जनजाति, उत्पीडित क्षेत्र/दुर्गम क्षेत्र, मधेस, अल्पसङ्ख्यक समुदाय (मुस्लिमलगायत) आदिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ । सबभन्दा तीव्र उत्पीडनमा परेका महिला, दलित र मुस्लिम समुदायलाई ऐतिहासिक उन्पीडनको क्षतिपूर्तिस्वरूप निश्चित अवधिसम्म थप विशेष अधिकारको व्यवस्था गरिनेछ ।

**१२. सुरक्षा क्षेत्रको पुनर्संरचना :** हाल देशमा विधिवत् विद्यमान दुईवटा सशस्त्र सेना, नेपाली सेना र जनमुक्ति सेनामध्ये नेपाली सेनाको समग्र लोकतान्त्रिकीकरण र जनमुक्ति सेनाको व्यावसायीकरण गरेर दुबैको उचित ढङ्गले समायोजन गरिनेछ र नयाँ राष्ट्रिय सेना निर्माण गरिनेछ । नयाँ लोकतान्त्रिक परिपाटी अनुरूप र राज्यको सङ्घात्मक ढाँचामा पुनसंरचनामा मेल खाने गरी सेना, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागसमेत समग्र सुरक्षा पुनर्संरचना गरिनेछ ।

**१३. न्याय प्रणालीको पुनर्संरचना :** स्वतन्त्र न्यायपालिकासम्बन्धी अवारणाप्रति पूर्ण प्रतिवद्ध रहँदै न्याय प्रणालीलाई नयाँ लोकतान्त्रिक मूल्यमान्यता अनुरुप जनउत्तरदायी बनाइनेछ । राज्यको सङ्घात्मक पुनर्संरचना अनुरूप केन्द्रमा सर्वोच्च अदालत र सङ्घीय राज्यहरूमा उच्च अदालत र जिल्ला अदालत रहने गरी न्याय प्रणालीाको पुनर्संरचना गरिनेछ ।

**१४. संवैधानिक निकायहरूको पुनर्संरचना :** अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, महालेखा परीक्षक, राष्ट्रिय मानवअधिकार आयोग आदि संवैधानिक निकायहरूलाई स्वतन्त्र, सबल र प्रभावकारी बनाउने ढङ्गले आवश्यक पुनर्संरचना गरिनेछ । विशेषतः राज्यका अङ्गहरूमा व्याप्त भ्रष्टाचारको क्यान्सरबाट देश र समाजलाई मुक्त गरिनेछ र यसका लागि बढी प्रभावकारी वैकल्पिक निकायको व्यवस्था गरिनेछ ।

**१५.प्रशासनयन्त्रको पुनर्संरचना :** नयाँ लोकतान्त्रिक परिपाटी र राज्यको सङ्घात्मक पुनर्संरचनाअनुरूप प्रशासनको आवश्यक पुनर्संरचना गरिनेछ। प्रशासनलाई प्रक्रियामुखीभन्दा परिणाममुखी र जनउत्तरदायी, दक्ष तथा पारदर्शी बनाउने ढङ्गले आमूल परिवर्तन गरिनेछ।

**१६. नयाँ सङ्क्रमणकालीन अर्थनीति :** सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अर्थनीतिको आधार सामन्तवाद र साम्राज्यवाद विरोधी र नेपाली विशेषता सुहाउँदो **नयाँ सङ्क्रमणकालीन अर्थनीति** [New Transitional Economy Policy] हुनेछ। यसका मूल विशेषताहरू यी हुनेछन् :

- अर्थतन्त्रमा सामन्तवादका सबै रूपहरूको अन्त्य गरिनेछ। मुख्यतः सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ।
- अर्थतन्त्रलाई विश्वसाम्राज्यवादद्वारा लादिएको नव-उदारवादी अर्थनीतिको दुष्प्रभावबाट मुक्त राखिनेछ। परन्तु राष्ट्रिय योजना अनुरूप र राष्ट्रिय हितमा आवश्यकताअनुसार विदेशी प्रत्यक्ष लगानीलाई छुट दिइनेछ।
- लगानीका क्षेत्रमा सार्वजनिक-निजी साझेदारी (Public-Private Partnership, or PPP) प्रणालीलाई प्रश्रय दिइने।
- सहकारी प्रथालाई परिमार्जन गरी सबै क्षेत्रमा विशेष प्राथमिकताका साथ प्रबर्द्धन गरिनेछ।
- राज्यले दायित्व लिनुपर्ने तोकिएका विशेष क्षेत्रमा बाहेक अन्यत्र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्नु आर्थिक विकास नीतिको मुख्य चरित्र हुनेछ।

**१७. प्रत्यक्ष लोकतन्त्र र जनमतसङ्ग्रह :** जनताले सवोच्चताको सिद्धान्तलाई जीवन्त राख्न व्यावहारिक भएसम्म प्रत्यक्ष लोकतन्त्रको अभ्यासलाई संस्थागत गर्दै जाने संवैधानिक प्रावधान गरिनेछ। यसै अन्तर्गत देशलाई दीर्घकालीन रूपमा प्रभाव पार्ने विषयहरूलाई राष्ट्रिय जनमतसङ्ग्रहमार्फत निर्णय गरिनेछ।

**१८.सन्धि-सम्झौताको अनुमोदन :** राष्ट्रिय साधनस्रोतको बाँडफाँडसँग सम्बन्धित र राष्ट्रिय हितमाथि गम्भीर असर गर्ने खालका सबै अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र लिखतहरूको अनुमोदन केन्द्रीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट गर्ने संवैधानिक प्रावधान राखिनेछ।

**१९. राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरू :** अन्तरिम संविधानमा उल्लेख भएका राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूका अतिरिक्त स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र कार्यान्वयन गर्ने नीति र कार्यक्रमहरू तर्जुमा गरी लागू गर्नु राज्यको दायित्व हुनेछ।

**२०. संविधान निर्माणमा जनसहभागिता :** संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने क्रममा आम जनसमदाय, विभिन्न सरोकारवाला समूहहरू र विशेषज्ञहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने उपयुक्त विधिहरू अपनाइनेछ।

◆ ◆ ◆

# III. नेकपा (माओवादी) को परिकल्पना :

# समुन्नत नयाँ गणतान्त्रिक नेपालको स्थापना

नेपाली जनताले यतिबेला आमूल परिवर्तनसहित दिगो शान्ति र समुन्नत नेपालको चाहना गरिरहेछन्। दश वर्षे महान् जनयुद्धमार्फत पुरानो एकात्मक, सामन्ती र राजतन्त्रात्मक नेपालको अन्त्य गरेर नयाँ सङ्घात्मक, लोकतान्त्रिक र गणतन्त्रात्मक नेपालको आधार तयार गर्न नेकपा (माओवादी) ले अग्रणी भूमिका खेलेका कारण नयाँ समुन्नत नेपालको निर्माणको अपेक्षा पनि माओवादीबाटै हुनु अस्वाभाविक होइन। त्यसैले संविधानसभा निर्वाचनका क्रममा नेकपा (माओवादी) नयाँ नेपाल निर्माणको आफ्नो एजेन्डा जनसमक्ष प्रस्तुत गर्न पाउँदा विशेष गौरवको अनुभूति गर्दछ।

राष्ट्रियता, गणतन्त्र र आर्थिक-सामाजिक रूपान्तरणको एजेन्डासँगसँगै कार्यान्वयन गरेर मात्रै नयाँ समुन्नत नेपाल बन्न सक्छ भन्ने हाम्रो विश्वास छ। त्यसै अनुरूप हामी यहाँ भावी नेपालको निर्माणको मोटामोटी खाका प्रस्तुत गर्दछौं।

## (क) राष्ट्रियताको प्रश्न र अन्तर्राष्ट्रिय सम्बन्ध

वर्तमान भूमण्डलीकृत विश्वमा कुशलतापूर्वक राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्दै अन्तर्राष्ट्रिय सम्बन्धलाई सही ढङ्गले परिचालन नगरीकन तीव्र गतिमा समुन्नत नयाँ नेपाल निर्माण गर्न सकिन्न। त्यसका निम्ति नेकपा (माओवादी) निम्नअनुसार अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ :

**१. असमान सन्धि-सम्झौता :** नेपालको आत्मनिर्भर र दिगो विकासका लागि बृटिस-भारतको पालादेखि विकसित भएको नेपाल-भारत असमान सम्बन्धको गम्भीर समीक्षा गरेर त्यसमा समयानुकूल परिवर्तन गर्नै पर्दछ। त्यसका निम्ति मुख्य रूपमा सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि खारेज गरेर पञ्चशीलको सिद्धान्तका आधामा र आपसी हितमा नयाँ सन्धि गरिनुपर्छ। त्यसरी न अन्य सन्धि-सम्झौताहरूको पनि पुनरावलोकन गरेर आवश्यकताअनुसार संशोधन वा परिमार्जन वा खारेज गरिनुपर्दछ। यसबारे गम्भीर कूटनीतिक तथा अन्य पहल गरिनेछ।

**२. सीमा व्यवस्थापन :** नेपाल-भारत खुला सिमाना व्यवस्थित र नियन्त्रित गरिनुपर्छ। सुस्ता, कालापनीलगायत ठाउँठाउँमा देखिएका सीमा अतिक्रमण र विवादबारे यथाशक्य छिटो सत्यतथ्यका आधारमा र आपसी हितमा टुङ्गो लगाउनुपर्दछ। यीबारे प्राथमिकता साथ पहल गरिनेछ।

**३. गोर्खाभर्ती केन्द्र :** नेपाली नागरिकहरू विदेशी सेनामा भर्ती हुने गोर्खाभर्ती केन्द्रजस्ता लज्जास्पद परम्पराको अन्त्य गरिनुपर्छ र उनीहरू सबैलाई स्वदेशभित्रै सम्मानपूर्ण र उत्पादनशील रोजगारीको व्यवस्था गर्नुपर्दछ। यसबारे देशभित्र जनमत र सहज वातावरण निर्माण गरेर आवश्यक कदम चालिनेछ।

**४. भारत र चीनसँगको सम्बन्ध :** पञ्चशीलको सिद्धान्तका आधारमा विश्वका सबै देशहरूसँग मैत्रीसम्बन्ध राखिनेछ। भारत र चीन जस्ता दुई ठूला छिमेकीहरूसँगको सम्बन्ध सन्तुलित र सुदृढ बनाउन विशेष प्रयत्न गरिनेछ। विश्व अर्थतन्त्रको नयाँ इन्जिन बन्न थालेका चीन र भारतको

तीव्र आर्थिक विकासबाट लाभ लिन नेपाली शासकवर्गको विगतको 'बफर सटेट' मानसिकता परित्याग गरेर दुई देशबिचको अन्तरसम्बन्धको गतिशील पुल बन्ने नीति तय गरिनेछ ।

**५. वैदेशिक रोजगार :** नेपाली युवायुवतीहरूलाई रोजगारीका निम्ति विदेश पलायन हुनुपर्ने बाध्यात्मक स्थितिको अन्त्य गरिनेछ र स्वदेशमा नै उपयुक्त रोजगारीको व्यवस्था गरिनेछ। तत्कालका लागि वैदेशिक रोजगारमा गएका नेपालीहरूको हकहितको संरक्षण गर्न विशेष ध्यान दिइनेछ र उनीहरूमाथि हुने गरेका सबै खाले शोषण र उत्पीडनको अन्त्य गर्न प्रभावकारी कदम चालिनेछ ।

**६. प्रवासी र गैरआवासीय नेपाली :** भारतलगायत विश्वका विभिन्न देशमा रहेका प्रवासी नेपालीहरूको हकहितको रक्षाका निम्ति नेपाली दूतावासहरूमार्फत विशेष प्रयत्न गरिनेछ। गैरआवासीय नेपालीहरूलाई दोहोरो नागरिकताको व्यवस्था गरेर उनीहरूको सीप र पुँजी नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**७. सन्धि-सम्झौता अनुमोदन :** जलस्रोतहरूलगायत नेपालका महत्त्वपूर्ण प्राकृतिक साधनस्रोतको बाँडफाँडसम्बन्धी र नेपाललाई दीर्घकालीन रूपले गम्भीर असर गर्ने विदेशीहरूसँग भएका सन्धि-सम्झौता, समझदारी र लिखतहरूको अनुमोदन केन्द्रीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट गर्ने प्रावधान राखिनेछ र त्यसको दृढतापूर्वक पालना गरिनेछ ।

**८. विदेशी ऋण :** नेपाललाई विदेशी ऋणको दुष्चक्रबाट मुक्त गर्न र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्न चरणबद्ध योजना लागू गरिनेछ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र विदेशीहरूको योजना र सर्तबमोजिम ऋण अनुदान लिने परम्पराको अन्त्य गर्दै राष्ट्रिय आवश्यकता र हित अनुकूल आफ्नो योजना, सर्त र पहलमा वैदेशिक सहयोग (अनुदान र ऋण) लिने पद्धति अनुसरण गरिनेछ ।

**९. भुटानी शरणार्थी :** भुटानी शरणार्थी निःसर्त आफ्नो घर फर्कन पाउनुपर्ने कुराको पूर्ण समर्थन गर्दै उनीहरूलाई ससम्मान स्वदेश फर्काउन अन्तर्राष्ट्रिय रूपमा आवश्यक पहल गरिनेछ ।

## (ख) गणतन्त्र र राज्यको पुनर्संरचना

राजनीतिक ढाँचामा आमूल परिवर्तनविना नयाँ नेपाल निर्माण सम्भव छैन। त्यसैले गणतन्त्रलाई संस्थागत गर्ने, सङ्घात्मक ढाँचामा राज्यको पुनर्संरचना गर्ने, शासनयन्त्रका हरेक अङ्गको लोकतान्त्रिकीकरण गर्ने कार्यलाई नेकपा (माओवादी) ले उच्च प्राथमिकता दिनेछ। राजनीतिलाई कमानमा राखेर मात्र दुनियाँ बदल्न सकिन्छ भन्ने मान्यतालाई माओवादीले दह्रोसँग पक्रनेछ। साथै वर्तमान असमान आर्थिक-सामाजिक धरातलमा खडा भएको लोकतान्त्रिक गणतन्त्र एउटा औपचारिक लोकतन्त्रमा मात्र सीमित रहने सम्भावना रहन्छ र त्यसलाई बहुसङ्ख्यक श्रमजीवी र उतपीडित जनसमुदायको वास्तविक लोकतन्त्रमा बदल्न जनताको सङ्घर्षलाई निरन्तर जारी राख्नुपर्दछ भन्ने मान्यतालाई पनि हामीले राम्ररी आत्मसात् गर्नेछौं। त्यसैले यो सङ्क्रमणकालमा परिकल्पना गरिएको स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई दृढतापूर्वक कार्यान्वयन गरेर नयाँ नेपाल निर्माणको आधारशिला खडा गर्न नेकपा (माओवादी) पूर्ण प्रतिबद्धता व्यक्त गर्दछ।

## १.०. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन

संविधानसभाको निर्वाचनलगत्तै स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र कार्यान्वयन गर्न नेकपा (माओवादी) ले प्राथमिकता साथ निम्न प्रस्तावहरू अघि सार्नेछ :

- अढाई सय वर्षदेखिको सामन्ती शाहवंशीय राजतन्त्रको विधिवत् अन्त्य गरी देशलाई नयाँ गणतान्त्रिक युगमा प्रवेश गराउन अन्तरिम संविधानभा व्यवस्था भएबमोजिम संविधानसभाको पहिलो बैठकबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने ।
- संविधानसभाले नयाँ संविधान नबनाएसम्मको अन्तरिम कालका लागि संविधानसभाका सदस्यहरूले राष्ट्र-प्रमुखका रूपमा कार्यकारी राष्ट्रपतिको निर्वाचन गर्ने ।
- राजनीतिक सहमतिका आधारमा नयाँ अन्तरिम सरकारको गठन गर्ने ।
- राज्यलाई जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासनसहितको सङ्घात्मक ढाँचामा रूपान्तरण गर्ने ।
- समुन्नत नयाँ नेपालको आर्थिक आधार तयार गर्न 'नयाँ सङ्क्रमणकालीन अर्थनीति' लागू गर्ने ।
- गरिबीको रेखामुनि रहेका, बेरोजगार, सुकुम्बासी, अपाङ्ग, वृद्धवृद्धा, द्वन्द्वपीडित, सहिद तथा बेपत्ता नागरिकका परिवार आदिलाई तत्काल राज्यले राहत उपलब्ध गराउने ।
- जनमुक्ति सेना र नेपाली सेनाको उचित समायोजन गरी नयाँ राष्ट्रिय सेना निर्माण गर्ने ।
- विस्तृत शान्तिसम्झौतामा उल्लेख भएबमोजिम 'सत्य निरूपण तथा मेलमिलाप आयोग' गठन गर्ने र प्रतिवेदन प्राप्त भएपछि दोषीलाई कारबाही गर्ने ।

## २.० नयाँ नेपालको सङ्घीय राज्य-संरचनासम्बन्धी हाम्रो धारणा

नेपाल एक बहुजातीय (Multi-nationalities), बहुभाषिक (multi-lingual), बहुक्षेत्रीय (multi-regioinal), बहुधार्मिक (multi-religious) र बहुसांस्कृतिक (multi-cultural) मुलुक भए पनि लामो समयदेखि राज्यसत्ताको स्वरूप एकात्मक (unitary) भएको र त्यसको मूल चरित्र पहाडिया कथित उच्च जातीय अहङ्कारवाद रहेकाले बहुसङ्ख्यक मधेसी र जनजातिहरूले आफूलाई उत्पीडित महसुस गर्दै आइरहेका छन् । त्यसरी नै काठमाडौं केन्द्रित राज्यसत्ताबाट सुदूर पश्चिमका सेती-महाकाली र भेरी-कर्णाली क्षेत्र तथा हिमाली क्षेत्रका मानिसहरूले चरम उपेक्षा र उत्पीडनको अनुभूति गर्दै आइरहेका छन् । यस स्थितिमा राज्यको एकात्मक ढाँचाको अन्त्य गरी सङ्घात्मक ढाँचामा पुनर्संरचना गर्नु नयाँ नेपाल निर्माणको सबभन्दा महत्त्वपूर्ण सर्त बन्न गएको छ । यो जातीय र क्षेत्रीय उत्पीडनको प्रश्नलाई वर्गीय उत्पीडनसँग जोडेर सबभन्दा सुस्पष्ट र सुव्यवस्थित ढङ्गले महान् जनयुद्धका क्रममा नै उठाउँदै आएको राजनीतिक शक्तिका नाताले नेकपा (माओवादी) राज्यको सङ्घात्मक पुनर्संरचनाको कार्यसूची कार्यान्वयन गर्न सबभन्दा बढी जिम्मेवार महसुस गर्दछ र संविधानसभामार्फत सही र वैज्ञानिक ढङ्गले कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । स्मरण रहोस्, हामीले राज्यको सङ्घात्मक पुनर्संरचनाको प्रारम्भिक अभ्यास जनयुद्धकालदेखि नै गर्दै आएका छौं र त्यसलाई जनसमक्ष अनुमोदनका निम्ति प्रस्तुत गर्दछौं ।

**२.१ सङ्घीयताको आधार :** नेपालमा सङ्घीय संरचनाको मुख्य आधार के हुन सक्छ ? यसबारे थुप्रै बहस हुँदै आएको भए पनि सापेक्ष रूपले बढी वैज्ञानिक र व्यावहारिक आधार जातीय र क्षेत्रीय पहिचान नै हो भन्ने हाम्रो ठहर छ । यहाँ 'जातीय' भन्नाले प्रजाति वा नश्ल (ethnicity or race) वा जातपात (caste) नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट भएको मानिसहरूको स्थिर समूह वा 'राष्ट्रियता' (nationality) को अर्थमा हो भनेर बुझ्नु आवश्यक छ । फेरि पुरानो सत्ताबाट उत्पीडन एवम् वर्गीय विभेद जातीय र क्षेत्रीय आधारमा नै हुँदै आएकाले जुन आधारमा उत्पीडन भएको हो त्यही आधारमा अधिकार सुनिश्चित गरेर मात्र समस्याको समाधान हुन सक्छ । निश्चित रूपमा इतिहासको विकासक्रममा एउटा जातिको मूल थलोभित्र अन्य जातिहरूको पनि उल्लेख्य मात्रामा बसोवास हुन पुगेको हुनाले यसबाट जातीय राज्यभित्र अन्य जातिहरूको अधिकार हनन नहुने बरु सुनिश्चित हुने कुरीमा ध्यान पुऱ्याउनैपर्छ । साथै एउटा मूल जातीय

राज्यभित्र अन्य उपजातीय राज्य एकाइको व्यवस्था हुने कुरालाई पनि ख्याल गर्नुपर्छ। त्यसरी नै एउटा जातिको मुक्ति अर्को जातिको उत्पीडन गरेर हुँदैन भन्ने कुरालाई आत्मसात् गर्नुपर्दछ र मिश्रित जाति भएका राज्यहरूभित्रका अल्पसङ्ख्यकहरूको अधिकार सुनिश्चित गर्न ध्यान दिनुपर्दछ। सबै जाति र क्षेत्रका अधिकारहरूको बाँडफाँड सहमतिका आधारमा नयाँ संविधान र कानुनमा व्यवस्थित गरिने भएकाले वर्गीय आधारमा विभिन्न जातिहरूबिचको एकता अरू सुदृढ हुने कुरामा सबै विश्वस्त रहनैपर्छ।

उत्पीडित जाति र क्षेत्रहरूको मुक्ति सम्बन्धित जाति र क्षेत्रका श्रमिकहरूको नेतृत्वमा मात्र सम्भव छ भन्ने कुरालाई पनि गम्भीरतापूर्वक आत्मसात् गर्न जरूरी छ। खासगरी केही समय यता मधेसीलगायतका उत्पीडित जातिहरूको मुक्ति आन्दोलनमा त्यहाँभित्रका सामन्त जमिन्दार र दलाल तथा नोकरशाही पुँजीपतिहरूले श्रमिकवर्गबाट राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्व हत्याउन र आफूलाई उत्पीडित जातिहरूको नक्कली मसीहाका रूपमा प्रस्तुत



नयाँ नेपाल
संघीय गणतन्त्र नेपाल
सेती-महाकाली
भेरी-कर्णाली
थारुवान
मगरात
तमुवान
नेवा
नेवा राज्य
ताम्सालिङ
किराँत
लिम्बुवान
कोचिला
मिथिला
भोजपुरा
चीन
भारत
ल्हासा
बोधगया
काठमाण्डौ
पोखरा
जनकपुर
विराटनगर
भैरहवा
नेपालगन्ज
दिपायल
जुम्ला
धवाङ
इलाम
राजधानी
प्रादेशिक राजधानी
प्रमुख स्थान
प्रमुख विमानस्थल
प्रमुख जलविद्युत परियोजना
प्रमुख बहुउद्देशिय सिंचाइ परियोजना
प्रमुख औद्योगिक केन्द्र
राजमार्ग
रेल एवं राजमार्ग
केबल कार
ट्रलिबस मार्ग
० २५ ५० १०० कि मी
81°0'0"E
82°30'0"E
84°0'0"E
85°30'0"E
87°0'0"E
88°30'0"E
30°0'0"N
28°30'0"N
27°0'0"N

गर्न जनु कसरत गर्दैछन्, त्यसबाट ती जाति र क्षेत्रका मुक्तिकामी जनता सतर्क रहन आवश्यक छ। हिजोसम्म एकात्मक राज्यको पक्षपोषण गर्ने र देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूको गोटी बन्नेहरू रातारात जातीय मुक्ति आन्दोलनका हिमायती बन्न खोज्छन् भने 'दालमा केही कालो छ' भन्ने कुरा सबैले बुझ्नैपर्दछ।

२.२. **सङ्घीयताको नीति :** त्यसरी नै सङ्घीयताको मूल नीति के हुन सक्छ ? वास्तविक सङ्घीयताको सार्वभौम नीति भनेको उत्पीडित जाति र क्षेत्रहरूको आत्मनिर्णयको अधिकार र त्यस आधारमा स्वेच्छिक एकता हो। हामीले पनि सही अर्थमा राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने हो भने सिद्धान्ततः यो नीतिलाई स्वीकार्नै पर्दछ। परन्तु नेपालको ठोस भू-राजनीतिक स्थिति र विभिन्न उत्पीडित जाति र क्षेत्रहरूको आर्थिक-सामाजिक विकासको न्यून स्तरलाई मध्यनजर गर्दा आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम नै सबभन्दा वैज्ञानिक र उपयुक्त हुन्छ। हामीकहाँ स्वतन्त्र राज्यहरू स्वेच्छिक ढङ्गले सङ्घीयतामा आबद्ध भएको नभई एकात्मक राज्यलाई सङ्घीय राज्यहरूमा पुनर्गठित गर्न लगिएकाले सुरुसुरुमा यो नीति र कार्यक्रम आत्मसात् गर्न केही कठिनाइ पर्न सक्छ। तर यसरी मात्र सही लोकतान्त्रिक आधारमा सङ्घीय राज्यहरूबिच नयाँ र सुदृढ एकता कायम हुन सक्छ भन्ने कुरालाई सबैले मनन गर्नैपर्दछ।।

जहाँसम्म आत्मनिर्णयको अधिकारले देशलाई विखण्डनतिर लैजान सक्छ भन्ने कुरा छ, उत्पीडित जाति र क्षेत्रलाई स्वेच्छिक अधिकार दिएर आजसम्म दुनियाँमा कुनै पनि देश टुक्रिएको छैन। बरु उल्टै त्यस्तो अधिकार नदिएर बलजफ्ती बाँधेर राख्न खोज्दा देश टुक्रिने गरेको छ। जसरी सम्बन्ध-विच्छेदको अधिकार पाएका सबै श्रीमतीहरू श्रीमान्बाट अलग हुँदैनन्, त्यसैगरी आत्मनिर्णयको अधिकार पाएका सबै राज्यहरू केन्द्रबाट छुट्टिँदैनन् भन्ने कुरा राम्ररी बुझ्न जरूरी छ।

२.३. **सङ्घीय संरचनाको स्वरूप :** सङ्घीयताको उपर्युक्त आधार र नीतिअनुरूप देशको राज्य संरचना तीन तह (केन्द्र, स्वायत्त गणराज्य र स्थानीय तह) हुनेछन्। नेपाललाई जातीय बनोट, भौगोलिक अनुकूलता, भाषिक आधार, आर्थिक सम्भावना आदिलाई ख्याल गर्दै तत्काल निम्नबमोजिम एघारवटा स्वायत्त गणतन्त्र राज्य र तीभित्र अरू थप उप-स्वायत्त राज्य वा एकाइमा विभाजन गर्न सकिने प्रस्ताव गरिएको छ। ती हुन्- क्षेत्रीय आधारमा गठन गरिएको **सेती-महाकाली** राज्य र **भेरी-कर्णाली** राज्य तथा जातीय आधारमा निर्माण गरिएका, **मगराँत, थारूवान्, तमुवान्, नेवाः, ताम्सालिङ, किरात, लिम्बूवान्, कोचिला** र **मधेस।** यीमध्ये मधेसभित्र भाषिक आधारमा **मिथिला, भोजपुरा** र **अवध** उप-राज्य निर्माण गर्ने प्रस्ताव गरिएको छ। (हेर्नोस् नक्सा)

- राज्यहरूको सीमा आपसी सहमतिमा जातीय बनोट, भाषिक आधार, आर्थिक सम्भावना, भौगोलिक अनुकूलता आदिलाई समेत विचार गरी निर्धारण गरिनेछ।
- एउटा राज्यभित्र कुनै अर्को जाति वा जातिहरूका सघन अस्तित्व रहेका इलाका भए त्यहाँ स्थानीय स्तरका स्वायत्त इलाकाहरूका निर्माण गर्न सकिनेछ।
- नेपालभा हाल सूचीकृत गरिएका जनजातिमध्ये हिमाली क्षेत्रका व्याँसी, हिमाली (लामा/भोटे), सेर्पा, थकाली आदि, पहाडका बारमु, भुजेल, चेपाङ, छन्तेल, दुरा, हायु, ह्योल्मो, जिरेल, लेप्चा, सुनार, थामी आदि, भित्री मधेसका माझी-बोटे, दनुवार,

दराई, कुमाल आदि र तराईका धिमाल, झाँगड-किसान, मेचे, मुण्डा-सन्थाल, कोच-राजवंशी आदिका पनि सघन बसोबास भएका ठाउँमा स्थानीय स्वायत्त बन्न सक्नेछन् ।

२.४ **अधिकार र दायित्व :** केन्द्र र स्थानीय तहबिच अधिकार र दायित्वको स्पष्ट बाँडफाँड गरी संविधानमा नै सूचीकृत गरिनेछ । जस अनुसार सीमा सुरक्षा, सैन्य व्यवस्थापन, वैदेशिक सम्बन्ध, अन्तरराज्य व्यापार, मौद्रिक नीति र केन्द्रीय बैंक, भन्सार राजस्व, ठूला जलविद्युत् परियोजना, रेल्वे, हवाइमार्ग, राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, नापतौल आदि केन्द्रको अधिकार क्षेत्रभित्र रहनेछन् भने बाँकी अधिकार स्वायत्त राज्यहरूमा रहनेछ । सोही बमोजिम स्थानीय यातायात, स्थानीय कर, शिक्षा, स्वास्थ्य, सरसफाइ, स्थानीय साधनस्रोत आदि माथि स्थानीय निकायहरूको अधिकार रहनेछ ।

केन्द्र र राज्यबिचको सम्बन्ध सन्तुलित र सुमधुर बनाउन विशेष व्यवस्था गरिनेछ । केन्द्रले राज्यसम्बन्धी निर्णय गर्दा राज्यका प्रतिनिधिहरूको सहमतिमा र राज्यले निर्माण गरेका कानुनहरू केन्द्रको सहमतिमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

## ३.०. शासनप्रणाली

### ३.१. व्यवस्थापिका

३.१.१. केन्द्रमा दुई सदनको र राज्यमा एक सदनको व्यवस्थापिका रहनेछ। व्यवस्थापिकाको सदस्य सङ्ख्या सकेसम्म सानो राखिनेछ।

३.१.२ केन्द्रको तल्ला सदनमा जनसङ्ख्याका आधारमा प्रतिनिधि चुनिनेछन् भने उपल्लो सदनमा सबै राज्यहरूबाट बराबर प्रतिनिधि चुनिनेछन्।

### ३.२. कार्यपालिका

३.२.१. केन्द्रमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारी राष्ट्रपति र व्यवस्थापिका सदस्यहरूबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हुनेछ।

.२.२. राष्ट्रपतिले राष्ट्रायक्ष, सेना प्रमुख र कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्नेछन् र प्रधानमन्त्रीले दैनिक सरकार र प्रशासन र सञ्चालनको जिम्मेवारी वहन गर्नेछन्।

३.२.३. राज्यमा गभर्नर र मुख्यमन्त्रीको व्यवस्था हुनेछ।

### ३.३. न्यायपालिका

३.३.१. तीन तहको अदालती संरचना कायम गरिनेछ। केन्द्रमा सर्वोच्च अदालत, राज्यमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत रहनेछन्। जिल्लाका मातहतमा लोक अदालत वा मेलमिलाप केन्द्रहरू रहनेछन्।

३.३.२. सर्वोच्च अदालतलाई गम्भीर कानुनी प्रश्न, संवैधानिक विषयहरू, अन्तरराज्यसम्बन्धी विषयहरू, राष्ट्रिय स्रोत साधनको बाँडफाँड र उपयोगसम्बन्धी विवादहरू र केही गम्भीर प्रकृतिका अन्य विषयहरू मात्र हेर्ने अदालतका रूपमा विकास गरिनेछ।

३.३.३. उच्च अदालतलाई असाधारण अधिकारसहित प्रभावकारी बनाइनेछ।

३.३.४. ठूलालाई चैन र सानालाई ऐन रहेको वर्तमान न्यायप्रणालीमा आमूल परिवर्तन गरिनेछ।

### ३.४. प्रशासनिक क्षेत्र

३.४.१. सरकारी प्रशासनिक सेवालाई केन्द्रीय, राज्यीय र स्थानीय गरी तीन तहमा विभाजन गर्ने व्यवस्था मिलाइनेछ।

**३.४.२.** विद्यमान सरकारी प्रशासन (निजामती, जङ्गी, प्रहरी र अन्य सेवाहरू) लाई जनउत्तरदायी, इमान्दार, सक्षम, निष्पक्ष, पारदर्शी बनाउने तथा सङ्घीय लोकतान्त्रिक पद्धतिअनुरूप कार्य गर्न सक्ने बनाउन **'प्रशासन पुनर्संरचना आयोग'** गठन गरिनेछ।

**३.४.३.** सरकारी सेवामा कार्यरत कर्मचारीको पारिश्रमिकलाई आफू र आफूमा आश्रित परिवारजनको जीवन निर्वाहका लागि यथेष्ठ रूपमा पुग्ने गरी वृद्धि गर्ने व्यवस्था गरिनेछ र त्यसलाई मुद्रास्फीतिसँग आबद्ध गर्दै लगिनेछ।

## ४.० राष्ट्रिय सुरक्षा

**४.१.** नयाँ लोकतान्त्रिक गणतान्त्रिक मूल्यमान्यता र परिस्थितिअनुरूप नयाँ राष्ट्रिय सुरक्षा नीति तय गर्न तथा सुरक्षा क्षेत्रको पुनर्संरचना गर्न **उच्च स्तरीय सुरक्षा आयोग** गठन गरिनेछ।

**४.२.** वर्तमान सुरक्षा प्रणालीको पारम्परिक सोचलाई पुनर्व्याख्या गरी राष्ट्रिय सुरक्षा संयन्त्रमा आम नागरिक अघिल्लो पङ्क्तिमा र सुरक्षा संयन्त्रहरू सहयोगीका रूपभा रहने किसिमको रणनीति तय गरिनेछ। सेनालाई ब्यारेकमा थुनी राख्नुका सट्टा विकास-निर्माणसम्बन्धी रचनात्मक काममा लगाउने र सेनाको सामाजिकीकरण गर्दै जनमुखी बनाउने नीति अवलम्बन गरिनेछ।

४.३. नेपाली सेनाको लोकतान्त्रिकीकरण र जनमुक्ति सेनाको व्यवसायीकरण गर्दै यथाशक्य छिटो उचित ढङ्गले समायोजन गरेर नयाँ राष्ट्रिय सेना निर्माण गर्ने कार्य सम्पन्न गरिनेछ। राष्ट्रिय सेनामा सबै जाति/जनजाति, उत्पीडित क्षेत्र, महिला, दलितलगायत सबैको समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गरिनेछ। सेनलाई चुस्त बनाई आधुनिकीकरण गरिनेछ। १८ वर्षभन्दा माथिका निश्चित उमेरसम्मका स्वस्थ नागरिक सबैलाई सैनिक शिक्षा र तालिमको व्यवस्था गरिनेछ।

४.४. सङ्घीय राज्यप्रणालीको नयाँ अवधारणाअनुसार सैन्यवल केन्द्रीय सरकारको मातहत रहनेछ भने स्वायत्त राज्यहरूले आ-आफ्नो अर्ध-सैनिक बल वा जनमिलिसिया निर्माण गर्ने व्यवस्था गरिनेछ। साथै सीमा सुरक्षा बल, औद्योगिक सुरक्षा बल, जन सुरक्षा बल, राजमार्ग सुरक्षा बल, ग्रामीण सुरक्षा बल आदि प्रणालीको विशिष्टीकरण गरिनेछ।

४.५. देशमा हाल नेपाल, भारत र बेलायती सेनामा सेवा गरी निवृत्त भएका लाखौं भू.पू. सैनिकहरू रहेका हुँदा उनीहरूको अनुभव र क्षमतालाई राष्ट्रिय हितमा प्रयोग गर्न विशेष योजना बनाइनेछ। भारतीय र बेलायती सेनाबाट निवृत्त भएका भू.पू. सैनिकहरूले पाउने पेन्सनलगायतका सुविधामा रहेको असमानता हटाउन विशेष पहल गरिनेछ।

### (ग). नयाँ नेपाल आर्थिक आधार

वस्तुत नयाँ नेपाल भनेको गरिबी, बेरोजगारी, भोक, अशिक्षा, परनिर्भरता, असमानताबाट मुक्त समुन्नत र आत्मनिर्भर नेपाल हो। त्यसैले संविधानसभामार्फत अग्रगामी राजनीतिक परिवर्तन सुनिश्चित गर्नुका साथसाथै देशको सम्पूर्ण शक्ति आर्थिक विकासमा केन्द्रित गरिनेछ। त्यसका निम्ति **'नयाँ सङ्क्रमणकालीन अर्थनीति'** (New Transitional Economic Poloicy) को विस्तृत कार्ययोजना तयार गरेर अभियानात्मक रूपमा कार्यान्वयन गरिनेछ। परिणामस्वरूप **देश १० वर्षमा मध्यम स्तर, २० वर्षमा उच्च स्तर र ४० वर्षमा अति उच्च स्तरको विकासको कोटिमा पुग्नेछ।** यसका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन आर्थिक विकास योजना तयार गरी लागू गरिनेछ। त्यसका निम्ति हाम्रो सामान्य मार्गचित्र यस्तो हुनेछ :

### १.०. सामान्य विकास नीति

१.१. **सामन्तवादी सम्बन्धको अन्त्य :** नेपालको समग्र विकासका निम्ति मुख्य बाधक तत्त्व भनेको विविध क्षेत्रमा र मुख्यतः कृषिमा अद्यावधि कायम रहेको सामन्तवादी उत्पादन सम्बन्ध नै हो। दुई तिहाई श्रमशक्ति अल्झिरहेको कृषिमा सामन्ती उत्पादन सम्बन्धका सबै रूपहरू जरैदेखि उखेलेर नफाली नेपालको आर्थिक कायापलट र तीव्र विकास सम्भवै छैन। त्यसैले 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गर्दै समाजका सबै क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषलाई निमिट्यान्न पारेर तीव्र आर्थिक विकासको आधार तयार गरिनेछ। अन्ततः राजनीतिक क्रान्ति पूरा नभई आर्थिक क्रान्ति सफल हुन्न भन्ने तथ्यलाई राम्ररी स्थापित गरिनेछ।

१.२ **रोजगारीसहितको आर्थिक वृद्धि :** नेपालको तीव्र विकासको मूल आधार भनेको प्रचुर जनशक्ति नै हो जुन अहिलेसम्म कि त पूर्ण बेरोजगार भएर विदेशतिर भौंतारिइरहेछ कि पुरानो निर्वाहमुखी कृषिमा टाँसिएर छद्म-बेरोजगारी र अर्धबेरोजगारको पीडा भोगिरहेछ। परन्तु अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूद्वारा लादिएको नवउदारवादी आर्थिक नीतिले देशमा रोजगारीविनाको र सीमित सहरबजार केन्द्रित नक्कली आर्थिक वृद्धि मात्रै दिने गरेको छ। यस किसिमको स्थितिमा आमूल परिवर्तन गरेर जगेडा श्रम शक्तिको अधिकतम सदुपयोग हुने गरी उत्पादनशील श्रम र रोजगारी प्रधान विकास नीति अनुसरण गरिनेछ। त्यसरी

मात्रै आर्थिक वृद्धि र सामाजिक न्यायको सन्तुलन कायम हुनेछ र विकासको प्रतिफल घरघर र गाउँगाउँमा पुग्नेछ। यसका निम्ति राज्य र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूका आडमा हुर्केको अनुत्पादनशील र परजीवी नोकरशाही पुँजीवादी सम्बन्धको अन्त्य गरी उत्पादनशील औद्योगिक पुँजीवादी सम्बन्ध विकास गर्न जोड दिइनेछ।

१.३ **सार्वजनिक-निजी साझेदारी :** विकास निम्ति आवश्यक पुँजीको अभाव पूर्ति गर्न र देशभित्रै छरिएर रहेको पुँजीको अधिकतम सदुपयोग गर्न सार्वजनिक-निजी साझेदारी प्रणालीलाई योजनाबद्ध ढङ्गले अघि बढाइनेछ। टेलिफोन, बिजुली, पानी आदि वस्तुका उपभोक्ता र उद्योग व्यवसायका मजदुरहरूबाट सोही संस्थान वा उद्योगमा साना सेयरमा लगानी गर्न प्रोत्साहित गरिनेछ। राज्यको नेतृत्व र पहलमा स्वदेशी वा विदेशी निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने यो प्रणाली नै नयाँ अन्तरिम अर्थनीतिको मेरूदण्ड रहनेछ।

१.४. **सहकारी अभियान :** हाम्रो जस्तो सानो जमिन वा पुँजीको स्वामित्व भएका मान्छेहरूको बाहुल्य रहेको समाजमा एक्लाएक्लै भन्दा सहकारी ढङ्गले आर्थिक क्रियाकलाप गरेर मात्रै वर्तमान असमान प्रतिस्पर्धात्मक विश्वमा टिक्न सम्भव हुन्छ। त्यसैले विविध खालका उत्पादन, वितरण र वित्तीय सहकारी सञ्जाल देशैभर विस्तार गरेर त्यसमार्फत आत्मनिर्भर विकास गर्ने नीति अवलम्बन गरिनेछ।

१.५. **विज्ञान र प्रविधिको प्रयोग :** आर्थिक उत्पादनका सबै क्षेत्रमा सूचना-सञ्चार र सबै खालका विज्ञान तथा प्रविधिको अत्यधिक प्रयोग हुने वर्तमान विश्व सन्दर्भमा विज्ञान र प्रविधिको उचित प्रयोग गरेर तीव्र वृद्धिदर हासिल गर्ने प्रयत्न गरिनेछ। त्यसका निम्ति शिक्षा र मानवीय संसाधनको विकासमा विशेष जोड दिइनेछ।

१.६. **राष्ट्रिय साधनस्रोतको अधिकतम प्रयोग :** आत्मनिर्भर र तीव्र विकास निम्ति देशभित्रै प्रचुर मात्रामा उपलब्ध र सापेक्ष लाभ भएका वस्तु र क्षेत्र (जस्तै जल, जमिन, जङ्गल, जैविक विविधता, जडिबुटी, जनशक्ति आदि) को अधिकतम प्रयोग गर्ने नीति लिइनेछ। त्यसका निम्ति कृषि, उद्योग, पर्यटन, जलस्रोत, सेवा क्षेत्र र पूर्वाधार निर्माणलाई प्राथमिकताका क्षेत्र मानिनेछ।

१.७. **समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास :** समग्रमा, अर्थतन्त्रमा विद्यमान सामन्तवाद र नोकरशाही तथा दलाल पुँजीवादका सबै रूपहरूको अन्त्य गरेर तीव्र आर्थिक वृद्धि, सामाजिक न्याय, क्षेत्रीय सन्तुलन र आत्मनिर्भरतासहितको समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्नु राष्ट्रिय विकास नीतिको मुख्य चरित्र र विशेषता हुनेछ।

२.०. **कृषि र वन**

२.१. जल, जमिन र जैविक विविधतामा देश धनी भएको, कृषि क्षेत्रमा बहुसङ्ख्यक जनता आश्रित भएको र कृषि उद्योगमा तुलनात्मक लाभ प्राप्त हुने भएकाले निर्वाहमुखी कृषि क्षेत्रको आमूल परिवर्तन गरेर व्यावसायिक कृषिमा रूपान्तरण गर्नु नयाँ नेपालको आर्थिक विकास नीतिको मुख्य प्राथमिकता क्षेत्र हुनेछ।

२.२. सर्वप्रथम क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ। कृषिमा सामन्ती भूमि-सम्बन्ध, गैरहाजिर जमिनदारी आदिको पूर्ण अन्त्य गरिनेछ। वास्तविक जोताहा, मोही, मुक्त कमैया, भूमिहीन किसान, गरिब किसानलाई निःशुल्क जमिन वितरण गरिनेछ। तराई, पहाड र हिमालमा फरक-फरक हदबन्दीको सीमा किटान गरेर लागू गरिनेछ। साना

किसानहरूलाई सहकारीमा सङ्गठित गरिनेछ। बाँझो कृषि भूमिलाई शु:ल्क लगाउने व्यवस्था गरी उत्पादन बढाउने कार्यमा लाग्न सबैलाई अभिप्रेरित गरिनेछ।

२.३. मुलुकका निश्चित स्थानमा आन्तरिक प्रयोगका निम्ति आवश्यक खाद्यान्न खेती गरेर बाँकी क्षेत्रमा तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभ भएका विशिष्ट, अनुपम तथा उच्च मूल्य, थोरै वजन र कम आयतन भएका कृषिजन्य वस्तु (जस्तै : पहाडी भेगमा बेमौसमी तरकारी, ऐंसेलु, काफल, मेल जस्ता फलफूल, गुणस्तरयुक्त वास्नादार मह, लुइँचे, कालिज, डाँफे जस्ता चराचुरूङ्गी, जडीबुटी खाएका चौरीको दूध र चीज, चिसो पानीका माछा, चिसो पानीको चामल, यार्चागुम्वा, पाँचऔंलेलगायतका हिमाली जडिबुटी आदि) को व्यावसायिक उत्पादन गरी निर्यात गर्न अभिप्रेरित गरिनेछ। कृषि, पशुपालन, फलफूल खेती, माछापालनलाई एकीकृत ढङ्गले उद्योगका रूपमा विकास गरिनेछ। कृषि उद्योगलाई देशको प्रमुख आर्थिक क्षेत्रका रूपमा विकास गरिनेछ।

२.४. मध्यपहाडका ठूला टार र भित्री मधेस तथा तराईमा वर्षभर सिँचाइका निम्ति विशेष योजना बनाएर कार्यान्वयन गरिनेछ। देशभित्र फर्टिलाइजर (मलखाद) कारखाना, कृषि औजार कारखाना स्थापना गरिनेछ। दक्ष कृषि जनशक्ति उत्पादन गर्न कृषि तथा वन विश्वविद्यालय स्थापना गरिनेछ।

२.५. कृषि उपजहरूको बजार र भण्डारणका लागि कृषि सडक र शीत भण्डारहरूको सञ्जाल निर्माण गरिनेछ। किसानहरूलाई आफ्ना उत्पादनको न्यूनतम (समर्थन) मूल्य उपलब्ध गराउने विशेष कार्यक्रम लागू गरिनेछ।

२.६. तराई र मध्यपहाडका समथर इलाकाबाहेक देशका अधिकांश भूभागमा जैविक विविधता अनुकूलको वन तथा जडीबुटी खेती गरिनेछ र त्यसलाई राष्ट्रिय उद्योगका रूपमा विकास गरिनेछ। यसका निम्ति सम्पूर्ण देशको भू-उपयोग योजना निर्माण गरी लागू गरिनेछ। नदी नियन्त्रण र भू-संरक्षणको विस्तृत योजना बनाई कार्यान्वयन गरिनेछ।

२.७. कृषि क्षेत्रमा ऋण कर्जा र विकास र विस्तारका लागि कृषि विकास बैंकका अतिरिक्त भूमि विकास बैंक, लघु तथा घरेलु विकास बैंक आदिको स्थापना गरिनेछ। भूमिहीन तथा साना किसानहरूको ऋण मिनाहा गरिनेछ। मध्यम किसानको ऋणको ब्याज मिनाहा गरिनेछ।

२.८. पर्यावरणीय सन्तुलन कायम गर्न विशेष ध्यान दिइनेछ र त्यस विपरीत हुने गतिविधिलाई कडाइपूर्वक रोकिनेछ। रासायनिक मल र विषादीका सट्टा जैविक र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

### ३.०. पर्यटन तथा उद्योग

३.१. पर्यटनलाई नयाँ आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखिनेछ। तराईदेखि उच्च हिमालसम्मको जैविक विविधता, सांस्कृतिक र धार्मिक विविधताको उच्चतम प्रयोग गरी पर्यटनको विकास गरिनेछ। ग्रामीण पर्यटन, हिमालयीय तथा पर्वतीय पर्यटन, पर्या-पर्यटन, जलयात्रा पर्यटन, पदयात्रा पर्यटन, दृश्यावलोकन पर्यटन, धार्मिक पर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, खेलकुद पर्यटन, सांस्कृतिक पर्यटन इत्यादि विविध पर्यटनका रूपहरूको विकास गरी विदेशी पर्यटकहरू आकर्षित गरिनेछ। हाल वर्षेनी ५ लाख जति विदेशी पर्यटक आउने गरेकामा सो सङ्ख्यालाई दश वर्षभित्र २० लाखसम्म पुऱ्याउने प्रयत्न गरिनेछ। ल्हासामम्म आएको रेल काठमाडौं हुँदै लुम्बिनीसम्म विस्तार र सिमरा तथा

लुम्बिनीमा अन्तर्राष्ट्रिय एयरपोर्ट र काठमाडौं-हेटौंडा फास्ट ट्र्याक (सुरूङमार्ग) निर्माण गरी टुरिस्टको सङ्ख्या त्योभन्दा पनि बढी गराउन प्रयत्न गरिनेछ जसले देशको अर्थतन्त्र नै कायापलट गर्नेछ। यसका निम्ति भारत र चीनबिचको टुरिस्टहरूको प्रवाहलाई नेपाल हुँदै सञ्चालन गर्न विशेष जोड दिइनेछ।

३.२. राष्ट्रिय औद्योगिकीकरणलाई उच्च प्राथमिकता दिइनेछ। सबभन्दा पहिले रूग्ण उद्योगहरूलाई पुनः सञ्चालन गर्न विशेष जोड दिइनेछ। विदेशीहरूसँग प्रतिस्पर्धा गर्न नसकी अधिकांश उद्योग धराशायी हुँदै गएको स्थितिमा राष्ट्रिय उद्योगधन्दाहरूलाई विशेष संरक्षण दिने नीति अवलम्बन गरिनेछ। विलासिताका वस्तुहरूको आयातलाई निरूत्साहित गरेर स्वदेशी पुँजी स्वदेशी औद्योगिक लगानीमा लगाउने वातावरण निर्माण गरिनेछ। साना तथा घरेलु उद्योगहरूलाई विशेष प्रोत्साहन गरिनेछ। विशेषतः आयात प्रतिस्थापन गर्ने उद्योगमा लगानी गर्न विदेशी लगानीकर्ताहरूलाई स्वागत गरिनेछ। उद्योगमा ५१ प्रतिशत स्वदेशी लगानी हुने संयुक्त लगानीलाई प्राथमिकता दिइनेछ। भारत र चीनको ठूलो बजारलाई मध्यनजर गरी खासखास दक्षिणी र उत्तरी सीमावर्ती इलाकामा निर्यातमूलक उद्योग स्थापना गर्न 'विशेष आर्थिक क्षेत्र' स्थापना गरिनेछ। वैदेशिक रोजगारीबाट भित्रिने ठूलो बिप्रेसण (remittance) को रकमलाई औद्योगिक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ। श्रमिकहरूलाई उद्योगको व्यवस्थापनमा संलग्न गराएर र उद्योगहरूको सेयर मजदुरहरूलाई पनि वितरण गरेर मजदुर-व्यवस्थापनबिचको अन्तरविरोध मित्रवत् ढङ्गले हल गर्ने प्रयत्न गरिनेछ।

**४.०. जलस्रोत तथा जलविद्युत्**

४.१. जलस्रोत तथा जलविद्युत्को विकासलाई नयाँ नेपाल निर्माणको एक प्रमुख आधार बनाइनेछ। जलविद्युत् आयोजनालाई सिँचाइ, यातायात, औद्योगिक एवम् सहरी विकाससँग एकाकार गरी अगाडि बढ्नका लागि आगामी १० वर्षसम्म जलविद्युत् विकासलाई एक अभियानका रूपमा लगिनेछ। अल्पकालीन र दीर्घकालीन योजना बनाएर **आगामी १० वर्षमा १० हजार मेघाबाट विद्युत् उत्पादन गरिनेछ।**

४.२. साना तथा मझौला जलविद्युत् योजना आन्तरिक लगानीबाट र ठूला तथा निर्यातमूलक योजना विदेशी लगानीबाट सम्पन्न गर्ने नीति अनुसरण गरिनेछ। जलविद्युत् सम्भावनामा संसारको दोस्रो धनी मानिने देशमा झन्डै आधा दिन लोडसेडिङ गर्नुपरिरहेको विडम्वनापूर्ण स्थितिलाई अन्त्य गर्न देशभित्रै छरिएर रहेका साना पुँजी सङ्कलन गरी साना तथा मझौला जलविद्युत् आयोजनामा लगानी गर्न विशेष पहल गरिनेछ। विद्युत् र पानी उपभोक्ताहरूलाई नै आयोजनाको सेयर वितरण गरेर पुँजी सङ्कलन गर्ने नीति लिइनेछ।

४.३. ग्रामीण विद्युतीकरणमा विशेष जोड दिइनेछ र **आगामी दश वर्षमा सबै गाउँ र घरहरूमा बिजुली वितरण गरिनेछ।**

४.४ कोशी, गण्डकी र कर्णालीमा महाभारत शृङ्खलामा बाँध बाधेर वा सुरूङ खनेर सम्पूर्ण तराईलाई सिँचाइ नहरसञ्जालले जोड्ने योजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। पहाडका नदी किनारका ठूला टारहरूमा लिफ्ट सिँचाइ, नहर आदि विविध तरिकाले स्थायी सिँचाइको व्यवस्था गरिनेछ। वर्षाको पानी सञ्चय गरेर हिउँदमा प्रयोग गर्न ठूलाठूला पोखरीहरू निर्माण गर्ने विशेष अभियान सञ्चालन गरिनेछ।

**५.०. भौतिक पूर्वाधार तथा सहरीकरण**

५.१. **'नयाँ नेपाल निर्माणको आधार, आधुनिक भौतिक पूर्वाधार'** कोनारालाई आर्थिक विकासको सूत्रवाक्य बनाइनेछ। विकसित भौतिक पूर्वाधारविना नयाँ नेपालको कल्पना सपना मात्र

हुने भएकाले सडक, रेलमार्ग, रोप-वे, खानेपानी आयोजना, आवास तथा सहरीकरण जस्ता विषयमा उच्च प्राथमिकता दिइनेछ । विगतमा खालि काठमाडौं र भारतीय सिमानाका सहर जोड्नमा मात्र जोड दिँदै आएकामा एकीकृत र सन्तुलित विकासका निम्ति हिमाल, पहाड र तराईलाई तथा पूर्व र पश्चिमलाई जोड्न विशेष ध्यान दिइनेछ । साथै सङ्घीय ढाँचाअनुरूप स्वायत्त राज्यहरूका राजधानीलाई एक अर्कासँग जोड्न र त्यहाँ व्यवस्थित सहरी विकास गर्न जोड दिइनेछ ।

**५.२.** सम्पूर्ण देशको भू-उपयोग योजनासहित एकीकृत विकासका लागि अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरेर बीस वर्षभित्र देशको मुहारै परिवर्तन गर्ने गरी सडक, रेल मार्ग, सुरूङ मार्ग, रोप-वे र सहरीकरणको सडक मार्ग पूरा गरिनेछ । तराईमा पूर्वदेखि पश्चिम जोड्ने विद्युतीय रेलमार्ग निर्माण गरिनेछ । भित्री मधेसबाट पूर्व-पश्चिम जोड्ने सडक मार्ग पूरा गरिनेछ । भारत र चीनबिचको गतिशील पुलको काम गर्ने गरी पूर्व, मध्य र पश्चिमका ५ वा ६ वटा उत्तर-दक्षिण सडक मार्ग निर्माण गरिनेछ । ल्हासाबाट काठमाडौं हुँदै लुम्बिनीसम्म रेलमार्ग विस्तार गर्ने पहल गरिनेछ । (हेर्नोस नक्सा)

**५.३.** ग्रामीण पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ । खासगरी सुदूर पश्चिमका पिछडिएका पहाडी जिल्ला, कर्णाली प्रदेश र मध्य तथा पूर्व पहाडी जिल्लाहरूमा सडक सञ्जाल विस्तार गर्न प्राथमिकता दिइनेछ । पहाडी क्षेत्रमा सडक निर्माण गर्दा हरित सडक निर्माणमा जोड दिइनेछ । यातायातलाई उत्पादनसँग जोडेपछि मात्र त्यसले वास्तविक जनतालाई विकासको फल पुऱ्याउँछ भन्ने कुरामा ध्यान दिइनेछ । **५ वर्षभित्र सबैलाई शुद्ध पिउने पानी वितरण गने व्यवस्था मिलाइनेछ ।**

**५.४.** जातीय तथा क्षेत्रीय स्वायत्त गणराज्यहरू प्रत्येकमा एक एक वटा नमुना सहरको विकास गरिनेछ र ७५ वटै जिल्लाहरूमा एकीकृत नमुना विकासका कार्यक्रम सञ्चालन गरेर देशैभर त्यस्तो मोडेल विस्तार गरिनेछ । छरिएका गाउँहरूलाई आधुनिक सुविधासहित एकीकृत सघन बस्तीमा विकास गरिनेछ । सुकुम्वासीहरूलाई स्थायी आवासको व्यवस्था गरिनेछ ।

**५.५.** काठमाडौं उपत्यकाको एकीकृत विकास योजना बनाएर वर्तमन अनियन्त्रित विस्तारलाई व्यवस्थित गरिनेछ । काठमाडौं उपत्यकाबाहिर स्याटेलाइट सहरहरूको विकास गरेर र काठमाडौं-हेटौडा फास्टट्रयाक (सुरूङमार्ग) निर्माण गरेर काठमाडौंको आप्रवासनको चापलाई नियन्त्रित गरिनेछ । मेलम्ची आयोजना आगामी ५ वर्षभित्र पूरा गरेर काठमाडौंको खानेपानी समस्या दीर्घकालीन रूपले हल गरिनेछ भने वैकल्पिक स्रोतहरू र विद्यमान स्रोतहरू समेतको समुचित व्यवस्थापन तथा परिचालन गरी आगामी एक वर्षभित्र खानेपानीको आपूर्तिलाई सहज तुल्याइनेछ ।

**५.६.** दुर्गम जिल्लाहरू जोड्ने हवाईमार्ग र रोप-वे (रज्जुमार्ग) लाई विशेष प्राथमिकता दिइनेछ । पहाडी जिल्लाहरूमा हवाई यातायात सुगम र सरल बनाइनेछ ।

**६.०. वित्त, वाणिज्य र आपूर्ति**

**६.१.** साना किसान र घरेलु तथा साना उद्योगहरूलाई आवश्यक कर्जा सहज ढङ्गले उपलब्ध गराउन लघु वित्त योजनाहरू र विशेष बैङ्किङको व्यवस्था गरिनेछ । छानबिनका आधारमा खराब ऋणीबाट कडाइका साथ ऋण असुली गर्न र नियत राम्रो भएका ऋणीहरूलाई पुनर्स्थापना गर्न एक उच्चस्तरीय छानबिन आयोग गठन गरिनेछ । जनयुद्धका क्रममा पीडित साना किसान तथा उद्यमीहरूको ऋण र आम पीडित जनसमुदायको बिजुली महसुल मिनाहा गरिनेछ ।

६.२. पेट्रोलियम पदार्थ र अन्य दैनिक उपभोगका वस्तुको सुपथ र सहज वितरणको आवश्यक व्यवस्था मिलाइनेछ ।

६.३. मजदुर, सुकुम्बासी र गरिबीको रेखामुनि रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्ने **सार्वजनिक वितरण प्रणाली**को व्यवस्था गरिनेछ ।

६.४. भ्रष्टाचार, मूल्यवृद्धि, तस्करी, कालोबजारी रोक्न जनसमुदायलाई समेत परिचालन गरेर प्रभावकारी कदम चालिनेछ ।

६.५. हिमाली भेगका जनताका अत्यावश्यक वस्तुहरूको आपूर्तिमा रहेको असुविधालाई ध्यान दिँदै तिब्बत (चीन) सँगका नाकाहरू खोल्न विशेष पहल गरिनेछ ।

**७.०. श्रम तथा रोजगारी**

७.१. ठाउँठाउँमा श्रम विनियम केन्द्र स्थापना गरिनेछ र शैक्षिक तथा गैरशैक्षिक बेरोजगारहरूको लगत तयार गरिनेछ । उत्पादनमूलक रोजगारी नपाएसम्म बेरोजगारहरूलाई जिउनलायक बेरोजगारी भत्ता दिइनेछ । स्वरोजगार व्यवसाय सञ्चालन गर्न चाहनेहरूलाई बिनाधितो कर्जा उपलब्ध गराइनेछ ।

७.२. देशको अत्यधिक अतिरिक्त श्रमशक्तिलाई ध्यान दिँदै राज्यका तर्फबाट अल्पकालीन र दीर्घकालीन श्रमप्रधान विकास निर्माण योजनाहरू कार्यान्वयन गरिनेछ । अवस्था हेरी ‘कामका लागि खाद्यान्न’ वा ‘कामका लागि श्रम-बन्ड’ ‘श्रम-सेयर’ जस्ता कार्यक्रम सञ्चालन गरिनेछ, जसमा श्रमको आंशिक ज्याला सरकारी बन्ड वा सेयरमा दिइनेछ ।

७.३. वैदेशिक रोजगारीबाट आएको विप्रेषणको रकम सङ्कलन गरी देशभित्रै रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७.४. श्रमिकहरूको न्यायोचित हक, हित र सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक सङ्गठनहरूबाट प्राप्त सुझावका आधारमा श्रमनीति अख्तियार गरिनेछ ।

**(घ) नयाँ नेपालको सामाजिक-सांस्कृतिक आधार**

‘नयाँ नेपाल, सुशिक्षित, सुसंस्कृत र स्वस्थ नेपाल’ को नारालाई मूर्त रूप दिन सामाजिक-सांस्कृतिक रूपान्तरणको बृहद् गुरुयोजना बनाएर युद्धस्तरमा कार्यान्वयन गरिनेछ ।

**१.०. शिक्षा, संस्कृति तथा खेलकुद**

१.१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यसूची अनुकूल सामाजिक रूपान्तरणका लागि योग्य नागरिकहरू तयार गर्ने हिसाबले नयाँ शिक्षा नीति निर्माण गरिनेछ । हाल शिक्षामा व्याप्त व्यापारीकरणको अन्त्य गरिनेछ र सबैलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । शिक्षामा सबैको मौलिक अधिकार स्थापित गरिनेछ । उच्च शिक्षा हासिल गर्न चाहनेहरूलाई विनाधितो सरल ऋण उपलब्ध गराइनेछ ।

१.२. राज्यका तर्फबाट व्यापक साक्षरता अभियान सञ्चालन गरिनेछ र **पाँच वर्षभित्र निरक्षरता पूर्ण रूपले उन्मूलन गरिनेछ ।**

१.३. शिक्षालाई जीवन र उत्पादनसँग जोडिनेछ । प्राविधिक र पोलिटेक्निक शिक्षालाई विशेष जोड दिइनेछ । औपचारिक शिक्षाबाट वञ्चित ठूलो जनसङ्ख्या र विशेषता दश वर्षे जनयुद्धका दौरान क्रान्तिकारी आन्दोलनमा संलग्न युवायुवतीहरूलाई शिक्षामा पहुँच पुऱ्याउन खुला विद्यालय तथा विश्वविद्यालयहरूको स्थापना गरिनेछ । तिनमा व्यावहारिक ज्ञानबाट हासिल शिक्षालाई समेत ‘आजीवन शिक्षा’ का रूपमा मान्यता दिने विशेष व्यवस्था गरिनेछ ।

१.४. प्रत्येक स्वायत्त राज्यमा कमसेकम एक विश्वविद्यालय स्थापना गरिनेछ। कृषि तथा वन, इन्जिनियरिङ, मेडिसिन, सूचनाप्रविधि, व्यवस्थापन आदि क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विशिष्ट शिक्षण तथा अनुसन्धान केन्द्रहरू स्थापना गरेर विदेशी विद्यार्थी तथा अनुसन्धानकर्ताहरूलाई समेत आकर्षित गर्ने नीति लिइनेछ।

१.५. साहित्य, कला, संस्कृतिको संवर्द्धन र विकासका लागि राज्यले विशेष योजना र कार्यक्रमको तर्जुमा गर्नेछ। साहित्य, कला, सङ्गीत र चलचित्रको विकासका लागि प्रतिष्ठानहरूको पुनर्गठन एवम् स्थापना गरिनेछ। सामाजिक-सांस्कृतिक विकृति र विसङ्गतिका विरूद्ध विशेष अभियान सञ्चालन गरी राष्ट्रिय, लोकतान्त्रिक, वैज्ञानिक संस्कृतिको विकासका लागि आवश्यक व्यवस्था गरिनेछ। जनयुद्ध र जनआन्दोलनका स्रष्टा सहिदहरूको विशेष सम्मानका लागि पहल गरिनेछ।

१.६. सबै प्रकारका खेलकुदको विकासका लागि एकीकृत योजना बनाएर लागू गरिनेछ। स्कुल र गाउँ/टोल तहदेखि नै खेलकुदको विकासमा विशेष जोड दिइनेछ। अन्तराष्ट्रिय स्तरका खेलाडीहरूलाई राज्यले विशेष संरक्षण र सम्मानको व्यवस्था गर्नेछ।

**२.०. स्वास्थ्य सेवा**

२.१. स्वास्थ्यलाई सबैको मौलिक अधिकारका रूपमा स्थापित गरिनेछ र 'सबैका लागि स्वास्थ्य' को अवधारणा कार्यान्वयन गरिनेछ। **सबैलाई आधारभूत स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराइनेछ।**

२.२ स्वास्थ्यकर्मी उत्पादन गर्दा एलोपेथिक, आयुर्वेदिक, होमियोपेथिक, युनानी, अक्युपञ्चर, एक्युप्रेसर, प्राकृतिक चिकित्सा तथा योगसम्बन्धी छुट्टाछुट्टै र एकीकृत कलेजहरू स्थापना गरिनेछ।

२.३. प्रत्येक गाउँ विकास समितिमा कम्तीमा पनि एउटा एलोपेथिक स्वास्थ्य चौकी, आयुर्वेदिक चिकित्सा केन्द्र र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२.४. मुलुकको विभिन्न पर्यटकीय क्षेत्रमा सुविधायुक्त अस्पताल स्थापना गर्न निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गरी विदेशीहरूलाई औषधोपचारको व्यवस्था गरी पर्यटनका लागि आमन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ।

२.५. जडीबुटी प्रशोधन नगरी निकासी गर्ने कार्यालाई बन्द गरिनेछ र सङ्कलित जडीबुटी प्रशोधन गर्ने संस्थागत व्यवस्था गरिनेछ।

**३.०. महिला तथा बालबालिका**

**३.१. महिलालाई पैतृक सम्पत्तिलगायत समाज, अर्थतन्त्र र राज्यका हरेक क्षेत्रमा विशेष अधिकारसहित समान सहभागिताको ग्यारेन्टी गरिनेछ**

व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र राज्यसत्ताको मेरूदण्ड मनिने सेना, प्रहरीलगायतका सुरक्षा निकायमा समानुपातिक सहभागिता कायम गर्दै जाने नीति अवलम्बन गरिनेछ।

३.२. जग्गाधनी लालपूर्जा र नागरिकतामा महिला पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिनेछ। महलिाहरूलाई पेसामा निर्बाध ढङ्गले लाग्ने वातवारण निर्माण गर्न शिशु स्याहार केन्द्रहरूको व्यवस्था गरिनेछ।

३.३. महिला, पारिवारिक तथा बाल अदालत गठन गरिनेछ।

**४.०. दलित**

४.१. दलितहरूमाथि हुने छुवाछुतलगायतका सबै भेदभावहरूको पूर्ण अन्त्य गरिनेछ। **पूरै देशलाई छुवाछुत मुक्त इलाका घोषणा गरिनेछ** र छुवाछुत गर्नेहरूमथि मनवता विरूद्ध अपराध ठानी सोका लागि कडा कानुनी कारबाही गरिनेछ।

४.२. राज्यद्वारा आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, प्रशासनिक, सैनिकलगायत जीवनका सबै क्षेत्रबाट दलित समुदायलाई सुनिश्चित ढङ्गबाट पछाडि पारिएको हुँदा अरू समुदायसरह सबै क्षेत्रमा समान नहोउन्जेलसम्म राज्यले विशेषाधिकारको व्यवस्था गर्नेछ। यो विशेषधिकारको नीति र विधिलाई व्यावहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्नका लागि विशेष नियमद्वारा व्यवस्थित गरिनेछ।

४.३. वादी समुदायका वाध्यात्मक यौन पेसामा संलग्न महिलाहरूलाई ससम्मान पुनर्स्थापना गरिनेछ।

**५.०. युवा**

५.१. युवाहरूको समस्या समाधानका लागि व्यवस्थित योजना बनाउन एक उच्चस्तरीय **युवा आयोगको गठन गरिनेछ।**

५.२. सोह्र वर्ष पुगेका युवाहरूलाई मताधिकारको व्यवस्था गरिनेछ।

५.३. युवाहरूको बौद्धिक तथा शारीरिक विकासका लागि राज्यद्वारा विशेष व्यवस्था गरिनेछ।

**६.०. सूचना तथा सञ्चार**

६.१. स्वतन्त्र र निष्पक्ष प्रेसको पक्षपोषण गरिनेछ। स्वतन्त्र प्रेसमाथिको सबै प्रकारको हस्तक्षेपलाई निषेध गरिनेछ। सूचनाको हकसम्बन्धी ऐनलाई दृढतापूर्वक कार्यान्वयन गरिनेछ। श्रमजीवी पत्रकार ऐनलाई तदारूकताका साथ कार्यान्वयन गरिनेछ।

६.२. सञ्चार माध्यमको स्थापना र सञ्चालनसम्बन्धी नीतिको सरलीकरण गरिनेछ। सञ्चार माध्यमको सञ्चालन गर्नका निम्ति लिने इजाजतपत्र र नवीकरणसम्बन्धी कानुनमा संशोधन गरिनेछ।

६.३. **टेलिफोन सेवा यसै आर्थिक वर्षमा सबै गाविसहरूमा पुऱ्याइनेछ।** मोबाइल सेवालाई गुणस्तरीय बनाउँदै मुलुकभर विस्तार गरिनेछ।

६.४. नेपाली चलचित्र उद्योगको संवर्द्धन र संरक्षणका लागि राष्ट्रिय चलचित्र नीति शीघ्र निर्माण गरी कार्यान्वयन गरिनेछ।

**७.०. विज्ञान तथा प्रविधि**

७.१. विज्ञान तथा प्राविधिक शिक्षालाई प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म विशेष प्राथमिकता दिइनेछ।

७.२. मुलुकका प्रत्येक स्वायत्त राज्यमा कम्तीमा एउटा बहुमुखी प्राविधिक तालिम केन्द्र स्थापना गरी साक्षर जनसमुदायलाई व्यापक रूपमा प्रशिक्षण गर्ने व्यवस्था गरिनेछ।

७.३. नयाँ प्रविधि विकास गर्ने प्रविधि विशेषज्ञलाई आर्थिक अनुदानका साथै प्रविधि विकासका लागि आवश्यक सहयोग प्रदान गर्ने व्यवस्था गरिनेछ ।

७.४. वैज्ञानिक तथा प्राविधिक प्रतिभा पलायन (Brain Drain) रोक्न राज्यका तर्फबाट विशेष कार्यक्रम ल्याइनेछ ।

**८.०. सहिद परिवार, बेपत्ता परिवार र घाइते युवा**

८.१. दश वर्षे महान् जनयुद्ध र जनआन्दोलनका क्रममा शहादत प्राप्त गर्नेहरूको स्मृति र सम्मानमा राज्यका तर्फबाट विशेष योजना र कार्यक्रम ल्याइनेछ। सहिदका परिवारहरूलाई उचित राहतको व्यवस्था गरिनेछ र छोराछोरीहरूलाई विश्वविद्यालय स्तरसम्म निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।

८.२ जनयुद्धका क्रममा बेपत्ता पारिएकाहरूको छानबिन गरी सत्यतथ्य पत्ता लगाउन एक उच्च स्तरीय आयोगको गठन गरिनेछ । सो प्रतिवेदनका आधारमा दोषीहरूलाई कडाभन्दा कडा कारबाही गरिनेछ । बेपत्ता पारिएकाहरूको परिवारलाई राज्यले उचित राहत प्रदान गर्नेछ र छोरा-छोरीलाई विश्वविद्यालयस्तरसम्म निःशुल्क पठनपाठनको व्यवस्था गर्नेछ ।

८.३. जनयुद्धका घाइतेहरूको सम्पूर्ण उपचारको व्यवस्था राज्यले गर्नेछ । घाइतेहरूलाई उचित सम्मान राज्यले गर्नेछ ।

**९.०. अपाङ्ग**

९.१. अपाङ्गहरूलाई उनीहरूको कुल जनसङ्ख्याका अनुपातमा राज्य र समाजका सबै अङ्गहरूमा प्रतिनिधित्व गराइनेछ ।

९.२. सबै प्रकारका अपाङ्गहरूको संरक्षण, सम्मान र रोजगारीका लागि राज्यले विशेष कार्यक्रमको तर्जुमा गर्नेछ ।

**१०.०. मुस्लिम**

१०.१. मुस्लिम लामो समयदेखि नेपालमा बसोवास गर्दै आएको उत्पीडित अल्पसङ्ख्यक समुदाय भएकाले उनीहरूलाई विशेषाधिकारसहित राज्य, समाज र अर्थतन्त्रका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराइनेछ ।

११.१. मुस्लिम समुदायको समग्र हित र विकासका लागि एक शक्तिशाली **राष्ट्रिय मुस्लिम आयोग** गठन गरिनेछ ।

**११.०. ज्येष्ठ नागरिक**

११.०. ज्येष्ठ नागरिकहरूको समाजप्रति योगदानको कदर गर्दै राज्यले दिँदै आएको मासिक भत्तालाई सम्मानपूर्ण जीवन यापन गर्न पुग्ने गरी वृद्धि गरिनेछ । उनीहरूको अनुभव, ज्ञान र सीपको सदुपयोग गर्न तथा उनीहरूका विशिष्ट समस्याहरूको समाधान गर्न राज्यले विशेष व्यवस्था गर्नेछ ।

**१२.०. तेस्रो लिङ्गी**

१२.१. सम्पूर्ण नेपाली यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई उनीहरूको वास्तविक पहिचानसहित नागरिकताको व्यवस्था गरिनेछ । उनीहरूका विशिष्ट समस्या समाधान गर्न राज्यले विशेष ध्यान दिनेछ ।

**(ङ). विविध**

**१.०. पर्यावरण**

**१.१.** प्राकृतिक वातावरणको संरक्षण, दिगो उपभोग एवम् आवश्यक पर्ने प्राकृतिक वातावरणको पुनःस्थापना सम्बन्धमा विशेष कार्यक्रम ल्याई कार्यान्वयन गरिनेछ ।

**१.२.** नेपालका पक्षबाट भएका वातावरणसम्बन्धी महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

◆ ◆ ◆

## IV. माओवादी र क. प्रचण्ड नै किन ?

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !

यतिबेला तपाईंले फैसला गर्ने बेला आएको छ। तपाईका अगाडि तीन थरी शक्ति उभिएका छन्- प्रतिगमनकारी, यथास्थितिवादी र अग्रगमनकारी। तिनको सही पहिचान गरेर एक्काइसौं शतादीको नेपाललाई कुन दिशामा डोऱ्याउन दिने हो ? तपाईंले फैसला गर्नुपरेको छ।

पहिलो, राजतन्त्रवादी प्रतिगमनकारी शक्ति। जनयुद्ध र जनआन्दोलनले त्यसलाई आर्यघाट पुऱ्याइसक्दा पनि त्यसले मर्ने बेलामा खुट्टा तानेर मर्ने दुस्साहस गरिरहेको छ। मधेसी, जनजातिलगायतका उत्पीडित जनताको जायज असन्तुष्टिको खोल ओढेर त्यसले संविधानसभा निर्वाचन भाँड्ने र आफ्नो गुमेको स्वर्ग फिर्ता गर्ने जमर्को गरिरहेछ। आगामी दिनमा पनि त्यसले थप गडबडी मच्चाउने प्रयत्न गर्न सक्छ। तर के तपाईं यो देशको इतिहासको पाङ्ग्रो अढाई सय वर्ष पछाडि फर्काउन चाहनुहुन्छ ? उही बर्बर सामन्ती निरङ्कुशता फर्केको र यो देश पुनः भीषण गृहयुद्धको भुमरीमा फसेको हेर्न रूचाउनुहुन्छ ? हामीलाई विश्वास छ- तपाईं त्यो चाहनुहुन्न मात्र होइन, आवश्यक परे त्यसका विरूद्ध निर्णायक मुठभेडमा उत्रन समेत तयार हुनुहुन्छ।

दोस्रो, संसद्वादी यथास्थितिवादी शक्ति। यो शक्ति देश अहिले जहाँ छ, त्यही राखिराख्न चाहन्छ। मुख्यतः नेपाली काङ्ग्रेस र एमालेका रूपमा रहेको यो शक्तिले अमूर्त लोकतन्त्रको कुरा त गर्छ, तर ऊसँग यो देशको तीव्र आर्थिक-सामाजिक रूपान्तरण र राष्ट्रियताको रक्षाको कुनै एजेन्डा छैन। विगत ५७ वर्षमा र पछिल्लो १७ वर्षमा यसले पटकपटक सरकारको नेतृत्व गर्ने अवसर पाएको छ तर उले देशमा आमूल परिवर्तनको कुनै प्रत्याभूति दिन सकेको छैन। चुनावका बेला चिल्ला कुरा गरेर जनतालाई भ्रममा पार्न सिपालु यो शक्तिले अग्रगमन र प्रतिगमन दुवैलाई 'अतिवाद' भन्दै आफूलाई समदुरीमा राखेर आफ्नो यथास्थितिवादी चरित्रको पुष्टि गरिसकेको छ। के तपाई उनै पुराना विचार र मान्छेलाई अघि सारेर पुरानै असफलता र निराशाको इतिहास दोहोऱ्याउन चाहनुहुन्छ ? हामीलाई विश्वास छ- यसपटक तपाईहरूले पुनर्विचार गर्नुहुनेछ।

तेस्रो, क्रान्तिकारी अग्रगमनकारी शक्ति। नेकपा (माओवादी) का नेतृत्वमा रहेको यो देशभक्त, गणतन्त्रवादी र वामपन्थी शक्तिले राष्ट्रियता, गणतन्त्र र आर्थिक-सामाजिक रूपान्तरणको एजेन्डासहित देशमा समग्र अग्रगमनको पक्षपोषण गर्दछ। देश र जनताका निम्ति दशौं हजार बलिदान हुन तत्पर र नयाँ क्रान्तिकारी विचारले ओतप्रोत माओवादी शक्तिसँग मात्रै नयाँ नेपाल निर्माण गर्ने साहस र शक्ति छ भनेर आज सारा संसारले भनिरहेको छ। नयाँ नेपालका निम्ति नयाँ विचार र नयाँ नेतृत्वको खाँचो माओवादीद्वारा मात्र पूरा हुन सक्छ भन्ने व्यापक जनमत रहेको छ। त्यसैले अध्यक्ष क. प्रचण्डका नेतृत्वमा नेकपा (माओवादी) नयाँ युगको नयाँ जिम्मेवारी वहन गर्न तपाईंसमक्ष प्रस्तुत भएको छ। नयाँ गणतान्त्रिक नेपालको प्रथम राष्ट्रपतिका रूपमा हामीले नयाँ विचार, साहस र सुझबुझका धनी अध्यक्ष क. प्रचण्डलाई प्रस्तावित गरेका छौं। हामीलाई विश्वास छ- तपाईंले त्यसको अनुमोदन गर्नुहुनेछ र भन्नुहुनेछ- सबैलाई हेऱ्यौं पटकपटक, माओवादी र प्रचण्डलाई हेरौं यसपटक !

**आखिर माओवादी र क. प्रचण्ड किन ? किनकि**

- जसको विचार हो उसैका नेतृत्वमा मात्र त्यो कार्यान्वयन हुन सक्छ। संविधानसभा, गणतन्त्र, राज्यको सङ्घात्मक ढाँचामा रूपान्तरण र राष्ट्रिय औद्योगिक अर्थतन्त्रको विकास जस्ता कार्यक्रम माओवादीले मात्र कार्यान्वयन गर्न सक्छ।

- जसले युद्धमा दशौं हजारको बलिदान गर्ने साहस गऱ्यो उसले नै शान्तिको जनआकाङ्क्षा पनि पूरा गर्ने साहस सक्छ। जनसमुदायको परिवर्तन र शान्तिको आकाङ्क्षा पूरा गर्न माओवादी पूर्ण प्रतिबद्ध छ।

- माओवादी देशको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्न र देशका निम्ति कुनै पनि बलिदान गर्न तत्पर छ।

- माओवादी देशमा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक मुक्तिसँगसँगै जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्न कृत्सङ्कल्पित छ।

- माओवादी बृहद् आर्थिक-सामाजिक रूपान्तरण र विकसित राष्ट्रिय औद्योगिक अर्थतन्त्रसहितको नयाँ नेपाल निर्माण गर्न प्रतिबद्ध छ।

- माओवादी देशका सबै देशभक्त, गणतन्त्रवादी र वामपन्थीहरू बिच नयाँ आधारमा नयाँ राष्ट्रिय एकता कायम गर्न प्रतिबद्ध छ।

- माओवादी जनयुद्ध र जनआन्दोलनका दशौं हजार महान् सहिदहरू, हजारौं बेपत्ताहरू र हजारौं घाइतेहरूको सपना पूरा गर्न प्रतिबद्ध छ।

- माओवादी नेपाली जनताका आशाका केन्द्र अध्यक्ष क. प्रचण्डमार्फत नयाँ नेपालीले खोजेको नयाँ नेतृत्व दिन तत्पर छ।

राष्ट्रियता, गणतन्त्र र आर्थिक-सामाजिक रूपान्तरणप्रति पूर्ण प्रतिबद्ध नेकपा (माओवादी) को यो प्रतिबद्धतापत्र एक्काइसौं शताब्दीमा नयाँ समुन्नत नेपाल निर्माणको प्रतिबद्धतापत्र हो। सबै खालका देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूको षड्यन्त्रलाई चिर्दै आसन्न संविधानसभा निर्वाचनमा यो प्रतिबद्धतापत्रलाई अनुमोदन गरेर दुवै मतपत्रमा रहेका किसान र मजदुरको मुक्तिको प्रतीक **गोलाकारभित्रको हँसिया-हथौडा चिह्नमा** मतदान गर्न र नयाँ नेपाल निर्माणको ढोका खोल्न हाम्री सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइ र बुबाआमाहरूमा हार्दिक अनुरोध गर्दछौं। कथंकदाचित् प्रतिगामी तत्त्वहरूले यो संविधानसभा निर्वाचन हुन नदिने षड्यन्त्र गरे भने पनि सशक्त जनआन्दोलनको सृष्टि गरेर यही प्रतिवद्धतापत्रका आधारमा नयाँ नेपाल निर्माणको अभियानमा अघि बढ्न हामी थप आग्रह पनि गर्दछौं।

जनताको जित सुनिश्चित छ। स्वाभिमानी देशको जित सुनिश्चित छ। जनताको जित माओवादीको जित !

माओवादीको जित देश र जनताको जित !

*धन्यवाद !*

◆ ◆ ◆

# केही नाराहरू

- जनयुद्ध र जनआन्दोलनको एउटै मन्त्र
  स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्र
- नेकपा (माओवादी) को परिकल्पना
  समुन्नत नयाँ गणतान्त्रिक नेपालको स्थापना
- नेपाली जनता एक भए जनमुखी गणतन्त्रको नाराले
  माओवादी रोज्दै छन् शोषित-उत्पीडित साराले
- राष्ट्रियता र गणतन्त्र, नेकपा (माओवादी) को मूल मन्त्र
- शिक्षा, स्वास्थ्य र रोजगार, सबै नेपालीको मौलिक अधिकार
- सबैलाई हेर्‍यौँ पटकपटक, माओवादीलाई हेरौँ यसपटक
- नयाँ नेपाल निर्माणको पहिलो आधार
  माओवादीको नेतृत्वमा देशभक्त र गणतन्त्रवादीको सरकार
- नयाँ नेपालको नयाँ नेतृत्व, गणतान्त्रिक नेपालका प्रथम राष्ट्रपति क. प्रचण्ड

*२०६४ फागुन*

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी)**

**केन्द्रीय समिति**

चुनाव चिन्ह



गणतान्त्रिक नयाँ नेपालका प्रस्तावित प्रथम
राष्ट्रपति अध्यक्ष क. प्रचण्ड

# परिशिष्ट छ

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं !
सबल र समृद्ध नेपालको निर्माण गरौं ! !

संविधानसभा निर्वाचन
चैत्र २८, २०६४
नेकपा (एमाले) को घोषणापत्र

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !**

हामी नेपाली इतिहासमै पहिलोपल्ट संविधानसभा निर्वाचनको महत्त्वपूर्ण चरणमा आइपुगेका छौँ । आफ्नो देशको भविष्यको रूपरेखा आफ्नै हातले कोर्न पाउने यो सर्वाधिक महत्त्वपूर्ण अधिकार प्राप्तिका लागि हामीले लामो समयदेखि बलिदानी सङ्घर्ष गर्दै आएका छौँ । यस दौरान नेपाल आमाका अनेकौँ सन्ततिहरूले आफ्नो जीवन उत्सर्ग गर्नुभएको छ, आन्दोलनमा घाइते हुनुभएको छ र दमन एवम् यन्त्रणाका कष्टकर क्षणहरूको सामना गर्नुभएको छ । यही बलिदानी सङ्घर्षले हामीलाई सार्वभौम जनताका हैसियतमा आफ्नो संविधान आफैं बनाउन पाउने महान् अवसर प्रदान गरेको छ । यस महत्त्वपूर्ण घडीमा हामीहरू सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताका निम्ति सञ्चालित आन्दोलनहरूमा, विशेषतः गत वर्ष विकसित भएको शान्तिपूर्ण जनक्रान्तिका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने आदरणीय वीर अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । आन्दोलनमा घाइते मित्रहरूको स्वास्थ्यलाभको कामना गर्दछौँ र निरङ्कुश राजतन्त्रलाई परास्त गर्न सफल तपाईं महान् आन्दोलनकारी जनताप्रति हार्दिक अभिनन्दन गर्दछौँ ।

संविधानसभाको निर्वाचनलाई हामीहरू एक स्वाधीन, सबल र समृद्ध सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण गर्ने ऐतिहासिक अवसरका रूपमा प्राप्त गरिरहेका छौँ । यो अवसरलाई सफलतापूर्वक उपयोग गरेर मात्र राजतन्त्रलाई उन्मूलन गर्ने, लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने, राज्यको पुनःसंरचना गर्ने, दिगो शान्ति स्थापना गर्ने, वैज्ञानिक भूमिसुधार गर्ने र आफ्नो संविधान आफैं बनाउने ऐतिहासिक उचाइमा पुग्न सक्नेछौँ । त्यो नै दुनियाँलाई आश्चर्य बनाउने ऐतिहासिक जनआन्दोलनको जनादेश पनि हो । त्यसैले नेपाली समाजमा सामाजिक, आर्थिक रूपान्तरण ल्याउने यो ऐतिहासिक अवसरको ढोका खोल्न उच्च मनोबल, असाधारण निर्भिकता र अपूर्व दृढताका साथ अग्रसर हुन नेकपा (एमाले) स्वदेश तथा प्रवासमा रहनुभएका पार्टीका सदस्य, समर्थक, शुभेच्छुक एवम् सम्पूर्ण लोकतन्त्र र शान्तिप्रेमी देशभक्त जनसमुदायमा हार्दिक आह्वान गदर्छ ।

**संविधानसभाको निर्वाचनलाई हामीहरू एक स्वाधीन, सबल र समृद्ध सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण गर्ने ऐतिहासिक अवसरका रूपमा प्राप्त गरिरहेका छौँ ।**

**संविधानसभाको निर्वाचनः लोकतन्त्र, दिगो शान्ति र अग्रगमन**

संविधानसभाको निर्वाचन हाम्रा अग्रजहरूको सपना हो, हाम्रो ६ दशक लामो आन्दोलनको माग हो । जनताको बलिदानी सङ्घर्षले २००७ सालमा जहानियाँ राणाशासन समाप्त भएपछि संविधानसभाको निर्वाचनमार्फत बन्ने नयाँ संविधानबाट मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो । तर राजतन्त्रको षडयन्त्रले यसलाई त्यसै तुहाइयो र २०१७ सालमा अधिनायकवादी निरङ्कुश व्यवस्था लादियो । नेपाली जनताले त्यसका विरूद्ध अनवरत सङ्घर्ष गरिरहेछ। २०४६ सालको ऐतिहासिक जनआन्दोलनले निरङ्कुश राजतन्त्रलाई पछाडि हट्न बाध्य पार्‍यो र बहुदलीय प्रजातन्त्र स्थापना गर्‍यो। तर जनताको सर्वोच्चता, सार्वभौमसत्ता र राजकीय अधिकार स्वीकारेर संवैधानिक सीमाभित्र बस्ने सम्झौता र आफ्नो प्रतिबद्धतालाई उल्लङ्घन गर्दै राजतन्त्रले प्रजातन्त्र विरूद्ध षडयन्त्र जारी राख्यो । नृशंस राजदरबार हत्याकाण्डपछि सत्तारूढ भएका राजा ज्ञानेन्द्रले २०५९ असोज १८ गतेको प्रतिगमन र २०६१ माघ १९ को 'कु' मार्फत तानाशाही लाद्ने प्रयास गरे ।

शान्तिपूर्ण जनक्रान्तिको स्वरूप लिएको २०६२/६३ को जनआन्दोलन यस्तो ऐतिहासिक परिघटना हुनपुग्यो । जसले विश्व जनसमुदायलाई समेत आकर्षित मात्र गरेन, नेपाली जनताको प्रतिष्ठालाई समेत माथि उठायो । एक्काइसौं शताब्दीको एउटा विशिष्ट राजनीतिक घटनाका रूपमा विश्व राजनीतिक मानचित्रमा अङ्कित यो आन्दोलनले सैनिक बलमा आधारित निरङ्कुश

राजतन्त्रलाई मात्रै घुँडा टेकाएन, सामन्तवादका आधारहरूलाई समाप्त पार्दै नयाँ र समुन्नत नेपाल निर्माण गर्ने ऐतिहासिक सम्भावनासमेत प्रस्तुत गऱ्यो। जनआन्दोलनबाट सुरु भएको यो क्रान्तिकारी प्रकृया जारी छ र हामीले संविधानसभामार्फत आन्दोलनको जनादेशलाई सम्पन्न गरेर यसलाई पूर्ण बनाउनु आवश्यक छ।

संविधानसभा निर्वाचन एउटा यस्तो क्षण हो जसले जनतालाई आफ्नो संविधान आफैँले बनाउने महत्त्वपूर्ण अवसर प्रदान गर्छ। फ्रान्सलगायत विश्वका कतिपय मुलुकले वंशानुगत निरङ्कुश शासन समाप्त गरी विधिको शासन सुरु गरेको दुई सय वर्षभन्दा पछि नेपाली जनताले प्राप्त गरेको यो अवसरले नेपाललाई ऐतिहासिक रूपमा नै विश्व समुदायका बिच नयाँ स्वरूपमा स्थापित गर्नेछ।

संविधानसभा निर्वाचनले पहिलो पटक नेपाली जनतामा निहित सार्वभौम अधिकारको प्रयोग गर्न र आफ्नो सर्वोच्चता स्थापित गर्न अवसर प्रदान गर्नेछ। आजसम्म शासकहरूले तोकिदिएको स्थानमा बस्न बाध्य नेपाली जनताद्वारा पहिलो पटक मुलुकका सबै शक्तिहरूको स्थान निर्धारण हुनेछ। संविधानसभा निर्वाचनले नेपालमा पन्ध्र सय वर्षभन्दा अघिदेखि जारी सामन्ती राजतन्त्र र २४० वर्षदेखि कायम शाहवंशीय राजतन्त्रलाई अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नेछ। एघार वर्ष अगाडि सुरु भएको माओवादी विद्रोहको शान्तिपूर्ण समाधानको जारी प्रक्रियालाई पनि पूर्णता दिनेछ। राजनीतिक उद्देश्यका निम्ति कसैले पनि हतियार उठाउन नपर्ने स्थितिको निर्माण गर्दै जनताको अभिमतका आधारमा शान्तिपूर्ण माध्यमबाट समाज परिवर्तनको प्रक्रियालाई अगाडि बढाउनेछ।

## नेकपा (एमाले) : गौरवपूर्ण सङ्घर्ष र नयाँ सङ्कल्प

सामन्तवाद, दलाल-नोकरशाही पुँजीवाद र साम्राज्यवादका सबै प्रकारका शोषण-उत्पीडनलाई समाप्त पार्दै जनताको जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्यका साथ २००६ सालमा स्थापित हाम्रो पार्टीले विगत ६ दशकसम्म निरन्तर जनता र राष्ट्रका पक्षमा सङ्घर्ष गर्दै आएको छ। हाम्रो पार्टी राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका पक्षमा दृढतापूर्वक उभिँदै आएको छ। आन्दोलनको मोर्चामा निरन्तर अगुवाइ गर्दै निरङ्कुशतन्त्रका विरूद्ध लोकतन्त्रका लागि सम्झौताहीन सङ्घर्ष तथा जनता, राष्ट्रिय स्वतन्त्रता र स्वाभिमानप्रति अटल निष्ठा हाम्रो पार्टीको परिचय बनेको छ।

साता सालदेखि पन्ध्र सालसम्मको अस्थिर राजनीतिक वातावरणमा कम्युनिष्ट पार्टीले राष्ट्रिय हित एवम जनअधिकारको सुरक्षाका पक्षमा दृढतापूर्वक आवाज उठायो भने सत्र सालको तानाशाही कदमपछि निरन्तर बलिदानी सङ्घर्ष सञ्चालन गऱ्यो।

> **निरङ्कुशतन्त्रका विरूद्ध लोकतन्त्रका लागि सम्झौताहीन सङ्घर्ष तथा जनता, राष्ट्रिय स्वतन्त्रता र स्वाभिमानप्रति अटल निष्ठा हाम्रो पार्टीको परिचय बनेको छ।**

निरङ्कुश पञ्चायती व्यवस्थाअन्तर्गत दमनकारी शासनका विरूद्ध अदम्य साहस र बलिदानद्वारा आन्दोलनलाई गति दिने कम्युनिष्ट योद्धाहरूले नै निरङ्कुशतन्त्रको जग हल्लाइदिएका थिए। कमरेड पुष्पलालको संयुक्त जनआन्दोलनको प्रस्तावलाई नेपाली काङ्ग्रेसले दम्भका साथ बेवास्ता गर्नाले पञ्चायतको आयु लम्बिन गयो। तथापि वामपन्थी आदर्शले ओतप्रोत युवा विद्यार्थीहरूको २०३५/३६ सालको आन्दोलनले त्यसको जग हल्लाइदिएको थियो। हाम्रो पार्टीले

अगाडि सारेको संयुक्त जनआन्दोलनको प्रस्ताव नै २०४६ सालको आन्दोलनको मुख्य सेवाका रूपमा हाम्रो पार्टीका हजारौँ नेता/कार्यकर्ताले अग्रणी निर्वाह गरेका थिए ।

नेकपा (एमाले) नै त्यो पार्टी हो जसले उक्त आन्दोलनका उपलब्धिलाई संरक्षण गर्न आह्वान गरेको र यसका सीमाहरूलाई उद्घाटित गर्दै यसलाई सामाजिक-आर्थिक रूपान्तरणको तहसम्म विस्तारित गर्नुपर्ने मान्यता अगाडि सारेको थियो । २०४६ सालको संविधानमा कमरेड मदन भण्डारीका अगुवाइमा पाटीले अगाडि सारेका आलोचनाका २७ बुँदाहरू कति सान्दर्भिक र दूरगामी महत्त्वका रहेछन् भन्ने तथ्य समयले पुष्टि गरिसकेको छ। २०४८ सालको आमनिर्वाचनबाट स्थापित संसद्मा प्रमुख विपक्षी दलका हैसियतमा होस् या २०५१ सालको मध्यावधि निर्वाचनपछि बनेको अल्पमतको सरकारमा रहेर होस् नेकपा (एमाले) ले छोटो समयमै देश र जनताका हितमा अगाडि सारेका नीति र कार्यक्रम कति लोकप्रिय र हितकर थिए भन्ने तथ्य सबैलाई जानकारी भएकै हो ।

२०४६ सालको संयुक्त जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न निश्चित समयसम्म आन्दोलनकारी शक्तिहरूबिचको सहकार्यका लागि नेकपा (एमाले) ले अगाडि सारेको प्रस्तावको महत्त्वलाई उग्र कम्युनिष्टविरोधी भावनाले ग्रस्त नेपाली कांग्रेसलगायतका कतिपय शक्तिले समयमै बुझ्न सकेनन् । परिणामस्वरूप, एकातर्फ आन्दोलनकारी शक्तिहरूबिच कटु द्वन्द्व सुरु भयो भने अर्कातिर नेकपा (माओवादी) ले संसदीय व्यवस्था विरूद्ध विद्रोह नै सुरु गऱ्यो । यसबाट फाइदा उठाउँदै प्रतिगामी शक्तिहरू सञ्चय गर्न र लोकतन्त्रमाथि प्रहार गर्न समेत सफल भए र माघ १९ को 'कु' को दुस्प्रयत्नसमेत गर्न पुगे ।

हाम्रो पार्टीले हिंसाका बलमा राज्यसत्ता कब्जा गर्ने उग्रवामपन्थी दुःसाहसवादका विरूद्ध लगातार विचारधारात्मक सङ्घर्ष र यसको शान्तिपूर्ण समाधान खोज्न लगातार राजनीतिक प्रयत्न जारी राख्यो । आफ्ना १५० जनाभन्दा बढी कार्यकर्ताहरूको माओवादीद्वारा हत्या हुँदाहुँदै पनि हाम्रो पार्टीका नेताहरूले अत्यन्त प्रतिकूल परिस्थितिमा समेत जोखिम वहन गर्दै माओवादी समस्याको शान्तिपूर्ण समाधानका निम्ति गरेको अथक प्रयत्न सबैका सामु छर्लङ्गै छ । आज हिंसा र बन्दुकका बलमा राज्य कब्जा गर्न चाहने र विद्रोहलाई सैन्य बलमा समाप्त पार्न चाहने दुबै अतिवादी मान्यता पराजित भएका छन् । विपरीत ध्रुवमा रहेका शक्तिहरू संविधानसभाको निर्वाचनका निम्ति एकै ठाउँमा आइपुगेका छन् ।

आन्दोलनको सफलतापछि यसका उपलब्धिहरूलाई संस्थागत गर्न र शान्तिप्रक्रियालाई अघि बढाउन संसद्, सरकार, वार्ताटोली र आठ दलभित्र नेकपा (एमाले) ले निर्वाह गरेको सक्रिय भूमिका जनसमुदायका सामु स्पष्टै छ । ती क्रान्तिकारी उपलब्धिहरूलाई सामान्य सुधारमा सीमित राख्न चाहने सुधारवादी-यथास्थितिवादी मान्यता विरूद्धको सतत् सङ्घर्ष गर्ने देखि जनसङ्घर्षका सीमा, शक्ति सन्तुलनको अवस्था र सहकार्यको वस्तुगत यथार्थलाई बेवास्ता गर्दै आफ्ना एकाङ्गी मान्यता लाद्न चाहने उग्रवामपन्थी प्रवृत्तिका विरूद्ध पनि नेकपा (एमाले) ले खबरदारी गर्दै आइरहेको छ । संविधान निर्माणका सिलसिलामा नेकपा (एमाले) का तर्फबाट अगाडि सारिएका जनमत सङ्ग्रह र समानुपातिक निर्वाचन पद्धतिलाई अवलम्बन गर्नुपर्ने अडानको सार्थकतालाई घटनाक्रमहरूले पुष्टि गरिरहेका छन् ।

**भेदभावपूर्ण सामाजिक संरचना र त्रुटिपूर्ण राज्यढाँचाका कारण पाखा परेका पीडित समुदायका समस्यालाई सम्बोधन गर्ने नयाँ लोकतान्त्रिक राज्य संरचनाको आधार निर्माण गर्नेछ ।**

हामी गर्वका साथ भन्न सक्छौं, नेपालको लोकतान्त्रिक आन्दोलनका अनुभव र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका शिक्षालाई संश्लेषण गर्दै पार्टीले अगाडि सारेको नेपाली विशिष्टतामाथि आधारित जनताको बहुदलीय जनवादको प्रभाव नेपाली समाजमा स्थापित भइसकेको छ। सीमित राजनीतिक स्वतन्त्रतालाई नै लोकतन्त्र ठान्ने तथा संवैधानिक राजतन्त्रलाई सिद्धान्तका रूपमा स्वीकार गर्ने शक्तिहरू लोकतान्त्रिक गणतन्त्र तथा सामाजिक न्यायसहितको लोकतन्त्रका पक्षमा उभिन आइपुग्नु नेकपा (एमाले) का मान्यताहरूको पुनर्पुष्टि हो भन्ने हाम्रो दाबी छ। राज्य सञ्चालनको मुख्य नेतृत्वमा नरहेको भए पनि नेपाली समाजलाई नीतिगत नेतृत्व दिने काम नेकपा (एमाले) ले नै गरिरहेको माथिका सन्दर्भहरूले स्पष्ट पार्छन् ।

## आजको परिस्थितिः उज्ज्वल सम्भावना र गम्भीर चुनौती

यतिबेला हामी सङ्क्रमणकालमा छौं र हाम्रा सामु अनेकौं गम्भीर चुनौती उपस्थित छन् । शान्तिसुरक्षाको अवस्था अझै सुदृढ हुन सकेको छैन । सङ्क्रमणकालको व्यवस्थापन सही ढङ्गले हुन नसक्दा निराशा र आशङ्का बढ्न थालेको छ। कमजोर राज्य संरचनाको लाभ उठाउँदै समाजमा अराजकता फैलाउन चाहने तत्त्वहरू सकृय हुन थालेका छन् । जस्तासुकै माग अगाडि सार्ने र तिनलाई पूरा गराउन बल प्रयोगको प्रतिस्पर्धा सुरु भएको छ । समाप्तिको डिलमा पुगेको राजतन्त्र र प्रतिगामी शक्ति आफ्नो अस्तित्व टिकाउन अन्तिम प्रयास गरिरहेको छ। त्यसले जातीय र क्षेत्रीय आन्दोलनभित्र घुसेर साम्प्रदायिक रूप दिने, राज्यका अङ्गमा रहेका पुरातनपन्थी तत्त्वलाई उपयोगसमेत गर्न गरिरहेको छ ।

कतिपय सन्दर्भमा त 'गणतन्त्र' कै खोल ओडेर राजतन्त्रको पक्षपोषण गर्ने र आपराधिक तत्त्वहरूलाई सङ्गठित गर्दै हिंसा बढाउने प्रयास गरिरहेको छ । समाजमा विद्यमान आर्थिक शोषण र सामाजिक उत्पीडनका प्रश्नहरूलाई लोकतन्त्र, समृद्धि र राज्यको अखण्डतासँगै जोडेर हल गर्नुका साटो 'विखण्डनका हतियार' का रूपमा दुरूपयोग गर्ने दुस्प्रयास हुन थालेको छ ।

यस्ता अनेकौं चुनौती हुँदाहुँदै यतिबेला हामीहरू सबल र समृद्ध नेपाल निर्माणको उज्ज्वल सम्भावनाका सम्मुख उपस्थित छौं । नेपाली समाजमा देखा परिरहेको व्यापक चलनले सामन्ती मूल्य-मान्यतामाथि आधारित पुरानो संरचनालाई समाप्त गर्दै नयाँ संरचना निर्माणको आधार तयार गरिरहेको छ। शाहवंशीय राजतन्त्र समाप्तिको सँघारमा छ र नेपालमा लोकतान्त्रिक गणतन्त्रको सम्भावना अब वास्तविकता बन्ने प्रक्रियामा छ। नेपालमा सङ्घीय गणतन्त्रको स्थापना सुनिश्चित भएको छ ।

यसले भेदभावपूर्ण सामाजिक संरचना र त्रुटिपूर्ण राज्यढाँचाका कारण पाखा परेका पीडित समुदायका समस्यालाई सम्बोधन गर्ने नयाँ लोकतान्त्रिक राज्य संरचनाको आधार निर्माण गर्नेछ । महिला, दलित, आदिवासी-जनजाति, मधेसी, मुस्लिम, कर्णालीलगायत पिछडिएको क्षेत्र, अपाङ्ग आदि सीमान्तकृत समुदायलाई राष्ट्रिय मूल प्रवाहमा स्थापित गर्न समावेशी शासन व्यवस्थाको आधार पनि खडा गर्नेछ ।

## लोकतान्त्रिक शक्तिबिच सुदृढ एकता र स्वस्थ प्रतिस्पर्धा

जनआन्दोलनको उद्देश्य हासिल गर्न सफलताका साथ चुनौतीको सामना गर्न यतिबेला आन्दोलनकारी शक्तिबिचको एकता, सहकार्य र समझदारी अझ सुदृढ हुनु जरूरी छ। आन्दोलनकारी शक्तिको एकता संविधानसभाको निर्वाचनसम्म मात्र होइन, नयाँ संविधान निर्माण गरेर मुलुकलाई स्थायित्व दिने र नयाँ नेपालको आधारशिला निर्माण गर्ने अवधिसम्म कायम रहनु आवश्यक छ भन्नेमा नेकपा (एमाले) प्रतिबद्ध छ। १२ बुँदे समझदारी हुँदै विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान निर्माणसम्म आइपुग्दा भएका सबै सहमति र सम्झौताको इमान्दारीपूर्वक परिपालना गर्दै सात दलको एकतालाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी शासनप्रणाली र राज्यको अग्रगामी पुनःसंरचनासम्म कायम राख्नुपर्छ।

**साझा मान्यताका रूपमा लोकतान्त्रिक गणतन्त्र रहेकाले त्यसैलाई मियो बनाई लोकतान्त्रिक दलहरूबिचको एकता र सहकार्यलाई जारी राख्नुपर्छ भन्ने मान्यता नेकपा (एमाले) को छ।**

सिद्धान्त, कार्यक्रम र मान्यताहरूका बिचमा भिन्नता रहेकैले लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार्ने विभिन्न पार्टीका बिच प्रतिस्पर्धा पनि छ। तर साझा मान्यताका रूपमा लोकतान्त्रिक गणतन्त्र रहेकाले त्यसैलाई मियो बनाई लोकतान्त्रिक दलहरूबिचको एकता र सहकार्यलाई जारी राख्नुपर्छ भन्ने मान्यता नेकपा (एमाले) को छ। यस्तो भएमा नै निर्वाचनमा राजावादीहरूलाई जनमतका बलमा सम्पूर्ण रूपले परास्त गर्न सकिन्छ।

## संविधान सभामा सहमतिका लागि नेकपा (एमाले) को प्रस्ताव

संयुक्त जनआन्दोलनको विकास र मुलुकमा दिगो शान्ति स्थापनाका लागि नेकपा (एमाले) का तर्फबाट विगतमा निर्वाह गरिएका सकारात्मक भूमिकाहरू सबैका सामु छर्लङ्ग छन्। संविधानसभाको निर्वाचनपछि ऐतिहासिक जनआन्दोलनको भावना अनुरूप नयाँ संविधान निर्माण गर्न, राज्यको अग्रगामी पुनःसंरचना गर्न र आर्थिक-सामाजिक रूपान्तरको प्रकृयालाई प्रभावकारी ढङ्गले अघि बढाउन नेकपा (एमाले) ले संविधानसभाको पहिलो बैठकमा अग्रगामी परिवर्तनका लागि निम्नबमोजिम ठोस प्रस्ताव गर्नेछ :

- राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना गर्ने,
- आर्थिक-सामाजिक अधिकारसहितको बहुलतामा आधारित सहभागितामूलक समावेशी लोकतन्त्रको स्थापना गर्ने,
- विद्यमान केन्द्रीकृत सामन्ती राज्य संरचनालाई पुनःसंरचना गरी सङ्घात्मक लोकतान्त्रिक गणराज्यको स्थापना गर्ने,
- आर्थिक शोषणका सबै रूपहरूलाई समाप्त पारी वर्गीय रूपमा समतामूलक राज्य प्रणाली स्थापना गर्ने,
- सामाजिक उत्पीडनका रूपमा विद्यमान लैङ्गिक-जातीय-क्षेत्रीय-भाषिक-धार्मिक जस्ता सबै विभेदहरूको अन्त्य गर्ने,

- संविधानसभामा उपस्थित अग्रगमनका पक्षधर सबै राजनीतिक दलहरूका सहमतिमा आधारित राष्ट्रिय सरकार गठन गरी नयाँ संविधान निर्माण र राज्यको अग्रगामी पुनसंरचना गर्ने र,
- सार्वजनिक, सहकारी र निजी क्षेत्र आधारित समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने

नयाँ नेपाल निर्माणका लागि लोकतान्त्रिक शक्तिहरूबिचको एकता र एकीकृत दृष्टिकोणका साथै वर्तमान केन्द्रीकृत राज्यप्रणाली कालीन मनस्थितिमा परिवर्तन आवश्यक छ। त्यसैले नेकपा (एमाले) निम्न लक्ष्यहरूप्रति संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरूबिच आम असहमतिका लागि प्रस्ताव गर्दछ :

- शिक्षा, स्वास्थ्य, आवास, खाद्यसुरक्षाजस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्ने
- राज्य र समाजको लोकतान्त्रिकीकरण गर्ने
- क्षेत्रगत प्राथमिकतामा आधारित जनशक्ति विकास र पूर्वाधार विकासका लागि साझा नीति तय गर्ने
- गरिबी र बेरोजगारी अन्त्यका लागि अभियान सञ्चालन गर्ने
- केन्द्र, प्रदेश र स्थानीय निकायबिच स्रोतहरूका बाँडफाँड र परिचालन गर्ने
- पुँजी र श्रमबिच सहअस्तित्व कायम गर्ने प्रकृतिको नयाँ श्रम बजार नीति अपनाउने
- दिगो शान्तिको स्थापना गर्ने

## लोकतान्त्रिक गणतन्त्र नेपालः संविधान निर्माणका आधारभूत विषयवस्तु

संविधानसभाद्वारा सबल र समृद्ध नेपालका लागि बन्ने लोकतान्त्रिक संविधान निर्माणका आधारहरू मूलतः २००७ सालदेखि २०६३ सालसम्मका क्रान्ति र जनआन्दोलनमार्फत जनताले अभिव्यक्त गरेका भावना नै हुन्। राष्ट्रियता, स्वतन्त्रता, जनअधिकार र जनजीविकाका लागि भएका अनगिन्ती आन्दोलनद्वारा विकसित एवम् समकालीन विश्वले आत्मसात् गरेका लोकतन्त्र, समतामूलक समाज, मानव अधिकार तथा स्वतन्त्रतासम्बन्धी विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूसमेत यसका आधार हुनेछन्।

**लोकतान्त्रिक संविधान निर्माणका आधारहरू मूलतः २००७ सालदेखि २०६३ सालसम्मका क्रान्ति र जनआन्दोलनमार्फत जनताले अभिव्यक्त गरेको भावना नै हुन्।**

यिनै नीतिगत मान्यताका आधारमा निम्नलिखित विषयलाई आधार एवम् मार्गदर्शन बनाएर संविधान निर्माण गरी नयाँ नेपाल निर्माणको जग बसालिने छ।

१. **बहुलता र विविधताः नेपाल राष्ट्रको विशेषताः** नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो। नेपाल राष्ट्र र नेपाली समाजको विशेषताका रूपमा स्थापित बहुलतालाई भावी नेपाल निर्माणको आधारका रूपमा आत्मसात् गरिनेछ। नेपालको राज्यसत्ता र संवैधानिक व्यवस्थाको निर्माणमा यस विशेषतालाई महत्त्वपूर्ण आधारका रूपमा लिइनेछ।

२. **राष्ट्रिय एकता र अखण्डताः** नेपाल राष्ट्र र नेपाली समाजको विशेषताका रूपमा रहेको बहुलता र विविधताका आधारमा नेपाल राष्ट्रमा बसोबास गर्ने नेपाली जनताका साझा आकाङ्क्षा, सामूहिक हित र साझा मनोविज्ञानको विकास गर्दै नेपालको राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र स्वतन्त्रतालाई थप सुदृढ गरिनेछ। विविधतामा एकता कायम गरिनेछ।

३. **नेपाल राज्यको शक्तिको स्रोत नेपाली जनताः** नेपाल राज्यको शक्तिको स्रोत नेपाली जनता हुन् भन्ने कुरालाई मूलमन्त्रका रूपमा आत्मसात् गरिनेछ। सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार जनतामा निहित रहने छ। त्यसको प्रयोग संवैधानिक व्यवस्था र लोकतान्त्रिक मूल्यपद्धतिमा आधारित हुनेछ। सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधान सर्वोच्च हुनेछ र त्यसको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

४. **मानव अधिकार, मौलिक हकर राजनीतिक स्वतन्त्रताः** मानव अधिकारका सार्वभौम मूल्य, मान्यता र अन्तर्राष्ट्रिय कानुनहरूको पूर्ण पालना गरिनेछ।

मानव अधिकारको विषयलाई नागरिक स्वतन्त्रता र जीवनका आकाङ्क्षासँग आबद्ध गरिनेछ।

- प्रत्येक नेपालीलाई विचार व्यक्त गर्ने, शान्तिपूर्ण रूपले भेला हुने, राजनीतिक दल, सङ्गठन/सङ्घसंस्था खोल्ने, देशको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने र कुनै पनि पेसा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता हुनेछ।
- पूर्ण प्रेसस्वतन्त्रता हुनेछ।
- कानुनमा व्यवस्था भएअनुसार कुनै पनि व्यक्तिको सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी गोपनीयताको हक हुनेछ।
- नागरिकको जीउधनको सुरक्षा गर्नु राज्यको कर्तव्य हुनेछ र प्रत्येक नागरिकलाई बाँच्न पाउने हक हुनेछ।
- शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभुताको हकलाई मौलिक हकका रूपमा कायम गरिनेछ। मौलिक हकको संरक्षण र प्रवर्द्धन गर्नु राज्यको दायित्व हुनेछ।

५. **समानताको हकः** कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात-जाति, उत्पत्ति, भाषा, क्षेत्र वा वैचारिक आस्था आदिका आधारमा भेदभाव गरिनेछैन। त्यस्तो भेदभाव विरूद्ध नागरिकलाई उपचार र क्षतिपूर्तिको हक रहनेछ।

६. **सामाजिक सुरक्षा र लोककल्याणः** प्रत्येक नागरिकलाई रोजगारी पाउने र बेरोजगार हुँदाका अवस्थामा जीवन निर्वाहका लागि भत्तासहितको विश्वव्यापी प्रचलन अनुरूप सामाजिक सुरक्षाको हक हुनेछ। वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई सामाजिक सहायता प्रदान गर्नु राज्यको दायित्व हुनेछ।

द्वन्द्वपीडित, विस्थापित, यातनापीडित एवम् जोखिममा परेका नागरिकहरू, असहाय-अनाथ बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ।

**द्वन्द्वपीडित, विस्थापित, यातनापीडित एवम् जोखिममा परेका नागरिकहरू, असहाय-अनाथ बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ।**

७. **धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रताः** नेपाल धर्मनिरपेक्ष राज्य रहनेछ। प्रत्येक नागरिकलाई आआफ्नो आस्थाअनुरूपको धर्म मान्ने/नमान्ने स्वतन्त्रता हुनेछ। समाजमा धार्मिक सहष्णुिता र साम्प्रदायिक सद्भाव कायम गर्नु राज्य र नागरिकको दायित्व हुनेछ।

८. **शोषण र उत्पीडन विरूद्धको हक:** न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु राज्यको कर्तव्य हुनेछ। प्रत्येक नागरिकलाई आफूमाथिको शोषण-उत्पीडनका विरूद्ध कानुनी उपचारको हक हुनेछ। संवैधानिक, कानुन र व्यावहारिक रूपले नै समाजमा विद्यमान शोषण, उत्पीडन र विभेदको अन्त्य गर्नु राज्यको कर्तव्य हुनेछ।

९. **छुवाछुतमुक्त राष्ट्र नेपाल:** मानवतामाथि कलङ्कका रूपमा रहेको छुवाछुत प्रथालाई पूर्णतः समाप्त पारिनेछ।

१०. **राज्यको स्वरूप, संघीय लोकतान्त्रिक गणतन्त्र:** नेपाल एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, स्वाधीन, अखण्ड-अविभाज्य, पूर्ण लोकतान्त्रिक सङ्घात्मक राज्य/राष्ट्रका रूपमा रहनेछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल राज्यको शासनको मूल चरित्र हुनेछ।

११. **शासनको स्वरूप:** पूर्ण लोकतान्त्रिक मूल्य-मान्यता र आवधिक निर्वाचनमा आधारित राष्ट्रपति र प्रधानमन्त्री दुवैको व्यवस्था भएको आफ्नै मौलिक स्वरूपको शासन प्रणालीको विकास गरिनेछ।

१२. भाषा नीतिः नेपालका सबै मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता रहनेछ। सम्पर्क भाषाका रूपमा नेपाली भाषासहित बहुभाषा नीतिलाई प्रोत्साहित गरिनेछ। प्रदेश र स्थानीय तहमा नेपाली भाषाका अतिरिक्त कुन भाषालाई सम्पर्क भाषाका रूपमा प्रयोग गर्ने भन्ने अधिकार सम्बन्धित तहको संसद् र जनप्रतिनिधिमूलक निकायमा रहनेछ।

नागरिकलाई न्यायालय र सरकारी कार्यालयमा आफ्नो मातृभाषामा कुरा राख्ने हक सुरक्षित गरिनेछ।

१३. **समावेशी लोकतन्त्र:** मुलुकमा रहेका विविधता तथा आर्थिक र सामाजिक दृष्टिले पछि परेका वर्ग र समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचका लागि समावेशीकरणको नीति अवलम्बन गरिनेछ। राज्य पुनःसंरचनाका क्रममा राज्यका विभिन्न अङ्गहरूमा राजनीतिक नियुक्ति गर्दा समावेशीकरणको नीतिलाई आत्मसात् गरिनेछ। पछि परेका सीमान्तकृत र पहिचान खोजिरहेका समुदायको आर्थिक र सामाजिक विकासका लागि सकारात्मक विभेद र आरक्षणको नीति अवलम्बन गरिनेछ। सबै समुदायका बिचमा मातृभूमि नेपालप्रति 'मेरो देश-मेरो राज्य' को साझा मनोविज्ञानको विकास गरिनेछ।

१४. **लोकतन्त्रको पूर्ण प्रत्याभूति:** जनअनुमोदित संविधानको सर्वोच्चताको सिद्धान्तलाई दृढतापूर्वक पालना गर्दै मुलुकमा कानुनी शासन कायम गरिनेछ। राज्यका संवैधानिक अङ्गका बिच शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा अधिकार र दायित्वको बाँडफाँड गरिनेछ। नियन्त्रण र सन्तुलनको सिद्धान्तका आधारमा विभिन्न अङ्गहरूलाई लोकतान्त्रिक मूल्य र पद्धतिप्रति प्रतिबद्ध बनाउने नीति अवलम्बन गरिनेछ। बालिग मताधिकार र आवधिक निर्वाचन प्रणाली अवलम्बन गरिनेछ। राष्ट्रपति, प्रधानमन्त्रीजस्ता कार्यकारी पदहरूमा एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी निर्वाचित हुन नपाउने संवैधानिक व्यवस्था गरिनेछ। प्रत्येक प्रदेशले बहुदलीय प्रतिस्पर्धासहितको लोकतान्त्रिक प्रणालीलाई अवलम्बन गर्नेछ।

१५. **जनमत सङ्ग्रह, जनसम्मतिको प्रणाली:** नेपाली जनताको इच्छा र सम्मतिलाई नै संविधान तथा वैधताको मुख्य आधार मानी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमसत्तालाई सुदृढ गरिनेछ। बहुमत जनताको इच्छा बुझ्न महत्त्वपूर्ण राष्ट्रिय मुद्दाहरूमा जनताको सम्मति प्राप्त गर्न र विवादहरूको निराकरण तथा जनताले चाहेको परिवर्तनलाई संस्थागत गर्नका लागि जनमत सङ्ग्रहको आयोजना गर्न सकिने संवैधानिक व्यवस्था गरिनेछ।

**नयाँ लोकतान्त्रिक व्यवस्थाको आधारका रूपमा समाजवादउन्मुख लोककल्याणकारी अर्थ-राजनीतिक दिशा अवलम्बन गरिनेछ।**

१६. **स्वतन्त्र न्यायपालिका:** संवैधानिक अङ्गका रूपमा स्वतन्त्र न्यायपालिकाको विकास गरिनेछ। संवैधानिकताको सपरीक्षणको अधिकार सर्वोच्च अदालतमा रहनेछ। राज्यको पुनःसंरचनासँगै केन्द्र, प्रदेश र स्थानीय तीनै तहमा न्यायालयको नयाँ ढाँचा विकास गरिनेछ। न्यायपालिकालाई जनउत्तरदायी र जनमुखी बनाइनेछ। संविधानमा तोकिए बमोजिमको स्वतन्त्र निकायबाट न्यायाधीशहरूको नियुक्ति गरिनेछ। न्यायाधीशको नियुक्तिमा संसदीय सुनुवाइ व्यवस्था गरिनेछ।

१७. **सामन्तवादको अन्त्यको अर्थ-राजनीतिक दिशा:** राजतन्त्रको अन्त्यसँगै सामन्तवादका आर्थिक, सामाजिक र सांस्कृतिक आधारहरूको अन्त्य गरिनेछ। नयाँ लोकतान्त्रिक व्यवस्थाका आधारका रूपमा समाजवादउन्मुख लोककल्याणकारी अर्थ-राजनीतिक दिशा अवलम्बन गरिनेछ। पुरानो उत्पादन सम्बन्धमा परिवर्तन ल्याउन वैज्ञानिक भूमिसुधार कार्यक्रम ल्याइनेछ र कृषिको आधुनिकीकरण र व्यावसायीकरणलाई उच्च प्राथमिकता दिइनेछ। नेपाली अर्थतन्त्रको आधारका रूपमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको विकास गरिनेछ।

१८. **भ्रष्टाचार नियन्त्रण र सुशासन:** भ्रष्टाचार समाजको विकास र अग्रगतिको बाधक रहेको तथ्यलाई हृदयङ्गम गरी यसका विरूद्ध प्रभावकारी संयन्त्रको विकास गरिनेछ। सुशासनको आधारका रूपमा विधिको शासन र पूर्ण पारदर्शिताको नीतिलाई आत्मसात् गरिनेछ।

१९. **दलहरूको लोकतान्त्रिकरण:** नेपाली समाज र राज्य व्यवस्थाको मुख्य चालक शक्तिका रूपमा राजनीतिक दलहरूको भूमिकालाई स्थापित गरिनेछ।

विचारात्मक जगमा निर्माण गरिएका राजनीतिक दलहरूको स्वतन्त्र विचार र भूमिकालाई सम्मान गरिने छ। लोकतान्त्रिक मूल्यपद्धतिमा आधारित राजनीतिक दलहरूको भूमिका विस्तारका लागि राज्यका तर्फबाट प्रोत्साहन र संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ। लोकतान्त्रिक मूल्यपद्धतिलाई आत्मसात् गर्नु राजनीतिक दलहरूको दायित्व हुनेछ।

२०. **नेपाली सेना:** नेपाली सेना केन्द्रीय संसद्प्रति उत्तरदायी रहनेछ। यसको नियन्त्रण, व्यवस्थापन र सञ्चालन संविधानमा ताकेबमोजिम नेपाल सकरारले गर्नेछ।

२१. **संवैधानिक अङ्गको व्यवस्था:** शक्ति पृथकीकरणको नीतिमा आधारित संवैधानिक निकायको व्यवस्था गरिनेछ। लोकसेवा आयोग, महालेखा परीक्षक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग र राष्ट्रिय मानवअधिकार आयोग जस्ता संवैधानिक आयोगहरू खडा गरिनेछ र तिनीहरूको भूमिकालाई प्रभावकारी बनाइनेछ।

२२. **उत्पीडित दलित समुदायको मुक्ति र विकासः** सामन्ती शोषण र उत्पीडनको सिकार बनेका र छुवाछुत जस्तो कुसंस्कारबाट पीडित तथा आर्थिक तथा सामाजिक रूपमा नेपाली समाजमा सबैभन्दा पछि परेका उत्पीडित/दलित समुदायको मुक्ति र विकासका लागि राज्यका तर्फबाट प्रगतिशील आरक्षणको नीति तथा कार्यक्रम ल्याइनेछ ।

२३. **महिला अधिकारः** महिला विरूद्धका सबै विभेद, शोषण र उत्पीडनको अन्त्य गरिनेछ। राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको हक सुनिश्चित गरिनेछ। छोरासरह छोरीलाई पैतृक सम्पत्तिमा अधिकार हुनेछ। प्रजनन र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहित हुनेछ। शिक्षा र स्वास्थ्यमा महिलालाई विशेष प्राथमिकता दिइनेछ। विशेषगरी महिला न्यून रहेको श्रम क्षेत्रमा महिला रोजगारीको विशेष योजना लागू गरिनेछ ।

२४. **बालबालिकाको संरक्षण र विकासः** बालबालिकालाई बालिग नहुन्जेलसम्म संरक्षण गर्नु, पालन-पोषण गर्नु परिवार, समाज र राज्यको कर्तव्य हुनेछ। यसरी नै बालबालिकालाई पोषण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनेछ ।

**महिला विरूद्धका सबै प्रकारका विभेदहरू अन्त्य गर्दै महिला न्यून रहेको श्रम क्षेत्रमा समेत महिला रोजगारीको विशेष योजना लागू गरिनेछ ।**

बालश्रम, यौन दुराचार र यातनाका विरूद्ध कानुनी उपचारको हक हुनेछ। बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात् गरिनेछ ।

२५. **नागरिकता नीतिः** नेपाली नागरिकलाई बिनाभेदभाव सुलभ ढङ्गले नागरिकता पाउने हक रहनेछ ।

२६. **प्रशासनिक ढाँचाको पुनःसंरचना र लोकतान्त्रिकीकरणः** एकात्मक राज्य र केन्द्रिकृत शासन प्रणालीअर्न्तगत विकास भएको निजामती तथा प्रहरी-प्रशासन र अन्य निकायहरूलाई समेत सङ्घात्मक शासन प्रणाली अनुकूल हुने गरी पुनःसंरचना र रूपान्तरण गरिनेछ। सबै राष्ट्रसेवक कर्मचारीहरूलाई सङ्घीय संरचना अनुकूल हुने गरी पेसागत दक्षता अभिवृद्धि र सुधारको अवसर दिइनेछ ।

२७. **आदिवासी-जाजातिको अधिकारः** आदिवासी-जनजातिहरूलाई आफ्नो राजनीतिक अधिकार सुनिश्चित गर्न, आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकास गर्न सक्ने गरी आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणा तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि-१६९ अनुसारको आत्मनिर्णयको अधिकार हुनेछ। लोपोन्मुख र सीमान्तकृत समुदायको भाषा, संस्कृति र परम्पराको संरक्षण गर्नु राज्यको दायित्व हुनेछ ।

२८. **तराईवासी मधेसीहरूको अधिकारः** नेपालको समथर भूमि तराईमा बस्ने सबै मधेसी, जनजाति, दलित, मुस्लिम, विभिन्न जातजाति अन्य अल्पसङ्ख्यक तराईवासी समुदायका जनतालाई आफ्नो भाषा, संस्कृतिको रक्षा एवम् विकासको अधिकार हुनेछ। साधन स्रोतहरूको न्यायोचित वितरण तथा उपयोग र सङ्घीय शासनअन्तर्गत स्वशासनको अधिकार हुनेछ ।

२९. **दुर्गम तथा पिछडिएको क्षेत्रको अधिकारः** दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई समविकासको अधिकार हुनेछ। राज्यको समविकासको स्तरसम्म पुग्नका लागि कर्णाली लगायतका दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई राजनीतिक सहभागिता तथा राज्यबाट विशेष सुविधा र सहुलियत प्राप्त गर्ने अधिकारसमेत रहनेछ।

३०. **श्रम अधिकारः** श्रमिकहरूलाई ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने, बालश्रम, बाँधा तथा सबै प्रकारको बलपूर्वक लगाइने श्रमजस्ताा शोषणमूलक श्रमअभ्यासलाई अस्वीकार गर्ने र उचित श्रमअभ्यासको अधिकार हुनेछ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको कामको अधिकारका लागि आधारभूत घोषणाप्रति राज्य प्रतिबद्ध रहनेछ। लिङ्ग, जाति/जनजाति, क्षेत्र वा समुदायमा आधारित सबै प्रकारका भेदभावरहित कार्यथलो तथा मर्यादित कामको हक हुनेछ।

३१. **युवाहरूको हक र अधिकारः** भविष्यको नेताका रूपमा समग्र व्यक्तित्व विकासका लागि युवा समुदायको सकारात्मक विकास गर्नु राज्यको दायित्व हुनेछ। युवाहरूलाई शिक्षा, स्वास्थ्य र रोजगारीको हक हुनेछ।

३२. **अपाङ्गहरूको अधिकारः** अपाङ्गहरूका लागि पहिचान, प्रतिनिधित्व र संरक्षणको हक हुनेछ। अपाङ्गको प्रकृतिअनुसार सार्वजनिक स्थलहरूलाई अपाङ्गमैत्री बनाउनु राज्यको कर्तव्य हुनेछ। अपाङ्गहरूमा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक संरक्षणको हक हुनेछ।

३३. **दण्डहीनताको अन्त्यः** मानवता विरूद्धका सबै प्रकारका अपराधलाई दण्डनीय बनाइनेछ। लोकतन्त्र र जनअधिकारका लागि सञ्चालित आन्दोलनका विरूद्ध अत्यधिक बलप्रयोगका दोषीहरूलाई समेत कानुनका दायरामा ल्याइनेछ। फौज्दारी अभियोग बिरूद्ध पीडित पक्षलाई स्वतन्त्र न्यायालयमा सुनवाइको हक हुनेछ।

३४. **स्वतन्त्र र राष्ट्रिय हितमा आधारित विदेश नीतिः** नेपालको राष्ट्रिय हितलाई सर्वोपरि राख्दै संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त तथा सार्वभौम राष्ट्रका लागि स्थापित अन्तर्राष्ट्रिय मान्यताअनुरूप नेपालको विदेश नीति हुनेछ।

**आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणा तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि-१६९ अनुसारको आत्मनिर्णयको अधिकार हुनेछ।**

३५. **अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अनुमोदनः** नेपालले अन्तर्राष्ट्रिय रूपमा गरेका सन्धि-सम्झौताको पुनरावलोकन गर्दै मुलुकको हितमा रहेका नेपाल राष्ट्रका पक्षमा भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको संसद्बाट अनुमोदन गरिनेछ। राष्ट्रिय हित र महत्त्वका गम्भीर प्रकृतिका सन्धि-सम्झौताको अनुमोदनका लागि दुई तिहाई मत आवश्यक हुने व्यवस्था गरिनेछ।

## नेकपा (एमाले) को परिकल्पनाः सबल र समृद्ध नेपालको स्थापना

विश्वस्तरमै र नेपालको पनि विगत दुई दशककै अनुभवको निष्कर्ष हो - अब उदारवादी पुँजीवादी प्रजातन्त्र बहुसङ्ख्यक श्रमजीवी जनताका समस्याको समाधान हैन। नत कुनै पनि प्रकृतिको एकदलीय अधिनायकवादी व्यवस्था नै वर्तमान समस्याको समाधान हो।

नेपाली समाजको मूल अन्तर्विरोध भनेको वर्गीय अन्तर्विरोध नै हो। नेपाली समाजमा व्याप्त सबै खालका वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेद यसैमा आधारित छ। यसको अन्त्यका लागि नेकपा (एमाले) पूर्ण लोकतान्त्रिक अधिकार र सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य व्यवस्था, सहभागितामूलक र समावेशी शासनप्रणालीको स्थापनामा प्रतिबद्ध रहनेछ। यस्तो लोकतान्त्रिक शासनप्रणालीलाई जनताको बहुदलीय जनवादी व्यवस्था हुँदै समाजवादसम्म विस्तार गर्न चाहन्छ।

ऐतिहासिक जनआन्दोलन र संविधानसभाले उत्कर्षमा पुऱ्याएको जनताका अपेक्षालाई पूरा गर्ने गरी भौतिक, मानवीय तथा सांस्कृतकि विकासलाई गति दिन र सबै खालका विषमता तथा विभेदलाई समाप्त पार्न नेकपा (एमाले) विकासको अर्थ-राजनीतिक दिशा तथा खाकालाई यस घोषणापत्रमार्फत सार्वजनिक गर्दछ।

१. **सङ्घीय संरचना र शासन प्रणाली:** नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता र विविध भौगालिक विशिष्टतामा आधारित अखण्ड र अविभाज्य राज्य-राष्ट्रका रूपमा रहनेछ। मुलुकमा जातीय, भाषिक, सांस्कृतकि र भौगोलिक विशिष्टताका आधारमा सङ्घीय संरचनाको विकास गरिनेछ। यस्तो संरचना निर्माण गर्दा जातिगत सघनता, भाषिक एकरूपता र सांस्कृतिक विशेषता, ऐतिहासिकता र विशिष्ट भौगालिक क्षेत्रलाई सकेसम्म एउटै एकाइमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

सङ्घीय प्रदेश र स्थानीय एकाइहरूको राजनीतिक र प्रशासनिक सिमाना र संरचना निर्माण गर्दा भौगोलिक अवस्थिति, जनसङ्ख्या र जातिगत बसोबासको अवस्था, मातृभाषा र भाषा प्रयोगको अवस्था, सांस्कृतिक विशेषता, प्रशासनिक सुगमता, आर्थिक-सामाजिक अन्तर्सम्बन्ध र सामर्थ्य-सम्भाव्यता, प्राकृतकि स्रोत र साधनको उपलब्धता तथा ऐतिहासिकतालाई आधार बनाइनेछ। त्यस्ता सङ्घीय एकाइहरूको नामकरण उनीहरूको जातीय, भाषिक, सांस्कृतिक, ऐतिहासिक पहिचान खुल्ने हिसाबले गरिनेछ। ती सङ्घीय तथा स्थानीय एकाइहरू बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक हुनेछन्। सङ्घीय संरचनाअर्न्तगत स्वायत्त र स्वशासित स्थानीय निकाय गठनका लागि उच्चस्तरीय संवैधानिक आयोगको गठन गरिनेछ। सङ्घीय एकाइहरू आफैंमा स्वायत्त र परिभाषित सीमाभित्र आत्मनिर्णयको अधिकार सम्पन्न हुनेछन्। तिनीहरूको सम्मिलन र विभाजनको अधिकार सम्बन्धित प्रदेशका जनता, केन्द्रीय र प्रादेशिक संसद्मा रहनेछ।

संविधानमा नै स्पष्ट रूपमा उल्लेख हुने गरी अधिकार र दायित्वको बाँडफाँड गरिएको केन्द्र, प्रदेश र स्थानीय निकाय गरी तीन तहमा शासनको ढाँचा विकास गरिनेछ। तीनवटै तहबिच सहयोगात्मक र समन्वयात्मक सम्बन्ध हुनेछ। अधिकार र दायित्वको बाँडफाँड नियमअनुसार हुनेछ।

- **केन्द्र:** राष्ट्रिय सुरक्षा, वैदेशिक सम्बन्ध, मौद्रिक नीति र केन्द्रीय बैंक, रेल्वे, हवाई मार्ग, राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, मानव अधिकार र मौलिक हकको रक्षा, सर्वोच्च अदालत, भन्सार-राजश्व ठूला जलविद्युत्, बहुप्रान्तयि आयोजनाको निर्माण र सञ्चालन, सम्पदाहरूको बाँडफाँड र प्रान्तीय विवादहरूको समाधान आदि।

**अधिकार र दायित्वको बाँडफाँड गरिएको केन्द्र, प्रदेश र स्थानीय निकाय गरी तीन तहमा शासनको ढाँचा विकास गरिनेछ। तीनवटै तह बिच सरहयोगात्मक र समन्वयात्मक सम्बन्ध हुनेछ।**

- **प्रदेशः** प्रादेशिक अदालत, प्रादेशिक सेवा आयोग, सार्वजनिक सुरक्षा, उद्योग, व्यापार र श्रम व्यवस्था, शिक्षा र स्वास्थ्यको प्रबन्ध, प्रादेशिक सडक, सम्पदाको संरक्षण आदि ।
- **स्थानीयः** स्थानीय सडक र ग्रामीण यातायात, ग्यास, विद्युत् र जल-आपूर्ति, सरसफाइ, स्थानीय र, सार्वजनिक शिक्षा र स्वास्थ्यको प्रबन्ध, स्थानीय प्राकृतिक स्रोत र साधनको संरक्षण र विकास, सम्पदाको संरक्षण आदि ।
- **केन्द्र र प्रदेशको सम्बन्धः** केन्द्र, प्रदेश र स्थानीय निकायबिचको सम्बन्ध सहयोगात्मक हुनेछ । केन्द्र, प्रदेश र स्थानीय निकायका बिचमा राजस्व बाँडफाँड आदिमा आवश्यकता अनुसार वित्तीय आयोगको गठन गरिनेछ ।

## २. शासनको स्वरूप

- शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा राज्यको केन्द्रीय संरचनाको विकास गरिनेछ ।
- केन्द्रमा दुई सदनात्मक व्यवस्था रहनेछ भने प्रदेशमा एउटा विधायिका रहनेछ । स्थानीय तह गाउँ र नगरमा निर्वाचित जनप्रतिनिधिमूलक निकाय रहनेछ ।
- राष्ट्रिय सभाको निर्वाचन सबै सङ्घीय एकाइहरूबाट गरिनेछ भने प्रतिनिधि सभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीका आधारमा आम जनताबाट गरिनेछ ।
- प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष वालिग मताधिकारका आधारमा आम जनताबाट गरिनेछ ।
- राष्ट्र प्रमुखको निर्वाचन केन्द्रीय संसरद्का दुबै सदनका सदस्यहरू र प्रादेशिक संसद्का सदस्यहरू रहेको निर्वाचक मण्डलबाट स्पष्ट बहुमतका वा पचास प्रतिशत जोड एकका आधारमा निर्वाचन गरिनेछ ।
- केन्द्रीय संसद्, प्रादेशिक विधायिका र स्थानीय निकायहरूको निर्वाचनमा विविधता कायम गरिनेछ ।

## ३. अर्थनीतिः

- सार्वजनिक, सहकारी र निजी क्षेत्रलाई अर्थतन्त्रको आधारका रूपमा विकास गर्ने नीति लिइनेछ । नयाँ नेपाल निर्माणको लामो अवधिसम्म मिश्रित ढाँचाको अर्थव्यवस्था अपनाइनेछ ।
- आय र सम्पत्तिको पुनःवितरणको प्रकृयालाई तीब्र पारी सामाजिक न्यायमा आधारित लोककल्याणकारी समाज निर्माणको आधार तयार गरिनेछ ।
- उद्योग, व्यापार, पर्यटनका साथै पूर्वाधार निर्माण र विकासमा समेत निजी, सार्वजनिक र सहकारी क्षेत्रका बिच संयुक्त साझेदारीको प्रक्रियालाई अघि बढाउन प्रोत्साहन गरिनेछ ।
- आय असमानतालाई न्यूनीकरण गर्न प्रगतिशील कर प्रणाली, सार्वजनिक खर्चको सन्तुलित विनियोजन र वित्तीय साधनको न्यायोचित बाँडफाँडका आधारमा वैज्ञानिक व्यवस्थापनद्वारा समतामूलक अर्थतन्त्र निर्माण गरिनेछ ।
- राष्ट्रिय हितको सुनिशिचतता गर्दै विदेशी पुँजी, प्रविधि लगानी भित्र्याउने नीति लिइनेछ ।

**सार्वजनिक, सहकारी र निजी क्षेत्रलाई अर्थतन्त्रको आधारका रूपमा विकास गर्ने नीति लिइनेछ। नयाँ नेपाल निर्माणको लामो अवधिसम्म मिश्रित ढाँचाको अर्थव्यवस्था अपनाइनेछ।**

- सहरीकरण, ग्रामीण पूर्वाधार विकास तथा निर्माण, सामाजिक पूर्वाधारका रूपमा रहेका शिक्षा, स्वास्थ्य, सरसफाई तथा पिउने पानी आदिमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित गरिनेछ। व्यवस्थित सहरीकरण र बसोबासको योजना लागू गरिनेछ।
- सङ्घीय प्रदेश र स्थानीय निकायहरूमार्फत स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गरी गरिबी तथा बेरोजगारी घटाउन ठोस कार्यक्रमलाई अभियानका रूपमा अघि बढाइनेछ।
- वित्तीय नीतिलाई राष्ट्रिय हित अनुरूप व्यवस्थित र परिमार्जन गरिनेछ। वित्तीय तथा मौद्रिक संस्थाहरूको स्वायत्तता र नियमन बिच समन्वय कायम गरी सञ्चालन गरिनेछ।
- राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि, जलस्रोत र पर्यटनको विकासलाई प्राथमिकता दिइनेछ।
- पूर्वाार विकास र पुन:निर्माण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरी ठूलो मात्रामा रोजगारी सिर्जना गरिनेछ। यसका माध्यमबाट मुलुकको बेरोजगारी समस्या समाधान गर्दै गरिबी न्यूनीकरण गरिनेछ।

४. **क्रान्तिकारी भूमिसुधार र कृषिको व्यावसायीकरण:** दीर्घकालीन दृष्टिकोणले कृषिको विकास र व्यावसायीकरणका लागि निम्न कामहरू गरिने छन् :

- विगतको उच्चस्तरीय भूमिसुधार आयोग तथा भविष्यमा बन्ने भूमिसम्बन्धी आयोगको सिफारिससमेतलाई ध्यानमा राख्दै वैज्ञानिक रूपमा भूमिको व्यवस्थापन, वितरण तथा उत्पादकत्व वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- मुक्त कमैया लगायत भूमिहीन-सुकुम्बासी जनतालाई जमिनका मालिक बनाई उनीहरूको बसोबास, शिक्षा र स्वास्थ्यजस्ता समस्याको समाधान गरिनेछ।
- कृषिसम्बन्धी सेवाहरूको व्यवस्थापनमा सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ। कृषिमा अनुदानको नीति अवलम्बन गरी कृषिआधारित उद्योगको विकासलाई उच्च प्राथमिकता दिइनेछ।
- कृषि उत्पादनलाई बजारमा प्रतिस्पर्धी बनाइनेछ। जैविक विविधताका आधारमा कृषि उपजहरूको विकास र विविधीकरण गरिनेछ।
- गरिबीको रेखामुनि रहेको किसान जनताको जीवनस्तर माथि उठाउन विशेष कार्यक्रम ल्याइनेछ।

४. **उद्योग, व्यापार र वैदेशिक लगानी:** औद्योगिक विकासका लागि तात्कालिक, मध्यकालीन र दीर्घकालीन नीति तर्जुमा गरिनेछ। स्वदेशी लगानीलाई संरक्षण र प्रोत्साहन तथा वैदेशिक लगानीलाई आकर्षित गर्न निम्नानुसारका कार्य गरिनेछ।

- तुलनात्मक लाभ भएका उद्योगहरूको विकास र निर्यात प्रवर्द्धनमा प्राथमिकता दिइनेछ ।
- स्वदेशी कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगहरूको विकासका लागि विशेष सुविधा प्रदान गरिने छ ।
- नेपाली उत्पादनहरूको निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय बजार अन्वेषण र सुनिश्चित गरिनेछ ।
- आयात प्रतिस्पर्धी उद्योगहरूको विकासमा जोड दिँदै आयातमाथिको बढ्दो निर्भरतालाई कम गर्दै लगिनेछ । सम्भाव्यताका आधारमा रूग्ण उद्योगहरूलाई यथोचित उपचार गरी सुसञ्चालन गर्दै अर्थतन्त्रलाई गतिशील बनाइनेछ ।
- घरेलु तथा साना उद्योग व्यवसायको विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।

**"जति धेरै सामाजिक सुरक्षा त्यति नै श्रम लचकता" को नीति लागू गरी श्रम र पुँजी बिच सन्तुलन कायम गरी नयाँ सामाजिक सुरक्षा प्रणाली सुरु गरिनेछ ।**

- आम उपभोक्ताको हितमा दैनिक उपभोगका वसतु र सेवाको प्रभावकारी आपूर्ति व्यवस्था गरिनेछ । एकल बजारमाथिको निर्भरता घटाउन वैकल्पिक स्रोतहरूको अन्वेषण गरिनेछ र तेल, ग्याँस जस्ता अत्यावश्यक वस्तुहरूको आपूर्तिका निम्ति वैकल्पिक उपायको खोजी गरिनेछ ।
- नेपालको पर्यटन उद्योगलाई नयाँ नेपालको अर्थतन्त्रको एउटा आधारस्तम्भको रूपमा स्थापित गर्न प्राकृतिक, ऐतिहासिक, धार्मिक र पुरातात्त्विक क्षेत्रहरूको संरक्षण, संवर्द्धन र विकास गरिनेछ । पर्यटकहरूको आकर्षणका लागि साहसिक, खेलकुद, स्वास्थ्य जस्ता नयाँ विधाको विकास गर्दै विशेष सुविधाको व्यवस्थापन र प्रचार प्रसारका लागि आर्थिक-कुटनीतिमा जोड दिइनेछ ।
- नेपाललाई दुई छिमेकी चीन र भारत बीचको पारवहन विन्दुका रूपमा विकसित गरिनेछ ।

५. **श्रम बजार नीतिः** नीति निर्माण, कार्यान्वयन र कार्यथलोको अनुगमन तथा श्रम निरीक्षण प्रणाली लागू गर्न निम्न नीति अवलम्बन गरिनेछ :

- श्रम क्षेत्रका औपचारिक तथा अनौपचारिक र सङ्गठित तथा असङ्गठित सबै कार्यथलोमा नियमित वा अनियमित रोजगारीका क्षेत्रमा कार्यरत सम्पूर्ण श्रमिकहरूको पञ्जीकरणको व्यवस्था गरिनेछ । हलिया, भुँडेजस्ता शोषणमूलक प्रथा उन्मूलन गरिनेछ र सबै श्रमिकहरूको कानुन सम्मत ढङ्गले हित र हकको संरक्षण गरिनेछ ।
- "जति धेरै सामाजिक सुरक्षा त्यति नै श्रम लचकता" को नीति लागू गरी श्रम र पुँजीबिच सन्तुलन कायम गरिनेछ जसका लागि योगदानमा आधारित एकीकृत सामाजिक सुरक्षा कोष स्थापना गरी नयाँ सामाजिक सुरक्षा प्रणाली सुरु गरिनेछ ।

- श्रमशक्तिलाई एक बनाई श्रमिकका हक-हित निश्चित गरी उत्पादकत्व अभिवृद्धि गर्न ट्रेड युनियनहरूको बहुलतामा आधारित श्रमसभाका रूपमा एउटै छाता महासङ्घ निर्माण गरिनेछ ।
- औद्योगिक दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने गरी श्रमबजार अनुरूपका एकीकृत सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारका लागि थप अवसरहरूको खोजी गरिनेछ । नेपाली कार्यरत देशहरूमा श्रम सहचारीको व्यवस्था गरिनेछ । वैदेशिक रोजगारमा जाने श्रमिकमाथि हुने अनियमितता र शोषणलाई समाप्त पार्न रोजगारमा पठाइने देशहरूसँग श्रम सम्झौता गरी उनीहरूको हक-हितको सुरक्षा गरिनेछ ।

६. **प्राकृतिक स्रोतको व्यवस्थापन र उपयोग:** नेपालका प्राकृतिक साधन स्रोतमाथि नेपाली जनताको अक्षुण्ण अधिकारको पूर्ण रक्षा गरिनेछ र त्यसको विकासका लागि निम्न कामहरू गरिनेछ :

- वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गरी उत्पादकत्व बढाइनेछ । सामुदायिक वन उपभोक्ता समूहलाई वनको मुख्य व्यवस्थापन बनाई स्वामित्व र व्यवस्थापन हस्तान्तरण प्रक्रियालाइ तीव्र पारिनेछ । मुलुकव्यापी रूपमा हरियाली कायम गर्न वन सुरक्षाका निकायहरूलाई स्वच्छ, प्रभावकारी र साधनसम्पन्न बनाइनेछ । राजकीय, सामुदायिक, व्यावसायिक तथा निजी वनसँग सम्बन्धित नीतिमा सुधार गरिनेछ ।
- दिगो ढङ्गले जैविक विविधता तथा पर्यावरण प्रणालीको संरक्षण गरिनेछ । नेपालको सम्पदामा नेपालको प्याटेन्ट राइट कायम गरिनेछ ।
- नेपालका नदीनालामा नेपालको अक्षुण्ण अधिकारको पूर्ण रक्षा गर्दै जलस्रोतको उपयोगमा राष्ट्रिय हितलाई ध्यानमा राखी बाह्य र बहुपक्षीय सहयोग लिने नीति अवलम्बन गरिनेछ । सामुदायिक सहभागितामार्फत सबै नेपालको पहुँचमा विद्युत् सुविधा पुऱ्याइनेछ ।

**जलस्रोतको उपयोगमा राष्ट्रिय हितलाई ध्याना राखी बाह्य र बहुपक्षीय सहयोग लिने नीति अवलम्बन गरिनेछ । सामुदायिक सहभागितामार्फत सबै नेपालीको पहुँचमा विद्युत् सुविधा पुऱ्याइनेछ ।**

- ठूला नदीनाला बहुआयामिक रूपमा उपयोग गर्ने नीति लिँदै विद्युत् उत्पादनका निम्ति ठूला जलाशययुक्त आयोजनाहरूको विकास गरिनेछ । मध्यम स्तरका जलविद्युत् आयोजनाहरूमा स्वदेशी पुँजीको उपयोग गर्दै व्यापक जनताको स्वामित्व हुने गरी स्रोत परिचालन र उपयोग गरिनेछ । स्थानीय निकाय, उपभोक्ता समिति र निजी उद्यमीले सञ्चालन गर्ने १० मेघावाटसम्मका जलविद्युत् आयोजनालाई प्रशासनिक झन्झटबाट मुक्त बनाई सञ्चालन गर्न सबै सम्भव सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।
- विश्व सम्पदाका रूपमा रहेको हिमाली क्षेत्रको वातावरणको बचाउ र संरक्षणका निम्ति अन्तर्राष्ट्रिय क्षेत्रको समेत सहयोग परिचालन गरिने छ ।

- उपभोक्ता समूहहरूको सहाभगिता भरपर्दो सिँचाइ प्रणालीको विकास गरिनेछ। कन्काई बहुउद्देश्यीय योजना, बबई सिँचाइ योजना र सुनकोशी कमला डाइभर्सनजस्ता ठुला आयोजनाको विकासका साथै साना र मझौला सिँचाइ आयोजनाको विकास गरिनेछ।
- खानी र ऊर्जा विकाससम्बन्धी विशेष नीति अवलम्बन गरिनेछ। वैकल्पिक नवीकरणीय ऊर्जा विकासको कार्यक्र तयार गरी कार्यान्वयन गरिनेछ।

७. **यातायातः** मुलुकका सबै प्रमुख राजनीतिक केन्द्र, बजार र बस्तीहरूमा सडक सञ्जालको विस्तार गरिनेछ। सार्वजकि यातायात सेवालाई सुदृढ र व्यवस्थित गरिनेछ।

- कालोपत्रे सडकहरूको गुणस्तर उन्नत पार्न र निर्माण कार्यलाई स्तरीय बनाउन ठोस कलम चालिनेछ।
- विद्युत् शक्तिद्वारा सञ्चालित यातायात प्रणालीमा विशेष जोड दिइनेछ।
- पूर्व-पश्चिम विद्युतीय रेल निर्माण गरिनेछ र त्यसलाई राजधानी लगायतका महत्त्वपूर्ण सहरहरूसँग जोड्ने परियोजनालाई अघि बढाइनेछ। चीनको तिब्बत स्वशासित क्षेत्रसँग आधुनिक रेल, यातायात जोड्ने सम्भावनालाई साकार पार्न आवश्यक कदम चालिनेछ।
- काठमाडौँ उपत्यकाका बाहिरी चक्रपथ, पूर्व-पश्चिम वैकल्पिक राजमार्ग, मध्य पहाडी राजमार्ग, तराई क्षेत्रमा हुलाकी राजमार्ग, उत्तर-दक्षिण राजमार्गहरू, राजधानीलाई जोड्ने अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको छोटो र तीव्र गतिमा यातायात चल्न सक्ने राजमार्ग, रापेवे मार्ग एवम् जलमार्गका सबै सम्भावनाहरूको पूर्ण उपयोग गरिनेछ।
- हवाई यातायातको विस्तार गर्री त्यसलाई सुदृढ, सुरक्षित र विश्वसनीय बनाउन उपयुक्त नीतिगत र प्राविधिक कदम चालिनेछ। नयाँ अन्तर्राष्ट्रिय विमानस्थलका साथै अन्तर्राष्ट्रिय स्तरका क्षेत्रीय विमानस्थलहरूको निर्माण गरिनेछ।
- राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको व्यवस्थापनलाई सुधार र पुनर्संरचना गर्दै सुदृढ गरिनेछ।

८. **सामाजिक नीतिः** शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रुभताजस्ता आधारभूत आवश्यकताका कुरा जनतालाई उपलब्ध गराउन विशेष कर तथा बीमा व्यवस्था गरिनेछ।

- **शिक्षाः** मुलुकबाट निरक्षरता उन्मूलन गर्न राष्ट्रिय अभियान सञ्चालन गरिनेछ। आठ कक्षासम्मको आधारभूत शिक्षालाई अनिवार्य गरी १२ कक्षासम्मको माध्यमिक शिक्षालाई निःशुल्क गरिनेछ। उच्च शिक्षालाई सुलभ एवम् गुणस्तरीय बनाइनेछ। शिक्षा क्षेत्रमा निम्न कामहरू गरिनेछन् :

**शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रुभताजस्ता आधारभूत आवश्यकताका कुरा जनतालाई उपलब्ध गराउन विशेष कर तथा बीमा व्यवस्था लागू गरिनेछ।**

- मुलुकको परिवर्तित सन्दर्भ अनुरूपको नयाँ शिक्षा पद्धतिको तर्जुमा र विकास गर्न उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरिनेछ।
- बहुविश्वविद्यालयो अवधारणाअनुरुप कषि, वन, प्राविधिक, खुल्ला र औद्योगिक विश्व विद्यालयहरू स्थापना गरिनेछ।
- राष्ट्रिय आवश्यकता अनुसारको उत्पादनशील र व्यावसायिक प्राविधिक शिक्षा र अनुसन्धानमूलक शिक्षामा जोड दिइनेछ।

- ❍ बालबालिकाहरूको प्रारम्भिक शिक्षाका निम्ति पूर्व प्राथमिक विद्यालयहरूको प्रबन्ध गरिनेछ। दूर शिक्षा प्रणालीलाई निरन्तरता दिँदै त्यसलाई विकास, विस्तार र सुदृढ पार्दै लगिनेछ।
- ❍ विद्यालयहरूको व्यवस्थापन सम्बन्धित क्षेत्रका जनताको पहुँचलाई सुदृढ गर्नुका साथै शिक्षाको विकासमा राज्यको दायित्व विस्तार गर्दै मुलुकभरि एउटै स्तरको शिक्षा विकासको सुनिश्चितता गरिनेछ।
- ❍ सुदूरपश्चिमाञ्चल लगायत शैक्षिक रूपले पछि परेका क्षेत्रमा शिक्षाको विकासका लागि संरचना विकासमा लगानी विस्तार गरिनेछ।

- **स्वास्थ्यः** जनतालाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। अपाङ्ग र जेष्ठ नागरिकहरूका लागि सबै प्रकारले निःशुल्क उपचार सेवा उपलब्ध गराइनेछ। स्वास्थ्यका क्षेत्रमा निम्न काम गरिनेछ :
  - ❍ विद्यमान अवस्थामा मुटु, क्यान्सर र मिर्गौलाजस्ता जटिल रोगहरूको उपचारमा अनुदानको व्यवस्था गरिनेछ।
  - ❍ स्वास्थ्यसम्बन्धी विशेषीकृत सेवाहरू सुलभ र विस्तार गराइनेछ। देशभित्र विभिन्न स्तरका चिकित्साशास्त्र अध्ययन संस्थान र प्राविधिक विद्यालय सञ्चालन गरिनेछ।
  - ❍ योग विज्ञान, आयुर्वेद, प्राकृतिक चिकित्सा विकासका लागि जनशक्ति र पूर्वाधारको लागि लगानी गरिनेछ।

- **आवासः** सम्पूर्ण नेपाली नागरिकलाई आवास प्राप्त गर्ने अधिकार हुनेछ। राज्यले सम्पूर्ण अव्यवस्थित आवासलाई व्यवस्थित, वैज्ञानिक र सर्वसुलभ गराउनेछ। सहरीकरणलाई व्यवस्थित गर्दै ग्रामीण सहरीकरालाई पनि सुव्यवस्थित गर्ने नयाँ नीति अख्तियार गरिनेछ।

- **खेलकुदः** 'राष्ट्रिय खेलकुद प्रतिष्ठान' को स्थापना गरिनेछ। खेलकुदलाई व्यावसायीकरण गर्दै उद्योगका रूपमा विकास गरिनेछ।

- **भाषा र संस्कृतिः** नेपालको बहुलवादी सामाजिक चरित्र अनुरूपको राष्ट्रिय, वैज्ञानिक र लोकतान्त्रिक संस्कृतिको विकास गरिनेछ। यसका लागि निम्नलिखित काम गरिनेछ :
  - ❍ प्रगतिशील कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गरिनेछ।
  - ❍ जाति, भाषा, धर्म तथा संस्कृतिका क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरिनेछ। लोपोन्मुख भाषा/संस्कृतिको संरक्षण गरिनेछ।
  - ❍ सबै प्रकारका बौद्धिक सिर्जनाहरूमा बौद्धिक सिर्जनाहरूमा बौद्धिक सिर्जनाहरूमा बौद्धिक सम्पदा अङ्गीकार कायम गरिनेछ।
  - ❍ पुरातात्त्विक र ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण तथा सांस्कृतिक क्षेत्रका विविध विषयको अनुसन्धानमा जोड दिइनेछ।

**दलितहरूको उत्थानका लागि प्रगतिशील आरक्षणको नीति अवलम्बन गरिनेछ। तराईवासी मधेसी जनतालाई राज्यका विभिन्न अङ्गहरूमा समावेशी नीति लागू गरिनेछ।**

- **महिला:** महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानुन, मान्यता र व्यवहारको अन्त्य गरी समतामूलक समाज बनाइनेछ। यस दिशामा निम्नलिखित काम गरिनेछ :
  - पैतृक सम्पत्तिमा छोरा र छोरी दुवैको समान अधिकारलाई कडाइका साथ लागू गरिनेछ। महिलाउपर हुने सबै प्रकारका हिंसा, शोषण र उत्पीडनको उन्मूलन गरिनेछ। कमलरी, देउकी, झुमा आदि प्रथालाई कानुन बनाई अन्त्य गरिनेछ। पिछडिएका महिलाका लागि मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम ल्याइनेछ।
  - आमा-बाबु दुवैका नामबाट नागरिकता र संरक्षकत्व प्राप्त हुने कानुनी व्यवस्था गरिनेछ।
  - मानव बेचबिखनको अपराधलाई कडाइका साथ नियन्त्रण गरिनेछ।
  - महिलाको शिक्षा र रोजगारीका अवसरमा पहुँच पुऱ्याउन विशेष कार्यक्रम लागू गरिनेछ।

- **दलित:** छुवाछुमुक्त राष्ट्रको घोषणालाई सार्थक बनाउनका लागि संवैधानिक र कानुनी व्यवस्था र उपचारको विधिलाई प्रभावकारी बनाइनेछ।
  - सामाजिक कुसंस्कार, अन्धविश्वास, रूढिगत मान्यताका रूपमा विद्यमान उक्त समस्याको समानका लागि राज्यका तर्फबाट विशेष अभियान सञ्चालन गरिनेछ।
  - दलितहरूको उत्थानका लागि प्रगतिशील आरक्षणको नीति अवलम्बन गरिनेछ।

- **आदिवासी:** आदिवासी-जनजातिहरूलाई आफ्नो भाषा र संस्कृतिको विकास गर्न, साधन र स्रोतहरूको उपयोग गर्न, राजनीतिक अधिकारहरू सुनिश्चित गर्न तथा सामाजिक, आर्थिक विकास गर्नका निम्ति उपयुक्त कानुनी व्यवस्था र संरचनाको विकास गरिने छ।
  - आदिवासी/जनजाति प्रतिष्ठानलाई अधिकारसम्पन्न बनाइनेछ।

- **तराईवासी/मधेसी:** मधेस/तराईमा बसोबास गर्ने समुदायमाथिको विद्यमान सामाजिक-सांस्कृतिक विभेद र उत्पीडनलाई अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गरिनेछ।
  - तराईबासी मधेसी जनतालाई राज्यका विभिन्न अङ्गहरूमा समावेशी नीति लागू गरिनेछ।
  - तराईमा देखिएका हिंसात्मक द्वन्द्व वार्ताद्वारा समाधान गरिनेछ। राज्यको पुनर्संरचना गर्ने क्रममा, तराईवासी जनताका आकाङ्क्षालाई समेत ध्यानमा राखी सङ्घीय एकाइहरूका निर्माण गरिनेछ।
  - तराईमा विद्यमान गरिबी, अशिक्षा र पछौटेपनको अन्त्यका लागि राष्ट्रिय विकासको योजनाअन्तर्गत विशेष कार्यक्रम लागू गरिनेछ।

- **पिछडिएको क्षेत्रः** कर्णाली लगायतका दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई विकासको औसत राष्ट्रिय स्तरसम्म पुऱ्याउनका लागि राज्यले विशेष नीति तथा कार्यक्रममार्फत सुविधा, अवसर र सहुलियत उपलब्ध गराउनेछ ।

- **युवाः** समृद्ध नेपाल निर्माणको आधारका रूपमा युवाशक्तिलाई अघि बढाइनेछ । शिक्षा, स्वास्थ्य र रोजगारीलगायत युवा सरोकारका विषयहरूलाई प्राथकिता दिइनेछ ।

**कर्णाली लगायतका दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई विकासको औसत राष्ट्रिय स्तरसम्म पुऱ्याउनका लागि राज्यले विशेष नीति अवलम्बन गर्नेछ ।**

  - युवा राष्ट्रिय परिषद् र रोजगार बैंकको स्थापना गरिनेछ ।
  - शिक्षा र रोजगार युवाहरूको अधिकार भन्ने अवधारणालाई व्यावहारिक रूप दिइनेछ र युवाहरूको परिचालन र विकासका निम्ति युवा मन्त्रालयको व्यवस्था गरिनेछ ।
  - सामाजिक विकृति विरूद्ध युवाशक्तिलाई परिचालन गर्दै समाजको विभिन्न क्षेत्रमा युवा नेतृत्व स्थापित गरिनेछ ।

- **अपाङ्गः** अपाङ्गताप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई शिक्षा र रोजगारमार्फत उनीहरूलाई अन्य नागरिकसरह सक्षम बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ। उनीहरूभित्र रहेका सीप, कला र प्रतिभाहरूको विकास गर्ने वातावरण बनाइनेछ ।

- **जेष्ठ नागरिकः** समाजका जेष्ठ नागरिकहरूका अनुभव, ज्ञान र सीपलाई राष्ट्रिय हितमा सदुपयोग गर्दै उनीहरूका लागि सामाजिक संरक्षणका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **बालबालिकाः** बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात् गर्दै उनीहरूको बालापनको संरक्षण गर्न बाल विकास केन्द्रहरूको स्थापना गर्नुका साथै विभिन्न कार्यक्रम लागू गरिनेछ। बालबालिकाको बेचबिखन जस्ता आपराधिक कार्यलाई प्रभावारी ढङ्गले नियन्त्रण गरिनेछ ।

- **मुस्लिम र धार्मिक अल्पसङ्ख्यकः** मुस्लिमलगायत धार्मिक अल्पसङ्ख्यक समुदायका धार्मिक तथा सांस्कृतिक अधिकारहरूको जगेर्ना र उनीहरूका सांस्कृतिक सम्पदाहरूको सुरक्षा गर्न विशेष कार्यक्रम लागू गरिनेछ। मदरसा शिक्षालाई राष्ट्रिय शिक्षासँग आबद्ध गरी आधुनिकीकरण गरिनेछ ।

९. **राष्ट्रिय सुरक्षा र नेपाली सेनाः** राष्ट्रको सीमा र भौगोलिक अखण्डाको रक्षा, प्राकृतिक सम्पदाको जगेर्ना, सामाजिक सद्भाव र जनताको जीउधनको रक्षाको पूर्ण प्रत्याभूति हुने किसिमको राष्ट्रिय नीति तयार गरिनेछ ।

- राष्ट्रिय सुरक्षाको जिम्मा सुरक्षा फौजको मात्र नभई समग्र जनताको हो भन्ने मान्यताका आधारमा यो नीति तय गरिनेछ। लोकतान्त्रिक मूल्यपद्धतिप्रति पूर्ण समर्पित हुने गरी नेपाली सेनाको लोकतान्त्रिकीकरण र व्यावसायीकरण गरिनेछ। नेपाली सेनाको संरचनालाई समावेशी बनाइनेछ र विभिन्न रचनात्मक काममा लगाइनेछ।
- भूतपूर्व सैनिक र प्रहरीको हित र सेवाबारे ठोस नीति ल्याइनेछ। भूतपूर्व गोर्खा सेनालाई क्षतिपूर्तिका लागि आवश्यक पाइला चालिनेछ।

१०. **न्याय र सुशासनः** कानुनी राज्य, भ्रष्टाचार नियन्त्रण, निर्णय प्रक्रिया पारदर्शिता, सहभागितामूलक विकास अभियान, जवाफदेहिता जस्ता सुशासनका प्रक्षलाई सुदृढ गरी जनतालाई सुलभ ढङ्गले सेवा प्रदान गरिनेछ। यसका साथै निम्नलिखित काम गरिनेछ :

- प्रशासन (निजामती तथा प्रहरी) सेवालाई जनमुखी र दक्ष बनाइनेछ। यसलाई सङ्घीय प्रणालीअनुरूप पुनर्गठन गरिनेछ।
- छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गरिनेछ। असहायलाई निःशुल्क न्याय प्रदान गर्ने परिपाटीलाई प्रभावारी बनाइनेछ।

११. **मनव अधिकारः** मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र अन्तर्राष्ट्रिय कानुन तथा नेपालका पक्षमा रहेका संयुक्त राष्ट्रसङ्घका मानव अधिकारसम्बन्धी सम्झौता र अभिसन्धिहरूको प्रभावकारी रूपमा परिचालन गरिनेछ। अन्तरिम संविधानमा उल्लेख भएका मौलिक हक र स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिनेछ। यसका साथै निम्नलिखित काम गरिनेछ।

**राष्ट्रिय सुरक्षाको जिम्मा सुरक्षा फौजको मात्र नभई समग्र जनताको हो भन्ने मान्यताको आधारमा यो नीति तय गरिनेछ। लोकतान्त्रिक मूल्यपद्धतिप्रति पूर्ण समर्पित हुने गरी नेपाली सेनाको लोकतान्त्रिकीकरण र व्यावसायीकरण गरिनेछ।**

- मानव अधिकारको संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई सक्षम एवम् प्रभावकारी बनाइनेछ।
- समाजमा संस्कार, परम्परा र प्रथाका रूपमा रहेका अमानवीय शोषणका सबै रूपहरूको अन्त्य गरिनेछ।

१२. **आमसंचार नीतिः** स्वतन्त्र र निष्पक्ष प्रेसको अवधारणालाई अघि बढाइनेछ। प्रेसमाथिको सबै प्रकारका हस्तक्षेपलाई निषेध गरिनेछ। यसका साथै निम्नलिखित काम गरिनेछ :

- बदलिँदो परिस्थितिअनुरूप राष्ट्रिय सञ्चार नीति अवलम्बन गरिनेछ।
- आम जनताको पहुँच पुग्ने गरी हुलाक, टेलिफोन, इमेल/इन्टरनेट, टेलिभिजन, रेडियोजस्ता सञ्चारका माध्यमहरूको विकास र विस्तार गरिनेछ। एफ.एम. रेडियोलाई मुलुकका सबै भागमा विस्तार गर्ने र सामुदायिक रेडियो प्रणालीलाई सुदृढ बनाइनेछ।

- श्रमजीवी पत्रकार ऐन र सूचनाको हकसम्बन्धी ऐनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।
- नेपाली चलचित्र उद्योगको संवर्द्धन गर्न समयानुकूल राष्ट्रिय चलचित्र नीति निर्माण गरिनेछ ।

१३. **विज्ञान र प्रविधि:** विज्ञान र प्रविधिको अध्ययन र अनुसन्धानलाई अघि बढाइनेछ । समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि, परम्परागत प्रविधिको आधुनिकीकरण र क्षमता अभिवृद्धि गरिनेछ तथा आधुनिक प्रविधिसँग राष्ट्रको विकास प्रक्रियालाई आबद्ध गरिनेछ । मुलुकको आधुनिकीकरणका लागि विज्ञान-प्रविधिको अनुसन्धानका साथै त्यसको अधिकतम उपयोग गरिनेछ ।

१४. **दिगो शान्ति:** विस्तृत शान्तिसम्झौता लगायत विभिन्न पक्षसँग गरिएका सहमति र सम्झौताहरूलाई प्रभावाकारी रूपमा कार्यान्वयन गरी शान्तिप्रक्रियालाई सफल पारिनेछ । 'शान्तिको प्रतिफल सबैका लागि' भन्ने कुरालाई आत्मसात् गर्दै दिगो शान्ति र राजनीतिक स्थिरताका लागि निम्नलिखित काम गरिनेछ :

- मानवता विरूद्धका कार्य गर्ने दोषीहरूलाई सत्य निरूपण तथा मेलमिलाप आयोगका माध्यमबाट गरी कारबाही गरिनेछ । पीडितहरूलाई न्याय दिँदै दण्डहीनताको अन्त्य गरिनेछ र समाजमा मेलमिलापको वातावरण सिर्जना गरिनेछ ।
- जनआन्दोलनमा राज्यसत्ताको दुरूपयोग गर्दै दमन गर्ने दोषीहरूलाई कारबाही गरिनेछ ।
- हिंसात्मक द्वन्द्वले गर्दा ध्वस्त भएका संरचनाको पुनःनिर्माण गरिनेछ र द्वन्द्वबाट विस्थापित तथा पीडितहरूको पुनःस्थापना गरिनेछ । बेपत्ता नागरिकका बारेमा छानबिन गरी उनीहरूको स्थिति सार्वजनिक गरिनेछ ।
- माओवादी लडाकुहरूको समायोजन र व्यवस्थापन सहमतिपूर्ण ढङ्गले गरिनेछ ।
- हिंसात्मक गतिविधिमा संलग्न समूहहरूलाई राजनीतिक मूलधारमा ल्याउन अधिकतम पहल-प्रयत्न गरिनेछ । वार्ता र सहमतिलाई लोकतान्त्रिक प्रक्रियाका रूपमा निरन्तरता दिइनेछ ।
- प्रहरीलगायत राज्यका सुरक्षा संयन्त्रलाई प्रभावकारी बनाइनेछ । मुलुकको शान्ति-सुरक्षा र अमनचयनलाई भरपर्दो बनाइनेछ, सबै प्रकारका अराजकताको अन्त्य गरिनेछ । कुनै पनि प्रकारका अपराधीलाई न्यायका कठघरामा खडा गर्ने परिपाटीको विकास गरिनेछ, समजामा अनुशासन कायम गरिनेछ र सम्पूर्ण जनतालाई सुरक्षाको सुनिश्चितता प्रदान गरिनेछ ।

**स्वतन्त्र र निष्पक्ष प्रेसको अवधारणालाई अघि बढाइनेछ । प्रेसमाथिको सबै प्रकारका हस्तक्षेपलाई निषेध गरिनेछ ।**

- समाजमा साम्प्रदायिक सद्भाव र सामाजिक एकतालाई सुदृढ गरिनेछ ।

१५. **अन्तर्राष्ट्रिय सम्बन्ध र नीतिः** नेपाल राष्ट्रको पहिचान, स्वाधीनता र राष्ट्रिय अखण्डतालाई विश्व समुदायका बिचमा स्थापित गर्नु, विश्वशान्ति, मनवता, सद्भाव र मैत्रीपूर्ण सम्बन्धलाई विस्तार गर्नु र नेपाल राष्ट्र र नेपाली जनताको विकास एवम् समृद्धिमा ठोस योगदान पुऱ्याउनु अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिको मूल लक्ष्य हुनेछ । यसका लागि संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशील, असंलग्नता, क्षेत्रीय सम्बन्ध र सहयोगको नीतिलाई मूल आधार बनाइनेछ । यस दिशामा निम्नलिखित काम गरिनेछ :

- साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद, सशस्त्रीकरण, जातिभेद, रङ्गभेद तथा आतङ्कवाद जस्ता जनविरोधी प्रवृत्तिहरूको विरोध गर्दै विश्वशान्ति, निःशस्त्रीकरण, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनहरूलाई समर्थन गर्ने नीति अवलम्बन गरिनेछ ।
- दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनलाई प्रभावकारी बनाउन तथा यसका सदस्य राष्ट्रहरूसँग आपसी सहयोग वृद्धि गर्न जोड दिइनेछ ।
- सीमासम्बन्धी समस्याको समाधान र सीमा-नाकाहरूको व्यवस्थापन गरिनेछ ।
- भुटानी शरणार्थीहरूलाई निर्बाध रूपमा आफ्नो देशमा ससम्मान फर्कने वातावरण तयार गर्न अधिकतम प्रयत्न गरिनेछ । साथै भुटानी शरणार्थी समस्या समाधान गर्न अन्य आवश्यक उपायहरू अवलम्बन गरिनेछ ।
- नेपालको भूमिबाट मित्रराष्ट्रहरूमाथि आँच पुग्ने कुनै पनि किसिमको गतिविधि सञ्चालन गर्न दिइनेछैन । त्यसरी नै मित्र राष्ट्रहरूका भूमि पनि नेपालका विरूद्ध उपयोग हुन नदियून् भन्ने अपेक्षा नेपालको रहनेछ ।
- विश्वका शान्ति कायम गर्न संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा नेपालको सहभागिता बढाइनेछ ।
- विदेशस्थित नेपालका नियोगहरूलाई आर्थिक कूटनीतिका क्षेत्रमा प्रभावकारी ढङ्गले परिचालन गरिनेछ ।
- नेपालको हित अनुकूल नरहेका तथा विभेदपूर्ण सन्धि-सम्झौताहरूको पुनरावलोकन गरी नेपाल र नेपालीको हित र स्वाभिमानअनुरूप बनाइनेछ ।

१६. **प्रवासी तथा गैरआवासीय नेपालीको अधिकारः** विदेशमा रहेका गैरआवासीय नेपालीहरूको हित-अधिकारको सुरक्षा गर्दै उनीहरूको सीप तथा पुँजीलाई राष्ट्रको विकासमा आकर्षित गर्ने नीति लिइनेछ ।

- विदेशबाट प्राप्त रेमिट्यान्सलाई देश विकासका लागि विशेष महत्त्वका साथ परिचालन र सदुपयोग गरिनेछ। गैरआवासीय नेपालीहरूलाई नेपाली नागरिक सरहका सुविधाहरू उपलब्ध गराइनेछ ।
- कामका सिलसिलामा प्रवासमा रहेका नेपाली नागरिकहरूको यथार्थ तथ्य-तथ्याङ्क राख्दै उनीहरूका हकको सुरक्षा गरिनेछ ।

## नेकपा (एमाले) र संविधानसभा निर्वाचनपछि गठन हुने सरकार

संविधानसभाको निर्वाचन भएपछि हालको अन्तरिम व्यवस्थापिका संसद् स्वतः विघटन हुनेछ। निर्वाचित संविधानसभाको कार्यावधि अन्तरिम संविधानमा गरिएको प्रबन्धअनुसार आम रूपमा दुई वर्षको हुनेछ। मुलुकमा सङ्कटकाल आइपरेका खण्डमा मात्र अर्को ६ महिना कायम रहन सक्नेछ। संविधानसभाको निर्वाचनपछि वर्तमान अन्तरिम सरकार पनि विघटन हुनेछ र संविधानसभामा चुनिएर आएका दलहरूको राष्ट्रिय सहमतिको सरकार गठन हुनेछ। त्यो सरकारको गठन सबैभन्दा ठूलो दलका अगुवाइमा समानुपातिक प्रतिनिधित्वका आधारमा हुनेछ जसको नयाँ संविधान निर्माणका प्रकृयामा महत्त्वपूर्ण भूमिका रहनेछ। त्यस ऐतिहासिक अवसरका लागि नेकपा (एमाले) लाई नेतृत्वकारी भूमिकामा स्थापित गर्न सूर्य चिह्नमा मतदानका लागि आम जनसमुदायमा हार्दिक आग्रह गर्दछौँ।

**दिदीबहिनी दाजुभाइहरू !**

हामी सबैलाई थाहा छ - संविधानसभाको मुख्य दायित्व जनताका लागि नयाँ संविधान निर्माण गर्नु हो । उक्त संविधानले निर्माण गर्ने नयाँ जनप्रतिनिधि निकायले मात्रै राष्ट्रको समग्र विकासको खाका कोर्ने काम गर्नेछ । यस बाहेक मुलुक अब सङ्घीय संरचनामा जाने निश्चित भइसकेपछि सङ्घीय एकाइको क्षेत्राधिकारभित्र पर्ने कुरालाई पनि केन्द्रीय सरकारले गर्न खोज्नु सम्भव पनि हुँदैन । त्यसैले हामीले हाम्रो घोषणापत्रमा नयाँ संविधानका अन्तर्वस्तु र नेपालले लिनुपर्ने विकासको अर्थ-राजनीतिक सामान्य परिकल्पना मात्रै प्रस्तुत गरेका छौं ।

आफ्नो स्थापना कालदेखि नै लोकतन्त्र, जनजीविका र राष्ट्रियताका निम्ति अनवरत सङ्घर्ष गर्दै आएको हाम्रो गौरवपूर्ण पार्टी नेकपा (एमाले) फेरि एक पटक सबल र समृद्ध नेपाल निर्माणको आह्वानका साथ तपाईंहरूका माझमा आएको छ । सङ्क्रमणकालमा रहेको नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र र प्रगतिको बाटोमा डोऱ्याउन तपाईंहरूको अमूल्य मतका लागि नेकपा (एमाले) राष्ट्रिय स्वाभिमानको झन्डा फराउँदै अगाडि आएको छ । तपाईंको मतलाई नेकपा (एमाले) सामन्तवादको अन्त्य, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समृद्ध र स्वाभिमानपूर्ण नेपालको निर्माणमा सदुपयोग गर्न चाहन्छ । त्यसैले **सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं, सबल र समृद्ध नेपालको निर्माण गरौं** भन्ने उद्घोषका साथ तपाईंहरूको घरदैलोमा आइरहेका सूर्य चिह्नवाहक हाम्रा उम्मेदवारहरू तथा हाम्रो पार्टीका पक्षमा आफ्नो अमूल्य मत दिएर नयाँ नेपालको निर्माणमा युगान्तकारी भूमिका निर्वाह गर्न हामी सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

१. संविधानसभाको निर्वाचन - सफल पारौं ।

२. सामन्ती शाही राजतन्त्रलाई - अन्त्य गरौं ।

३. सामन्तवादका सबै रुपहरुलाई - उन्मूलन गरौं ।

४. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल - जिन्दावाद ।

५. मुलुकको राष्ट्रिय एकता, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डता - अक्षुण्ण राखौं ।

६. सबल र सम्बृद्ध नेपालको - निर्माण गरौं ।

७. जनताको बहुदलीय जनवाद-जिन्दावाद ।

८. आदरणीय वीर अमर शहीदहरु - लालसलाम ।

९. तराई, पहाड र हिमालका सम्पूर्ण जनता - एक हौं ।

१०. जनताको जुझारु एकता - जिन्दावाद ।

११. नेकपा (एमाले) - जिन्दावाद ! जिन्दावाद !!

**हार्दिक तथा जुझारु क्रान्तिकारी अभिवादनसहित !**

केन्द्रीय कमिटी
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
२०६४

सौजन्य :-
नेपाली लोकतान्त्रिक मञ्च-यू.के.

मुद्रक : नवयुग छापाखाना, फोन : ४२७५६९७

परिशिष्ट सात

संविधानसभाको व्यवस्थापिका - संसद्को बैठकमा

सम्मानीय राष्ट्रपति डा. रामवरण यादवज्यूद्वारा

प्रस्तुत आर्थिक वर्ष २०६५/६६ को

नेपाल सरकारको

# नीति तथा कार्यक्रम

संवत् २०६५ साल भाद्र २५ गते बुधवार

## सभामुख महोदय,

१. हालै सम्पन्न संविधानसभाको निर्वाचनमार्फत अभिव्यक्त जनादेशबमोजिम गठन भएको पहिलो निर्वाचित राष्ट्रिय संयुक्त सरकारको आर्थिक वर्ष २०६५/६६ को नीति र कार्यक्रम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो निर्वाचित राष्ट्रपतिको हैसियतले यस सम्मानित संविाधनसभाको व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

२. संविधानसभाको ऐतिहासिक घोषणाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई हाम्रो मुलुक यस्तो युगमा प्रवेश गरेको छ, जहाँ नवीनतम सम्भावनाका अनेकन् क्षितिजहरू उद्घाटित भइरहेका छन् । समाजमा हरेक क्षेत्र  र वर्गमा नयाँ उत्सुकता, उत्साह र उमङ्का लहरहरू सृजना भइरहेका छन् । महान् सहिद एवम् क्रान्ति योद्धाहरूको बलिदानबाट हामी सच्चा नागरिकका रूपमा आत्मसम्मान र गर्वका साथ आफ्नो भाग्यरेखा आफैँ कोर्न तत्पर भइरहेका छौँ । यस्तो युगान्तकारी परिवर्तनको यस महान् अवसरमा म मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक रूपान्तरणका लागि भएका जनयुद्ध, जनआन्दोलनको स्मरण गर्न चाहन्छु । साथै, यी जनक्रान्तिहरूमा अङ्गभङ्ग एवम् असक्त भई अप्ठ्यारो परिस्थितिमा जीवनयापन गरिरहेका घाइतेजनको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

३. आफ्नो संविधान आफैं लेख्न करिब ६ दशकभन्दा बढीको नेपाली जनताको आकाङ्क्षा यसै संविधानसभामार्फत पूरा हुँदै छ । संविधानसभाका माध्यमबाट सहमति र सहकार्यको संस्कृतिलाई विकास गर्दै मुलुकमा विद्यमान सबै खाले विभेद, असमानता, शोषण, उत्पीडन, दमन एवम् गरिबीको अन्त्य गरी समुन्नत, समृद्ध, सङ्घीय गणतन्त्रात्मक, न्यायपूर्ण, लोकतान्त्रिक नयाँ नेपाल निर्माणको खाका कोर्न सफल हुनेछौं भन्ने विश्वास लिएको छु ।

४. शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउँदै मुलुकको सामाजिक, आर्थिक रूपान्तरण प्रक्रियालाई अग्रगामी दिशातर्फ उन्मुख गराउनु र तोकिएकै समयभित्र जनचाहनाबमोजिमको सङ्घीय लोकतान्त्रिक संविधानको लेखन कार्यमा सहयोग गर्नु सरकारका प्रमुख जिम्मेवारी हो । सरकार त्यसप्रति अत्यन्त सजग एवम् सचेत रहेको छ । यी साझा जिम्मेवारीलाई सहजतापूर्वक पूरा गर्न सम्पूर्ण माननयि सदस्यहरू, राजनीतिक दल, बुद्धिजीवी, पेसागत सङ्घ/संस्था, नागरिक समाज, सबै तह, तप्का, वर्ग, लिङ्ग र क्षेत्रका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइको सक्रिय सहयोग, समर्थन र सहभागिताको अपेक्षा वर्तमान सरकारले गरेको छ ।

५. बृहत् शान्तिसम्झौता एवम् संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग भएका सम्झौतालगायत अन्य विभिन्न समूह र समूदायहरूसँग गरिएका सहमति र सम्झौताको कार्यान्वयन तदारूकताका साथ गरिनेछ। हाम्रा सबै मतमतान्तर र विवादलाई वार्ता र संवादका माध्यमबाट हल गर्नुपर्दछ भन्ने मान्यतालाई आत्मसात् गर्दै देशका विभिन्न भूभागमा विभिन्न माग राखी सङ्घर्ष गरिरहेका सबै समूहलाई आफ्ना सङ्घर्षका सम्पूर्ण कार्यक्रमहरू तत्काल स्थगन गरी वार्ताका टेबुलबाट समस्याको समाधान खोज्न र राष्ट्रनिर्माणको महान् अभियानमा सामेल हुन सरकार आह्वान गर्दछ।

६. विश्वका सामु समानुपातिकता र समावेशीकरणको एउटा उत्कृष्ट दृष्टान्त बन्न गएको हामी सबैको साझा धरोहर यस सम्मानित संविधानसभालाई आवश्यक पर्ने स्रोत र साधनको सुनिश्चितता प्रदान गरिनेछ। नेपालको अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेको अवधिभित्रै सहमतिका आधारमा नयाँ अग्रगामी संविधान लेख्न आवश्यक वातावरणको निर्माण गरी नयाँ संविधान निर्माणका माध्यमबाट लोकतन्त्रलाई अझै संस्थागत, सुदृढ, व्यापक र जनमुखी बनाउन वर्तमान संयुक्त सरकार कटिबद्ध रहनेछ। अग्रगामी परिवर्तनसहितको शान्ति, सद्भाव, सहमति र एकताको भावना समाजमा प्रवर्द्धन गरी द्वन्द्वपछिको सामाजिक पुनर्निर्माणको कार्यलाई सरकारले उच्च प्राथमिकता दिनेछ।

७. मुलुकको लोकतान्त्रिकीकरणका लागि भएका जनयुद्ध, जनआन्दोलन एवम् मधेस आन्दोलन जस्ता सङ्घर्षका कारण सहिद भएका एवम् बेपत्ता पारिएकाहरूका परिवारजन, घाइते र विस्थापितलाई पुनःस्थापना एवम् यथोचित राहत, औषधि उपचारलगायतका व्यवस्था गर्न सरकारले विशेष ध्यान दिनेछ। अङ्गभङ्ग भएकालाई क्षतिपूर्ति दिइनेछ। घाइते र सहिदको सम्मान गरिनेछ। विभिन्न कालखण्डमा गरिएका आन्दोलनका क्रममा बन्दी बनाइएकालाई रिहा र मुद्दा लगाइएका व्यक्तिहरूको मुद्दा फिर्ता लिइनेछ। साथै देशबाहिर बन्दी बनाइएका नेपालीहरूको रिहाइको पहल गरिनेछ।

८. बृहत् शान्तिसम्झौताको प्रावधानअनुरूप छिट्टै नै एक उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता भएकाहरूको खोजी गरी सार्वजनिक गर्ने सम्बन्धमा एउटा छुट्टै आयोग गठन गरिनेछ। आयोगको प्रतिवेदनलाई तदारूकताका साथ कार्यान्वयन गरिनेछ।

९. शिविरहरूमा रहेका जनमुक्ति सेनाका लडाकुलाई बृहत् शान्तिसम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को प्रावधानअनुसार समायोजना एवम् पुनःस्थापना गर्ने कार्य आगामी छ महिनाभित्र पूरा गरिनेछ साथै शिविरहरूको भौतिक सुविधाहरूमा समुचित सुधार गरिनेछ।

**सभामुख महोदय,**

१०. मुलुक अहिले राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक रूपान्तरणको नयाँ चरणमा प्रवेश गरेको छ। सामन्ती राज्य संरचनाका कारण विगतमा सृजना भएका विभिन्न आर्थिक-सामाजिक समस्याहरूको हल गर्न सामन्तवादका सबै रूप एवम् अवशेषहरूको अन्त्य गर्दै नयाँ लोकतान्त्रिक मूल्यमान्यताका आधारमा स्वाधीन, स्वतन्त्र र आत्मनिर्भर नयाँ नेपाल निर्माणका आधार तयार गर्नु हामी सबैको साझा जिम्मेवारी हो। यसका लागि राजनीतिक सहमतिका आधारमा एउटा साझा कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सरकार दृढ रहेको छ।

११. नयाँ नेपाल निर्माणको कार्य हामी नेपालीहरूका बिचको सद्भाव, सहयोग, सहमति, एकता एवम् हाम्रो साझा दृष्टिकोण, तत्परता र सक्रियतामा मात्र सम्भव छ भन्ने कुरामा हामीबीच कुनै विमति देखिँदैन। विभिन्न धर्म, जाति, क्षेत्र, लिङ्ग र समुदायमा विभाजित नेपाली जनतालाई पूर्ण रूपले राजकीयता र सार्वभौमसत्ता सम्पन्न राष्ट्रिय मूल शक्तिका रूपमा संस्थापित नगराई आपसी एकता र सद्भाव कायम गर्न पनि सकिँदैन। तसर्थ हिमाल, पहाड, तराई-मधेसलगायत पूर्व र पश्चिमका विभिन्न क्षेत्रमा रहने जाति जनजातिहरूबिच पूर्ण समानताका आधारमा नयाँ राष्ट्रिय एकता कायम गरेर देशको सार्वभौमिकता, स्वतन्त्रता तथा अखण्डताको रक्षा गर्ने नीति सरकारले अनुसरण गर्नेछ।

१२. अग्रगामी मान्यता, सामाजिक न्याय र समानताको सिद्धान्तका आधारमा राज्यका सबै अङ्ग र तहमा महिला आदिवासी-जनजाति, अत्यन्त अल्पसङ्ख्यक जाति, मधेसी, दलित, मुसलमान समुदाय, पिछडिएको क्षेत्रका जनता आदिको समानुपातिक समावेशीकरणको प्रक्रियालाई आवश्यक कानुनी व्यवस्था मिलाई अगाडि बढाइनेछ।। यसका लागि सरोकारवालाहरूसमेतको सहभागितामा सरकारलाई आवश्यक सुझाव दिन राष्ट्रिय समावेशीकरण आयोग गठन गरिनेछ।

१३. राजनीतिक, सामीजक-सांस्कृतिक र आर्थिक क्रान्तिलाई साथसाथै अघि बढाएर मात्र दिगो शान्ति कायम गर्न सकिन्छ भन्ने मान्यतालाई दह्रोसँग आत्मसात् गरिनेछ। गाँस, बास, कपास र उपचारको अभाव, गरिबी, बेरोजगारी, अशिक्षा, अन्धविश्वास र असमानताको अन्त्य गर्दै देशलाई जनचाहनाबमोजिम आर्थिक-सामाजिक रूपले समुन्नत एवम् समृद्ध बनाउँदै लैजान राज्यको सम्पूर्ण ध्यान केन्द्रित हुनेछ।

**सभामुख महोदय,**

१४. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा सार्वजनिक निजी साझेदारी (Public Privatie Partnership) को अवधारणाअनुरूप नयाँ सङ्क्रमणकालीन अर्थनीतिका आधारमा

तयार पारिएको साझा न्यूनतम कार्यक्रममा आधारित भई मुलुकलाई गरिबी, बेरोजगारी, भोक, अशिक्षा, परनिर्भरता, असमानताबाट मुक्त गरी समुन्नत र आत्मनिर्भर बनाउन सरकारको प्रयास केन्द्रित रहेका छ ।

१५. सङ्क्रमणकालीन राजनीतिक अवस्थाका कारण सुस्त रहन गएको अर्थतन्त्रलाई तीव्र गति प्रदान गर्ने कार्य वर्तमान सरकारका लागि प्रमुख चुनौती र अवसर पनि बनेको छ । गरिबी, बेरोजगारी, असमानता र परनिर्भरता जस्ता विसङ्गतिहरूबाट देश र जनतालाई मुक्त गर्नु, तीव्र आर्थिक वृद्धि हासिल गर्नु र न्यायपूर्ण वितरण प्रणाली कायम गर्नु नै सरकारको आर्थिक तथा मौद्रिक नीतिको उद्देश्य हुनेछ। हाल मुलुकमा कायम भएको शान्तिको वातावरणले आर्थिक वृद्धिको आधार तयार पार्न सहयोग पुऱ्याउने अपेक्षा सरकारले लिएको छ ।

१६. उच्च आर्थिक वृद्धिदरका लागि उच्च दरकै लगानी अनिवार्य हुन्छ । यसका लागि आन्तरिक स्रोतबाट पर्याप्त साधन परिचालन हुन नसक्ने स्थितिमा देशको हित र प्राथमिकता अनुकूल हुने गरी बाह्य सहयोग र लगानी प्रवर्द्धन गरिनेछ। राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्र, आयोजनाहरू र आन्तरिक पुँजी परिचालनबाट नपुग्ने धेरै ठूलो पूँजी लगानी गर्नुपर्ने क्षेत्रहरूमा विदेशी पूँजीलाई परिचालन गरी प्रतिस्पर्धी एवम् बलियो राष्ट्रिय अर्थतन्त्रको आधारशिला निर्माण गरिनेछ ।

१७. हाम्रो जस्तो कठिन परिस्थितिमा गुज्रिरहेको, आीर्थक विसङ्गतिहरू र संरचनागत अवरोधहरू रहेका मुलुकमा आर्थिक वृद्धिदरलाई तीब्र पार्न सरकारको भूमिका पनि सशक्त रहनुपर्दछ । राष्ट्रको आर्थिक विकासलाई दिशानिर्देश गर्न, ठूला पूर्वाधार संरचनाको विकास गर्न, सामाजिक न्याय स्थापित गर्न र सबै क्षेत्रको सन्तुलित विकास गर्न सरकारले आफ्नो भूमिका प्रभावकारी बनाउनेछ । न्यून आय भएका कार्यलाई मूल्यवृद्धिको मारमा नपार्न र तीब्र आर्थिक वृद्धिको आधार तयार गर्न सरकारले समग्र आर्थिक स्थायित्वमा जोड दिनेछ ।

१८. आर्थिक वृद्धिदर उच्च हुँदैमा त्यसको प्रतिफल स्वतः विपन्न वर्ग, समुदाय र उपेक्षित तथा निम्न वर्गमा नपुग्ने हुँदा ती वर्गले पनि विकासको अनुभूति गर्न पाऊन् भन्नका लागि न्यायोचित आर्थिक वृद्धिको अवधारणा अवलम्बन गरिनेछ। आर्थिक वृद्धिलाई तल्लो स्तरसम्म पुऱ्याउन गरिबी निवारण, रोजगारीका अवसरको वृद्धि, असमानता न्यूनीकरण जस्ता कार्यक्रमहरू सशक्त रूपमा अगाडि बढाइनेछन् ।

१९. अर्थतन्त्रका सरकारी, निजी एवम् सहकारी क्षेत्रको भूमिकालाई मुलुक र जनताका हितमा हुने गरी पुनःपरिभाषित गरिनेछ। आर्थिक वृद्धि तीब्र पार्न एकल सरकारी प्रयास पर्याप्त नहुने हुँदा पूर्वाधारहरूको विकासमा सार्वजनिक-निजी साझेदारी नीति अवलम्बन गरिनेछ ।

२०. सहकारीलाई एक सशक्त आन्दोलनका रूपमा विकास गर्दै रोजगारी, आयआर्जन, गरिबी निवारण, लोककल्याणकारी एवम् लघु तथा साना उद्योग तथा वन, कृषि जस्ता क्षेत्रको आधुकिकीकरणको मियो बनाउँदै निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउने कार्य प्रारम्भ गरिनेछ। यस क्रममा सहकारी क्षेत्रको विद्यमान सङ्गठनात्मक संरचना, नीति तथा कार्यप्रणालीको पुनरावलोकन गरिनेछ। सहकारी क्षेत्रको समन्वयात्मक प्रवर्द्धन गर्न प्रधानमन्त्रीका अध्यक्षतामा उच्चस्तरीय सहकारी बोर्ड स्थापना गरिनेछ।

**सभामुख महोदय,**

२१. तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभ भएका क्षेत्रको पहिचान गरी सहकारी एवम् निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। सरकारले निजी क्षेत्रको प्रवर्द्धन, नियमन, अनुगमन एवम् ग्रामीण क्षेत्रहरूमा बजार प्रक्रियाको निर्माण, पूर्वाधार सेवाहरूको विकास र विस्तार तथा साधन र स्रोतले विपन्न क्षेत्र, वर्ग एवम् जनसमुदायको आर्थिक-सामाजिक स्थितिमा आमूल परिवर्तन ल्याउन विशेष ध्यान केन्द्रित गर्नेछ।

२२. देशमा उद्योगधन्दाको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन दिइनेछ। उद्योग स्थापनाका प्रक्रियामा सरलता ल्याउन र लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत सुधार गरी उद्योगहरूलाई दिइने सुविधा समन्वयात्मक रूपमा उपलब्ध गराउन प्रधानमन्त्रीका अध्यक्षतामा एउटा उच्चस्तरीय लगानी बोर्डको स्थापना गरिनेछ। लगानी र औद्योगिक सुरक्षाको प्रत्याभूति दिने नीति अवलम्बन गरिनेछ। निजी क्षेत्रलाई प्रतिस्पर्धा र सक्षम बनाउन बजार प्रणालीलाई व्यवस्थित गरिनेछ। बजार प्रणालीबाट समय समयमा उत्पन्न हुने दुष्प्रभावबाट सीमान्त वर्गलाई मुक्त राख्न सामाजिक सुरक्षा प्रदान गर्ने कार्यमा सरकारले आफ्नो भूमिका सशक्त बनाउनेछ। परिवर्तित सन्दर्भमा मुलुकले अख्तियार गरेको आर्थिक नीतिअनुसार नयाँ औद्योगिक नीति लागू गरिनेछ।

२३. श्रमिकहरूको हकहित, दक्षता वृद्धि र सामाजिक सुरक्षालाई उचित ध्यान दिँदै उद्यमी तथा श्रमिक वर्गबिच समुधुर औद्योगिक सम्बन्ध कायम गर्ने वातावरण मिलाइनेछ। यस क्षेत्रमा देखिएका समस्या समाधान गर्न एक राष्ट्रिय श्रम आयोग गठन गरिनेछ।

२४. देशको निर्यात व्यापार खस्कँदै गएका कारण व्यापार सन्तुलनमा नकारात्मक प्रभाव परिरहेको स्थितिमा निर्यात प्रवर्द्धनका लागि ठोस नीति तथा कार्यक्रमहरू ल्याइनेछ। निर्यातजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न निर्यातमूलक उद्योगहरूलाई आवश्यक टेवा दिइनेछ। मुलुकको निर्यातलाई प्रवर्द्धन गर्न सम्भाव्यताका आधारमा विशेष आर्थिक क्षेत्रहरू स्थापना गर्दै लगिनेछ।

२५. दैनिक उपभोगका अत्यावश्यक वस्तुहरूको आपूर्ति व्यवस्थालाई व्यवस्थित एवम् प्रभावकारी बनाउन सार्वजनिक आपूर्ति तथा वितरण नीति तर्जुमा गरी बजार अनुगमन संयन्त्रलाई प्रभावकारी बनाइनेछ। खाद्यान्न सङ्कट भएका दुर्गम क्षेत्र, खासगरी कर्णाली अञ्चलका जिल्लाहरूमा खाद्यान्न, नुन, चिनी, मट्टितेल जस्ता अत्यावश्यक उपभोग्य वस्तुहरू एकीकृत तथा निरन्तर रूपमा उपलब्ध गराउन आवश्यक संयन्त्र तथा संरचनाको व्यवस्था गरिनेछ। साथै स्थानीय स्तरमा उत्पादन वृद्धिको सम्भावना भएका खाद्यान्न तथा अन्य कृषि उपजलाई प्रोत्साहन गरी खाद्यान्न न्यूनताको समस्या समाधान गर्नेतर्फ आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२६. पेट्रोलियम पदार्थको आपूर्ति र वितरणलाई सहज र व्यवस्थित गर्न सार्वजनिक-निजी क्षेत्रको सहभागिताका लागि संयन्त्र बनाइनेछ। पेट्रोलियम पदार्थको ढुवानी कार्यलाई सुगम र सरलीकृत गर्न अमलेखगञ्जसम्म पाइपलाइन निर्माण कार्य प्रारम्भ गरिनेछ। गरिबीको रेखामुनि रहेका एवम् न्यून आय भएका नागरिकलाई लक्षित गरी सहुलियत मूल्यमा पेट्रोलियम पदार्थ उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यसैगरी आवश्यकताअनुसार सहुलियत मूल्यमा अन्य उपभोग्य वस्तुहरू उपलब्ध गराइने व्यवस्था मिलाइनेछ।

२७. सार्वजनिक संस्थानहरूको व्यवस्थापनमा सुधार तथा सञ्चालनका लागि सम्भाव्य देखिएका रूग्ण उद्योगहरूको पुनःसञ्चालनलाई प्रोत्साहित गरिनेछ। सार्वजनिक क्षेत्रमा सञ्चालन गरिएका तथा वित्तीय सङ्कटमा परेका प्रतिष्ठानहरूलाई सार्वजनिक-निजी साझेदारीको नीतिअनुरूप सञ्चालन गरिनेछ।

२८. निजी क्षेत्रमा क्रियाशील व्यापार तथा व्यवसायको प्रतिस्पर्धालाई दुरूत्साहन वा नियन्त्रण गर्ने सिन्डिकेट, कार्टेलिङ जस्ता सबै प्रकारका एकाधिकारको अन्त्य गरी उपभोक्ता वर्गको हित संरक्षण गरिनेछ।

**सभामुख महोदय,**

२९. मुलुकको प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूलाई संरक्षण गर्दै आर्थिक लाभ लिने स्रोतका रूपमा विकास गर्ने नीतिअनुरूप थप पर्यटकीय स्थलहरूको पहिचान गरी विकास गर्दै लगिनेछ। पर्यटन प्रवर्द्धनमा नेपाल पर्यटन बोर्डको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ। पर्यापर्यटन, धार्मिक एवम् सांस्कृतिक पर्यटन, ग्रामीण पर्यटन, स्वास्थ्य पर्यटन र शैक्षिक पर्यटनलगायतका पर्यटन क्षेत्रका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

३०. हवाई सेवालाई पर्यटन क्षेत्र विकासको प्रवेशविन्दु मानी नयाँ अन्तर्राष्ट्रिय र क्षेत्रीय विमानस्थलको निर्माण कार्य सुरु गरिनेछ। सञ्चालनमा रहेका विमानस्थलको विस्तार र सुधार गरिनेछ। विभिन्न मुलुकहरूसँग हवाई सम्झौता गरी नेपालको हवाई सेवालाई

विस्तार गरिनेछ। दुर्गम क्षेत्रमा हवाई सेवालाई विस्तार गरिनेछ। दुर्गम क्षेत्रमा हवाई सेवालाई नियमित बनाइनेछ। नेपाल वायु सेवा नियमको व्यवस्थापनमा सुधार गरी सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गरिनेछ।

३१. वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई अझ प्रभावकारी बनाइनेछ। नियतवश बैंक तथा वित्तीय संस्थाहरूको ऋण नतिर्ने ऋणीहरूलाई प्रचलित कानुनबमोजिम कडा कारबाही गरिनेछ।

**सभामुख महोदय,**

३२. देशका सबै क्षेत्र र समुदायको योजनाबद्ध सन्तुलित विकासका लागि मुलुकले स्वीकार गरेका सङ्घात्मक ढाँचाअनुरूप राष्ट्रिय योजना आयोगको संरचनाको पुनरावलोकन गरिनेछ।

३३. सरकारी खर्चको विनियोजन गर्दा बृहत्तर आर्थिक स्थायित्व कायम गर्न सचेतता अपनाइनेछ। अनावश्यक सरकारी खर्चमा कटौती गर्दै पुँजीगत खर्चमा वृद्धि गरिनेछ। बजेट कार्यान्वयनको मध्यावधि समीक्षाका आधारमा कार्यसम्पादनस्तर उच्च रहेका र गरिबी निवारण तथा पूर्वाधारका विकासमा योगदान दिने आयोजना एवम् कार्यक्रमहरूमा थप साधनस्रोतको व्यवस्था गरिनेछ।

३४. स्रोत र साधनहरूको विनियोजन गर्दा ग्रामीण क्षेत्रलाई प्राथमिकता दिँदै पिछडिएका क्षेत्रहरूको पूर्वाधार विकास एवम् रोजागारीका अवसरहरू सिर्जना हुने कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। कार्यक्रमहरूको प्राथमिकता र छनोट निर्धारण गर्दा समाजमा पछाडि पारिएका जनसमुदायको उत्थान र गरिबी निवारणका कार्यमा प्रत्यक्ष प्रभाव पार्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। स्थानीय स्तरको विकास निर्माण कार्यलाई तीब्रता दिन स्थानीय निकायहरूलाई दिइने अनुदानमा वृद्धि गरिनेछ।

३५. कृषि क्षेत्र ग्रामीण अर्थतन्त्र र रोजगारीको आधारस्तम्भ हो। यस क्षेत्रमा रहेको सामन्ती शोषण, उत्पीडन एवम् त्यसका अवशेषलाई निर्मूल पार्दै जमिनमा वास्तविक किसानको हक स्थापित गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्। किसानहरूको ट्रेड युनियन अधिकार स्थापना गरिनेछ साथै कृषिको उत्पादकत्व वृद्धि गर्न उत्पादन सम्बन्धमा परिवर्तन, सिँचाइ सुविधा र उन्नत एवम् उपयुक्त प्रविधिको विस्तारमा सरकारले ध्यान दिनेछ। जनताको खाद्य सम्प्रभुता सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गरिनेछ।

३६. गरिबी, बेरोजगारी र अर्धबेरोजगारीको अन्त्य एवम् आर्थिक वृद्धिका लागि कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादनको विविधीकरण, यान्त्रिकीकरण एवम् आधुनिकीकरणका लागि थप पुँजी र नयाँ प्रविधिको विकासलाई प्रोत्साहन दिइनेछ। वैज्ञानिक भूमिसुधार र समग्र भू-

उपयोग नीति लागू गर्दै जमिनमा भूमिहीन तथा जोताहा किसानको पहुँच र हक कायम गरिनेछ। विशिष्ट, तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य उपज र खाद्यान्न, नगदे बाली र जडीबुटी खेतीको उतपादन र उत्पादकत्व वृद्धि गर्न नीतिगत तथा संरचनात्मक सुधार गरिनेछ।

३७. भूमि सम्बन्धमा समयानुकूल सुधार र परिवर्तन नगरी हाम्रो जस्तो कृषिप्रधान देशको अग्रगामी आर्थिक-सामाजिक रूपान्तरण सम्भव छैन। यस यथार्थलाई आत्मसात् गरी बृहत् शान्तिसम्झौताका प्रावधानहरूअनुरूप सरकारले छिट्टै नै एक उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोग गठन गर्नेछ।

३८. भूमिहीन सुकुम्बासी, मुक्त हलिया र मुक्त कमैयालाई सामूहिक तथा सहकारी खेतीका निमित्त सरकारी स्वामित्वमा रहेको बाँझो जमिन उपलब्ध गराइनेछ। यसैगरी यस्ता समूहलाई स्रोत र साधनको व्यवस्था गरी सीप विकास, रोजगारी एवम् आवासको सुविधा उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिइनेछ साथै सार्वजनिक तथा ऐलानी एवम् पर्ती जमिनको अतिक्रमण रोक्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ।

३९. पहाडी तथा हिमाली भेगमा साना सिँचाइ, थोपा तथा सिप्रङ्कल सिँचाइका आयोजना तथा तराईमा स्यालो तथा डिप ट्युबवेललाई सहकारिता वा सामुदायिक सिँचाइको अवधारणाअनुरूप सञ्चालन गर्न विशेष सहुलियत प्रदान गरिनेछ।

४०. साना सिँचाइ आयोजनाहरूलाई सहकारितामा आधारित भएर अघि बढाउने नीति लिइनेछ। त्यस्ता आयोजनाहरूमा राज्यले प्रोत्साहनस्वरूप निश्चित प्रतिशत लगानी गर्नेछ। कृषि उत्पादकत्वमा गुणात्मक वृद्धि गर्न मझौला तथा ठूला सिँचाइ आयोजनाहरूको छनोट र निर्माण कार्यलाई तीब्र गतिमा अघि बढाइनेछ। निर्माणाधीन अवस्थाका सिँचाइ आयोजनाहरूलाई समयमै सम्पन्न गर्ने र क्षतिग्रस्त आयोजनाहरूलाई मर्मत तथा पुनर्निर्माण गर्ने कार्यलाई तीब्र पारिनेछ।

४१. गरिबी तथा बेरोजगारी निवारणका कार्यक्रमहरूलाई सशक्त रूपमा अगाडि बढाउन हाल कार्यान्वयनमा रहेका कार्यक्रमहरूको पुनरावलोकन गरी कार्यक्रम सञ्चालनमा स्थानीय सामुदायिक सहकारी तथा गैरसरकारी संस्थाहरूको सहभागिता वृद्धि गरिनेछ।

**सभामुख महोदय,**

४२. प्राकृतिक प्रकोप, द्वन्द्वको मारमा परेका र विपन्न साना किसान तथा उद्यमीहरूलाई राहत स्वरूप उनीहरूले बैंकबाट लिएको निश्चित सीमासम्मको ऋण र त्यसको ब्याज मिनाहा गरिनेछ ।

४३. ग्रामीण क्षेत्रमा रोजगारीका थप अवसरहरू सिर्जना गर्न स्थानीय स्रोत र साधनमा आधारित लघु उद्यम व्यवसाय विकास एवम् विस्तारमा जोड दिइनेछ । यसका लागि लघु कर्जाको व्यवस्था मिलाइनेछ ।

४४. गैरसरकारी संस्थाहरूले विदेशी दातृ निकायहरूबाट नगद वा वस्तुगत सहायता प्राप्त गर्नुअघि सरकारको सम्बन्धित निकायलाई पूर्वसूचित गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । समाज कल्याण परिषद् ऐनलाई समसामयिक सुधार गरी गैरसरकारी निकायका क्रियाकलापलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिनेछ । साथै यसको अनुगमन गर्ने प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

४५. वर्षैपिच्छे हजारौंको सङ्ख्यामा युवाशक्ति निम्न स्तरको रोजगारीका लागि विदेश पलायन हुनुपर्ने बाध्यताको अन्त्य गरी देशभित्र रोजगारी प्रधान विकास नीति अनुसरण गरिनेछ । ग्रामीण क्षेत्रमा थप रोजगारीका अवसरहरू सिर्जना गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यस अन्तर्गत युवाशक्तिलाई देशभित्रको सामुदायिक विकास र आय आर्जनका कार्यक्रममार्फत स्वरोजगारी उपलब्ध गराउने गरी आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन प्रयत्न गरिनेछ ।

४६. देशभित्रै सम्पूर्ण युवा शक्तिलाई पूर्ण रोजगारीको अवसर उपलब्ध गराउन नसक्दासम्म वैदेशिक रोजगारीलाई मर्यादित, कम खर्चिलो, दक्ष र सुरक्षित पार्न आवश्यक उपायहरू अवलम्बन गरिनेछ । विदेशमा रहेका नेपाली श्रमिकको हकहितलाई संरक्षण गर्न आवश्यक संयन्त्रको विकास गरिनेछ । वैदेशिक रोजगारीबाट प्रापत आम्दानीलाई राष्ट्रिय उद्योगधन्दा तथा पूर्वाधार विकासमा प्रयोग गर्ने वातावरण मिलाइनेछ ।

४७. गैरआवासीय नेपालीलाई उद्योग, व्यवसाय र पूर्वाधार संरचनाको विकासमा लगानी गर्न प्रोत्साहित गरिनेछ । यस्ता नेपालीलाई नागरिकता दिने सम्बन्धमा विद्यमान ऐनमा आवशयक संशोधन गरिनेछ ।

४८. वन क्षेत्रको बढ्दो अतिक्रमणलाई कडाइपूर्वक नियन्त्रण गरिनेछ । वन क्षेत्रबाट उपेक्षित वर्ग, क्षेत्र, जाति, लिङ्गका समुदायले अधिकतम लाभ लिन सक्ने गरी यसको वैज्ञानिक व्यवस्थापन गरिनेछ । जडीबुटी विकास कार्यक्रमलाई गरिब, महिला, पिछडिएका वर्ग र

क्षेत्रको आर्थिक उन्नतिका कार्यक्रमसँग आबद्ध गरिनेछ। मौलिक जैविक विविधताको रजिस्ट्रेसन गरी संरक्षण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

४९. वातावरण एवम् भू तथा जलाधार संरक्षणका कार्यक्रमलाई विशेष महत्त्व दिइनेछ। मुलुकको जलस्रोत एवम् जलविद्युत्को विकासका साथै कृषि तथा वातावरणमा मौसम परिवर्तनले पार्न सक्ने असरहरूका बारेमा अध्ययन र अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ। दिगो वन व्यवस्थापनका लागि वनस्रोतको तथ्याङ्क अद्यावधिक गर्ने तथा वन भूउपग्रह आकृति (स्याटलाइट इमेजरी) प्रविधिको प्रयोग गरी वन क्षेत्रको नक्साङ्कन गरिनेछ। कार्बन व्यापारलाई प्रभावकारी रूपमा प्रवर्द्धन गरिनेछ।

५०. प्रत्येक वर्ष प्राकृतिक प्रकोपले ठूलो जनधनको क्षति हुने गरेको यथार्थ हामीबाट लुकेको छैन। समयमा नै सावधानी नअपनाइएका कारण हालै सप्तकोशीको तटबन्ध फुटी बाढीबाट हजारौँ जनता विस्थापित भई ठूलो परिमाणमा व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको विनाश भएको छ। कोशी बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत दिन, पुनःस्थापन गर्न र क्षतिग्रस्त भौतिक पूर्वाधार पुनर्निर्माण गर्न सरकारले उच्च प्राथमिकता दिनेछ। भविष्यमा यस्ता दुःखदायी घटना दोहोरिन नदिन विशेष सतर्कता अपनाइनेछ। नदी कटानलाई रोक्न नदी नियन्त्रणसम्बन्धी एकीकृत नीति तथा योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

५१. मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रलगायत देशका विभिन्न भागमा गएको बाढीपहिरोको नियन्त्रण र प्रभावित जनसमुदायको राहतका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। यसैगरी कमला तथा तिनाउ लगायतका नदीबाट भएको जनधनको क्षतिलाई लेखाजोखा गरी पुनःस्थापन, राहत र बचाउको कार्यलाई अघि बढाइनेछ। बाढीग्रस्त क्षेत्रका बालबालिकाका लागि शिक्षा र स्वास्थ्य सेवाको समुचित व्यवस्था मिलाइनेछ।

**सभामुख महोदय,**

५२. नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएबमोजिम आधारभूत शिक्षा र स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गर्न आवश्यक कानुनी व्यवस्था मिलाइनेछ। साथै स्वास्थ्य र शिक्षाको क्षेत्रमा गरिब, विपन्न, एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायको पहुँच वृद्धि गर्न विद्यालय तथा स्वास्थ्य संस्थाहरूको विस्तारमा जोड दिइनेछ।

५३. आम जनताका लागि स्वास्थ्य सेवा सुलभ र सहज बनाउन प्राथमिक स्वास्थ्यको सिद्धान्तअनुरूप ग्रामीण स्वास्थ्य सेवाका क्षेत्रमा लगानी वृद्धि गर्दै जाने नीति अवलम्बन गरिनेछ। यस क्रममा भूगोल र जनसङ्ख्याको मागका आधारमा स्वास्थ्य संस्थाहरूको निर्माण उपस्वास्थ्य चौकीहरूलाई स्वास्थ्य चौकी एवम् स्वास्थ्य चौकीहरूलाई अस्पतालमा

रूपान्तरण गर्दै लगिनेछ। मुलुकभरि सुरक्षित प्रसूति सेवा निःशुल्क उपलब्ध गराउन पहल गरिनेछ। स्वास्थ्य संस्थालाई स्थानीय जनसमुदायसँग आबद्ध गरिनेछ।

५४. आगामी दुई वर्षभित्र सबै नागरिकलाई साक्षर बनाउने तथा सबैलाई समान र गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ। शिक्षालाई सर्वसुलभ बनाउन माध्यमिक तहसम्म सबैलाई निःशुल्क शिक्षा प्रदान गर्ने चरणबद्ध कार्यक्रम ल्याइनेछ। विपन्न, दलित, महिला, तराई-मधेस, हिमाली र पहाडी क्षेत्रका पिछडिएका जनताको शिक्षामा पहुँच पुऱ्याउन विशेष व्यवस्था गरिनेछ। द्वन्द्वका क्रममा शिक्षाबाट वञ्चित भएका युवाहरूलाई श्रम र शिक्षाको विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्राविधिक शिक्षामा लगानी वृद्धि गरी सीपयुक्त जनशक्तिको विकास गरिनेछ। विद्यालयहरूको व्यवस्थापनका अभिभावकहरूको संलग्नता अभिवृद्धि गरिनेछ। खुला विद्यालय र विश्वविद्यालयबाट शिक्षा प्रदान गर्ने नीति कायम गरिनेछ।

५५. बालबालिका तथा युवाको मानसिक र शारीरिक स्वास्थ्य प्रवर्द्धनका लागि विद्यालयस्तरदेखि नै शारीरिक शिक्षा दिई खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

५६. मेलम्ची खानेपानी आयोजनालाई विशेष प्राथमिकताको आयोजनाका रूपमा राखी निर्माण कार्य छिटो सम्पन्न गर्न जोड दिइनेछ। खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत सबै निकाय एवम् सङ्घसंस्थाहरूको कामकारबाहीमा एकरूपता ल्याउन र सूचनाको प्रभावकारी आदानप्रदान गर्न एकीकृत कानुनको तर्जुमा गरी लागू गरिनेछ। निर्माणाधीन ग्रामीण खानेपानी आयोजनाहरूको निर्माण कार्य पूरा गरी आगामी पाँच वर्षभित्र सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको बन्दोवस्त मिलाइनेछ।

५७. राजधानीका रूपमा रहेको काठमाडौं उपत्यकालाई सफासुग्घर, सुन्दर र स्वच्छ बनाउनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**सभामुख महोदय,**

५८. ग्रामीण विद्युतीकरणलाई अभियानका रूपमा सञ्चालन गरी आगामी दश वर्षभित्रमा प्रत्येक घरधुरीमा विद्युत् आपूर्ति गर्न ऊर्जा क्षेत्रको एक बृहत् मार्गचित्र तयार गरिनेछ।

५९. लोडसेडिङको मार खेपिरहेका जनतालाई राहत दिन विशेष कार्यक्रम ल्याइनेछ। जलविद्युत् आयोजनाहरूको अनुमतिपत्र लिई लामो समयसम्म आयोजना ओगटी राख्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ। त्यस्तै जैविक इन्धनलगायत घरेलु स्रोतमा आधारित वैकल्पिक ऊर्जाको प्रवर्द्धन एवम् विस्तारमा तीब्रता ल्याइनेछ।

६०. जलस्रोत क्षेत्रलाई आर्थिक सम्मुन्नतिको आधारका रूपमा विकास गरिनेछ । तसर्थ नेपालमा उपलब्ध प्रचुर जलस्रोतबाट आगामी दश वर्षभित्र दश हजार मेगाबाट जलविद्युत् उत्पादन गर्न र ऊर्जामा आत्मनिर्भरता हासिल गर्न आउँदो दशकलाई 'आर्थिक क्रान्तिको दशक' का रूपमा घोषणा गरी विद्युत् विकासको अभियान सञ्चालन गरिनेछ। साथै जलविद्युत्को विकासलाई केन्द्रविन्दु बनाई राष्ट्रिय सहमतिका आधारमा आगामी चालीस वर्षका लागि गरिनेछ। सम्भाव्य ठूला जलविद्युत् परियोजनाहरूमा विदेशी लगानीलाई आकर्षित गरिनेछ। जलस्रोतको क्षेत्रमा स्थानीय जनताको अधिकारलाई सुनिश्चित गरिनेछ ।

६१. कर्णाली क्षेत्रलगायतको मोटर बाटोले नजोडिएका पहाडी दुर्गम जिल्लाहरूको सदरमुकामहरूमा आगामी दुई वर्षभित्र मोटरबाटो पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। यसैगरी मध्यपहाडी राजमार्ग एवम् तराईको हुलाकी राजमार्ग र उत्तर-दषिण राजमार्गहरूको निर्माणमा जोड दिनुका साथै अन्य सडकहरूको समेत स्तरोन्नति गरिनेछ । हालसालै ट्र्याक खोलिएका जिल्ला सदरमुकाममा जोड्ने सडकहरूको स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्य तदारूकताका साथ अगाडि बढाइनेछ ।

६२. निजी क्षेत्रसमेतको संलग्नतामा काठमाडौं-तराई फास्ट ट्र्याक सडकको निर्माण कार्य अगाडि बढाइनेछ। साथै तराई क्षेत्रमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग तथा ल्हासा-काठमाडौं पोखरा लुम्बिनी-चितवन काठमाडौं चल्ने विद्युतीय रेलमार्गको सर्भेक्षण कार्य अगाडि बढाइनेछ। विद्युतीय ऊर्जाबाट चल्ने रोपवे, केबुलकार एवम् सवारी साधनहरूको विकासलाई प्रश्रय दिइनेछ। जयनगर-जनकपुर रेल्वेको सुधार गरी बर्दिवाससम्म विस्तार गरिनेछ ।

६३. पहाडी र हिमाली क्षेत्रमा छरिएर रहेका बसोबासहरूलाई व्यवस्थित बस्तीका रूपमा विकास गरिनेछ । यसका लागि उपयुक्त स्थानको छनोट गरी खानेपानी, बिजुली, टेलिफोन जस्ता आधारभूत सेवाहरू उपलब्ध गराइनेछ। यसैगरी तराईका पिछडिएका समुदायका लागि विभिन्न भागमा व्यवस्थित बसोवासको प्रबन्ध मिलाइनेछ ।

**सभामुख महोदय,**

६४. देश नयाँ युगमा प्रवेश गरेका सन्दर्भमा आन्तरिक र बाह्य सुरक्षा स्थितिको वस्तुपरक मूल्याङ्कन गर्दै नयाँ राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिनेछ ।

६५. शान्ति सुरक्षाको स्थितिमा उल्लेखनीय सुधार नहुन्जेलसम्म जनताले परिवर्तनको अनुभूति गर्न नसक्ने हुँदा देशमा शान्ति, सुरक्षा र अमनचयन कायम राख्ने कुरालाई सरकारले उच्च प्राथमिकता दिनेछ। विधिको शासनमा दृढ रही शान्ति सुव्यवस्था कायम गर्ने नीति अवलम्बन गरिनेछ साथै दण्डहीनताको अन्त्य गरिनेछ ।

६६. लोकतान्त्रिक जनआन्दोलन सफल पार्न सञ्चार माध्यमले पुऱ्याएको महत्त्वपूर्ण योगदानलाई मनन गरी नयाँ नेपाल निर्माण र लोकतन्त्रलाई संस्थागत गर्ने कार्यमा आम जनताको सहभागिता जुटाउन सबै सञ्चार माध्यमहरूको भूमिकालाई सशक्त बनाउने नीति लिइनेछ। सबै सञ्चार माध्यमलाई नयाँ नेपाल निर्माण तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत एवम् समृद्ध बनाउने कार्यमा सक्रिय बनाउने नीति अवलम्बन गरिनेछ। सूचना र अभिव्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गर्दै श्रमजीवी पत्रकार ऐनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ।

६७. हुलाक सेवालाई प्रभावकारी बनाउन आधुनिक सूचनाप्रविधिसँग आबद्ध गरी हालको अवस्थामा गुणात्मक सुधार गरिनेछ।

६८. दूरसञ्चार सेवालाई विश्वसनीय, गुणस्तरीय र प्रभावकारी बनाइनेछ। ग्रामीण दूरसञ्चार सेवालाई प्राथमिकता दिई त्यस्तो सेवा नपुगेका गाउँ विकास समितिहरूमा यथाशीघ्र ग्रामीण दूरसञ्चार सेवा पुऱ्याइनेछ। आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरी वैकल्पिक सूचना मार्ग निर्माणलाई प्रोत्साहन गरी टेलिफोनलगायत दूरसञ्चार सेवालाई विस्तार गरिनेछ। सरकारी काम कारबाहीको गुणस्तरमा अभिवृद्धि गर्न सूचना प्रविधिको आकर्षक क्षेत्रका रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

**सभामुख महोदय,**

६९. विद्यमान एकात्मक केन्द्रीकृत राज्य प्रणालीको अन्त्य गरी मुलुकमा सङ्घीय राज्य प्रणाली स्थापना गर्नका लागि सम्बन्धित क्षेत्रका विशेषज्ञहरू सम्मिलित एक राज्य पुनःसंरचना आयोग गठन गरिनेछ।

७०. जनताप्रति जवाफदेही शासन संयन्त्रको निर्माणमा वर्तमान सरकार कटिबद्ध रहेको छ। मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई साधन र स्रोतले सम्पन्न बनाइनेछ।

७१. राज्यको सङ्घीय पुनः संरचनासँग मेल खाने गरी विभिन्न संवैधानिक आयोगहरूको भूमिकालाई समयानुकूल परिवर्तन गर्दै तिनीहरूको संस्थागत क्षमता विकास र पारदर्शी व्यवस्थाका लागि विद्यमान कानुनहरूमा आवश्यक सुधार गरिनेछ।

७२. निजामती प्रशासन एवम् नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतका निकायहरूको सञ्चालन निष्पक्ष रूपमा गरिनेछ। प्रशासनिक एवम् सुरक्षा निकायहरूलाई दलीय स्वार्थबाट मुक्त राखी नियमित अनुगमनको व्यवस्था मिलाइनेछ। नेपाल प्रहरीको मनोबल उच्च राख्न जिल्ला सदरमुकामहरूमा क्रमशः आवास सुविधाको व्यवस्था गरिनेछ।

७३. निजामती प्रशासनलाई समावेशी, सक्षम, स्वच्छ, तटस्थ, पारदर्शी तथा सङ्घीय प्रणालीअनुरूप बनाउन प्रशासन पुनःसंरचना आयोग गठन गरिनेछ। मुलुकको आर्थिक स्थिति र स्रोतले भ्याएसम्म राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च राख्नका लागि तलब भत्तामा वृद्धि गर्दै लगिनेछ ।

७४. स्थानीय निकायको निर्वाचन नभएसम्मका लागि राजनीतिक दलहरूको सहमतिका आधारमा स्थानीय निकाय सञ्चालनसम्बन्धी अन्तरिम व्यवस्था गरिनेछ। स्थानीय निकायहरूमा स्रोत, साधन, जनशक्ति र जिम्मेवारीको निक्षेपण गर्दै लैजान सरकारको नीतिअनुरूप चालू आर्थिक वर्षदेखि नै बजेट र कार्यक्रमहरूमा समायोजन गरिनेछ। स्थानीय निकायमा स्थानीय स्तरको मातृभाषामा समेत कामकाज गर्न सकिने व्यवस्था मिलाइनेछ ।

**सभामुख महोदय,**

७५. सार्वजनिक क्षेत्रका रोजगारीका अवसरहरू एवम् विविध सामाजिक सेवाको पहुँचमा जनयुद्ध, जनआन्दोलन तथा मधेस आन्दोलनमा शहादत प्राप्त गर्ने तथा अपाङ्ग भएका व्यक्तिका आश्रित परिवारजनका सदस्यलाई प्राथमिकता दिइनेछ ।

७६. नेपाललाई छुवाछुतमुक्त मुलुकका रूपमा घोषणा गरी कार्यान्वयन गरिनेछ। दलित विरूद्धका सामाजिक भेदभाव र छुवाछुतलाई दण्डनीय कसुरका रूपमा परिभाषित गरी कडा कानुनी सजायको व्यवस्था गरिनेछ। दलित समुदायको उत्थानका लागि दलित सशक्तीकरण कार्यक्रमको व्यवस्था गरिनेछ। दलित समुदायको उत्थानका लागि दलित सशक्तीकरण कार्यक्रमको व्यवस्था गरिनेछ र यसका लागि राष्ट्रिय दलित आयोगलाई थप क्रियाशील बनाइनेछ ।

७७. पितृसत्तात्मक सामाजिक व्यवस्थाको अन्त्य गरी महिलाविरूद्धका सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्दै महिलाविरूद्ध हुने शारीरिक शोषण, घरेलु हिंसा र बेचबिखन जस्ता फौजदारी कसुर नियन्त्रण गर्न कडा कारवाहीको व्यवस्था मिलाइनेछ। महिला विकास कार्यक्रम सबै गाउँ विकास समितिहरूमा लागू गरिनेछ। राज्यका सबै अङ्गहरूमा महिलाको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्न योजनाबद्ध कार्यक्रम ल्याइनेछ। महिला सशक्तीकरणका लागि राष्ट्रिय महिला आयोगको भूमिकालाई प्रभावकारी बनाई सो आयोगलाई संवैधानिक आयोगका रूपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

७८. सकारात्मक विभेदको नीतिअनुरूप कर्णाली क्षेत्रलगायत अन्य क्षेत्रका जेष्ठ नागरिक, विधवा, अपाङ्गलाई दिँदै आएको भत्तामा वृद्धि गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना एवम् विकासका अवसरहरू सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ। निजी

क्षेत्रसँगको साझेदारीमा वृद्धाश्रम अनाथ बालगृह महिला पुनःस्थापन केन्द्र सञ्चालन गरिनेछ ।

७९. प्राकृतिक सम्पदा, सांस्कृतिक वैभव र विविधताका कारणबाट विश्व समुदायमा नेपालको विशिष्ट पहिचान स्थापित भएको छ । सांस्कृतिक क्षेत्रका विद्यमान विसङ्गतिहरूको अन्त्य गरी विभिन्न क्षेत्र तथा प्रदेशमा रहेका विभिन्न समुदायका कला र संस्कृतिलाई जगेर्ना तथा प्रवर्द्धन गर्ने नीति अख्तियार गरिनेछ । राष्ट्रिय कला तथा संस्कृतिमा बाह्य क्षेत्रबाट हुँदै आएको अतिक्रमणलाई रोक्न आवश्यक कार्यक्रम तय गरी कार्यान्वयन तथा सांस्कृतिक परम्पराका गतिशील पक्षलाई प्रोत्साहन गरिनेछ ।

**सभामुख महोदय,**

८०. देशका विभिन्न क्षेत्रमा लोपोन्मुख, अत्यन्त अल्पसङ्ख्यक तथा आदिवासी जनजातिहरूको संरक्षण र आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थान, निजहरूको जीवनयापन एवम् स्वास्थ्य उपचार र बालबालिकाको शिक्षाका लागि विशेष व्यवस्था मिलाइनेछ । मुस्लिम समुदायको उत्थान र विकास गर्न राष्ट्रिय मुस्लिम आयोग गठन गरिनेछ ।

८१. मानव अधिकार एवम् कानुनी शासनको अवधारणालाई आत्मसात् गर्दै संविधान, कानुन र न्यायका सर्वमान्य सिद्धान्तहरूका आधारमा न्यायपालिकालाई स्वतन्त्र, सक्षम, पारदर्शी र जनउत्तरदायी बनाइनेछ । मुलुकको कानुन प्रणालीलाई सङ्घीय गणतन्त्रात्मक भावनाअनुरूप आनुनिकीकरण गरिनेछ । न्याय प्रशासनलाई चुस्त र प्रभावकारी बनाउन कानुन र संस्थागत संरचनालाई सुदृढ गरिनेछ । जनताले आआफ्नै घर दैलामा कमभन्दा कम खर्चमा छिटोभन्दा छिटो निष्पक्ष र प्रभावकारी न्याय पाउने व्यवस्थाका लागि विकेन्द्रित न्याय प्रणालीको विकास गर्न आवश्यक कानुनी सुधार गरिनेछ ।

८२. संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशील र असंलग्नताको सिद्धान्त एवम् राष्ट्रिय हित अनुकूल मुलुकको परराष्ट्र नीति सञ्चालन हुनेछ । विश्वका सबै मुलुकहरूमा खासगरी छिमेकी राष्ट्रहरू भारत र चीनसँगको मित्रतालाई उच्च महत्त्व दिने नीति लिइनेछ ।

८३. आर्थिक कूटनीतिको प्रवर्द्धनमा जोड दिई नेपाली दूतावासहरूलाई स्रोत र साधन सम्पन्न बनाइनेछ । दूतावासहरूलाई निश्चित कार्य सम्पादन मापदण्ड तयार गरी कार्य गर्न प्रोत्साहित गरिनेछ । साथै मुलुकको आर्थिक स्थितिले भ्याएसम्म नेपाली दूतावास नभएका मुलुकहरूमा आवश्यकताअनुसार दूतावासहरू खोल्दै जाने नीति अवलम्बन गरिनेछ ।

८४. विभिन्न मित्रराष्ट्रहरूसँग विगतमा सम्पन्न राष्ट्रिय हित अनुकूल नदेखिएका सन्धि सम्झौताहरूको पारस्परिक हित र समानताका आधारमा समयानुकूल पुनरावलोकन गरिनेछ ।

८५. करिब डेढ दशकदेखि नेपालमा आश्रय लिइरहेका भुटानी शरणार्थीहरू निःसर्त आफ्नो मुलुकमा फर्कन पाउनुपर्ने न्यायोचित मागलाई समर्थन गर्दै निजहरूलाई ससम्मान स्वदेश फर्काउन आवश्यक पहल गरिनेछ ।

८६. नेपाली जनताको आकाङ्क्षाबमोजिम निर्धारित समयावधिभित्र नै नयाँ अग्रगामी सङ्घीय संविधान निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो र यो हामी सबैको साझा अभिभारा पनि हो । सरकारले यस कार्यलाई उच्च प्राथमिकतामा लिएको छ । तसर्थ हामी सबैले सीमित स्वार्थभन्दा माथि उठी मुलुक र जनताको हितमा केन्द्रित रहनुपरेको छ जुन हामी सबैको आपसी भेदभाव, सहमति, सहकार्य, सत्प्रयास र एकताबाट मात्र सम्भव छ। संविधानसभामार्फत राज्यको अग्रगामी पुनःसंरचना गरेर अघि बढेमा नै नयाँ नेपाल निर्माण गर्न सहयोग पुग्ने विश्वास सरकारको रहेको छ र यसैमा नेपालको सुन्दर भविष्य पनि सुनिश्चित रहनेछ ।

८७. एक्काइसौँ शताब्दी सुहाउँदो मूल्य, मान्यता र सिद्धान्तप्रति हामी सबैको पूर्ण प्रतिबद्धता रहनेछ । बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, मानव अधिकार, कानुनको शासन, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता आदि लोकतान्त्रिक पद्धतिका आधारस्तम्भ हुन् । लोकतान्त्रिक मूल्य र मान्यतालाई जीवनशैली बनाउनु र अग्रगामी विकासको प्रतिफललाई सबै नेपालीको घर आँगनसम्म पुऱ्याउनु हामी सबैको साझा जिम्मेवारी हो । यसतर्फ मानवीय सदस्यहरू, मुलुकका सम्पूर्ण राजनीतिक दल, तिनका भातृसङ्गठनहरू, सबै पेसागत एवम् व्यावसायिक सङ्घ तथा संस्थाहरू, नागरिक समाजलगायत सम्पूर्ण नेपाली जनतालाई सचेत, सजग र क्रियाशील रहन सरकार आह्वान गर्दछ ।

८८. संविधानको निर्वाचनअगाडि र पछाडि सतहमा रहेका र प्रकट भएका सबै किसिमका कटुतापूर्ण मानसिकता र क्रियाकलापहरूबाट माथि उठी आपसी सहमति र सहकार्य गर्दै अगाडि बढ्नु हामी सबैको कर्तव्य हो । यसका लागि मुलुकभर विशाल शान्ति अभियान सञ्चालन गरिनेछ । महत्त्वपूर्ण राष्ट्रिय सञ्चालनहरू सबै राजनीतिक दलहरूबिच समान धारणा विकास गर्दै मुलुकका यावत् समस्याहरू समाधान गर्न यो सरकार प्रतिबद्ध रहेको छ ।

८९. हालै सम्पन्न संविधानसभा निर्वाचनको सफलता, शान्तिप्रक्रिया, सङ्घीय गणतन्त्रको स्थापना एवम् लोकतन्त्रको सुदृढीकरण र मुलुकका आर्थिक, सामाजिक रूपान्तरणको हाम्रो प्रयासमा सबै विदेशी मित्रराष्ट्रहरू, दातृ निकायहरू र अन्तर्राष्ट्रिय समुदायबाट हामीलाई प्राप्त सहयोगप्रति सरकार हार्दिक धन्यवाद दिँदै आगामी दिनहरूमा पनि यस्तै सदभाव, समर्थन र सहयोग पाउने विश्वास व्यक्त गर्दछ ।

९०. अन्त्यमा, संविधानसभाको निर्वाचन सम्पन्न गर्ने महत्त्वपूर्ण कार्यमा संलग्न निर्वाचन आयोगलगायत यस कार्यमा सहयोग पुऱ्याउने सबै नेपाली दिदीबहिनी तथा दाजुभाइ,

राष्ट्रसेवक, सम्पूर्ण राजनीतिक दलहरू, पत्रकार तथा सञ्चारकर्मीहरू, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, उद्यमी, तथा व्यवसायीहरू, विभिन्न पेसागत एवम् व्यावसायिक सङ्घसंस्थाहरू, गैरआवासीय नेपालीहरू, हाम्रा विदेशी मित्रहरू तथा स्वदेशी विदेशी पर्यवेक्षकहरूलाई सरकार हार्दिक धन्यवाद ज्ञापन गर्दछ। साथै, नयाँ नेपालको निर्माण गर्ने हाम्रो राष्ट्रिय सङ्कल्पमा समेत यहाँहरूको सकारात्मक सहयोग र योगदानको नेपाल सरकार अपेक्षा गर्दछ।

धन्यवाद !

परिशिष्ट आठ

# संविधानसभाको व्यवस्थापिका-संसद्को बैठकमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०६६/६७ को नेपाल सरकारको नीति तथा कार्यक्रम

संवत् २०६६ साल असार २५ गते बिहीवार

# नेपाल सरकारको आर्थिक वर्ष २०६६/६७ को
# नीति तथा कार्यक्रम

**सभामुख महोदय,**

१. ऐतिहासिक जनआन्दोलनको भावना र जनआकाङ्क्षाअनुरूप संविधानसभाबाट नयाँ संविधान निर्धारित समयमा निर्माण गर्नुपर्ने दायित्व बहन गर्दै आपसी संवाद, सहमति र सहकार्यलाई बलियो बनाउँदै न्यायपूर्ण, विभेदरहित, सबल, स्वाधीन र समृद्ध नेपालको निर्माण गर्ने उद्देश्यसहित गठित संयुक्त सरकारको आर्थिक वर्ष २०६६/६७ को नीति तथा कार्यक्रम व्यवस्थापिका-संसद्को यस बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

२. सङ्घर्षका लामा, कठिन र ऐतिहासिक चरणहरू पार गर्दै हामीहरू सामन्ती राजतन्त्रको युग अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ युगमा प्रवेश गरेका छौं। गणतन्त्र नेपालको राष्ट्रपतिका रूपमा व्यवस्थापिका-संसद्मा दोस्रो पटक सम्बोधन गरिरहँदा लोकतान्त्रिक र न्यायपूर्ण नेपालको निर्माण गर्ने आन्दोलनका योद्धाहरूको जीवन र सङ्घर्षका विविध पक्षहरूलाई स्मरण गरिरहेको छु। म यस ऐतिहासिक घडीमा राष्ट्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाइते योद्धाहरूप्रति गहिरो सम्मान व्यक्त गर्दछु। वेपत्ता, विस्थापित र द्वन्द्वपीडित परिवारको अकल्पनीय पीडाको निराकरण गर्नुपर्ने कुरामा जोड दिन चाहन्छु।

३. सार्वभौम नेपाली जनताद्वारा नयाँ संविधान निर्माणका लागि संविधानसभाको विधिवत् गठन भएको एक वर्षभन्दा बढी भएको छ। हिंसा र प्रतिहिंसाको पीडादायी शृङ्खला अन्त्य गरी दिगो शान्ति र लोकतन्त्रका दिशामा अघि बढ्ने अठोटका साथ विस्तृत शान्तिसम्झौता सम्पन्न भएको पनि दुई वर्ष बितिसकेको छ। तर पनि शान्ति प्रक्रियालाई पूर्णता दिने, राज्यको पुनःसंरचना गर्ने र संविधानसभाबाट नयाँ संविधानको निर्माण गर्ने अभिभारा पूरा गर्न बाँकी नै छ।

**सभामुख महोदय,**

४. मुलुकले खोजेको युगान्तकारी परिवर्तन हासिल गर्न राजनीतिक दलहरूबिच राष्ट्रिय सहमति हुनु अत्यन्त महत्त्वपूर्ण छ। यसै आधारमा अराजकता, असुरक्षा र दण्डहीनताको अन्त्य गरी संवैधानिक सर्वोच्चता, विधिको शासन र सुशासनको प्रत्याभूति, सहमति र सम्झौताहरूको कार्यान्वयन र शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन सरकार प्रतिबद्ध छ। निर्धारित समयभित्र राष्ट्रिय सहमतिका आधारमा नयाँ संविधानको निर्माण, राज्यको पुनःसंरचना, सामन्तवादको अन्त्य र आर्थिक-सामाजिक रूपान्तरणका साथ तीव्र आर्थिक विकास सरकारका मुख्य प्राथमिकता रहेका छन्।

५. नेपालको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र राष्ट्रिय एकतालाई बलियो बनाउँदै सीमा सुरक्षा सुदृढ गरिनेछ।

६. सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न कानुन र नियमहरूमा परिवर्तन गरिनेछ। पूर्वराजपरिवारको स्वदेश र विदेशमा रहेको सम्पत्तिको छानबिन गरी राष्ट्रको हितमा उपयोग गरिनेछ।

७ संवैधानिक सर्वोच्चता, न्यायालयको स्वतन्त्रता, मानवअधिकार, नागरिक र मौलिक अधिकार, प्रेस स्वतन्त्रता, कानुनी राज्य तथा विधिको शासन, बहुदलीय प्रतिस्पर्धासहितको लोकतान्त्रिक प्रणाली र उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग एवम् समुदायको आधारभूत अधिकारलाई सुनिश्चित गरिनेछ।

८. शान्तिसुरक्षाको स्थिति सुदृढ तुल्याउँदै समाजमा व्याप्त अपराध र अराजकता नियन्त्रण गरिनेछ तथा दण्डहीनतालाई समाप्त गरिनेछ। जनतालाई शान्ति-सुरक्षाको प्रत्याभूति दिलाउन प्रशासन र सुरक्षा निकायलगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन आचारसंहिता बनाई लागू गरिनेछ। "शान्ति-सुरक्षा जनताको अपेक्षा" भन्ने अभियान सञ्चालन गरी सुरक्षासम्बन्धी जनगुनासोको तत्काल सुनुवाइ हुने व्यवस्था गरिनेछ।

९ कानुनी राज्य र सुशासनको प्रत्याभूतिका लागि निजामती प्रशासन, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलगायतका सुरक्षा निकायहरूको सञ्चालन प्रचलित ऐन-कानुनका आधारमा गरिनेछ र दलीय राजनीतिबाट मुक्त राखिनेछ। निजामती सेवा एवम् सुरक्षा निकायलाई निष्पक्ष, पेसागत रूपमा दक्ष र जनउत्तरदायी बनाइनेछ।

१०. बन्दका नाममा अत्यावश्यक सेवा र प्रमुख मार्गहरू अवरुद्ध हुने कार्य रोक्न राष्ट्रिय सहमति कायम गर्दै विशेष योजना सञ्चालन गरिनेछ। सवारी दुर्घटनाका कारण सडक बन्द हुने अवस्थाको अन्त्य गर्न तेस्रो पक्ष बीमा व्यवस्था लागू गरी सुरक्षा निकायको शीघ्र परिचालनद्वारा सडक अवरोध हटाइनेछ।

११. जिल्ला-जिल्लामा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन, न्याय र सुशासन सुनिश्चित गर्न, विकास योजनालाई समयमा गुणस्तरसहित सम्पन्न गर्न, निर्माण कार्यको अनुगमन गर्न जिल्लाका प्रशासन र प्रहरी प्रमुखलाई सक्षम र जिम्मेवार बनाउन विशेष नीति अवलम्बन गरिनेछ।

१२. मधेसी जनअधिकार फोरम र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग नेपाल सरकारले गरेका सम्झौताहरू कार्यान्वयन गरिनेछ। तर संविधानसँग सम्बन्धित विषयहरूलाई संविधानसभाले नै निर्णय गर्ने गरी विभिन्न पक्षहरूसँग भएका सम्झौताहरूको कार्यान्वयनको अनुगमन गर्न उच्चस्तरीय अनुगमन समिति गठन गरिनेछ।

१३. अग्रगमन र सामाजिक न्यायका आधारमा राज्यका सबै अङ्ग र तहहरूमा महिला, दलित, आदिवासी-जनजाति, मधेसी, थारूलगायत तराईका आदिवासी जनजाति तथा मुस्लिमसमेत अल्पसङ्ख्यक र धार्मिक समुदायहरू, अपाङ्ग र पिछडिएको क्षेत्रका जनताको समावेशीकरण प्रक्रियालाई अगाडि बढाइनेछ। व्यवस्थापिका-संसद्मा विचाराधीन समावेशी विधेयकलाई अघि बढाइनेछ।

१४. सहिदको परिभाषा, पहिचान र सम्मानका लागि उच्चस्तरीय आयोग गठन गरिनेछ। विभिन्न समयमा शहादत प्राप्त गरेका व्यक्तिहरूको व्यवस्थित अभिलेख राखिनेछ। लोकतान्त्रिक आन्दोलनका योद्धाहरू बलिदान भएका विभिन्न क्षेत्रहरूको विकासमा ध्यान दिइनेछ।

१५. भ्रष्टाचार नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग एवम् न्याय सम्पादनसँग सम्बन्धित निकायहरूलाई सुदृढ र प्रभावकारी बनाइनेछ। राज्यका कुनै पनि तहमा हुने अनियमितता रोक्न थप कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ। पारदर्शिता र जवाफदेहीतालाई स्थापित गरी ढिलासुस्तीको अन्त्य गरिनेछ।

१६. स्थानीय निकायको निर्वाचनका लागि राष्ट्रिय सहमति जुटाइनेछ। निर्वाचन नभएसम्म संवैधानिक प्रावधानअनुरूप स्थानीय निकाय सञ्चालनका लागि अन्तरिम व्यवस्था गरिनेछ।

१७. विगतमा विभिन्न राजनीतिक दलहरूसँग सरकारले गरेका सम्झौता र संसदीय प्रतिबद्धताहरू कार्यान्वयन गरिनेछ। विभिन्न छानबिन आयोग र समितिका प्रतिवेदनहरू सार्वजनिक गर्दै सिफारिसहरू तदारुकताका साथ कार्यान्वयन गरिनेछ।

१८. मजदुर, किसान, महिला, युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी, डाक्टर, इन्जिनियर, वकिल, कर्मचारी, पत्रकार, उद्यमी-व्यवसायी, संस्कृतिकर्मी, भूमिहीन, सुकुम्बासी, द्वन्द्वपीडित, विस्थापित, मुक्त कमैया, हलिया, वादी र अपाङ्ग समुदायका जनताले अघि सारेका जायज मागहरू आपसी छलफलका आधारमा पूरा गर्दै लगिनेछ।

१९. नेपाल सरकार र नेकपा (माओवादी) बिच भएको विस्तृत शान्तिसम्झौतालगायतका सम्झौताका प्रावधानहरू अनुरूप माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापना तथा हतियारको व्यवस्थापन गरिनेछ। संविधान निर्माणले पूर्णता पाउनु अगावै माओवादी सेनाका लडाकुहरूको रेखदेख, पुनःस्थापना र समायोजनको कार्य सम्पन्न गरिनेछ।

२०. राजनीतिक सहमति र व्यवस्थापिका-संसद्को सुझावअनुरूप राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिनेछ। शान्तिसम्झौतामा उल्लिखित राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनःसंरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोग, बेपत्ता पारिएकाहरूको खोजी गर्ने आयोगहरूको गठन/पुनर्गठन गरिनेछ। सहमति र सम्झौताहरूको परिपालना तथा कार्यान्वयनको अनुगमनको काम राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोगले गर्नेछ।

२१. तराई-मधेस र देशका विभिन्न भागमा उत्पन्न सबै प्रकारका द्वन्द्व र समस्याहरूलाई वार्ता र संवादका आधारमा शान्तिपूर्ण रूपले समाधान गरिनेछ तर ध्वंसात्मक तथा आपराधिक क्रियाकलापहरूलाई छुट दिइने छैन।

२२. द्वन्द्व प्रभावित तथा विस्थापित जनसमुदायका लागि राहत तथा पुनःस्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। द्वन्द्व प्रभावित जेष्ठ नागरिकहरूका लागि पाँचवटा विकास

क्षेत्रमा एक-एकवटा 'आरोग्य आश्रम' को निर्माण कार्य सुरु गरिनेछ। जेष्ठ राष्ट्रिय प्रतिभाहरूको सम्मान र सुरक्षाका लागि काठमाडौँमा "सर्जक आश्रम" स्थापना गरिनेछ।

२३. जनतालाई छिटोछरितो सेवा दिन सक्ने र बहुपक्षीय उपयोगिता हुने संरचनालाई प्राथमिकता दिँदै द्वन्द्वका क्रममा भत्किएका भौतिक संरचनाहरूको पुन:निर्माणलाई विशेष प्राथमिकता दिइनेछ।

२४. काठमाडौँको गोकर्णमा जनआन्दोलन तथा सहिद स्मृति सङ्ग्रहालय स्थापना गरिनेछ। नारायणहिटी सङ्ग्रहालयको योजनाबद्ध विकास गरिनेछ। गणतन्त्र स्मारकको निर्माण सम्पन्न गरिनेछ। काठमाडौँको चम्पादेवीमा राष्ट्रिय जातीय सङ्ग्रहालयको निर्माण गरिनेछ। सबै जात-जातिहरूलाई समेट्ने गरी विभिन्न जिल्लाहरूमा स्थानीय जनताको पहल र जिम्मेवारी हुने गरी जातीय सङ्ग्रहालयहरूको स्थापनालाई राज्यले सहयोग गर्नेछ।

**सभामुख महोदय,**

२५. द्वन्द्वका क्रममा मारिएका र बेपत्ता पारिएकाहरूमध्ये राहत नपाएका परिवारलाई राहत दिइनेछ र विस्थापितहरूको पुन:स्थापनाको कामलाई अघि बढाइनेछ। सम्पत्ति कब्जा र क्षति भएको प्रमाणित भई हालसम्म क्षतिपूर्ति नपाएकाहरूलाई क्षतिपूर्ति दिइनेछ। हिंसा र द्वन्द्वबाट पीडित तथा विस्थापितहरूको उद्धार, राहत, पुन:स्थापना र सहायताका लागि विशेष कोषको व्यवस्था गरिनेछ। पीडित क्षेत्रका जनतालाई प्रत्यक्ष राहत पुर्‍याउन जनसहभागितामूलक कार्यक्रम सञ्चालन गरिनेछ। विभिन्न आन्दोलनमा घाइते भई यथोचित उपचार नपाएकाहरूको उपचार व्यवस्था मिलाइनेछ। अङ्गभङ्ग भएकाहरूलाई क्षतिपूर्ति दिइनेछ।

२६. खाद्यान्नलगायतका अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरूको सहज र सुलभ आपूर्तिको व्यवस्था मिलाई बढ्दो महँगी नियन्त्रण गरिनेछ। साँठगाँठमा हुने मूल्य निर्धारण तथा यातायात क्षेत्रमा रहेको सिन्डिकेट प्रथा समाप्त गरिनेछ। सुकुम्बासी र गरिबीको रेखामुनि रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा उपलब्ध गराउन सार्वजनिक वितरण प्रणालीलाई सुदृढ गरिनेछ। उपभोक्ता हक-हितलाई सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२७. कोशी कटानबाट प्रभावित क्षेत्रका जनताको राहत तथा पुन:स्थापनाको कामलाई प्रभावकारी बनाइनेछ। कोशी बाँधको जोखिम न्यूनीकरण गर्न पुन:निर्माणको कामलाई उच्च प्राथमिकता दिइनेछ। सुदूरपश्चिमलगायत देशका विभिन्न भागमा बाढी-पहिरोबाट गम्भीर रूपमा प्रभावित जनतालाई राहत प्रदान गर्न आवश्यक कदम चालिनेछ।

२८. ऐतिहासिक जनआन्दोलनका माध्यमबाट मुलुकले हासिल गरेका राजनीतिक उपलब्धिहरूलाई सुदृढ गर्न समाजवादउन्मुख, जनमुखी र लोककल्याणकारी सिद्धान्तमा आधारित राष्ट्रिय अर्थ व्यवस्था सुदृढ गर्न सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा जोड दिइनेछ। गरिबी, बेरोजगारी, पछौटेपन, असमानता र परनिर्भरता घटाउनेतर्फ विकासका प्रयासहरू केन्द्रित गर्दै सामाजिक न्याय, आर्थिक वृद्धि तथा

न्यायोचित वितरणमा आधारित आर्थिक एवम् सामाजिक नीति र कार्यक्रम बनाइनेछ। 'गाउँ-सहरमा सहकारी- घर-घरमा रोजगारी' को नारालाई सार्थक तुल्याइनेछ।

२९. गरिबीको रेखामुनि रहेका परिवारहरूको जीवनस्तर उठाउन "राज्य-सुविधा परिचय-पत्र" प्रदान गर्ने कार्य प्रारम्भ गरी यस्तो परिचयपत्र वाहकलाई शिक्षा, स्वास्थ्य, खाद्यान्न, रोजगारीलगायतका सरकारी निकायबाट प्राप्त हुने सुविधामा प्राथमिकता दिइनेछ।

३०. रोजगारीलाई नागरिकहरूको मौलिक हकका रूपमा स्थापित गर्दै लगिनेछ। राज्य, सहकारी र निजी क्षेत्रका माध्यमबाट रोजगारीका अवसरहरू बढाइनेछ। गरिबीको रेखामुनि रहेका जनताका लागि वर्षभरिमा न्यूनतम सय दिन रोजगारी राज्यले सुनिश्चित गर्न "रोजगारी प्रत्याभूति कार्यक्रम" सञ्चालन गरिनेछ। यसका लागि आवश्यक ऐन तथा नियमको तर्जुमा गरिनेछ।

३१. सामाजिक न्याय, उत्पादनका साधनको न्यायोचित वितरण र आर्थिक बृद्धि हासिल गर्ने उद्देश्यले वैज्ञानिक भूमिसुधार लागू गर्दै जमिनमा स्थानीय भूमिहीन तथा जोताहा किसानको पहुँच कायम गरिनेछ। भूमिको वैज्ञानिक उपयोग गर्ने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। गुठी समस्या समाधान गरिनेछ। कृषि मजदुर, मुक्त कमैया, भूमिहीन र सुकुम्बासी जनताको आर्थिक-सामाजिक उत्थानका लागि विशेष ध्यान दिइनेछ। खाद्यसुरक्षासम्बन्धी नीति लागू गरिनेछ।

३२. सर्वसुलभ शिक्षा र साक्षरता, स्वास्थ्य, स्वच्छ खानेपानी, साना सिँचाइ, साना तथा घरेलु उद्योग, सीपमूलक तालिम र रोजगारी, सघन वृक्षरोपण, साना जलविद्युत् तथा स्थानीय सडक गरी 'नौ स' का कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अघि बढाइनेछ।

३३. बहुसङ्ख्यक नेपालीको जीविका, आय र रोजगारीको आधारस्तम्भका रूपमा रहेको कृषि क्षेत्रलाई 'जीविकाका लागि कृषिको अवस्था' बाट 'दिगो विकासका लागि कृषि' भन्ने अवस्थामा रूपान्तरण गरिनेछ। 'एक गाउँ, एक उत्पादन' को नीतिअनुरूप उत्पादन वृद्धिमा जोड दिइनेछ। किसानहरूलाई आवश्यक मल, बीउ, कृषि औजार, शीतभण्डार र सिँचाइमा प्रयोग हुने विद्युत् महसुलमा सहुलियत प्रदान गरिनेछ। निजी पहलमा पशुपालन फार्महरूको स्थापनालाई प्रोत्साहन दिइनेछ। कृषि विकासको दीर्घकालीन योजना कार्यान्वयन गरिनेछ। रासायनिक मलको मूल्य तथा ढुवानी र प्राङ्गारिक मलको व्यावसायिक उत्पादनमा अनुदानको व्यवस्था गरिनेछ। कृषि भूमि खण्डीकरणको क्रमलाई निरुत्साहित गर्दै सहकारिताका माध्यमबाट हुने चक्लाबन्दी कार्यक्रमलाई प्रोत्साहित गरिनेछ। कृषकले आफ्नो उत्पादनको उचित मूल्य पाऊन् भनी सहकारितामा आधारित कृषि थोक बजार विस्तार गरिनेछ।

३४. कृषि उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि गर्न साना तथा मझौला सिँचाइ आयोजनाहरूको निर्माणमा विशेष प्राथमिकता दिइनेछ। ठूला सिँचाइ आयोजनाहरूलाई बहुउद्देश्यीय आयोजनाका रूपमा कार्यान्वयन गरिनेछ। यस क्रममा सुनकोसी-कमला डाइभर्सन र भेरी-बबई डाइभर्सन परियोजनालाई अघि बढाइनेछ। नदी नियन्त्रणलाई

अभियानका रूपमा अघि बढाई त्यसबाट जन-धनको क्षति रोक्दै रोजगारी सिर्जना तथा जमिन विकास गरी सुकुम्बासी बसोबास कार्यक्रम अघि बढाइनेछ ।

३५. राष्ट्रको समग्र आर्थिक विकास तथा औद्योगीकरणमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न आवश्यक भौतिक पूर्वाधार तथा संरचनाको निर्माण गर्न सरकारको भूमिका प्रभावकारी बनाइनेछ । लगानीको वातावरण सिर्जना गर्न औद्योगिक शान्ति कायम गर्दै नयाँ औद्योगिक नीति लागू गरिनेछ । औद्योगिक क्षेत्रको सुरक्षाका लागि औद्योगिक सुरक्षा बल गठन गरिनेछ ।

३६. प्रधानमन्त्रीको अध्यक्षतामा लगानी बोर्डको स्थापना गरी राष्ट्रिय महत्त्वका निजी क्षेत्रको लगानीसम्बन्धी निर्णयहरूको छिटो-छरितो कार्यान्वयन गरिनेछ । सार्वजनिक क्षेत्रको लगानीमा निर्माण गरिने आयोजनाहरू र अन्य सार्वजनिक संस्थानहरूको सेयर स्वामित्वमा सर्वसाधारण जनताको पहुँचलाई सहज बनाइनेछ । जनतालाई सेवा प्रदान गर्नुपर्ने सरकारी संस्थानहरूको व्यवस्थापनमा सुधार गरी सस्तो, सुलभ र प्रभावकारी सेवा उपलब्ध गराइनेछ । नेपाल वायुसेवा निगमलाई सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गरिनेछ ।

३७. नेपालको दीर्घकालीन विद्युत्को मागको निर्बाध आपूर्ति गर्न तथा भविष्यमा निर्यातसमेत गर्न सक्ने गरी जलविद्युत्लगायतको ऊर्जा विकासलाई देश विकासको महत्त्वपूर्ण आधारका रूपमा अघि बढाइनेछ । स्वदेशी, विदेशी, निजी, द्विपक्षीय तथा बहुपक्षीय लगानी परिचालन गर्ने दीर्घकालीन नीति लिइनेछ । जलविद्युत् आयोजनाहरूमा स्थानीय जनताको पहुँच र सहभागिता सुनिश्चित गरिनेछ । सौर्य ऊर्जा र लघु तथा साना जलविद्युत् विस्तार गरी ‘उज्यालो नेपाल अभियान’ सञ्चालन गरिनेछ ।

३८. ऊर्जा सङ्कट समाधानसम्बन्धी नीति तथा योजनाहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ । विशेषगरी सुख्खायाममा विद्युत् सङ्कट कम गर्नका लागि विद्यमान विद्युत्गृहहरूको क्षमता अभिवृद्धि गर्ने र हाल सञ्चालनमा रहेका तापीय विद्युत्गृहहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने अल्पकालीन नीति लिइनेछ । राष्ट्रिय सङ्कल्पका साथ केही ठूला विद्युत् आयोजनाहरूको द्रुत कार्यान्वयनलाई उच्च प्राथमिकता दिइनेछ ।

३९. तराई-मधेसमा पूर्व-पश्चिम रेलमार्ग र हुलाकी लोकमार्ग निर्माण कार्य अघि बढाइनेछ । मोटरबाटो नपुगेका जिल्ला सदरमुकामहरूमा सडक पुऱ्याउने कामलाई प्राथमिकताका साथ अघि बढाइनेछ । मध्य पहाडी लोकमार्ग र छिमेकी मित्र राष्ट्र भारतको सीमादेखि छिमेकी मित्रराष्ट्र चीनको तिब्बत सीमा जोड्ने कोसी, गण्डकी तथा कर्णाली कोरिडर मार्ग निर्माण गरिनेछ । काठमाडौँलाई तराईसँग जोड्ने फास्ट ट्र्याक, धरान-चतरा-गाईघाट-हेटौँडा सडक, सेती लोकमार्ग र राप्ती लोकमार्ग निर्माण गरिनेछ । कोसी नदीको चतरामा पुल निर्माण कार्य सुरु गरिनेछ ।

४०. उच्च प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरूमा स्रोत सुनिश्चित गर्न र ‘बहुवर्षीय ठेक्का’ प्रणालीद्वारा विकास निर्माण कार्य सुचारु राख्न तीनवर्षे खर्च योजनासहित स्रोत प्रक्षेपण गरिनेछ । ठेक्का प्रणालीलाई प्रतिस्पर्धी तुल्याउन बहुकेन्द्र र विद्युतीय माध्यमबाट टेन्डर बुझाउने व्यवस्था गरिनेछ । सार्वजनिक खरिद तथा निर्माण प्रणालीमा सुधार गरी

भ्रष्टाचार नियन्त्रण गर्न र निर्माण कार्यको प्रभावकारिता वृद्धि गर्न सार्वजनिक खरिद ऐनमा सुधार गरिनेछ ।

४१. ठूला पूर्वाधार निर्माण तथा सञ्चालनमा सार्वजनिक-निजी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ। पूर्वाधारमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न विद्यमान कानुन तथा नियममा सुधार गरिनेछ। निर्माण-सञ्चालन-हस्तान्तरणको अवधारणाअनुरूप पूर्वाधार निर्माणमा स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ ।

४२. तराई-मधेस, पहाड, हिमाल तथा गाउँ र सहरबिचको सन्तुलित विकासमा जोड दिइनेछ । कर्णालीलगायत पिछडिएका क्षेत्रको विकासका लागि विशेष कार्यक्रम र संयन्त्र निर्माण गरिनेछ। विकास र अवसरका दृष्टिले पछाडि परेका मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रको समग्र अध्ययनका लागि आयोग गठन गर्नुका साथै विशेष कार्यक्रम लागू गरिनेछ ।

४३. देशका प्राकृतिक, सामाजिक एवम् सांस्कृतिक स्रोत र सम्पदाहरूको संरक्षण गर्दै लगिनेछ। आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले धार्मिक, सांस्कृतिक, ग्रामीण, स्वास्थ्य र शैक्षिक पर्यटन क्षेत्रका कार्यक्रमलाई विशेष प्रोत्साहन दिइनेछ। निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा र लुम्बिनीमा क्षेत्रीय विमानस्थलहरूको निर्माण सुरु गरिनेछ। सञ्चालनमा रहेका विमानस्थलको स्तर वृद्धि गरिनेछ ।

४४. 'नेपाल पर्यटन वर्ष- २०११' कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गरिनेछ। यसका लागि निजी क्षेत्रसमेतको संलग्नतामा नयाँ पर्यटन क्षेत्र एवम् वस्तुहरूको पहिचान र विकास तथा पर्यटक उद्गम क्षेत्रहरूमा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ। आन्तरिक, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनका निम्ति नयाँ रणनीति तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल पर्यटन बोर्डलाई क्रियाशील बनाइनेछ। पर्यटन प्रवर्द्धनका लागि थप मुलुकहरूसँग हवाई सम्झौता गर्दै लगिनेछ ।

४५. निकासीजन्य वस्तुहरूको आधार र प्रतिस्पर्धी क्षमता विस्तार गर्न विशेष आर्थिक क्षेत्रहरू स्थापना गरिनेछ। द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सन्धि-सम्झौताहरूबाट उद्योग तथा व्यापारका क्षेत्रमा सिर्जित चुनौतीलाई समुचित व्यवस्थापन गर्दै उपलब्ध अवसरहरूबाट लाभ प्राप्त गर्न सक्ने वातावरण तयार गरिनेछ ।

४६. हिमाली तथा पहाडी क्षेत्रका दुर्गम जिल्लामा खाद्यान्न, नुन, चिनी, मट्टितेललगायतका अत्यावश्यक उपभोग्य वस्तुहरूको अभाव हुन नदिन स्थानीय एकीकृत सेवा केन्द्र, सहकारी संस्था एवम् सम्बद्ध सरकारी संस्थानका डिपोहरूलाई परिचालित गरिनेछ। दुर्गम तथा पहाडी विकट क्षेत्रका जनतालाई मूल्यवृद्धिको मारबाट सुरक्षित गर्न थप ढुवानी अनुदान दिइनेछ ।

४७. पेट्रोलियम पदार्थको आपूर्ति र वितरणलाई प्रतिस्पर्धात्मक, सहज र व्यवस्थित गर्न निजी क्षेत्रलाई पेट्रोलियम पदार्थको कारोबारमा संलग्न गराउन आवश्यक कानुनी संरचना तयार गरी कार्यान्वयन गरिनेछ ।

४८. पशुपालन, स्रोत संरक्षण र वातावरण सन्तुलनलाई सहयोग पुग्ने गरी वृक्षरोपणलाई अभियानका रूपमा अघि बढाई वन क्षेत्रको विस्तार गरिनेछ। सामुदायिक वनले

वातावरण संरक्षणमा पुऱ्याएको योगदानलाई ध्यानमा राख्दै यस कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । तराई-मधेसमा स्थानीय जनताको मागअनुसार साझेदारी वनको अवधारणालाई पनि अघि बढाइनेछ । सामुदायिक तथा साझेदारी वनको संस्थागत विकासका लागि जनलेखापरीक्षणको व्यवस्था गरिनेछ । वातावरणीय विनाश, असन्तुलन तथा विश्वव्यापी तापक्रम वृद्धिलाई ध्यान दिँदै वातावरणीय प्रदूषण र वन विनाशलाई न्यूनीकरण गर्न विशेष कार्यक्रमहरू ल्याइनेछ ।

४९. वन स्रोतको व्यवसायीकरण तथा उत्पादकत्व अभिवृद्धिका लागि सघन वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ । गरिबीको रेखामुनि रहेका विपन्न जनतालाई वन क्षेत्रको खाली जग्गा कबुलियती वनका रूपमा उपलब्ध गराई जीविकोपार्जन र रोजगारीको आधार बनाइनेछ । चुरे र शिवालिक क्षेत्रको संरक्षण गर्न 'मेची महाकाली एकीकृत चुरे संरक्षण कार्ययोजना' तर्जुमा गरी लागू गरिनेछ । वन्यजन्तु र पक्षीपालन तथा जडीबुटी र जडीबुटीजन्य वस्तुको उत्पादन तथा प्रशोधनमा लगानी अभिवृद्धि गर्न मौजुदा ऐन तथा नियममा सुधार गरिनेछ ।

५०. आगामी आर्थिक वर्षभित्रै जलवायु परिवर्तनबाट कृषिलगायत विभिन्न क्षेत्रमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न जलवायु परिवर्तनसम्बन्धी नीति तथा राष्ट्रिय अनुकूलन कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ । प्रधानमन्त्रीको अध्यक्षतामा जलवायु परिवर्तनसम्बन्धी कार्यनीति तयारी समिति गठन गरिनेछ । दिगो र स्वच्छ विकासको अवधारणामा जोड दिँदै हरित रोजगारी सिर्जना गर्न नवीकरणीय ऊर्जालाई उच्च प्राथमिकता दिइनेछ र यसका लागि ग्रामीण ऊर्जा अनुदान नीतिलाई आगामी आर्थिक वर्षमा पनि थप परिमार्जनसहित निरन्तरता दिइनेछ ।

५१. वित्तीय क्षेत्रको सुधार कार्यक्रमलाई अघि बढाइनेछ । कानुन-नियमको समेत अवज्ञा गर्दै नियतवश ऋण नतिर्ने प्रवृत्तिलाई गम्भीर रूपमा लिई कडाइका साथ ऋण असुल गरिनेछ । असल ऋणीहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम ल्याइनेछ । बचत तथा ऋण सहकारी संस्थाहरूको नियमनका लागि थप कानुनी व्यवस्था गरिनेछ । लघु बीमा सेवामार्फत बाली तथा पशु बीमा कार्यक्रम विस्तार गरिनेछ । यसका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

५२. नेपाल राष्ट्र बैङ्कको नियमन र सुपरिवेक्षण क्षमतालाई अझ सुदृढ बनाइनेछ । साना व्यक्तिगत निक्षेपकर्ताहरूको निक्षेप सुरक्षित गर्न बैङ्क तथा वित्तीय संस्थाहरूले निश्चित रकमसम्मको बचत तथा मुद्दती निक्षेपको बीमा अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्था प्रारम्भ गरिनेछ । ग्रामीण क्षेत्रमा आधुनिक बैकिङ सेवाको पहुँच विस्तार गरिनेछ ।

५३. माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क तथा अनिवार्य बनाउने कार्यक्रम अघि बढाइनेछ । राष्ट्रिय साक्षरता अभियानलाई आवश्यक परिमार्जन गरी कार्यान्वयन गरिनेछ । जनताको पहुँचभित्र रहने गुणस्तरीय, रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षामा विशेष जोड दिइनेछ । मातृभाषामा दिइने प्राथमिक र अनौपचारिक शिक्षाको विस्तार गरिनेछ ।

५४. आधारभूत तहको शिक्षालाई गुणस्तरीय बनाउन विद्यालय क्षेत्र सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ। विद्यालय तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरूको व्यवस्थापनमा राज्यको सहयोग, समुदायको सहभागिता र उत्तरदायित्व बढाइनेछ। सार्वजनिक-निजी क्षेत्रको सहकार्यलाई संस्थागत गरी शिक्षामा गुणस्तर विकास तथा क्षमता अभिवृद्धि गर्न प्रोत्साहित गरिनेछ।

५५. बहुविश्वविद्यालयको अवधारणाअनुरूप विगतमा सैद्धान्तिक सहमति प्रदान गरिएका विश्वविद्यालयहरूको स्थापना कार्यलाई अघि बढाइनेछ। त्रिभुवन विश्वविद्यालयको विद्यमान संरचनाको पुनरावलोकन गरी शिक्षाको गुणस्तर वृद्धिमा जोड दिइनेछ। प्रौद्योगिक विश्वविद्यालय स्थापना गर्न आवश्यक कानुनी, संस्थागत र पूर्वाधारको व्यवस्था गरिनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सबै नागरिकको पहुँच सुनिश्चित गर्न निजी क्षेत्रसमेतको सहभागितामा थप तालिम एकाइको स्थापना र स्रोतको परिचालन गरिनेछ।

५६. भविष्यका कर्णधार बालबालिकाहरूको भरणपोषण तथा स्वस्थ विकासका लागि राज्यका तर्फबाट 'बालसंरक्षण अनुदान' को व्यवस्था गरिनेछ। दलित, लोपोन्मुख तथा सीमान्तीकृत जाति-जनजातिका परिवारबाट सुरु गरी यो सुविधा क्रमशः सबै बालबालिकाहरूमा पुऱ्याउने व्यवस्था गरिनेछ।

५७. प्राथमिक र आधारभूत स्वास्थ्यलाई जनताको मौलिक हकका रूपमा सुनिश्चित गरिनेछ। आमजनताका लागि स्वास्थ्य सेवालाई सुलभ र सहज बनाउन ग्रामीण स्वास्थ्यमा लगानी वृद्धि गर्नुका साथै लगानी भएका सेवाहरूको अनुगमन सुदृढ गरिनेछ। सामुदायिक तथा सहकारी स्वास्थ्य कार्यक्रमलाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनेछ। 'स्वास्थ्य बीमा कार्यक्रम' लागू गर्ने तयारी गरिनेछ। गरिबीको रेखामुनि रहेकाहरूलाई निःशुल्क रूपमा जटिल रोगको उपचार गर्ने व्यवस्था मिलाइनेछ। दुर्गम र पिछडिएका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको उपस्थिति सुनिश्चित गर्न विशेष प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

५८. 'सुरक्षित मातृत्व, महिला अधिकार' का रूपमा प्रजनन स्वास्थ्यका क्षेत्रमा नयाँ कार्यक्रमहरू सुरु गरिनेछ। कुपोषण, मातृ तथा बालमृत्युदर न्यून गर्न थप कार्यक्रमहरू सुरु गरिनेछ। निःशुल्क प्रसूति सेवालाई विस्तार गरी प्रसूति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन अनुदान दिइनेछ। स्वास्थ्य चौकीमा चौवीसै घण्टा प्रसूति सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ। आङ खस्ने समस्याबाट पीडित महिलाहरूका लागि घुम्तीसेवाका माध्यमबाट समेत सेवा प्रदान गरिनेछ। महिला स्वास्थ्य स्वयम्सेविकाहरूका लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

५९. सहरी क्षेत्रका विपन्न वर्गका नागरिकको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न स्थानीय निकायहरूसँग समन्वय गरी जनसङ्ख्या तथा भूगोलका आधारमा थप स्वास्थ्य संस्थाहरूको स्थापना तथा भइरहेका संस्थाहरूको सुदृढीकरण र थप महिला स्वास्थ्य स्वयम्सेवीको व्यवस्था मिलाइनेछ। वैकल्पिक चिकित्सा प्रणालीतर्फ प्राकृतिक चिकित्सा, योग, आयुर्वेदिक, होमियोप्याथी, युनानी, अकुपञ्चर र आम्ची सेवा सञ्चालनलाई प्रवर्द्धन गरिनेछ।

६०. सामाजिक सुरक्षाअन्तर्गत ज्येष्ठ नागरिक, पतिको निधन भई एकल रहेका महिला, आदिवासी जनजातिभित्रका लोपोन्मुख समूह, दलित, पूर्ण अशक्त तथा अपाङ्गता भएकाहरूलाई उपलब्ध गराइएको सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

६१. खानेपानी, सरसफाई तथा ग्रामीण पूर्वाधार निर्माणका कार्यक्रममा बजेट तथा जनसंलग्नता वृद्धि गरिनेछ । मेलम्ची खानेपानी आयोजनाको निर्माण कार्यमा उच्च सतर्कता अपनाई तोकिएकै समय सीमाभित्र सम्पन्न गरिनेछ । खानेपानी तथा सरसफाइ आयोजनाबाट प्रदान गरिने सेवास्तर अभिवृद्धि गर्न निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन गरिनेछ । वर्षात्को पानीलाई सञ्चय गरी अधिकतम उपयोगमा ल्याउन जोड दिइनेछ ।

६२. काठमाडौंको सफाइ र ट्राफिक व्यवस्थापनको समस्यालाई विशेष जोड दिई त्यसमा आमूल सुधार गरिनेछ । तोकिएका क्षेत्रहरूमा प्लास्टिकका झोलाको उपयोग प्रतिबन्धित गरी यसलाई क्रमशः अन्य क्षेत्रमा लागू गर्दै लगिनेछ ।

६३. बाग्मती सभ्यता रक्षा गर्न बागमती क्षेत्रको स्रोत संरक्षण गरिनेछ तथा बागमती कोरिडोर निर्माणमा तीव्रता ल्याइनेछ । पशुपति, जनकपुर तथा लुम्बिनी क्षेत्रको धार्मिक तथा सांस्कृतिक उत्थानका लागि थप कार्यक्रमहरू ल्याइनेछ । धार्मिक क्षेत्र वरिपरि उद्योग व्यवसाय सञ्चालनलाई निरुत्साहित गरिनेछ ।

६४. अत्यन्त पिछडिएका र विपन्न दलित, लोपोन्मुख जाति र सीमान्तकृत समुदायहरूलाई लक्षित गरी न्यून लागतको 'जनता आवास गृह' को व्यवस्था गरिनेछ । यस कार्यक्रमलाई क्रमशः अन्य समुदायमा विस्तार गर्दै लगिनेछ । वृद्ध-वृद्धालाई सामाजिक सुरक्षा प्रदान गर्दै जाने क्रममा तत्काल पाँच विकास क्षेत्रमा वृद्धाश्रमहरू निर्माण गरिनेछ । यस क्षेत्रमा कार्य गर्ने संस्था तथा समुदायहरूलाई सरकारले सहयोग पुऱ्याउनेछ ।

६५. श्रमिकहरूका पेसागत हक र सुरक्षाको प्रत्याभूति र उद्योग व्यवसायको उत्पादकत्व वृद्धि गर्न श्रम कानुनमा आवश्यकता अनुरूप सुधार गरिनेछ । वैदेशिक रोजगारलाई व्यवस्थित तुल्याउँदै सरल किसिमले सर्वसाधारण जनताको पहुँचमा ल्याइनेछ । ग्रामीण महिलाहरूको स्वरोजगार र आत्मनिर्भरताका लागि सहकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

६६. शक्ति निक्षेपणको नीतिअनुरूप स्थानीय निकायको क्षमता विस्तार गरिनेछ । विगत डेढ दशकअघि आरम्भ गरिएको 'आफ्नो गाउँ, आफै बनाऔं" कार्यक्रमको लोकप्रियता र प्रभावकारितालाई ध्यानमा राख्दै आधारभूत तहका विकास आयोजनाहरूलाई जनसहभागितामूलक बनाइनेछ । केन्द्रबाट गर्नैपर्ने बाहेकका काम, कर्तव्य र अधिकार तथा साधन-स्रोतहरू स्थानीय तहमा हस्तान्तरण गर्ने नीति अघि बढाइनेछ ।

६७. युवा शक्तिको सिर्जनात्मक विकास गर्न राष्ट्रिय युवा नीतिअनुरूप युवा सशक्तीकरण कार्ययोजना अघि बढाइनेछ । विकास कार्यमा युवाहरूलाई स्वयम्सेवकका रूपमा परिचालन गरिनेछ र युवा स्वरोजगार कार्यक्रमलाई अभियानका रूपमा अघि बढाइनेछ । स्थानीय विकास, सामाजिक परिचालन, विकास कार्यक्रमहरूको अनुगमन र सामाजिक कुरीतिहरूको अन्त्य गर्ने कार्यलाई अघि बढाउन राष्ट्रव्यापी रूपमा युवाहरूलाई परिचालन गरिनेछ । राष्ट्रिय युवा परिषद् गठन गरी युवा लक्षित कार्यक्रम गाउँ-गाउँसम्म

पुऱ्याइनेछ। सानै उमेरदेखिका प्रतिभाहरूको खोजी कार्य सुरु गरी विभिन्न क्षेत्रका प्रतिभावान् युवाहरूको व्यक्तित्व-विकासमा सहयोग पुऱ्याइनेछ।

६८ खेलकुदको विकासका लागि नयाँ खेलकुद नीति ल्याइनेछ। खेलकुद क्षेत्रको भौतिक पूर्वाधारको निर्माण, सुधार गर्नुका साथै विद्यालयस्तरदेखि नै खेलकुद क्षेत्रको व्यापक विकास र विस्तार गरिनेछ। 'स्वस्थ जीवन र राष्ट्रिय गौरवका लागि खेलकुद' भन्ने अवधारणाका आधारमा खेल क्षेत्रलाई व्यापक रूपमा विस्तार गरिनेछ। खेल क्षेत्रमा प्रतिभाहरुको खोजी कार्यक्रम अघि बढाइनेछ र अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरूको जीवन निर्वाहका लागि विशेष व्यवस्था गरिनेछ।

६९. साहित्य, सङ्गीत र कलाका विविध क्षेत्रमा आफ्नो जीवन अर्पण गर्ने विशिष्ट प्रतिभाहरूको सम्मान र संरक्षणका लागि राज्यले विशेष ध्यान दिइनेछ।

७०. अपहरण, बलात्कार, लागू पदार्थ कारोबार, बोक्सीको आरोप, छुवाछुत जस्ता कार्यलाई निषेध गर्न कडा दण्डको व्यवस्था गरिनेछ। दाइजो-तिलक प्रथा जस्तो सामाजिक कुरीतिलाई निर्मूल गर्न आवश्यक व्यवस्था गरिनेछ।

७१. प्रवासी नेपाली तथा कामदारहरूको हक-हितको संरक्षण गर्ने व्यवस्था गर्नुका साथै उनीहरूको सीप र पुँजी स्वदेशमा लगानी गर्न प्रोत्साहन गरिनेछ। गैरआवासीय नेपालीहरूलाई विशेष परिचय-पत्रको व्यवस्था गर्दै नेपालको विकास अभियानमा लाग्न प्रेरित गरिनेछ। प्रतिभा पलायन रोक्न विशेष कार्यक्रम ल्याइनेछ। वैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई राष्ट्र निर्माणमा लगाउन विशेष व्यवस्था गरिनेछ।

७२. विश्वव्यापी आर्थिक मन्दीको नेपालमा पर्ने प्रभावलाई न्यून गर्न उपयुक्त वित्तीय तथा मौद्रिक नीतिहरू कार्यान्वयन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरूलाई श्रमबजारमा एकीकृत गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७३. आन्तरिक स्रोत परिचालनका लागि करको दायरा विस्तार, दरहरूमा समायोजन, चुहावट नियन्त्रण र प्रशासनिक सुदृढीकरणमा जोड दिइनेछ। सबै जिल्ला सदरमुकाममा करदातालाई सहज सेवा पुऱ्याउने व्यवस्था गरिनेछ। कर प्रशासनलाई पारदर्शी तुल्याइनेछ।

७४. वैदेशिक सहायता नीतिमा पुनरावलोकन गरी वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता, हित र प्राथमिकता अनुकूल परिचालन गर्न र उपयोगलाई पारदर्शी तथा प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

**सभामुख महोदय**

७५. सूचना र सञ्चारका क्षेत्रमा नेपालले क्रमशः प्रगति गर्दै गए पनि अझै जनसङ्ख्याको ठूलो हिस्साले यसको बहुआयामिक उपयोग गर्न पाएको छैन। सरकारले "ज्ञान, सूचना र सञ्चार, नयाँ नेपाल निर्माणको आधार" भन्ने नीति बनाई यस क्षेत्रलाई समग्र विकास प्रक्रियासँग आबद्ध गर्नेछ। टेलिफोन सेवा नपुगेका सबै गाविसमा यसै वर्ष टेलिफोन सेवा विस्तार गरिनेछ। सबै गाविसमा इन्टरनेट सेवा पुऱ्याउने गरी सबै जिल्ला सदरमुकामसम्म अप्टिकल फाइबर पुऱ्याउने लक्ष्यका साथ कार्यक्रम अघि बढाइनेछ।

७६. परम्परागत रूपमा रहेको हुलाक सेवालाई गुणात्मक सुधार गर्दै आधुनिक सूचना प्रविधिका माध्यमबाट सेवाको विविधीकरण गरिनेछ। सूचना विभागलाई नेपाल सरकारको केन्द्रीय सूचना बैङ्कका रूपमा विकास गर्ने कार्य अघि बढाइनेछ। सुरक्षित मुद्रणको कार्यलाई प्रभावकारी बनाउँदै क्रमशः देशभित्र सबै सुरक्षण मुद्रण गर्न सकिने क्षमताको विकास गरिनेछ।

७७. सूचनाको हकसम्बन्धी ऐन र श्रमजीवी पत्रकारसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। लामो समयदेखि पत्रकारितामा संलग्न व्यक्तिहरूलाई विशेष सम्मान गरिनेछ। रेडियो नेपाल र नेपाल टेलिभिजनले सञ्चालन गर्दै आएका समावेशी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। गोरखापत्रले विभिन्न राष्ट्रिय भाषामा गर्दै आएको प्रकाशनलाई विस्तार गरिनेछ। नेपाली कला र संस्कृतिको संरक्षण र विकासमा टेवा पुग्ने किसिमका चलचित्र निर्माणलाई प्रोत्साहन गरिनेछ। नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनको आकर्षक थलोका रूपमा विकास गर्ने गरी सबै प्रकारका सुविधा भएको चलचित्र नगरको विकास गर्ने कार्य अघि बढाइनेछ।

७८. राज्यका विभिन्न अङ्ग तथा राष्ट्रिय जीवनका प्रत्येक क्षेत्रमा क्षमता अभिवृद्धिसहित महिला सहभागिता वृद्धि गरिनेछ। आदिवासी, जनजाति, तराईवासी/मधेसी, दलित, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग तथा पिछडिएको क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य र रोजगारका लागि विशेष कार्यक्रम लागू गरिनेछ। खाद्यान्न समस्याले पीडित कर्णालीलगायत दुर्गम क्षेत्रका जिल्लाहरूमा खाद्यान्न आपूर्तिका साथै वैकल्पिक स्रोतहरूको पहिचान र परिचालन गर्ने विशेष व्यवस्था गरिनेछ।

७९. दलित, उत्पीडित तथा पिछडिएको वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि सामाजिक सुरक्षालगायतका विशेष कार्यक्रमहरूलाई कार्यान्वयन गरिनेछ। पूरै देशलाई छूवाछुतमुक्त गरिनेछ। छाउपडी प्रथा अन्त्य गर्न व्यापक अभियान चलाइनेछ। दलितविरुद्धको सामाजिक भेदभाव र छूवाछूतलाई दण्डनीय अपराधका रूपमा लिँदै कडा कारबाहीको व्यवस्था गरिनेछ। दलित समुदायको उत्थानका लागि सकारात्मक विभेदका कार्यक्रम लागू गरिनेछ। सामाजिक एकीकरणका लागि थप कार्यक्रमहरू सुरु गरिनेछ।

८०. महिलाविरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, बेचबिखनजस्ता अपराधको नियन्त्रणका लागि निर्माण गरिएको कानुनलाई प्रभावकारी ढङ्गले लागू गरिनेछ। प्रभावित महिलाहरू तथा बालबालिकाहरूको पुनःस्थापना, उत्थान र विकासका लागि 'महिला जागृति कार्यक्रम' लागू गरिनेछ। घरेलु हिंसाबाट विस्थापित भएका महिलाहरूलाई अल्पकालीन आश्रय दिन बढी हिंसाग्रस्त १५ स्थानहरूमा महिला आवासगृह स्थापना गरिनेछ। यस कार्यमा गैरसरकारी संस्थाहरूसँग सहकार्यमा गरिनेछ।

८१. अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारका लागि विशेष तालिम एवम् अवसर वा असक्त भत्ताको व्यवस्था गरिनेछ। वृद्ध, असहाय तथा विधवाहरूका लागि सामाजिक सुरक्षा प्रदान गरिनेछ। श्रमयोग्य उमेरका विधवाहरूका लागि रोजगारीमा अग्राधिकार कायम गरिनेछ। सार्वजनिक स्थलहरूलाई अपाङ्ग मैत्री बनाइँदै लगिनेछ।

८२. धर्म, भाषा र संस्कृतिका क्षेत्रमा रहेका सबै प्रकारका भेदभावहरूलाई समाप्त गरिनेछ। सांस्कृतिक सम्पदाहरूको संरक्षण, उपयोग र परिचालनका लागि राष्ट्रिय नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। छरिएर रहेका सम्पदाहरूको अभिलेख तयार गरी संरक्षणको व्यवस्था मिलाइनेछ। विश्व सम्पदाका रूपमा सूचीकृत स्थलहरूको संरक्षण कार्यलाई प्रभावकारी बनाइनेछ। विभिन्न धार्मिक तथा अल्पसङ्ख्यक समुदायको समग्र हित र विकासका लागि सुझाव दिन राष्ट्रिय आयोग गठन गरिनेछ।

८३. मुक्त कमैया परिवारको पुनःस्थापना कार्यलाई व्यवस्थित गरिनेछ। कमलरी, हलिया मुक्ति र पुनःस्थापनाको लागि आवश्यक पाइला चालिनेछ। त्यस्तै वादी, देउकी समुदायका सन्दर्भमा विस्तृत अध्ययन गरी पुनःस्थापना कार्य आरम्भ गरिनेछ।

८४. नेपाली सेनाको कार्यदक्षतामा अभिवृद्धि गरिनेछ। पूर्वाधार विकास र सम्पदाहरूको संरक्षणमा नेपाली सेनाको सहभागितालाई निरन्तरता दिइनेछ। शान्ति सेनामा नेपाली सेनाको सहभागितामा वृद्धि हुने गरी कार्यक्षमता अभिवृद्धि गरिनेछ। सैन्य तालिममा मानवअधिकार शिक्षालाई अनिवार्य गरिनेछ।

८५. न्यायमा सबैको पहुँच पुऱ्याउने नीतिअनुरूप न्यायसेवामा सुधारको प्रक्रिया अघि बढाइनेछ। पुनरावेदन र जिल्ला अदालतको क्षेत्राधिकार वृद्धि गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। मानवअधिकारको संबर्द्धन र संरक्षणको कामलाई प्रभावकारी बनाइनेछ।

८६. विगतका निर्वाचनका अनुभवसमेतका आधारमा आगामी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र तथा विश्वसनीय तुल्याउन प्रक्रियागत सुधारका कार्यहरू अघि बढाइनेछ। 'राष्ट्रिय परिचय-पत्र' वितरण कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ। मतदाता नामावलीलाई थप व्यवस्थित गरी राष्ट्रिय परिचय-पत्रमार्फत मतदाता परिचय खुल्ने व्यवस्था गरिनेछ। निर्वाचन आयोगको भूमिकालाई सबल र सक्षम बनाउन आवश्यक व्यवस्था गरिनेछ।

८७. मुलुकको परराष्ट्र नीति संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशील एवम् असंलग्नताको सिद्धान्तका आधारमा राष्ट्रिय हितलाई सर्वोपरि राखी सञ्चालन गरिनेछ। छिमेकी मुलुकहरू, खासगरी भारत र चीनसँगको घनिष्ट मैत्रीपूर्ण सम्बन्धलाई पारस्परिक सम्मान, समानता, सहयोग र सौहार्दताका आधारमा अझ सुदृढ गर्दै लगिनेछ। नेपालको भूमि कुनै पनि छिमेकी मुलुकका विरुद्ध प्रयोग हुन दिइने छैन। नेपालमा शरणार्थी जीवन बिताइरहेका भुटानी नागरिकहरूलाई ससम्मान स्वदेश फर्काउन एकताबद्ध प्रयत्न गरिनेछ। साथै अन्य मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई थप सुदृढ र व्यापक गर्दै लगिनेछ। संयुक्त राष्ट्रसङ्घअन्तर्गत शान्तिसेनामा नेपालको सहभागितालाई निरन्तरता दिइनेछ।

८८. आर्थिक कुटनीतिलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न नेपाली दूतावासहरूलाई साधन र स्रोतले सम्पन्न तुल्याइनेछ। आवश्यकताअनुसार नयाँ दूतावासहरू खोली कुटनीतिक सम्बन्धलाई विस्तार गर्दै लगिने नीतिअनुरूप आगामी आर्थिक वर्षमा दक्षिण अफ्रिका, ब्राजिल, क्यानडा र कुवेत गरी चार मुलुकमा नेपाली दूतावास स्थापना गरिनेछ। विदेशमा काम गरी बस्ने नेपालीहरूको हक-हित संरक्षण, संवर्द्धन तथा विपत्मा यथोचित सहयोग पुऱ्याउन श्रमसहचारीको नियुक्ति गर्दै लगिनेछ।

८९. राजनीतिक दलहरूबिचको एकता र सहमतिबाट नै राष्ट्रिय हितको संरक्षण गर्न सकिन्छ भन्ने सरकारको दृढ विश्वास छ। सार्वभौमसत्ता, राष्ट्रिय एकता, भौगोलिक अखण्डता, स्वतन्त्रता र स्वाभिमानको संरक्षण गर्दै राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति, जलस्रोतको उपयोग र वैदेशिक सहायताको परिचालन नेपालको राष्ट्रिय हितमा गरिनेछ। राष्ट्रिय हित प्रतिकूल रहेका सन्धि-सम्झौताहरूको पुनरावलोकन गरिनेछ।

९०. राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च राख्दै कार्यदक्षतामा अभिवृद्धि गर्न तथा स्वच्छ र दक्ष प्रशासनमार्फत जनविश्वास पुनःआर्जन गर्न उच्चस्तरीय तलब आयोगको प्रतिवेदनलाई आधार मानी उनीहरूको सुविधामा समयानुकूल वृद्धि गरिनेछ। प्रशासन पुनःसंरचना आयोगका सिफारिसहरू कार्यान्वयन गर्दै लगिनेछ। निजामती कर्मचारीको दक्षता अभिवृद्धि गर्न आगामी पाँच वर्षभित्र विभिन्न तह र श्रेणीका कर्मचारीहरूलाई न्यूनतम एकपटक प्रशिक्षण दिने व्यवस्था मिलाइनेछ।

**सभामुख महोदय,**

९१. हामीले ऐतिहासिक जनआन्दोलनका पृष्ठभूमिमा आफ्नै मौलिक स्वरूपको शान्तिप्रक्रिया आरम्भ गरेका थियौं। यसलाई सफल पार्न हामी जति उत्सुक र गम्भीर छौं, त्यति नै यसको सफलताका लागि अन्तर्राष्ट्रिय समुदायले समेत गहिरो चासो राखिरहेको अवस्था छ। शान्तिप्रतिको नेपाली जनताको उत्कट चाहनालाई हृदयङ्गम गर्दै विस्तृत शान्तिसम्झौतालगायतका विभिन्न समयमा भएका सहमति र सम्झौता कार्यान्वयन गर्न सम्बन्धित सबै पक्षले जिम्मेवार हुनुपर्ने आवश्यकता छ। सरकार शान्तिप्रक्रियालाई पूर्णतामा पुऱ्याउन प्रतिबद्ध छ।

९२. नेपालको शान्तिप्रक्रिया र आर्थिक तथा सामाजिक विकासका काममा सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसङ्घलगायतका दातृ निकायहरूलाई धन्यवाद दिँदै नेपाल सरकार आभार प्रकट गर्दछ। आगामी दिनमा पनि नेपालको शान्तिप्रक्रियाको पूर्णता, लोकतन्त्रको सुदृढीकरण र आर्थिक समाजिक विकासका क्षेत्रमा महत्त्वपूर्ण सहयोग र ऐक्यबद्धता प्राप्त भइरहने कुरामा नेपाल सरकार विश्वस्त छ।

९३. व्यवस्थापिका-संसद्मा गतिरोध उत्पन्न भएका समयमा पनि संविधान निर्माणको काम जारी रहनुले त्यसप्रतिको हाम्रो प्रतिबद्धता प्रकट भएकै छ। संविधान निर्माणको काममा नेपाली जनताले देखाएको सरोकार प्रशंसनीय छ। संविधान निर्माणको कामलाई निरन्तरता दिन जरुरी छ र यस कार्यमा नेपाल सरकारको पूर्ण सहयोग रहनेछ। नेपाल सरकार, राजनीतिक दल, संविधानसभाका अध्यक्ष, माननीय सदस्यहरूलगायत सबैप्रति धन्यवाद ज्ञापन गर्दछ। आगामी दिनमा यहाँहरू सबैबाट सरकारले अझ बढी सहयोगको अपेक्षा राखेको छ।

९४. वर्तमान सरकारले सबैतिरबाट प्राप्त भएको सहयोगलाई प्रेरणाका रूपमा लिएको छ। चुनौतीको सामना गरेर नै थप उपलब्धिहरू हासिल गर्न सकिन्छ भन्ने मान्यताका जगमा नै हामीले बाहबुँदे समझदारी कायम गरेर लोकतन्त्र र शान्तिका लागि संयुक्त जनआन्दोलनको नेतृत्व गरेका थियौं। तत्पश्चात् शान्ति र स्थिरताका दिशामा विभिन्न सम्झौता, सहमति एवम् निर्णय गरेका थियौं। व्यवस्थापिका-संसद् अवरुद्ध हुने गरी उत्पन्न मतभिन्नताको समाधान गर्न सक्षम भयौं। आगामी दिनमा आउन सक्ने चुनौतीहरूलाई पनि संवाद, सहमति र सहकार्यका जगमा सामना गर्न सकिन्छ भन्ने कुरा

स्वतः सिद्ध छ। आउनुहोस्, हामी सबै मिलेर आध्यारोबाट उज्यालोतिर, अविश्वासबाट विश्वासतिर, द्वन्द्वबाट मेलमिलापतिर अग्रसर बनौं। सकारात्मक चिन्तन, भविष्यप्रतिको आशावाद र सामूहिक प्रयासबाट नै हामीले चाहेको शान्त, समुन्नत, समतामूलक, सवल र समृद्ध लोकतान्त्रिक नेपालको निर्माण सम्भव हुनेछ।

धन्यवाद !

परिशिष्ट नौ

# संविधानसभाको व्यवस्थापिका - संसद्‌को बैठकमा

# सम्मानीय राष्ट्रपति डा. रामवरण यादवज्यूद्वारा

# प्रस्तुत आर्थिक वर्ष २०६८/६९ को

# नेपाल सरकारको नीति तथा कार्यक्रम

संवत् २०६८ साल असार १९ गते आइतवार

## आर्थिक वर्ष २०६८/६९ को नेपाल सरकारको नीति तथा कार्यक्रम

**सभामुख महोदय,**

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपलाको राष्ट्रपतिका हैसियतले सरकारको आर्थिक वर्ष २०६८/६९ को नीति तथा कार्यक्रम व्यवस्थापिका-संसद्को यो गरिमामय बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ। यस अवसरमा म सर्वप्रथम आफ्नो संविधान आफैं लेख्ने नेपाली जनताको छ दशकदेखिको चाहना र अभिलाषालाई पूरा गर्न आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

२. हाम्रो देश ठूला ठूला जनआन्दोलन, जनयुद्ध र जनक्रान्तिका प्रक्रियाबाट गुज्रिँदै आएको छ। त्यही सिलसिलामा २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिमार्फत राजतन्त्र र एकात्मक राज्य प्रणालीको अन्त्य गरी मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे तापनि नेपाली जनताको शान्ति र संविधानप्रतिको उत्कट चाहना पूरा गरी मुलुकलाई आर्थिक, सामाजिक र वैज्ञानिक रूपले सम्पन्न बनाई सम्पूर्ण नेपाली जनतालाई सुखी, समृद्ध र आत्मनिर्भर बनाउने हाम्रो अभियान अधुरै छ। संविधानसभाको निर्वाचनपश्चात् बितेका तीन वर्षमा संविधान लेखनका कार्यमा महत्त्वपूर्ण प्रगति भए पनि यसले पूर्णता पाउन बाँकी नै छ। शान्तिप्रक्रियामा आधारभूत विषयहरू तथा संविधानको खाका तयार गर्न संविधानसभाको म्याद तीन महिना थपिएको यस अवधिमा सबै राजनीतिक दलहरूले आफ्नो सम्पूर्ण ध्यान संविधान निर्माणमा केन्द्रित गरी अहोरात्र खट्नु परेको छ। मलाई विश्वास छ, नेपालको इतिहासमा दलहरूबिच सहमति, समझदारी र सहकार्य अति आवश्यक छ। मलाई विश्वास छ, नेपालको इतिहासको यस कठिन घडीमा आफ्नो परिपक्वता प्रदर्शन गरी आआफ्ना तर्फबाट देश र जनताको हितका पक्षमा अधिकतम लचकताका साथ प्रस्तुत भई भावी संविधानका बारेमा छिट्टै एउटा सहमतिमा पुगिनेछ।

३. दिगो शान्ति, समृद्धि तथा आर्थिक-सामाजिक रूपान्तरण सबै राजनीतिक दलहरूको सहमति र सहकार्यबाट मात्र सम्भव हुन्छ भन्ने यथार्थलाई मनन गर्दै राष्ट्रिय सहमतिका आधारमा संवैधानिक सर्वोच्चता कायम गर्न, विधिको शासन र सुशासन प्रत्याभूत गर्न, मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न, विगतका सहमति र सम्झौताहरूको कार्यान्वयन गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा शान्ति प्रक्रियालाई छिट्टै तार्किक निष्कर्षमा पुऱ्याई संविधान निर्माणको कार्यलाई पूर्णता दिन वर्तमान सरकार कटिबद्ध छ।

४. नेपाली जनताको अदम्य साहस, स्वतन्त्रताप्रतिको अटल निष्ठा र दृढताले मुलुक सधैँ स्वतन्त्र रहिआएको छ । सार्वभौम नेपाली जनताले आफूलाई सधैँ अग्रगमन तथा विकासका पक्षमा उभ्याएका छन् । विकासको प्रतिफल मुलुकका कुनाकुनासम्म पुऱ्याउने उद्देश्यले विकेन्द्रीकरण तथा सन्तुलित विकासको अभ्यास गर्न मुलुक सङ्घीय गणतन्त्रका रूपमा रूपान्तरण भइसकेको वर्तमान अवस्थामा यसको जगेर्ना र सुदृढीकरण गर्न हाम्रो साझा र अथक प्रयासको आवश्यकता छ ।

**सभामुख महोदय,**

५. राष्ट्रिय स्वाधीनता, एकता, अखण्डता तथा सार्वभौमसत्ताको रक्षा गर्दै वर्गीय, क्षेत्रीय, जातीय र लैङ्गिक रूपमा सबै प्रकारका भेदभाव अन्त्य गरी राज्यको पुनःसंरचना गर्ने उद्देश्यअनुसार सामन्तवादका सबै रूप र अवशेषहरूलाई निर्मूल पार्दै समाजवाद उन्मुख जनमुखी र लोककल्याणकारी अर्थतन्त्रको सञ्चालनबाट आत्मनिर्भर, आधुनिक, न्यायपूर्ण, समावेशी र समृद्ध नयाँ नेपालको जग बसाली आम जनतालाई समाजमा विद्यमान सबै प्रकारका असमानता, विभेद, शोषण, उत्पीडन र अन्यायबाट मुक्त गर्ने सोच नेपाल सरकारले राखेको छ ।

६. वर्तमान सरकार मुलुकको सङ्क्रमणकालीन अवस्थालाई व्यवस्थापन गर्दै शान्ति प्रक्रियालाई सम्पन्न गर्ने, आम नेपालीको अपेक्षाअनुरूप नयाँ संविधान लेख्ने, आर्थिक-सामाजिक रूपान्तरण गर्ने र मुलुकको स्वाधीनतालाई सुदृढ गर्ने पक्षमा दृढताका साथ उभिएको छ । मुलुकमा सामाजिक न्याय स्थापना गर्ने तथा मुलुकलाई आर्थिक वृद्धितर्फ उन्मुख गराउने प्राथमिकताका साथ सरकार आफ्नो कार्यसूचीमा अगाडि बढेको कुरा यस सम्मानित सदनमा व्यक्त गर्न चाहन्छु ।

७. वर्तमान सरकारले 'समृद्ध जीवन, सभ्य समाज, स्वाधीन मुलुक' निर्माण गर्ने उद्देश्यले कृषि र औद्योगिक उत्पादनमा वृद्धि, पर्यटन र पूर्वाधारको विकास, रोजगारी सिर्जना, स्वदेशी पुँजी निर्माण, लगानी अभिवृद्धि र न्यायोचित वितरण तथा सामाजिक न्याय तथा समन्यायिक विकासमा जोड दिनेछ। संविधानमा उल्लिखित आम जनताका शिक्षा, स्वास्थ्य र रोजगारीका नैसर्गिक अधिकारलाई व्यवहारमा रूपान्तरित गर्न वर्तमान सरकारले आफ्नो स्रोत र साधनलाई सोही दिशामा परिलक्षित गर्नेछ। मुलुकलाई दर्घिकालीन आर्थिक तथा सामाजिक विकासको सोच प्रदान गर्न दूरदृष्टियुक्त अवधारणा तयार गरिनेछ ।

८. विस्तृत शान्तिसम्झौतालगायत विगतमा विभिन्न राजनीतिक दल तथा समुदायहरूसँग भएका सहमतिहरूको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । यसका साथै हालै सम्पन्न पाँच बुँदे सहमतिको प्रावधानअनुसार शिविरहरूमा रहेका माओवादी सेनाका लडाकुलाई समायोजन र पुनःस्थापन गर्ने कार्य तदारूकताका साथ सम्पन्न गरिनेछ ।

९. तराई-मधेसलगायत देशका विभिन्न भागमा सम्पन्न सबै प्रकारका द्वन्द्व र समस्याहरू संवादका आधारमा समाधान गर्न पहल गरिनेछ ।

१०. द्वन्द्वका क्रममा बेपत्ता पारिएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न बेपत्ता पारिएकाहरूको खोजी गर्ने आयोग र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरी सङ्क्रमणीकालीन न्यायको प्रत्याभूति दिइनेछ ।

११. विभिन्न कालखण्डमा देशमा लोकतन्त्र एवम् गणतन्त्र स्थापनार्थ बलिदान दिने अमर सहिदहरूको सम्मानमा काठमाडौँको गोकर्णमा राष्ट्रिय सहिद स्मारक पार्क र तराई-मधेस समेतमा सहिद पार्क निर्माण गरिनेछ ।

१२. दिगो शान्ति स्थापनाका लागि 'जनताको पहलमा शान्ति अभियान' सञ्चालन गरी स्थानीय शान्ति समितिलाई नगर र गाउँस्तरसम्म पुर्‍याउँदै स्थानीय तहमा द्वन्द्व समाधान प्रणालीलाई बढी प्रभावकारी तुल्याई शान्ति, समृद्धि र परिवर्तनलाई तल्लो तहसम्म संस्थागत गरिनेछ ।

**सभामुख महोदय,**

१३. नेपालको अन्तरिम संविधानले निर्देशित गरेको र चालू तीन वर्षीय योजनाले बढाएको सरकारी, सहकारी र निजी क्षेत्रको सहभागितामा अर्थतन्त्र सञ्चालन र प्रवर्द्धन गर्ने तीन खम्बे नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । सरकारी क्षेत्रलाई आधारभूत लगानीकर्ता तथा नियामक, सहकारीलाई रोजगारी सिर्जना र उत्पादन वृद्धिको माध्यम तथा निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकका रूपमा विकास गरिनेछ ।

१४. गरिबीको रेखामुनि रहेका र राज्यको मूल प्रवाहमा नसमेटिएका दलित, मुस्लिम, मधेसी, जनजाति तथा पिछडिएका समुदायहरूलाई उत्पादन र आर्थिक क्रियाकलापहरूको विस्तारसम्बनधी कार्यक्रमहरूमा उच्च प्राथमिकताका साथ सहभागी गराइने नीति लिइनेछ । गन्धर्वलगायत दलित समुदायको परम्परागत सीप विकासमा सहयोग गर्ने विशेष व्यवस्था मिलाइनेछ । त्यसैगरी कुल जनसङ्ख्याको आधा सङ्ख्यामा रहेका महिलाहरूलाई लक्षित गरी विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१५. कर्णाली र आसपासका विकट नौ जिल्लामा विशेष आर्थिक, सामाजिक कार्यक्रमहरू सञ्चालन गरिनेछ । द्वन्द्वबाट बढी प्रभावित तराई-मधेसलगायतका एघार जिल्लामा थप कार्यक्रमहरू सञ्चालन गरिनेछ । हिमाली क्षेत्रको विकासलाई विशेष ध्यान दिइनेछ । यसैगरी सेती-महाकाली क्षेत्रमा विकास निर्माण र सेवा प्रवाहलाई विशेष प्राथमिकता दिइनेछ । कर्णालीको समग्र विकासका लागि शक्तिशाली कर्णाली विकास आयोग गठन गरी हाल कार्यरत सङ्घसंस्था र समितिको कार्यलाई समेत समाहित गरिनेछ ।

**सभामुख महोदय,**

१६. समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि वित्तीय तथा मौद्रिक नीतिहरूमा समयानुकूल परिवर्तन गरिनेछ । हालै सम्पन्न राष्ट्रिय जनगणनाको तथ्याङ्कको प्रशोधन गरी सोका आधारमा सार्वजनिक नीतिहरू तर्जुमा गरिनेछ ।

१७. नीति, कार्यक्रम र खर्च योजनाका आधारमा परिणाममुखी ढङ्गले बजेट तर्जुमा गरी नतिजा केन्द्रित कार्यान्वयनमा जोड दिइनेछ । पुँजीगत खर्चलाई निर्धारित समय सीमाभित्रै प्रभावकारी ढङ्गले परिचालन गरी आर्थिक-सामाजिक विकासका अपेक्षित प्रतिफल हासिल गर्न जोड दिइनेछ ।

१८. नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय प्राथमिकताका क्षेत्रमा मात्र वैदेशिक सहायताको परिचालन गरिनेछ । यस क्रममा सहायताको परिचालन र उपयोगको स्वामित्व वृद्धि गरी सम्पूर्ण वैदेशिक सहायतालाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी यसको परिचालन मुलुकलाई आत्मनिर्भर तुल्याउने ढङ्गबाट गरिनेछ ।

१९. बजेट तथा खर्च व्यवस्थापन, लेखपालन, वित्तीय प्रतिवेदन र लेखापरीक्षणका सबै प्रक्रियाहरूमा वित्तीय कुशलता, उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गरिनेछ । सार्वजनिक सम्पत्तिको अभिलेखन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

**सभामुख महोदय,**

२०. वित्तीय प्रणालीको सुदृढीकरण गर्नका लागि वित्तीय संस्थाहरूलाई एकआपसमा गाभ्ने लगायतका उपायहरू अवलम्बन गर्नुका साथै संस्थागत सुशासन कायम गर्न आवश्यक नीति तर्जुमा गरिनेछ ।

२१. वित्तीय प्रणालीको निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी तुल्याउन नियमनकारी निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक व्यवस्था गरिनेछ । वित्तीय क्षेत्रको स्थायित्व र विकासका लागि गठित उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिलाई थप क्रियाशील तुल्याइनेछ ।

२२. आधुनिक सूचना प्रविधिको उपयोग तथा ग्रामीण क्षेत्रमा वित्तीय संस्थाको विस्तार गरी सर्वसुलभ रूपमा वित्तीय सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिइनेछ । लघुकर्जा कार्यक्रमहरूलाई थप विस्तार गरिनुका साथै बैंक तथा वित्तीय संस्थाहरूको कर्जाको ठूलो अंश उत्पादनशील क्षेत्रतर्फ प्रवाहित हुने व्यवस्था मिलाइनेछ ।

२३. वित्तीय सुधार कार्यक्रमलाई अघि बढाउँदै सरकारी स्वामित्वका बैंकहरूको थप पुँजीकरण गर्नुका साथै सुदृढीकरणका लागि आवश्यक उपाय अवलम्बन गरिनेछ । वित्त तथा पुँजी बजारमा विकसित नयाँ प्रविधि तथा उपकरणहरूसमेतको नियमनमा प्रभावकारिता ल्याउने संयन्त्र खडा गरिनेछ ।

२४. बैंक तथा वित्तीय संस्थाहरूमा रहने साना बचतकर्ताहरूको बचतलाई सुरक्षित तुल्याउन निक्षेप सुरक्षण कार्यलाई विस्तार गर्दै लगिनेछ । वित्तीय प्रणालीमा बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमन कार्यलाई प्रभावकारी तुल्याई संस्थागत सुशासन कायम गर्न जोड दिइनेछ ।

२५. देशमा भित्रिने विप्रेषणको ठूलो अंश बैकिङ प्रणालीमार्फत भित्रिने व्यवस्था गरिनेछ । विप्रेषणबाट प्राप्त हुने रकमलाई ऊर्जालगायतका उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

२६. बचतकर्ताहरूको बचतलाई अनौपचारिक क्षेत्रबाट औपचारिक क्षेत्रमा आकर्षित गर्ने वित्तीय कारोबारमा आयस्रोत घोषणा गर्नुपर्ने विद्यमान व्यवस्थामा परिमार्जन गरिनेछ । सबै प्रकारका वित्तीय कारोबारलाई पारदर्शी र अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको तुल्याउन आवश्यक पर्ने थप कानुनहरू तर्जुमा गरिनेछ ।

२७. बैंक तथा वित्तीय क्षेत्रबाट लिएको कर्जा तोकिएको क्षेत्रमा लगानी नगरी अन्य क्षेत्रमा लगानी गर्ने र नियतवश ऋण नतिर्ने ऋणीहरूलाई कानुनका दायरामा ल्याउने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

२८. कृषि, औद्योगिक र व्यावसायिक क्षेत्रमा कार्यरत श्रमिक र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूसमेतलाई लक्षित गरी सामाजिक सुरक्षा प्रणाली क्रमशः लागू गरिनेछ । योगदानमा आधारित सामाजिक सुरक्षा कोषका माध्यमबाट कामदार कर्मचारीहरूको सुरक्षा, संरक्षण र कल्याणको अभिवृद्धि हुने गरी सामाजिक सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२९. लगानीमैत्री वातावरणको प्रवर्द्धन गर्न व्यवसाय लागतलाई यथाशक्य घटाउँदै लगिनेछ । स्वदेशी तथा विदेशी निजी लगानीकर्ताहरूलाई लगानी सुरक्षाको प्रत्याभूति दिन उपयुक्त

नीति तर्जुमा गरिनेछ। उत्पादनमूलक उद्योगहरू स्थापना गर्ने लगानीकर्तालाई विशेष सहुलियत दिने नीति लिइनेछ।

३०. लगानी अभिवृद्धि तथा निकासी प्रवर्द्धनमा सहयोग पुऱ्याउन गरी राजस्व नीतिलाई परिमार्जन गरिनेछ। विद्युतीय सेवा प्रवाहका माध्यमबाट राजस्व प्रशासनलाई सरल, पारदर्शी एवम् सक्षम तुल्याइनेछ। राजस्व प्रशासनको संस्थागत स्वरूपलाई अझ चुस्त र व्यावसायिक बनाउन राजस्व बोर्डको गठन गरिनेछ।

३१. आर्थिक अपराध नियन्त्रण एवम् सम्पत्ति शुद्धीकरण क्षेत्रहरूको नियमन तथा अनुगमन गर्न सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभाग, वित्तीय सूचना एकाईलगायतका संयन्त्रहरूको सुदृढीकरण गर्दै अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था मिलाइनेछ। राजस्व चुहावट तथा नक्कली बिलका माध्यमबाट राजस्व छली गर्नेहरू उपर कडा कानुनी कारबाही गरिनेछ।

३२. सार्वजनिक संस्थानहरूमा आम नागरिकहरूको स्वामित्व बढाई सेवा प्रभावकारितामा वृद्धि गर्न तिनको आधिकाधिक सेयर सर्वसाधारण जनतामा विनिवेश गर्दै लगिनेछ। सार्वजनिक संस्थानहरूमा नीतिगत एकरूपता र प्रभावकारी सुपरिवेक्षणका लागि उच्चस्तरीय सार्वजनिक प्रतिष्ठान व्यवस्थापन बोर्डको स्थापना गरिनेछ।

**सभामुख महोदय,**

३३. कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्दै कृषिलाई आकर्षक पेसाका रूपमा विकसित गर्न "उत्पादनमा वृद्धि गरौं, आत्मनिर्भर बनौं" भन्ने मूल नाराका साथ उत्पादन वृद्धि, खाद्य सम्प्रभुता तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने गरी कृषि विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। कृषि तथा पशुपालन क्षेत्रमा थप लगानी गरी रोजगारी सिर्जना गर्नुका साथै कृषकहरूको आय आर्जनका थप अवसरहरू सिर्जना गर्दै जीविकोपार्जनमुखी कृषि पेसालाई व्यावसायिक बनाइनेछ।

३४. कृषि तथा पशुजन्य उत्पादनलाई प्रतिस्पर्धी बनाउँदै यस्ता उत्पादनहरूको पहुँच क्षेत्रीय तथा विश्व बजारसम्म बढाइनेछ। यसका लागि रासायनिक तथा प्राङ्गारिक मल, उन्नत बीउबिजन, उन्नत पशु नस्ल, सिँचाइ, प्रविधि, कृषि उपकरण जस्ता उत्पादनका साधनहरूमा कृषकहरूको पहुँच बढाई गुणस्तरीय कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरिनेछ। उच्च मूल्यका कृषि वस्तुका माध्यमबाट आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ। लघु बीमा सेवामार्फत बाली तथा पशु बीमा कार्यक्रम विस्तार गरिनेछ।

३५. जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने गरी खाद्यवस्तुको उत्पादनमा प्रयोग गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

३६. साना किसानहरूलाई सहकारी प्रणालीमा आधारित खेती गर्न प्रोत्साहित गर्दै विपन्न तथा गरिब जनताहरूलाई परिचालन गरी मासु, दूध, फलफूल, तरकारी, चिया, कफी, जडीबुटीलगायतका उत्पादन, प्रशोधन र बजारीकरणका कार्यहरू सहकारीको आदर्शअनुसार सञ्चालन गराइनेछ । कृषि उत्पादन, प्रशोधन र बजार व्यवस्थापन गर्ने कार्यमा सहकारीलाई अभियानका रूपमा सञ्चाालन गरिनेछ । महिला तथा दलितद्वारा सञ्चालित सहकारीलाई प्रोत्साहित गर्न विशेष सहुलियत उपलब्ध गराइनेछ ।

**सभामुख महोदय,**

३७. कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि हालसम्म विकास गरिएका सिँचाइ पूर्वाधारहरूको संरक्षण एवम् संवर्द्धन गर्न सिँचाइ प्रणालीहरूको दक्षता अभिवृद्धि गरिनेछ । सिक्टा तथा रानीजमना-कुलरिया जस्ता ठूला सिँचाइ आयोजनाहरूको निर्माण कार्यलाई विशेष प्राथमिकता दिइनेछ । भेरी-बबई डाइभर्सनको निर्माण कार्य सुरु गरिनुका साथै तमोर-मोरङ, सुनकोशी-तावा, सुनकोशी-मरिन, त्रिशूली-चितवन, कालीगण्डकी-तिनाउ र सेती-कैलाली जस्ता बहुउद्देश्यीय परियोजनाहरूको विस्तृत अध्ययन गरिनेछ साथै कन्काई उच्च बाँधको विस्तृत अध्ययन गरिनेछ ।

३८. कोशी, गण्डकी तथा कर्णाली जस्ता ठूला नदीहरूमा अन्तर-नदीय बेसिन (intra-river basin) निर्माण तथा नदी डाइभर्सन गरी सिँचाइ, विद्युत् र जलयातायातको विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ । यस्ता बहुपयोगी आयोजनाहरूमा वैदेशिक सहायता परिचालन तथा सार्वजनिक-निजी साझेदारीको सम्भावना खोजी गरिनेछ ।

३९. स्यालो ट्युवबेल जडान गर्ने कार्यलाई अभियानका रूपमा प्राथमिकताका साथ विस्तार गरिनेछ । सिँचाइ कोषको व्यवस्था गर्ने सम्बन्धी अध्ययन गरिनेछ । 'जनताको तटवन्ध कार्यक्रम' र जलाधार संरक्षण तथा बस्ती, टार, बजार संरक्षण कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ ।

४०. सामाजिक न्याय, उत्पादनका साधनको न्यायोचित वितरण, खाद्य सुरक्षा, गरिबी न्यूनीकरण र दिगो आर्थिक वृद्धिका लागि वैज्ञानिक भूमिसुधार लागू गर्दै जमिनमा स्थानीय भूमिहीन तथा जोताहा किसानको पहुँच कायम गरिनेछ । कृषियोग्य भूमिलाई बाँझै राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै भूमिको वैज्ञानिक उपयोग गर्ने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

४१. वैज्ञानिक भू-उपयोग नीति तर्जुमा गरी यसै आर्थिक वर्षमा कार्यान्वयनमा ल्याइनेछ। भूमि वर्गीकरणको विद्यमान पद्धतिलाई परिमार्जन गरी भूमिलाई उपयोगका आधारमा कृषि, वन, व्यावसायिक, आवासीय, सार्वजनिक र औद्योगिक गरी छ वटा वर्गमा वर्गीकरण गरिनेछ।

४२. जलविद्युत्, सडक, खानेपानी, सिँचाइ, विमानस्थलजस्ता सार्वजनिक पूर्वाधार निर्माणका लागि सरल र सहज ढङ्गबाट जग्गा प्राप्त गर्न विद्यमान नीति तथा कानुनमा समयानुकूल सुधार गरिनेछ।

४३. मुक्त कमैया, हलिया, हरूवाचरूवा, भूमिहीन किसान एवम् वादी समुदायलाई प्राप्त तथ्याङ्कको प्रमाणीकरण र वर्गीकरणका आधारमा परिचयपत्र जारी गरी निश्चित प्रक्रियाका आधारमा पुनःस्थापना गर्नुका साथै रोजगारी तथा आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

**सभामुख महोदय,**

४४. अर्थतन्त्रको औद्योगिकीकरण एवम् आधुनिकीकरण, आर्थिक वृद्धि, रोजगारीका अवसरहरूको वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन एवम् पुँजी निर्माण गर्न सक्षम, स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी, आत्मविश्वासयुक्त र सामाजिक उत्तरदायित्वसहितको निजी क्षेत्रको विकास गरिनेछ।

४५. रूग्ण उद्योगहरूको उत्थान र सञ्चालनका लागि विशेष कार्यक्रम ल्याइनेछ।

४६. उत्पादनमूलक एवम् निर्यातमूलक उद्योगहरूको स्थापना र सञ्चालनमा विशेष जोड दिन स्थापित विशेष आर्थिक क्षेत्रको शीघ्र सञ्चालनका लागि विशेष आर्थिक क्षेत्रसम्बन्धी विधेयक र लगानी बोर्डसम्बन्धी विधेयक व्यवस्थापिका संसद्‌बाट परित गरिनेछ।

४७. लघु उद्यम विकास कार्यक्रम र घरेलु तथा साना उद्योग विकासका माध्यमबाट उद्यमी र रोजगारी सिर्जना गर्ने कार्यलाई विस्तार गरिनेछ। लघु, घरेलु, ग्रामीण तथा साना उद्योगको विकासको वातावरण तयार गर्न हस्तकला ग्राम तथा वस्तु विकास केन्द्रको स्थापना गरिनेछ।

४८. महिलालाई उद्योग व्यवसायका क्षेत्रमा अगाडि बढ्न सक्ने वातावरण सिर्जना गर्न र महिला उद्यमशीलता विकास गर्न महिला उद्यमशीलता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४९. मुलुकमा रहेको प्राकृतिक ग्याँसको उपयोग गर्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ। सम्भाव्य क्षेत्रहरूमा रहेका पेट्रोलियम पदार्थ तथा धातु एवम् अधातुजन्य खनिज पदार्थको खोजतलास तथा उत्खनन कार्यलाई जोड दिइनेछ।

**सभामुख महोदय,**

५०. वाणिज्य नीतिले विशेष केन्द्रित क्षेत्र र जोड दिइएको क्षेत्रअन्तर्गत पहिचान गरेका वस्तुहरूको दिगो विकास, मूल्य अभिवृद्धि तथा निकासी प्रवर्द्धनका लागि वस्तु विशेष (Product Specific) मा केन्द्रित कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ । नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका निर्यातयोग्य वस्तु तथा सेवाको प्रवर्द्धन गरिनेछ । बाह्य स्रोतबाट अल्पविकसित मुलुकहरूलाई प्राप्त हुने व्यापार सहयोगको अधिकतम परिचालन गरिनेछ । क्षेत्रगत नीति तथा विकास कार्यक्रमहरूमा व्यापारिक क्रियाकलापलाई मूल प्रवाहीकरण गर्दै एकीकृत रूपमा कार्यान्वयन गरिनेछ ।

५१. नेपाली वस्तु तथा सेवाको प्रवर्द्धन गर्ने व्यापार कूटनीतिलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ । निकासीकर्ताहरूलाई उत्प्रेरित गर्न वस्तुगत निकासीमा प्रोत्साहन उपलब्ध गराउँदै लगिनेछ साथै छिमेकी मुलुकहरूमा नेपाली वस्तुको निकासी बढाउन थप प्रयत्न गरिनेछ ।

५२. नेपालले अवलम्बन गरेको आर्थिक तथा व्यापार उदारीकरणको नीतिअनुरूप विश्व व्यापार सङ्गठन र क्षेत्रीय व्यापार प्रणालीसँगको आबद्धतालाई घनीभूत गराई विश्व व्यापार प्रणालीमा प्रभावकारी भूमिका निर्वाह गर्ने प्रयास गरिनेछ ।

५३. गुणस्तरीय वस्तु उचित मूल्यमा खरिद गर्न पाउने उपभोक्ताको नैसर्गिक अधिकारलाई सुरक्षित राख्न र उपभोक्ता हकहितको संरक्षण गर्न यस सम्बन्धी कानुनमा समसामयिक सुधार गरिनेछ । सघन रूपमा बजार अनुगमन गरी वस्तु तथा सेवाको कृत्रिम मूल्यवृद्धि गर्ने, अनावश्यक सञ्चय गरी कृत्रिम अभाव सिर्जना गर्ने र अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा अवरोध गर्नेहरूका विरूद्ध कडा कानुनी कारबाही गर्ने नीति लिइनेछ । कृत्रिम अभाव, कार्टेलिङ र सिन्डिकेटजस्ता स्वच्छ प्रतिस्पर्धा विपरीतका क्रियाकलापलाई निरूत्साहित गरिनेछ ।

५४. सार्वजनिक आपूर्ति तथा वितरण प्रणालीको खाका तयार पारी कार्यान्वयनमा ल्याइनेछ । खाद्यान्न तथा नुन ढुवानीमा दिइने स्थानहरू पुनरावलोकन गरी वितरण प्रणालीलाई बढी प्रतिफलमुखी बनाइनेछ ।

५५. प्राकृतिक प्रकोपको अवस्थामा खाद्यान्न संकट आउन नदिन र विशेष परिस्थितिमा तत्कालै खाद्यान्न उपलब्ध गराउन सक्ने गरी मुलुकमा खाद्य सुरक्षा सुनिश्चित गर्न्र निजी क्षेत्र समेतको संलग्नतामा खाद्यान्न भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

५६. पेट्रोलियम पदार्थको आपूर्तिलाई सहज र नियमित बनाउन तथा पेट्रोलियन पदार्थको शुद्धता सुनिश्चित गर्न आवश्यक पूर्वाधारको निर्माण गरिनेछ । पेट्रोलियम पदार्थको

आपूर्तिलाई सहज र व्यवस्थित तुल्याउन उच्चस्तरीय समितिले दिएका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। पेट्रोलियम पदार्थको कारोबारमा निजी क्षेत्रलाई सरिक गराउन पेट्रोलियम पदार्थ कारोबारसम्बन्धी कानुन तर्जुमा गरिनेछ। पेट्रोलियम पदार्थको मूल्यलाई अन्तर्राष्ट्रिय मूल्यअनुसार नियमित रूपमा समायोजन गरिनेछ।

**सभामुख महोदय,**

५७. जलविद्युत् विकासका लागि गुरुयोजना तयार गरिनेछ। जलविद्युतको कुल सम्भाव्य क्षमताको यकिन गर्न यसै वर्ष अध्ययन कार्य प्रारम्भ गरी प्रत्येक दश वर्षमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ। जलविद्युत् आयोजनाहरूको अनुमतिपत्र प्रदान गर्ने प्रक्रियालाई वैज्ञानिक र पारदर्शी बनाइनेछ। आयोजनाहरूको कार्यान्वयनलाई सहजीकरण गर्ने एकद्वार एकाइको स्थापना गर्दै नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभाग, जल तथा ऊर्जा आयोगको समयानुकूल पुनःसंरचना गरिनेछ। ठूला आयोजनाहरू सञ्चालनका लागि छुट्टै संस्थागत व्यवस्था गरिनेछ।

५८. जलविद्युत विकासमा स्वदेशी लगानीलाई आकर्षित गर्न लगानीमैत्री वातावरणको सिर्जना गर्नुका साथै विद्युत आयोजनाहरूको निर्माणका लागि भरपर्दो सुरक्षा व्यवस्था मिलाइनेछ। जलविद्युत् लगानी सुनिचिश्त गर्न जलविद्युत् विकास तथा लगानी कम्पनीको स्थापना गरी सञ्चालनमा ल्याइनेछ। वर्तमान ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न विद्युत् केन्द्रहरूबाट अधिकतम उत्पादन, माग व्यवस्थान र चुहावट नियन्त्रणमा विशेष जोड दिइनेछ।

५९. विद्युत् माग र आपूर्तिबिचको असन्तुलनलाई न्यूनीकरण गर्न बुढीगण्डकी, पश्चिम सेती, नलस्याउगाड, माथिल्लो सेती, आँधीखोला, उत्तर गङ्गा, दूधकोशी, तमोर, इन्द्रावती र बागमती जस्ता जलाशययुक्त आयोजनाहरूको थप अध्ययन गरी क्रमशः कार्यान्वयन प्रक्रियामा लगिनेछ। निर्माणाधीन माथिल्लो तामाकोशी, चमेलिया, कुलेखानी तेस्रो, माथिल्लो त्रिशूली ३ 'ए' तथा राहुघाट लगायतका आयोजनाहरूको निर्माणलाई तीव्रता दिइनेछ। मोदी 'ए', त्रिशूली 'बी', सान्जेन, माथिल्लो सान्जेन, मध्य भोटेकोशी र रसुवागढी आयोजनाहरूको निर्माण कार्यलाई तीव्रता दिइनेछ।

६०. विद्युत् प्रसारण लाइनको राष्ट्रव्यापी सञ्जाल तयार गर्न गुरुयोजना तयार गरिनेछ। उच्च क्षमताको पूर्वपश्चिम, मध्यपहाडी र उत्तर दक्षिण प्रसारण लाइनहरूको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ। अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य यसै आर्थिक वर्षदेखि सुरु गरिनेछ। प्रसारण प्रणालीमा खुला प्रवेश सुनिश्चित गर्दै प्रसार सेवाशुल्क (Wheeling Charge) सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

६१. 'सबैका लागि उज्यालो कार्यक्रम' अन्तर्गत विद्युतीकरणको विस्तृत कार्ययोजना तयार पारी लागू गरिनेछ। यसैगरी 'जनताको रहर, उज्यालो सहर' कार्यक्रम लागू गरी काठमाडौँ उपत्यकालगायत देशका मुख्य सहरहरूमा नयाँ प्रविधिमार्फत सडक बत्तीको व्यवस्था गरिनेछ। सहरी क्षेत्रमा समेत सौर्यलगायत नवीकरणीय ऊर्जाको अधिकतम उपयोग गर्दै प्रसारण प्रणालीमा जडान गर्ने व्यवस्था मिलाइनेछ।

६२. ग्रामीण विद्युतीकरणलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न छुट्टै संरचना निर्माण गरी सामुदायिक विद्युतीकरण कार्यक्रमलाई कार्यान्वयन गरिनेछ। विद्युत् वितरण प्रणालीमा सुधार ल्याउन स्थानीय संस्था र जनताको सहभागिता वृद्धि गर्न 'जनताको जलविद्युत् कार्यक्रम' लाई प्रभावकारी ढङ्गबाट सञ्चालन गरिनेछ। जलविद्युत् आयोजनाहरूमा स्थानीयवासी र संस्थाहरूको समेत स्वामित्व रहने नीतिगत तथा कानुनी व्यवस्था मिलाइनेछ।

**सभामुख महोदय,**

६३. जलवायु परिवर्तनाट विभिन्न क्षेत्रमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न जलवायु परिवर्तनसम्बन्धी नीति तथा राष्ट्रिय अनुकूलन कार्यक्रमहरूलाई क्रमिक रूपमा लागू गरिनेछ। मौसम परिवर्तन एवम् स्रोत सम्पदाको सङ्कुचनलगायतका विश्वव्यापी प्रवृत्तिहरूबाट उत्पन्न चुनौतीलाई न्यूनीकरण तथा सामना गर्न जलवायु परिवर्तन केन्द्रको स्थापना गरिनेछ।

६४. वातावरण प्रदूषण नियन्त्रण तथा वातावरण व्यवस्थापनका लागि समयासापेक्ष वातावरणीय मापदण्डहरूको तर्जुमा गरिनेछ। प्राकृतिक स्रोत र साधनको संरक्षण र दिगो उपयोगमा वातावरणमैत्री पद्धतिको विकास गरिनेछ।

६५. कार्वन व्यापारबाट अत्यधिक लाभ लिन एवम् वातावरण संरक्षण गर्न लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा, वायु ऊर्जा, बायोग्याँस, बायो ब्रिकेट जस्ता नवीकरणीय ऊर्जा प्रविधिलाई सम्भाव्यताका आधारमा ग्रामीण तथा सहरी क्षेत्रमा प्रवर्द्धन तथा विस्तार कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

६६. पूर्वाञ्चल र मध्य पश्चिमाञ्चल विकास क्षेत्रका एक एकवटा नगरपालिकालाई नमुनाका रूपमा हरित नगर तुल्याउन आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

६७. जल तथा मौसमी केन्द्रहरूको सञ्जाल विस्तार तथा सुदृढीकरण गरी तत्कालै तथ्याङ्क उपलब्ध हुने प्रणालीको विकास गरिनेछ। प्रमुख पूर्वसूचना प्रणालीको सुदृढीकरण एवम् विकास गरिनेछ।

**सभामुख महोदय,**

६८. मोटरबाटो नपुगेका जिल्ला सदरमुकामहरूमा सडक पुऱ्याउने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ। काठमाडौँलाई तराईसँग जोड्ने द्रूत मार्ग र मध्यपहाडी लोकमार्गको ट्रयाक खोल्ने कार्य सम्पन्न गरिनेछ। हुलाकी राजमार्ग एवम् उत्तर दक्षिण मार्गको निर्माण कार्यलाई तीव्रता दिनुका साथै व्यापारिक, पर्यटकीय तथा आर्थिक गतिविधिलाई सहयोग पुऱ्याउने सडकहरूको निर्माण कार्यमा जोड दिइनेछ। रणनीतिक सडकमा रहेका पुलहरूको नियमित मर्मत सम्भारको समयसीमा सहितको कार्यतालिका (Schedule) तयार पारी सोको पूर्ण कार्यान्वयन गरिनेछ। एक वर्षभित्रमा सबै तुइनहरूलाई झोलुङ्गे पुलले प्रतिस्थापन गरिनेछ।

६९. त्रिभुवन राजपथको नागढुङ्गा-नौबीसे खण्डमा रहेको सवारीको चाप कम गर्न थानकोटस्थित नेपाल आयल निगमको डिपो रहेको स्थानबाट झप्से खोलासम्म सुरूङ मार्गको निर्माण कार्य आरम्भ गरिनेछ।

७०. रेलमार्ग तथा जलमार्गको दिगो विकास गर्न आवश्यक पर्ने सङ्गठनात्मक संरचनाको व्यवस्था मिलाई रेलमार्ग तथा जलमार्गसम्बन्धी प्रारम्भिक कार्यहरू अगाडि बढाइनेछ। काठमाडौँ उपत्यकामा मेट्रो रेल सञ्चालन गर्ने कार्यको सम्भाव्यता अध्ययन गरिनेछ।

७१. क्षेत्रीय, मध्यम स्तरीय र साना सहरहरूको एकीकृत पूर्वाधार विकास एवम् व्यवस्थापनमा जोड दिई छरिएर रहेका ग्रामीण बस्तीहरूलाई घनाबस्ती कार्यक्रमका माध्यमबाट व्यवस्थित गरिने नीति लिइनेछ। जनता आवास कार्यक्रमलाई विस्तार गरिनेछ। मध्य पहाडी लोकमार्ग आसपासमा व्यवसाय तथा बसोवासका लागि आधुनकि सहरहरूको विकास गर्ने कार्यका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ।

७२. नगरपालिकाहरूको पूर्वाधार विकासमा वित्तीय तथा प्राविधिक सहायतालाई अझ सुलभ र प्रभावारी बनाउन नगर विकास कोषको सेयरलाई विविधीकरण गरी सबै नगरपालिकाहरूको सेयर रहने व्यवस्था मिलाइनेछ। सहरी पूर्वाधार क्षेत्रको लगानीलाई प्रभावकारी र दिगो बनाउनका लागि राष्ट्रिय सहरी पूर्वाधार लगानी नीति तर्जुमा गरी लागू गरिनेछ। सहरी पूर्वाधारतर्फ निजी क्षेत्रको लगानी आकर्षित गर्न स्थानीय निकायका लागि सार्वजनिक-निजी साझेदारी सम्बन्धमा कानुनी व्यवस्था गरिनेछ।

७३. काठमाडौँलगायतका प्रमुख सहरह्रूका सडक, विद्युत्, टेलिफोन, खानेपानी, फोहोरमैला र ट्राफिक व्यवस्थापनको समस्या समाधानका लागि समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गरिनेछ।

७४. अपार्टमेन्ट हाउजिङलाई प्रोत्साहन गर्न विद्यमान कानुन तथा नीतिमा परिमार्जन गरी यस्ता आवास क्षेत्रहरूको निर्माण कार्यको सरकारी निकायबाट नियमित र प्रभावकारी अनुगमन गरिनेछ। यस्ता बहुतलायुक्त भवनहरूमा मानवीय, भौतिक र प्राकृतिक सुरक्षाको विषयलाई विशेष ध्यान दिई उपयुक्त मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ।

७५. विद्यालय, अस्पताल, सामुदायिक भवनलगायत सरकारी तथा निजी भवनहरूलाई भूकम्पीय दृष्टिले सुरक्षित बनाउन विद्यमान भवन संहितालाई परिमार्जन गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७६. काठमाडौँ उपत्यका खानेपानीको आपूर्ति सुलभ र सहज बनाउन सञ्चालित मेलम्ची खानेपानी आयोजनाको कार्यान्वयनमा तीब्रता दिँदै सुरूङ निर्माण तथा पहुँच मार्गको निर्माणमा विशेष जोड दिइनेछ। काठमाडौँ उपत्यकामा प्राकृतिक स्रोतको अभिलेख तयार गरी जमिनमुनिको पानी दोहन गर्ने कामलाई निरूत्साहित गर्दै जमिनमुनिको स्रोतलाई बर्षात्को पानी सङ्कलन गरी पुनःभरण गर्ने नीति लिइनेछ। वागमती सभ्यता कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७७. विज्ञान तथा प्रविधि नीतिलाई समसामयिक रूपमा परिमार्जन गरी विद्युतीय सुशासनको आवश्यकतालाई मूर्तरूप दिन सूचना प्रविधि विभागको स्थापना गरिनेछ। सूचना प्रविधि पार्कमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित नीति ल्याइनेछ।

**सभामुख महोदय,**

७८. वन क्षेत्रको प्रभावकारी संरक्षण तथा व्यावसायिक, वैज्ञानिक र दिगो व्यवस्थापनमा जोड दिँदै सहभागितामूलक वन व्यवस्थापन पद्धति र रोजगारमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। सहरी र सिमाना क्षेत्रमा 'हरियाली प्रवर्द्धन कार्यक्रम' सञ्चालन गरिनेछ। समुदायमा आधारित हरित रोजगारीको अवाधरणा कार्यान्वयनमा ल्याइनेछ।

७९. दुर्लभ मानिएका बहुमूल्य जडीबुटीहरूको अव्यवस्थित सङ्कलन रोकी तिनको व्यवस्थित खेती एवम् सम्बद्ध बजारको विकासका लागि संस्थागत प्रयास गरिनेछ। मध्य र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका जिल्लाहरूमा जुडीबुटी प्रशोधनका लागि प्रशिक्षण र प्रविधि विकास केन्द्रको स्थापना गरिनेछ।

८०. तराई-मधेसलाई मरुभूमीकरण हुनबाट जोगाउन चुरे भावर क्षेत्र संरक्षणाक लागि सञ्चालित 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' लाई भूमि, जल र जङ्गलको संरक्षण तथा जीविकोपार्जनसँग समेत आबद्ध गरी एकीकृत कार्यक्रमका रूपमा सञ्चालन गरिनेछ।

**सभामुख महोदय,**

८१. निःशुल्क आधारभूत शिक्षालाई गुणस्तरीय एवम् जीवनोपयोगी बनाई क्रमशः अनिवार्य गर्दै लगिनेछ। विद्यालय क्षेत्र सुधार कार्यक्रमका उद्देश्यअनुरूप कक्षा ९ देखिसम्मको एकीकृत माध्यमिक शिक्षामा समतामूलक पहुँच विस्तार र गुणस्तर सुधार गर्न कानुनी र संरचनात्मक सुधार एवम् पाठ्यक्रम परिमार्जन गरिनेछ। शिक्षण पेसालाई मर्यादित बनाउन शिक्षक व्यवस्थापनमा सुधार गरी शिक्षकको पेसागत दक्षता अभिवृद्धिमा जोड दिइनेछ।

८२. उच्च शिक्षा नीतिमा पुनरावलोकन गरी एकीकृत उच्च शिक्षा नीति तर्जुमा गर्नुका साथै विश्वविद्यालयको पुनःसंरचना गरिनेछ। उच्च शिक्षामा लक्षित समूहको पहुँच बढाउन खुला विश्वविद्यालयका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्ने कार्यलाई विस्तार गरिनेछ।

८३. सार्वजनिक विद्यालयहरूको भौतिक पूर्वाधारमा सुधार गरिनेछ। प्रत्येक विद्यालयमा छात्राका लागि शौचालय निर्माण गर्ने कार्यलाई तीव्रता दिइनेछ। तराईका दश जिल्लामा विपन्न मुस्लिम र दलित समुदायका किशोरीहरूलाई नर्सिङ विषय अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। लक्षित समूह एवम् अपाङ्गता अनुकूल हुने गरी बालमैत्री शिक्षण सिकाइका माध्यमबाट शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

८४. शिक्षामा सार्वजनिक निजी साझेदारीको अवधारणाबमोजिम क्षेत्रगत रूपमा 'नमुना शैक्षिक ग्राम' को विकास गरिनेछ। संस्थागत शिक्षण संस्थाहरूको व्यवस्थापन सुदृढ गर्न प्रभावकारी नियमन र सहजीकरण गरिनेछ। शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी तुल्याउन र समग्र शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउन शिक्षामा प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ। विद्यालय सरोकारवालाहरूबिच शान्ति र सहकार्यमा जोड दिँदै 'विद्यालय शान्तिक्षेत्र' को अवधारणा लागू गरिनेछ। शैक्षिक लगानीको यथोचित नतिजा प्राप्त गर्न निरीक्षण, अनुगमन र सुपरिवेक्षण कार्यलाई थप सुदृढ तुल्याइनेछ।

८५. प्रत्येक विकास क्षेत्रमा मेडिकल कलेज स्थापना गर्ने नीतिअनुरूप पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा मेडिकल कलेज स्थापना गर्ने कार्य आरम्भ गरिनेछ।

८६. रोजगार केन्द्रित शिक्षामा जोड दिई व्यावसायिक तथा प्राविधिक शिक्षालाई विस्तार गरिनेछ। सार्वजनिक विद्यालयहरूमा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रमलाई सबै जिल्लामा विस्तार गरिनेछ।

८७. संविधानप्रदत्त जनताको आधारभूत स्वास्थ्य सेवाको अधिकारलाई सुनिश्चित गर्न नयाँ स्वास्थ्य नीति तर्जुमा गरी लागू गरिनेछ। स्वास्थ्य सेवालाई सर्वसुलभ र प्रभावकारी बनाउन व्यापक जनहभागितासहित सञ्चालित 'गाउँघर क्लिनिक कार्यक्रम' लाई समयसापेक्ष बनाउँदै 'ग्रामीण सामुदायिक जनस्वास्थ्य कार्यक्रम' लाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।

८८. 'आधारभूत स्वास्थ्य सेवा' लाई परिभाषित गरिनेछ। विकट नौ जिल्लाहरूमा आधारभूत स्वास्थ्यका सबै सेवाहरू निःशुल्क उपलब्ध गराइनेछ। राष्ट्रिय निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई विस्तार गरिनेछ। नमुना स्वास्थ्य कार्यक्रम, एकीकृत महिला स्वास्थ्य सुधार तथा प्रजनन स्वास्थ्य कार्यक्रम, एकीकृत बालसुधार तथा पोषण कार्यक्रम, पिछडिएको क्षेत्र स्वास्थ्य सुधार कार्यक्रम, सीमान्तीकृत तथा जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

८९. स्वास्थ्यसेवामा जनताको पहुँच सुनिश्चित गर्न राष्ट्रिय स्वास्थ्य बीमा नीति तर्जुमा गरिनेछ। 'स्वस्थ नेपालका लागि स्वस्थ्य जनशक्ति' भन्ने नाराका साथ स्वास्थ्यकर्मी, कर्मचारी एवम् स्वयंसेवकहरूलाई काममा उत्प्रेरित गरिनेछ। दुर्गमा क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहित गरिनेछ। विशेष घुम्ती स्वास्थ्य सेवा र एकीकृत जनस्वास्थ्य अभियान सञ्चालन गरिनेछ। स्थानीय स्तरमा काम गर्ने सर्तमा स्वास्थ्य जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ।

९०. आधुनिक आयुर्वेदलगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिहरूको प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाको क्षेत्रगत विकास गरिनेछ। सहिद, जनयुद्ध, जनआन्दोलन र तराई मधेस आन्दोलनका घाइतेहरूको उपचारको समुचित व्यवस्था मिलाइनेछ।

९१. निजी, गैरसरकारी तथा सामुदायिक स्तरमा सञ्चालित अस्पतालहरूको सेवा शुल्क र सेवा प्रवाहमा स्तरीयता र एकरूपता कायम गर्न आवश्यक मापदण्ड निश्चित गरी सोको नियमित अनुगमन तथा नियमन गर्न एक संयन्त्र बनाइनेछ।

९२. राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्क र जनसङ्ख्यासम्बन्धी दीर्घकालीन योजनाका आधारमा नयाँ जनसङ्ख्या नीति र योजना तर्जुमा गरी 'सानो परिवार, स्वस्थ जीवन' लाई समर्थक बनाउन विशेष कार्यक्रम लागू गरिनेछ। सहस्राब्दी विकास लक्ष्य हासिल गर्न जनघनत्व, भौगोलिक अवस्था र स्थानीय आवश्यकतालाई दृष्टिगत गरी नीतिगत र कानुनी सुधार गरिनेछ।

**सभामुख महोदय,**

९३. देशमा विद्यमान सांस्कृतिक सम्पदाहरूको संरक्षण, उपयोग र परिचालन गर्न राष्ट्रिय सांस्कृतिक नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। विभिन्न समुदाय, जाति, जनजातिहरूको सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गरी उनीहरूको मौलिक परम्परा जीवन्त राख्न राष्ट्रिय, जातीय र क्षेत्रीय सङ्ग्रहालयको सुदृढीकरण र विकास गरिनेछ ।

९४. अमूर्त (Intangible) सांस्कृतिक सम्पादाहरूको संरक्षण र प्रवर्द्धन गर्न परिषद् स्थापना गरी देशभरका सांस्कृतिक सम्पदाहरूको विवरण सङ्कलन र अद्यावधिक गर्ने कार्यको थालनी गरिनेछ। विश्व सम्पदा सूचीमा परेका महत्त्वपूर्ण सांस्कृतिक एवम् पुरातात्विक स्थलहरूको संरक्षण एवम् संवर्द्धनमा स्थानीय निकाय र समुदायको सहभागितालाई प्रोत्साहित गरिनेछ ।

९५. लुम्बिनी विकास गुरुयोजनाअन्तर्गतका कार्यहरू आगामी तीन वर्षमा सम्पन्न गर्ने गरी रणनीति र कार्यक्रम तर्जुमा गरिनेछ। लुम्बिनीको क्षेत्र विस्तार गरी नवलपरासीको रामग्राम, रूपन्देहीको देवदह, कपिलवस्तुको तिलौराकोट र लुम्बिनीलाई समेट्ने गरी क्षेत्रीय विकासको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

९६. राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ तुल्याउन विभिन्न जनजाति, भूगोल, भाषाभाषी एवं संस्कृतिलाई एकआपसमा जोड्ने र हार्दिकता अभिवृद्धि गर्ने विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. आदिकवि भानुभक्तको जन्मस्थल विकासका लागि बृहत्तर गुरुयोजना तयार गर्ने कार्यको सुरुवात गरिनेछ। यसैगरी महाकवि लक्ष्मीप्रसाद देवकोटा, विद्यापति फाल्गुनानन्द, सिद्धिचरण श्रेष्ठ, भीमनिधि तिवारी, भवानी भिक्षु तथा गोकुल जोशीका नाममा अक्षय कोष राख्ने लगायतका विविध कार्य गर्नुका साथै कृष्ण सेन प्रतिष्ठानको भौतिक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

९८. युवा शक्तिको सिर्जनात्मक विकासका लागि राष्ट्रिय युवा नीतिअनुरूप युवा सशक्तीकरण कार्ययोजना अघि बढाइनेछ भने युवा स्वरोजगार कार्यक्रमलाई व्यापकता दिइनेछ। विकास निर्माणका कार्यमा युवाहरूलाई राष्ट्रव्यापी रूपमा परिचालन गरिनेछ।

९९. युवा लक्षित कार्यक्रमहरूलाई गाउँगाउँसम्म पुऱ्याइनुका साथै विश्वव्यापी सूचनामा युवाको पहुँच बढाउन युवा सूचना केन्द्रको सुदृढीकरण गरिनेछ। राष्ट्रिय विकास स्वयंसेवक कार्यक्रम, युवा प्रशिक्षार्थी कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम एवम् युवासम्बन्धी अन्य कार्यक्रमहरूलाई एकीकृत गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१००. खेलकुद क्षेत्रको भौतिक पूर्वाधारको निर्माण, विस्तार तथा सुधार गरिनेछ। विद्यालयस्तरदेखि नै खेलकुद क्षेत्रको विकास गरिनेछ। खेलकुद नीतिको कार्यान्वयनका लागि आवश्यक कानुनी सुधार गर्दै निजी क्षेत्रको सहभागितामा बहुउद्देश्यीय खेलकुद कम्प्लेक्स निर्माणमा जोड दिइनेछ।

१०१. लैङ्गिक समानता अभिवृद्धिका लागि लैङ्गिक मूल प्रवाहीकरणको नीतिलाई निरन्तरता दिई महिलाहरूको आर्थिक सामाजिक तथा राजनैतिक सशक्तीकरणका लागि महिला विकास कार्यक्रमहरूलाई सबै गाउँ विकास समितिहरूमा क्रमशः विस्तार गरिंदै लगिनेछ। लैङ्गिक दृष्टिकोणबाट भेदभावपूर्ण रहेका कानुनहरू परिमार्जन र सुधार गरिनेृछ।

१०२. लैङ्गिकतामा आधारित हिंसा नियन्त्रणका लागि थप कानुनहरूको निर्माण गर्नुका साथै लैङ्गिक हिंसा न्यूनीकरण गर्ने व्यवस्था मिलाइनेछ। महिलाहरूको समग्र विकासका लागि एकल महिलाहरूलाई समेत सम्बोधन गर्ने गरी राष्ट्रिय महिला नीति तर्जुमा गरिनेछ। मानव बेचबिखनका दृष्टिले अति संवेदनशील जिल्लाका किशोरीहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। लैङ्गिक विकास सूचकाङ्कमा पछाडि परेका पन्ध्र जिल्लाहरूमा 'गरिबी महिला' अभियान सञ्चालन गरिनेछ।

१०३. ज्येष्ठ नागरिकहरूका लागि गैरसरकारी संस्था तथा निजी क्षेत्रहरूको साझेदारीमा ज्येष्ठ नागरिक ग्रामको स्थापना र आरोग्य आश्रमहरूको व्यवस्थापनमा सुधार गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनःस्थापनाका साथै सहयोगी सामग्रीको उत्पादन एवम् व्यवस्थापनका लागि विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ। अपाङ्गतासम्बन्धी राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१०४. राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका कार्यक्रमहरूलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा आबद्ध गरी सञ्चालन गर्ने व्यवस्था गर्न नीतिगत, कानुनी तथा संस्थागत सुधार गरिनेछ। स्थानीय स्तरमा सञ्चालन गर्ने व्यवस्था गर्न नीतिगत, कानुनी तथा संस्थागत सुधार गरिनेछ। स्थानीय स्तरमा सञ्चालन गरिने त्यस्ता संस्थाहरूका कार्यक्रमहरू स्थानीय निकायको कार्यक्रमसँग सामञ्जस्य हुने गरी सञ्चालन गरिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको नियमन व्यवस्थालाई प्रभावकारी तुल्याइनेछ।

**सभामुख महोदय,**

१०५. सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीतिमा पुनरावलोकन गरी एकीकृत सूचना तथा सञ्चार नीतिको तर्जुमा गरिनेछ। सरकारका काम कारबाहीहरूबारे स्वदेश तथा

विदेशमा समयमै सूचना प्रवाहित गर्न सूचना विभागलाई सूचना सम्प्रेषण केन्द्रका रूपमा विकास गरिनेछ। सञ्चारकर्मीहरूको क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०६. राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई सूचनामा आम नागरिकको सरल र सुलभ पहुँच बनाउनका लागि सरकारी कार्यालयहरूमा सूचनामैत्री वातावरणको निर्माण गरिनेछ। सार्वजनिक निकायमा रहेका महत्त्वपूर्ण सूचना संरक्षण गर्ने कार्यको सुरुवात गरिनेछ।

१०७. सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको सेवा, सर्त, सुविधालाई व्यवस्थित गर्न विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ। सूचना र सञ्चारका क्षेत्रमा पत्रकारितालाई मूल पेसा बनाई क्रियाशील पत्रकारहरूको बीमा गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१०८. नेपाल दूरसञ्चार प्राधिकरणको भूमिकालाई थप प्रभावकारी बनाई ग्रामीण क्षेत्रको दूरसञ्चार पूर्वाधार विकासमा जोड दिइनेछ। टेलिफोन सेवाको गुणस्तर वृद्धि गर्न उपयुक्त उपायहरूको अवलम्बन गरिनेछ।

१०९. मुद्रण विभागलाई सुरक्षण मुद्रणालयका रूपमा विकास गरिनेछ। सुरक्षण मुद्रणसम्बन्धी सम्पूर्ण कार्य स्वदेशमै सम्पन्न गर्न आवश्यक कानुन तर्जुमाका साथै भौतिक साधनको व्यवस्था गरिनेछ।

**सभामुख महोदय,**

११०. लोकतान्त्रिक मूल्यमान्यतामा आधारित स्थानीय स्वायत्त शासन पद्धतिको प्रवर्द्धन गरी जनतालाई विकास निर्माण एवम् सेवा प्रवाहमा प्रत्यक्ष सहभागी गराई स्थानीय सुशासनको अनुभूति दिइनेछ। स्थानीय स्वायत्त शासन पद्धतिको सुदृढीकरणद्वारा स्थानीय स्तरको सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न राष्ट्रिय योजना आयोगको समन्वयमा सबै मन्त्रालयहरूको विषयगत निक्षेपण रणनीति तथा कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१११. स्थानीय पूर्वाधार विकास तथा स्थानीय सेवा प्रवाहको सशक्तीकरणका माध्यमबाट स्थानीय सुशासन कायम गर्न स्थानीय निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि तथा सुरक्षा व्यवस्थामा विशेष ध्यान दिइनेछ। स्थानीय तहमा हुने विकास निर्माण कार्यको गुणस्तर नियन्त्रण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

११२. सामाजिक सुरक्षाअन्तर्गत जेष्ठ नागरिक, एकल महिला, आदिवासी जनजातिभित्रका लोपोन्मुख समूह, दलित, असक्त/अपाङ्गहरूलाई उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई सहज र पारदर्शी बनाउन बैंक तथा वित्तीय संस्थामार्फत वितरण गर्ने कार्यलाई विस्तार गरिनेछ ।

११३. स्थानीय निकायहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न उपयुक्त व्यवस्था गरिनेछ । स्थानीय निकायहरूमा उपलब्ध हुने सम्पूर्ण स्रोतहरलाई एकीकृत र समन्वयात्मक ढङ्गबाट विनियोजन र परिचालन गर्न तथा पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी वित्तीय जोखिम न्यूनीकरण गर्न प्रभावकारी कदम चालिनेछ । त्यस्ता स्रोतको दुरूपयोग रोक्नका लागि अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ ।

११४. स्थानीय स्वायत्त शासन तथा विकास निर्माणका प्रक्रियामा लैङ्गिक समता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने नीतिअनुरूप भौगोलिक, सामाजिक एवम् आर्थिक रूपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र, लिङ्ग, जातजाति र समुदायलाई सशक्तीकरण गरी उपलब्ध स्रोत, साधन र अवसरमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लगिनेछ ।

११५. सामाजिक पूर्वाधार र विकासका पूर्वाधारहरू सडक, बत्ती, पानी, सरसफाइ, अस्पताल, विद्यालय जस्ता आधारभूत क्षेत्रको विकास गरी प्रत्येक जिल्लामा एकवटा नमुना गाउँ कार्यक्रम सञ्चालन गरिनेछ । यी गाउँहरूमा 'एक गाउँ, एक उत्पादन' को अवधारणा लागू गरी स्थानीय उत्पादन वृद्धिमा सहयोग पुऱ्याइनेछ ।

११६. काठमाडौँ उपत्यकाको फोहोरमैला व्यवस्थापनमा देखिएका जटिलता र समस्याहरू न्यूनीकरण गर्दै दिगो व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीको अवधारणाअनुरूप यसै आर्थिक वर्षभित्र निजी क्षेत्रलाई सहभागी गराउने कार्य सम्पन्न गरिनेछ । अन्य सहरहरूमा पनि यही अवधारणालाई अवलम्बन गरिनेछ ।

**सभामुख महोदय,**

११७. स्वदेशमा रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना गर्न सीप तथा व्यवसायमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्नुका साथै रोजगार सूचना केन्द्रहरूलाई रोजगार विनिमय केन्द्रका रूपमा विकास गर्दै लगिनेछ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन वैदेशिक रोजगार प्रशासनको आधुनिकीकरण तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

११८. गरिबी निवारणका लागि रोजगार प्रत्याभूति गर्ने सम्बन्धी कानुन तर्जुमा गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार बालश्रम निवारणका लागि स्थानीय स्तरसम्म कार्यक्रमहरू विस्तार गरिनेछ।

११९. यातायात क्षेत्रलाई भरपर्दो, सुरक्षित, सर्वसुलभ र सेवामूलक बनाइनेछ। यातायात क्षेत्रको व्यवस्थित सञ्चालनका लागि सवारी तथा यातायात नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। यातायात प्रशासनलाई वैज्ञानिकीकरण गर्दै सबै यातायात कार्यालयहरूलाई सूचना प्रविधिको सञ्जालमा आबद्ध गर्ने कार्यको सुरुवात गरिनेछ।

१२०. नेपाल पर्यटन वर्ष, २०११ को अभियानलाई निरन्तरता दिँदै आगामी पन्ध्र वर्षभित्र नेपाललाई उत्कृष्ट गन्तव्यका रूपमा विकास गरी 'विश्वको नमुना पर्यटन देश' का रूपमा स्थापित गरिनेछ।

१२१. ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्वका बराहक्षेत्र, जनकपुर, मुक्तिनाथ, स्वर्गद्वारी, खप्तड र ढोरपाटनलाई पर्यटन केन्द्रका रूपमा विकास गरिनेछ। पश्चिमाञ्चल विकास क्षेत्रमा एक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको निर्माण कार्य सुरु गरिनेछ।

१२२. देशका सबै भागमा पर्यटन क्षेत्रको समानुपातिक विकासका लागि पर्यटकीय क्षेत्र (Tourism Zone) स्थापना गर्दै लगिनेछ। प्रत्येक पर्यटकीय क्षेत्रमा एकीकृत सामुदायिक पर्यटक सेवा केन्द्रहरूको स्थापना गर्दै लगिनेछ। प्रत्येक पर्यटकीय क्षेत्रमा एकीकृत सामुदायिक पर्यटक सेवा केन्द्रहरूको स्थापना गरी पर्यटन पूर्वाधार जनशक्ति विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२३. पर्यटन र हवाईसम्बन्धी नीतिलाई समयसापेक्ष सुधार गरिनेछ। हवाई सेवालाई भरपर्दो, सुरक्षित, सर्वसुलभ, नियमित, आरामदायी तथा छिटोछरितो यातायातको माध्यमका रूपमा विकास गरी अन्तर्राष्ट्रिय सम्बन्ध, पहुँच र हवाई क्षेत्रमा प्रभाव स्थापित गरिनेछ। यस सन्दर्भमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको सुदृढीकरण गरिनेछ।

१२४. कर्णाली अञ्चललगायतका दुर्गम क्षेत्रहरूमा हवाई यातायातलाई नियमित र जनपहुँचयोग्य बनाउन विमानस्थलहरूको आधुनिक प्रविधिसहितको पूर्वाधार तयार गरिनेछ।

१२५. गौतमबुद्ध, पोखरा, जनकपुर र सुर्खेत क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र बाराको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको विकास र निर्माण कार्यलाई अघि बढाइनेछ।

**सभामुख महोदय,**

१२६. हिमाल, पहाड र तराई मधेसमा भएको द्वन्द्वका क्रममा शहादत प्राप्त गरेका सहिद परिवारका सन्तति, घाइते, सशस्त्र द्वन्द्वका क्रममा मारिएका, अपहरणमा परेका नागरिक, बेपत्ता पारिएका नागरिकका हकदार र द्वन्द्वका कारण बाबुआमा दुवै गुमाएका बालबालिका र द्वन्द्वका क्रममा अपाङ्ग भएकाहरूलाई समुचित राहतलगायत अन्य उपयुकत कार्यक्रमहरू ल्याइनेछ ।

१२७. सशस्त्र द्वन्द्वका क्रममा क्षति भएका, द्वन्द्वका समयमा प्रयोग तथा मर्मतसम्भार हुन नसकी जीर्ण भएका तथा द्वन्द्वरत पक्षले प्रयोग गरेका कारण जीर्ण भएका निर्माणाधीन संरचनाहरूको पुनःनिर्माण कार्य सम्पन्न गरिनेछ ।

१२८. सशस्त्र द्वन्द्वका क्रममा अपाङ्ग भएकाहरू, विस्थापितहरू, सम्पत्ति कब्जा गरिएका परिवारहरू, बेपत्ता पारिएका व्यक्तिका परिवारहरू र द्वन्द्वका क्रममा मृत्यु भएका मृतकका विधवा परिवारहरूको पुनःस्थापना तथा सहयोग कार्यक्रमअन्तर्गत रोजगार तथा स्वरोजगार तलिम कार्यक्रम सञ्चालन गरिनेछ । द्वन्द्वपीडित अठार वर्षमुनिका टुहुरा एवम् द्वन्द्वपीडित अन्य बालबालिकाको पुनःस्थापना एवम् सहयोग कार्यक्रमहरूको सञ्चालनमा जोड दिइनेछ ।

१२९. गृह प्रशासनलाई थप सक्रिय बनाई आम जनतामा सुरक्षाको पूर्ण अनुभूति दिलाउन शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य र मानव अधिकारको रक्षामा जोड दिइनेछ । तस्करी, गुन्डागर्दी, अनधिकृत रकम असुली जस्ता क्रियाकलाप नियन्त्रण गरी जनतालाई प्रभावकारी प्रशासन तथा सुशासनको अनुभूति दिइनेछ । 'सबल राष्ट्रिय एकताका लागि सुदृढ जनसम्बन्ध र प्रभावकारी जनसुरक्षा' को अवधारणालाई आत्मसात् गर्दै आन्तरिक सुरक्षामा सम्बद्ध निकायहरूको सेवालाई विस्तार तथा सुदृढीकरण गरिनेछ ।

१३०. 'सरल प्रशासन तथा सहज र सुलभ जनसेवा' को भावनाअनुरूप जिल्ला प्रशासन कार्यालयहरूलाई साधन सम्पन्न बनाउँदै तिनको कार्यक्षमतामा अभिवृद्धि गरी नागरिक प्रशासनलाई सुदृढ तुल्याइनेछ । यस क्रममा पाँचै विकास क्षेत्रका एक एकवटा जिल्ला प्रशासन कार्यालयहरूलाई नमुना कार्यालयका रूपमा विकास गरिनेछ ।

१३१. सबै नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने लक्ष्यअनुरूप विभिन्न सेवा तथा सुविधाका लागि समेत प्रयोग गर्न सकिने गरी तस्विरसहितको बायोमेट्रिक स्मार्ट कार्ड तयार गर्ने कार्यको सुरुवात गरिनेछ र यसका लागि आवश्यक कानुनको निर्माण गरिनेछ ।

२३२. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापना कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। यसका लागि विपद् जोखिम व्यवस्थापनसम्बन्धी नयाँ ऐन तर्जुमा गरिनेछ।

१३३. नेपाली राहदानीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप समयानुकूल र गुणस्तरीय बनाउने प्रयासस्वरूप जारी गरिएको मेसिन रिडेबल राहदानी वितरण प्रणालीलाई जिल्ला स्तरसम्म विस्तार गर्दै लगिनेछ। यसका लागि विदेशस्थित नेपाली नियोगहरूसँग र नेपालभित्र जिल्ला सदरमुकामहरूसम्म विद्युतीय सञ्जाल विस्तार गर्ने कार्यको सुरुवात गरिनेछ।

१३४. नेपालले संयुक्त राष्ट्रसङ्घ प्रणालीलगायतका अन्तराष्ट्रिय मञ्चहरूमा थप प्रभावकारी रूपमा सहभागिता जनाउनेछ। नेपाल अध्यक्ष रहेको अल्प विकसित राष्ट्रहरूको समूह (LDCs Group) मा प्रभावकारी भूमिका निर्वाह गरिनेछ।

१३५. आर्थिक कूटनीतिलाई प्रभावकारी रूपमा सञ्चालन गरी नेपालको व्यापार विविधीकरण, पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगारी प्रवर्द्धन एवम् गैरआवासीय नेपालीहरूको पुँजी, सीप र लगानी परिचालनका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३६. विदेशमा रहेका नेपाली नागरिकहरूको उद्धार तथा हकहितको संरक्षणका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमार्फत प्रभावकारी कूटनीतिक पहल गरिनेछ।

१३७. कानुनको शासन, मानव अधिकार एवम् मानवीय कानुनको संवर्द्धन, दण्डहीनताको अन्त्य तथा स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यता र भावनाअनुरूप विद्यमान कानुनी प्रणालीको आधुनिकीकरण गर्ने कामलाई निरन्तरता दिइनेछ। जनस्तरमा कानुनी चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३८. नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अभियोजन र प्रतिरक्षा गर्ने कामलाई प्रभावकारी बनाउनका लागि सम्पादन गर्नुपर्ने कार्यमा गुणस्तरीयता, प्रभावकारिता तथा दक्षता अभिवृद्धि गरिनेछ। सरकारवादी मुद्दाको अभियोजनमा सफलता प्राप्त गर्न तत्सम्बन्धी निकायहरूको संस्थागत सुदृढीकरण गरी अपराधको नियन्त्रण र दण्डहीनताको अन्त्य गर्ने काममा जोड दिइनेछ।

१३९. जनसाधारणको न्यायमा सहज पहुँचको अभिवृद्धि गरी छिटो, छरितो र सुलभ रूपमा न्याय पाएको अनुभूति गर्न सक्ने परिस्थितिको निर्माणका लागि विपन्न वर्गलाई उपलब्ध गराइने निःशुल्क कानुनी सहायतालाई प्रभावकारी गराई विकेन्द्रित न्यायिक प्रक्रियाको कार्यान्वयनमा जोड दिइनेछ। जटिल एवम् समयसापेक्ष नभएका कानुनहरूलाई

समयानुकूल सुधार गर्न विशेषतः देवानी संहिता र अपराध संहिता लगायतका कानुन निर्माण प्रक्रियालाई प्राथमिकताका साथ पूर्णता दिई कार्यान्वयनमा ल्याइनेछ ।

१४०. अदालतको भौतिक पूर्वाधार विकास, न्यायिक जनशक्तिको क्षमता विकास, समुचित प्रोत्साहन र फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ । अदालत व्यवस्थापन सुधार लगायतका न्यायपालिकाको रणनीतिक योजनाले प्रक्षेपण गरेका उपायहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

१४१. संवैधानिक निकायहरूको संस्थागत सुदृढीकरणलाई जोड दिइनेछ । मुलुकको भावी सङ्घीय स्वरूप अनुकूल हुने प्रशासन तथा वित्तीय पुनःसंरचना कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । यसको समन्वय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ ।

१४२. निर्वाचन आयोगबाट हाल चालू फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यलाई सम्पन्न गरिनेछ । निर्वाचन प्रक्रिया र विधिलाई आधुनिकीकरण गर्न नवीनतम सूचना प्रविधिको प्रयोग गरी निर्वाचनलाई विश्वसनीय बनाउने वातावरण तयार गरिनेछ ।

१४३. सार्वजनिक क्षेत्रमा कार्यरत निजामतीलगायत सम्पूर्ण राष्ट्रसेवकहरूलाई व्यावसायिक रूपले सक्षम बनाउँदै यसलाई नागरिक सेवातर्फ समर्पित, उत्प्रेरित, उच्च मनोबलयुक्त, कार्यसंस्कृतियुक्त र समावेशी बनाउन नीतिगत र कानुनी सुधार गरिनेछ ।

१४४. सार्वजनिक सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्न सेवा प्रवाहमा विद्युतीय शासन प्रणालीको सुरुवात गरिनेछ । सार्वजनिक सेवाप्रवाह, कार्यसंस्कृति र कार्यप्रणालीको विकासका लागि विश्वविद्यालय तथा प्राज्ञिक निकायसँगको सहकार्यमा अध्ययन तथा अनुसन्धान गरिनेछ । विगतमा सञ्चालित शासकीय सुधार कार्यक्रमलाई थप प्रभावकारी तुल्याइनेछ ।

१४५. निजामती कर्मचारीको सामाजिक सुरक्षा व्यवस्थालाई समयानुकूल बनाई निजामती सेवालाई आकर्षक तथा समर्पित सेवाका रूपमा विकास गरिनेछ । कर्मचारीहरूको स्वास्थ्य बीमा लागू गर्ने व्यवस्था गरिनेछ ।

१४६. निजामती सेवामा बढुवा प्रणाली तथा वृत्ति विकासलाई वैज्ञानिक एवम् पूर्वानुमानयोग्य तुल्याई निजामती सेवालाई कार्यमूलक, आकर्षक र नतिजा उन्मुख तुल्याउन कानुनमा तत्काल सुधार गरिनेछ । निजामती कर्मचारीको कार्यदक्षता बढाउन सबै निजामती कर्मचारीका लागि पेसागत दक्षता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।

१४७. सुरक्षासम्बन्धी जिम्मेवारी निर्वाह गर्ने लगायत महत्त्वपूर्ण संरचना तथा राष्ट्रिय सम्पदाको सुरक्षा र उद्धार कार्यहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन, प्रवर्द्धन र सुदृढीकरणका लागि दश वर्षे गुरुयोजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१४८. नेपाली सेनाको व्यावसायिक कार्यदक्षताको अभिवृद्धि गरी सक्षम, सुदृढ तथा अनुशासित राष्ट्रिय सेनाका रूपमा प्रतिष्ठित तुल्याइनेछ। नेपाली सेनाको व्यवस्थापकीय कार्य पद्धतिलाई पारदर्शी र वस्तुपरक बनाइनेछ ।

१४९. नेपाली सेनाका सुरक्षा आधार तथा सैनिक निकायहरू रहेका स्थानहरूमा मानवोचित भौतिक पूर्वाधारको विकास एवम् प्रवर्द्धन गर्दै लैजाने नीतिलाई निरन्तरता दिइनेछ ।

१५०. संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वका द्वन्द्वग्रस्त मुलुकहरूमा शान्ति स्थापनार्थ नेपालले जनाइरहेको सहभागितामा अझ विस्तार गर्ने प्रयास गरिनेछ। तिनमा खटिई जाने सैनिकहरूको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

१५१. नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको कार्यकुशलतालाई वृद्धि गर्न तालिमलगायतका क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै आवश्यकताअनुसार सुरक्षा निकायहरूलाई साधन सम्पन्न बनाउने र सुरक्षासम्बन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ ।

१५२. भ्रष्टाचारजन्य क्रियाकलापको नियमित र भरपर्दो सूचना सङ्कलन गरी भ्रष्टाचार विरूद्धका कानुनको दृढतापूर्वक कार्यान्वयन गरी सुशासन कायम गराइनेछ। भ्रष्टाचार नियन्त्रणमा संलग्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रलगायतका निकायहरूको सुदृढीकरणमा जोड दिइनेछ ।

१५३. गैरसरकारी र निजी क्षेत्रको भ्रष्टाचारलाई समेत समेट्ने गरी भ्रष्टाचार विरूद्धको राष्ट्रसङ्घीय महासन्धिअनुसारको कार्ययोजना तयार गरी दृढतापूर्वक लागू गरिनेछ। भ्रष्टाचार विरूद्धको रणनीतिको कार्यान्वयनको नियमित अनुगमन गरिनेछ। भ्रष्टाचार नियन्त्रणमा गैरसरकारी क्षेत्र तथा नागरिक समाजलाई समेत परिचालन गर्ने कार्यनीति अख्तियार गरिनेछ ।

१५४. पूर्वराजपरिवारका नाममा रहेको नेपाल ट्रस्टमा आउनुपर्ने सम्पत्तिको खोजबिन कार्यलाई निरन्तरता दिँदै प्राप्त सम्पत्तिको समुचित उपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ। ट्रस्टको मूल सम्पत्तिवाट आर्जन भएको रकमबाट शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गर्ने कार्यको थालनी गरिनेछ ।

**सभामुख महोदय,**

१५५. ऐतिहासिक जनआन्दोलन र एक दशक लामो जनयुद्धका पृष्ठभूमिमा हामीले आफ्नै मौलिक स्वरूपको शान्तिप्रक्रिया सुरु गरेको हुनाले यसलाई कुनै पनि हालतमा सफल बनाउन हामी गम्भीर र प्रयत्नशील हुनैपर्दछ । हाम्रो यो प्रयत्नलाई नेपाली जनताले सधैं सकारातमक रूपमा लिएका छन् र उनीहरूको अपार सहयोग र सद्‌भाव हामीसँग छ । यसका अतिरिक्त नेपालको शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने विधि र प्रणालीका बारेमा अन्तर्राष्ट्रिय समुदायले समेत उत्तिकै चासो राखेको छ । तसर्थ शान्तिप्रतिको नेपाली जनताको चाहनालाई निःस्वार्थ पूरा गर्न विस्तृत शान्तिसम्झौतालगायत यस अघि विभिन्न समूह र दलहरूसँग भएका सहमति र समझदारीलाई इमान्दारीका साथ पूरा गर्न सबै पक्ष जिम्मेवार हुनु आवश्यक छ ।

१५६. नेपालको शान्तिप्रक्रिया र देशको समग्र विकासका काममा सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसङ्घलगायत सबै अन्तर्राष्ट्रिय समुदायहरूलाई धन्यवाद दिँदै आगामी दिनहरूमा पनि निरन्तर सहयोग जारी रहने कुरामा नेपाल सरकार विश्वस्त छ ।

१५७. विभिन्न व्यवधान र जटिलताका बिच पनि संविधान निर्माणको कार्य जारी राख्न हामी प्रतिबद्ध छौं । यस कार्यमा नेपाली जनताले देखाएको सरोकार हाम्रा लागि सधैं मार्गदर्शक बन्नेछ । संविधान निर्माणको कार्य तथा देशको समग्र आर्थिक तथा सामाजिक रूपान्तरणको हाम्रो अभियानमा सहयोग पुऱ्याउनुहने सम्पूर्ण राजनीतिक दल, संविधानसभामा सदस्यहरूलगायत नागरिक समाज, निजी क्षेत्र तथा सम्पूर्ण नेपाली जनतालाई नेपाल सरकार हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा अझ बढी सहयोगको अपेक्षा गर्दछ ।

धन्यवाद !

# परिशिष्ट दश

# राजनीतिक शब्दावली

### अर्ध-उपनिवेशवाद

प्रथम र द्वितीय विश्वयुद्धपछि तथा सोभियत युनियनको गठन भएपछि यसको नेतृत्वमा विश्वभरि नै उभारमा आएको राष्ट्रिय मुक्ति आन्दोलनका कारण विश्वका शक्तिशाली राष्ट्रले साम्राज्यवादी शक्तिद्वारा हस्तक्षेप गरी उपनिवेशवादी शासन गर्न नसकेपछि राजनीतिक तथा सैनिक हस्तक्षेप नगरी अरू माध्यमबाट हस्तक्षेप गर्ने तरिकालाई अर्ध-उपनिवेशवाद भनिन्छ । अर्ध-उपनिवेशवाद राजनीतिक सिद्धान्तकै रूपमा रहेको छ । साम्राज्यवादी तथा विस्तारवादी राज्यहरूले कमजोर राज्यका आर्थिक क्षेत्रमा पुँजी लगानी गरी उनीहरूको राष्ट्रिय पुँजी निर्माणप्रक्रियामै हस्तक्षेप गरी आफ्नो प्रभुत्व कायम गर्दछन् । चीनमा माओले आफ्नो मुलुकमा जापानी साम्राज्यवादी हस्तक्षेपका विरूद्ध जनवादी क्रान्ति गर्ने क्रममा चीनियाँ राज्य र समाजको चरित्र विश्लेषण गर्ने क्रममा अर्ध-उपनिवेशवाद भनेका थिए । नेपालका कम्युनिस्ट पार्टीहरूका नेतृत्वले पनि चीनमा माओले भने झैँ नेपाली राज्यसत्ता र नेपाली समाजको चरित्र अर्ध-उपनिवेशवाद हो भनी निर्क्यौल गरेका थिए ।

### अर्ध-सामन्तवाद

राज्यमा सामन्तवादको पूर्ण नाश र पुँजीवादको पूर्ण विकास नभएको राजनीतिक अवस्थालाई अर्ध-सामन्तवाद भनी विश्लेषण गरिएको पाइन्छ । यो पनि एउटा राजनीतिक सिद्धान्तका रूपमा विकास भएको छ । प्रथम विश्वयुद्ध, द्वितीय विश्वयुद्ध, सोभियत युनियनको गठन र विघटन तथा विश्वका विविध राजनीतिक, आर्थिक र सामाजिक क्रान्ति सम्पन्न भइसके पनि विश्वमा अझै पनि कैयन् राज्य अर्ध-सामन्तवादकै राजनीतिक अवस्थामा रहेका छन् । चीनमा माओले चीनियाँ राज्य र समाजको विश्लेषण गर्ने क्रममा अर्ध-सामन्तवाद भनी औंल्याएका थिए । नेपालमा पनि कम्युनिस्ट पार्टीका नेतृत्वले नेपाली राज्य र समाजको विश्लेषण गर्दा अर्ध-सामन्तवाद भनी औँल्याउने गरेका छन् ।

### उपनिवेशवाद

साम्राज्यवादी राज्यले कमजोर राज्यमाथि राजनीतिक तथा सैनिक हस्तक्षेप गरी त्यहाँका राजनीतिक, आर्थिक र सामाजिक तथा सार्वभौमिक अधिकारमाथि नै कब्जा गरी आफ्नो शासन चलाउने राजनीतिक सिद्धान्तलाई उपनिवेशवाद भनिन्छ । युरोपमा चलेको आर्थिक तथा औद्योगिक क्रान्तिपछि आफ्नो उत्पादन खपत गर्न तथा उत्पादनका लागि कच्चा पदार्थ जुटाउन बजार र

प्राकृतिक साधन र स्रोतको खोजीका क्रममा युरोपले विश्वभरि नै उपनिवेशवादी राज्य खडा गरेको थियो । हाम्रै दक्षिणको छिमेकी राज्य भारत पनि उपनिवेशवादको सिकार भएको थियो तर हाम्रो नेपाल मात्रै कहिल्यै कसैको उपनिवेश नरहेको गौरवमय इतिहास बोकेको राज्य हो । नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वले चाहिँ पटकपटक उपनिवेशवाद शब्दको प्रयोग गरेको पाइन्छ ।

**दलाल पुँजीवाद**

राष्ट्रिय पुँजीको निर्माण र विकास गर्नतिर नलागी स्वदेशी तथा विदेशी व्यापारी र उद्योगीसँग मिलोमतो गरी नाफामूलक तथा फाइदामूलक आर्थिक, व्यापारिक र बजारिया गतिविधि गरी मुनाफा आर्जन गर्ने चरित्र दलाल पुँजीवाद हो । दलाल पुँजीवादमा खासगरी ठेकेदार, व्यापारी, बिचौलिया र भ्रष्ट व्यक्तिहरू सामेल हुन्छन् । नेपालको राष्ट्रिय पुँजी निर्माणको मूल तगारोका रूपमा दलाल पुँजीवाद खडा भएको छ । नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वहरूले पछिल्लो समयमा दलाल पुँजीवाद शब्दको खुब प्रयोग गर्ने गरेका छन् ।

**नव-उपनिवेशवाद**

दोस्रो विशवयुद्धपछि राजनीतिक र सामारिक आधारबाट उपनिवेश खडा गर्न नसकेपछि साम्राज्यवादी तथा पुँजीवादी राज्यले कमजोर राज्यमाथि सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधिमार्फत हस्तक्षेप बढाई नव-उपनिवेशवादको सिर्जना गर्न पुगेका छन् । यो नव-उपनिवेशवाद पछिल्लो समयमा राजनीतिक सिद्धान्त बन्न पुगेको छ । नेपालको कम्युनिस्ट पार्टीका नेतृत्वहरू पनि पछिल्लो समयमा नव-उपनिवेशवाद शब्दको प्रयोग खुबै गर्न लागेका छन् ।

**पुँजीवाद**

मार्क्सवादी दृष्टिकोणअनुसार सामन्तवादको अन्त्यपछि र समाजवादको स्थापना हुनुभन्दा अघिको सामाजिक व्यवस्था पुँजीवाद हो । बजारमा विक्री गरी नाफा कमाउने हिसाबले वस्तुको उत्पादन गर्ने सामाजिक व्यवस्थालाई पुँजीवाद भनिन्छ । पुँजीवादको उत्पादन सम्बन्ध औद्योगिक क्षेत्र, उद्योग एवम् कलकारखाना हुन् । राष्ट्रिय पुँजी निर्माणमा उद्योग तथचा कलकारखानाको महत्त्वपूर्ण योगदान रहन्छ । नेपालका कम्युनिस्ट पार्टीको बुझाइ राष्ट्रिय पुँजीको निर्माण गरी पुँजीवादी व्यवस्थालाई विकसित गरेपछि समाजवादको स्थापना गर्न सकिन्छ भन्ने छ । नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वले पुँजीवादको विकास गरेपछि समाजवादमा पुगिन्छ भन्ने धारणा पटकपटक राख्दै आएका छन् ।

**सामन्तवाद**

मार्क्सवादी दृष्टिकोणअनुसार दास युगको अन्त्यपछि स्थापना भएको सामाजिक व्यवस्थालाई सामन्तवाद भनिन्छ । दास युगको अन्त्यपछि र पुँजीवादको स्थापनाअघि अस्तित्वमा आएको

सामाजिक/राजनीतिक व्यवस्था सामन्तवाद हो । सामन्तवादको मुख्य साधन र स्रोत जमिन र कृषक हुन् । नेपालमा पनि जमिन र कृषकका आधारमा सामन्तवादी व्यवस्था रहेको थियो । नेपालका कम्युनिस्ट पार्टी र यसका नेतृत्वले सामन्तवादलाई राजसंस्था, राजतन्त्र र राजासँग जोडेर बुझ्ने गरेका छन् । राजसंस्थालाई सामन्तवादको प्रतीकका रूपमा बुझ्ने गरेका छन् । नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वले खुबै प्रयोग गर्ने एउटा शब्द सामन्तवाद पनि हो ।

**साम्राज्यवाद**

साम्राज्यवादलाई पुँजीवादको विकसित रूपका रूपमा लेनिनले व्याख्या गरेका छन् । साम्राज्यवादी विचारधाराले आफूभन्दा कमजोर राज्यमाथि हस्तक्षेप गरी आफ्नो प्रभुत्व कायम गर्दछ । साम्राज्यवादी राज्यले कमजोर राज्यमाथि राजनीतिक, सामरिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक रूपमा हस्तक्षेप गरी आफ्नो शक्तिद्वारा प्रभुत्व कायम गरिरहन्छ । साम्राज्यवाद राजनीतिक सिद्धान्तको रूपमा स्थापित छ । द्वितीय विश्वयुद्ध र सोभियत युनियनको विघटनपछि यो विचारधारा कमजोर बन्न पुगेको देखिन्छ । नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वले यो शब्दको प्रयोग खुबै गर्छन् ।

**सुधारवाद**

विश्व समाजवादी सङ्गठनको दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनबाट लेनिनले क्रान्तिकारी मार्क्सवादी धाराअन्तर्गतको वैज्ञानिक समाजवादी विचारलाई आत्मसात् गरी क्रान्तिको बाटो समात्दै सन् १९१७ मा रूसमा समाजवादी क्रान्ति गरेर सोभियत युनियनको गठन गरेपछि यसमा विमति राख्दै क्रान्तिकारी मार्क्सवादी धारालाई संशोधन गरी संशोधनवादको सिर्जना गरेपछि विश्व समाजवादी आन्दोलनमा सुधारवादको जन्म भएको हो । यो समाजवादी आन्दोलनमा एउटा सिद्धानन्का रूपमा रहँदै आएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा पनि क्रान्तिकारी मार्क्सवादी धारालाई त्यागेर संसदीय राजनीतिलाई आत्मसात् गरी सुधारवादको बाटो समात्ने कम्युनिस्ट पार्टीहरू छन् । नेपालका कम्युनिस्ट पार्टीका नेतृत्वहरूले यो शब्द खुबै प्रयोग गर्ने गर्छन् ।

# सन्दर्भ सामग्री सूची

## अङ्ग्रेजी

Anderson, J. L. (1997). *Che Guevera*: *A revolutionary life.* New York: Grove Press.

Arnold, S. (2017). Capitalism, class conflict, and domination. *Socialism and Democracy*, *31*(1), pp. 106–124. doi:10. 1080/08854300. 2016. 1215810

Badie, B., Berg-Schlosser, D., & Morlino, L. (2011). *International encyclopedia of political science.* Volume 1. Thousand Oaks, California: Sage Publication.

Barry, B. (2005). *Why social justice matters*. Cambridge: Polity.

Benjamin, R. W., & Kautsky, J. H. (1968). Communism and economic development. *The American Political Science Review, 62*(1), pp. 110-123. https://doi.org/10.2307/1953329

Boltanski, L., & Chiapello, E. (2018). *The new spirit of capitalism*. London: Verso.

Brown, Archie. (N.D.). *The rise and fall of commumism.* Harer collils e-books.

Carens, J. H. (2003). An interpretation and defense of the socialist principle of distribution. *Social Philosophy and Policy*, *20*(1), pp. 145–177. doi:10. 1017/S0265052503201072

Cohen, G. A. (2000). *Karl Marx's theory of history: A defense*. Princeton: Princeton University Press.

Cohen, G. A. (2009). *Why not socialism?* Princeton: Princeton University Press.

Corneo, G. (2017). *Is capitalism obsolete? A journey through alternative economic systems*. Cambridge, MA: Harvard University Press.

D'Amato, P. (2006). *The meaning of Marxism*. Haymarked Books.

Dattagupta, S. (2014). Marxism, modernity and revolution: The Asian experience. In A. Flüchter& J. Schöttli (Eds). *The dynamics of transculturality: Concepts and institutions in motion* (pp. 27-38). New York: Springer.

Dudovskiy, J. (2018). *An ultimate guide to writing a desertation in business studies: A step-by-step assistance.* Retrieved from https://research-methodology.net/about-us/ebook/.

Ejnabarzala, H. (2019). Epistomology-ontology relations in social research : A review. *A Sociological Bulletin, 68(1), 94-104*. https://doi.org/10.1177/00480229188193.

Elster, J., & Moene, K. O. (Eds. ). 1989. *Alternatives to capitalism.* Cambridge: Cambridge University Press.

Faulkner, R. K. (2010). Likcoln and the rebirth of liberal democrcy. *Journal of Supreme Court History. 35 (3), 201-212*. doi:10.1353/sch. 2010.003.

Fernbach, D. (1973). *Introduction to Karl Marx: Revolutions of 1848.* New York: Random House.

Forst, R. (2017). Noumenal alienation: Rousseau, Kant and Marx on the dialectics of self-determination. *Kantian Review*, *22*(4), pp. 523–551. doi:10. 1017/S1369415417000267

Fraser, N. (2014). Behind Marx's hidden abode: For an expanded conception of capitalism. *New Left Review*, *86*(Mar/Apr), pp. 55–72.

Fraser, N., & Jaeggi, R. (2018). *Capitalism*. Cambridge: Polity.

Gilabert, P. (2011). Debate: Feasibility and socialism. *Journal of Political Philosophy*, *19*(1),pp. 52–63. doi:10. 1111/j. 1467-9760. 2010. 00383. x

Gilabert, P. (2015). The socialist principle "from each according to their abilities, to each according to their needs". *Journal of Social Philosophy*, *46*(2), pp. 197–225. doi:10. 1111/josp. 12096

Gooding, J. (2001). *Socialism in Russia : Lennin in his legacy, 1890 - 1991*. London: Palgrave Macmillan.

Gurung, M. D. (N.D.). *Notes on the communist movement in Nepal*. Nepal Sahitya Kendra.

Harnecker, M. (2015). *A world to build: New paths towards twenty-first century socialism*. New York: Monthly Review Press.

Hobsbawm, E. (1995). *The age of extremes: 1914 - 1991*. London: Abacus.

Hobsbawm, E. (2011). *How to change the world reflections on Marx and Marxism*. London: Yale Universaity Press.

Isono, F. (1976). The Mongolian revolutions of 1921. *Modern Asian Studies*, *10*(3), pp. 375-394.

Jorausky, D. (1994). Communism in historical perspective. *The American Historical Review*, *99*(3), pp. 837-857.

Kiernan, B. (1996). *The Pol Pot regime: Race, power and genocide in Combodia under the Khmer Rouge.* New Haven CT: Yale University Press.

King, G., Keohane, R. O., & Verba, S. (1994). *Designing social inquiry: Scientific inference in qualitative research.* New Jersey: Princeton University Press.

Kołakowski, L. 1974 [2008]. *Main currents of Marxism*. London: W. W. Norton & Company.

Kymlicka, W. (2002). *Contemporary political philosophy: An Introduction.* New York: Oxford University Press.

Mallick, M. A. (2013). Reform communism and neo-Marxism in West Bengal: A theoretical-explorative design. *IOSR Journal of Humanities And Social Science, 10*(3), pp. *72-82.*

Marx, K. & Engles, F. (1969). *Selected works. Volume 1.* Progressive Press.

Marx, K., & Engles, F. (2000). [1848]. *Manifesto of Communist Party*. Marxist Internet Archive. Retrieved on 16 August 2015.https://www.marxists.org/archive/marx/works/1848/communist-manifesto/

McCoy, J. L., & Myers, D. J. (2006). *The unraveling of representative democracy in Venezuela.* Maryland: Johns Hopkins University Press.

McLellan, D. (1998). *Marxism after Marx: An introduction:* London: Macmillian Press.

McLellan, D. (2000). *Karl Marx: Selected writings.* New York: Oxford University Press.

Newmann, Michael. (2005). *Socialism: A very short introduction*. Oxford Univesity Press.

Nove, A. (1991). *The economics of feasible socialism revisited.* London: Harper Collins.

Nowell-Smith, G., & Hoare, Q. (1971). *Selections from the prison notebooks of Antinio Gramsci.* New York: International Publisher.

Pernecky, T. (2016). *Epistemology and metaphysics for qualitative research.* SAGE Publication.

Pokhrel, R. (2004). *The communist movement in Nepal*. An unpulished Ph.D. Dissertation of History. Faculty of Humanities & Social Science, Tribhuvan University.

Pokhrel, R. K. (2007). A *journey of the communists of Nepal: Twenty-three years history of the CPN-UML*. Jhapa: Massiline Publication.

Priestland, D.  (2010).  *The red flag: A history of communism.* New York: Grove Press.

Przeworski, A. (1985).  *Capitalism and social democracy*. Cambridge: Cambridge University Press.

Roemer, J.  E.  (Ed.). (1986).  *Analytical Marxism*. Cambridge: Cambridge University Press.

Sabine, G. H. (1961). *A history of political theory*. New York: Holt Rinenart & Winston.

Sabirov, K.  (1988).  *Communism kya he?* [*What is communism?]* Moscow: Pragati Prakashan.

Sassoon, D. (2013).  *One hundred years of socialism: The West European left in the twentieth century*. London: I.  B Tauris.

Schram, S.R. (1994). Mao Zedong a hundred years on: The legacy of a ruler. *The China Quarterly*, *137*, pp. 125-143.

Seleznev, L., & Fetisov, V.  (1985).  *Baigyanik samajwad kya he?* [*What is scientific communism?*] Moscow: Pragati Prakashan.

Sen Gupta, B. (April /June 1972). China and Indian communism. *China Quarterly*. *16*, pp. 72-94.

Shapir, I., Froomkin, D. & Dahl, R. A. (2023, July 18).  *Democracy*. Enclyopedia Britannica. https://www.britinnica.com/topic/democracy.

Skrzypek, A., Hoffman De Moura, K., & Wilson, R. (2022). *Towards a social-democratic century?  How European and global social democracy can steer a course through the crises*. Berlin/Brussels: Social Europe Publishing, Friedrich Ebert Stiftung and the Foundation for European Progressive Sudies.

Sounders M, Lawis, P. & Thornhill, A. (2012). *Research methods for business studies*. Pearszon Educational Limited.

Tornquist, O. (2010). Communism in the Indian sub-continent. In S. Pons & R. Service (Eds.). *A dictionary of 20th-century communism* (pp. 180-182). NJ: Princeton University Press.

Trotsky, L. (2000) [1930]. *The history of the Russian revolution.* Chris Russell for Marxists Internet Archive.

Tse-Tung, M. (1669). *Selecting reading from the works of Mao Tse Tung.* Foreign Language Press.

Van Parijs, P. (1993). *Marxism recycled*. Cambridge: Cambridge University Press.

Volkov, G. N. (1979).*The basics of Markist-Leninist theory*. Moscow: Progress Publishers.

Wheen, F. J. (2001). *Karl Marx.* London: Fourth Estate.

Ypi, L. (2018). The politics of reticent socialism. *Catalyst*, *2*(3), pp. 156–175.

## नेपाली


अधिकारी, बमबहादुर (२०७७), *नेपलाका राजा र प्रधानमन्त्रीहरूको इतिहास,* काठमाडौँ : डिकुरा पब्लिकेसन ।

अधिकारी, सूर्यमणि (२०५९), *नेपाली काङ्ग्रेसको इतिहास,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

अनेरास्ववियु (२०५४), *अनेरास्ववियुको इतिहास, आन्दोलन*, काठमाडौँ-सङ्खुवासभा सम्पर्क मञ्च, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन अङ्क १. वर्ष १. पृ. २१ ।

आचार्य, बाबुराम, र नरहरिनाथ, योगी (२०७५), *बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

उपाध्याय, गोपीरमण (२०७०), *प्राकृतिक भौतिकवाद,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

एनेकपा (माओवादी) (२०६९), *नेपाली क्रान्तिको नयाँ संश्लेषण : एक ऐतिहासिक आवश्यकता, एनेकपा (माओवादी) को २०६९ साल माघ २०-२६ मा सम्पन्न भएको एकताको सातौँ राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनैतिक प्रतिवेदन,* काठमाडौँ: केन्द्रीय प्रचार विभाग, एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ।

एनेकपा (माओवादी) (२०७०), *२०७० सालको दोस्रो सविधानसभाको निर्वाचनका लागि एनेकपा ( माओवादी) को प्रतिबद्धतापत्र,* काठमाडौँ : एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी), केन्द्रीय प्रचार-प्रसार समिति ।

कँडेल, शुभशङ्कर (२०७६), *अवतरण : नेपालमा सशस्त्र सङ्घर्ष रूपान्तरणमा विवाद र एमाले-माओवादी एकता,* (दोस्रो संस्करण), काठमाडौँ : सेन्टर फर एसियन पोलिसी रिसर्च एन्ड स्टडिज्, नेपाल ।

कान च., हो (२०६८) (अनुवादक, भोगराज चाम्लिङ), *नयाँ जनवादी क्रान्ति,* काठमाडौँ : अखिल नेपाल छापाखाना तथा प्रकाशन मजदुर सङ्घ ।

कार्की, बोर्णबहादुर (२०६९), *पहिलो जनआन्दोलनदेखि दोस्रो जनआन्दोलनसम्म,* काठमाडौँ : पैरवी प्रकाशन ।

के.सी., सुरेन्द्र (२०६३), *ऐतिहासिक दस्तावेज सङ्ग्रह भाग-२,* काठमाडौँ : पैरवी प्रकाशन ।

के.सी., सुरेन्द्र (२०६५), *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास भाग-१,* (संस्करण चौथो) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

के. सी., सुरेन्द्र (२०६५), *नेपाल कम्युनिस्ट आन्दोलनको इतिहास भाग - ३,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, कृष्ण (२०७८), *गणतान्त्रिक नेपालको संविधान : निर्माण प्रक्रिया, पात्र र अन्तर्वस्तु,* काठमाडौँः ओरिएन्टल पब्लिकेसन्स हाउस प्रा. लि. ।

खनाल, कृष्ण (२०८०), *विश्वेश्वरप्रसार कोइराला : चेतना, चिन्तन र राजनीति,* काठमाडौँः ओरिएन्टल पब्लिकेसन्स हाउस प्रा. लि. ।

खरेल, अच्युतकृष्ण (२०१८), *अच्युत कृष्ण खरेल आत्मकथा,* काठमाडौं : पब्लिकेसन नेपालय ।

गौतम, राजेश (२०७७), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस भाग-१,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

गौतम, राजेश (२०७६), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस भाग-५.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

गौतम, राजेश (२०७६), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस भाग-७,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

जोशी, चन्द्रदेव (२०७८), *मार्क्सवाद र विश्व-कम्युनिस्ट आन्दोलन,* काठमाडौं : इन्डिगो इन्क प्रा. लि. ।

ज्वाला, प्रकाश (१४ माघ २०५८), *वामपन्थी एकताको आवश्यकता र अवरोधका धाराहरू,* छलफल साप्ताहिक, पृ. ५ ।

ज्ञवाली, सूर्यविक्रम (सन् १९२२), *पृथ्वीनारायण शाह,* (मञ्जरी संस्क. पहिलो), काठमाडौं : मञ्जरी प्रकाशक गृह ।

तामाङ, सीताराम (२०६९), *विश्व कम्युनिस्ट आन्दोलन,* काठमाडौंः मूल्याङ्कन प्रकाशन गृह ।

तिवारी, रामकृष्ण (२०६८),*नेपाली राजनीतिमा माओवादी जनयुद्धको प्रभाव,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

दाहाल 'प्रचण्ड', पुष्पकमल (२०७७), *नयाँ युगको पदचाप (प्रधानमन्त्री हुँदा व्यक्त विचारको सँगालो),* काठमाडौँ : प्रज्ञा स्मृति प्रतिष्ठान ।

दीर्घबहादुर (२६ श्रवाण २०४०), "नेपालमा साम्यवादी आन्दोलनको इतिहास",*ज्वाला साप्ताहिक* ( १२५), पृ. ६ ।

नेकपा (१० आश्विन २०१६), "सरकारको डाल्डा घिउ आयात गर्ने प्रस्तावको विरोध किन ?" *नवयुग साप्ताहिक,* ९ (१५), पृ. ३ ।

नेकपा (२०३१), क्रान्ति र पार्टीका तत्कालीन समस्याहरू, *मशाल,* पार्टीको मुखपत्र मशाल प्रकाशन, १:६४ ।

नेकपा (अमात्य), (२०४८), *२०४८ सालको आम निर्वाचनको चुनाव घोषणापत्र (सङ्क्षिप्त),* काठमाडौँ : चुनाव प्रचार प्रसार समिति, नेपाल कम्युनिस्ट पार्टी (अमात्य) ।

नेकपा (एमाले), (२०४८), *२०४८ सालको आमनिर्वाचनको चुनाव घोषणापत्र,* काठमाडौँ : केन्द्रीय सङ्गठन कमिटी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ।

नेकपा (एमाले), (२०५१), *२०५१ सालको मध्यावधि निर्वाचनको घोषणापत्र,* काठमाडौँ : केन्द्रीय कमिटी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ।

नेकपा (एमाले), (२०५६), *२०५६ सालको आमनिर्वाचनको चुनाव घोषणापत्र,* काठमाडौँ : केन्द्रीय कमिटी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ।

नेकपा (एमाले), (२०६४), *२०६४ सालको संविधानसभाको निर्वाचनका लागि नेकपा (एमाले) को घोषणापत्र,* काठमाडौँ : केन्द्रीय कमिटी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ।

नेकपा (एमाले), (२०७०), *२०७० सालको संविधानसभा निर्वाचनका लागि नेकपा (एमाले) को घोषणापत्र,* काठमाडौँ : केन्द्रीय कमिटी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ।

नेकपा (एमाले), (२०४९), *नेकपा (एमाले) को २०४९ साल माघ १४-२० मा सम्पन्न भएको पाँचौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत भई पारित भएको राजनीतिक प्रतिवेदन,* काठमाडौँ : केन्द्रीय कार्यालय, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ।

नेकपा (एमाले), (२०५४), *नेकपा (एमाले) को २०५४ साल माघ १२-१८ मा सम्पन्न भएको छैटौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत भई पारित भएको राजनीतिक प्रतिवेदन,* काठमाडौँ : केन्द्रीय कार्यालय, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)।

नेकपा (एमाले), (२०५९), *नेकपा (एमाले) को २०५९ साल माघ १८-२३ मा सम्पन्न भएको सातौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत भई पारित भएको राजनीतिक/सङ्गठनात्मक प्रतिवेदन,* काठमाडौँ : केन्द्रीय कार्यालय, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)।

नेकपा (एमाले), (२०६५), *नेकपा (एमाले) को २०६५ साल फागुन ५-१४ मा सम्पन्न भएको आठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत भई पारित भएको राजनीतिक प्रतिवेदन,* काठमाडौँ : केन्द्रीय कार्यालय, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)।

नेकपा (एमाले), (२०७१), *नेकपा (एमाले) को २०७१ साल असार १९- साउन १ मा सम्पन्न भएको नवौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत भई पारित भएको राजनीतिक प्रतिवेदन,* काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय सचिवालय ।

नेकपा (माओवादी), (२०६४), *२०६४ सालको संविधानसभाको निर्वाचनका लागि नेकपा (माओवादी) को प्रतिबद्धता-पत्र,* काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी (माओवादी), केन्द्रीय समिति, केन्द्रीय प्रचार-प्रसार समिति ।

नेकपा (माओवादी केन्द्र), (२०७८) *२१ औँ शताब्दीमा समाजवादको नेपाली बाटो,* नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) *को आठौँ राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदन,* काठमाडौँ : केन्द्रीय कार्यालय, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेकपा (माले), (२०३८ माघ), *मुक्ति मोर्चा,* नेकपा (माले) को राजनीतिक पत्रिका अङ्क १२, नेपाल कम्युनिस्ट पार्टी (माले) केन्द्रीय कमिटी ।

नेकपा (माले), (२०४६), *नेकपा (माले) को केन्द्रीय कमिटीद्वारा २०४६ साल भदौ ९-१४ (२५-३० अगस्त, १९८९) मा आयोजित नेकपाको चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित भएको राजनीतिक प्रतिवेदन,* प्रकाशक : केन्द्रीय कमिटी, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)

*नेपाल कम्युनिस्ट पार्टी : दस्तावेज सङ्ग्रह भाग - १* (२०७०), (सङ्क. सम्पा. वेदुराम भुसाल), काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

*नेपाल कम्युनिस्ट पार्टी : दस्तावेज सङ्ग्रह भाग - २,* (२०७२), (सङ्क. सम्पा. वेदुराम भुसाल) काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

*नेपाल कम्युनिस्ट पार्टी : दस्तोवज सङ्ग्रह भाग - ३* (२०७३), (सङ्क. सम्पा. वेदुराम भुसाल) काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

*नेपाल कम्युनिस्ट पार्टी : दस्तोवज सङ्ग्रह भाग - ४* (२०७४), (सङ्क. सम्पा. वेदुराम भुसाल) काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

*नेपाल कम्युनिस्ट पार्टी : दस्तोवज सङ्ग्रह भाग - ५*, (२०७४), (सङ्क. सम्पा. वेदुराम भुसाल), काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान ।

*नेपालको अन्तरिम शासन विधान, २००७* (२००७), काठमाडौं : नेपाल कानुन आयोग । www.lawcommission.gov.np.

*नेपाल अधिराज्यको संविधान, २०४७* (२०४७), काठमाडौं : नेपाल कानुन आयोग । www.lawcommission.gov.np.

*नेपालको अन्तरिम संविधान, २०६३* (२०६३), काठमाडौं : नेपाल कानुन आयोग । www.lawcommission.gov.np.

*नेपालको संविधान* (२०७२), काठमाडौं : नेपाल कानुन आयोग । www.lawcommission.gov.np.

*नेपालको निर्वाचन इतिहास,* (२०७३), (सम्पा. म. अयोधीप्रसाद यादव, मधुप्रसाद रेग्मी, शारदाप्रसाद त्रिताल, गोपीनाथ मैनाली, सूर्यप्रसाद शर्मा, वासुदेव गुरागाईं, शंकर थापा, मीना वैद्य मल्ल, प्रकाश दर्नाल, सौभाग्य प्रधानाङ्ग, दीपक अर्याल, देशबन्धु अधिकारी), (सम्पा. स. वासुदेव गुरागाईं, देशबन्धु अधिकारी, ऋषिराम भुसाल), काठमाडौं : निर्वाचन आयोग ।

*नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरूको सङ्कलन (बाह्र बुँदे समझदारी र विस्तृत शान्ति सम्झौतासमेत) असार २०६९,* (२०६९), काठमाडौं : नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार ।

*नेपालको संविधान (२०७२)*, संविधानसभा सचिवालय, काठमाडौं : सिंहदरबार ।

*नेपाल सरकारको नीति तथा कार्यक्रम २०६५/६६,* (२०६५), संविधानसभाको व्यवस्थापिका-संसद्को बैठकमा रामवरण यादवद्वारा प्रस्तुत आर्थिक वर्ष २०६५/६६ को नेपाल सरकारको नीति तथा कार्यक्रम ।

*नेपाल सरकारको नीति तथा कार्यक्रम २०६६/६७, (२०६६)*, संविधानसभाको व्यवस्थापिका-ससद्को बैठकमा राष्ट्रपति रामवरण यादवद्वारा प्रस्तुत आर्थिक वर्ष २०६६/६७ को नेपाल सरकारको नीति तथा कार्यक्रम ।

*नेपाल सरकारको नीति तथा कार्यक्रम २०६८/६९, (२०६९)*, संविधानसभाको व्यवस्थापिका-संसद्को दुवै बैठकमा राष्ट्रपति रामवरण यादवद्वारा प्रस्तुत आर्थिक वर्ष २०६८/६९ को नेपाल सरकारको नीति तथा कार्यक्रम ।

*नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू ग्रन्थ-१*, (२०६९), (सङ्क. सम्पा. टेकबहादुर बस्नेत) काठमाडौँ : एनेकपा (माओवादी), मगरात राज्य सम्मेलन आयोजक समिति ।

*नेपाली काङ्ग्रेस : ऐतिहासिक दस्तावेजहरू* (२०७८), (प्रधान सम्पादक : गगन थापा, सङ्क. तथा संपा. प्रताप पौडेल, शङ्कर तिवारी, कृष्ण रिजाल), काठमाडौँ : शिखा बुक्स ।

*नेपाली काङ्ग्रेसको चुनावी घोषणापत्र* (२०७४), प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७४, काठमाडौँ : नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय ।

पङ्गेनी, भवेश्वर (२००५), (२०६१), *डा. के. आइ. सिंह र नेपालको राजनीति* (वि. सं. २००७-२०१७), दिल्ली : अद्रोइत पब्लिसर्स ।

पण्डित, लोकदर्शन (२०६७), *नेपालको संसदीय निर्वाचन दर्पण,* (संस्करण दोस्रो), काठमाडौँ : श्रीमती सृजना पण्डित ।

*पार्टी इतिहासका सवालहरूबारे - जन - गणतन्त्र चीनको स्थापनादेखिन् हाम्रो पार्टीको इतिहासमा केही सवालहरूबारे प्रस्ताव,* (२०३५), (अनुवादक : कृष्णदास श्रेष्ठ), जुन २६, १९८१ मा चीनको कम्युनिस्ट पार्टीको ११ औं केन्द्रीय कमिटीको छैटौं विस्तारित अधिवेशनद्वारा स्वीकृत, काठमाडौँ : तीर्थ ज्यापू ।

पुष्पलाल (सन् १९७४), *नेपाली जनआन्दोलन एक समीक्षा,* काठमाडौँ : नयाँ जनवादी प्रकाशन ।

पुष्पलाल *: छानिएका रचनाहरू भाग-१*, (२०७३), (संस्क. तथा संम्पा., वेदुराम भुसाल), (संस्करण दोस्रो), काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

पुष्पलाल, (२०५३),*नेपालमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास*, काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

पुष्पलाल (२०६७), *पुष्पलालका पाँच प्रमुख कृतिहरू*, काठमाडौँ : नेकपा (मार्क्सवादी), केन्द्रीय प्रचार-प्रसार विभाग ।

पुष्पलाल (मिति उल्लेख नभएको), *नयाँ जनवादको निम्ति नेपाली जनताको बाटो,* काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

पोखरेल, राजकुमार (२०६९), *झापाविद्रोह : नेपाली राजनीतिमा एक ऐतिहासिक घटना*, भक्तपुर : मोलुङ फाउन्डेसन ।

पोखरेल, राजकुमार (२०६९), *नेपाली कम्युनिस्टहरूको यात्राको गन्तव्य,* भक्तपुर : मोलुङ फाउन्डेसन ।

पौडेल, विजयकुमार (२०७२), *मार्क्सवादी अर्थशास्त्र : पृष्ठभूमि, उद्‌भव र विकास,* (तेस्रो संस्करण), काठमाडौँ : माइलस्टोन प्रकाशन तथा प्रसारण लिमिटेड ।

प्लेखानोव, जी. (सम्पादनः आलोक कौशिक), (२००८), *मार्क्सवाद की मूल समस्याएँ,* (हिन्दी संस्करण), लखनऊ : राहुल फाउन्डेसन इन्डिया ।

प्रचण्ड (२०५२), *नेपाली क्रान्तिका समस्याहरू भाग-१,* नेकपा (माओवादी) ।

प्रचण्ड (२०६३), *नेपाली क्रान्तिका समस्याहरू भाग-१,* (तृतीय संस्करण), काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

प्रचण्ड (२०६३), *नेपाली क्रान्तिका समस्याहरू भाग-२,* (द्वितीय संस्करण), काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

प्रचण्ड (२०६४), *नेपाली क्रान्तिका समस्याहरू भाग-३,* (दोस्रो संस्करण), काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

प्रचण्ड, (२०६४), *नेपाली क्रान्तिका समस्याहरू भाग-४,* काठमाडौँ : विवेक सृजनशील प्रकाशन प्रा. लि. ।

प्रसाई, सि. के., (२०४७), *आजको सरल राजनीति,* (चौथो संस्करण), काठमाडौँ : क्षितिज प्रकाशन ।

बस्न्यात, सुरेन्द्रसिंह (२०६४),*वैधानिक कानुनका पाइलाहरू,* काठमाडौँ : रेशु प्रकाशन गृह ।

भट्टराई, कमलदेव (२०७२), *बाह्र बुँदेदेखि भारतीय नाकाबन्दी र मधेस आन्दोलनसम्म सङ्क्रमणकाल,* काठमाडौँः बुक-हिल पब्लिकेसन ।

भण्डारी, ढुण्डीराज (२०४६), *नेपालको उद्‌भव तथा विकासको विश्लेषणात्मक इतिहास,* काठमाडौँ : प्रकाश प्रकाशन ।

भण्डारी, मोहन (२०६७), *प्रजातान्त्रिक समाजवाद हिजो, आज र भोलिको सन्दर्भमा,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

भण्डारी, रामकृष्ण (२०७९), *सत्ता सङ्घर्ष (३० वर्षमा २८ सरकारका नालीबेली*), काठमाडौँ : साङ्ग्रिला मिडिया ग्रुप प्रा. लि. ।

भुसाल, घनश्याम (२०६४), *आजको मार्क्सवाद र नेपाली क्रान्ति,* काठमाडौँ : नेपाल अध्ययन केन्द्र ।

भुसाल, बेदुराम, (२०६८), *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू,* काठमाडौँ: नेपाल प्रज्ञा प्रतिष्ठान ।

महत, रामशरण (अनु.: टुलाराम बस्याल, टेकेन्द्र ढुङ्गाना, महेशकुमार कार्की, ज्ञानेन्द्रराज काफ्ले), (२०६३), *लोकतन्त्रका पक्षमा नेपाली अर्थराजनीतिका चरण र चुनौती*, काठमाडौँ : मकालु प्रकाशन गृह ।

मगर, हर्षबहादुर बुढा (२०७८), *श्री ५ महेन्द्र अन्तरङ्ग र बहिरङ्ग व्यक्तित्व,* (दोस्रो संस्करण), काठमाडौँ : मन्जरी पब्लिकेसन प्रा. लि. ।

*मदन भण्डारी : सङ्कलित रचनाहरू भाग-१* (२०६९), (संस्करण तेस्रो), काठमाडौँ : मदन-आश्रित स्मृति प्रतिष्ठान ।

माओत्सेतुङ (१९२६), चीनि समाजमा वर्गको विश्लेषण, *माओत्सेतुङकी सङ्कलित रचनाएँ ग्रन्थ-१,* (१९७१), विदेशी भाषा प्रकाशन गृह (रातो किताब) ।

माओत्सेतुङ (१९६६), *माओत्सेतुङ की सङ्कलित रचनाएँ ग्रन्थ-१,* (हिन्दी संस्करण), पेकिङ : विदेशी भाषा प्रकाशन गृह ।

माओत्सेतुङ (२०५७), *नौजवान आन्दोलनको दिशा,* (नेपाली दोस्रो संस्करण), काठमाडौँ : अक्षलोक प्रकाशन ।

मार्क्स, कार्ल (२००६), *फ्रांस मे वर्ग सङ्घर्ष १८४८-१८५०,* (हिन्दी संस्करण), लखनऊ : राहुल फाउन्डेसन इन्डिया ।

मार्क्स, कार्ल, र एङ्गेल्स, फ्रेडरिक (२०६४), (अनु. राजेन्द्र मास्के), *मार्क्स एङ्गेल्स सङ्कलित रचना-भाग-२,* काठमाडौँ : ऐरावती प्रकाशन ।

मार्क्स, कार्ल, र एङ्गेल्स, फ्रेडरिक (२०६४), (अनु. राजेन्द्र मास्के), *मार्क्स एङ्गेल्स रचना सङ्ग्रह भाग-३,* काठमाडौँ : ऐरावती प्रकाशन ।

मार्क्स, कार्ल, र एङ्गेल्स, फ्रेडरिक (२०६४), (अनु. राजेन्द्र मास्के), *मार्क्स एङ्गेल्स पेरिस कम्युन,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

मानन्धर, त्रिरत्न (२०७७),*नेपालको इतिहासमा जङ्गबहादुर,* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

मिश्र, बालचन्द्र (२०६२), *दक्षिण एसियामा कम्युनिस्ट पार्टीहरूको विकास र भूमिका : नेपाल सन्दर्भ एक अध्ययन, (अप्रकाशित),* काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधग्रन्थ ।

मिश्र, विनोद (१- मर्य १९९८), कुछ यादें कुछ सिंखें और कुछ दो टुक वाते), *समकालीन लोकयुद्ध,* भाकपा (माले) लिवरेसनको मुखपत्र १५: ५-११) ।

मैनाली, राधाकृष्ण (२०७३), *नलेखिएको इतिहास,* काठमाडौं : अल्केमी पब्लिकेसन ।

योगी, नरहरिनाथ (२०७७), (सङ्क. सम्पा. अर्जुन ज्ञवाली, योगी बलभद्रनाथ), *हाम्रो देश दर्शन,* (दोस्रो संस्क.), काठमाडौँ : पल्लव पब्लिकेसन प्रा. लि. ।

रञ्जन, आलोक (२०१०), *नेपाली क्रान्ति : इतिहास, वर्तमान परिस्थिति और आगे के रास्ते से जुडी कुछ बातें, कुछ विचार,* लखनऊ : राहुल फाउन्डेसन ।

रावल, भीम (२०४७), *नेपालमा साम्यवादी आन्दोलन : उद्भव, विकास र वर्तमान अवस्था,* काठमाडौँ : सामना प्रकाशन ।

रिसाल, भैरव, र पोखरेल, भरतराज (*२०७५*), *नेपालमा मन्त्री र सांसद्हरू २००७-२०७५,* काठमाडौँ ।

लामा, निर्मल, र महर्जन, तुलसीदास (सम्पा. भोगीराज चाम्लिङ), (२०६८), *सर्वहारा राजनीति,* काठमाडौँ: मूल्याङ्कन प्रकाशन गृह ।

लेनिन, व्ला. ई., (अनुवादक त्रिभुवननाथ), *राष्ट्रिय नीति तथा सर्वहारा अन्तर्राष्ट्रितावाद के प्रश्न,* ( हिन्दी संस्करण), मास्को : प्रगति प्रकाशन ।

लेनिन, (१९८३), *भ्ला. ई. लेनिन सङ्कलित रचना भाग-७,* मस्को : प्रगति प्रकाशन ।

लेनिन, ब्ला. ई. (१९९९), *कम्युनिस्ट पार्टीका सङ्गठन और उसका ढाँचा,* लखनऊ : राहुल फाउन्डेसन ।

लेनिन, व्ला. ई. (२००४), *वामपंथी कम्युनिज्म - एक बचकाना मर्ज,* (हिन्दी संस्करण), लखनऊ : राहुल फाउन्डेसन इन्डिया ।

लेनिन, व्ला. ई. (२००९), *जनवादी क्रान्ति में सामाजिक जनवाद के दो रणकौशल,* लखनऊ : राहुल फाउन्डेसन इन्डिया ।

लेनिन, (२०४८), *राज्यसत्ता,* (अनु. देव रञ्जितकार) मस्को : प्रगति प्रकाशन ।

लेभि, सिल्भाँ (अनु. डिल्लीराज उप्रेती), (सम्पा. प्रमोद खरेल, भिक्टर प्रधान, बसन्त थापा), (२००५), *नेपाल हिन्दु अधिराज्यको इतिहास (पहिलो खण्ड),* काठमाडौँ : हिमाल किताब प्रा. लि. ।

वर्मा, आनंदस्वरूप (२०११), *एवरेस्ट पर लाल झंडा नेपाल के माओवादी नेता प्रचंड से बातचित,* (हिन्दी संस्करण), इन्डिया: ग्रन्थ शिल्पी ।

विष्ट, डोरबहादुर (अनु. वसन्त थापा), (२०२०), *भाग्यवाद र विकास आधुनिकीकरण हेतु नेपालको जमर्को,* काठमाडौँ : डोरबहादुर विष्ट परिवार ।

विलियम्स, अल्बर्ट रीस (२००८), *अक्टुबर क्रान्ति और लेनिन,* (हिन्दी संस्करण), लखनऊ : राहुल फाउन्डेसन इन्डिया ।

वैद्य, मोहन (२०७६), *हिमाली दर्शन,* (दोस्रो संस्करण), काठमाडौँ : शमी साहित्य प्रतिष्ठान ।

वैद्य, 'किरण', मोहन (२०७६), *संशोधनवाद र पश्चगमन (पूर्वएमाले तथा माकेको सैद्धान्तिक तथा राजनीतिक चिरफार),* काठमाडौँ : विवेक सृजनशील प्रा. लि. ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज : एक अध्ययन,* काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, सुधीर (२०७१), *प्रयोगशाला,* काठमाडौँ : फाइनप्रिन्ट ।

शिवाकोटी, गोपाल (२०६७),*राजनीतिक शब्दकोश,* काठमाडौँ : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०६९), *नेपालमा सामन्तवाद: हत्या, हिंसा र षड्यन्त्रको इतिहास,* काठमाडौँ : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७०), *पहिचान र दर्शनको संकटमा नेपाली राजनीतिक व्यवस्था,* काठमाडौँ : पैरवी प्रकशान ।

शिवाकोटी, गोपाल (२०७१),*मार्क्सवादी राजनीतिशास्त्र,* काठमाडौँ : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७५), *समकालीन नेपाली राजनीतिक विचारधारा,* (दोस्रो संस्क) काठमाडौँ : पैरवी प्रकाशन ।

*श्री ५ को सरकारको नीति तथा कार्यक्रम २०५१/५२, (२०५१),* श्री ५ महाराजाधिराजबाट संसद्को आठौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०५१ साल पुस ८ गते शुक्रबार प्रस्तुत श्री ५ को सरकारको नीति तथा कार्यक्रम ।

सङ्ग्रौला, युवराज (२०२०), *दक्षिण एसिया - चीन भू-अर्थनीतिका आयाम*, भक्तपुर : लेक्स एन्ड जुरिस पब्लिकेसन ।

सम्बाहाङ्फे, देउमान (२०७५), *नेपालको संविधानसभा दर्पण,* काठमाडौं : सिलौटी इकोहोम एन्ड कन्ट्रक्सन प्रा. लि. ।

*संयुक्त वाममेर्चाको घोषणापत्र*, (२०४६), संयुक्त वाममोर्चा नेपाल ।

*संविधानसभा सदस्य निर्वाचन (२०७०), समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणाम पुस्तिका,* (२०७०), काठमाडौं : निर्वाचन आयोग ।

सापकोटा, ढाकाराम (२०७५), *मनमोहन अधिकारी : नेपाली राजनीतिमा छ दशक*, काठमाडौं : मण्डप बुक्स प्रा. लि. ।

सापकोटा, ढाकाराम (२०७६), *नेपालमा कम्युनिस्ट पार्टीको विकासक्रम, सरकार र नेतृत्व*, काठमाडौं : शिखा बुक्स ।

सिंह, मोहनविक्रम (२०५७), *विश्व कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास,* काठमाडौं : प्रगति पुस्तक सदन ।

सिंह, मोहनविक्रम (२०६६), *नेपालको राष्ट्रियता : विगत, वर्तमान र भविष्य*, काठमाडौं : जनस्रष्टा प्रकाशन गृह ।

हागन, टोनी, (अनु. वसन्त थापा, विप्लव प्रतिक, फटिक थापा र अच्युत कोइराला), (सम्पा. वसन्त थापा), (२०१९), *विकेन्द्रीकरण र विकास प्रजातान्त्रिक सिद्धान्तको भूमिका,* (संस्क. दोस्रो.) काठमाडौं : हिमाल किताब प्रा. लि. ।

हार्नेकर, मार्ता (२०७२), (अनु. रमेश सुनुवार र नन्दहरि दाहाल), *एक्काइसौं शताब्दीको समाजवाद,* काठमाडौं : मार्क्सवादी अध्ययन-अनुसन्धान प्रतिष्ठान ।